
नारायण नगरपालिका

नगर कार्यपालिकाको कार्यालय नयाँबजार, दैलेख

# प्रथम आवधिक योजना

## आ.ब.(२०८०/०८१ देखि आ.ब.२०८४/०८५)सम्म




# कार्यप्रारम्भ प्रतिवेदन

# (Inception Report)

## २०८०

# आवधिक योजना

## १.परिचय :

योजना भन्नाले कुनै पनि काम के, कसरी, कति, कुन कसको लागि, के प्रतिफल आउन सक्छ भनेर गरिने तर्कवद्ध खाका हो । छोटकरीमा भन्दा यसले आयोजना तथा कार्यक्रमलाई जनाउँछ । नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरु रहेका छन् । यी अधिकारहरु प्राप्ति गर्नु गराउनु सवै तहका सरकारको दायित्व रहेको हुन्छ । गुणस्तरीय सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरी जीवनस्तर सुधार गर्नु आजको आवश्यकता भएको छ ।

नेपालको संविधान २०७२ को अनुसूची ६, ७, ८ ले एकल अधिकार, संघ, प्रदेश र स्थानीय तहको संयूक्त अधिकार तथा स्थानीय र प्रदेशका अधिकारहरु स्पष्ट रुपमा व्यवस्था गरेको छ । सविधानमा नागरिकका मौलिक हक तथा अधिकारहरु उल्लेख गरिएको छ ।

**नेपाल सरकारले बिक्रम सम्बत २१०० अर्थात २१ औं शताब्दिको 'समृद्ध नेपाल र सुखी नेपाली' दूरदृष्टि तय गरेको छ** । यसै गरेर **कर्णाली प्रदेश सरकारले 'समृद्ध कर्णाली र सुखी कर्णालीवासीको दूरदृष्टि तय गरेको छ ।** उक्त दूरदृष्टि अन्तरगत समृद्धिको लागि उच्च र समता मुलक राष्ट्रिय आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवं आबद्धता र उत्पादन तथा उत्पादकत्व जस्ता लक्ष्यहरु तय गरिएको छ ।

**स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ योजना तर्जुमा तथा कार्यान्वयन दफा २४ योजना बनाइ कार्यान्वयन गर्ने उपदफा (१) नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा नगरपालिकाको विकासका लागि दिर्घकालिन, मध्यकालिन, आवधिक र बार्षिक रणनीति सहितको योजना बनाउनु पर्ने भन्ने अधिकार प्रयोग गरि आवधिक योजना बनाउने कार्य प्रारम्भ गरेको जानकारी गराउनको लागि यो प्रतिवेदन तयार गरेर पेश गरिएको छ** । प्रत्येक स्थानीय तहले स्थानीय स्तरका योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी संचालन गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सोही नीतिगत ब्यबस्था अनुसार नारायण नगरपालिका दैलेखको आबधिक योजना तयार गर्ने कार्य भएको हो । आवधिक योजना भन्नाले निश्चित अवधिको योजनालाई जनाउँ छ र निश्चित बर्षको लागि तर्जुमा गरिन्छ । नगरपालिकाको समष्टिगत आर्थिक विकास ,सामाजिक

विकास, भौतिक पूर्वाधार विकास, वन तथा वातावरण विकास र संस्थागत विकासका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हाँसिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरिएको दस्तावेज आवधिक योजना हो ।

नगरवासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच कसरी अभिवृद्धि गर्ने ? नगरपालिकाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई कसरी प्रोत्साहित र निर्देशित गर्ने ? नगरपालिकाको वातावरण संरक्षण र सम्वर्द्धन कसरी गर्ने ? नगरपालिकाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा बस्ती विकासलाई उपयुक्त दिशातर्फ कसरी प्रवाहित गर्ने ? नगरपालिकाको संस्थागत स्वरूपलाई ख्याल गरी विकासमा सन्तुलन कसरी ल्याउने ? आदि जस्ता विकासका महत्वपूर्ण पक्षहरूका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न आवधिक विकास योजनाले पथ प्रदर्शन गर्नेछ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा (१) बमोजिम योजना बनाउँदा उपदफा (२) मा देहायका विषयहरुलाई प्राथमिकता राखिएको छ ।

(क) आर्थिक विकास गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,

(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउन प्रोत्साहित गर्ने,

(घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुटने,स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय श्रोत,साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दिगो विकास,वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुर्‍याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुर्‍याउने ।

योजना बनाउँदा संघिय सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्धेश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, बिपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिने काम हुनेछ ।

नगरपालिकाले योजना बनाउँदा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि, विषय विज्ञ, अनुभवी, पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, महिला, बालबालिका, दलित, युवा, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागिता गराईने छ ।

योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गरिएको छ । संघिय सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्ने गरि योजना तयार गरिएको छ । नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसंगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ । नगरपालिकाले संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय,सहजीकरण र सहयोग गर्नु पर्नेछ । नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवस्यक अध्ययन,अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

### १.१. नगरपालिकाले योजना तर्जुमा गर्ने आधार :

नारायण नगरपालिकाले आवधिक योजना तयार गर्नुपर्ने आधार निम्न अनुसार रहेका छन् ।

- नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था भएका एकल अधिकारका क्षेत्र ।
- नेपालको संविधानमा रहेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र स्थानीय तहको अधिकार ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यक्षेत्रले निर्धारण गरेका क्षेत्र ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा रहेको आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा समेटिनु पर्ने अन्तर सम्बन्धित विषय र प्राथमिकता दिनुपर्ने विषयहरु ।
- अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको राजस्व बाँडफाँट ,

- संघीय विभाज्य कोष, प्राकृतिक स्रोतबाट प्राप्तहुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु ।
- संघीय तथा प्रदेशिक योजनाहरुः संघीय तथा प्रदेश सरकारवाट जारी योजनाको प्रदेश तथा स्थानीय तहहरू बीच अन्तर सम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य हाँसिल गर्ने बिषयहरु ।
- दिगो विकास  लक्ष्य सम्बन्धमा स्थानीय तहले तय गर्नुपर्ने समपुरक तथा परिपुरकको भूमिका निर्वाह गर्न ।
- प्रदेश सरकारले तय गरेका विकास लक्ष्य हाँसिल गर्न समपुरक र परिपुरकको भुमिका निर्बाह गर्न ।
- राष्ट्रिय भूउपयोग नीति २०६९
- दिगो विकासका लक्ष्य वि.स. २०७२–२०८७
- संघीय सरकारले जारी गरेका विकास सहायता नीति
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा ब्याक्त भएका प्रतिवद्धताहरु
- संघीय तथा प्रदेश सरकारले निर्माण गरेका अन्य मानकहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , २०७८
- स्थानीयतहमा आवधिक विकास योजना तर्जुमा कार्यपत्र २०७५ ,
- कर्णाली प्रदेश प्रदेश नीति तथा योजना आयोग कर्णाली प्रदेश सुर्खेत । स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ (श्रोतः स्थानीय तहमा आवधिक विकास योजना तर्जुमा कार्यपत्र २०७५ ,कर्णाली पदेश नीति तथा योजना आयोग कर्णाली प्रदेश सुर्खेत) यसै अनुसार माथि लेखिएका आधारमा यस नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिने छ ।

## १.२. आवधिक विकास योजना तयार गर्नुको औचित्य :

नारायण नगरपालिकाका जनताको जीवनस्तर सुधार गर्नु आवश्यक छ । जनतालाई भोक, रोग र गरीवीबाट जोगाउनु छ । आजको आवश्यकता निरोगी, सक्षम, सक्रिय जनशक्तिको विकास गर्नु हो ।

पूर्वाधार निर्माण गर्ने, प्रसस्त आम्दानी गर्ने, सवैलाई रोजगार, शिक्षाको अवसर प्राप्ति, मातृ, शिशु मृत्युदर तथा बाल मृत्युदर घटाउने, सर्ने तथा नसर्ने रोगबाट जोगाउने, आयू वढाउने, सानो परिवार सुखी परिवार निर्माण गरी सुखी र समृद्ध नागरिक हुने अवस्था सृजना गर्नु परेको छ । भौगोलिक रुपले पछि परेका तथा पछि पारिएका गरीव, जनजाति, दलित, महिला, वृद्ध तथा वालबालिकालाई शिक्षा, स्वास्थ्य, पूर्वाधार सेवाको पहुँच भित्र ल्याउनु आवश्यक छ । यी कार्य प्राप्तिका लागि नगरपालिकाको दीर्घकालीन योजना, नीति तथा कार्यक्रमहरुले ठूलो भूमिका खेलेको हुन्छ । विकास योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा प्रभावकारिता ल्याउन, नगरपालिकाको क्षमता बढाउन र दिइने सेवाबाट बञ्चितमा रहेका वर्गसम्म सेवा विस्तार गर्न यस योजनाले ठूलो भूमिका खेलेको हुनेछ । यस योजनाबाट सिमित स्रोत साधनलाई समुचित प्रयोग गरी देखिएका खाडलको पूर्ति गरी नगरपालिकाको विकासको फड्को मार्न ठूलो योगदान हुने छ ।

## १.३ आवधिक योजनाको उद्देश्य

**क**) स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तहको व्यवस्थित काम, कर्तव्य र अधिकारलाई निर्देशित गर्न आवधिक विकास योजना तर्जुमा गर्नुपर्ने दायित्व पूरा गर्ने ।

ख) बदलिंदो राजनैतिक परिवेश र समावेशी विकासको मागलाई नौलो तरिकाले सम्बोधन गर्ने नीतिहरु अवलम्वन गर्ने ।

ग) नगरपालिकाको दीर्घकालीन सोचअनुरुप विकास लक्ष्य प्राप्तगर्न दीर्घकालीन सोच अनुरुप योजनाको तर्जुमा गर्ने, ।

घ) विकासको उद्देश्य लिएको आबधिक योजना अर्न्तगत आर्थिक, सामाजीक, भौतिक पूर्वाधार, वन तथा वातावरण व्यवस्थापन र संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, प्रतिफल, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सहभागितामुलक योजना तथा लगानी कार्यक्रम तर्जुमा गर्ने ।

## १.४. आवधिक योजनाको कार्य परिधि

माथि उल्लेखित उद्देश्यहरुले आवधिक योजनाको प्रमुख पक्षहरुलाई निम्न कार्य परिधिद्वारा उजागर गरिएको छ :

- नारायण नगरपालिकाको वस्तुस्थिति विवरण अद्यावधिक गरि आवधिक योजना आ.ब.२०८०/०८१ देखि २०८४/०८५ सम्म) तर्जुमाका लागी तथ्याकिंय आधार तय गर्ने ।
- दीर्घकालीन सोचका साथै स्रोत सम्भावना र विकासलाई निर्देशित गर्न सक्ने अग्रणी क्षेत्रको पहिचान, र अन्तर्निहित अवसर, समस्या तथा चुनौतिको पहिचान तथा विश्लेषण गर्ने ।

क) दीर्घकालीन विकास योजनाको तर्जुमा गर्दा भविष्यको भौतिक स्वरुप, भू-उपयोग, वजार क्षेत्रहरुको बिस्तार र वातावरणीय संवेदनशील क्षेत्रहरु, भौतिक पूर्वाधारहरु समावेश, ।

ख) तर्कबद्ध प्रणाली (Logical Framework Technique) विधि अपनाई विषयगत लक्ष्य, उद्देश्य प्रतिफल, सूचकहरु, पुस्टँयाईका आधारहरु, जोखिम पक्षहरु, कार्यक्रमको पहिचान, ।

ग) योजना कार्यान्वयन, अनुगमन मूल्यांकनका पक्षहरुको उल्लेख ।

घ) नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक विकाससँग सम्बन्धीत विषयगत मध्यमकालीन योजना, कार्ययोजना र रणनीतिक योजनाहरु (पर्यटन, प्राकृतिक प्रकोप व्यवस्थापन, वालमैत्री योजना, अपांगता, एच आइ भि एड्स आदि) लाई आबद्ध गर्दै लैजाने ।

ङ) विगतमा सफलतापूर्वक सम्पन्न गरिएका उत्कृष्ट प्रयोगहरु लाई समावेश गर्ने ।

च) आय श्रोतको वास्तविक धरातललाई दृष्टिगोचर गरी लगानी योजना प्रस्ताव गर्ने ।

## १.५. योजना तर्जुमा प्रक्रिया र विधि :

१) आवधिक योजना तयारीका लागि निर्देश समिति,सहयोग समिति र विषयगत उप-समितिहरुको गठन, राजनैतिक दल, सरकारी गैर सरकारी संघसंस्था, समितिहरु, नागरिक समाज, बुद्धिजीवीहरु,

समाजसेवीहरु सहभागी गराई सहभाभितात्मक रुपमा २०८० बैशाख ११ गते पूर्वकार्यशाला गरिएको थियो ।

२) आवधिक योजना अवसर सम्भावनाहरु र चुनौति र समस्याहरु संकलन गरेर योजना तर्जुमाको लागि सबै वडागत रुपमा सुझाव संङ्कलन र समीक्षाबाट प्राप्त सारहरुको आधारमा नवीन सम्भावना र अवसरहरुको खोज गरी समस्याहरुका साथ उद्देश्यहरुको निर्माण गरी अघि बढने ।

३) तर्कवद्ध प्रणालीमा आधारित विषयगत विकास योजना तथा लगानी कार्यक्रम तर्जुमा ।

- यी विधिको अभ्यास गरिदा निम्न कदमहरुको अवलम्वन गरिएको थियो,
- कार्य विवरणमा उल्लेख भएका विभिन्न विषयगत क्षेत्रहरु नगरपालिकाको वर्तमान वस्तुस्थितिहरुको अबलोकन तथा समीक्षा परिवेशको आधारमा सापेक्षिक मूल समस्या, सवालहरु तथा चुनौती र अवसरहरुको पहिचान गरियो ।
- वस्तुस्थिति र समस्या/सवालहरुको आधारमा लक्ष्य, उद्देश्य तथा प्रतिफलहरु/कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरु तथा दीर्घकालीन भौतिक एवं सामाजिक विकास योजनाको तर्जुमा र कार्यकमहरुको प्रस्तावना ।
- प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरु कार्यान्वयनको लागि वित्तीय विश्लेषण र लगानी योजना ।

१. अध्ययनको सिलसिलामा बिभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरु, तत्कालिन नगरपालिकाका वार्षिक प्रतिवेदन, वार्षिक कार्यकम, आवधिक योजना तर्जुमाको राष्ट्रिय अवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन आदीको संङ्कलन तथा अध्ययन गरिएको थियो ।

२. नगरपालिकाका समीक्षा कार्यशाला गोष्ठीबाट निर्देशन भएका समिति गठन, विषयगत उपसमितिहरु (आर्थिक विकास, सामाजिक विकास, भौतिक तथा पुर्वाधार विकास , वन वातावरण, तथा संस्थागत विकास ) गठन गरिएको थियो ।

३. दीर्घकालीन सोचका (Long Term Vision) बारे नगर कार्यपालिकाको सबै तहमा छलफल भई नगरपालिकाले लिएको सोच आशातित उपलब्धि हासिल गर्न केहि कठिनाई भएको अवस्थामा र समयको परिवर्तन संगै विकासका नयाँ सिद्धान्त, संभावना र समस्याहरुलाई समेत सम्वोधन गर्ने उद्देश्यले दीर्घकालीन सोंचको तर्जुमा गरिअगाडी बढ्ने सहमति भएको छ ।

४. विषयगत तथ्याङक संङ्कलन गर्न विशेषज्ञ टोलीले विभिन्न सरकारी, अर्धसरकारी, सामाजिक संस्थाहरु, र अन्य निकायहरुका प्रतिनिधिहरुसंग छलफल गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवं पूर्वाधार सम्वन्धी प्राप्त विविध सूचना/तथ्याङ्कको विश्लेषणका आधारमा नगरपालिकाको वस्तुगत विवरण परिमार्जन र अद्यावधिक गरिने छ ।

५. विभिन्न राजनैतिक दल, विषयगत शाखा कार्यालय, गैसस,सामुदायिक विकास संस्थाहरु, नागरिक समाज, अगुवा व्यक्तित्व, यूवा, महिला, वालवालिका, लक्षित वर्गहरु, समाजसेवीहरु तथा नगरपालिकाका विभिन्न क्लस्टरहरुमा (वडाहरु) समेत अर्न्तकृया गरि सवै सरोकारवालाहरुको सहभागितामा विकासका अवसरहरु तथा समस्याहरुको पहिचान, प्राथमिकिकरण तथा सुझावहरु सङ्कलन गरिने छ ।

६. तर्कबद्ध प्रणालीमा आधारित विषयगत क्षेत्रका विकास योजनाहरु तथा बहुक्षेत्रगत लगानी कार्यक्रम मस्यौदा सम्बन्धित उप-समितिहरु र निर्देशन समितिमा प्रस्तुतिकरण तथा सुझावहरु संङ्कलन गरिएको छ ।

७. सहभागितात्मक कार्यशाला गोष्ठीमा आवधिक योजनाको मस्यौदा प्रस्तुतिकरण र सुझाव संङ्कलन र आवधिक योजनाको अन्तिम मस्यौदा तयारी गरिने छ ।

### १.१.६ योजना तर्जुमाका चरण

आवधिक योजनाको निर्माण नभएको कारणले समिक्षाको आधार वार्षिक योजनालाई उदारणको रुपमा लिने काम गरियो । गोष्ठिवाट प्राप्त भएका सुझाव तथा अर्न्तक्रियाहरुलाई समेटी आवधिक योजनाको आधार वर्ष (२०८०/०८१ र लक्षित वर्ष आ.ब. २०८४/०८५) को दीर्घकालीन सोंचको निर्माण सम्वन्धि नगरपालिकाको कार्यशाला गोष्ठिमा प्रस्तुत गरि सोको अन्तिम प्रतिवेदन तयार गरिनेछ ।

आवधिक योजना तर्जुमाका लागि तथ्याङ्कीय मुल आधार नगरपालिकाको वस्तुगत विवरण र विषयगत शाखाले उपलब्ध गराएको विवरणलाइ नै लिईने छ ।

## १.७. सिमाहरु

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन र नगरकार्यपालिकाको निर्णयानुसार प्रस्तुत आवधिक योजना आगामी ५ वर्षका लागी तर्जुमा गरिएको छ । जस अनुसार योजनाको आधार वर्ष आ.व. (२०८०/०८१ र लक्षित वर्ष आव २०८४/०८५ लाई निर्धारण गरिएको छ । तथापी, योजना तर्जुमाका सिलसिलामा आश्यक पर्ने द्वितिय स्रोतका तथ्याङ्कहरु अधिकांश विषयगत निकायहसंग हालको अवस्थाका नरहेको हुँदा, कतिपय अवस्थामा विगत वर्षका तथ्याङकहरुलाई क्रमागत रुपमा अगाडी वढाई सोको आधारमा आ.व. २०८०/०८१ लाई आधार वर्षको रुपमा तय गरिएको छ । भविष्यमा प्राप्त हुने नयाँ तथ्याङकहरुले मद्यावधि मूल्याङ्कनलाई सहयोग पुचाउने छन् । योजना तर्जुमा गर्दा नगरपालिका र अन्य कार्यालयहरुवाट प्राप्त भएका प्रतिवेदनहरुलाई मुख्य आधार बनाइएको छ ।

वि.स.२०६८ को जनगणना अनुसार नगरपालिकाको कुल जनसख्या २७०३७ जना रहेको छ भने हाल घरधुरी सर्वेक्षणअनुसार २९,५४४ पुगेको छ । जनसख्या बृद्धिदर १.०९ रहेको छ । परिवार सख्या ५,१८९ रहेको छ भने मुख्य जातिहरु बाह्रमण, क्षेत्री, ठकुरी, नेवार, मगर, कामी, दमाई, सार्की आदी रहेका छन्। जातिगत जनसख्याको अवस्था हेर्दा ८,०४३ जना दलित, ३,८३०जना जनजाति र ३० जना अन्य जाति रहेको पाईन्छ । वि.स. २०७८ को जनगणनामा यहाको जनसंख्या पुरुष १२२०५ महिला १३९०६ जम्मा २६१११ यो संख्या २०६८ को भन्दा ९२६ ले कमिहुन पुगेको छ । यस क्षेत्रमा पर्यटन, कृषि पशुपालनको उच्च सम्भावना रहेको छ । जातिय रुपमा मिश्रित बसोबास रहेको यस नगरपालिकामा जनजातीहरुको बाहुलयता रहेको छ । विशेष गरि ब्राहमण, क्षेत्री, मगर, दलितहरुको उच्च बसोबास रहेको देखिन्छ । यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेको पाईन्छ । यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त केहि भु-भाग भिरालो जमिनले बनेको हुदाँ यस क्षेत्रका मानिसहरु जिविकोपार्जनका लागि कृषिका अतिरिक्त ज्यालामजदुरी कामगर्नका लागि भारत लगायत अन्य देशहरुमा जानेगरेको देखिन्छ ।

## २.योजना तर्जुमाको तयारीहरु

**१.योजना तर्जुमा पद्धतिको छनौट :** नारायण नगरपालिका दैलेखको आवधिक योजना तर्जुमा गर्नु भन्दा पूर्व केहि प्रकृयागत तयारी  गरिएको थियो । नगरपालिकाले आवधिक योजना तर्जुमा गर्न सैद्धान्तिक सहमति पश्चात नगरपालिकाको सभाहलमा नगरकार्यपालिमा सरोकारवालाहरु समक्ष मिति २०८० बैशाख १० गते पूर्वकार्यशाला गरेर सुझावहरु संकलन गर्ने काम गरियो । नगरपालिकाको वस्तुगत विवरणको साविकको प्रतिवेदनलाई अध्यावधिक गरेर प्रतिवेदन तयार गर्ने प्रक्रियाको थालनी गरियो । यसमा सामुहिक छलफल, प्रस्तुतीकरण, द्धितिय स्रोतको समेत प्रयोग गरिएको थियो ।

**२. निर्देशक समिति निर्माण :** आवधिक योजना निर्माणमा निर्देशन दिनको लागि तलका सदस्य रहेको समिति निर्माण गरियो ।

- नगरपालिका  प्रमुख — संयोजक
- नगरपालिका उपप्रमुख — सदस्य
- संयोजक,पुर्वाधार विकास समिति — सदस्य
- संयोजक, आर्थिक विकास समिति — सदस्य
- संयोजक,सामाजिक विकास समिति — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- पूर्वाधार विकास शाखा प्रमुख — सदस्य सचिव

**३. सहजीकरण समिति निर्माण :** योजना तर्जुमामा सहजता ल्याउनको लागि तलका सदस्य रहेको सहजीकरण समिति निर्माण गरिएको थियो ।

- प्रमख प्रशासकीय अधिकृत — संयोजक
- योजना शाखा प्रमुख — सदस्य
- सामाजिक विकास शाखा प्रमुख — सदस्य
- आर्थिक विकास शाखा प्रमख — सदस्य

- पूर्वाधार विकास शाखा प्रमख सदस्य सचिव

**४. बिषय क्षेत्रगत योजना तर्जुमा उपसमिति :** नारायण नगरपालिको आवधिक योजना तर्जुमा गर्दा विषय क्षेत्रगत रुपमा छलफल गर्ने प्रयोजनका लागि निम्न ५ वटा समितिहरु विषय तथा कार्यक्रमको प्रस्तावलाई विषयगतरूपमा छलफल गर्ने व्यवस्था मिलाउन गठन गरिएका समितिहरुलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६७ अनुसार काम गर्ने जिम्मेवारी दिएको समितिलाई नै आवधिक याजनो निर्माणको उपसमिति निर्माण गरिएको छ ।

१.आर्थिक विकास समिति

२.सामाजिक विकास समिति

३.भौतिक पूर्वाधार विकास समिति

४.वातावरण तथा विपद् ब्यबस्थापन समिति

५. संस्थागत विकास तथा सेवा प्रवाह समिति

मिति २०८०/०१/१० मा सम्पन्न आवधिक योजना निर्माण पूर्वकार्यहाला गोष्ठीको उपस्थिति अनुसुची १ र फोटाहरु अनुसुची २ मा राखिएको छ ।

**३. नगरपालिकाको विकासको सम्भाबनाहरु**

**३.१.. आर्थिक विकासको सम्भाबना :**

**क) पर्यटनः**

**ख) कृषिको सम्भाबना र क्षेत्रविस्तारः**

**ग) उद्योग :**

**२) सामाजिक विकास**

**३) भौतिक पूर्वधार :**

**४) वन तथा वातावरण :**

**५) संस्थागत विकास तथा सुशासन :**

## ४.आवधिक योजनाको प्रतिवेदन तयार गर्दा

नगरपालिका आबधिक योजना तर्जुमा सम्बन्धी कार्यको जिम्मेवारी नगरपालिकाको हुनेछ । यसको साथै यस कार्यनिर्देश शर्तमा तोकिए बमोजिमका कार्यहरूमा प्राविधिक सहयोग, सहजिकरण, अभिलेखन तथा प्रतिवेदन तयारी गर्ने कार्यको जिम्मेवारी परामर्शदाताको हुनेछ । योजना तर्जुमा कार्यमा सहयोग, प्रक्रियाको गुणस्तर अनुगमन तथा योजना तर्जुमा विभिन्न चरणमा उपस्थित भई सहजीकरण गर्ने कार्य पनि परामर्शको नै हुनेछ । आवधिक योजना तर्जुमा सम्बन्धी प्रक्रियामा सक्रियातापूर्वक सहभागी भै तोकिएको ढाँचा, प्रक्रिया बमोजिम योजना तर्जुमा कार्यमा सहयोग पुऱ्याउने जिम्मेवारी नगरस्थित जनप्रतिनिधिहरू, विषयगत शाखा तथा निकायहरू, गैसस तथा नागरिक समाज, नीति क्षेत्र तथा सञ्चार माध्यमहरू र लक्षित वर्ग र समुदायको जिम्मेवारी हुनेछ । यस प्रक्रियाको अनुगमन गर्ने र मार्गदर्शन गर्ने कार्य निर्देशक समितिले गर्ने छ भने नगरपालिकाको आबधिक विकास योजना तर्जुमा सम्पूर्ण कार्यको नेतृत्व प्रदान गर्नेछ ।

१.आबधिक योजना तर्जुमा समयतालिका यस प्रकार छ ।

| सि. नं. | क्रियाकलापहरू | समयावधि (महिना र हप्ता) | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिना १ | | | | महिना २ | | | | महिना ३ | | | | महिना | | | | महिना | | | | महिना | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| १ | पूर्बकार्यशाला तथा तयारी गोष्ठी | | | | | | | | | | | | | | | | | | | | | | | | |
| २ | नगर वस्तुगत विवरण अध्यावधिक तथा नक्शा तयारी | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ४ | प्रवृत्ति विश्लेषण, सबल, कमजोर ,अवसर र चुनौतीहरू, अवरोध, भौगालिक,अन्तरसम्बन्धित मुद्दाहरू र आयको नक्सांकन तथा वित्तीय अवस्थाको बिश्लेषण | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ५ | विषयगत योजना तर्जुमा कार्यशाला गोष्ठी | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ६ | विषयगत योजना मस्यौदा तयारी | | | | | | | | | | | | | | | | | | | | | | | | |
| ७ | योजना तर्जुमा अन्तिम कार्यशाला गोष्ठी | | | | | | | | | | | | | | | | | | | | | | | | |

| सि. नं. | क्रियाकलापहरू | समयावधि (महिना र हप्ता) | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिना १ | | | | महिना २ | | | | महिना ३ | | | | महिना | | | | महिना | | | | महिना | | | |
| | | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ | १ | २ | ३ | ४ |
| ८ | आवधिक दस्तावेज तयारी | | | | | | | | | | | | | | | | | | | | | | | | |

## २: नगरपालिकाको आवधिक योजना तर्जुमा गर्दाको

| योजनाका चरणहरू | गतिविधिहरू | जवाफदेही संयन्त्र | प्रक्रिया | समय तालिका (हप्तामा) | | | | | | नतिजाहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | १ | २ | २ | २ | १ | |
| १.पूर्वतयारी तथा सहमति निर्माण | १.१ सरोकारवाला निकाय तथा संस्थाको पहिचान र छलफल | नगरकार्यपालिका | अभिलेख विवरण र छलफल | | | | | | | आवधिक योजना तर्जुमामा सहमति निर्माण भई सहयोग संयन्त्र गठन, जिम्मबारी निर्धारण भई परिचालन भएको हुनेछ |
| | १.२ दस्तावेज अध्ययन तथा पुनरावलोकन | नगरपालिका तथा परामर्शदाता | दस्तावेज संकलन र डेक्स अध्ययन | | | | | | | |
| | १.२ पूर्व योजना तयारी कार्यशाला गोष्ठी<br>● आवधिक योजना तर्जुमामा सहमति निर्माण<br>● समय तालिका निर्माण तथा स्वीकति<br>● सहयोग संयन्त्र गठन तथा जिम्मेबारी निर्धारण<br>● उपलब्ध तथा अपुग तथ्याङ्क पहिचान | न्गारपालिका र सरोकारवाला निकाय तथा संस्था | प्रस्तुति, समूहगत र पूर्ण सत्रमा छलफल | | | | | | | |
| २.प्रवृत्तिविश्लेषण, सबल,कमजोर ,अवसर र चुनौतिहरू, अवरोध, भौगालिक,अन्तर सम्ब-न्धित मुद्दाहरू र आयको नक्सांकन तथा वित्तीय अवस्थाको बिश्लेषण | २.१ तथ्याङ्क संकलन फाराम तथा सूची तयारी र वितरण | विषयगत कार्यदल, नगरपालिका र परामर्शदाता | छलफल तथा डेस्क अध्ययन | | | | | | | न्गारपालिकाको वस्तुस्थिति चित्रण तथा विवरण दस्तावेज तयारी भएको हुनेछ । |
| | २.१ तथ्याङ्क तथा सूचना र विवरण संकलन | सम्बन्धित निकाय तथा संघ/संस्थाहरू | डेक्स कार्य | | | | | | | |
| | २.३ वस्तुस्थिति विश्लेषण | नगरपालिका, सरोकारवाला निकाय, संघ/संस्था तथा परामर्शदाता | प्रस्तुति, समूहगत तथा पूर्ण सत्रमा छलफल | | | | | | | |
| | २.४ तथ्याङ्क विश्लेषण | विषयगत कार्यदल, | प्रस्तुति र छलफल | | | | | | | |

| योजनाका चरणहरू | गतिविधिहरू | जवाफदेही संयन्त्र | प्रक्रिया | समय तालिका (हप्तामा) | | | | | | नतिजाहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | १ | २ | २ | २ | १ | |
| | • मुख्य समस्या/सवाल विश्लेषण<br>• संभावना तथा अवसर विश्लेषण | परामर्शदाता तथा नगरपालिका | | | ■ | ■ | | | | |
| | २.५ नगरपालिकाका गतिवधि समीक्षा तथा उपलब्धी विश्लेषण | नगरपालिका, विषयगत समिति र परामर्शदाता | समीक्षा गोष्ठी तथा समूहगत र पूर्ण सत्र छलफल | | | ■ | | | | |
| | २.६ नगर वस्तुगत विवरणको अध्यबधिक तथा श्रोत नक्शा तयारी | नगरपालिका तथा परामर्शदाता | डेक्स अध्ययन, प्रस्तुती तथा छलफल, भूसूचना प्रणालीमा आधारित नक्शा | | | ■ | | | | |
| ३. नपाको अवधारणा पत्र तयारी | ३.१ नगरपालिका मस्यौदा अवधारणा पत्र तयारी<br>• समस्या तथा चुनौती विश्लेषण<br>• संभावना तथा अवसर विश्लेषण<br>• नगरपालिकाको विकासको दीर्घकालीन सोच, निर्देशक सिद्धान्त तर्जुमा<br>• नगरपालिकाको समष्टिगत लक्ष्य तथा उद्देश्य निर्धारण<br>• नगरपालिकाका प्राथमिकता निर्धारण<br>• नगरपालिकाको श्रोत निर्धारण तथा बाँडफाँड<br>• नगरपालिकाको आर्थिक, सामाजिक र भौतिक लक्ष्यहरू निर्धारण | नगरपालिका विषयगत समिति, विषयगत कार्यदल तथा परामार्शदाता | सहभागितामूलक कार्यशाला, समूगहत तथा पूर्ण सत्र छलफल | | | | ■ | | | नगरपालिकाको अवधारणा पत्र तयार भई सरोकारवालाको सहमती निर्माण भएको हुनेछ । |
| ४. योजना | ४.१ विषय क्षेत्रगत योजना | नगरपालिकाको | विषयगत योजना | | | | | ■ | | विषय क्षेत्रगत |

| योजनाका चरणहरू | गतिविधिहरू | जवाफदेही संयन्त्र | प्रक्रिया | समय तालिका (हप्तामा) | | | | | | नतिजाहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | १ | २ | २ | २ | १ | |
| तर्जुमा | मस्यौदा तर्जुमा<br>• नगरपालिकाको अवधारणा प्रस्तुति तथा छलफल<br>• समस्या विश्लेषण<br>• संभावना विश्लेषण<br>• विषय क्षेत्रगत उद्देश्य तथा नतिजाहरू तथा योजना लगफ्रेम तयारी<br>• सरोकावाला नक्शाङ्कन र भूमिका विश्लेषण<br>• विषय क्षेत्रगत रणनीति (योजना तथा कार्यक्रम) तर्जुमा<br>• विषय क्षेत्रगत कार्यनीति तर्जुमा | विषयगत उपसमिति तथा परामर्शदाता | तर्जुमा समिति | | | | | | | योजनाको मस्यौदा तयार भएको हुनेछ |
| ५. कार्यान्वयन, अनुगन तथा मूल्याङ्कन योजना तर्जुमा | ५.१ नगरपालिकाका अवधारणा स्वीकृति<br>५.२ विषय क्षेत्रगत योजना/कार्यक्रम तथा बजेट तर्जुमा<br>५.३ अपुग श्रोत विश्लेषण तथा परिचालन कार्यनीति निर्धारण<br>५.४ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा<br>५.५ अपुग श्रोत विश्लेषण तथा परिचालन कार्यनीति निर्धारण<br>५.६ योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन योजना तर्जुमा<br>५.७ श्रोत तथा योजना नक्शा तयारी | नगरपालिकाका निर्देशक समिति, विषयगत उपसमिति तथा परामर्शदाता | • नगरस्तरीय बृहत योजना तर्जुमा कार्यशाला गोष्ठी<br>• नगरपालिकाको अवधारणा प्रस्तति, छलफल र अनुमोदन<br>• विषयगत योजनाको मस्यौदा प्रस्तुति तथा छलफल | | | | | | | नगरपालिकाका योजना तयार भई अनुमोदन भएको हुनेछ। |

| योजनाका चरणहरू | गतिविधिहरू | जवाफदेही संयन्त्र | प्रक्रिया | समय तालिका (हप्तामा) | | | | | | नतिजाहरू |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | १ | २ | २ | २ | १ | |
| | ५.८ विषय क्षेत्रगत योजना तयारी र स्वीकृति<br>५.९ नगरपालिकाका योजनाको एकीकृत लगफ्रेम तयारी र स्वीकृति | | | | | | | | | |
| ६. योजना दस्तावेज तयारी तथा अनुमोदन | ६.१ नगरपालिकाको आवधिक योजना दस्तावेज तयारी<br>६.२ टिप्पणी/सुझाव संकलन तथा समायोजन<br>६.३ आवधिक योजना स्वीकृति<br>६.४ योजना दस्तावेज प्रकाशन तथा वितरण | नगरपालिकाका र परामर्शदाता | अभिलेखन, प्रस्तुति र छलफल, जिल्ला परिषदमा पेश र स्वीकृति | | | | | | | नगरपालिकाको आवधिक योजनाको दस्तावेज तयार भई स्वीकृत भएको हुनेछ । |

## ३.आवधिक योजना तर्जुमा र प्रतिवेदन

| | | |
|---|---|---|
| १.कार्यप्रारम्भ प्रतिवेदन | पूर्बकायशाला,निर्देशक समिति,परामर्श समिति र विषयगत उपसमिति गठनको प्रारम्भिक प्रतिवेदन | कार्यदेश अनुसार कार्यप्रारम्भ भएको मितिले ७ दिन भित्र बुझाउने । |
| २.संकलित सबै तथ्याङ्कहरु | अभिमुखीकरण ,योजना तर्जुमा कार्यशाला,बैठक उपस्थिति र निर्णय पुस्तिकाको प्रति अनुसूची २ र अनुसूची ३ अध्यबधिक बस्तुगत विवरण | कार्यदेश अनुसार कार्यप्रारम्भ भएको मितिले ४३ दिन भित्र बुझाउने । |
| ३.आवधिक योजना मस्यौदा प्रतिवेदन | कार्यसर्त अनुसार तोकिएको ढाँचामा नगरपालिकाको आवस्यक दस्तावेज सहितको एकिकृत विकास योजना वा आवधिक योजनाको मस्यौदा | कार्यदेश अनुसार कार्यप्रारम्भ भएको मितिले ५० दिन भित्र बुझाउने । |
| ४.आवधिक योजनाको अन्तिम प्रतिवेदन | मस्यौदा प्रतिवेदनमा छलफल तथा समिक्षाको क्रममा विभिन्न सरोकारवालाबाट आएका सुझाबहरुलाई समाबेश गरेर तयार गरिएको आवधिक योजना | मिति २०८० असार ५ गते भित्र पेश गर्ने । |

नगरपालिकाको आवधिक योजनाको मस्यौदा तयारीको लागि वडगत रुपमा गरिने कार्यक्रमको समय तालिका

| वडाहरु | मिति | समय विहान | वडा | मिति | समय | वडा |
|---|---|---|---|---|---|---|
| ११ | २०८०/०२/०१ | विहान १०.०० बजे | | | | |
| १० | २०८०/०२/०७ | विहान १०.०० बजे | | | | |
| ३ र ४ | २०८०/०२/१३ | विहान ७.०० बजे | ४ | २०८०/०२/१३ | दिउसो १.०० बजे | ३ |
| ५ र ६ | २०८०/०२/१४ | विहान ७ .०० बजे | ५ | २०८०/०२/१४ | दिउसो १.०० बजे | ६ |
| २ र ७ | २०८०/०२/१५ | विहान ७.०० बजे | २ | २०८०/०२/१५ | दिउसो १.०० बजे | ७ |
| ८ र९ | २०८०/०२/१६ | विहान ७.०० बजे | ८ | २०८०/०२/१५ | दिउसो १.०० बजे | ९ |
| १ | २०८०/०२/१७ | १०.०० वजे | | | | |

वडा अध्यक्षको अध्यक्षता र नगरप्रमुख र उपप्रमुखको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न गर्ने ।

आमन्त्रण गर्नु पर्ने वडाका क्रियाशील राजनीतिक दल,टोलप्रमुखहरु,शिक्षक तथा वडाका बुद्धिजीविहरु ।

## अनुसूची : १ कार्यक्रमको उपस्थिति

आज मिति २०८० साल वैशाख १० गतेका दिन यस नारायण नगरपालिका, दैलेखका नगर प्रमुख श्री लोमन शर्मा ज्यूको अध्यक्षतामा आवधिक योजना निर्माण सम्बन्धी एवं कार्यशाला गोष्ठी देहायानुसारका महानुभाव ज्यूहरुको उपस्थितिमा संचालन भई तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थिति :-

१) श्री लोमन शर्मा - नगर प्रमुख, ना.न.पा. दै.
२) श्री नेत्रा कुमारी खड्का थापा - उप-प्रमुख, ना.न.पा.
३) श्री मन्त बहादुर मल्ल - प्र.प्र.अ., ना.न.पा.
४) श्री दुर्गा कुमारी ओली - का.वा. वडाध्यक्ष - १
५) श्री रेशम बहादुर थापा - वडाध्यक्ष - २
६) श्री चन्द्र प्रसाद उपाध्याय - वडाध्यक्ष - ३
७) श्री चन्द्र बहादुर कटुवाल - वडाध्यक्ष - ४
८) श्री प्रेमनाथ सिंह थापा - वडाध्यक्ष - ५
९) श्री कृष्ण प्रसाद पुवेडी - का.वा. वडाध्यक्ष - ६
१०) श्री दुर्गा कुमारी थापा - " - " ७
११) श्री गोपाल कुमार वि.सी. - वडाध्यक्ष - ८
१२) श्री नेत्र कुमारी थापा - का.वा. वडाध्यक्ष - ९
१३) श्री लाल बहादुर बस्नेत - वडाध्यक्ष - १०
१४) श्री दिर्घ बहादुर मल्ल - " - ११
१५) श्री रत्ना कुमारी थापा - कार्यपालिका सदस्य
१६) श्री भोज कुमारी कोइराला - ना.,, ५ - "
१७) श्री मनतारा अधिकारी - " - "
श्री खगीतारा पुनार - " - "
१९) श्री रत्नकला कार्की - " - "
२०) श्री तिर्थ बहादुर डमाई - " - "
२१) श्री नवल बा. नेपाली - " - "
२२) श्री हिक ब. सिंह - ना.न.पा. ११
२३) श्री तिलक बहादुर रावल - आधिकारिक ... ना.न.पा.
२४) श्री रवि प्रसाद ओझा - ... ना.न.पा.
२५) श्री नगेन्द्र बहादुर शाल - ...का. (शाखा), ना.न.पा. दैलेख
२६) श्री सूर्य बहादुर सिंह - आधिकृत स्तर ... ना.न.पा. दैलेख

२७) खेमराज शर्मा कृषि विकास शाखा, प्रमुख
२८) चिरञ्जीवी उपाध्याय आर्थिक प्रशासन शाखा ले.प्र.
२९) पूर्ण बहादुर थापा योजना शाखा
३०) अनन्त बहादुर शाही स्वास्थ्य शाखा
३१) लिलाराम ताम्राकार उद्योग वि. शाखा
३२) सुनिता केसी वातावरण शाखा
३३) सीमा के सी म.स.वा. शाखा
३४) दुर्गालाल पाण्डे शिक्षा शाखा
३५) उद्ध बहादुर थापा - अधिकृत ड्राइभर (स्टोर)
३६) पार्वती कुमारी बोगटी स.म.वि.लि., म.मा.वा.शा.
३७) प्रकाश कुमार के.सी. नारायण नगरपालिका ड्राइभर
३८) खगेन्द्र थापा " — "
३९) गीता बुढा ना.न.पा. दैलेख
४०) दिर्घ बहादुर थापा - खरिदार, नानपा ई.
४१) नविन कुमार शाही - पास विज्ञ
४२) मनहरि कोल सक्रिय पटाण्डी (वि). प्रा.लि
४३) किशोर थापा " " "
४४) सुजन विष्ट ना.न.पा. कार्यालय
४५) Shilpa Kunwar - Team Leader - PCGG/PLGSP
४६) मोहन बहादुर थापा ना.न.पा.का. अधिकृत ड्राइभर -
४७) दिनेश मणि घिमिरे, व्यवसायिक केन्द्रिय विकास (विज्ञ)

एजेण्डाहरु :-

१) आवधिक योजना तयारीका सम्बन्धमा निर्देशक समिति गठन सम्बन्धमा।
२) सहजीकरण समिति गठन सम्बन्धमा।
३) विभिन्न विषयगत समिति गठन सम्बन्धमा।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख, नेपाल

निर्णय नं. १.

नारायण नगरपालिका दैलेखको आवधिक योजना तयारी सम्बन्धमा तपसिल बमोजिमको निर्देशक समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :-

श्री सोमन शर्मा - नगर प्रमुख - संयोजक
श्री तप्ता कुमारी (रुका थापा - सदस्य
श्री लोक बहादुर थापा - सदस्य
श्री रेशम बहादुर थापा - सदस्य
श्री रत्ना कुमारी थापा - सदस्य
श्री भक्त बहादुर मल्ला - सदस्य
श्री पूर्ण प्रसाद कोईराला - सदस्य सचिव

निर्णय नं. २.

नारायण नगरपालिका दैलेखको आवधिक योजना तयारी सम्बन्धमा तपसिल बमोजिमको समन्वय समिति गठन गर्ने निर्णय गरियो।

तपसिल :-

श्री भक्त बहादुर मल्ला - संयोजक
श्री पूर्णबहादुर थापा - सदस्य
श्री रुम बहादुर थापा - सदस्य
श्री खेम राज शर्मा - सदस्य
श्री पूर्णप्रसाद कोईराला - सदस्य सचिव

निर्णय नं. ३.

आवधिक योजना तयारी सम्बन्धमा तपसिल बमोजिमका विषयगत समितिहरु गठन गर्ने निर्णय गरियो।

तपसिल :-

- आर्थिक विकास समिति :-

श्री रेशम बहादुर थापा - संयोजक
श्री चन्द्र प्रसाद उपाध्याय - सदस्य
श्री जनक प्रसाद चौपाने - सदस्य

- सामाजिक विकास समिति :-

श्री रत्ना कुमारी थापा - संयोजक
श्री लाल बहादुर बस्नेत - सदस्य
श्री तिर्थ बहादुर दमाई - सदस्य
श्री रतन बहादुर थापा - सदस्य सचिव

- पूर्वाधार विकास समिति :-

श्री लोक बहादुर थापा - संयोजक
श्री ऐमार सिंह थापा - सदस्य
श्री मोज कुमारी कोइराला - सदस्य
श्री चन्द्र बहादुर कटुवाल - सदस्य
श्री पूर्ण प्रसाद कोइराला - सदस्य सचिव

- वातावरण तथा विपद् व्यवस्थापन समिति :-

श्री जनक प्रसाद औपात्रे - संयोजक
श्री मनसरा अधिकारी - सदस्य
श्री रत्नकली सार्की - सदस्य
श्री सुनिता के.सी. (खंग) - सदस्य सचिव

- संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति :-

श्री रुद्र बहादुर शाही - संयोजक
श्री दुर्गा कुमारी थापा - सदस्य
श्री काली बहादुर रावत - सदस्य
श्री पुनकला दमाई - सदस्य
श्री अमृत बहादुर मल्ल - सदस्य सचिव

नगर प्रमुख
नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दैलेख
कर्णाली प्रदेश, नेपाल

अनुसूची : २ कार्यक्रममा खिचिएका तस्विर




आवधिक योजना निर्माण पूर्वकार्यशालामा प्रस्तुति गर्दै आर्थिक विज्ञ दिनेशमणी घिमिरे




आवधिक योजना निर्माण, भौतिक पूर्वाधारको महत्वको विषयमा बोल्दै विज्ञ किश्वर बगाले थापा



आवधिक योजना निर्माण पूर्वकार्यशाला गोष्ठीका सहभागिहरु




आवधिक योजना निर्माण पूर्वकार्यशालामा गोष्ठीमा योजनाका विषयमा जानकारी दिदै
डा.मनहरि ढकाल




आवधिक योजना निर्माण पूर्वकार्यशालामा गोष्ठीमा योजना निर्माणको प्रक्रियाका विषयमा जानकारी गराउदै प्रदेशसुशासन केन्द्रका प्रतिनिधि शिल्पा कुवार




आवधिक योजना निर्माण पूर्वकार्यशाला गोष्ठीमा नगरपालिकाका सम्भावना र चुनौतिको बारेमा सम्बोधन गर्दै नगर उपप्रमुख तप्ता थापा




आवधिक योजना निर्माण पूर्वकार्यशाला गोष्ठीमा नगरपालिकाका सम्भावना र चुनौतिको बारेमा सम्बोधन गर्दै नगर प्रमुख लोमन शर्मा

## सन्दर्भ सामग्रीहरु


नेपालको संविधान २०७२

स्थानीय सरकार संचालन ऐन २०७४

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम २०७४

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम २०७५

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम २०७६

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम २०७७

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम २०७८

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रम २०७९

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा २०७८

नगरपालिकाको बार्षिक नीति तथा कार्यक्रमको समिक्षा २०७९

राष्ट्रिय भूउपयोग नीति २०६९

दिगो विकासका लक्ष्य वि.स. २०७२–२०८७

कर्णाली प्रदेहको आवधिक योजना २०७७

नेपाल सरकारको पन्ध्रौं योजना(आर्थिक वर्ष २०७६/७७-२०८०/८१) २०७६

## विषय सूची

**परिच्छेद एक : परिचय** (१-१३)

**१.१.१. पृष्ठभूमि**

१.१.२. नगरपालिकाले योजना तर्जुमा गर्ने आधार :

१.१.३. आवधिक विकास योजना तयार गर्नुको औचित्य :

१.१.४. आवधिक योजनाको उद्देश्य

१.१.५. आवधिक योजनाको कार्य परिधि

१.१.६. योजना तर्जुमा प्रक्रिया र विधि :

१.१.७ योजना तर्जुमाका चरण

१.१.८. सिमाहरु

१.२.योजना तर्जुमाको तयारीहरु

१.३ नारायण नगरपालिकाको संक्षेपमा वस्तुस्थिति विवरण

१.३.१. नगरपालिकाको नामाकरण

१.३.२. नगरपालिकाको सिमाना र संक्षिप्त परिचय :

१.३.३.नगरपालिकाको वडागत जनसंख्या औषत घरपरिवार र लैङ्गिक अनुपात

१.३.४.नगरपालिकाको हावापानी र तापक्रम :

१.३.५. शिक्षा सम्बन्धी अवस्थाको विश्लेषण :

१.३.५.१.विश्वविद्यालय तथा क्याम्पसहरु

१.३.६.भू-क्षेत्र वनावट र भूउपयोग :

१.४. नगरपालिकाको विकासको समिक्षा

१.४.१. आर्थिक विकासको सम्भावना :

१.४.२ सामाजिक विकास

१.४.३. भौतिक पूर्वधार :

१.४.४. वन तथा वातावरण :

१.४.५. संस्थागत विकास तथा सुशासन :

**परिच्छेद : २ नगरपालिकाको आवधिक विकास योजना (१४-४८)**

२.१ पृष्ठभूमि

२.२ चुनौती तथा अवसर

२.२.१ नारायण नगरपालिकाका सवल पक्ष र दुर्वल पक्ष

२.३ आवधिक योजनाको खाँका

२.३.पृष्ठभूमी

२.३.१ योजनाको दीर्घकालिन सोच (Vision)

२.३.२ योजनाको दीर्घकालिन लक्ष्य (Mission)

२.३.३ योजनाका दीर्घकालिन उद्धेश्यहरु (Goals)

२.३.४ परिमाणात्मक लक्ष्य :

२.३.६ नारायण नगरपालिका मुख्य रणनीतिहरु

२.३.७ विकास योजनाको समष्टिगत प्राथमिकता

२.३.८ नारायण नगरपालिकाका समृद्धिका सम्वाहकहरु

२.३.९ नारायण नगरपालिकाका समृद्धिका सहयोगीहरु

२.३.१० नगरपालिकाका गौरवका आयोजना तथा कार्यक्रमहरु

२.३.११ आर्थिक सामाजिक विकासमा विभिन्न क्षेत्रको भूमिका

२.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

२.४.१ आर्थिक वृद्धिदर

२.४.२ लगानीको आवश्यकता र स्रोत

२.४.४ अन्तर सरकारी वित्त

२.४.५ स्रोत साधनको बाँडफाड तथा परिचालनका आधारहरु

**परिच्छेद तीन : समष्टिगत आर्थिक नीति** **(४९-६०)**

३. पृष्ठभूमि

३.१ सार्वजनिक वित्त

३.१.१ सार्वजनिक खर्च

३.१.१.१ पृष्ठभूमि

३.१.१.२. प्रमुख समस्याहरु

३.१.१.३ चुनौतीहरु :

३.१.१.४ दीर्घकालिन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति :

३.१.१.५ अपेक्षित उपलब्धी

३.१.२.राजस्व

३.१.२.१. पृष्ठभूमि

३.१.२.२ प्रमुख समस्या

३.१.२.३ चुनौतीहरु र अवसर

३.१.२.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति सोंच

३.१.२.५ अपेक्षित उपलब्धी

३.१.३ वैदेशिक सहायता परिचालन तथा सार्वजनिक ऋण

३.१.३.१ पृष्ठभुमि

३.१.३.२ प्रमुख समस्या

३.१.३.३ चुनौती र अवसर

३.१.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

३.१.३.५ अपेक्षित उपलव्धी

३.२ सार्वजनिक, निजी र सहकारी साझेदारी

३.२.१ पृष्ठभूमि

३.२.२. प्रमुख समस्या

३.२.३ चुनौतीहरु र अवसर

३.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरुः दीर्घकालिन सोच :

**परिच्छेद चार : आर्थिक विकास क्षेत्र** **(६१-१०६)**

४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

४.१.१ कृषि

४.१.१.१ पृष्ठभूमि

४.१.१.२ प्रमुख समस्याहरु

४.१.१.३ चुनौती र अवसरहरु

४.१.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम

६. नतिजा खाका

४.१.२ पशुपन्छी

४.१.२.१ पृष्ठभूमि

४.१.२.२ प्रमुख समस्याहरु

४.१.२.३ चुनौती तथा अवसरहरु

४.१.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, कार्यक्रम

४.१.२.५ अपेक्षित उपलव्धी

४.१.३ खाद्य सुरक्षा तथा पोषण

४.१.३.१ पृष्ठभूमि

४.१.३.२ प्रमुख समस्या

४.१.३.३ चुनौती तथा अवसर

४.१.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम

४.१.३.५ अपेक्षित उपलब्धी

४.१.४.६ खाद्यान्न नतिजा खाका

४.१.४ सिंचाई

४.१.४.१ पृष्ठभूमि

४.१.४.२ प्रमुख समस्याहरु

४.१.४.३ चुनौती तथा अवसर
४.१.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति

४.१.४.६ नतिजा खाका

४.१.५ भूमि व्यवस्था

४.१.५.१ पृष्ठभूमि

४.१.५.२ प्रमुख समस्याहरु

४.१.५.३ चुनौती तथा अवसरहरु

४.१.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

४.१.५.५ अपेक्षित प्रतिफल

४.१.४.६ नतिजा खाका

४.१.६ वन तथा वनस्पति सम्पदा

४.१.६.१ पृष्ठभूमि

४.१.६.२ प्रमुख समस्या

४.१.६.३ चुनौती र अवसरहरु

४.१.६.४ सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, कार्यक्रम

४.१.६.५ अपेक्षित उपलव्धी

४.१.४.६ नतिजा खाका

४.१.७ खनिज सम्पदा

४.१.७.१ पृष्ठभूमि

४.१.७.२ चुनौती तथा अवसरहरु :

४.१.७.३ लक्ष्य, उद्धेश्य, कार्यनीति, कार्यक्रम

४.१.७.४ अपेक्षित उपलव्धी

४.१.४.६ नतिजा खाका

४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

४.२.१ उद्योग

४.२.१.१ पृष्ठभूमि

४.२.१.२ समस्या

४.२.१.३ चुनौती र सम्भावनाहरु चुनौतीहरु

४.२.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

४.२.१.५ अपेक्षित उपलव्धी :

४.१.४.६ नतिजा खाका

४.२.२ व्यापार, वाणिज्य तथा आपूर्ति

४.२.२.१ पृष्ठभूमि

४.२.२.२ प्रमुख समस्या

४.२.२.३ चुनौती तथा अवसरहरु

४.२.२.४ लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

४.२.४.५ नतिजा खाका

४.२.३ पर्यटन

४.२.३.१ पृष्ठभूमि

४.२.३.२ प्रमुख समस्या

४.२.३.३ चुनौती र अवसरहरु

४.२.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

४.२.३.५ अपेक्षित उपलव्धी

४.२.४ वित्तीय तथा सेवा

४.२.४.१ पृष्ठभूमि
४.२.४.२ मुख्य समस्या
४.२.४.३ अवसर र चुनौतिहरु

४.२.४.४ उद्धेश्य, लक्ष्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरु
४.२.४.५ सेवा तथा वित्तीय सम्वन्धी सूचकहरु

४.२.४.६ नतिजा खाका

**परिच्छेद पाँच : सामाजिक विकास क्षेत्र** (१०७-१३९)

५.१ जनसंख्या तथा वसाइसराई

५.१.१ पृष्ठभूमि

५.१.२ समस्याहरु

५.१.३ चुनौती र सम्भावनाहरु चुनौतीहरु

५.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

५.१.५ अपेक्षित उपलव्धी :

५.१.६ जनसांखिक लक्ष्यहरु :

५.२ शिक्षा

५.२.१ पृष्ठभूमि :

५.२.२ समस्याहरु :

५.२.३ चुनौती र अवसरहरु

५.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

५.२.५ अपेक्षित उपलव्धी :

५.३ स्वास्थ्य तथा पोषण

५.३.१ पृष्ठभूमि :

५.३.२ प्रमुख समस्याहरु :

५.३.३ चुनौती तथा अवसर

५.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति

५.३.५ अपेक्षित उपलव्धी आवधिक :

५.३.६ नतिजा खाका

५.४ खानेपानी तथा सरसफाई

५.४.१ पृष्ठभूमि :

५.४.२ प्रमुख समस्याहरु :

५.४.३ चुनौती तथा अवसरहरु :

५.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति , कार्यक्रम

५.४.५ अपेक्षित उपलव्धीहरु :

५.४.६ नतिजा खाका

५.५ सामाजिक समावेसीकरण, सामाजिक सुरक्षा तथा संरक्षण (महिला, वालवालिका तथा किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति)

५.५.१ पृष्ठभूमि :

५.२.२ समस्याहरु :

५.२.३ चुनैाती र अवसरहरु

५.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

५.२.५ अपेक्षित उपलव्धी :

५.३ स्वास्थ्य तथा पोषण

५.३.१ पृष्ठभूमि

५.३.२ प्रमुख समस्याहरु :

५.३.३ चुनौती तथा अवसर

५.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति

५.३.५ अपेक्षित उपलव्धी आवधिक :

५.३.६ नतिजा खाका

५.४ खानेपानी तथा सरसफाई

५.४.१ पृष्ठभूमि :

५.४.२ प्रमुख समस्याहरु :

५.४.३ चुनौती तथा अवसरहरु :

५.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति , कार्यक्रम

५.४.५ अपेक्षित उपलव्धीहरु :

५.४.६ नतिजा खाका

५.५ सामाजिक समावेसीकरण, सामाजिक सुरक्षा तथा संरक्षण (महिला, वालवालिका तथा किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति)

५.५.१ पृष्ठभूमि

५.५.२ प्रमुख समस्याहरु :

५.५.३ चुनौती तथा अवसरहरु :

५.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

५.६ युवा तथा खेलकुद

५.६.१ पृष्ठभूमि :

५.६.२ प्रमुख समस्या :

५.६.३ चुनौती तथा अवसरहरु :

५.६.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

५.६.५ अपेक्षित उपलब्धी :

५.६.६ नतिजा खाका

**परिच्छेद छ : पूर्वाधार क्षेत्र** (१४०-१५६)

६.१.विद्युत तथा वैकल्पिक उर्जा

६.१.१ पृष्ठभूमि

६.१.२ प्रमुख समस्याहरु :

६.१.३ चुनौती र अवसरहरु :

६.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

६.१.५ नतिजा खाका

६.२ यातायात पूर्वाधार

६.२ सडक तथा यातायात व्यवस्थापन

६.२.१ पृष्ठभूमि :

६.२.२ प्रमुख समस्याहरु :

६.२.३ चुनौती र अवसरहरु

६.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

६.२.५ : आवधिक योजनाको अन्त्य सम्ममा :

६.२.६ नतिजा खाका

६.३ आवास, वस्ती तथा वजार विकास

६.३.१ पृष्ठभूमि :

६.३.२ प्रमुख समस्याहरु :

६.३.३ चुनौती र अवसर

६.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

६.३.५ अपेक्षित उपलव्धीहरु :

६.३.६ नतिजा खाका

६.४ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

६.४.१ पृष्ठभूमि :

६.४.२ प्रमुख समस्यहरु :

६.४.३ चुनौती तथा अवसरहरु :

६.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति

६.४.५ अपेक्षित प्रतिफल

६.४.६ नतिजा खाका

६.४.६ नतिजा खाका

**परिच्छेद ७ लोकतन्त्र र सुशासन** (१५७-१७०)

७.१ शान्ति, सुरक्षा र सुव्यवस्था

७.१.१ पृष्ठभूमि :

७.१.२ प्रमुख समस्या

७.१.३ चुनौती र अवसर

७.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

७.१.५ अपेक्षित उपलव्धी :

७.१.६ नतिजा खाका

७.२ संस्थागत व्यवस्था, शासकीय सुधार तथा सुशासन

७.२.१ पृष्ठभूमि

७.२.२ प्रमुख समस्याहरु :

७.२.३ चुनौती र अवसरहरु

७.२.४ दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

७.२.५ अपेक्षित उपलव्धी

७.१.६ नतिजा खाका

७.३ वित्तिय व्यवस्थापन, सुशासन र भ्रष्ट्रचार निवारण

७.३.१ पृष्ठभूमि :

७.३.२ प्रमुख समस्याहरु :

७.३.३ चुनौती र अवसरहरु :

७.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति,कार्यक्रम

७.३.५ अपेक्षित उपलव्धी :

७.३.६ नतिजा खाका

**परिच्छेद आठ : अन्तर सम्वन्धित विषय** (१७१-२०१)

८.१ तथ्याङक प्रणाली

८.१.१ पृष्ठभूमि :

८.१.२ प्रमुख समस्या :

८.१.३ चुनौती र अवसरहरु

८.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

८.१.५ अपेक्षित उपलव्धीहरु

८.१.६ नतिजा खाका

८.२ गरीवी निवारण

८.२.१ पृष्ठभूमि :

८.२.२ प्रमुख समस्याहरु :

८.२.३ चुनौती तथा अवसरहरु

८.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

८.२.५ अपेक्षित उपलव्धी :

८.३ श्रम तथा रोजगार

८.३.१ पृष्ठभूमि :

८.३.२ प्रमुख समस्या :

८.३.३ चुनौती तथा अवसरहरु

८.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

८.३.५ अपेक्षित उपलव्धी :

८.२.६ नतिजा खाका

८.४ मानव संशाधन विकास

८.४.१ पृष्ठभूमि

८.४.२ प्रमुख समस्या :

८.४.३ चुनौती र अवसरहरु :

८.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

८.४.५ अपेक्षित उपलब्धी :

८.२.६ नतिजा खाका

८.५ विपद् व्यवस्थापन

८.५.१ पृष्ठभूमि :

८.५.२ प्रमुख समस्याहरु :

८.५.३ चुनौती र अवसरहरु

८.५.४ सोच, लक्ष्य, उद्धेश्य, रणनीति , कार्यनीति र कार्यक्रमहरु

८.५.५ अपेक्षित उपलब्धी :

८.६ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरु

८.६.१ पृष्ठभूमि

८.६.२ प्रमुख समस्याहरु :

८.६.३ चुनौती र अवसरहरु

८.६.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरु

८.६.५ अपेक्षित उपलब्धी :

८.७ वातावरण

८.७.१ पृष्ठभूमि

८.७.२ प्रमुख समस्याहरु

८.७.३ चुनौती र अवसरहरु

८.७.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**परिच्छेद नौं : योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन** (२०२-२२८)

९.१ योजना तर्जुमा

९.१.१ पृष्ठभूमि :

९.१.२ प्रमुख समस्याहरु :

९.१.३ चुनौती र अवसरहरु

९.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

९.१.५ अपेक्षित उपलव्धीहरु :

९.२ आयोजना वैकं

९.२.१ पृष्ठभूभि :

९.२.२ प्रमुख समस्या :

९.२.३ चुनौती र अवसरहरु

९.२.४ दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

९.२.५ अपेक्षित उपलव्धीहरु :

९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था र अन्तर सरकार समन्वय

९.३.१ पृष्ठभूमि :

९.३.२ प्रमुख समस्या :

९.३.३ चुनौती र अवसरहरु

९.३.४ दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

९.३.५ अपेक्षित उपलव्धी :

९.४ जोखिम व्यवस्थापन

९.४.१ पृष्ठभूमि :

९.४.२ प्रमुख समस्या :

९.४.३ चुनौति तथा अवसरहरु :

९.४.४ दीर्घकालिन सोच, उद्धेश्य, लक्ष्य,रणनीति र कार्यक्रम

९.४.५ अपेक्षित उपलव्धी :

९.५ अनुगमन तथा मूल्याङ्कन

९.५.१ पृष्ठभूमि :

९.५.२ प्रमुख समस्या :

९.५.३ चुनौती र अवसरहरु

९.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

९.५.५ अपेक्षित उपलव्धी :

९.६ आवधिक योजनाको प्रारभिक लगानी अनुमान, क्षेत्रगत बाँडफाँड तथा वित्तिय श्रोत

२.४.५ स्रोत साधनको वाँडफाड तथा परिचालनका आधारहरु :

९.७ आवश्यक जनशक्तिको आंकलन

## तालिका सूची

तालिका नं. १ : नगरपालिकाको सिमाना र संक्षिप्त परिचय

तालिका नं. २ : नगरपालिकाको वडागत जनसंख्या र क्षेत्रफल

तालिका न. ३ : नगरपालिकाको कृषि पशुधन तथा सो बाट हुने उत्पादनको अवस्था सम्बन्धी विवरण

तालिका न. ४ : नगरपालिकाको कृषि तथा सो बाटहुने उत्पादनको अवस्था सम्बन्धी विवरण

तालिका नं ५: नारायण नगरपालिकाका सवल पक्ष र दुर्वल पक्षहरु

तालिका नं ६ अवसर र चुनौतीहरु

तालिका नं ७ : समस्याहरु र समाधानका उपायहरु

तालिका नं ८ : परिमाणात्मक दिगोविकासको लक्ष्य २०८७ र दिर्घकालिन लक्ष्य २१०० संग तुलना

तालिका नं ९ : विकास योजनाको प्राथमिकता निर्धारण

तालिका नं १० : विकास योजनाको प्राथमिकता क्रम निर्धारण

तालिका नं ११ : प्रमुख आर्थिक सूचकहरु

तालिका नं १२ : आर्थिक वृद्धिका क्षेत्रहरु

तालिका नं १३ : कुल ग्रार्हस्थ उत्पादन तथा क्षेत्रगत मुल्य अभिवृद्धि लक्ष्य सम्वन्धी विवरण

तालिका नं १४ : कुल ग्रार्हास्थ उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)

तालिका नं १५. क्षेत्रगत कुल लगानी (२०७९/०८० को स्थिर मूल्यमा)

तालिका नं १६. क्षेत्रगत आय व्ययको तुलना

तालिका नं.१७ कुल स्रोतको विवरण र अनुमान

तालिका न.१८ : रणनीति तथा कार्यनीति

तालिका न. १९ : रणनीति तथा कार्यनीतिहरुः

तालिका न. २० : वजेट तथा कार्यक्रम

तालिका न. २१ : कृषि विकासका रणनीति तथा कार्यनीतिहरू

तालिका न. २२ : कृषि सम्वन्धी मुख्य कार्यक्रमहरुको नतिजा खाका

तालिका न.२३ : पशुपन्छी पालनका रणनीति तथा कार्यनीतिहरु :

तालिका न. २४ : नतिजा खाका

तालिका न. २५.: रणनीति तथा कार्यनीतिहरु

तालिका न. २६ नतिजा खाका

तालिका न. २७.: सिंचाई सम्वन्धी रणनीति तथा कार्यनीतिहरु

तालिका न. २८ : सिंचाईको नतिजा खाका

तालिका न. २९ : भूमि व्यवस्था सम्वन्धी रणनीति तथा कार्यनीतिहरु

तालिका न. ३० : भूमि व्यवस्था सम्वन्धी नतिजा खाका

तालिका न. ३१ : वन तथा वनस्पति सम्पदाको नतिजा खाका

तालिका न. ३२ : खानीजन्य सम्पदाको नतिजा खाका

तालिका न. ३३ : उद्योग क्षेत्रको नतिजा खाका

तालिका न. ३४ : उद्योग क्षेत्रको नतिजा खाका

तालिका न. ३५ : पर्यटन सम्वन्धी रणनीति तथा कार्यनीतिहरु

तालिका न. ३६ : पर्यटन क्षेत्रको नतिजा खाका

तालिका ३७ : वित्तीय सम्वन्धी रणनीति तथा कार्यनीति

तालिका न. ३८ : वित्तीय तथा सेवा क्षेत्रको नतिजा खाका

तालिका न ३९ : आर्थिक विकास क्षेत्र बजेट अनुमान

तालिका न. ४० : रणनीति तथा कार्यनीति

तालिका न. ४१ : जनसंख्या बसाइसराइ क्षेत्रको नतिजा खाका

तालिका न. ४२ : रणनीति तथा कार्यनीति

तालिका न. ४३ : शिक्षा क्षेत्रको नतिजा खाका

तालिका न. ४४ : रणनीति तथा कार्यनीति

तालिका न. ४५ : स्वास्थ्य क्षेत्रको नतिजा खाका

तालिका न. ४६ : खानेपानी तथा सरसफाई क्षेत्रको नतिजा खाका

तालिका न. ४७ : समाजिक समावेशीकरण क्षेत्रको नतिजा खाका

तालिका न. ४८ : रणनीति तथा कार्यनीति

तालिका न. ४९ : युवा तथा खेलकुद समावेशीकरण क्षेत्रको नतिजा खाका

तालिका न. ५० : विद्युत तथा वैकल्पिक उर्जा

तालिका न. ५१ : रणनीति तथा कार्यनीति

तालिका न. ५२ : सडक सन्जाल क्षेत्रको नतिजा खाका

तालिका न. ५३ : आबास तथा बस्तीविकास क्षेत्रको नतिजा खाका

तालिका न. ५४ : रणनीति तथा कार्यनीति

तालिका न. ५५ : सञ्चार तथा सूचना प्रविधि पूर्वाधारक्षेत्रको नतिजा खाका

तालिका न. ५६ कार्यक्रम तथा अनुमानित वजेट

तालिका न ५७ : रणनीति तथा कार्यनीतिहरु

तालिका न. ५८ : लोकतन्त्र र सुशासन क्षेत्रको नतिजा खाका

तालिका न. ५९ : रणनीति तथा कार्यनीति

तालिका न. ६० : संस्थागत व्यवस्था, शासकीय सुधार तथा सुशासनक्षेत्रको नतिजा खाका

तालिका न. ६१ : वित्तिय व्यवस्था, सुशासन र भ्रष्टचार क्षेत्रको नतिजा खाका

तालिका न.६२ : कार्यक्रम तथा अनुमानित वजेट

तालिका न. ६३ : रणनीतिहरु तथा कार्यनीतिहरु

तालिका न. ६४ : अन्तर सम्बन्धीत विषय क्षेत्रको नतिजा खाका

तालिका न. ६५ : रणनीति तथा कार्यनीति

तालिका न. ६६ : गरीवी निवारण क्षेत्रको नतिजा खाका

तालिका न. ६७ : श्रामरोजगार क्षेत्रको नतिजा खाका

तालिका न. ६८ : मानवसंसाधन विकास क्षेत्रको नतिजा खाका

तालिका न. ६९ रणनीति तथा कार्यनीति

तालिका न. ७० : रणनीति तथा कार्यनीति

तालिका न.. ७१ : योजनाको अनुगमन एवं प्रगती प्रतिवेदन

तालिका न. ७२ : नारायण नगरपालिका आ.ब.२०८०/०८१ देखि ५ वर्षको योजना आवधिको लागि आवश्यक वजेट

तालिका न. ७३ : नारायण नगरपालिकाको आवधिक योजना अवधिमा आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ सम्म परिचालन हुने संभाब्य स्रोतको विश्लेषण र प्रक्षेपण ।

# परिच्छेद एक : परिचय

**१.१.१. पृष्ठभूमि :** योजना भन्नाले कुनै पनि काम के, कसरी, कति, कुन कसको लागि, के प्रतिफल आउन सक्छ भनेर गरिने तर्कवद्ध खाका हो । छोटकरीमा भन्दा यसले आयोजना तथा कार्यक्रमलाई जनाउँछ । नेपालमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरु रहेका छन् । नेपालको संविधान २०७२ को अनुसूची ६,७, ८ ले एकल अधिकार, संघ, प्रदेश र स्थानीय तहको संयूक्त अधिकार तथा स्थानीय र प्रदेशका अधिकारहरु स्पष्ट रुपमा व्यवस्था गरेको छ । सविधानमा नागरिकका मौलिक हक तथा अधिकारहरु उल्लेख गरिएको छ । माथिका यी अधिकारहरु प्राप्ति गर्नु गराउनु सवै तहका सरकारको दायित्व रहेको हुन्छ । **नेपाल सरकारले बिक्रम सम्बत २१०० अर्थात २१औं शताब्दिको 'समृद्ध नेपाल र सुखी नेपाली' दूरदृष्टि तय गरेको छ । कर्णाली प्रदेश सरकारले 'समृद्ध कर्णाली र सुखी कर्णालीवासीको दूरदृष्टि तय गरेको छ ।** उक्त दूरदृष्टि अन्तरगत समृद्धिको लागि उच्च र समता मुलक राष्ट्रिय आय, मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवं आबद्धता र उत्पादन तथा उत्पादकत्व जस्ता लक्ष्यहरु तय गरिएको छ । **स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ योजना तर्जुमा तथा कार्यान्वियन दफा २४ योजना बनाइ कार्यान्वियन गर्ने उपदफा (१) नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा नगरपालिकाको विकासका लागि दिर्घकालिन,मध्यकालिन,आवधिक र बार्षिक रणनीति सहितको योजना बनाउनु पर्ने भन्ने अधिकार प्रयोग गरि आवधिक योजना बनाउने कार्य गरिएको छ** । गुणस्तरीय सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरी जीवनस्तर सुधार गर्नु आजको आवश्यकता भएको छ । प्रत्येक स्थानीय तहले स्थानीय स्तरका योजना तर्जुमा गर्नुपर्ने र त्यसैका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी संचालन गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ । सोही नीतिगत ब्यबस्था अनुसार नारायण नगरपालिका दैलेखको आबधिक योजना तयार गर्ने कार्य भएको हो । आवधिक योजना भन्नाले निश्चित अवधिको योजनालाई जनाउँ छ र निश्चित बर्षको लागि तर्जुमा गरिन्छ । नगरपालिकाको समष्टिगत आर्थिक विकास ,सामाजिक विकास, भौतिक पूर्वाधार विकास, वन तथा वातावरण विकास र संस्थागत विकासका लक्ष्य तथा उद्देश्यहरू निर्धारण गरी निश्चित अवधिभित्र सो हाँसिल गर्न उपयुक्त नीति, सिद्धान्त, रणनीति तथा प्राथमिकताहरू पहिचान एवम् परिभाषित गरिएको दस्तावेज आवधिक योजना हो ।

नगरवासीहरूको आधारभूत आर्थिक अवसरहरू तथा सामाजिक सेवाहरूमा पहुँच कसरी अभिवृद्धि गर्ने ? नगरपालिकाको प्राकृतिक, आर्थिक तथा सामाजिक स्रोतको दिगो उपयोग सुनिश्चित गर्न सरकारी, गैरसरकारी तथा निजी लगानीलाई कसरी प्रोत्साहित र निर्देशित गर्ने ? नगरपालिकाको वातावरण संरक्षण र सम्वर्द्धन कसरी गर्ने ? नगरपालिकाको आर्थिक सामाजिक विकास र जनसङ्ख्याको वितरण तथा बस्ती विकासलाई उपयुक्त दिशातर्फ कसरी प्रवाहित गर्ने ? नगरपालिकाको संस्थागत स्वरूपलाई ख्याल गरी विकासमा सन्तुलन कसरी ल्याउने ? आदि जस्ता विकासका महत्वपूर्ण पक्षहरूका सम्बन्धमा उचित किसिमको निर्णयमा पुग्न आवधिक विकास योजनाले पथ प्रदर्शन गर्नेछ ।

नगरपालिकाले आफ्नो समग्र क्षेत्रको विकासका लागि दीर्घकालीन सोचका आधारमा आवधिक र वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने संवैधानिक दायित्व रहेको छ । आवधिक योजना कम्तिमा ३,५, वर्षको हुनुपर्ने व्यवस्था समेत स्थानीय स्वायत्त शासन ऐन तथा नियमावलीले गरेको पनि थियो । यसै सन्दर्भमा विगतका अभ्यासलाई निरन्तरता दिने प्रयास स्वरुप नगरपालिकाको ५ बर्षे आवधिक योजना तर्जुमा गरिएको छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ को उपदफा (१) बमोजिम योजना बनाउँदा उपदफा (२) मा देहायका विषयहरुलाई प्राथमिकता राखिएको छ ।

(क) आर्थिक विकास गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
(ख) उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
(ग) जनताको जीवनस्तर, आम्दानी र रोजगार बढाउन प्रोत्साहित गर्ने,
(घ) स्थानीय बासिन्दाहरुको सहभागिता जुटने,स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

(ङ) स्थानीय श्रोत,साधन र सीपको अधिकतम प्रयोग हुने,

(च) महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

(छ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

(ज) दिगो विकास,वातावरणीय संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुऱ्याउने,

(झ) भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

योजना बनाउँदा संघिय सरकार र प्रदेश सरकारको नीति,लक्ष्य,उद्धेश्य,समयसीमा र प्रक्रियासंग अनुकूल हुने गरी सुशासन,वातावरण,बालमैत्री,जलवायु परिवर्तन अनुकूलन,बिपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यान दिने काम भएको छ ।

नगरपालिकाले योजना बनाउँदा तथा कार्यान्वयन गर्दा स्थानीय बुद्धिजीवि,विषय विज्ञ,अनुभवी,पेशाविद्, सीमान्तकृत तथा लोपोन्मुख समुदाय,महिला,बालबालिका,दलित,युवा,अल्पसंख्यक,अपाङ्गता भएका व्यक्ति,जेष्ठ नागरिक लगायतका सरोकारवालाहरुको अधिकतम सहभागिता भएको छ ।

योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान,आयोजनाको प्राथमिकीकरण,योजना कार्यन्वयन तालिका र अनुगमन तथा मूल्याङ्कन योजना समेत तयार गरिएको छ । संघिय सरकार तथा प्रदेश सरकारले विशेष कार्यक्रमका लागि अनुदान प्रदान गरी सो कार्यान्वयन गर्न प्रक्रिया निर्धारण गरेकोमा नगरपालिकाले सोही प्रक्रिया बमोजिम सो कार्यक्रम कार्यान्वयन गर्ने गरि योजना तयार गरिएको छ । नगरपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसंगको संयुक्त लगानी वा सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ । नगरपालिकाले संघीय र प्रदेशस्तरको आयोजना कार्यान्वयनमा समन्वय,सहजीकरण र सहयोग गर्नु पर्नेछ । नगरपालिकाले स्थानीयस्तरका विकास आयोजनाको आवस्यक अध्ययन,अनुसन्धान तथा प्रभाव मूल्याङ्कनको कार्य गर्न सक्नेछ ।

## १.१.२. नगरपालिकाले योजना तर्जुमा गर्ने आधार :

नारायण नगरपालिकाले आवधिक योजना तयार गर्नुपर्ने आधार निम्न अनुसार रहेका छन् ।

- नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था भएका एकल अधिकारका क्षेत्र ।
- नेपालको संविधानमा रहेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र स्थानीय तहको अधिकार ।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको कार्यक्षेत्रले निर्धारण गरेका क्षेत्र ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा रहेको आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा समेटिनु पर्ने अन्तर सम्बन्धित विषय र प्राथमिकता दिनुपर्ने विषयहरु ।
- अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ मा रहेको राजस्व बाँडफाँट ,
- संघीय विभाज्य कोष, प्राकृतिक स्रोतबाट प्राप्तहुने रोयल्टीको बाँडफाँट, वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, वैदेशिक सहायता तथा आन्तरिक ऋण सम्बन्धी प्रावधानहरु ।

- संघीय तथा प्रदेशिक योजनाहरुः संघीय तथा प्रदेश सरकारवाट जारी योजनाको प्रदेश तथा स्थानीय तहहरू बीच अन्तर सम्बन्धका आधारमा पूर्वाधारहरूको विकास गरी आर्थिक तथा सामाजिक अवसरहरूमा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य हाँसिल गर्ने बिषयहरु ।
- दिगो विकास  लक्ष्य सम्बन्धमा स्थानीय तहले तय गर्नुपर्ने समपुरक तथा परिपुरकको भूमिका निर्वाह गर्न ।
- प्रदेश सरकारले तय गरेका विकास लक्ष्य हाँसिल गर्न समपुरक र परिपुरकको भुमिका निर्बाह गर्न ।
- राष्ट्रिय भूउपयोग नीति २०६९
- दिगो विकासका लक्ष्य वि.स. २०७२–२०८७
- संघीय सरकारले जारी गरेका विकास सहायता नीति
- नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा व्याक्त भएका प्रतिवद्धताहरु
- संघीय तथा प्रदेश सरकारले निर्माण गरेका अन्य मानकहरु
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , २०७५
- स्थानीयतहमा आवधिक विकास योजना तर्जुमा कार्यपत्र २०७५ ,
- कर्णाली प्रदेश प्रदेश नीति तथा योजना आयोग कर्णाली प्रदेश सुर्खेत ।
  स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ (श्रोतः स्थानीय तहमा आवधिक विकास योजना तर्जुमा कार्यपत्र २०७५ ,कर्णाली पदेश नीति तथा योजना आयोग कर्णाली प्रदेश सुर्खेत) यसै अनुसार माथि लेखिएका आधारमा यस नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

## १.१.३. आवधिक विकास योजना तयार गर्नुको औचित्य :

नारायण नगरपालिकाका जनताको जीवनस्तर सुधार गर्नु आवश्यक छ । भौगोलिक रुपले पछि परेका तथा सास्कृतिक रुपमा पछि पारिएका गरीव, जनजाति, दलित, महिला, वृद्ध तथा वालबालिकालाई शिक्षा, स्वास्थ्य, पूर्वाधार सेवाको पहुँच भित्र ल्याउनु आवश्यक छ । यी कार्य प्राप्तिका लागि नगरपालिकाको दीर्घकालीन योजना, नीति तथा कार्यक्रमहरुले ठूलो भूमिका खेलेको हुन्छ । विकास योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कनमा प्रभावकारिता ल्याउन, नगरपालिकाको क्षमता बढाउन र दिइने सेवाबाट बञ्चितमा रहेका वर्गसम्म सेवा विस्तार गर्न यस योजनाले ठूलो भूमिका खेलेको हुनेछ । जनतालाई भोक, रोग र गरीवीबाट जोगाउनु छ । आजको आवश्यकता निरोगी, सक्षम, सक्रिय जनशक्तिको विकास गर्नु हो । पूर्वाधार निर्माण गर्ने, प्रसस्त आम्दानी गर्ने, सवैलाई रोजगार, शिक्षाको अवसर प्राप्ति, मातृ, शिशु मृत्युदर तथा बाल मृत्युदर घटाउने, सर्ने तथा नसर्ने रोगबाट जोगाउने, आयू वढाउने, सानो परिवार सुखी परिवार निर्माण गरी सुखी र समृद्ध नागरिक हुने अवस्था सृजना गर्नु परेको छ । यस योजनाबाट सिमित स्रोत साधनलाई समुचित प्रयोग गरी देखिएका खाडलको पूर्ति गरी नगरपालिकाको विकासको फड्को मार्न ठूलो योगदान हुने छ ।

## १.१.४. आवधिक योजनाको उद्देश्य

**क**) स्थानीय सरकार संचालन ऐन, २०७४ तथा स्थानीय तहको व्यवस्थित काम, कर्तव्य र अधिकारलाई निर्देशित गर्न आवधिक विकास योजना तर्जुमा गर्नुपर्ने दायित्व पूरा गर्ने ।

ख) बदलिंदो राजनैतिक परिवेश र समावेशी विकासको मागलाई नौलो तरिकाले सम्बोधन गर्ने नीतिहरु अवलम्वन गर्ने ।

ग) नगरपालिकाको दीर्घकालीन सोचअनुरुप विकास लक्ष्य प्राप्तगर्न दीर्घकालीन सोच अनुरुप योजनाको तर्जुमा गर्ने, ।

घ) विकासको उद्देश्य लिएको आबधिक योजना अर्न्तगत आर्थिक, सामाजीक, भौतिक पूर्वाधार, वन तथा वातावरण व्यवस्थापन र संस्थागत विकास जस्ता विषयगत क्षेत्रहरु र तदनुरुप लक्ष्य, उद्देश्य, प्रतिफल, रणनीति, कार्यक्रमहरु, बजेट निर्धारण तथा सहभागितामुलक योजना तथा लगानी कार्यक्रम तर्जुमा गर्ने ।

## १.१.५. आवधिक योजनाको कार्य परिधि

माथि उल्लेखित उद्देश्यहरुले आवधिक योजनाको प्रमुख पक्षहरुलाई निम्न कार्य परिधिद्वारा उजागर गरिएको छ :

- नारायण नगरपालिकाको वस्तुस्थिति विवरण अद्यावधिक एवं तयारी गरि आवधिक नगरपालिकाको योजना आ.ब.२०८०/०८१ देखि २०८४/०८५ सम्म) तर्जुमाका लागी तथ्याकिंय आधार तय गर्ने ।

- दीर्घकालीन सोचका साथै स्रोत सम्भावना र विकासलाई निर्देशित गर्न सक्ने अग्रणी क्षेत्रको पहिचान, र अन्तर्निहित अवसर, समस्या तथा चुनौतिको पहिचान तथा विश्लेषण गर्ने ।

क) दीर्घकालीन विकास योजनाको तर्जुमा गर्दा भविष्यको भौतिक स्वरुप, भू-उपयोग, वजार क्षेत्रहरुको बिस्तार र वातावरणीय संवेदनशील क्षेत्रहरु, भौतिक पूर्वाधारहरु समावेश, ।

ख) तर्कबद्ध प्रणाली (Logical Framework Technique) विधि अपनाई विषयगत लक्ष्य, उद्देश्य प्रतिफल, सूचकहरु, पुस्टँयाईका आधारहरु, जोखिम पक्षहरु, कार्यक्रमको पहिचान, ।

ग) योजना कार्यान्वयन, अनुगमन मूल्यांकनका पक्षहरुको उल्लेख ।

घ) नगरपालिकाको भौगोलिक, आर्थिक, सामाजिक विकाससंग सम्बन्धीत विषयगत मध्यमकालीन योजना, कार्ययोजना र रणनीतिक योजनाहरु (पर्यटन, प्राकृतिक प्रकोप व्यवस्थापन, वालमैत्री योजना, अपांगता, एच आइ भि एड्स आदि) लाई आबद्ध गर्दै लैजाने ।

ङ) विगतमा सफलतापूर्वक सम्पन्न गरिएका उत्कृष्ट प्रयोगहरु लाई समावेश गर्ने ।

च) आय श्रोतको वास्तविक धरातललाई दृष्टिगोचर गरी लगानी योजना प्रस्ताव गर्ने ।

## १.१.६. योजना तर्जुमा प्रक्रिया र विधि :

१) आवधिक योजना तयारीका लागि निर्देश समिति,सहयोग समिति र विषयगत उप-समितिहरुको गठन, राजनैतिक दल, सरकारी गैर सरकारी संघसंस्था, समितिहरु, नागरिक समाज, बुद्धिजीवीहरु, समाजसेवीहरु सहभागी गराई सहभाभितात्मक रुपमा २०८० बैशाख १० गते पूर्वकार्यशाला गरिएको थियो ।

२) योजना तर्जुमाको लागि सबै वडागत रुपमा सुझाव संङ्कलन र समीक्षाबाट प्राप्त सारहरुको आधारमा नवीन सम्भावना र अवसरहरुको खोज गरी समस्याहरुका साथ उद्देश्यहरुको निर्माण गरी अघि बढेको थियो ।

३) तर्कवद्ध प्रणालीमा आधारित विषयगत विकास योजना तथा लगानी कार्यक्रम तर्जुमा ।

- यी विधिको अभ्यास गरिदा निम्न कदमहरुको अवलम्वन गरिएको थियो,

- कार्य विवरणमा उल्लेख भएका विभिन्न विषयगत क्षेत्रहरु नगरपालिकाको वर्तमान वस्तुस्थितिहरुको अबलोकन तथा समीक्षा परिवेशको आधारमा सापेक्षिक मूल समस्या, सवालहरु तथा चुनौती र अवसरहरुको पहिचान गरियो ।
- वस्तुस्थिति र समस्या/सवालहरुको आधारमा लक्ष्य, उद्देश्य तथा प्रतिफलहरु/कार्य नीतिको प्रतिपादन गरी विभिन्न विषयगत योजनाहरु तथा दीर्घकालीन भौतिक एवं सामाजिक विकास योजनाको तर्जुमा र कार्यक्रमहरुको प्रस्तावना ।
- प्राविधिक, आर्थिक र संस्थागत पक्षलाई दृष्टिगत गरी योजनाहरु कार्यान्वयनको लागि वित्तीय विश्लेषण र लगानी योजना ।

१. अध्ययनको सिलसिलामा बिभिन्न पुस्तक, लेख, अनुसन्धानात्मक कृतिहरु, तत्कालिन नगरपालिकाका वार्षिक प्रतिवेदन, वार्षिक कार्यक्रम, आवधिक योजना तर्जुमाको राष्ट्रिय अवधारणा, योजना मापदण्ड, भौतिक विकास योजना प्रतिवेदन आदीको संङ्कलन तथा अध्ययन गरिएको थियो ।

२. नगरपालिकाका समीक्षा कार्यशाला गोष्ठीबाट निर्देशन भएका समिति गठन, विषयगत उपसमितिहरु (आर्थिक विकास, सामाजिक विकास, भौतिक तथा पुर्वाधार विकास , वन वातावरण, तथा संस्थागत विकास ) गठन गरिएको थियो ।

३. दीर्घकालीन सोचका (Long Term Vision) बारे नगर कार्यपालिकाको सबै तहमा छलफल भई नगरपालिकाले लिएको सोच आशातित उपलब्धि हासिल गर्न केहि कठिनाई भएको अवस्थामा र समयको परिवर्तनसंगै विकासका नयाँ सिद्धान्त, संभावना र समस्याहरुलाई समेत सम्वोधन गर्ने उद्देश्यले दीर्घकालीन सोंचको तर्जुमा गरि अगाडी बढ्ने सहमति भएको छ ।

४. विषयगत तथ्याङक संङ्कलन गर्न विशेषज्ञ टोलीले विभिन्न सरकारी, अर्धसरकारी, सामाजिक संस्थाहरु, र अन्य निकायहरुका प्रतिनिधिहरुसंग छलफल गरी सामाजिक, आर्थिक, सांस्कृतिक एवं पूर्वाधार सम्वन्धी प्राप्त विविध सूचना/तथ्याङ्कको विश्लेषणका आधारमा नगरपालिकाको वस्तुगत विवरण (Municipality Profile) परिमार्जन र अद्यावधिक गरिएको छ ।

५. विभिन्न राजनैतिक दल, विषयगत शाखा कार्यालय, गैसस,सामुदायिक विकास संस्थाहरु, नागरिक समाज, अगुवा व्यक्तित्व, यूवा, महिला, वालवालिका, लक्षित वर्गहरु, समाजसेवीहरु तथा नगरपालिकाका विभिन्न क्लस्टरहरुमा (वडाहरु) समेत अर्न्तकृया गरि सवै सरोकारवालाहरुको सहभागितामा विकासका अवसरहरु तथा समस्याहरुको पहिचान, प्राथमिकिकरण तथा सुझावहरु सङ्कलन गरिएको छ ।

६. तर्कबद्ध प्रणालीमा आधारित विषयगत क्षेत्रका विकास योजनाहरु तथा बहुक्षेत्रगत लगानी कार्यक्रम मस्यौदा सम्बन्धित उप-समितिहरु र निर्देशन समितिमा प्रस्तुतिकरण तथा सुझावहरु संङ्कलन गरिएको छ ।

७. सहभागितात्मक कार्यशाला गोष्ठीमा आवधिक योजनाको मस्यौदा प्रस्तुतिकरण र सुझाव संङ्कलन र आवधिक योजनाको अन्तिम मस्यौदा तयारी गरिएको छ ।

## १.१.७. योजना तर्जुमाका चरण

आवधिक योजनाको निर्माण नभएको कारणले समिक्षाको आधार वार्षिक योजनालाई उदारणको रुपमा लिने काम गरियो । गोष्ठिवाट प्राप्त भएका सुझाव तथा अर्न्तक्रियाहरुलाई समेटी आवधिक योजनाको आधार वर्ष (२०८०/०८१

र लक्षित वर्ष आ.ब. २०८४/०८५) को दीर्घकालीन सोंचको निर्माण सम्वन्धि नगरपालिकाको कार्यशाला गोष्ठिमा प्रस्तुत गरि सोको अन्तिम प्रतिवेदन तयार गरिएको थियो । आवधिक योजना तर्जुमाका लागि तथ्याङ्कीय मुल आधार नगरपालिकाको वस्तुगत विवरण र विषयगत शाखाले उपलब्ध गराएको विवरणलाइ नै लिईएको छ ।

### १.१.८. सिमाहरु

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्देशन र नगरकार्यपालिकाको निर्णयानुसार प्रस्तुत आवधिक योजना आगामी ५ वर्षका लागी तर्जुमा गरिएको छ । जस अनुसार योजनाको आधार वर्ष आ.व. (२०८०/०८१ र लक्षित वर्ष आ.व २०८४/०८५ लाई निर्धारण गरिएको छ । तथापी, योजना तर्जुमाका सिलसिलामा आश्यक पर्ने द्वितिय स्रोतका तथ्याङ्कहरु अधिकांश विषयगत निकायहसंग हालको अवस्थाका नरहेको हुँदा, कतिपय अवस्थामा विगत वर्षका तथ्याङकहरुलाई क्रमागत रुपमा अगाडी वढाई सोको आधारमा आ.व. (२०८०/०८१ लाई आधार वर्षको रुपमा तय गरिएको छ । भविष्यमा प्राप्त हुने नयाँ तथ्याङकहरुले मद्यावधि मूल्याङ्कनलाई सहयोग पुचाउने छन् । योजना तर्जुमा गर्दा नगरपालिका र अन्य कार्यालयहरुवाट प्राप्त भएका प्रतिवेदनहरुलाई मुख्य आधार बनाइएको छ ।

नारायण नगरपालिकाको क्षेत्रफल ११०.६३ वर्ग कि.मि. छ । जनसंख्याको वृद्धि स्थिति विश्लेषण गर्दा राष्ट्रिय जनगणना २०६८ को जनगणना अनुसार नारायण नगरपालिकाको परिवार संख्या ५१८९ थियो यो २०७८ मा आउदा ६५०४ भएको छ तर जनसंख्या २७०३७ नगरपालिकाको नगरपार्शवचित्र २०७५ अनुसार परिवार संख्या ५७९१ भयो जनसंख्या २९५४४ पुगेको थिया । राष्ट्रिय जनगणनाको घरधुरी सर्वेक्षण २०७८ अनुसार जनसंख्या महिला १३९०६ जना पुरुष १२२०५ जम्मा २६१११ हुन गएको छ । औषत परिवारको आकार ४.०१ रहेको छ भने लैङ्गिक अनुपात ८७.७७ रहन गएको देखिन्छ । नगरपालिका दैलेखको जनसंख्या श्रृणात्मक भएको छ अथवा जनसंख्या वृद्धिदर श्रृणात्मक छ ।

## १.२.योजना तर्जुमाको तयारीहरु

**१.योजना तर्जुमा पद्धतिको छनौट :** नारायण नगरपालिका दैलेखको आवधिक योजना तर्जुमा गर्नु भन्दा पूर्व केहि प्रकृयागत तयारी गरिएको थियो । नगरपालिकाले आवधिक योजना तर्जुमा गर्न सैद्धान्तिक सहमति पश्चात नगरपालिकाको कार्यपालिमा सरोकारवालाहरु समक्ष समय समयमा प्रस्तुत गरी प्राप्त भएको सुझाव समावेश गरी नगरपालिकाको वस्तुगत विवरणको प्रतिवेदन तयार गरियो । यसमा सामुहिक छलफल, प्रस्तुतीकरण, द्धितिय स्रोतको समेत प्रयोग गरिएको थियो । त्यसपछि आवधिक विकास योजना तर्जुमा गर्नको लागि परामर्शदाताको रुपमा सक्रिय परामर्श सेवा प्रा.लि. आर्थिक ऐन नियमानुसार छनोट भयो । छनोट पछि माथि १.१.५ मा उल्लेख गरिएको विधि प्रकृया अपनाइएको थियो । यो आवधिक योजना तर्जुमा गर्दा बिषय विज्ञ सम्मिलित सहभागितात्मक मिश्रीत पद्धति अपनाइएको थियो ।

**२. निर्देशक समिति निर्माण :** आवधिक योजना निर्माणमा निर्देशन दिनको लागि तलका सदस्य रहेको समिति निर्माण गरियो ।

- नगरपालिका प्रमुख — संयोजक
- नगरपालिका उपप्रमुख — सदस्य
- संयोजक,पुर्वाधार विकास समिति — सदस्य
- संयोजक, आर्थिक विकास समिति — सदस्य
- संयोजक,सामाजिक विकास समिति — सदस्य

- प्रमुख प्रशासकीय अधिकृत सदस्य
- पूर्वाधार विकास शाखा प्रमुख सदस्य सचिव

**३. सहजीकरण समिति निर्माण :** योजना तर्जुमामा सहजता ल्याउनको लागि तलका सदस्य रहेको सहजीकरण समिति निर्माण गरिएको थियो ।

- प्रमख प्रशासकीय अधिकृत संयोजक
- योजना शाखा प्रमुख सदस्य
- सामाजिक विकास शाखा प्रमुख सदस्य
- आर्थिक विकास शाखा प्रमख सदस्य
- पूर्वाधार विकास शाखा प्रमख सदस्य सचिव

**४. बिषय क्षेत्रगत योजना तर्जुमा समिति :** नारायण नगरपालिको आवधिक योजना तर्जुमा गर्दा विषय क्षेत्रगत रुपमा छलफल गर्ने प्रयोजनका लागि निम्न ५ वटा समितिहरु विषय तथा कार्यक्रमको प्रस्तावलाई विषयगतरूपमा छलफल गर्ने व्यवस्था मिलाउन गठन गरिएका समितिहरुलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा ६७ अनुसार काम गर्ने जिम्मेवारी दिएको थियो ।

१.आर्थिक विकास समिति
२.सामाजिक विकास समिति
३.भौतिक पूर्वाधार विकास समिति
४.वातावरण तथा विपद् व्यबस्थापन समिति
५. संस्थागत विकास तथा सेवा प्रवाह समिति

## १.३ नारायण नगरपालिको संक्षेपमा वस्तुस्थिति विवरण

### १.३.१. नगरपालिकाको नामाकरण

नारायण नगरपालिका २०५३ सालमा निर्माण भएको हो । संघीय संरचना अनुसार नारायण नगरपालिका,भवानी, विन्द्यावासिनी गाउँपालिका र खरीगैरा गाउँपालिकाको वार्ड नं.८ र ९ लाई समावेश गरेर यो नगरपालिकाको भौगोलिक संरचना तयार भएको हो । यस नगरपालिकाको वडा न. १ मा अबस्थित प्रसिद्ध नारायण मन्दीरको नामबाट यो नगरपालिकाको नामाकरण गरिएको हो । नगरपालिकाका ११ वटै वडासँग मन्दीरको सम्बन्ध गाँसिएकोले यसको नामाकरण नारायण नगरपालिका रहन गएको हो । यो स्थानीय सबैको पहिचान र सरोकारसंग जोडिएको नाम भएकोले निर्बिकल्प नामाकरण गरिएको स्थानीयहरुको भनाई छ ।

### १.३.२. नगरपालिकाको सिमाना र संक्षिप्त परिचय :

पूर्वमा भगवतीमाई गाउँपालिका,पश्चिममा दुल्लु नगरपालिका, दक्षिणमा डुंगेश्वर गाउँपालिका र उत्तरमा महावु र नौमुले गाउँपालिकाले घेरेको यस नगरपालिकाका बहुसंख्यक मानिसहरु कृषि क्षेत्रमा नै निर्भररहेका छन । दैलेख जिल्लाको सदरमुकाम समेत रहेको यस नगरपालिकामा नारायण मन्दिर,कोटिला, कोतगढी,वेलासपुर मन्दिर,पञ्चदेवल कृतिदेवल,वागमानी,राइली त्रिपानी जस्ता पर्यटकीय स्थलहरुसमेत रहेका छन भने सावँरको छालाको लागि नेपालकै प्रसिद्धठाँउको रुपमा दैलेख जिल्ला चिनिने भएकोले सावँरको छाला उत्पादन पनि यसै नारायण नगरपालिका अन्तर्गत पर्नेगर्दछ । ब्राम्हण, क्षेत्री, ठकुरी,गुरुङ्ग,मगर नेवार ,दमाई,सार्की,विश्वकर्मा आदिजस्ता जातजातीहरुको बसाई रहेको यस नगरपालिकामा बहुसंख्यक मानिसहरु नेपाली भाषा नै प्रयोग गर्दछन ।

**तालिका नं. १ : नगरपालिकाको सिमाना र संक्षिप्त परिचय**

| क्र.स. | शिर्षक | विवरण |
|---|---|---|
| ०१. | पुर्व | पूर्वमा भगवतीमाई गाउँपालिका |
| ०२. | पश्चिम | पश्चिममा दुल्लु नगरपालिका, |
| ०३. | उत्तर | उत्तरमा महावु र नौमुले गाउँपालिकाले |
| ०४. | दक्षिण | दक्षिणमा डुंगेश्वर गाउँपालिका |
| ०५. | क्षेत्रफल | ११०.६३ वर्ग कि.मि. |
| ०६. | घरधुरी संख्या | ६५०४ |
| ०७. | जनसंख्याः | २६१११ जनगणना २०७८ अनुसार |
| ०८. | नगरपालिकाको केन्द्र | वडा नम्बर १ को नयाँबजार दैलेख |
| ०९. | वडा संख्या | ११ वटा |
| १०. | हावापानी | शीतोष्ण र समशितोष्ण |
| ११. | समुद्र सतह न्यनतम र अधिकतम उचाई | न्यूनतम ८२० चुप्रा र १६८० मि.ओखरबास अधिकतम |
| १२. | देशान्तर : | ८१° ४२’ ३९’३४ पूर्व देखि ………… पूर्व सम्म फैलिएको छ |
| १३. | अक्षांश | २८° ५०’ ३२’०९’ उत्तर देखि ………………… उत्तर सम्म |
| १४. | न्युनतम र अधिकतम तापक्रम | ५° देखि ३४° डिग्री सेल्सीयस |
| १५. | प्रमुख मातृ भाषा | नेपाली |
| १६ | मुख्य आम्दानीको स्रोत | कृषि , पर्यटन र वैदेशिक रोजगार |
| १७. | साक्षरता प्रतिशत | ८०.३१ प्रतिशत |
| १८. | महिला साक्षर | ७८.१७ प्रतिशत |
| १९. | पुरुष साक्षर | ८२.४६ प्रतिशत |
| २०. | औषत जनसंख्या बृद्धि दर | –०.३५ |
| २१. | क्याम्पस संख्या | ०१ |
| २२. | माध्यामिक विद्यालयको संख्या | ०९ |

| क्र.स. | शिर्षक | विवरण |
|---|---|---|
| २३. | आधारभूत विद्यालयको संख्या | ३२ |
| २४. | प्राविधिक शिक्षालय | ०४ |
| २५ | प्रति सयमा १८ देखि ५८ वर्ष भित्रको बेरोजगार दर : | १५.२५ जना (प्रति सय जनामा) |
| २६ | नगरपालिकामा कार्यरत गैसस | संख्या |

**१.३.३.नगरपालिकाको वडागत जनसंख्या र क्षेत्रफल :** नारायण नगरपालिकाको निर्माणमा तत्कालिन नारायण नगरपालिकाको १,२,३,तत्कालिन वडा नै १,२,३ वडा कायम भए भने वडा न.४ मा खरीगैरा गाविसको ८ र ९ वडा समाबेश गरेर वडा न. ४ बन्यो नारायण नगरपालिकाको ५,६,७,८,९ वडालाई यथावत राखियो भने भवानी (१–९) १० र विन्देबासिनी (१–९) ११ गरेर नगरपालिकामा ११ वडा कायम गरेको पाईन्छ। क्षेत्रफलको हिसावले वडा न.११ ठूलो छ २४.३४ वर्ग कि.मि. छ भने वडा न. ६ सवैभन्दा सानो ३.६३ वर्ग कि.मि. छ। जनसंख्याले ३७२५ वडा न. १ छ भने सबै भन्दा कम १६४७ वडा न. ८ रहेको छ। नगरपालिकाका ११ वडामा पुरुषको संख्या धेरै भएको वडा  पुरुष १८७२ महिला १८६३ छन्।

**तालिका नं. २ : नगरपालिकाको वडागत जनसंख्या र क्षेत्रफल**

| वडा | घरपरिवार | जनसंख्या | | | औषत परिवार | लैङ्गिक अनुपात | क्षेत्रफल |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | | |
| १ | १०१५ | ३७२५ | १८७२ | १८५३ | ३.६७ | १०१.०३ | ६.९८ |
| २ | ५०३ | २१७९ | १००६ | ११७३ | ४.३३ | ८५.७६ | ८.७९ |
| ३ | ४६५ | १८६६ | ८२६ | १०४० | ४.०१ | ७९.४२ | ६.५४ |
| ४ | ५४९ | २४०१ | १११७ | १२८४ | ४.३७ | ८६.९९ | १८.६९ |
| ५ | ४७२ | १८७२ | ८३३ | १०३९ | ३.९७ | ८०.१७ | ७.५१ |
| ६ | ८७६ | ३३३१ | १५७६ | १७५५ | ३.८० | ८९.८० | ३.६३ |
| ७ | ५८४ | २३०२ | १०७३ | १२२९ | ३.९४ | ८७.३१ | ७.६३ |
| ८ | ४५१ | १६४७ | ७६६ | ८८१ | ३.६५ | ८६.९५ | ४.५ |
| ९ | ५८७ | २१७८ | ९५४ | १२२४ | ३.७१ | ७७.९४ | ८.७५ |
| १० | ४११ | २०१८ | ९८४ | १०३४ | ४.९१ | ९५.१६ | १३.२७ |
| ११ | ५९१ | २५९२ | ११९८ | १३९४ | ४.३९ | ८५.९४ | २४.३४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| जम्मा | ६५०४ | २६१११ | १२२०५ | १३९०६ | ४.०१ | ८७.७७ | ११०.६३ |

**स्रोत : जनगणना २०७८**

**१.३.४.नगरपालिकाको हावापानी :** यस नगरपालिकाको औषत अकितम तापक्रम ३४० सेन्टीग्रेट र औषत न्यूनतम तापक्रम ५.० सेन्टीग्रेट रहेको छ र वार्षिक वर्षा करिव १७०० मिलिमिटर सम्म हुने गर्दछ । भौगोलिक अवस्थिति अनुसार नगरको जलवायु फरक फरक किसिमको पाईन्छ । औषत रुपमा यस नगरमा समशितोष्ण हावापानीको बाहुल्य रहेको छ । गृष्म र वर्षा ऋतुमा मनसूनी वर्षा हुने गर्दछ भने हिंउदमा कम पानी पर्दछ । यस नगरको वनक्षेत्रलाई हावापानीका आधारमा निम्न अनुसारको रुपमा वर्गीकरण गर्न सकिन्छ ।

**क) ठण्डा शितोष्ण हावापानी**

यस प्रकारको हावापानी समुद्र सतहदेखि २ हजार मिटरको उचाई भन्दामाथिको क्षेत्रमापाईन्छ । यि स्थानहरुको तापक्रम शुन्य देखि १८ डिग्री सेल्सियससम्म हुने गर्दछ । यि क्षेत्रमा हिउँदमा हिमपात हुने गर्दछ । यो पनि यो नगरपालिकामा पाउन सकिदैन ।

**ख) समशितोष्ण हावापानी**

समुद्र सतहबाट १ हजार १ सय मिटर देखि २ हजार मिटरको उचाईसम्मको क्षेत्रलाई समशितोष्ण हावापानी भएको क्षेत्र मानिन्छ । यस क्षेत्रको तापक्रम २ देखि २८ डिगी सेल्सियससम्म हुने गर्दछ । यस अर्न्तगत उत्तरको महाभारत लेकको माथिल्लो भागसम्मको क्षेत्र पर्दछ । यस क्षेत्रको हावापानी न धेरै जाडो न धेरै गर्मी हुन्छ । यस क्षेत्रमा हिउँदमा हिउँ पर्दछ तर तुषारो पर्दैन । हिउँदमा केहिदिन बाहेक प्रायःहावापानी सामान्य रहने र गृष्म ऋतुमा वर्षा हुने गर्दछ । औषतमा गृष्म ऋतुमा २ सय मिलिमिटरसम्म र वार्षिक रुपमा २ हजार मिलिमिटर वर्षा हुने गर्दछ । यस किसिमको हावापानी नगरपालिकाको धेरै क्षेत्रमा पाईन्छ ।

**ग) अर्धउष्णा हावापानी**

समुद्र सतहदेखि १ हजार मिटरसम्मको उचाईमा रहेको चुप्राबाट नजिकको क्षेत्रमा यस किमिसको हावापानी पाईन्छ । यस क्षेत्रको तापक्रम ५ देखि ३४ डिग्रि सेल्सियससम्म हुने गर्दछ ।

**१.३.५. शिक्षा सम्बन्धी अवस्थाको विश्लेषण :** यस नगरमा स्नातक सम्मको अध्ययन हुने नारायण क्याम्पस, नौ वटा माध्यामिक विद्यालयर ३२ वटा आधारभूत विद्यालय र ३७ वटा प्रारम्भिरक बाल विकास केन्द्रहरु रहेका छन । त्यसका साथसाथै १३ वटा निजि विद्यालय र ४ वटा प्राविधिक शिक्षालय संचालनमा रहेका छन् । साक्षरता ८०.३१ प्रतिशत रहेकोमा (महिला ७८.१७, पुरुप ८२.४६) मात्र रहेको छ ।

**१.३.६.भू-क्षेत्र वनावट र भूउपयोग :** नगरपालिकामा जम्मा ११०.६३ बर्ग कि.मि. भूमी मध्ये जंगल तथा वन क्षेत्र ४२.२८ प्रतिसत,कृषि क्षेत्र २६.५६ प्रतिसत आबस क्षेत्र २.७८ प्रतिशत, नदिनालाले र चट्टान समेतले ओगटेको क्षेत्र २.३६ प्रतिशत, सडकले ओगटेको क्षेत्र १.०७ अन्य २५ प्रतिसत भुमीको उपयोग भएको छ ।

## १.४. नगरपालिकाको विकासको समिक्षा

नारायण नगरपालिकाको विकासको लागि विगत वर्षहरुमा विभिन्न प्रयास भई विभिन्न क्षेत्रमा उपलव्धी हासिल गरिएको छ । २०४६ भन्दा अगाडि गाँउपञ्चायतको रुपमा, २०५३ साल देखि २०७३ साल सम्म नगर विकास समिति र २०७३ सालपछि पहिलाका वडाहरु कायम तथा थप गरेर वा मिलाएर ११ वडामा विभाजित भएको यो

नगरपालिकाको विकासको लागि विभिन्न प्रयास भएका छन् । तत्कालिन गा.वि.स.हरुको दिर्घकालिन योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको अवस्था देखिदैन । वि.स.२०७३ सालमा हालको नगरपालिका बनेदेखि २०७९ सम्म बार्षिक योजना संचालन गरेर नगरपालिकाको विकासमा योगदान पुगेको अवस्था देखिन्छ ।

**१.४.१ आर्थिक विकास :** नगरपालिकाको अर्थतन्त्रका प्रमुख आधार स्तम्भका रुपमा कृषि ,पर्यटन, पशुपालन र विप्रेषण नै रहेका छन् । नारायण नगरपालिकामा खेतीयोग्य जमिन २६.५६ प्रतिसत मात्र रहेको छ । यहाँ धान,मकै,कोदो,मुख्य वाली हुन्भने तरकारी, सुन्तला, अदुवा, आदि मुख्य नगदे वाली हुन् । यहाँ पशुपालन व्यवसाय पनि संचालनमा छ । दुध, अण्डा, मासु, माछा, मह पनि उत्पादन गरिएको छ । कृषि क्षेत्रको विकासको लागि विगतमा कृषि तथा पशु सेवा केन्द्रहरु स्थापना गरी किसानहरुलाई सेवा प्रदान गरिको छ । यस्तै गरी अन्य खाद्यान्न तथा नगदे वाली उत्पादन गरिएको थियो । कृषि उत्पादन गर्नको लागि नयाँ प्रविधि तथा मलविउ किसानहरुलाई उपलव्ध गराईएको थियो । कुखुरा पालन गर्नको लागि प्राविधिक सहयोग उपलव्ध गराईएको छ । कृषि उपज संङ्कलन तथा विकि गर्नको लागि संङ्कलन केन्द्रहरु स्थापना गरी सञ्चालन गरिएको छ ।

**तालिका न. ३ :** नगरपालिकाको कृषि पशुधन तथा सो बाट हुने उत्पादनको अवस्था सम्बन्धी विवरण

| क. सं. | किसिम | संख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| १ | पशुधन | स्थानीय | उन्नत | जम्मा | दूध लि. | मासु केजी | उन केजी |
| क | गाई गोरु | ७११७ | २५ | ७१४२ | २२१४ | – | – |
| ख | भैंसी राँगा | २९९२ | ० | २९९२ | ६७४५ | – | – |
| ग | बोका खसी वाखा | ११६०० | १६७ | ११७६७ | – | ८४०५४ | ५०३३ |
| घ | अन्य............. | १५३ | ० | १५३ | | | |
| २ | पंक्षी | स्थानीय | उन्नत | जम्मा | अण्डा सख्या | | मासु केजी |
| क | कुखुरा | ३००० | ८६२० | ११६२० | ९०००० | | ५८१०० |
| ख | हाँस | ८६० | ० | ८६० | २५८० | | ४३०० |
| ४ | अन्य | | | | | | |

**श्रोत : पशु तथा कृषि शाखाको तथ्याङ्क २०७८**

**तालिका न. ४ :** नगरपालिकाको कृषि तथा सो बाटहुने उत्पादनको अवस्था सम्बन्धी विवरण

| क.सं. | आयात निर्यात वस्तुहरुको नाम | निकासी हुने वार्षिक परिमाण( क्विन्टल) | जम्मा निकासी मूल्य |
|---|---|---|---|
| १ | कृषि तथा वनजन्य उत्पादनको निर्यात (खाद्यन्न तथा नगदे लगायत जडिबुटी....... | ५० | २०,००,०००। |
| २ | राडीपाखी | २५० पीस | ७,५०,००० |
| ३ | कृषि तथा वनजन्य उत्पादनको आयात (खाद्यन्न तथा नगदे बालि | २३,२१,००० | |
| ४ | औद्योगिक आयात ( निर्माण सामाग्री......) | १००० | २०,००० |

**श्रोत : पशु तथा कृषि शाखाको तथ्याङ्क २०७८**

नारायण नगरपालिकाका विभिन्न स्थानमा वजारको पूर्वाधार निर्माण गरी उद्योग, व्यपार तथा व्यवसाय सञ्चालन गर्ने वातावरण सृजना गरिएको छ । नारायण नगरपालिका ग्रामीण क्षेत्रमा अवस्थित रहेकोले वजार पूर्णरुपमा विकास हुनेकममा रहेका छन् । यहाँ थोक व्यापार नभएपनि खुद्रा व्यापार विभिन्न वजारवाट हुने गरेको छ । ग्रामीण पर्यटन मन्दिर नयाबजार लगायतको विकासवाट स्थानीय जनताको जीवनस्तर वढाउन ठूलो सहयोग पुगेको छ । यसको

सुदृढिकरण गर्न तथा नयाँ ठाउँहरुमा होमस्टे सञ्चालन गर्न पुर्वाधार निर्माण गरिएको छ । माबु जाने पर्यटक मार्ग, विभिन्न मन्दीर निर्माण लगायत पर्यटनको विकासको लागि लगानी गरिएको छ भने नगरपालिकाको कुल क्षेत्रफल जम्मा ११०.६३ वर्ग कि.मि.भूमी मध्ये २६.५६ प्रतिसत मात्र खेतीयोग्य छ भने बाँकी वन जङ्गल तथा खोला बगरले ढाकेको छ । वनको उपयोग तथा वातावरण संरक्षण गर्न विभिन्न प्रयास गरिएको छ । वस्तीहरुमा झाडी तथा जङ्गल वढ्नाले वादरको संख्या वढि देखिएकोले व्यवस्थापन गर्न कठिन परेको छ । यहाँ भिरालो तथा पहाडी जमिन भएकोले अधिकांश स्थानमा पहिरो जाने, दलदल भएर वग्ने तथा खोलाको किनार खोलाले वगाएर भू-क्षय हुने गरेको छ । नगरपालिकाका सबै वडामा सुन्ताला खेतीको विशेष सम्भावना छ ।

**१.४.२ सामाजिक विकास :** यस नगरपालिकामा शैक्षिक स्थिति सुधार गर्न विभिन्न प्रयास गरिएको छ । साक्षरता प्रतिशत ८०.३१ प्रतिशत पुऱ्याईएको छ । यहाको औषत आयु सरदर ६५ बर्ष रहन गएको छ । यहाँ ७८ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । विद्यालयतहमा कुल विद्यार्थी ५३४९ जना अध्ययनरत र २१६ जना शिक्षक शिक्षिका कार्यरत छन् । विद्यालयहरुमा आधुनिक कम्प्यूटर लगायतका सुविधा व्यवस्था गरी गुणस्तर शिक्षामा जोड दिइएको छ । नारायण नगरपालिकामा स्वास्थ्य स्थितिको विकास गर्न विभिन्न प्रयास गरिएको छ । यहाँ १५ शैयाको नगरपालिका स्तरीय सामुदायिक अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ भने सवै वडामा स्वास्थ्य चौकी, आ.स्वा.से. के., स्वास्थ्य चौकी,स्वास्थ्य संस्था संचालनमा छन् । यहाँका नागरिकको औषत आयु ६५ वर्ष भन्दामाथि रहेको छ । नगरपालिकामा खानेपानीको व्यवस्था सन्तोषजनक रहेको छ । कुल भौगोलिक दृष्टिकोणले नारायण नगरपालिका वरीपरी खोलाले घेरिएको र प्रशस्त मुहानहरु भएता पनि बजार क्षेत्रमा खानेपानीको समस्या रहेको छ । जम्मा ५१९८ घर धुरी ६२.६२ प्रतिशत पाईप, कुवाँ १६.५८ प्रतिशत, धारा १६.७८ प्रतिशत र अन्य ३.९८ प्रतिशत घरधुरीहरुले खानेपानी खादैआएको देखीन्छ । बजार क्षेत्रको खानेपानीको मागलाई खानेपानीले संचालनमा रहेको र छिट्टै नै खानेपानीको समस्या समाधान हुने छ । नारायण नगरपालिका धार्मिक तथा साँस्कृतिक स्थलमा धनि छ किनकी यो नगरपालिकाभित्र विभिन्न धार्मिक तथा साँस्कृतिक स्थलहरु रहेका छन् । भक्तजन र जनविश्वासका हिसावले हेर्दा यहाँ अवस्थित धार्मिक तथा साँस्कृतिक स्थलहरुको आआफ्नै महत्व रहेको देखिन्छ । नगरपालिकामा रङ्गशाला नभए पनि युवाहरु खेल्नको लागि विद्यालयमा र अन्यत्र सामान्य खेल मैदानहरु रहेका छन् । यी खेल मैदानमा भलिवल, फुटवल, एथलेटिक्स लगायतका खेल खेलिन्छन् ।

नगरपालिकामा रहेका सम्पर्ण समुदायको विकासको लागि विभिन्न प्रयत्न गरिएको छ । जेष्ठ नागरिक, अपाङ्ग, महिला,वालवालिका, एकल महिला, दलित, जनजाती तथा दुरदराजमा रहेका जनताको विकासको लागि विशेष कार्यक्रम सञ्चालन गरी श्रोत समेत व्यवस्था गरी उपलव्धीमा पहुँच वढाउन विभिन्न कार्यक्रम सञ्चालन गरेको छ । जसका कारण पहिलाको तुलनामा हालको अवस्था सकरात्मक हुदै गएको छ । भौतिक पूर्वाधारको दृष्टिकोणले हेर्दा नगरपालिकाका ११ ओटै वडाहरुमा सडक, बिजुली र टेलिफोनको सुविधा सामान्य रुपमा पुगेको छ ।

**१.४.३ पूर्वाधार विकास :** नारायण नगरपालिकाका ११ वटै वडामा कच्चि सडकको पहुच पुगेको छ भने नगरपालिकाको मुख्य भागमाकालोपत्रे १२ कि.मि., ग्राभेल २७ कि.मि. पि.सि.सि. १.५ कि.मि. र कच्ची सडक १४२ कि.मि निर्माण भईसकेको र कालोपत्रे ७२८ मिटर, ग्राभेल ७ कि.मि. र कच्चि धुले सडक ४२ किलोमिटर निमार्णाधिन अवस्थामा रहेको छ आगामी ५ वर्ष भित्र नगर चक्रपथ अनुमानित ३५ कि.मि. लम्वाई र ८ मिटर चाडाई निर्माण गर्ने लक्ष्य सहित शहरीकरण तर्फ उन्मुख यो नगरपालिकाको बजार क्षेत्रमा ठुला-ठुला व्यवसायिक भवनहरुनिर्माण भई रहेका छन् । नारायण नगरपालिकामा सडक सुविधा विस्तारको लागि विभिन्न प्रयास गरिएका छन् । नारायण नगरपालिकामा इलाका हुलाक कार्यालय, अतिरिक्त हुलाक कार्यालयवाट हुलाक सेवा सञ्चालन गरिएको छ । सञ्चार सम्पर्कको लागि सवै स्थानमा जस्तै मोवाइल प्रयोग अत्याधिक रहेको छ । यहाँका घरपरिवारले मोवाइल फोन प्रयोग गरेका छन् । वस्तीहरुमाा २८२ टेलिभिजन र ५९८ ले कम्प्यूट्र २१२५ ले इन्टरनेटको प्रयोग गरेका छन । यहाँका खोला नालाहरुवाट सिंचाई प्रयोग गरेका छन् । खेती योग्य जमिनमा सिंचाई सुविधा सवै ठाउँमा पुऱ्याउन सकिएको छैन । विद्युत प्रयोगको हिसावले हेर्दा ४८६५ घरमा विद्युत सेवा वितरण गरिएको छ । शैार्य उर्जा विधुतको विकल्पमा १४७७ घरमा प्रयोग भएको छ । वजार क्षेत्रको व्यवस्थित वजारीकरण गर्नका लागि नगरपालिकाले पूर्वाधार निर्माण

गरेको छ । ग्रामीण  क्षेत्रमा पनि वस्तिहरु एकीकृत गरी सेवा सुविधाहरु पुऱ्याउनु आजको आवश्यकता भएको छ । नगरपालिकाले विभिन्न सामुदायिक भवनहरु निर्माण गरिरहेको छ । भवन मापदण्ड तथा सडक मापदण्ड तय गरी कार्यान्वयनमा ल्याएको छ । यस नगरपालिकामा विपद् व्यवस्थापन गर्नको लागि विपद् व्यवस्थापन योजना र समिति गठन गरेको छ । विपद्को समयमा स्रोत परिचालन तथा वजेट व्यवस्थापनको लागि एउटा नगरपालिका विपद् कोषको स्थापना गर्ने व्यवस्था गरिएको छ । विपद्लाई व्यवस्थित रुपमा व्यवस्थापन गर्नको लागि नगरपालिकाले नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन स्वीकृत गरी लागू गरिएको छ । विपद्को समयमा आवश्यक सहयोग नगरपालिकावाट गरिएको छ ।

**१.४.४ संस्थागत विकास तथा सुशासन :** नारायण नगरपालिकाको स्थापना २०५३ सालमा भएको हो भने संघीय संरचना अनुसार तथा नेपालको संविधान २०७२ अनुसार स्थानीय सरकारको रुपमा यस नगरपालिकाको मिति २०७३  गते यस नगरपालिकाको स्थापना भएर दोस्रो कार्यकाल निर्वाचनद्धारा जनप्रतिनिधिहरु निवाचित भई कार्य अगाडि बढि रहेको छ । संविधानले दिएको एकल अधिकार तथा संयूक्त अधिकारहरुको प्रयोग भइ रहेको छ । यस नगरपालिकामा शिक्षा, स्वास्थ्य, पशु विकास, महिला विकास, सहकारी, इन्जिनियरिङ सम्वन्धित प्राविधिक, कानून लगायत कानूनले तोके अनुसारका जनशक्ति, वजेट र कार्यक्रम हस्तानान्तरण भई आएको छ र कानूनले निर्धारण गरे अनुसार संस्थागत, कानूनीगत तथा प्रकृयगत रुपमा कार्य अगाडि वढाइएको छ । नगरपालिकाले विभिन्न ऐन नियम तथा कार्यविधि पारित गरी कार्यान्वयनमा ल्याइएको छ । दीगो विकासका लागि शिक्षा, स्वास्थ्य र यातायात सबैभन्दा महत्वपुर्ण पुर्वाधार हुन । शारिरीक तथा मानसिक स्वास्थ्य मानव जीवनको लागि अति नै आवश्यक मानिन्छ । नारायण नगरपालिका दुर्गम क्षेत्रमा पर्ने भएकोले सुविधासम्पन्न अस्पताल स्थापना हुन सकिरहेको छैन । १५ शैयाको जिल्ला अस्पताल, एउटा प्राथामिक स्वस्थ्य केन्द्र,तीनवटा उप-स्वास्थ्य चौकी, एक वटा शहरी स्वास्थ्य केन्द्रले स्वास्थ्य क्षेत्रमा सेवा दिदै आईरहेका छन् भने उचित समयमा खोप पाएका बालबालिकाहरूमा रोगसँग लड्ने क्षमतामा अभिबृद्धि हुने गरेको छ भन्ने पनि विचारहरु अभिव्यक्त भएका छन् । तसर्थ खोपका कारण बालस्वास्थ्यमा सुधार आउने गर्दछ । खोप नदिएका बालबालिका विभिन्न प्रकारका प्रकोपको शिकार हुने भएकाले नेपाल सरकारले खोप सेवालाई निकै ठूलो महत्त्व दिने गरेको छ ।

# परिच्छेद : २
# नगरपालिकाको आवधिक विकास योजना

**२.१ पृष्ठभूमि :** नेपालको संविधान २०७२ को अनुसूची ८ मा व्यवस्था भएका नगरपालिकाले गर्ने एकल अधिकारका क्षेत्र भित्र पर्ने कार्यहरु, अनुसूचि ९ बमोजिम संघं, प्रदेश र स्थानीय तहका साझा अधिकारका सूची भित्र पर्ने कार्यहरु कार्यान्वयन गर्न योजनावद्ध विकास गर्न आवश्यक रहेको छ। सवै सरोकारवालाहरुको चाहना र विकास प्रतिका आशा तथा विश्वासहरु पुरा गर्न, गाँउ वस्ती तथा वजारमा रहेका जनताको आर्थिक, सामाजिक, राजनैतिक, साँस्कृतिक लगायत सवै क्षेत्रमा विकास गरी नारायण नगरवासीको स्तर माथि उठाई जनता सुसंस्कृत, सुखी, खुसी भई समृद्धि हाँसिल गर्नु परेको छ। नगरपालिकामा सम्पुर्ण जनप्रतिनीधिहरु, विभन्न क्षेत्रका जानकारहरु तथा सरोकारवालाहरुको उपस्थितिमा गरिएको गोष्ठीको निष्कर्ष, ११ वटै वडाहरुमा गई वडागत रुपमा गरिएका छलफलवाट प्राप्त सुझाव र यस भन्दा अगाडि सम्वन्धित नगरपालिकाले तय गरेको वार्षिक योजनाका विषयगत रणनीतिक कार्य पुरा गर्न, प्रदेश तथा संघवाट लिएका उद्धेश्य तथा लक्ष्य हासिल गर्न तथा दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गरी पुरा गर्नको लागि संघीय संरचना अनुसार नारायण नगरपालिकाको प्रथम आवधिक (२०८०/०८१– २०८४/०८५ योजना तर्जुमा गरिएको छ।

## २.२ चुनौती तथा अवसरहरु

### २.२.१ नारायण नगरपालिकाका सवल पक्ष र दुर्वल पक्षहरु

**तालिका नं ५: नारायण नगरपालिकाका सवल पक्ष र दुर्वल पक्षहरु**

| सवल पक्ष | दुर्वल पक्ष |
|---|---|
| ११०.६३ वर्ग कि.मि. जमिन मध्ये वनजंगल र घाँसले ढाकेको क्षेत्रको अनुपात धेरै पर्दछ। यो सवल पक्ष हो। | खेती गरिएको जमिन २६.४६ प्रतिशत आफैमा दुर्वल पक्षहो |
| १.मानव, आर्थिक र वस्तुगत श्रोत, क्षमतावान नेतृत्व, विषयगत दक्षता भएका कर्मचारी, शिक्षक, श्रोत व्यक्तिहरु प्रयाप्त।<br>२.संघिय सरकारको अनुदान, प्रदेश सरकारको कार्यक्रमगत सहयोग,<br>३.प्राकृतिक श्रोत नदी खोला वन जडिबुटी प्रयोगमा ल्याउने काम भएको छ।<br>४.नदी तथा खोलाको नदीजन्य पर्दाथको (ढुङ्गा, गिटी, वालुवा आदी) प्रयोगले आन्तरिक श्रोत बढाउन सकिने अवस्था छ।<br>५. वडागत रुपमा विकास योजनाको प्राथमिकिकरण गरेको अवस्था छ।<br>६. कार्यालय व्यवस्थापनमा व्यवस्थापकिय क्षमता, प्राविधिक दक्षता सिप भएको, प्रभावकारी सञ्चार सुविधा र विस्तारको सम्भावना रहेको ,<br>७.तीन तहका सरकार बीच अन्तर सम्वन्ध स्थापित छ।<br>८.साझेदारिमा कार्यक्रम सञ्चालन गर्न प्रदेश र संघिय सरकारसंग समझदारी कायम गर्न सक्ने।<br>९.वन जङ्गल र भिरपाखा विकासमा प्रयोग गर्न सकिने सम्भावना एक ठाउँमा छ भने अर्को तर्फ धार्मिक एवं पर्यटनको प्रसस्त सम्भावना | १.सबै शाखा र वडाहरुमा दक्ष जनशक्तिको अभाव।<br>२.आम्दानीको तुलनामा खर्च धेरै हुने गरेको अवस्था।<br>३.आय आर्जनको अवसरको कमी।<br>४.जनताको आर्थिक अवस्था कमजोर अवस्थामा रहेको छ।<br>५.बसाईसराइको दर ४४४ आउदा ८०७ बाहिरेको देखिन्छ।<br>६.स्वयम्को पहिचान तथा उपभोगमा आर्थिक कमजोरी तथा अनुभवको कमी।<br>७.प्राविधिक जनशक्तिको अभाव र प्रविधिको प्रयोगमा कमी<br>८.टोल विकास संस्था उपभोक्त समिति, |

| सवल पक्ष | दुर्वल पक्ष |
|---|---|
| न्ारपालिकाका सवल पक्षहरु हुन् ।<br><br>१०. गैर सरकारी संस्थासंगको सहकार्य र सहकारीहरुसंग मिलेर उद्यम विकास गर्ने सम्भावना रहेको छ ।<br><br>११. कृषि योग्य जमिन, अन्नवाली, फलफुल (आलु खेती,सुन्ताला खेती, सिस्नो, काउलो,जडीवुटी,मौरी,अलैची खेती अल्नो /लोक्ता आदिले विकासको संम्भाबना बोकेको छ ) | सामाजिक संघ संस्था तथा निजी संस्थासंग समन्वय र साझेदारीको कमी कार्यालय भवनको कमी ।<br>९.संविधान र स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार तयार गर्नु पर्ने सूचना र प्रविधिको कमी ।<br>१०.सबै वडामा सहज यातायात सेवाको असहजता ।<br>११.स्वास्थ्य सेवाको प्रभावकारीतामा कमी ।<br>१२.अवसर को सम्भाबना भएर पनि श्रोतको प्रयोग गर्न नसकिएको । |

**२.२.२ नारायण नगरपालिकाको अवसर र चुनौतीहरु :** नारायण नगरपालिकाको माथि उल्लेखित वर्तमान स्थितिका सूचकहरु विश्लेषण गर्दा तथा सञ्चालन गरिएको गोष्ठीवाट उल्लेख गरे अनुसार यस नगरपालिकामा देहाय अनुसारका अवसर र चुनौतीहरु रहेका छन् ।

**तालिका नं ६ अवसर र चुनौतीहरु**

| क्षेत्रहरु | अवसरहरु | चुनौतीहरु |
|---|---|---|
| मानविय श्रोत | १.आर्थिक रुपमा सक्रिय जनसंख्या वैदेशिक रोजगार फिर्ता ।<br>२.सेवा निवृत्त अनुभवि विज्ञ जनशक्ती ।<br>३.व्यवसायिक सिपको विकास ।<br>४.दक्ष जनशक्ति । | १.तिव्र वसाइ सराई भएको छ ।<br>२.कृषि र वनमा आधारित उद्यमी विकास गर्न<br>३.जनशक्तिको परिचालन<br>४. आम्दानीको तुलना बढि खर्च हुने अवस्था |
| सिप ज्ञान र विज्ञ क्षमता | १.जनशक्ति उपलव्ध भएको । | १.समय अनुसार सिपयूक्त जनशक्तिको विकास गर्न नसकिएको |
| समन्वय र साझेदारी | १.अन्तर समन्वय सम्वन्ध पिपिपि, नगरपालिका, आयोजना र गैसस | १.समन्वय तथा वार्ता तथा सहकार्य गर्ने क्षमता र आबस्यकता |
| व्यवस्थापन सूचना | १.भौगोलिक रुपमा सवै वडामा ईन्टरनेट जोड्ने अवसर ।<br>२.मौजुदा अवस्था सन्तोजनक | १.सवै वस्तीमा दिगोरुपमा सञ्चालन गर्न<br>२.टेलिफोन सेवा सवै वस्तीमा विस्तर गर्न |
| आर्थिक व्यवसायिक कृषि | १.सहकारी<br>२.पशुपालन (मासु,ऊन,दुध )<br>३.माछापालन<br>४.उद्यमी विकास<br>५.वनमौरी संरक्षण<br>६. अल्लो र लोकता<br>७. सिस्नुको पाउडर<br>८. काफल,ऐसेलु चुत्रो र गुयलो | १.नगरपालिको आवश्यकता अनुसार आार्थिक श्रोत व्यवस्थापन<br>२.पुँजी पलायन<br>३.आन्तरिक उत्पादन<br>४.आयमूलक कार्यमा लगानी<br>५.उत्पादनमुखी र आय आर्जनमुखी कार्यक्रम सञ्चालन |

| क्षेत्रहरु | अवसरहरु | चुनौतीहरु |
|---|---|---|
| पर्यटन | १.होमस्टे<br>२.धार्मिक तथा सांस्कृतिक<br>३.पर्यटकीय मन्दीरहरु<br>४.ग्रामीण आन्तरिक पर्यटन<br>५. गुफा तथा झरना | १.श्रोत व्यवस्थापन गर्न<br>२.संरक्षण तथा संवर्द्धन<br>३.मर्मत संभार गर्न<br>४.प्रचार प्रसार गर्न<br>५.पूर्वाधार निर्माण गर्न |
| सामाजिक पक्ष | १.धार्मिक सहिष्णुता<br>२.आपसी मेलमिलाप<br>३.सामाजिक एकता । | १.सामाजिक एवं व्यवहारिक शिक्षा लागु<br>२.सामाजिक एवं लैङ्गिक विभेद ।<br>३.युवा जनशक्ति पलायन रोक्न ।<br>४.सामाजिक अन्तराल नियन्त्रण गर्न |
| वन वातावरण | १.जैविक विविधता<br>२.प्रयाप्त जडिबुटी<br>३.पानीको श्रोत उपलव्धता । | १.जलवायु परिवर्तन अनुकुलन योजना तर्जुमा गर्न<br>२.दिगो कृषि एवं चक्लाबन्दी ।<br>३.वनमा आधारित उद्योग सञ्चालन गर्न<br>४.खेतवारीमा मलको व्यवस्थापन गर्न । |
| पूर्वाधार | १.राजमार्गसंग जोड्ने अवसर र<br><br>.वडा कार्यालय, विद्यालय भवन र स्वास्थ्य संस्थाका भवन | १.विभिन्न आमा समूहका भवन, सामुदायिक भवन<br>२.प्राकृतिक श्रोत साधनको उपलब्धता<br>३.कालो पत्रे र पक्कि गर्न श्रोतको व्यवस्थापन<br>४.नियमितरुपमा यातायात सञ्चालन गर्न<br>५.सामुदायिक भवनको निर्माण तथा सञ्चालन गर्न श्रोत प्राप्त गर्न<br>६.श्रमको वढी प्रयोग गरी डोजरको प्रयोग घटाउन<br>७.सवै वडा र वस्तीमा वाह्रैमास गाडी चलाउन<br>८. सवै वडा र वस्तीमा पूर्वाधारमा समानता ल्याउन । |

**२.२.३ नगरपालिकाको आवधिक योजनासंग सम्वन्धित सरोकारवाला विश्लेषण :** नारायण नगरपालिकामा आवधिक योजना कार्यान्वयन गर्दा सरोकार रहने संघ संस्था तथा निजी क्षेत्रहरुको ठूलो भूमिका रहेको हुन्छ । यी संस्थाहरुले आवधिक योजनाको लागि आवश्यक पर्ने श्रोत तथा साधनहरु सङ्कलन गर्न, प्रविधि भित्राउन र सहयोगी दातृ संस्थाहरु खोज्न सहयोग पुग्ने छ । गरीवी निवारणका कार्यक्रम, विद्यालय सुधार कार्यक्रम, खानेपानी तथा सरसफाई कार्यक्रम सञ्चालन गर्न सहयोग पुग्नेछ । आवधिक योजना कार्यान्वयन गर्न समेत सरोकारवलावाट धेरै सहयोग पुग्नेछ । नारायण नगरपालिकाको आवधिक योजना कार्यन्वयन, वजेट व्यवस्थापन, अनुगमन, सहयोगीदाता खोजी लगायतमा सहयोग गर्न तपसिल अनुसारका सरोकारवालाहरु रहेका छन् । यस नगरपालिकाका सरोकारवला संस्थाहरु टोल विकास संस्था, प्रगति,जनविकास, लगाएत गैर सरकारी संस्था, सामुदायिक वन महासंघ, महिला सञ्जालहरु, क्लब, विदेशमा रहेका नेपाली संस्थाहरु, प्रदेश सरकार, संघीय सरकार, दैलेख सम्पर्क मन्च स्वास्थ्य आमा समुह,कृषि समुह,विभिन्न युवा क्लब लगाएतका क्लवहरु लगायतको सरोकारमा आवधिक नगरपालिकाको योजना तयार भएको छ ।

**२.२.४ नगरपालिकाको विकासका समस्या र समाधानका उपयाहरु :** नारायण नगरपालिका विकासका लागि देखापरेका समस्याहरु, समस्याका कारणहरु तथा समस्या समाधानका लागि उपयाहरु नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरु, पूर्व पदाधिकारीहरु, राजनैतिक दलका प्रमुख एव प्रतिनिधिहरु कार्यालयका प्रमुखहरु, शिक्षक एवं वुद्धिजीविहरुको उपस्थितिमा विषयगत समुह विभाजन गरी यस सम्वन्धमा विश्लेषण गरिएको थियो । समुहहरुवाट प्रस्तुत गरिएका विकासका समस्या र समाधानका उपयाहरु निम्नअनुसार रहेका छन् ।

**तालिका नं ७ : समस्याहरु र समाधानका उपायहरु**

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| **१.आर्थिक क्षेत्र :** नारायण नगरपालिकाका अधिकांश जनताहरु कृषिमा आश्रित रहे पनि कृषि क्षेत्रमा केहि समस्याहरु देखिएका छन् । | | |
| **कृषि र पशुपालन** | –दिगो र व्यवस्थित सिचाइ प्रणाली नहुनु<br><br>–दक्ष जनशक्तिको कमी<br><br>–मल, विउको कमी<br><br>–माटो अनुसारको खेती सिफारिस नहुनु<br><br>–कृषि सहकारी नहुनु,विउ बैक वा कोल्डस्टोर नहुनु<br><br>–पाइप सिचाइ कार्यक्रम नहुनु<br><br>–उपयोगका विविधिकरण गर्न नसक्नु<br><br>–पशु कृषि विमा र सुरक्षा सामाग्री को व्यवस्था नहुनु र वजारको सुनिश्चितता नहुनु<br><br>–रसयनिक मल र विषादिको प्रयोग वढि हुनु<br><br>–हावा पानी र माटो सुहाउदो विउ उपलव्ध नहुनु<br><br>–सिंचाईको सुविधा प्रयाप्त नहुनु,<br><br>–उत्पादकत्व घटेर जानु वा कमि,<br><br>–कृषि श्रमिकको उपलव्धतामा कमि<br><br>–पशु नस्ल सुधारमा ज्ञानको कमि, | –कृषिको ज्ञान सीप र धारणामा सकारात्मक परिवर्तन ल्याउनु पर्ने<br><br>–जग्गाको चक्लावन्दी र सिंचाइ समुचित व्यावस्थापन<br><br>–कृषिमा सहकारीताको विकास, कृषिमा आधुनिकिकरण गर्नु पर्ने,<br><br>–माटोको परिक्षण गरि उचित वालिको छनोट गरी उत्पादन गर्नु पर्ने,<br><br>–तालिमको व्यवस्था, माटोको परिक्षण गरि उचित वालिको छनोट गरी उत्पादन गर्नु पर्ने देखिन्छ ।<br><br>–उन्नत नश्लका साँढे, राँगा, वोकाहरुको व्यवस्था<br><br>–समयमा संक्रामक रोग विरुद्ध खोप उपलव्ध गराउन र सामुहिक पशुपालनमा जोड, समयमा नै प्रविधिकवाट सल्लाह सुझाव लिने<br><br>–पशुजन्य पदार्थ वा पशु उत्पादन सामाग्री संङ्कलन केन्द्रको स्थापना,<br><br>–वैदेशिक पलायन रोकी कृषि श्रमिकलाई तालिम, व्यवसायिक तरिकावाट पशुपालन गरी उत्पादित वस्तुहरुलाई वजारको व्यवस्थापन गर्ने,<br><br>–सामुहिक खेतिको अवधारणा अनुसार सहकारिताको विकास गर्ने आदि । |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
| --- | --- | --- |
| | –संक्रामक रोगवाट पशु ग्रहसित हुनु,<br><br>–उन्नत प्रविधिवाट पशुपालन व्यवसाय सञ्चालन गर्न नसक्नु,<br><br>–पशुपालन व्यवसायमा विषय ज्ञानको कमि ,<br><br>–पशुपालन परम्परागत हुनु जस्ता समस्याहरु पशुपालन क्षेत्रमा देखिएका छन् । | |
| **पर्यटन** | – ऐतिहाँसिक महत्वको वारेमा जानकारी गराउन नसक्नु<br><br>–क्षेत्र निर्धारण र संरक्षण योजना नहुनु<br><br>–मोटर मार्ग सुधार नहुनु<br><br>–युवा युवतीहरु आधुनिकतामा रमाउनु<br><br>–स्वदेशी तथा विदेशी पर्यटकहरु उल्लेख्य मात्रमा आगमन नहनु,<br>–धार्मिक तथा साँकृतिक स्थानहरुको पहिचान नहनु,<br>–पर्यटकका लागि आवश्यक पूर्वाधार नहनु,<br>–प्रर्वधन संरक्षण र प्रचार प्रसारको कमि<br>– गुरुङ तथा मगर सँस्कृतिको प्रचार प्रसारमा कमि | –पर्यटकिय स्थल र स्थानको पहिचान गरी प्रचार प्रसार गर्ने<br>–संस्कृतिको जोगेर्ना, संवन्धित क्षेत्रको संरक्षण र प्रचार प्रसार गर्ने<br>–नमुना कृषि फर्म सञ्चालन गर्ने,<br>–संचार, यातायत, खानेपानी, सुत्ने कोठा लगायत सवै क्षेत्रमा राम्रो व्यवस्थापन गर्ने,<br>–पर्यटकिय स्थल र स्थानको पहिचान गरी प्रचार प्रशार गर्ने जस्ता कार्य गर्नु पर्ने देखिन्छ । |
| | –साना तथा घरेलु उघोगहरु विस्तपित हुनु<br><br>–वजार नजिक नहुनु<br><br>–अनुदान र सुलभ व्याजदरमा ऋण नपाउनु<br><br>–सबैमा वैकिङ्ग पहुँच नपुग्नु | –उद्यमशिलता विकास सम्बन्धी चेतानमुलक कि्रयाकलाप सञ्चालन गर्ने<br>–सहकारीको माध्यमवाट पूँजी संङ्कलन गर्ने,<br>–तालिमको व्यवस्था र उपयूक्त स्थानको छनोट गर्ने<br>–स्थानीय स्तरमा कच्चा पदार्थ उत्पादन र संङ्कलन गर्ने,<br>–वन तथा कृषिमा आधारित उद्योगहरुलाई जोड दिदै प्रोत्साहन गर्ने,<br>–लगानीकर्तालाई आकर्षण गर्ने,<br>–व्यावसायिक उत्पादनमा जोड दिने, |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| **उद्योग तथा बाणिज्य** | –सहकारी प्रति विश्वास कम हुनु ।<br>–उद्योगमा लगानी नहुनु,<br>–उद्योग क्षेत्रमा कच्चा पदार्थको अभाव,<br>–स्थानिय श्रोत साधन र उत्पादनको सदुपयोग नहुनु<br>–दक्ष जनशक्तिको अभाव र उपयूक्त स्थानको अभाव<br>–व्यावसायिक उत्पादन नहुनु, उद्यमीको कमि,–श्रोत तथा साधनको दुरुपयोग,<br>–ज्ञान र सिपको अभाव आदि | |
| **सहकारी र वित्तिय क्षेत्र** | –व्याज दर वढी र सेवामा विविधिकरण नहुनु | –स्थानीय कृषि सहकारीलाई अनुदान<br>–कम्प्युटर, प्रिन्टर र इन्टरनेट सेवा विस्तार |
| **२.सामाजिक क्षेत्र : शिक्षा र स्वास्थ्य क्षेत्रमा विभिन्न समस्याहरु रहेका छन् ।** | | |
| **शिक्षा** | –सबै दरवन्दी मिलान भै नसक्नु वा नहुनु<br>–भौतिक निर्माण थप योजना नपर्नु र सेवा विस्तार नहुनु<br>–निरक्षरको तथ्याङक संङ्कलन भएतापनि त्यसलाई समाधान गर्ने योजना नहुनु<br>–नियमित अनुगमन नहुनु<br>–आधारभुत तहमा जीवन उपयोगी शिक्षा नहुनु,<br>–माध्यमिक तहमा प्राविधिक र व्यावहारिक शिक्षाको कम ,<br>–सामुदायिक र संस्थागत विद्यालय बीच गुणस्तरमा फरक,<br>–भौगोलिक दूरी, अभिभावकमा चेतनाको कमि,<br>–सरोकार वलाको वेवास्ता<br>–शिक्षकहरुलाई पेशा प्रति आकृषित नहुनु, | –विषयगत शिक्षकको व्यवस्थापन र दरबन्दी मिलान<br>–प्राविधिक तथा व्यवसायिका शिक्षामा जोड,<br>–विद्यालय भौतिक पूर्वाधारमा जोड,<br>–शिक्षामा लगानी वढाउनु पर्ने,<br>–सम्भव भएमा २ आवशिय विद्यालयको व्यवस्था गर्ने,<br>–नगरपालिकाले चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने,<br>–शिक्षकहरुलाई उचित पुरस्कार र प्रोत्साहनको व्यवस्था गर्नु पर्ने,<br>–शिक्षकहरुको सेवा सुविधामा वृद्धि गर्ने,<br>–शिक्षक छनोटमा पारदर्शिता अपनाउनु पर्ने,<br>–आवश्यकता अनुसार विद्यालय आपसमा गाभ्ने आदि उपया अवलम्वन गर्नु पर्छ ।<br>–एक विद्यालय एक प्रविधिको विकास गर्नै वा विद्यालयमा फिवाइफाइको व्यबस्था गर्ने । |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| | –विद्यार्थी न्यून हुनु आदि समस्या देखिएका छ । <br>-नया प्रविधिसंग जोडिन नसक्नु | |
| **स्वास्थ्य सेवा** | –आवाशिय सेवा सहितको अस्पताल नहुनु <br><br>–विपन्न समुदायमा घरमा नै सुत्केरी गराउने संख्या वढी <br><br>–गर्भवती महिला र बालबालिकाको पोषण अवस्थामा कमी <br><br>–आर्युवेद र प्राकृतिक चिकित्साको पहुँच नहुनु <br><br>–गुणस्तरीय स्वास्थ्य सेवाको लागि कर्मचारी अपुग <br><br>–स्वास्थ्य सेवा पहुँच नपुग्नु | –चेतनामुलक कार्यक्रम सञ्चालन गर्नु पर्ने, –आधारभूत स्वास्थ्य सम्वन्धी पर्याप्त औषधि तथा उपकरण हरुको समयमा उपलव्ध हुनुपर्ने, <br>–नगरपालिका वडा–वडामा समान स्वास्थ्य सेवाको पहुच पुऱ्याउनु पर्ने, <br>–स्वास्थ्य शिक्षामा समय अनुकुल परिमार्जन गरी कार्यन्वयन, <br>–गरीवको रेखामुनी रहेका परिवारको पहिचान गरी नमुना पोषणयूक्त खाद्यान्नको व्यवस्था गर्ने, <br>–नगरपालिका स्तरको सुविधा सम्पन्न अस्पतालको स्थापना तथा सञ्चालन गर्नु पर्ने । |
| **युवा** | –लागुऔषध दुर्व्यसनी वढ्नु । <br><br>–रोजगारीको अभावमा युवाहरु विदेश पलायन हुनु । <br><br>–खेलकुद विकासको लागि खेलमैदानको अभाव <br><br>–नगरपालिका र वडाको युवा नीति नहुनु । <br><br>–स्थानीय तहमा युवा प्रतियोगिता कम हुनु | –सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने (सडक नाटक, तालिम, गोष्ठी, भ्रमण, प्रर्दशनी आदी), <br>–कानुन निर्माण र प्रभावकारी कार्यान्वयन, <br>–पछाडि परेका वर्गको लागि विशेष कार्यक्रम सञ्चालन । |
| **सामाजीक संस्था वा गैसस** | –नगरपालिका भित्र काम गर्ने गैरसरकारी संस्था र नगरपालिकाबीच समन्वयमा कमि, <br>–संस्थाहरुमो कामको वर्गिकरण नहुनु, <br>–संस्थाको काम अनुसारको मुल्याङ्कन नहुनु, <br>–संघ संस्था समुहको संस्थागत विकासमा कमी | –सवै क्षेत्र बीच समन्वय गरी कार्य गर्ने, <br>–कार्यमा दोहोरोपन हटाउने, <br>–आपसमा समझदारी वढाउने कार्य गर्ने । |
| | –खानेपानी व्यवस्थित खानेपानीको | –व्यवस्थित खानेपानीको व्यवस्था हुनु पर्छ, |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| **खानेपानी** | अभाव हुनु,<br>–शुद्ध खानेपानीको समस्या,मर्मत सम्भारको अभाव,<br>–अपानत्व नहुनु आदि । | –चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,<br>–पानीका श्रोतहरुको सरसफाईर संरक्षण गर्ने<br>–पिउनेपानी शुद्धिकरण गर्ने |
| **खानेपानी, ढल निकास र सरसफाई** | –१ घर १ धारा पानीको सुविधा सवै टोलमा वितरण नभएका<br>–सावुन पानीले हात धुनेवानीको विकास नहुनु<br>–संक्रमण वारे ज्ञान नहुनु<br>–फोहोर व्यवस्थापन नहुनु<br>–पानीको मुलमा वाढी पस्ने समस्या<br>–पुर्णसरसफाई उन्मुख वारे जानकारी नभएको<br>–जनतेचनाको कमी मुल संरक्षण र वृक्षरोपण नहुनु<br>–वस्ती विकास क्षेत्रमा सरसफाईमा ध्यान नपुग्नु<br>–ल्याण्डफिल्ड पहिचान स्थान नहुनु<br>–वस्तीमा सफा र स्वच्छ खानेपानी नपुग्नु सफा खानेपानी धारामा नपुग्नु<br>–मोटर मार्गमा आएको वाढी वस्तीमा पस्नु | –सवै टोलको पानी वितरण प्रणाली सर्वेक्षण गरि मर्मत संभार र सुधार विस्तार गर्ने<br>–एक घर एक धारा अभियान सम्पन्न गर्ने<br>–व्यवस्थित खानेपानीको व्यवस्था हुनु पर्छ,<br>–चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,<br>–पानीका श्रोतहरुको सरसफाईर संरक्षण गर्ने<br>–पिउनेपानी शुद्धिकरण गर्ने ।<br>–पानी सुरक्षा योजना संचालन गर्ने<br>–मोटरमार्गमा आउने भल व्यवस्थापन गर्ने<br>२. गाउँ तथा वजार भल नियन्त्रण गर्ने । |
| **दलित, आदिवासी, जनजाती, अल्पसंख्यक** | –सामाजिक, लैगिंक र जातीय विभेद हुनु<br>–लक्षित वर्गका लागि विशेष कार्यक्रम नहुनु ।<br>–दलित वा अति विपन्न वर्ग विकासको मुल धारवाट टाढा हुनु ।<br>–स्वास्थ्य ,शिक्षा र रोजगारीमा आरक्षणको व्यवस्था नहुनु | –सचेतनामुलक कार्यक्रम संचालन<br>–स्थानीय धामी झाँक्री, धर्म गुरुहरु, .<br>–दलित वस्ती आन्तरिक वाटो सुधार कार्यक्रम<br>–व्यवसायिक दलित र दलित जेष्ठ नागरिक सम्मान कार्यक्रम<br>–समावेशी नीति वनाउने<br>–आरान सुधार र सिलाई मेसिन वितरण कार्यक्रम<br>–दलित भ्रमण कार्यक्रम परम्परागत रीतिरिवाजलाई साथि |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| | –सबै वडा वाट विशेष नीति नवन्नु<br>–दलित विकास नहुनु र दलितको लागि छुट्टै लक्षित कार्यक्रम नहुनु | विकासको रुपमा ग्रहण गर्ने र गराउने । |
| **भाषा सँस्कृति** | —मातृभाषामा पठनपाठन नहुनु<br>–गुरुङ र मगर भाषाको लिपी र पाठ्यक्रम नहुनु<br>–साहित्यिक कार्यक्रम नहुनु ।<br>–साहित्यिक संघ वा प्रतिष्ठान नहुनु<br>–अंग्रेजी भाषामा मोह वढ्नु<br>–मातृभाषा लिपी र पाठ्यक्रम नहुनु | –आधारभूत तहमा मातृभाषाको पाठ्यक्रम लागु गर्ने<br>–गुरुङ र मगर लिपी प्रशिक्षण<br>–वार्षिक रुपमा गुरुङ र मगर साहित्यिक कार्यक्रम संचालन गर्ने<br>– भजन, कृष्ण चरित्र, सोरठी प्रतियोगिता गर्ने<br>–गुरुङ मगर मातृभाषा लिपी खोज अनुसन्धान गर्ने<br>–भाषा संस्कृति सम्वर्द्धन गर्न भुस्मेमा गुरुङ र मगर संग्राहलय निर्माण |
| **महिला तथा बालबालिका** | –महिला र बालबालिका मा कुपोषण वढी<br>–सामाजिक रीतिरिवाज वाधाक,<br>–बालमैत्री र महिला मैत्री सेवा प्रदायक संस्था नहुनु सेवा प्रवाहमा भेदभाव<br>–जन्म दर्तामा समस्या हुनु<br>–आमा वावु दुवै हराउनु<br>–बाल संरक्षण सम्वन्धि कार्यविधि नहुनु कार्यविधि वारे जानकारी नहुनु<br>–बाल मनोरञ्जन स्थल नहुनु<br>–महिला नेतृत्व तहमा आउन नसक्नु | –सामाजिक सचेतना कार्यक्रम<br>–आमा र पोषण कार्यक्रम<br>–महिलामा तल्लो पेट खस्ने रोकथाम शिविर<br>–कुपोषितलाई पुनस्थापना केन्द्र सम्म पुऱ्याउन सहयोग<br>–सेवा प्रदायक संस्थामा कार्यरत कर्मचारीलाई तालिम सचेतना कार्यक्रम र वार्षिक रुपमा जन्म दर्ता अभियान संचालन<br>–नगरपालिकातहमा कार्यविधि वनाउने<br>–महिला नेतृत्व सीप विकास सम्वन्धि तालिम<br>–महिला भ्रमण कार्यक्रम |
| **अपाङ्गता** | –शिक्षामा समान पहुच नहुनु<br>–अपाङ्गमैत्री विद्यालय नहुनु<br>–भिन्न सीपको ज्ञान नहुनु<br>–क्षमता अनुसारको सीप नहुनु<br>–अपाङ्गता भएका व्यक्तिहरुका लागि | –विद्यालय भवन र सामुदायिक भवन वनाउदा अपाङ्ग मैत्री वनाउने ।<br>–सिपमुलक तालिम र सामाग्री सहयोग नगरपालिकातहमा अपाङ्ग प्रतियोगिता सहभागिता<br>–समान अवसरको वातावरण सिर्जना गर्ने नीति बनाउनु पर्ने । |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| | मनोरञ्जन कार्यक्रम नहुनु<br>–प्रतियोगिता योजना नहुनु । | |
| **३.भौतिक पुर्वाधार क्षेत्र** | | |
| **सडक र सामुदायिक भवन** | –मुख्य मोटर मार्ग १२ महिना नचल्नु<br>वजेटको अभाव<br>–मुख्य सडकवाट वस्ती टोलहरुमा सडक विस्तार नहुनु<br>– सडक गुरु योजना नहुनु<br>–सडक संरक्षण योजना नहुन<br>–सडक मापदण्डको परिपालना नहुनु<br>–सामुदायिक भवन प्रयाप्त नहुनु<br>–टोल टोलमा समाज घर नवन्नु<br>–घोडेटो वाटोमा आवत जावत गर्न कठिन<br>–घोडेटोवाटो मर्मत संभार योजना नहुनु<br>–खोला खोल्सीमा आवत जावत गर्न कठिन झोलुङ्गे पुलहरु नहुनु<br>–मोटर आवत जावतमा खोलाले रोक्नु खोलाहरुमा मोटररेवल पुल नवन्नु | – रोड निर्माण स्तर उन्नती र विस्तार योजना<br>–स्थानीय सहायक मार्ग सुधार विस्तार<br>–नया सडक विस्तार<br>–कृषि सडक सुधार विस्तार<br>– सडक गुरु योजना निर्माण<br>–रिङरोड सर्वे गर्ने संरक्षण नीति वनाउने<br>–वडा टोल १ सामुदायिक भवन<br>–पदमार्ग निर्माण |
| **विषय क्षेत्र** | **समस्याहरु** | **समाधानका उपयाहरु** |
| **आवाश तथा सहरी विकास** | –वर्षा याममा वस्ती जोखिममा पर्नु<br>–जोखिम युक्त स्थानमा वस्तीहरु हुनु<br>–वसाइसराई वढनु<br>–व्यवस्थित वसोवास योजना नहुनु | –भु– उपयोग योजना निर्माण र कार्यान्वयन<br>– वजार सुधार योजना आवास क्षेत्र सर्वेक्षण र विकास कार्यक्रम |
| **विद्युत तथा संचार** | – विद्युतीकरण व्यवस्थित नहुन | –बजारमा अण्डर ग्राउण्ड तार राख्ने |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| | –३ फेजको लाइन नहुनु<br>–वाईफाई सर्वसुलम नहुनु<br>–सरकारी कार्यालयमा मात्र लाइन जडान भएको | –३ फेजको लाइन विस्तार गरी ट्रान्सफर मरको क्षमता वढाउने<br>–पुराना पोलहरु फेर्ने<br>–नगरपालिकावाट सामुदायिक रेडियो संचालन गर्न अनुदान वडाको सवै स्थानमा वाईफाई फ्रि गन |
| **४. वन तथा वातावरण** | | |
| **व्न** | –वन फडानी र अतिक्रमण वढनु<br>–वन व्यवस्थापन वारेमा ज्ञानको कमी<br>–जनचेतनाको कमी<br>–वान पैदावार चोरी निकासी र वन डढेलो<br>–कृषि वन विकास नहुनु<br>–कृषि वन प्रजाती विकास नुहुनु<br>–वन्य जन्तु र मानव विच द्धन्द्ध वढनु<br>–जडीवुटी क्षेत्र घोषण नहुनु<br>–जडीवुटी सम्भाव्यता अध्ययन नहुनु<br>–पन्छी संरक्षण नहुनु कालिज संरक्षण अध्ययन नहुनु । | –वन क्षेत्र निधारण कार्यक्रम<br>–पुराना रुखहरुको व्यवस्थापन<br>–सामुदायिक वन विकास र विस्तार<br>–कृषि वन व्यवस्थापन<br>–उच्च समस्थली घाँस उत्पादन कार्यक्रम<br>–डढेलो नियन्त्रण तालिम र सुरक्षा कवज वितरण<br>–युवाहरुलाई पर्यटन विकास सम्वन्धि तालिम<br>–खाली जमिनमा टिमुर, दालचिनी, कुरिलो, कफी चिया लगाउने<br>– व्यक्ति र वालीको विमा योजना संचालन<br>–बन्यजन्तु नियन्त्रण तथा सुरक्षा प्रवर्द्धन<br>–सम्भाब्य क्षेत्रलाई जडीवुटी पकेट क्षेत्र घोषणा र संरक्षण व्यवस्थापन<br>–कालिज संरक्षण व्यवसाय सर्वेक्षण र नीजि क्षेत्र प्रवर्द्धन |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| ञ्न | –वन फडानी र अतिक्रमण वढनु<br>–वन व्यवस्थापन वारेमा ज्ञानको कमी<br>–जनचेतनाको कमी<br>–वान पैदावार चोरी निकासी र वन डढेलो<br>–कृषि वन विकास नहुनु<br>–कृषि वन प्रजाती विकास नुहुनु<br>–वन्य जन्तु र मानव विच द्वन्द्ध वढनु<br>–जडीवुटी क्षेत्र घोषण नहुनु<br>–जडीवुटी सम्भाव्यता अध्ययन नहुनु<br>–पन्छी संरक्षण नहुनु कालिज संरक्षण अध्ययन नहुनु । | –वन क्षेत्र निधारण कार्यक्रम<br>–पुराना रुखहरुको व्यवस्थापन<br>–सामुदायिक वन विकास र विस्तार<br>–कृषि वन व्यवस्थापन<br>–उच्च समस्थली घाँस उत्पादन कार्यक्रम<br>–डढेलो नियन्त्रण तालिम र सुरक्षा कवज वितरण<br>–युवाहरुलाई पर्यटन विकास सम्वन्धि तालिम<br>–खाली जमिनमा टिमुर, दालचिनी, कुरिलो, कफी चिया लगाउने<br>– व्यक्ति र वालीको विमा योजना संचालन<br>–बन्यजन्तु नियन्त्रण तथा सुरक्षा प्रवर्द्धन<br>–सम्भाव्य क्षेत्रलाई जडीवुटी पकेट क्षेत्र घोषणा र संरक्षण व्यवस्थापन<br>–कालिज संरक्षण व्यवसाय सर्वेक्षण र नीजि क्षेत्र प्रवर्द्धन |
| जलाधार संरक्षण | –फोहोर मैला व्यवस्थापन नहुनु<br>–खोला खोल्सीमा फोहोर फाल्नु<br>–वातावरण प्रदुषण हुनु ।<br>–डढेलो, जथाभावी फोहर फाल्नु<br>–खोला संरक्षण नहुनु जलाधार विग्रनु<br>–खोलामा असला माछा घटनु<br>–वासस्थान घटनु, खोलामा करेन्ट लगाउनु<br>–अप्रत्यासीत बाढी आउनु<br>–जलवायु परिवर्तनको असर देखिनु<br>–विपद् व्यवस्थापन नहुनु<br>–नगरपालिका र वडाको विपद् व्यवस्थापन कार्ययोजना नुहुन । | –फोहोर व्यवस्थापन र सरसफाई सम्वन्धि तालिमसचेतना कार्यक्रम संचालन<br>–खोला संरक्षण कार्यक्रम<br>– नदी आसपासमा असला माछा प्रजाती संरक्षण र व्यवसायिक खेती<br>–जलवायु परिवर्तन अनुकुलन कार्यक्रम<br>–नगरपालिकाका वजार संरक्षण कार्यक्रम<br>–विपद् व्यवस्थापन कोषको स्थापना र संचालन<br>–वडा तहमा विपद् व्यवस्थापन योजना वनाउने<br>– विपद् व्यवस्थापनको लागि सामग्री व्यवस्थापन |
| **५. संस्थागत विकास सेवा प्रवाह तथा सुशासन क्षेत्र** | | |

| विषय क्षेत्र | समस्याहरु | समाधानका उपयाहरु |
|---|---|---|
| **संस्थागत विकास** | –योजना छनौट प्रणाली हचुवामा भएको<br><br>–आवधिक विकास योजना नवनेका<br><br>–अनुगमन मुल्याङकन र पृष्ठपोषण प्रणाली स्थापना नहुनु<br><br>–नीतिमा भएपनि कार्यावयन फितलो हुनु ।<br><br>–स्थानीय समुह संस्था विच समन्वय नहुनु र समन्वय कर्ताको अभाव<br><br>–स्थानीय तहको प्राथमिकता भैातिक विकास भएका<br><br>–सामाजिक विकासमा कम जोड<br><br>–आन्तरिक स्रोतको पहिचान र परिचालन नहुनु र अवसरको खोजी नहुनु | –आवधिक विकास योजना वनाउने<br><br>–सहभागितात्मक समिति वनाई अनुगमन गर्ने<br><br>–तेस्रो समुहवाट अनुगमन गराउने<br><br>–६/६ महिनामा समिक्षा सहितको भेला आयोजना गर्ने<br><br>–लेखा व्यवस्थापन सम्वन्धि तालिम<br><br>–जिवन उपयोगी सीप र सकरात्मक सोच सम्वन्धि तालिम<br><br>–उपभोक्ता समितिहरु लाई काम कर्तव्य र अधिकार सम्वन्धि तालिम<br><br>–विकास र सुशासन सम्वन्धि अन्तरक्रिया<br><br>–चौमाशिक प्रतिवेदन सुचना पाटीमा टाँस गर्ने<br><br>२. सामाजिक,सार्वजानिक परीक्षण र सार्वजनिक सुनुवाई गर्ने स्रोत पहिचान कार्यशाला गर्ने । |

## २.३ आवधिक योजनाको खाँका

**२.३.पृष्ठभूमी :** नेपाली समाजमा आएको परिवर्तन तथा राज्यले लिएको संरचनागत परिवर्तनको नीति अनुसार स्थानीय सरकार संचालन ऐन २०७४ लागू भएको छ । विकासका सम्भावनाहरु तथा स्थानीय बासिन्दाहरुको आधारभूत मागको आधारमा नगरपालिका स्तरमा आवधिक योजनाको सुरूवात भए अनुसार नारायण नगरपालिकाको आवधिक योजना तर्जुमा गर्ने यो प्रथम प्रयास हो । योजना निर्माण गर्दा सर्वप्रथम दिर्घकालिन,मध्यकालिन, आवधिक र बार्षिक गरेर अगाडि बढनु पर्ने अवस्थाको जानकारी भएर पनि विभिन्न कारणले सबै चरण पुरा गरेर यो कार्य गरिएको छ । समय र आर्थिक कारणले दिर्घकालिन लक्ष्य मात्र निर्धारण गरेर अगाडि बढने काम भएको छ । नेपालको संविधानको भावनाको आधारमा नगरपालिकाको विकासको गतिलाई तिव्रता दिनका लागि आवश्यक आवधिक नगरपालिकाको योजना तयार गर्दा मुलतः देशको राष्ट्रिय लक्ष्यलाई ध्यानमा राखी नगरपालिकाका प्रमुख समस्याहरु,विभिन्न क्षेत्रहरूको उपलब्धी, संघिय तथा प्रदेश सरकारबाट नगरपालिकाको विकासको लागि प्राप्त अनुदान तथा नगरपालिकाको आन्तरिक स्रोत साधनहरुको अधिकतम् मात्रामा परिचालन गरी नारायण नगरपालिकाका कार्यक्रमहरुलाई क्रमिक रुपमा अगाडि वढाउदै लैजाने उद्देश्यका साथ आवधिक योजना तर्जुमाको प्रयास भएको छ । आवधिक योजना तर्जुमा गर्दा यस नगरपालिकाले हालसम्ममा गरेका महत्वपूर्ण प्रयास तथा उपलव्धीहरुको सूक्ष्मरुपमा विश्लेषण तथा सम्भावना र चुनौतिहरुको पनि विश्लेषण गरिएको छ ।

**२.३.१ योजनाको दीर्घकालिन सोच (Vision) :** यस नगरपालिकाको प्रथम आवधिक योजनाको दीर्घकालिन सोच **"कृषि,पूर्वाधार,शिक्षा, स्वास्थ्य र सस्थागत विकास नारायण नगरपालिकाको आधार"** हुने छ । नगरपालिकाको सडक सञ्जाल कृषिको व्यवसायिकीकरण र पर्यटन, शिक्षा, स्वास्थ्यमा आमुल परिवर्तन गरी जनताको क्षमतामा अभिवृद्धिबाट सोच पुरा गरिने छ । यस्तै गरी पर्यटन क्षेत्रमा विकास गरी आर्थिक उपार्जन गरिने छ । विकासको लागि सडक, यातायात, सिंचाई, विद्युत, सञ्चार जस्ता पूर्वाधार विकास तथा सामाजिक क्षेत्रको विकास हुनेछ, यसवाट नगरबासीहरु खुसी र सुखी हुनेछन् र नारायण नगरपालिकाको समृद्धि प्राप्त गर्ने दीर्घकालिन सोच निर्धारण गरिएको छ ।

**२.३.२ योजनाको दीर्घकालिन लक्ष्य (Mission) :** माथि उल्लेखित आवधिक योजनाको दीर्घकालिन सोच पुरा गर्नको लागि यस आवधिक योजनाको लक्ष्य नगरपालिकाको समग्र विकास भई नगरबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ भन्ने परिकल्पना तय गरिएको छ । यसवाट नगरवासीको समग्र विकास भई जीवनस्तर उच्च हुने छ र जीवन शैली पनि गुणात्मकरुपले सुधार गर्ने लक्ष्य लिएको छ ।

**२.३.३ योजनाका दीर्घकालिन उद्धेश्यहरु (Goals) :**

नारायण नगरपालिकाको आवधिक योजनाका दीर्घकालिन सोच तथा लक्ष्यहरु प्राप्त गर्नको लागि निम्न वमोजिमका ३ वटा उद्धेश्यहरु तय गरिएको छ ।

**१.** सम्पूर्ण नगरबासी विशेष गरेर पिछडिएका वर्ग र जनताको सामाजिक स्थितिमा गुणात्मक परिवर्तन भएको हुनेछ ।

**२.** कृषि, उद्योग, पर्यटनको उत्पादकत्वमा वृद्धि गरी, पूर्वाधार विकास तथा प्राकृतिक श्रोत साधनको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको आर्थिक विकास भएको हुनेछ ।

**३.** विकासका उपलव्धीमा सवैको पहुँच वृद्धिवाट आर्थिक समृद्धि हांसिल भएको हुनेछ ।

## २.३.४ परिमाणात्मक लक्ष्य :

यस नगरपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य तोक्दा आवधिक, मध्यकालिन तथा दीर्घकालिन रुपमा प्रक्षेपण गरिएकोछ । यस अनुसार आवधिक योजनाको आधार वर्ष २०७९/०८० को आधारमा आवधिक योजना २०८४/०८३५ सम्म, मध्यकालिन योजना २०८७ सम्म र दीर्घकालिन योजना वि.स.२१०० सम्मलाई आधार मानी प्रक्षेपण गरिएको छ । यस नगरपालिकाको योजनाको आर्थिक, सामाजिक तथा पूर्वाधार क्षेत्रको परिमाणत्मक प्रक्षेपित लक्ष्य निम्नानुसार रहेको छ :

**तालिका नं ८ : परिमाणात्मक दिगोविकासको लक्ष्य २०८७ र** दिर्घकालिन लक्ष्य २१०० **संग तुलना**

| क.सं | परिसूचकहरु | आधार बर्ष २०८० /०८१ | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | योजनाको लक्ष्य २०८४/०८५ | दिगो विकासका लक्ष्य २०८७ | दिर्घकालिन लक्ष्य २१०० |
| १. | मानव विकास सूचांक | ०.४२७ | ०.५८८ | ०.७० | ०.६२४ |
| २. | मानव सम्पति सूचांक | ०.९३ | ०.९३ | ७५ | ९० |
| ३. | लैङ्गिंक समता सूचांक | ०.९०४ | ०.९३० | ०.७० | ०.९३ |

| क.सं | परिसूचकहरु | आधार बर्ष २०८० /०८१ | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | योजनाको लक्ष्य २०८४/०८५ | दिगो विकासका लक्ष्य २०८७ | दिर्घकालिन लक्ष्य २१०० |
| समष्टिगत प्रमुख आर्थिक लक्ष्य | | | | | |
| ४. | समष्टिगत प्रमुख आर्थिक लक्ष्य | ५.७ | १४.९ | १० | १५ |
| ५. | कुल ग्राहस्थ उत्पादन प्रतिशतमा | ७ | १० | १५ | १५ |
| ६. | प्रतिव्यक्ति आम्दानी दर (अमेरिकी डलरमा) | ६४०.७७ | १००० | ३२१३ | ६५०० |
| ७. | प्रतिव्यक्ति आय क्रय समानता शक्तिको आधारमा (अमेरिकी डलर) | ६४०.७७ | १००० | ५८६७ | ७६०० |
| ८. | वचत र ग्राह्रस्थ उत्पादन अनुपात प्रतिशतमा | ३३ | ३८ | ४० | ४५ |
| ९. | लगानी र ग्रार्हस्थ उत्पादन अनुपात प्रतिशतमा | २८ | ३० | ३५ | ४० |
| १०. | प्रतिव्यक्ति बिप्रेषण रु मा | २६२५.२९ | ४५०० | १०००००० | २०,००,००० |
| ११. | निरपेक्ष (आर्थिक) गरिबी को रेखामुनी (प्रतिशत) | २२ | २० | १८ | १८.७ |
| १२. | कृषि क्षेत्रको आर्थिक बृद्धि दर | ५ | ७ | ९ | १० |
| १३. | उद्योग समुह क्षेत्रको आर्थिक वृद्धि दर | ७ | १० | १५ | २० |
| १४. | सेवा क्षेत्रको आर्थिक बृद्धि दर | ७ | १५ | २५ | ३० |
| १५. | प्रति व्यक्ति खाद्यान्न उपलव्धता ( के.जि.) | ५६४ | ७०० | ४९४ | ८०० |
| **सामाजिक लक्ष्यहरु** | | | | | |
| १७. | जन्मदाको सरदर आयु (वर्षमा) | ६७ | ७० | ८१ | ८५ |
| १८. | मातृ मृत्यु दर(प्रति लाखमा) | २३९ | २०० | ७० | ४० |

| क.सं | परिसूचकहरु | आधार बर्ष २०८० /०८१ | लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | योजनाको लक्ष्य २०८४/०८५ | दिगो विकासका लक्ष्य २०८७ | दिर्घकालिन लक्ष्य २१०० |
| १९. | नवजात शिशु मृत्युदर (प्रति १००० जीवितजन्ममा) | ४७ | १० | ३ | २ |
| २०. | वाल मृत्युदर (प्रति १००० जीवित जन्ममा) | २५ | २० | १५ | ५ |
| २१. | साक्षरता दर (५वर्ष माथिको ) | ९२ | ९५ | १०० | १०० |
| २२. | जनसंख्या वृद्धि दर प्रतिशतमा | ०.३५ | ०.३५ | १ | ०.८ |
| २३. | आधारभूत खानेपानी लाभान्वित जनसंख्या प्रतिशत | ८४ | १०० | १०० | १०० |
| **पूर्वाधार तर्फ लक्ष्यहरु** | | | | | |
| २४. | कालोपत्रे सडक कि.मि. | १२ | २० | ४०० | ५०० |
| २५. | विद्युत सेवा पुगेको जनसंख्या प्रतिशत | ५४.२९ | ८० | १०० | १०० |
| २६. | ३० मिनेटको पैदलयात्रामा वजारको केन्द्रसम्म पहुँच भएका घर परिवार प्रतिशत | ५० | ६० | ९८ | ९९ |

## २.३.५ नारायण नगरपालिकाको योजनाका निर्देशक सिद्धान्तहरू (Guiding Principles ) :

नारायण नगरपालिकाको आवधिक योजनामा उल्लेखित दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य तथा श्रृंखलावद्ध नतिजाहरु प्राप्त गर्न देहाय अनुसारका निर्देशक सिद्धान्तहरु रहेका छन् ।

- नेपालको संविधान तथा प्रचलित ऐन, कानूनमा उल्लेखित निर्देशक सिद्धान्तहरु प्राप्त गर्ने किसिमवाट योजना तर्जूमा तथा कार्यान्वयन गरिने छ ।
- दिगो विकास लक्ष्य (२०७२–२०८७) अनुसारका लक्ष्यहरु स्थानीयकरण गरी नारायण नगरपालिकाका जनताहरुले पनि प्राप्त गर्न किसिमले कार्यान्वयन गरिने छन् ।
- राष्ट्रिय योजना आयोगद्धारा तर्जुमा गर्न लागेको पन्ध्रौं पञ्च वर्षीय योजना तथा कर्णाली प्रदेशवाट तर्जुमा गर्न लागेको प्रथम पञ्च वर्षीय योजनाको आधार पत्र अनुसारका नीति, कार्यनीति, लक्ष्य तथा कार्यक्रमहरु यस योजनाले मार्ग निर्देशनको रुपमा लिइ कार्यान्वयन गरिनेछ ।
- 'समृद्ध नेपाल र सुखी नेपाली'को लक्ष्यलाई यथार्थतामा बदल्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई बिद्युत, सञ्चार र यातायात जस्ता सेवालाई सर्वव्यापी बनाउने र यी गतिविधिहरूमा प्रत्येक व्यक्ति र समुदायको सहज पहुँच पुऱ्याउने किसिमले कार्यान्वयन गरिने छ ।

- स्वस्थ्य तथा सुरक्षित वातावरण, विशेष गरि स्वच्छ हावापानी, यथेष्ट पोषण (खाद्यपदार्थ) तथा आवासमा प्रत्येक नगरवासी र समुदायको पहुँच वढाउने किसिमवाट कार्यान्वय गरिने छ ।
- स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत, सञ्चार, यातायात, मानवअधिकार, सामाजिक न्याय र शासन पद्धती सुधारका प्रयासहरूमा सरकारी, गैह्रसरकारी, नीजिक्षेत्रको साझेदारहरूको सहकारितामा अघि वढ्ने किसिमले कार्यान्वयन गरिनेछ ।
- समुदायमा पछाडि परेका दलित, जनजाती, गरिब, एकल महिला, अपाङ्ग र पछि परेका वर्गको सेवामा पहुँच वृद्धि गर्न गरी कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
- सामाजिक एवं सांस्कृतिक अवस्थाामा असर पुऱ्याउने प्रचलनमा रहेका कारक तत्व तथा जोखिमहरू पहिचान गरी यस्ता तत्वहरुलाई न्यूनिकरण गरी समाजमा सकरात्मक परिर्वतन ल्याउने कार्यकमलाई कार्यान्वयन गरिनेछ । योजना तथा कार्यक्रमहरुका प्राथमिकता तथा लक्ष्यहरू निर्धारण गर्दा तथ्यमा आधारित वनाईनेछ ।
- योजना तर्जुमा गर्दा, प्राथमिकता तथा लक्ष्यहरू तोक्दा तथा कार्यान्वयन गर्दा सहभागितामुलक प्रक्रिया अपनाईने छ ।
- कुनै पनि निर्णय प्रक्रियामा, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन चरणहरुमा लैङ्गिक समतालाई विशेष ध्यान दिईने छ
- योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्दा सुशासनका तत्वहरु पूर्ण जवाफदेहिता, पारदर्शिता, समता, समानता लगायतका तत्वहरु पूर्णरुपमा पालना गरिने छ
- मानव संशाधन तथा संस्थागत विकासमा जोड दिइने छ ।
- विकास निर्माण गर्दा प्राकृतिक सम्पदा तथा वातावरणलाई असर पुग्ने गरी वा भावी सन्ततिहरुमा नकारात्मक प्रभाव पार्ने कार्यलाई निरुत्साहित गरी विकास निर्माण कार्य अगाडि वढाइने छ ।

- नेपालको बदलिदो राजनैतिक, सामाजिक र कानूनी आधार र तेह्रौं राष्ट्रिय योजनालाई समेत ध्यानमा राखेर निम्न निर्देशक सिद्धान्तहरुलाई पालन गरि नारायण नगरपालिकाको प्रथम आवधिक विकास योजना तर्जुमा गरिएको छ । साथै, आवधिक योजना कार्यान्वयन गर्दा सवै सरोकारवाला संस्था/निकाय तथा समूहहरुले निम्नलिखित विकासका सिद्धान्तहरुलाई अनिवार्य रुपमा अवलम्वन गर्नुपर्ने हुन्छ ।

**१.जनकेन्द्रीत तथा प्रतिफलमुखि विकास :**

- नगरपालिकाको विकासका लागि भूगोल, स्थानीय आवश्यकता र प्राथमिकताका आधारका साथै जनसंख्याको सापेक्षतामा प्रतिफलमुखि विकास हाँसिल गर्ने सिद्धान्त हुनेछ । जनकेन्द्रित विकास गर्दा नगरवासी तथा यसमा पनि नगरका पछि परेका महिला, दलित, वालवालिका, अपाङगता भएका व्यक्ति र परिवार, जेष्ठ नागरिक, आदिवासी जनजाति, यूवाहरु लक्षित प्रत्यक्ष लाभ लिनसक्ने विकास गतिविधिलाई प्राथमिकता साथ अगाडी बढाइनेछ ।

**२.वालमैत्री शासन, लैङगिक तथा सामाजिक समावेशीकरण :**

- विकासको एक अभिन्न अङगका रुपमा बालवालिकाको सर्वाङ्गिण विकासका लागि वालमैत्री स्थानीय शासन तथा अपांगमैत्री स्थानीय शासनको अवलम्वन गरिनेछ । महिला तथा दलित वर्गको उत्थानका लागि लैंगिक तथा सामाजिक समावेशीकरण प्रक्रियालाई स्थापित गरिनेछ ।

**३.अवसरमा समता र समानता:**

○ लक्षित वर्गलाई विकासको प्रमुख भागीदारका रुपमा स्थापित गर्न पछि परेका लक्षित वर्ग समुदाय ( महिला,दलित, वालवालिका, अपागंता भएका व्यक्ति, जेष्ठ नागरिक)लाई स्थानीय विकास र शासनका प्रक्रियामा प्राथमिकता दिने र सकारात्मक विभेदको व्यवस्था गरिनेछ ।

**४.दीगोपना, वातावरण, जलवायू अनुकुलन तथा विपद् व्यवस्थापनमैत्री विकास :**

○ आवधिक योजनामा दिगोपना, वातावरणमैत्री तथा विपद् व्यवस्थापन संवेदनशीलतालाई अनिवार्य रुपमा सबै योजनाको अभिन्न अङगका रुपमा विश्लेषण तथा अङगीकरण गराइनेछ । प्राकृतिक स्रोत साधनको दोहनलाई प्रभाव मूल्यांकनका आधारमा परिचालन गरिनेछ । स्थानीय योजनाहरुलाई जलवायू अनुकुलनयुक्त बनाउन ध्यान दिइनेछ ।

**५.स्थानीयता तथा विश्वव्यापीकरण :**

○ स्थानीय सम्भाव्यता, साधन स्रोतको उपलब्धता अनुसार प्राथमिकता साथ स्थानीय स्रोत, साधन र सीपको अधिकतम उपयोग गरिनेछ । साथै विश्वव्यापिकरणका लाभहरुलाई स्थानीय विशिष्टता अनुसार अधिकतम् उपयोग गरिनेछ ।

**६.संस्थागत विकास तथा सुशासन :**

○ स्थानीय शासनमा जवाफदेहिता, पारदर्शिता, सार्वजनिक सेवा सुविधाको प्रभावकारी वितरणका लागि नगरपालिकाका नेतृत्वकर्ता स्थानीय तहहरु र साझेदार निकाय (बिषयगत निकाय र गैसस) समेतको क्षमता विकास कार्यलाई संगसंगै अगाडी बढाइनेछ र उपयुक्त लगानी गरिनेछ । विकास साझेदारहरु बीचको समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिनेछ । स्थानीय विकासमा नागरिक समाज र सञ्चार क्षेत्रको साझेदारीलाई प्रोत्साहित गरिनेछ ।

**७.स्थानीय स्रोत परिचालन र व्यवस्थापन :**

○ स्थानीय विकासका लागि आवश्यक मानवीय तथा वित्तीय साधन स्रोतको स्थानीयस्तरमा अधिकतम परिचालन गरिनेछ । विभिन्न बिषय क्षेत्रमा दक्ष, सिपयुक्त मानव जनशक्ति उत्पादन तथा क्षमता विकासका लागि विशेष लगानी गरिनेछ । स्थानीय विकासमा उपभोक्ता समितिको परिचालन र उपभोक्ता समितिलाई निश्चित आचारसंहिताको पालना गर्न प्रेरित गरिनेछ ।

**८. स्थानीय विकास कार्यमा निजी क्षेत्रलाई :**

○ संगसगै अगाडि लैजाने पद्धति र प्रक्रियालाई प्राथमिकता साथ लिइनेछ । स्थानीय कच्चा पदार्थको अधिकतम् उपयोग, स्तरीकरण बजारीकरण, प्रविधि तथा सीपको हस्तान्तरणका क्षेत्रमा निजी क्षेत्रलाई काम गर्न उपयुक्त वातावरण तयार गरिनेछ र सार्वजनिक नीजि साझेदारीका आधारमा निजी क्षेत्रको लगानीको संरक्षणमा ध्यान दिइनेछ ।

**९.अभियानात्मक विकास र सामाजिक न्याय :**

○ नगरपालिकाको द्रुततर विकास तथा सामाजिक न्यायका लागि नियमित विकास प्रक्रियाभन्दा अभियानात्मक विकास गतिविधिलाई अगाडी बढाइनेछ । अभियानात्मक विकासका लागि प्रमुख प्राथमिकताका आधारमा नमूना स्थानीय तहको विकास, महिला उपर हुने भेदभाव विरुद्धका अभियान, दलित उपरका सामाजिक

भेदभाव विरुद्धको अभियान, वालविकास र उचित शिक्षाको अभियान, पर्यटन,वातावरण संरक्षण, कृषि तथा पशुपालन प्रणालीमा व्यवसायिकरण तथा सुधार, घरेलु उद्योग तथा रोजगारीका अवसर सिर्जना गर्ने क्षेत्रमा केन्द्रित गरिनेछ ।

**१०.समन्वयात्मक विकास :**

- नगरपालिकाका साझेदार निकायहरु (सरकारी, गैरसरकारी, निजीक्षेत्र, निर्वाचन क्षेत्र विकास कार्यक्रम, केन्द्रिय योजना) बीच समन्वयको प्रवर्द्धन गरी आगवियोका प्राथमिकताका क्षेत्रमा लगानी गर्ने तथा स्थानीय तहको नेतृत्वमा एकद्वार विकास पद्धतिलाई थप सुदृढ गर्दै लगिनेछ ।

## २.३.६ नारायण नगरपालिकाका मुख्य रणनीतिहरु (Major Strategies)

नारायण नगरपालिका आवधिक योजनाका लक्ष्य प्राप्त गर्न मुख्य रणनीतिहरु निम्न अनुसार हुनेछन् :

१ नगरपालिकामा उपलब्ध स्रोत, साधन र सीपको सदुपयोग गर्ने तर्फ अपेक्षित रुपमा ध्यान दिएर नगरपालिकालाई बाह्य स्रोतमा निर्भर रहनु नपर्ने अवस्थालाई प्राथमिकतामा राख्न निति लिईने छ ।

२. भौतिक पूर्वाधार सम्बन्धी योजनाहरु एउटा पूरा नहुँदै अर्को नयाँ योजना छनौट गर्ने प्रक्रियाले एकातिर लक्षित लाभ लिन नसकेको अवस्था छ भने अर्को तर्फ ससाना योजना छनौट गर्दा त्यसबाट सिर्जना हुने लाभ सानो जनसंख्याले मात्र प्राप्त गर्ने अवस्थालाई नियन्त्रण गर्ने रणनीति लिइने छ ।

३. कृषि र पर्यटनलाई नगरविकासको प्रमुख आधारका रुपमा अङगिकार गर्ने नीति लिइने छ ।

४. आधुनिक विकासका माध्यमबाट नारायण नगरपालिकालाई आकर्षित गर्ने नीति लिइने छ ।

५. नगरपालिकामा पूर्वाधारको विकास वातावरणको संरक्षण र गुणस्तर सुनिश्चितता कायम गर्ने कुरालाई नीति बनाई लागू गरिने छ ।

६. कृषिमा आधारित उद्यमशीलताको विकासमा जोड दिइने छ ।

७. सुशासन सुनिश्चित गर्न सूचना प्रविधिको अधिकतम् प्रयोगमा जोड दिइने छ ।

८. लक्षित वर्गको उत्थानका लागि विशेष कार्यक्रम संचालनमा ल्याइने छ ।

९. विपद् तथा जलवायु उत्थानशील व्यवस्थापन सम्बन्धी दीर्घकालीन रणनीति तयार गरि प्राथमिकताका साथ लागू गरिने छ ।

१०. वन तथा वातावरण संरक्षणका लागि एकीकृत कार्यक्रम संचालनमा ल्याइने छ ।

११. युवा रोजगारी प्रवर्द्धन गर्ने खालका विकास योजनामा जोड दिइने छ ।

१२. जलविकासको संचालन र स्वयम् उत्पादनको सम्भाव्यता अध्ययन गरिने छ ।

१३. कृषिमा व्यवसायीकीकरणको लागि विशेष खालको नीति अवलम्वन गरिने छ ।

१४. नारायण नगरपालिकालाई जनसभागितामा आधारित विकास विस्तार र स्वच्छतामा आधारित रही व्यवस्थापन गर्न साथीविकासको अवधारणा प्रयोग गरिनेछ ।

१५. संघिय र प्रदेश संरचनालाई फाईदा पुग्ने खालका सबै कार्यक्रमहरु संचालनमा ल्याईने छ ।

१६. सम्पूर्ण नगरवासीहरुको घर आँगन सफा राख्न एक घर एक धारा,शौचालय र एक पक्की जुठेल्नो सहितको कार्यक्रम संचालन गरिने छ ।

१७. वडाको महत्वमा परेका सबै सडक ५ बर्ष भित्रमा स्तर उन्नति गरिने छ ।

१८. विकासको प्रतिफल तथा सेवा सुविधामा सवै वर्ग, समुदाय तथा क्षेत्रको पहुच वढाउने साथै स्थानीयस्तरमा विकास कार्यक्रम संञ्चालन गर्दा पिछाडिएका जनसमुदायलाई बिशेष प्राथमिकता दिने ।

१९.स्वास्थ्य तथा शिक्षा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्न औपचारिक तथा अनौपचारिक अवसरहरु प्रदान गर्ने र ब्यभारिक रुपमा नै सरसफाईयुक्त छुवाछुत मुक्त नगरपालिका वनाउने ।

२०.कृषि, जलश्रोत, पर्यटन, वन, मानव संसाधन र पुर्वाधार नगरपालिकाको अर्थतन्त्रको विकासका ६ वटा आधार मानी अगाडि वढ्ने ।

२१.नगरपालिकाको पूर्वाधार विकासमा विशेष गरी सडक, सिंचाई, वस्ती विकास, खानेपानी विकासमा सार्वजनिक लगानी केन्द्रित गरिनेछ । साथै निजी क्षेत्रलाई पनि संलग्न गराउने र जनसहभागितालाई विशेषरुपमा अघि वढाइने

२२.सवै बस्तीहरुमा एक घर १ एक धारा नीति अवलम्वन गरिने छ । एक वस्ती एक व्यवसाय, एक ब्लक नीति अवलम्वन गरिने छ । वस्ने वास नभएकाहरुको लागि वासस्थानको व्यवस्था मिलाईने छ ।

२३.नारायण नगरपालिकामा कुनै पनि परिवार घरवार विहिन हुन नदिने रणनीति लिईने छ ।

२४. नगरपालिकाका ११ वटै वडावाट नगरपालिका भवनसम्म बाह्रैमास सार्वजनिक यातायात सञ्चालन गर्ने सडक छनोट गरी कालोपत्रे गर्ने साथै प्रत्येक मुख्य वस्तिवाट ३० मिनेटको पैदल हिडाइमा मोटरेवल सडकमा पुग्ने व्यवस्था गर्ने तथा दिगो र पर्यावरण मैत्री विकास, हरियालीयूक्त वस्ती र सुरक्षित आवास निर्माण गर्ने तथा छरिएर रहेको वस्तिलाई एकीकृत गरी सेवा तथा सुविधा उपलव्ध गराउने रणनीति अवलम्वन गरिने ।

२५. सार्वजनिक, निजी, सहकारी सहितको तीन खम्वे आर्थिक नीतिलाई अवलम्वन गरिनेछ । सहकारी आन्दोलनलाई वढावा दिई जनताको आर्थिक उन्नति गर्न आवश्यक पूँजी सहकारीको माध्यमवाट संङ्कलन गरि परिचालन गरिनेछ

२६.प्रत्येक वडामा एक वटा वैंकको कारोबारो गर्ने बैंक शाखा सञ्चालन गर्ने नीति अवलम्वन गरिने, कृषि, उद्योग एवं सेवा क्षेत्रको विकास निजी क्षेत्रवाट मात्र सम्भव हुने भएकोले नगरपालिकाले निजी क्षेत्रलाई प्रोत्साहन गर्ने तथा आवश्यक पूर्वाधार निर्माण तथा लगानीका श्रोतहरु प्राप्त गर्ने वातावरण सृजना गर्ने ।

## २.३.७ विकास योजनाको समष्टिगत प्राथमिकता

नारायण नगरपालिकामा वडागत रुपमा सूचना सङ्कलन गरेर वडाबासीको प्राथमिकता अनुसार विकास योजनालाई प्राथमिकता राख्ने र सोही अनुसार आर्थिक तथा सामाजिक क्षेत्रको विकास गरी सुखी र समृद्धि गराउनु आवधिक योजनाको प्रमुख लक्ष्य रहेको छ । आवधिक योजनाका प्रतिफल नगरपालिकाका सवै समुह, वर्ग, क्षेत्र, जातीलाई पहुँच पुऱ्याउने गरी व्यवस्था मिलाइने छ । वडाहरुको जनसंख्या र वडा कार्यशालाको भावना अनुसार नै यस आवधिक योजनाको प्राथमिकता समष्टिगत हिसावमा तालिका न. ५ र ६ वमोजिम हुनेछ ।

**तालिका नं ९ : विकास योजनाको प्राथमिकता निर्धारण**

| वडा नं. | जनसंख्या | कृषि | भौतिक पूर्वाधार | शिक्षा | पर्यटन |
|---|---|---|---|---|---|
| १ | ३७२५ | – | १ | – | – |
| २ | २१७९ | १ | – | – | – |
| ३ | १८६६ | १ | – | – | – |
| ४ | २४०१ | – | – | – | १ |
| ५ | १८७२ | १ | – | १ | |
| ६ | ३३३१ | १ | – | – | – |
| ७ | २३०२ | – | १ | – | – |
| ८ | १६४७ | १ | – | – | – |

| वडा नं. | जनसंख्या | कृषि | भौतिक पूर्वाधार | शिक्षा | पर्यटन |
|---|---|---|---|---|---|
| ९ | २१७८ | १ | – | – | – |
| १० | २०१८ | १ | | | |
| ११ | २५९२ | १ | | | |
| जम्मा | | | | | |
| जम्मा प्रतिशत १०० | | | | | |

तालिका न. ५ का आधारमा आवधिक योजनाका कार्यक्रमहरुलाई विषयगत रुपमा निम्नानुसार प्राथमिकताक्रम निर्धारण गरिएको छ :

**तालिका नं १० : विकास योजनाको प्राथमिकता क्रम निर्धारण**

| क्र.सं. | विषयगत क्षेत्र | प्राथमिकता क्रम |
|---|---|---|
| १. | कृषि/पशु सेवा तथा सहकारी | १ |
| २. | सडक तथा पूबाधार विकास | २ |
| ३. | पर्यटन/उद्योग वाणिज्य | ३ |
| ४. | शिक्षा र स्वास्थ्य | ४ |
| ५. | खानेपानी तथा सरसफाइ | ५ |
| ६. | वन वातावरण तथा विपद् व्यवस्थापन | ६ |
| ७. | स्वास्थ्य तथा जनसंख्या | ७ |
| ८ | लक्षित वर्ग/समावेशी विकास | ८ |
| ९ | उर्जा/जलस्रोत | ९ |
| १० | संस्थागत विकास | १० |
| ११ | जल उत्पन्न प्रकोप तथा नदी नियन्त्रण | ११ |
| १२ | यूवा खेलकुद तथा सस्कृति | १२ |
| १३ | खानी तथा भूगर्भ | १३ |
| १४ | शहरी विकास तथा आवास | १४ |

**१ . कृषि, वन, ग्रामीण पर्यटनमा आधारित उद्यमको विकास गरी आर्थिक वृद्धि ।**

आवधिक योजनाका अवधिमा कृषिमा आश्रित जनताको जीवनस्तर उच्च वनाउनु प्रमुख दायित्व भएको छ । यसको लागि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषि क्षेत्रमा व्यवसायिकरण गर्ने, कृषि क्षेत्रको लगानी भन्दा प्रतिफल उच्च प्राप्त गर्ने पशुपालन र त्यससंग सम्बन्धीत फसलहरु तथा पशुपन्छी पालनमा जोड दिईने छ । कृषिमा आधारित उद्योग तथा उद्यमको विकास गर्नको लागि कृषि क्षेत्रमा लगानी वढाईने छ । यस्तै गरी वनक्षेत्रको पूर्णरुपमा उपयोग गरी वातावरण संरक्षणको साथै जनतालाई जडीबुटी तथा वनमा आधारित उद्योगको विकास गर्न लगानी वढाईने छ । वन जङ्गलमा आधारित जडिबुटी तथा आर्थिक उपार्जन हुने किसिमका विरुवा वृक्षारोपण गर्न जोड दिइने छ । ग्रामीण पर्यटनका पूर्वाधारको विकास गरी ग्रामीण क्षेत्रका जनताको आर्थिक उन्नति गराउन लगानी गरिने छ । लगानीको लागि सहकारी र वैकिङ क्षेत्रको क्षमता वढाई लगानीका श्रोत उपलव्ध गराईनेछ । उत्पादन भएका वस्तुको

वजारको व्यवस्था सहकारीको माध्यमवाट र बजारसंग समन्वय गरी यसको व्यवस्था मिलाईने छ । उद्यम वन्नको लागि जनताको क्षमता अभिवृद्धि गर्न प्राथमिकता दिइने छ । यसरी वस्तीहरुमा कृषि, वन र पर्यटनमा आधारित उद्यमको विकास गरी जनताको आर्थिक विकास गर्न प्राथमिकता दिईने छ ।

**२. पुर्वाधार विकास नगरपालिकाको आर्थिक समृद्धिको लागि पूर्वाधार विकास गर्न प्राथमिकता दिईने छ ।**

सवै वस्तीहरुमा वाह्रैमास यातायात सुविधा पुऱ्याउन सडकहरुको सुदृढीकरण गर्नको लागि प्राथमिकता दिई लगानी वढाईने छ । यस्तै गरी भवन, वस्ती विकास, सिंचाई, खानेपानी, ढल, विद्युतीकरण, संचार, वातावरण संरक्षण, वजार विस्तारमा लगानी गरी पूर्वाधार विकास गर्न प्राथमिकता दिईने छ ।

**३. पर्यटन र सामाजिक क्षेत्रमा लगानी विस्तार गरी पिछ्राडिएका वर्गलाई विकासको मूलप्रवाहिकरणमा ल्याउने**
विकासको लागि समाजमा अति पछाडि परेका दलित, एकल महिला, अपाङ्ग, अति गरीव परिवार, दुरदराजमा रहेका परिवारको सामाजिक तथा आर्थिक विकास गरी विकासको मुलप्रवाहिकरणमा ल्याउने र विकासको प्रतिफल सवैमा पुऱ्याउन लगानी गरी प्राथमिकता दिईने छ । यसको लागि स्वास्थ्य, शिक्षा, सामाजिका परिचालन, आवास, क्षमता विकास गर्नमा प्राथमिकता दिईने छ ।

## २.३.८ नारायण नगरपालिकाका समृद्धिका सम्वाहकहरु :

यस नारायण नगरवासी सुखी र समृद्धिका लागि सम्वाहकहरुको रुपमा निम्न अनुसारका क्षेत्रहरु पहिचान गरिएको छ ।

**१. कृषि विकास क्षेत्र :** यस नगरपालिकाका ११ वटै वडामा सङ्कलन गरिएको सूचना अनुसार २६.५६ प्रतिशत भूमी कृषिमा प्रयोग भएको छ भने अधिक जनसंख्या कृषिमा परनिर्भर भएकोले र वन तथा खेती योग्य जमीन रहेको छ । सिंचाईको लागि श्रोत प्रयाप्त भएको हुँदा तथा उत्पादन भएका वस्तुको नजिकको वजार तथा अन्य क्षेत्रमा पुँऱ्याउन सकिने भएको हुँदां कृषि नारायण नगरपालिकाको समृद्धिको सम्वाहकको रुपमा पहिचान गरिएको छ । कृषिको यान्त्रीकिकरण र व्यवसायीकरणले उच्च उत्पादन र उत्पादकत्व प्राप्त गर्न र आर्थिक लाभ लिन मद्दत गर्दछ ।

**२. पुर्बाधार विकास क्षेत्र** : यस नगरपालिकामा विभिन्न वडामा रहेका सडक निर्माण जस्ता पुर्वाधार निर्माणमा प्राथमिकता दिएको र सडकको क्षेत्रमा वजारहरु विकास तथा स्तरोन्नती भएकोले वजार पुर्वाधारलाई समृद्धिको सम्वाहकको रुपमा पहिचान गरिएको छ । यसले उत्पादनको मुल्य प्राप्त गर्न, जनताहरुमा प्रतिस्पर्धी भावनाको विकास गर्न तथा ग्रामीण  क्षेत्रलाई वजारीकरण हुदै शहरीकरण गर्न भूमिका खेल्नेछ ।

**३. पर्यटन विकास क्षेत्र** : यो नगरपालिका ऐतिहासिक रुपमा प्रख्यात रहेको छ भने पर्यटनको हिसावले पनि विशेष सम्भावना बोकेकोछ । जिल्ला भित्र रहेका पर्यटकीय सम्पदाहरुको कारणले पनि यसको विकासमा योगदान पुग्न सक्ने सम्भावना छ । यो नगरपालिकाको सौन्दर्य, प्राकृतिक स्वरुप, जङगल, पुराना वस्ती, विविध रहनसहन तथा यातायातको पहुँच र कम लगानिमा वढि प्रतिफल प्राप्त गर्न सकिने हुनाले पर्यटनलाई संमृद्धिको सम्बाहकको रुपमा पहिचान गरिएको छ ।

**४. सामाजिक विकास क्षेत्र :** शिक्षा र स्वास्थ्य लघु उद्यम यस नगरपालिकामा ठूला उद्योग नभए तापनि साना तथा लघु उद्योगवाट समृद्धि प्राप्त गर्न सकिने हुँदा सामाजिक विकास र लघु उद्यमलाई समृद्धिको सम्वाहको रुपमा पहिचान गरिएको छ । यहाँ कृषि, वन तथा पर्यटनमा आधारित कच्चा पदार्थ तथा श्रमशक्ति पनि भएको, थोरै लगानीमा उद्यम सञ्चालन गर्न सकिने भएको तथा उत्पादित सामानको वजार समेत रहेको छ । यहाको सुन्ताला ,सिस्नु,काफल र ऐसेलु लगाएतका फलफुलको जुस प्रशोधन गर्न सकिने, ढुङ्गा खानी प्रसस्त रहेकोले तथा यस सम्वन्धमा आवधिक

योजनावाट समेत सम्भावनाका श्रोत पहिचान भईसकेका छ । यस क्षेत्रको समृद्धिको सम्भावनालाई तालिका न. ६ मा क्रमश विकास गर्ने नीति लिइएको छ ।

**५. खाने पानी सरसफाइ जनशक्ति विकास** : यस नगरपालिकामा खाने पानी सरसफाई र दक्ष जनशक्तिको विकासवाट समृद्धि हासिल गर्न सकिन्छ । यहाँ रहेका युवा, तालिम प्राप्त जनशक्तिले उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न अहम भूमिका निभाएका हुन्छन् । यस नगरपालिकावाट स्वदेश तथा विदेशमा गइ रोजगार प्राप्त जनशक्तिलाई आआफ्नो वस्तीमा फिर्ता गर्न सकेमा सिकेको सिपलाई उत्पादन वृद्धि गर्न सहयोग पुग्ने छ । उच्च सिपयूक्त जनशक्ति तथा मध्यमस्तरको जनशक्तिले विकासमा फड्को मार्न सकिन्छ । यसैले नगरपालिकाको विकासको सम्वहाकको रुपमा पहिचान गरिएको छ ।

## २.३.९ नारायण नगरपालिकाका समृद्धिका सहयोगीहरु :

यस नगरपालिकाको समृद्धि प्राप्तिका लागि देहायका क्षेत्रहरु समृद्धिका सहयोगीको रुपमा पहिचान गरिएको छ ।

**१.जनसांख्यिक लाभ** : यस क्षेत्रका जनसंख्याको संरचनाहरुलाई विश्लेषण गर्दा आर्थिक रुपमा सक्रिय रहेको जनसंख्याको उपस्थिति ज्यादै राम्रो स्थितिमा रहेको छ । जुन सुकै देशमा पनि विकास गर्ने स्रोत नै सक्रिय जनशक्ति हो । यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनशक्ति १५ वर्ष देखि ५९ वर्ष उमेरका जनसंख्या ..... प्रतिसत भन्दा माथि रहेको छ । यस नगरपालिकामा आश्रित जनसंख्या (० देखि १५ वर्ष र ६० देखि माथिको ) जनसंख्या ...प्रतिशत भन्दा तल रहेको छ । यो स्थिति विकासको लागि ज्यादै राम्रो अवसरको रुपमा लिईन्छ । यसै कारण आवधिक योजनाको कार्यान्वयनमा यस नगरपालिकाको जनसाङखिक स्थितिलाई नगरपालिकाको समृद्धि प्राप्तीमा सहयोगीको रुपमा पहिचान गरिएको छ ।

**२. सहअस्तित्व र सहकार्य** : नगरपालिकामा रहेको वस्तिको स्थिति तथा जनजातीको वसाई तथा आपसि सम्वन्ध आदिको विश्लेषण गर्दा यो नगरपलिकामा सवै धर्म, सवै जातजाती आपसमा मिलेर रहेको देखिन्छ । धर्म, जातजाति, गरीव धनी, हुने नहुने, गाँउ र वजार बीच को फरक भएपनि सहअस्तित्व र सहकार्य ज्यादै राम्रो रहेको छ । यो अवस्थाले यो नगरपालिकाको समृद्धि प्राप्तिमा सहयोग पुग्ने छ ।

**३. प्रादेशिक शहरसंगको सामिप्यता** : नारायण नगरपालिकाको सिमाना छिमेकी जिल्ला सुर्खेत सदरमुकाम वीरेन्द्रनगरशहर वा प्रादेशिक राजधानी वीरेन्द्रनगरबाट केवल ६९ कि.मि. को सामिप्यमा रहेको छ । नगरपालिकावाट उत्पादन भएको वस्तु विकि गर्न, आवश्यक पर्ने सामान खरिद गर्न सहयोग पुग्छ । पर्यटकहरु ग्रामीण क्षेत्रमा घुम्न रुचाउने हुनाले नगरपालिकाको धेरै वस्तीहरुमा होमस्टे कार्यक्रम सञ्चालन गरी जिविकोपार्जन गर्न सहयोग पुग्दछ । नगरपालिकामा आवधिक योजना अनुसार कार्यक्रम सञ्चालन गर्न र उत्पादनलाई वजार प्राप्तिको लागि छिमेकी बजारको ठूलो टेवा मिल्ने देखिन्छ ।

## २.३.१० नगरपालिकाका गौरवका आयोजना तथा कार्यक्रमहरु

नारायण नगरपालिकाको समृद्धि प्राप्त गर्नका लागि देहायका आयोजना तथा कार्यक्रमहरु गौरवको रुपमा लिइएको छ । यी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्न विशेष पहल गरिने छ ।

**१. नगरपालिका रहेको भवन स्थानलाई केन्द्र विन्दु वनाई पूर्वाधार विकास कार्यक्रम** : यस नगरपालिकाको मुख्य केन्द्र नगरपालिका भवन रहेको स्थान नयाँबजार क्षेत्रलाई वनाई विकासका पूर्वाधार निर्माण गरिनेछ । नगरपालिकावाट प्रत्येक वडामा सहज पहुँचको लागि आवश्यक व्यवस्था मिलाईने छ । यसै गरी प्रत्येक वडामा वडा कार्यालय स्थल विकासको केन्द्र विन्दु मानी विकास गरिने छ । यिनै क्षेत्रलाई पछि वजारीकरण गर्दै शहरको रुपमा विकास गर्ने गरी योजना वनाई कार्यान्वयन गरिने छ । नगरपालिकावाट वडा सम्म पहुचका लागि सडकहरु क्रमश कालोपत्रे गरिनेछ ।

सवै वडा कार्यालय क्षेत्रमा स्वास्थ्य, शिक्षा, कृषि सेवा, व्यापार, पर्यटनको विकास गरिने छ । यस कार्यक्रमलाई नारायण नगरपालिकाको मुहार वदल्ने गौरवको योजनाको रुपमा लिई विकास गरिने छ ।

नगरपालिकाको गौरवका योजनाहरु : राइलीको त्रिपानी र सहारेको खाने पानी योजनालाई नगरको गौरबको स्पमा लिन सकिन्छ ।

**३. पर्यटन विकास कार्यक्रम :** नारायण नगरपालिकालाई नेपाल तथा प्रदेशस्तरमा स्तरसम्म पुऱ्याउन विभिन्न सस्कृति सँस्कृतिको महत्व वारेमा जानकारी गराउन ग्रामीण  पर्यटनले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । यसको लागि ग्रामीण  पर्यटनका अन्य पूर्वाधार विकास गर्न लगानी गरिने छ र सोको अनुभव अन्य वस्तीहरुमा पनि विस्तार गर्न लगानी गरिने छ । यसवाट नगरपालिकाका ग्रामीण  वस्तिमा रहेका जनताको जीवनस्तर उच्च हुनेछ र नगरपालिकाको समृद्धि प्राप्त गर्ने लक्ष्य पुरा हुने हुनाले ग्रामीण  पर्यटन विकास गर्ने कार्यक्रमलाई गौरवको रुपमा लिइने छ ।

**४. कृषि वनमा आधारित उद्यम विकास कार्यक्रम :** यस नगरपालिकाका अधिकांश जनता निर्वाहमुखी खेतीमा आधारित रहेका छन् । कृषि क्षेत्रमा आधुनिकीकरण गर्ने, कृषि र वनमा आधारित उद्यमको विकास गरी रोजगारी दिने तथा मनग्य आम्दानी वढाउन प्राथमिकता दिई लगानी गरिने छ । कृषि फर्म तथा पशुपन्छी व्यवसाय सञ्चालन गर्ने कार्यक्रमलाई गौरवका आयोजनाका रुपमा सञ्चालन गरिने छ । यसवाट आर्थिक उन्नति भई नगरपालिकाको खुशी र समृद्धि प्राप्त गर्न सकिनेछ । वडा न. ११ को नगर जोडने सडक र  पुननिर्माण कार्यक्रमलाई नगरपालिकाका गौरवका योजना तथा कार्यक्रममा राखिएको छ ।

## २.३.११ आर्थिक सामाजिक विकासमा विभिन्न क्षेत्रको भूमिका :

नारायण नगरपालिकाको प्रथम आवधिक योजनाको अवधिमा नगरपालिकाको आर्थिक सामाजिक क्षेत्र विकासका लागि सरकारी, निजी, सहकारी तथा सामाजिक क्षेत्र सवैको महत्वपूर्ण भूमिका निम्न अनुसार रहने छ ।

**सरकारी क्षेत्रको :** यस आवधिक योजना अवधिमा सरकारी क्षेत्रको उल्लेखनीय भूमिका रहने छ । नेपालको संविधानको अनुसूचि ६,७ र ८ मा सरकारले गर्ने कार्यमध्ये संघ, प्रदेश तथा स्थानीय सरकारले गर्ने कार्य स्पष्ट उल्लेख गरेको छ । सो अनुसार नगरपालिकाका ठूला आयोजना सञ्चालन गर्ने, समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने, राष्ट्रिय स्तरका कानून निर्माण तथा नीतिगत व्यवस्था, नगरपालिकामा शान्ति सुरक्षा कायम गर्ने, समन्वय गर्ने जस्ता वृहतस्तरका कार्यहरु संघद्धारा तथा मझौला स्तरका योजना तथा कार्यक्रम र नीतिगत व्यवस्था गर्न कर्णाली प्रदेश सरकारवाट सहयोग पुग्नेछ । यस्तै गरी नगरपालिकाको विकास निर्माण कार्य, आर्थिक स्थायित्व कायम गर्नको लागि अवश्यक पर्ने नीतिगत, कानूनी, नियाम र प्रक्रियागत सुधार गरी अन्य क्षेत्रहरु जस्तै निजी, सहकारी, गैरसरकारी तथा समुदायिक क्षेत्रलाई विकासको प्रक्रियामा सहभागी हुनको लागि तथा लगानी गर्न आवश्यक वातावरण सृजना गर्ने कार्य सरकारी निकायवाट गरिने छ । नगरपालिकामा शान्ति सुरक्षा कायम गर्ने, सामाजिक सुरक्षा प्रदान गर्न, आर्थिक सामाजिक पूर्वाधार निर्माण गर्ने कार्य सरकारी क्षेत्रवाट भूमिका खेलिनेछ । यस नगरपालिकाले संघ, प्रदेश, निजी क्षेत्र, सहकारी, सामाजिक क्षेत्र, गैसस लगायत सवैसंग समन्वय कायम गरी कार्य गरिनेछ ।

**निजी क्षेत्र :** नारायण नगरपालिकाको आर्थिक सामाजीक क्षेत्रको विकास गर्नको लागि नीजि क्षेत्रको भूमिका उल्लेखनीय रहने छ । नगरपालिकाले विकासका पूर्वाधार निर्माण गरेका क्षेत्रमा आवास निर्माण, उद्योग, व्यापार व्यवसाय, सेवा सञ्चालन र अन्य उद्याम सञ्चालन गर्ने छ । नयाँ प्रविधिको प्रयोग, नयाँ सोचको आधारमा सामाजिक, आर्थिक विकास गर्नको लागि निजी क्षेत्रको भूमिका रहने छ ।

**सहकारी क्षेत्र :** सरकारले लिएका र लिने ३ खम्वे आर्थिक नीति अनुसार सहकारी क्षेत्र पनि एउटा महत्वपूर्ण क्षेत्र हो । सरकारी क्षेत्र पुग्न नसकेका र निजी क्षेत्रले लगानी गर्न नचाहेका क्षेत्रमा सहकारी क्षेत्रको भूमिका रहनेछ । यस नगरपालिकाका प्रत्येक वस्तीमा सहकारीको उपस्थिति रहनेछ । समुदायमा छरिएर रहेको पूजी संङ्कलन गर्ने र निजी क्षेत्रको लागि आवश्यक पर्ने पूजी परिचालन सहकारीको माध्यामबाट हुनेछ । यस्तै कृषकहरुले उत्पादन गरेको कृषि उपज सङ्कलन गरी वजार क्षेत्रमा लैजाने र मल विउ,उन्नत जातका पशुपन्छी उपलब्ध गराउने कार्य गरी नगरपलिकाको आर्थिक समृद्धि हाँसिल गर्न सहकारीको भूमिका रहनेछ ।

**गैर सरकारी संस्था तथा अन्य सामुदायिक क्षेत्र :** नगरपालिकाले तोकेको क्षेत्रमा र नगरपलिका, निजी क्षेत्र पुग्न नसकेको क्षेत्रमा गैरसरकारी तथा सामाजिक क्षेत्रको भूमिका रहनेछ । गरीवी न्यूनीकरण गर्न, दलित तथा अति गरीवहरुको स्थितिको सुधार गर्न, सामाजिक परिचालन गर्न, जनचेतना जगाउन, जनताको क्षमता अभिवृद्धि गर्न, स्थानीय साधन, स्रोत र सीपको परिचालन गर्न गैर सरकारी संस्था तथा अन्य सामुदायिक क्षेत्रको भूमिका रहनेछ ।

## २.४ समष्टिगत आर्थिक लक्ष्य र खाका

**२.४.१ आर्थिक वृद्धिदर :** नारायण नगरपालिकाको प्रथम आवधिक योजनामा समग्ररुपमा आर्थिक विकास गरी नगरवासीको जीवनस्तरमा व्यापक सुधार गरी **"कृषि,पूर्वाधार,शिक्षा,स्वास्थ्य र सस्थागत विकास नारायण नगरपालिकाको आधार"** प्राप्त गर्ने दीर्घकालिन सोच राखिएको छ । यस अवधिमा नगरपालिकामा कुनै पनि परिवार अति गरीव र गरीववाट मूक्त गराउने महान लक्ष्य र उद्धेश्य लिएको छ । यस अवस्थामा यस प्रथम आवधिक योजनामा आर्थिक वृदि दर, लगानी, रोजगारी आदिमा व्यापक वृद्धि गर्नु पर्ने हुन्छ । नगरपालिकामा रहेको गरीवीको समस्यालाई न्यूनीकरण गर्दै लागि जनताको जीवनस्तर सुधार गर्नुपर्ने भएको छ । नगरपालिकाको अधिकांश कृषि क्षेत्रमा परनिर्भर रहेकोमा कृषि क्षेत्रको हालको प्रतिशतवाट २०८५ सालसम्म पुऱ्याउने लक्ष्य लिइनेछ । गरीवीको रेखामुनी रहेका वेरोजगार ११ प्रतिशत जनताको आर्थिक स्थिति सुधार गरी २०८५ साल सम्म ८ प्रतिशतमा झर्नेको लागि प्रतिवर्ष ७ प्रतिशतले कुलग्राहंस्थ उत्पादन वृद्धि गर्नु पर्ने हुन्छ । यसको लागि नगरपालिकाको लागि चुनौतिको विषय पनि हुन आउछ । यी लक्ष्य पुरा गर्न नगरपालिकाले उद्यमी विकासमा जोड दिइने छ । मानव विकास तथा पूर्वाधार क्षेत्रको विकास गर्नमा व्यापक लगानी गरी सुधार गरिने छ । यस नगरपालिकाको समग्र समष्टिगत आर्थिक सूचक स्थितिको लागि केन्द्रिय तथ्याङक विभागवाट प्रकाशित विवरणको आधारमा आ.व को स्थिर मुल्यलाई आधार मानी उल्लेख गरिएको छ । आ.व. २०७९/०८० मा आर्थिक वृद्धि दर ५ प्रतिशतका दरले भएकोमा २०८४/०८५ मा आधार मूल्यमा ७ प्रतिशतले वृद्धि हुने देखिन्छ । समग्र औद्योगिक क्षेत्रलाई प्राथमिक क्षेत्र (Primary), द्बितीय (Secondary Sector) र सेवा क्षेत्र (Tertiary Sector ) गरी तीन समुहमा विभाजन गरिएको छ । चालु आवमा कृषि, वन, मत्स्य र खानी तथा उत्खनन् प्राथमिक क्षेत्रको योगदान ५ प्रतिशत (Primary sector) रहेको छ जुन आ.व.२०७९/०८० को तुलनामा कुल मूल्य अभिवृद्धि वृद्धिदर स्थिर मुल्यमा ७ प्रतिशत हुन आउछ ।

यस आवधिक योजना आवधिमा यस क्षेत्रको वार्षिक वृद्धि दर स्थिरमुल्यमा १० प्रतिशतका दरले वृद्धि गर्ने लक्ष्य तय गरिएको छ । द्बितिय क्षेत्र अन्तरगत निर्माण गरिने उद्योग, जलविद्युत, ग्यास तथा पानी क्षेत्र पर्दछ । आ.व २०७९/०८० को तुलनामा चालु आवमा यसको योगदान ५ प्रतिशत रहेको अनुमान गर्न सकिन्छ । कुल मूल्य अभिवृद्धि वृद्धिदर स्थिर मुल्यमा १० प्रतिशत हुन आउछ । यस क्षेत्रको वार्षिक वृद्धि दर ५ प्रतिशतका दरले वृद्धि हुने अनुमान गरिएको छ । यसै अनुसार सेवा क्षेत्र अन्तगत थोक तथा खुद्रा व्यापार होटल तथा रेष्टिुरेन्ट, यातायात सञ्चार तथा भण्डारण वित्तिय मध्यस्थता, होम स्टेट तथा व्यवसायिक सेवा, सार्वजनिक प्रशासन, रक्षा, स्वास्थ्य र अन्य व्यक्तिगत सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा पर्दछन् । चालु आ.व.मा यस क्षेत्रको योगदान धेरै रहेको छ । यस क्षेत्रको योजना अवधिमा वार्षिक वृद्धिदर ५ प्रतिशतका दरले वृद्धि गर्ने लक्ष्य राखिएको छ ।

औद्योगिक वर्गीकरण अनुसार कुल मुल्य अभिवृद्धिको दृष्ट्किोणले हेर्दा चालु आ.व. २०७९/०८० को कुल ग्रर्हस्थ्य उत्पादनमा कृषि क्षेत्रले प्रतिशत तथा गैर कृषि क्षेत्रले धेरै प्रतिशत योगदान रहेको अनुमान गरिएको छ । यस नगरपालिकाको समष्टिगत आर्थिक वृद्धि हाल आ.वं २०७९/०८० को प्रमुख आर्थिक सूचकहरुको आधारमा योजना अवधि २०८४/०८५ सम्ममा समष्टिगत लक्ष्य निम्न अनुसार वृद्धि हुने प्रक्षेपण गरिएको छ। आ.व. २०७९/०८० को यर्थाथ अवस्था र योजना अवधि आ.व. २०८४/०८५ सम्मका लक्षित केहि प्रमुख आर्थिक सूचकहरु :

**तालिका नं ११ : प्रमुख आर्थिक सूचकहरु**

| क.सं. | विवरण | २०८०/०८१ | २०८१/०८२ | २०८७ को प्रक्षेपित लक्ष्य | २१०० को प्रक्षेपित लक्ष्य | स्रोत |
|---|---|---|---|---|---|---|
| **१.** | कुल ग्राहस्थ्य उत्पादन वृद्धिदर आधारभूत मल्यमा प्रतिशत | ८ | १० | ११ | १२ | केतवी |
| **२.** | प्रतिब्यक्ति राष्ट्रिय आय डलरमा | १०४७ | १५९५ | २९०० | **१२१००** | केतवी |
| **३.** | आर्थिक बृद्धिदर | ६.८ | १०.३ | १०३ | **१०.५** | केतवी |
| **४.** | अर्थतन्त्रमा कृषिको योगदान | ४.८ | ५.८ | ५.८ | ५.९ | केतवी |
| **५.** | अर्थतन्त्रमा उद्योगको योगदान | १२.२ | १४.६ | १४.६ | १४.९ | केतवी |
| **६.** | अर्थतन्त्रमा सेवाको योगदान | ७.९ | १०.७ | १०.४ | १०.४ | केतवी |
| **७.** | कुलग्रहस्त उत्पादनको तुलनामा लगानी | ३६.९ | ४१.६ | ४४ | ४६ | केतवी |

आर्थिक वृद्धिको लागि कृषि तथा वन क्षेत्र, उद्योग, निर्माण, व्यापार, होटल, रेष्टुरेन्ट, शिक्षा, स्वास्थ्य, सूचना तथा प्रविधि आदि क्षेत्रहरुले नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रमा व्यापक सकरात्मक परिर्वतन भई समृद्धि प्राप्त गर्न सकिन्छ। यसै अनुसार यी क्षेत्रहरुमा योजना अवधिमा लगानी वढाईने छ। प्रथम पञ्च वर्षीय आवधिक विकास योजनामा प्रतिवर्ष १० प्रतिशतका दरले आर्थिक वृद्धि गर्ने लक्ष्य लिएको छ। यसमा आवधिक विकास योजना अवधि, मध्यकालिन तथा दीर्घकालिन कुल ग्रार्हस्थ्य उत्पादन र कुल मुल्य अभिवृद्धि प्रतिशत चालु आ.व. २०७९/०८० र लक्षित अवधि २०८४/०८५ को अवस्था सम्वन्धी विवरण तालिका नं १२ मा उल्लेख गरिएको छ। नगरपालिकाको आर्थिक विकासको लागि कृषि क्षेत्रवाट फड्को मारी उद्योग तथा सेवा क्षेत्रको योगदान उल्लेख्य रुपमा वढाउनु आवश्यक छ र सो अनुसार पनि लक्ष्य तय गरिएको छ। योजना अवधिमा कृषि, उद्योग तथा सेवा क्षेत्रवाट हुने आर्थिक वृद्धि सम्वन्धी विस्तृतरुपमा तालिका नं ८, ९ र १० मा उल्लेख गरिएको छ।

**तालिका नं १२ : आर्थिक वृद्धिका क्षेत्रहरु**

| क.सं. | विवरण | कुल ग्रार्हास्थ उत्पादन आ.व.२०७९/०८० | २०८०/०८१कुल मुल्य अभिवृद्धि वार्षिक वृद्धि दर | २०८४/०८५ मा कुल मुल्य अभिवृद्धि वार्षिक वृद्धि दर प्रतिशतमा | २१०० को प्रक्षेपित लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कृषि तथा वनक्षेत्र | **५** | **६** | **७** | **९** |

| क.सं. | विवरण | कुल ग्रार्हास्थ उत्पादन आ.व.२०७९/०८० | २०८०/०८१कुल मुल्य अभिवृद्धि वार्षिक वृद्धि दर | २०८४/०८५ मा कुल मुल्य अभिवृद्धि वार्षिक वृद्धि दर प्रतिशतमा | २१०० को प्रक्षेपित लक्ष्य |
|---|---|---|---|---|---|
| | प्रतिशत | | | | |
| १.१. | कृषि तथा वन क्षेत्र अन्तरगत | ४ | ५ | ६ | ८ |
| १.१.२. | धान | ३ | ४ | ५ | ७ |
| १.१.३. | तरकारी | १२ | १३ | १८ | २५ |
| १.१.४. | गहुँ | ३ | ३.५ | ४ | ७ |
| १.१.५. | मकै | ३ | ३ | ४ | ७ |
| १.१.६. | आलु | १५ | २० | २३ | ३० |
| १.१. | दलहन | १ | २ | ३ | ५ |
| १.२ | माछापालन | ५ | ८ | १५ | ३० |
| २. | उद्योग | | | | |
| २.१ | खानी तथा उत्खन | ५ | १० | १३ | २० |
| २.२ | उद्योग | ७ | १० | १५ | २५ |
| २.३ | विद्युत,ग्याँस तथा पानी | ७ | ८ | १० | १५ |
| २.४ | निर्माण | १५ | २० | २५ | ३५ |
| ३ | सेवा | | | | |
| ३.१ | थोक तथा खुद्रा व्यापार | १० | १२ | १५ | ३५ |
| ३.२ | होटल तथा रेष्टुरेन्ट | २० | २५ | ३० | ४० |
| ३.३ | यातायात सञ्चार तथा भण्डारण | १० | १५ | २० | ३० |
| ३.४ | वित्तिय मध्यस्थता | १५ | १८ | २० | ३० |
| ३.५ | रियल स्टेट तथा व्यावसायिक सेवा | १५ | १८ | २० | २५ |
| ३.६ | सार्वजनिक प्रशासन तथा रक्षा | ८ | १० | ११ | १२ |
| ३.७ | शिक्षा | १० | १२ | १३ | १५ |
| ३.८ | स्वास्थ्य तथा सामाजिक कार्य | १२ | १२ | १३ | १५ |
| ३.९ | अन्य सामुदायिक ,सामाजिक तथा व्यक्तिगत सेवा | १५ | १७ | १९ | २० |

**तालिका नं १३ : कुल ग्रार्हस्थ उत्पादन तथा क्षेत्रगत मुल्य अभिवृद्धि लक्ष्य सम्वन्धी विवरण**

| क्षेत्रहरु | आधार २०७९/०८० | आ.ब.२०८० /०८१ | आ.ब.२०८१ /०८२ | आ.ब.२०८२ /०८३ | आ.ब.२०८३ /०८४ |
|---|---|---|---|---|---|
| कृषि | ५ | ६ | ७ | ९ | १० |
| कृषि तथा वन | ४ | ५ | ६ | ८ | ९ |
| मत्यपालन | ३ | ४ | ५ | ७ | ८ |
| गैर कृषि | १२ | १३ | १८ | २० | २० |
| उद्योग | ३ | ३.५ | ४ | ७ | ८ |
| खानी तथा उत्खनन | ३ | ३ | ४ | ७ | ८ |
| उत्पादनमुलक उद्योग | १५ | २० | २३ | २३ | २५ |
| विद्युत,ग्यास तथा पानी | १ | २ | ३ | ५ | ६ |
| निर्माण | ५ | ६ | ७ | ९ | १० |
| सेवा | ४ | ५ | ६ | ८ | ९ |
| थोक तथा खुद्रा व्यापार | ३ | ४ | ५ | ७ | ८ |
| होटल तथा रेष्टुरेन्ट | १२ | १३ | १८ | २० | २० |
| यातायात तथा भण्डारणसंचार | ३ | ३.५ | ४ | ७ | ८ |
| वित्तिय मध्यस्थता | ३ | ३ | ४ | ७ | ८ |
| जग्गा बहाल तथा व्यापारिक कियाकलाप | १५ | २० | २३ | २३ | २५ |
| सार्वजनिक प्रशासन तथा रक्षा | १ | २ | ३ | ५ | ६ |
| शिक्षा | १५ | २० | २३ | २३ | २५ |
| स्वास्थ्य तथा सामाजिक कार्य | १ | २ | ३ | ५ | ६ |

**तालिका नं १४ : कुल ग्रार्हास्थ उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशतमा)**

| क्षेत्रहरु | आधार २०७९/०८० | आ.ब.२०८० /०८१ | आ.ब.२०८१ /०८२ | आ.ब.२०८२ /०८३ | आ.ब.२०८३ /०८४ |
|---|---|---|---|---|---|
| कृषि | ५ | ६ | ७ | ९ | १० |
| कृषि तथा वन | ४ | ५ | ६ | ८ | ९ |
| मत्यपालन | ३ | ४ | ५ | ७ | ८ |
| गैर कृषि | १२ | १३ | १८ | २० | २० |
| उद्योग | ३ | ३.५ | ४ | ७ | ८ |
| खानी तथा उत्खनन | ३ | ३ | ४ | ७ | ८ |
| उत्पादनमुलक उद्योग | १५ | २० | २३ | २३ | २५ |
| निर्माण | ५ | ६ | ७ | ९ | १० |
| सेवा | ४ | ५ | ६ | ८ | ९ |
| थोक तथा खुद्रा व्यापार | ३ | ४ | ५ | ७ | ८ |
| होटल तथा रेष्टुरेन्ट | १२ | १३ | १८ | २० | २० |

| क्षेत्रहरु | आधार २०७९/०८० | आ.ब.२०८० /०८१ | आ.ब.२०८१ /०८२ | आ.ब.२०८२ /०८३ | आ.ब.२०८३ /०८४ |
|---|---|---|---|---|---|
| यातायात तथा भण्डारणसंचार | ३ | ३.५ | ४ | ७ | ८ |
| वित्तिय मध्यस्थता | ३ | ३ | ४ | ७ | ८ |
| जग्गा बहाल तथा व्यापारिक कियाकलाप | १५ | २० | २३ | २३ | २५ |
| सार्वजनिक प्रशासन तथा रक्षा | १ | २ | ३ | ५ | ६ |
| शिक्षा | १५ | २० | २३ | २३ | २५ |
| स्वास्थ्य तथा सामाजिक कार्य | १ | २ | ३ | ५ | ६ |

नारायण नगरपालिकाको आर्थिक स्थिति विवरण निकालिएको अनुसार माथि उल्लेख गरिएको आर्थिक स्थिति प्राप्त गर्न ज्यादै चुनौति रहेको छ । यस नगरपालिकाको आर्थिक वर्ष २०७८/०७९ को विनियोजीत रकम रु ८०९२५८६८५.०१ र रु.५०१०६६०५५.९४ (६१.९१) चालुखर्च रु.२१२१७६९५५.२५(२६.२२) पुँजिगतखर्च र ९६०१५६७३.८२ संचित र फिर्ता गरेको छ । यस्तो अवस्थामा यस नगरपालिकाले आर्थिक वृद्धिदरमा सुधार गर्न स्थानीय स्तरमा उपलव्ध स्रोतहरुको व्यापक परिचालन गर्नुपर्ने टड्कारो आवश्यकता छ । त्यसका लागि स्थानीय मानिसहरुको आयआर्जनका आधारहरुलाई फराकिलो वनाउदै लैजाने सोच रहेको छ । जिविकोपार्जनको आधारहरुलाई सवल वनाएर मात्र स्थानीय कर प्रणालीलाई व्यवस्थित एवं दिगो सामाजिक न्याय योग्य वनाउन सकिन्छ । कर प्रणालीका आधारहरुलाई सवल नवनाइ कर उठाउदा यो दिगो तथा भरपर्दो हुदैन । दिगो आर्थिक वृद्धिदर हासिल गर्न कर प्रणाली व्यवस्थित गर्न अपरिहार्य छ । यद्यपि मानिसको जीवनस्तर उकास्ने प्रकृतिका उत्पादन मूलक कार्यक्रमका लागि नगरपालिकाको अहम भूमिकाको आवश्यकतालाई मध्यनजर गर्नु पर्दछ । विप्रेषण, निजी, सहकारी एवम् सामुदायीक क्षेत्रको लगानी, सार्वजनिक क्षेत्र, तथा अन्य क्षेत्रको लगानीको आधारमा नगरपालिकाको आर्थिक वृद्धि हासिल गर्न सकिन्छ ।

### २.४.२ लगानीको आवश्यकता र स्रोत :

यस नारायण नगरपालिकाको अर्थतन्त्र उत्पादनमुखी नभएर आयतमुखी अवस्थामा रहेको छ । आयतमुखी अर्थतन्त्रको अवस्थालाई उत्पादनमुखी अवस्थामा रुपान्तरण गर्नु नै आजको आबस्यकता हो तर यो नगरपालिकाको मूख्य चुनौती मानिएको छ । त्यसका लागि वैदेशिक रोजगारवाट प्राप्त विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने, ग्रामीण क्षेत्रमा विभिन्न क्षेत्रमा छरिएर रहेको पूँजिलाई व्यवस्थित गर्दै उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, विशेषगरी यस क्षेत्रमा वनपैदवारमा आधारित साना तथा मझौला उद्योग सञ्चालन गर्न पर्यटन प्रवर्द्धन गर्न कृषि तथा पशुपालन र पर्यटन व्यवसायको विस्तार गर्न लगानीको आवश्यकता रहेको छ । यीनै पक्षहरुलाई मध्यनजर गर्दै नगरपालिकले आफ्ना भावि कार्यक्रमहरुलाई अगाडि बढाउने लक्ष्य लिएको छ ।

यस नगरपालिकामा आर्थिक तथा सामाजिक विकास गर्नको लागि सुशासन कायम गरी योजना तथा आयोजनाहरु तेकिएको लागत र समयमा सम्पन्न गर्ने वातावरण श्रृजना गरिनेछ । नगरपालिकामा निजी क्षेत्र, संघ, प्रदेश तथा नगरपालिकावाट लगानी गरी पुंजीको उतपादकत्वमा वृद्धि भएको हुनेछ । पुंजीको उत्पादकत्व वढाउनका लागि कृषि, उद्योग तथा सेवा क्षेत्रमा नयाँ सिप र प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वढाईने छ । कृषि, पूर्वाधार ,पर्यटन, उद्योग, शिक्षा, स्वास्थ्य, आदि क्षेत्रमा लगानी वढाई पुँजी निर्माण गरिनेछ । यस नगरपालिकामा विभिन्न किसिमका प्राकृतिक स्रोतहरु रहेका छन् । विशेषगरी वन पैदवार यस क्षेत्र कै महत्वपूर्ण स्रोत हो ।

यहाँ विभिन्न किसिमका जडीवुटी जन्य वनस्पती पाइनुको साथै महत्वपूर्ण निर्माण सामग्रीको प्रयोगबाट तयार गरिने काष्ट तथा गैर काष्ट उद्योग पनि सञ्चालन गर्न सकिने सम्भावना रहेको छ । त्यसका लागि ठूलो लगानीको आवश्यकता र विभिन्न स्रोतहरुको परिचालनको आवश्यकता रहन्छ । यहाँका महत्वपूर्ण आयका स्रोतहरु जनशक्ति,

वनस्पती, पर्यटन व्यवसाय, कृषि तथा पशुपालन व्यवसाय, विप्रेषण आदि हुन् । स्थानीय स्तरमा उपलव्ध स्रोत तथा साधनको व्यवस्थित परिचालनवाट तिव्र आर्थिक वृद्धि गर्दै स्थानीय अर्थतन्त्रलाई दिगो एवं आत्मनिर्भर वनाउने प्रयास गरिनेछ । यस आवधिक योजनामा रु .४ अरव.२८ करोड ४९ लाख ८९ हजार ५०० रुपैया विभिन्न क्षेत्रमा लगानी गरिने छ । यो रकम सार्वजनिक क्षेत्र, निजी क्षेत्र, सामुदायिक क्षेत्रवाट लगानी गरिनेछ । योजना अवधिमा लगानी वढाउनको लागि नीजि क्षेत्रलाई प्रोत्सहान दिने नीति लिईने छ । यसै अनुसार सहकारी क्षेत्रको विकास गरी लगानीको लागि श्रोत व्यवस्था गर्न प्रयास गरिने छ । लगानीको आवश्यकतालाई परिपूर्ति गर्न, लगानी मैत्री वातावरण सिर्जना गर्न नगरपालिकाले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

**तालिका नं १५. क्षेत्रगत कुल लगानी (२०७९/०८० को स्थिर मूल्यमा)** रु (०००)

| क्षेत्रहरु | आ.ब.२०८०/०८१ | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | जम्मा रु.(०००) |
|---|---|---|---|---|---|---|
| **१.आर्थिक विकास क्षेत्र** | | | | | | |
| कृषि | ४४३०.०० | ४८१०.०० | २४३०.०० | ५१९०.०० | ६०५०.०० | २२८७०.०० |
| पशुपक्षी | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| खाद्य सुरक्षा तथा पोषण | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| सिचाई | १०६७५.५० | १०६७५.५० | १०६७५.५० | १०६७५.५० | १०६७५.५० | ५३३७७.५० |
| भूमीब्यबस्था | २०५०.०० | २१००.०० | २१००.०० | २६००.०० | २६५०.०० | ११५००.०० |
| वन तथा वनस्पति | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| खनिज सम्पदा | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| उद्योग बाणिज्य आपूर्ति तथा पर्यटन बजार | [illegible] | [illegible] | [illegible] | [illegible] | ४१५०.०० | १५२५०.०० |
| ब्यापार तथा आपूर्ति | ४९००.०० | ५१००.०० | ३१००.०० | ६१००.०० | ७३००.०० | २६५००.०० |
| स्वोरोजगारका लागि सिपविकास कार्यक्रम | २५००.०० | २५००.०० | ५०००.०० | ५०००.०० | १००००.०० | २५०००.०० |
| पर्यटन | ३५००.०० | ३५००.०० | ८५००.०० | ९५००.०० | १४५००.०० | ३९०००.०० |
| सहकारी वित्तिय तथा सेवा | ८३००.०० | ८३५०.०० | ८३५०.०० | ८८५०.०० | ८९००.०० | ४२७५०.०० |
| जम्मा बजेट | ४८६४७.०० | ४९६१४.०० | ५४०२६.०० | ६२२०४.०० | ७६५३९.५० | २९१०३०.५० |
| **२.सामाजिक विकास क्षेत्र** | | | | | | |
| शिक्षा | ६०५९५.३० | ६००९५.३० | ६००९५.३० | ६००९५.३० | ६००९५.३० | ३००९७६.५० |
| स्वास्थ्य तथा पोषण | १२५५३६.०० | १२०५३६.०० | १२०५३६.०० | १२५५३६.०० | १२०५३६.०० | ६१२६८०.०० |

| क्षेत्रहरु | आ.ब.२०८०/०८१ | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | जम्मा रु.(000) |
|---|---|---|---|---|---|---|
| खाने पानी तथा सरसफाई | १७३९१.४० | १७३९१.४० | १८९९१.४० | १७३९१.४० | १७३९१.४० | ८८९५७.०० |
| सा.स.सा.सु.स. ( म.वा.कि.कि.जेष्ठ तथा अ.ब्य) | १५१६६३.१० | १५१६६३.१० | १५१६६३.१० | १५१६६३.१० | १५१६६३.१० | ७५८३१५.५० |
| युवा तथा खेलकुद | १९४३.१० | १९४३.१० | १९४३.१० | १९४३.१० | १९४३.१० | ९७१५.५० |
| सस्कृति | ६०४४.३० | ६०४४.३० | ६०४४.३० | ६०४४.३० | ६०४४.३० | ३०२२०.५० |
| जम्मा | **३६३१७३.३०** | **३५७६७३.२०** | **३५९२७३.२०** | **३६२६७३.२०** | **३५७६७३.२०** | **१८००८६५.** |
| **३ भौतिक विकास क्षेत्र** | | | | | | |
| सडक | १६७३०.०० | १५४८००.०० | १५४८००.०० | १६७३००.०० | १५४८००.०० | ७९९०००.०० |
| आबास बस्ती तथा बजार विकास | **१६९६७८.८** | **१६९६७८.८** | **१६९६७८.८** | **१६९६७८.८** | **१६९६७८.८** | **८४८३९४.००** |
| सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | ४४०००.०० | ४४०००.०० | ४४०००.०० | ४४०००.०० | ४४०००.०० | २२००००.०० |
| जम्मा | **३८०९७८.८** | **३६८४७७.८** | **३६८४७७.८** | **३८०९७८.८** | **३६८४७७.८** | **१८६७३९४.००** |
| **४ वातावरण तथा विपद ब्यबस्थापन क्षेत्र** | | | | | | |
| वन तथा भू संरक्षण | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | ४१०५०.०० |
| फोहरमैला ब्यबस्थापन | ७५००.०० | ७५००.०० | ७५००.०० | ७५००.०० | ७५००.०० | ३७५००.०० |
| विपद ब्यबस्थापन | १०४००.२० | १०४००.२० | १०४००.२० | १०४००.२० | १०४००.२० | ५२००१.०० |
| जम्मा | **२६११०.२०** | **२६११०.२०** | **२६११०.२०** | **२६११०.२०** | **२६११०.२०** | **१३०५५०.००** |
| **लोकतन्त्र सुशासन तथा सस्थागत विकास समुह** | | | | | | |
| सस्थागत व्यबस्था,शासकीय सुधार तथा सुशासन | २२१००.०० | २२६००.०० | २२१००.०० | २२१००.०० | २२१००.०० | १११०००.०० |
| वित्तिय ब्यबस्था र भ्रष्टचार निवारण | १२०६०.०० | १२०६०.०० | १२०६०.०० | १२०६०.०० | १२०६०.०० | ६०३००.०० |
| सुशासन | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | २३८५०.०० |
| जम्मा | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | १९५१५०.०० |
| **आ.ब.२०८०/०८१ देखि २०८४/०८५ को जम्मा** | | | | | | |

| क्षेत्रहरु | आ.ब.२०८०/०८ १ | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | जम्मा रु.(000) |
|---|---|---|---|---|---|---|
| **विषयगत समुहहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु.(000)** |
| **१.आर्थिक विकास क्षेत्र** | ४८६४७.०० | ४९६१४.०० | ५४०२६.०० | ६२२०४.०० | ७६५३९.५० | २९१०३०.५० |
| **२.सामाजिक विकासक्षेत्र** | ३६३१७३.३० | ३५७६७३.२० | ३५९२७३.२० | ३६२६७३.२० | ३५७६७३.२० | १८००८६५.०० |
| **३ भौतिक विकास क्षेत्र** | ३८०९७८.८० | ३६८४७७.८० | ३६८४७७.८० | ३८०९७८.८० | ३६८४७७.८० | १८६७३९४.०० |
| **४ वातावरण तथा विपद** | २६११०.२० | २६११०.२० | २६११०.२० | २६११०.२० | २६११०.२० | १३०५५०.०० |
| **५.लोकतन्त्र सुशासन तथा सस्थागत विकास समुह** | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | १९५१५०.०० |
| **जम्मा** | ८५७९३९.३० | ८४०९०५.२० | ८४६९१७.२० | ८७०९९६.२० | ८६७८३०.७० | ४२८४९८९.५० |

## २.४.३ सार्वजनिक स्रोत व्यवस्था :

सार्वजनिक स्रोतको उचित व्यवस्थापन आजको आवश्यकता हो । घरपरिवार, निजी, सहकारी तथा सामुदायिक क्षेत्रहरुको लगानी आकर्षित गरी सार्वजनिक स्रोत व्यवस्थापन गर्न सकिन्छ । आर्थिक वृद्धिको लक्ष्य तथा दिगो विकास लक्ष्य हाँसिल गर्न सार्वजनिक स्रोत परिचालनको महत्वपूर्ण भूमिका रहन्छ । सार्वजनिक क्षेत्र अन्तर्गत विभिन्न सरकारी तथा गैर सरकारी संस्था, नागरिक समाज र सामुदायिक क्षेत्र, सहकारी क्षेत्र तथा निजी क्षेत्र यहाँका सार्वजनिक स्रोत व्यवस्थापका प्रमुख क्षेत्रहरु हुन् ।

**तालिका नं १६. क्षेत्रगत आय व्ययको तुलना**

| क.स. | आ.ब. | अनुमानित बजेट रु. | अन्तर | बृद्धि प्रतिसतमा |
|---|---|---|---|---|
| १ | आ.ब २०७४/०७५ | ४१६८१५१४१.७९ | ०० | ०० |
| २ | आ.ब २०७५/०७६ | ५४५५८५६७१.२२ | १२८७७०५३०.२२ | ३०.८९ |
| ३ | आ.ब २०७६/०७७ | ६२१७०९३८३.९७ | ७६१२३७१२.७५ | १३.९५ |
| ४ | आ.ब २०७७/०७८ | ७७०२७१९६८.७४ | १४८५६२५८४.७७ | २३.८९ |
| ५ | आ.ब २०७८/०७९ | ८०९२५८६८५.०१ | ३८९८६७१६.२७ | ५.०६ |
| ६ | आ.ब २०७९/०८० | ६४९१९२०००.०० | १६००६६६८५.०१ | -१९.७७ |

## २.४.४ अन्तर सरकारी वित्त :

यस नगरपालिकाको अधिकांश श्रोत अन्तर सरकारी वित्त व्यवस्थापन अन्तर्गत संघ र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व तथा अनुदान को रकममा भरपर्नु पर्ने स्थिति रहेको छ। योजना आवधिको ५ वर्षको लागि संघीय बिभाज्य

**तालिका नं.१७ कुल स्रोतको विवरण र अनुमान**

**आ.ब. २०८०/०८१ देखि आ.ब. २०८४/०८५ कुल स्रोतको अनुमान विवरण**

| आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ सम्मको संभाव्य आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण (रु.000) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **क. स.** | **शिर्षकहरु** | **आ.ब.२०७९ /०८०** | **आ.ब २०८० /०८१** | **आ.ब २०८१ /०८२** | **आ.ब २०८२ /०८३** | **आ.ब २०८३ /०८४** | **आ.ब२०८४ /०८५** | **जम्मा** |
| १. | जम्मा आय | ६४९१९२.०० | ७७९०३०.४ | ९३४८३६.४८ | ११२१८०३.७७६ | १३४६१६४.५३१२ | १६१५३९७.४३७४४ | ५५११५८८.१४ |
| २. | पुँजीगत तर्फ | | ८५७९३९.३० | ८४०९०५.२० | ८४६९१७.२० | ८७०९९६.२० | ८६७८३०.७० | ४२८४९८९.५० |
| ३. | चालु तर्फ | ३८२६७१.८८ | ३८२६७१.८८ | ४२०९३९.०६ | ४६३०३२.९९६ | ५०९३३६.२९ | ५६०२६९.९१ | २३३६२५०.१३ |
| ४. | | | | | | | | |
| ५. | आन्तरिक राजश्व | | | | | | | |
| ६. | राजस्व बाँडफाँडबाट प्राप्तरकम (केन्द सरकारबाट प्राप्त ) | | | | | | | |
| ७. | प्रदेश सरकारबाट राजस्व बाँडफाँडबाट प्राप्त रकम , सवारी साधन कर ) | | | | | | | |
| ८. | अघिल्लो आ.व.को नगद मौज्दात | | | | | | | |
| ९ | विकास साझेदार | | | | | | | |
| १० | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | | | | | | | |
| ११ | प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान | | | | | | | |
| १२ | संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | | | | | | | |
| १३ | प्रदेश सरकारबाट प्राप्तसशर्त अनुदान | | | | | | | |
| १४ | संघ विशेष अनुदान | | | | | | | |
| १५. | प्रदेश विशेष अनुदान | | | | | | | |
| १६. | संघीय समपुरक अनुदान | | | | | | | |
| १७ | प्रदेश समपुरक अनुदान | | | | | | | |
| १८ | स्थाननीय राजस्व बाँडफाँडबाट प्राप्त | | | | | | | |
| **कुल जम्मा आय** | | ६४९१९२.०० | ७७९०३०.४ | ९३४८३६.४८ | ११२१८०३.७७६ | १३४६१६४.५३१२ | १६१५३९७.४३७४४ | ५५११५८८.१४ |

नारायण नगरपालिका दैलेखको आ.ब. २०७४/०७५ देखि आ.ब. २०७९/०८० को आय अनुमानलाई आधार मानेर सो अवधिमा भएको बृद्धि अनुपात अनुसार प्रत्येक वर्ष २० प्रतिसत बृद्धि भएको खण्डमा जम्मा रु ५ अरब ५१ करोड १५ लाख ८८ हजार १ सय ४० रुपैयाँ आम्दानी हुने प्रक्षेपण गरिएको छ। चालुखर्च रु.२ अरब ३३ करोड ६२ लाख ५० हजार १३० र विकास खर्च रु.४ अरब २८करोड ४९ लाख ८९हजार ५०० गरेर जम्मा रु. ७ अरव ८४करोड ७८लाख ३८ हजार २७० र अपुग रकम रु. २ अरब ३३ करोड ६२ लाख ५० हजार १३०.देखिन आउँछ।

यस अवधिमा लगानी गर्ने रकम र आय रकम बीच को फरक अर्थात नपुग लगानी रकम देहायका कार्यनीति अवलम्वन गरी रकम जुटाईनेछ।

१. नगरपालिकाको सदर मुकाम जोड्ने तथा ११ न.वडा जोड्ने सडकको स्तरोन्निति गर्नको लागि र मोटरेवल पुलको लागि आवश्यका लगानी रकम संघ तथा कर्णाली प्रदेशसंग समन्वय गरी वजेटको व्यवस्था गर्न पहल गरिने।

२. नगरालिकाको पूर्वाधार तथा सामाजिक र आर्थिक विकास गर्नको लागि अनुदान वृद्धि गर्नको लागि संघीय सरकारमा आवश्यक पहल गरिने।

३. नगरपालिकाको आन्तरिक श्रोत वढाउनको लागि नीतिगत तथा संगठानिक व्यवस्था मिलाईने।

४.माथि उल्लेखित क्षेत्र मध्ये व्यापार, पर्यटन, कृषि, पशुपन्छी पालन, उद्योग तथा शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने वातावरण तयार गरिने।

५. सामाजिक तथा वातावरण क्षेत्रको विकासमा लगानीको लागि गैसस तथा अन्तराष्ट्रिय संस्थासंग समन्वय गरी लगानी प्राप्त गर्ने प्रयास गरिने।

६. गौरवका तथा ठूला योजनाको लागि आवश्यक पर्ने लगानी रकम संघको समन्वयमा वैदेशिक सहयोग जुटाउन पहल गरिने।

७. यस नगरपालिकावाट विदेशमा तथा स्वदेशका विभिन्न स्थानमा रहि सेवा गरेका व्यक्ति तथा संस्थको पहलमा सहयोग जुटाउने प्रयास गरिने।

८. योजना तथा कार्यक्रम कार्यन्वयन गर्दा जनसहभागिता जुटाईने।

९. नगरपालिकाको क्षमता अभिवृद्धि गरिने।

### २.४.५ स्रोत साधनको बाँडफाड तथा परिचालनका आधारहरु :

यस नगरपालिकाको प्रथम आवधिक योजनाको लागि जम्मा रु . अर्ब .. करोड .. लाख .. हजार .. सय .. रुपैयाँ रकम आम्दानी हुने प्रक्षेपण गरिएको छ। यो श्रोत नगरपालिकाका जनताको आर्थिक, सामाजिक क्षेत्रको विकास तथा पूर्वाधार निर्माणको लागि लगानी गरिनेछ। प्राप्त स्रोत तथा साधनहरुको बाँडफाँड तथा परिचालन गर्दा देहायका आधारहरु लिएको छ।

- दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने किसिमका क्षेत्रमा साधन विनियोजन गर्न जोड दिने।
- स्थानीय स्तरका स्रोत तथा साधनको वढि प्रयोग तथा उपयोग गर्ने र स्थानीय स्तरमा क्षमता अभिवृद्धि गर्ने क्षेत्रमा वजेट बाँडफाँड तथा परिचालन गर्न जोड दिने।

- कृषि तथा वन, उत्पादनमूलक क्षेत्र, स्थानीय स्तरमा निर्माण गर्न सकिने साना तथा घरेलु उद्योग, ग्रामीण तथा सामाजिक विकासमा सहकारी तथा सामुदायिक क्षेत्रको स्रोत साधनलाई परिचालन गने ।
- निजी क्षेत्रको अभिवृद्धि, रोजगारी सिर्जना, पर्यटन पर्वद्धन, स्थानीय वस्तुहरुको उत्पादन वृद्धि गर्ने क्षेत्रमा लगानी वढाउने ।
- स्थानीय मानव पुँजी निर्माण र त्यसको अधिकतम उपयोगले उत्पादकत्वमा वृद्धि तथा उच्च आयको आधार निर्माण हुने हुनाले यस क्षेत्रमा लगानी गर्न निजी क्षेत्र, सामुदायिक संघ संस्थासंग समन्वय गरी लगानी गरिने छ ।
- छिटो प्रतिफल दिने तथा आर्थिक प्रतिफल वढि भएका क्षेत्रमा साधन विनियोजनको गर्न जोड दिने ।
- नगरपालिकाले प्राथमिकता दिएका क्षेत्रहरुका कृषि पूर्वाधार निर्माण गर्न लगानी गर्न प्राथमिकता दिने ।
- व्यवसायिक कृषि अवलम्वनगर्ने, वन र कृषिमा आधारित साना तथा घरेलु उद्योगका विकास गर्ने क्षेत्रमा लगानीको व्यवस्थापन गर्ने ।
- अति गरीव, गरीव, दलित जनजाती, एकल महिला, अपाङ्ग, विपद्मा परेर वेसाहारा भएका समुदायकको उत्थान तथा आर्थिक उपार्जन र क्षमता अभिवृद्धि गर्नको लागि लगानी गरिने ।
- व्यापार, ग्रामीण  पर्यटन, उद्योग, विभिन्न किसिमको उद्यमी विकास गर्नको लागि निजी क्षेत्रलाई परिचालन गरिने ।
- वस्ती तथा वडाहरुमा नयाँ प्रविधि अपनाएर थोरै लगानीमा वढि भन्दा वढि प्रतिफल प्राप्त गर्ने क्षेत्रको पहिचान गर्न र सो को विकासको लागि लगानी गरिने ।
- प्रशासनिक खर्चमा मितव्ययीता अपनाउने, आर्थिक क्रियाकलापमा पारदर्शिता गराउने र विकासमा स्थानीय स्तरको वढि भन्दा वढि सहभागिता जुटाउने ।
- आन्तरिक उत्पादनलाई वढाउने र आयतमा कमि ल्याउने क्षेत्रको पहिचान गरी लगानी गर्ने ।
- वजार विस्तार तथा संस्थागत व्यवस्थापनमा लगानी वढाइने ।
- आर्थिक स्थिति सुधार गर्नको लागि निजी क्षेत्रलाई लगानी गर्ने वातावरण श्रृजना गर्न लगानी गरिने।
- शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापक सुधार गर्नको लागि श्रोत र साधन परिचालन गर्ने जस्ता आधारहरु समावेश गरिएको छ ।

# परिच्छेद तीन : समष्टिगत आर्थिक नीति

**३. पृष्ठभूमि :** नेपालले संघिय प्रणाली अवलम्बन गरे पछि बनेका तीन तहका सरकारहरु मध्ये नारायण नगरपालिका स्थानीय सरकारको एक महत्वपुर्ण तह हो । नेपालको संविधान २०७२ को धारा ५७ (४), धारा २१४ (२), धारा २२१ (२) र धारा २२६ (१) अनुसार अनुसूचि ८ र ९ र स्थानीय सरकार संचालन ऐन २०७४ ले प्रदान गरेका अधिकारको प्रयोग गरी विकासको वृहत् दायित्वलाई सम्बोधन गर्न थालनी गरिएको प्रथम आवधिक योजनाका समष्टिगत आर्थिक नीतिहरु तयार गरिएको छ । नगरपालिकाका आर्थिक नीति तथा रणनीतिहरुले नगरपालिकाको आफ्नो क्षेत्र लगायत प्रदेश र संघको आर्थिक समृद्धि र समाजवादको दिशा तर्फ अगाडि बढ्ने खाका प्रस्तुत गर्ने छ । संविधानले निर्दिष्ट गरेको सार्वजनिक निजी र सहाकारी क्षेत्रको साझेदारीमा आधारित सामाजिक न्याँयलाई प्रवर्द्धन गर्ने दिगो फराकिलो र उच्च बृद्धिदर हासिल गर्दै नागरिकका आर्थिक एवं समाजिक विकासका आकांक्षा पूरा गर्न यी नीतिहरु परिलक्षित हुने छन् ।

## ३.१ सार्वजनिक वित्त

### ३.१.१ सार्वजनिक खर्च

**३.१.१.१ पृष्ठभूमि :** नारायण नगरपालिकाबासीका आधारभुत आवश्यकता, अपेक्षा परिपुर्ती र संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन गर्दै समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्न उपलब्ध साधन स्रोतको कुशल र प्रभावकारी परिचालनको लागि सार्वजनिक खर्चको कुशल र दक्ष व्यवस्थापन अनिवार्य छ । सार्वजनिक खर्चको संरचना र खर्च गर्ने भूमिका र जिम्मेवारी नगरपालिका, संघ, प्रदेश बाँडफाँड गरिएको संघिय प्रणाली अनुरुप संघ र प्रदेशले गर्ने सार्वजनिक स्रोतको विनियोजनको न्यायोचित र नगरपालिकाले प्राप्त गरेको स्रोतको खर्च गर्दा पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउनको लागि नगरपालिकाको संस्थागत क्षमता र कर्मचारी एवं पदाधिकारीहरुको दक्षता आनिवार्य छ । नगरपालिकाको आयब्यय अनुमान गर्दा चालु खर्चको तुलनामा पुँजिगत खर्चको अबस्था कमजोर रहन गएको छ । नारायण नगरपालिका तहमा कुल ग्रार्हस्थ उत्पादनको आंकडा व्यवस्थापनको पद्धति विकास हुँदै गरेका अवस्थामा प्राप्त सार्वजनिक खर्चलाई कुशल र प्रभावकारी बनाउदै पुँजीगत खर्च गर्ने क्षमता बृद्धिमा यो योजना केन्द्रित गरिएको छ ।

**३.१.१.२. प्रमुख समस्याहरु :** नारायण नगरपालिकामा प्रयाप्त र दक्ष कर्मचारीको अभाव, स्थानीय आयोजनामा काम गर्ने सक्रिय र दक्ष जनशक्ति नहुनु, प्रत्यक्ष्य लाभग्राहीको जनसहभागिता नहुनु, चालु खर्चको तुलनामा पुँजिगत खर्च अपेक्षित रुपमा बढ्न नसक्नु, साना र टुक्रे आयोनाहरुमा स्रोतको विनियोजनबाट अपेक्षित लाभ हाँसिल नहुनु, आर्थिक अनुशासनको पालनामा कमी हुनु, खर्च गर्ने क्षमता भन्दा बढी बजेटको माग हुनु, निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुनु सार्वजनिक खर्च व्यवस्थापनमा देखिएका टड्कारा समस्याहरु हुन ।

**३.१.१.३ चुनौतीहरु :** नारायण नगरपालिकाको ग्रामीण इलाकामा आर्थिक उपार्जनका अवसरको अभाव, माग भएका योजना र सम्भावित श्रोतको विचमा तालमेल मिलाउनु सबै भन्दा ठूलो चुनौति हो । युवा जनशक्तिलाई परम्परागत निर्वाहमुखि कृषि प्रणालीले आकर्षण गर्न नसक्ने, निजी लगानी पुर्ण रुपमा शहर केन्द्रीत हुँदा सार्वजनिक खर्चले मात्र नगरको आर्थिक र समाजिक विकासमा धेरै चुनौती थपेको छ । स्थानीय नागरिकका चाहना र आधारभुत आवश्यकता, मुलुकको दीर्घकालिन सोंच, दिगो विकास लक्ष्य, संघिय सरकारको पन्ध्रौ योजना, कर्णाली प्रदेशको प्रथम आवधिक योजना आदिका लक्ष्य हाँसिल हुने गरी सार्वजनिक खर्चको व्यवस्थापन गर्नु निकै चुनौतीपुर्ण छ । सार्वजनिक खर्चको बढ्दो मागलाई कुशलतापूर्वक व्यवस्थापन गर्नु, संघ र प्रदेशबाट हुने विनियोजनमा कुशलता र न्यायोचित ल्याउनु,

उच्चतम प्रतिफल हासिल हुने गरी खर्च गर्ने दक्षता बढाउनु र चालु खर्चलाई बञ्चित सीमा भित्र राखी पुँजीगत खर्च बढाउनु हाल नगरपालिका तहमा देखिएका खास चुनौतीहरु हुन ।

**अवसरहरु :** नारायण नगरपालिकाकामा दोस्रो निर्वाचित पदाधिकारीको उपस्थिती र क्रियाशिलताले लामो समयको जनप्रतिनिधि विहिन अवस्थाको अन्त्य गर्दै प्रत्यक्ष जवाफदेहिताको अवस्था सृजना गरेको छ । राजनैतिक दलहरु समेतमा महिला हिंसा बिरुद्ध छलफल र बहस संचालन हुनु । सार्वजनिक खर्च गर्ने स्थान र आयोजनाहरु जनप्रतिनिधि र जिम्मेवार कार्मचारी प्रशासनको नजिकमा भएकोले परिणामको अनुभुती गरी आवश्यक सुधार गर्ने अवसर छ । महिलाहरुको समुह निर्माण हुनु, राजनीतिक दलमा समेत महिलाको सहभागिताको बहस संचालन हुनु, समुदाय तथा स्थानीय स्तरमा महिलाहरु संगठित भइ महिला हिंसा र अधिकारका लागि क्रियाशिलता तर्फ उन्मुख हुनु, हरेक स्थानमा महिला मैत्री वातावरणका लागि बहस संचालन हुनु , हिंसा पीडितका लागि न्याय सेवा संचालन हुन तर्फ उन्मुख हुनु । सार्वजनिक खर्च प्रणालीको स्थानीय अवस्थालाई मध्यनजर गर्दै नगरसभाले प्रदेश र संघिय कानुनसंग नबाझिने गरी नीतिगत, कानुनी र प्रक्रियागत सुधार गर्ने अधिकार विद्यमान छ । संघिय तहमा भएका नीतिगत, कानुनी र प्रविधिजन्य सुधारले थप सार्वजनिक खर्च व्यवस्थापनका प्रभावकारीता बढाएको छ भने विकास साझेदारहरुले गर्ने प्रत्यक्ष्य सहयोगहरु पनि थप अवसरको रुपमा रहेका छन । गाउँबाट शहर बजार तथा विदेशमा रोजगारीको लागि जाने युवाहरुले आर्जन गरेको आम्दानीको केही अंश नगरमा आर्थिक उपार्जनको लागि खर्च गर्ने प्रोत्साहन गर्दा नगरको अर्थतन्त्र चलायमान हुने अवसर छ । नारायण नगरपालिकाको भौगोलिक अबस्थालाई सहिसदुपयोग गर्ने हो भने वेमौसमी तरकारी,बाख्रापालन,गाई भैसीपालनका साथसाथै काफल,सुन्ताला,चिउरीको वनविकास र माहुरीपालनको पनि विशेष सम्भावना रहेको छ ।

## ३.१.१.४ दीर्घकालिन सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति :

**दीर्घकालिन सोंच : "समृद्ध** नारायण नगरपालिका**को आधार,कला सस्कृतिको संरक्षण,कृषि,पर्यटन र पूर्वाधार '** हुने छ ।

**लक्ष्य :** सार्वजनिक खर्चको कुशल, न्यायोचित र नतिजामुलक व्यवस्थापन गरी नारायण नगरपालिकाको अर्थतन्त्रलाई सबल र समृद्ध बनाउने ।

**उद्देश्य :** नारायण नगरपालिकाको सार्वजनिक खर्चको कुशल विनियोजनको, कार्यान्वयन र अनुशासित वित्तय व्यवस्थापनबाट समावेशी र उच्च आर्थिक वृद्धि हाँसिल गर्ने ।

**रणनीति तथा कार्यनीति :** नारायण नगरपालिकाको आर्थिक क्षेत्रमा तय गरिएका विषयगत उद्देश्य एवम् प्रतिफलहरू हाँसिल गर्न देहाय बमोजिमका कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

**रणनीति :**

१. नगरपालिकाको सार्वजनिक खर्च प्रणालीलाई दरिलो, दक्ष, पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउने ।

२. सार्वजनिक खर्चलाई निजी खर्च प्रवर्द्धन गर्दै आर्थिक र समाजिक पुँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी परिचालन गर्ने ।

३.स्थानीय विकासको आवश्यकतालाई सम्बोधन गर्न नारायण नगरपालिका, प्रदेश र संघको अन्तर सरकारी वित्तलाई प्रभावकारी समन्वय गरी न्यॉयोचित, सन्तुलित र परिपुरक रुपमा व्यवस्थापन गर्ने ।

४. सार्वजनिक खर्च प्रणालीलाई छरितो र पारदर्शी बनाउन सूचना प्रविधिलाई अवलम्बन गर्ने ।

**कार्यनीती :** आन्तरिक प्रणालीलाई दरिलो, दक्ष, पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउने ।

१. नगरपालिका, प्रदेश र संघका आवधिक विकास योजना तथा बार्षिक बजेट तथा कार्यक्रम बीच तादम्यता कायम गर्न र प्राथमिकीकरणमा परेका आयोजनाहरुको लागि स्रोत सुनिश्चित गर्दै सार्वजनिक खर्चलाई नतिजामुखि बनाउन मध्यकालिन वित्तिय र बजेट खाकाको साथै मध्यकालिन खर्च प्रणालीलाई समेत संस्थागत गरिने छ ।

२. शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई, महिनावारी स्वच्छता र सामाजिक सुरक्षा एवं संरक्षण जस्ता सामाजिक विकासको लागि बजेट विनियोजनको गरिने छ ।

३. नगरपालिकाको बजेट, कार्यक्रम/आयोजना तर्जुमा तथा कार्यान्वयनसंग सम्बन्धित कर्मचारीहरुको क्षमता अभिवुद्धि गरिने छ । .

४. नगरमा पुँजी निर्माणको लागि सार्वजनिक स्रोतलाई निजी लगानी आकर्षण गर्ने गरी परिचालन गरिने छ ।

५. गैर बजेटरी खर्चलाई नियन्त्रण गरिने छ ।

६. आर्थिक वर्षको सुरुवात देखिनै पुँजीगत खर्च गर्न प्रोत्साहन गरिने छ ।

७. वित्तिय जोखिम न्युनिकरण गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गरिने छ ।

८. पुँजीगत खर्चको उत्पादनशील क्षमता अभिबृद्धि गर्न चालु खर्चलाई आवद्ध गरिने छ ।

९.वित्तिय उत्तरदायित्वलाई प्रभावकारी कार्यान्वयनको लागि संघिय र प्रदेशबाट बनेका कानुन एवं कार्यविधिहरुलाई कार्यान्वयन गर्ने ।

१०. नगरपालिका लगायत संघ र प्रदेशबाट बाँडफाँड एवं वित्तिय हस्तान्तरण भई आउने स्रोतलाई पारदर्शी, न्यायोचित र सन्तुलित बनाउन संघ र प्रदेशसंग समन्वय गरी एकीकृत ढाँचा तयार गरिने छ ।

११. अनुदानलाई उत्पादनशील र पारदर्शी रुपमा प्रदान गर्न संघ र प्रदेश समन्वय गरी एकद्वार प्रणाली मार्फत अनुदान वितरण गर्ने नीति लिईने छ ।

१२. नगरपालिकाले संघ र प्रदेश सरकारसंगका द्विपक्षीय सहलगानीहरुलाई सम्झौताको ढाँचा तयार गरी कार्यान्वयन गरिने छ ।

१३. आयोजना सुशासनमा सुधार र संघ र प्रदेशसंग समन्वय गरी क्रमागत आयोजनाहरु निर्धारित समयमानै सम्पन्न गरिने छ ।

१४. आर्थिक तथा समाजिक पूर्वाधारको क्षेत्रमा गरिने लगानीलाई विकास र उपलब्ध स्रोत बीचको असन्तुलन कम गर्न समन्यायिक र सन्तुलित बनाईने छ ।

१५. सार्वजनिक खर्च तथा राजस्व सम्बन्धी जानकारी विद्युतीय माध्यमबाट सार्वजनिकीकरण गर्नुको साथै सार्वजनिक खर्चको अनुगमन गर्ने प्रणालीलाई स्थापना गरिने छ ।

१६. बजेट तर्जुमा, कार्यान्वयन, लेखाङ्कन र प्रतिवेदनमा संघ र प्रदेशसंग एकरुपता कायम गर्न एकीकृत सार्वजनिक वित्त व्यवस्थापन सूचना प्रणाली विकास गरिनेछ ।

१७. सार्वजनिक भुक्तानी व्यवस्थालाई पुर्ण रुपमा विद्युतिय प्रणालीमा आधारित बनाईने छ ।

**मुख्य कार्यक्रमहरु** नारायण नगरपालिका**ले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

- **सार्वजनिक वित्तिय सम्वन्धमा क्षमता अभिवृद्धि कार्यक्रम :** नारायण नगरपालिकाको वित्त क्षेत्रमा कार्य गर्ने र नीतिगत निर्णय गर्ने पदाधिकारीहरुको क्षमता वढाउनको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- **थपशाखा स्थापना कार्यक्रम :** नारायण नगरपालिकामा आबस्यक शाखाको स्थापना र व्यबस्थापन गरी कर्मचारीको व्यवस्था गरिनेछ । स्थापित शाखाका कर्मचारीलाई तालिम दिने, वेरुजु अध्यावधिक गराउने र समयमा आलेप गरिनेछ ।
- **सफ्टवेयर निर्माण कार्यक्रम :** वित्तिय क्षेत्रमा सुदृढिकरण गर्न नयाँ सफट्वेयर निर्माण गरी पारदर्शिता कायम गर्ने, तथ्याङककहरु अध्यावधिक गरिनेछ ।
- **वित्तिय अनुशासन कायम गर्ने कार्यक्रम :** वित्तिय अनुशासन कायम गर्नको लागि खर्च सम्वन्धी कार्यविधि तयार गरिने छ । समयमा वजेट पारित गरिने, लेखापरिक्षण समयमा गर्ने,सामाजिक परिक्षण,सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिने छ ।
- **सामाजिक परिक्षण कार्यक्रम :** आर्थिक अनुशासन कायम गर्न र सुशासन कायम गर्नको लागि प्रत्येक कार्यक्रम तथा आयोजनामा सामाजिक लेखापरिक्षण गर्ने व्यावस्था मिलाईनेछ ।
- **श्रोत व्यवस्थापन कार्यक्रम :** नारायण नगरपालिकाको विकासको लागि आबस्यक श्रोत तथा साधनको लागि आन्तरिक रुपमा वृद्धि गर्न कदम चालिने छ, संघ तथा प्रदेश र निजी क्षेत्रवाट लगानी वृद्धि गर्नको लागि विशेष पहल गरिनेछ ।
- फाँटवारी तथा प्रगति प्रतिवेदन सम्वन्धी कार्यक्रम : नारायण नगरपालिकाका शाखा तथा निकायहरुले समयमा मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित निकायमा पठाईनेछ ।
- संघ तथा प्रदेशको सहयोगले सञ्चालन गर्ने कार्यक्रम
- सार्वजनिक वित्त सम्वन्धी कार्यविधि निर्माण तथा ऐन, कानून निर्माण कार्यक्रम
- सार्वजनिक वित्त सम्वन्धमा क्षमता अभिवृद्धि कार्यक्रम
- सफ्टवेयर निर्माण कार्यक्रम
- वित्तिय अनुशासन कायम गर्ने कार्यक्रम

### ३.१.१.५ अपेक्षित उपलब्धी : सार्वजनिक खर्चमा पुँजीगत खर्चको हिस्सा उल्लेख्य रुपमा बृद्धि हुने छ ।

नगरपालिकामा कार्यान्वयन हुने स्थानीय, प्रदेश र संघबाट कार्यान्वयन हुने आयोजनाहरु तोकिएको गुणस्तर, परिणाम, लागत र समयमा सम्पन्न भएका हुने छन् । बजेट विनियोजनमा कुशलता, सरकारी कोषको प्रभावकारी उपयोग र खर्चबाट अपेक्षित नतिजा हाँसिल भएको हुने छ । बजेट प्रणाली पारदर्शी, बैज्ञानिक र सूचना प्रविधिमा आधारित हुने छ । संघ र प्रदेशसंगको वित्तिय अन्तर आवद्धता र समन्वय सुदृढ भएको हुने छ ।

### ३.१.२.राजस्व

**३.१.२.१. पृष्ठभूमि :** नारायण नगरपालिका तथा मुलुकको विकास र समृद्धिलाई न्यायोचत, समावेशी बनाउन आन्तरिक स्रोत परिचालन बृद्धि गर्न आवश्यक छ । राष्ट्रिय तहमा विगत १० वर्षमा राजश्वको औशत वृद्धि दर २०.४ प्रतिशत र आ.व.२०७६/०७७ मा कुल ग्रार्हस्थ उत्पादनको अनुपातमा २० प्रतिशत पुगेको तथ्याङ्क छ । यस नगरपालिकामा राजस्वको काम आ.व २०७६/०७७ मा ... लाख भन्दा बढी संङ्कलन भएको छ । यस नगरपालिकामा राजश्व संङ्कलनका आधारहरु भुमि र वन रोयल्टी कर र सामान्य व्यवसाय बाहेक अन्य कर सङ्कलनका आधार खासै बनेका छैनन् । यद्यपी सार्वजनिक वित्तको प्रभावकारी संरचना मार्फत निजी लगानी प्रवर्धन गरी कृषि तथा पशुजन्य उत्पादन वृद्धि र निकासी गरी राजश्व संङ्कलनको दायरा फराकिलो बनाउने तर्फ यो योजना परिलक्षित हुनेछ ।

**३.१.२.२ प्रमुख समस्या :** नारायण नगरपालिका ग्रामीण  क्षेत्रमा अवस्थित रहनु, करको दायरा फराकिलो नहुनु, अधिकांश जनताहरु निर्वाहमुखी खेती प्रणाली अपनाउनु, नगरपालिकामा उद्योग कल कारखाना खासै नहुँदा र आर्थिक विकासका कार्यहरु धरै नहुँदा आन्तरिक राजश्व ज्यादै न्यून हुनु, नगरवासीहरु सकभर कर तथा शुल्क तिर्न नपरे हुन्थ्यो भन्ने सोचाइ हुनु, कर प्रक्षेपण तथा असुली गर्नको लागि जनशक्तिको अभाव रहनु, कृषिमा सम्भावना र क्षमता अनुरुप राजस्व परिचालन हुन नसक्नु, राजश्व परिचालन सम्वन्धी स्पष्ट नीति नहुनु आदि यस क्षेत्रका प्रमुख समस्या हुन ।

### ३.१.२.३ चुनौतीहरु र अवसर

**चुनौती** : नारायण नगरपालिकामा भएका सम्पुर्ण कारोवारहरुलाई करको दायरामा ल्याउनु, कर सङ्कलनको लागत घटाउँदै कर कानुनको पालना गर्नु गराउनु, आर्थिक क्रियाकलापको वृद्धि गर्न, उत्पादन र सेवाका क्षेत्र तथा आर्थिक बृद्धि र राजस्व बीच सवल अन्तर सम्बन्ध कायम गर्नु र करदाता तथा कर प्रशासन दुवै पक्षमा व्यावसायिकता र पारदर्शीता कायम गर्नु, राजस्व चुहावट नियन्त्रण गर्नु, कारोवारको यथार्थ बिल बिजक अनिवार्य रुपमा दिने लिने व्यवस्था गर्नु र राजस्व सङ्कलन तथा व्यापार सहजीकरण बीच सन्तुलन यस क्षेत्रका चुनौतीहरु हुन ।

**अवसरहरु :** निर्वाहमुखि कृषिबाट व्यवसायिक कृषि उत्पादन र बजारीकरणको सम्भावना हुनु, तीनै तहका सरकारको स्थायित्व र नीतिगत स्थिरता हुँदा सहज व्यवासायिक वातावरण निर्माण हुनु, आर्थिक बृद्धि र अर्थतन्त्रको आकार विस्तार हुँदै जानु, नगरपालिकामा राजश्व परिचालनको सम्भावना बृद्धि हुनु, कर प्रणाली थप प्रगतिशील हुनु, संघ र प्रदेशले नगरपालिकालाई नयाँ करका क्षेत्रमा अधिकार दिन पहल हुनु, निर्वाचित पदाधिकारीहरुले नगरपालिकाको आयश्रोत वृद्धि गर्नको लागि वढि प्रयास गरिनु यस क्षेत्रका प्रमुख अवसर हुन ।

**३.१.२.४ सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीति सोंच** : नारायण नगरपालिका सुदृढ र प्रगतिशील राजश्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्रको निर्माण गर्ने ।

**लक्ष्य : नारायण** नगरपालिकाको कृषि उत्पादन र आयमा आधारित करको बृद्धि गर्दै राजश्वलाई कुल गार्हस्थ्य उत्पादनको एक तिहाई पुऱ्याउने ।

**उद्देश्य** : उत्पादन, लगानी, व्यवसाय तथा करदाता मैत्री एवं स्वच्छ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वैत्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्नु ।

**रणनीति तथा कार्यनीति रणनीति कार्यनीति** : सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजश्वको आधार फराकिलो बनाउने रणनीति ।

१. सबै प्रकारका आर्थिक तथा व्यावसायिक कारोवारमा संलग्न व्यक्ति तथा फर्मलाई करको दायरामा ल्याईने छ ।

२. विद्युतिय माध्यमबाट बीजक जारी गर्ने व्यवस्था अवलम्बन गरी बिल बीजक दिने लिने प्रणालीमा सुधार गरी मूल्य अभिवृद्धि कर प्रणालीलाई प्रभावकारी बनाईने छ ।

३. करको दायरामा सबैको सहभागिता बढाउनको लागि करदाता शिक्षालाई विस्तार गरी कर सचेतना आभिबृद्धि गरिने छ ।

४. प्रदेश र संघले लनगरने करहरु संग समन्वय गरी करदातामा पर्ने दाहोरो करलाई निरुत्सहित गरिने छ ।

५. आन्तरिक राजश्व वृद्धिका लागि राजश्व सम्भाव्यता अध्ययन तथा सुझाव अनुसार अगाडि कार्यान्वयन गरिने छ ।

**कार्यक्रम**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

- **राजश्व प्रशासन सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रम :** नगरपालिकाको राजश्व प्रशासन सम्वन्धमा यस क्षेत्रमा कार्य गर्ने र नीतिगत निर्णय गर्ने पदाधिकारीहरुको क्षमता वढाउनको लागि कार्यक्रम सञ्चालन गरिनेछ
- **विद्युतीय प्रयोग तथा सफट्वेयर निर्माण गर्ने कार्यक्रम :** राजश्व प्रशासन सुदृढ गर्न आवश्यक पहल गरिनेछ र नयाँ सफटवेयर निर्माण गर्ने पारदर्शिता कायम गर्नको लागि पहल गरिनेछ ।
- **राजश्वका दायरा विस्तार कार्यक्रम :** आवधिक योजनामा धैरै क्षेत्र समेटेर विकास गर्नको लागि श्रोत आवश्यक पर्ने हुँदा आन्तरिक श्रोत वढाउन नयाँ श्रोतको खोजि गरिने, भएका श्रोतको दायरा वढाउने र वाहय तथा निजी क्षेत्रको लगानी वढाउनको लागि प्रयास गरिनेछ ।
- **आन्तरिक राजश्व वृद्धि गर्न कार्यदल गठन र सुझाव कार्यान्वयन कार्यक्रम :** नगरपालिकाका नयाँ श्रोत पहिचान गर्न र दरको दायरा सम्वन्धी अध्ययन गर्न विज्ञहरु रहेको कार्यदल गठन गरिनेछ र सो कार्यदलले दिएको सुझाव अनुसार कार्यान्वयन गरिनेछ ।
- **राजश्व शाखाको गठन तथा व्यवस्थापन कार्यक्रम :** नगरपालिकाको राजश्व प्रशासन सुदृढीकरण गर्न राजश्व शाखा गठन गरि सञ्चालनमा ल्याईनेछ ।
- **प्रचार प्रसार कार्यक्रम :** राजश्व नगरपालिकाको विकासको लागि भन्ने जानकारी गराउन तथा नयाँ क्षेत्र विषयमा थाहा पाउन व्यापक प्रचार प्रसार गरिनेछ ।
- **राजश्व अनुगमन कार्यक्रम :** राजश्वको लागि चुहावट हुन नदिन तथा सवै समेट्न जनप्रतिनिधि तथा कार्मचारी रहेको अनुगमन टोली गठन गरी अनुगमन गरिनेछ ।
- **संघ र प्रदेशसंग राजश्व बाँडफाँट सम्वन्धमा समन्वय तथा श्रोत वढाउन पहल कार्यक्रम :** नगरपालिकाको लागि आन्तरिक लगायत संघ र प्रदेश संग समन्वय गरिने छ । विकास कार्यको लागि राजश्व वढाउन र अन्य श्रोत वढाउन विशेष पहल गरिनेछ ।

**संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

- राजश्व सम्वन्धी नीतिगत व्यवस्था तथा कार्यविधि निर्माण कार्यक्रम
- श्रोत खोज्न तथा समन्वय गर्ने कार्यक्रम
- क्षमता अभिवृद्धि कार्यक्रम

**३.१.२.५ अपेक्षित उपलब्धी :** राजस्व प्रणाली लगानी, व्यवसाय र करदाता मैत्री भएको हुने छ । सबै किसिमको राजस्व विद्युतिय माध्यमबाट भुक्तानी गरी सङ्कलन लागत र करदाताको सहभागिता लागत घटेको हुने छ । हालको राजश्व स्थितिमा प्रति वर्ष तेव्वर गुणाले राजश्व बृद्धि भएको हुने छ ।

### ३.१.३ वैदेशिक सहायता परिचालन तथा सार्वजनिक ऋण

**३.१.३.१ पृष्ठभुमि** : नारायण नगरपालिकाको आन्तरिक श्रोत पनि तुलनात्मक रुपमा न्यून रहेको, संघ तथा प्रदेशवाट प्राप्त हुने अनुदान तथा अन्य श्रोत पनि आवश्यकता अनुसार प्राप्त नभएको देखिन्छ । तर नगरपालिकामा गरीवी निवारण, आर्थिक वृद्धि र पूर्वाधार निर्माणको लागि ठुलो लगानी आवश्यक छ । नगरपालिकाको श्रोत र तय गरिएका कार्यक्रमहरुको लागि माग गरिएको रकम बीच ज्यादै फरक रहेको छ । यो फरकको दूरी कम गर्न तथा छिटो नागरिकको समृद्धि प्राप्त गर्ने आकांक्षा पुरा गर्न वैदेशिक सहायता तथा सार्वजनिक ऋणको आवश्यकता रहेको छ । नगरपालिकाका गौरवका आयोजनाहरुको निर्माण तथा सञ्चालन गर्न वैदेशिक सहायताको आवश्यकता छ । वैदेशिक सहायता विभिन्न देश तथा विदेशी वैंक र संस्थावाट लिन सकिने व्यवस्था रहेको छ तर यसको लागि संघिय सरकारको स्वीकृति तथा सर्मथन आवश्यक रहने व्यवस्था छ । यस्तै, प्राप्त साधन र आवश्यकता बीचको दुरी कम गर्न सार्वजनिक ऋणको आवश्यकता रहेको छ । नगरपालिकाको आय आर्जन गर्ने कार्यक्रम जस्तै उद्योग आयोजना संचालन, पार्क तथा मनोरञ्जन स्थल लगायत नागरिकको आर्थिक विकास तथा क्षमता अभिवृद्धि गर्न सार्वजनिक ऋण लिनु पर्ने हुन्छ । सार्वजनिक ऋण निजी क्षेत्र, वैंक तथा वित्तिय संस्थाहरुवाट लिन सकिन्छ । यस नगरपालिकामा आजसम्म कुनै निकायवाट पनि वैदेशिक सहयोग तथा सार्वजनिक ऋण लिएको छैन । आगामी दिनमा यो योजना कार्यान्वयन गर्दा वैदेशिक सहयोग र सार्वजनिक ऋण लिनुपर्ने देखिन्छ ।

**३.१.३.२ प्रमुख समस्या :** नारायण नगरपालिकामा गौरवका योजना र आर्थिक वृद्धि गर्ने किसिमका आयोजनाको विस्तृत सर्वेक्षण नगरिनु, मेघा परियोजना सम्पन्न गर्न वैदेशिक सहयोग तथा ऋण आवश्यक भएतापनि त्यस्ता योजना तथा कार्यक्रम नतोकिनु, वैदेशिक सहयोगका लागि सम्वन्ध नहुनु, समन्वय र सहयोगी दाताको पहिचान गर्न नसक्नु प्रमुख समस्याका रुपमा रहेका छन् । यस्तै, वार्ता तथा सम्झौता गर्न कार्यक्षमतायुक्त जनशक्तिको अभाव हुनु, सार्वजनिक ऋण नीति स्पष्ट नहुनु, दातृ निकायलाई विश्वास दिलाउने वातावरण नहुनु, कानूनीगत र प्रक्रियागत अस्पष्ट आदि समस्याहरु पनि रहेका छन् ।

### ३.१.३.३ चुनौती र अवसर

**चुनौतीहरु** : वैदेशिक सहयोगको लागि नीतिगत, कानूनी तथा प्रक्रियागत व्यवस्था मिलाउन, वार्ता तथा सम्झौता गर्ने क्षमताको विकास गर्न, सहयोगी निकायलाई विश्वास दिलाउन, प्राप्त सहयोग तथा ऋणको सहि परिचालन गर्न, ऋण तिर्ने क्षमताको विकास गर्न, संघ तथा प्रदेशसंग समन्वय कायम गर्न र आन्तरिक श्रोतमा अभिवृद्धि गर्न चुनौती रहेको छ ।

**अवसर :** नेपालको संविधानले नगरपालिकाले गर्ने कार्य क्षेत्रको स्पष्ट व्यवस्था गर्नु, वैदेशिक सहायता तथा सार्वजनिक ऋण लिन पाउने कानूनी व्यवस्था हुनु, नगरपालिकाको द्रुत गतिमा विकास गर्ने चहाना जनप्रतिनिधि, सामाजिक तथा

राजनैतिक कार्यकर्ताको हुनु र साझेदारी मोडेल स्थानीय निकायमा प्रयोगमा आउनु यस नगरपालिका लागि महत्वपुर्ण अवसरहरु हुन । यस्तै, निर्माण र हस्तानान्तरण पद्धतिको विकास हुनु, निर्वाचित जनप्रतिनिधिहरुलाई नगरपालिकाको विकासको लागि आवश्यक पर्ने नीतिगत तथा कानूनि समस्या समाधान गर्न सक्ने अधिकार हुनु, नगरपालिकाको विकासमा सहयोग गर्ने विभिन्न व्यक्ति तथा निकायहरु हुनु, नगरपालिकाको क्षेत्र धेरै हुनु तथा प्राकृतिक श्रोत साधन प्रयाप्त मात्रामा हुनु यस क्षेत्रका अवसरहरु हुन् ।

### ३.१.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यकम

**दीर्घकालिन सोच** : वैदेशिक सहयोग तथा सार्वजनिक ऋण नगरपालिकाको समृद्धिको आधार

**लक्ष्य** : आय श्रोतको अभिवृद्धि तथा पूर्वाधार विकासमा वैदेशिक सहायता तथा सार्वजनिक ऋणको परिचालन गरी जीवनस्तरमा वृद्धि गर्ने ।

**उद्धेश्य १.** वैदेशिक सहयोगवाट नगरपालिकाका गौरवका आयोजना निर्माण गरी आर्थिक वृद्धि गर्ने ।

२. सार्वजनिक ऋणको परिचालनवाट आन्तरिक आय वृद्धि तथा रोजगारी सिर्जना गर्ने ।

**तालिका न.१८ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १.१.वैदेशिक सहयोगवाट नगरपालिकाका गौरवका आयोजना निर्माण गरी आर्थिक वृद्धि गर्ने । | १.१.१ उच्च प्रतिफल दिने आयोजनामा वैदेशिक सहायता परिचालन गरिने ।<br>१.१.२ वैदेशिक सहायता लिदा लगानी र प्रतिफल विश्लेषण गरी नगरपालिकामुखी शर्त मात्र स्वीकार गर्ने नीति लिइने ।<br>१.१.३ नयाँ प्रविधि तथा उपकरण प्राप्तिका लागि प्रयास गर्ने ।<br>१.१.४ वैदेशिक निकायसंग वार्ता गर्ने तथा संझौता तथा वार्गेनिंग गर्ने क्षमता अभिवृद्धि गर्ने |
| १.२ नगरपालिकाले तोकेको क्षेत्रमा मात्र वैदेशिक सहयोगका श्रोतहरु परिचालन गर्ने । | १.२.१. नगरपालिकाले महत्वपूर्ण र गौरवका योजना, आयोजना तथा कार्यक्रम भनि निर्णय गरेका पूर्वाधार निर्माणमा मात्र वैदेशिक सहयोग स्वीकार गर्ने नीति अवलम्वन गरिने ।<br>१.२.२. वैदेशिक सहायता सम्वन्धमा नगरपालिकाले आवश्यक कानून निर्माण तथा नीतिगत व्यवस्था समयमा गर्ने ।<br>१.२.३ वैदेशिक सहयोग सम्वन्धमा समयमा संघ तथा प्रदेशसंग समन्वय कायम गरी स्वीकृति प्राप्त गर्ने वातावरण श्रृजना गर्ने । |
| २. सार्वजनिक ऋणको परिचालनवाट आन्तरिक आय वृद्धि तथा रोजगारी श्रृजना गर्ने | |
| २.१ रोजगार सिर्जना गर्ने तथा नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने क्षेत्रमा मात्र सार्वजनिक ऋण परिचालन गर्ने । | २.१.१ अति गरीव परिवार तथा गरीव परिवारको क्षमता अभिवृद्धि गर्ने तथा उनीहरुको उद्यम विकास गर्ने क्षेत्रमा सार्वजनिक ऋण परिचालन गरिने ।<br>२.१.२ कृषि तथा वनमा आधारित उद्योग स्थापना तथा सञ्चालनको लागि आवश्यक श्रोत जुटाउन ऋण परिचालन गर्ने<br>२.१.३ उच्च प्रतिफल दिने तथा क्षमता विकास भई जीवनमा सकरात्मक परिवर्तन गर्ने क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्ने |

| रणनीति | कार्यनीति |
|---|---|
| | २.१.४ नगरपालिकाको व्यापारिक भवन निर्माण तथा व्यवसाय सञ्चालन गरी सिधै आय वढ्ने क्षेत्रमा मात्र सार्वजनिक ऋण परिचालन गर्ने ।<br>२.१.५ सार्वजनिक ऋण लिदा उच्चतम प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र लगानी अभिवृद्धि गर्ने ।<br>२.१.६ नीजि क्षेत्र आकर्षण गर्ने वातावरण सृजना गर्ने ।<br>२.१.७ ऋण समयमा भुक्तानी गरी आफनो शाख कायम रहेने व्यवस्था मिलाउने ।<br>२.१.८ यूवाहरुलाई रोजगार सिर्जना तथा उद्यम विकास गर्न व्यक्तिगत तथा संस्थागत जमानी वसी उद्यमीलाई ऋण लिने वातावराण सृजना गर्ने नीति अवलम्वन गर्ने ।<br>२.१.९ सार्वजनिक ऋण सहि क्षेत्रमा लगानी तथा कार्यान्वयन प्रगति स्थितिको नियमित अनुगमन गरी निगरानी वढाउने । |

**मुख्य कार्यक्रम**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

- **वैदेशिक सहयोग तथा सार्वजनिक ऋण सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रम :** यस नगरपालिकामा हालसम्म कुनै पनि योजना वैदेशिक सहयोगमा सञ्चालन भएका छैनन् । वैदेशिक निकाय तथा संस्थासंग वार्ता गर्न, सम्झौत गर्न तथा सार्वजनिक ऋण प्राप्ति तथा उपयोग सम्वन्धी सिप विकासको लागि क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

- **वार्ता, सम्झौता गर्ने तथा लेख्ने क्षमता सम्वन्धी तालिम कार्यक्रम :** वैदेशिक निकाय तथा संस्थासंग वार्ता गर्न, सम्झौत गर्न तथा सार्वजनिक ऋण प्राप्ति तथा उपयोग सम्वन्धी सिप विकासको लागि तथा परियोजना लेखन सिप सम्वन्धी तालिम सञ्चालन गरिनेछ ।

- **सार्वजनिक ऋण तथा वैदेशिक सहयोग परिचालन सम्वन्धी कानून, निर्देशिका कार्यविधि निर्माण कार्यक्रम :** यस नगरपालिकाको लागि आवश्यक पर्ने सम्वन्धमा कानून, निर्देशिक तथा कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याईने छ ।

- **आन्तरिक तथा विदेश भ्रमण कार्यक्रम :** नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको लागि सिप सिक्न तथा विभिन्न क्षमता अभिवृद्धि गर्नको लागि देश भित्रका तथा वैदेशिक भ्रमण गराईने छ, यसको लागि नेपाल सरकार तथा वैदेशिक सहयोगवाट मात्र खर्च गरिने छ ।

- **भातृ संस्था तथा भगेनी सम्वन्ध विकास कार्यक्रम :** स्वदेशी तथा विदेशका स्थानीय सरकार संग सम्वन्ध वढाउनको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रम

- वैदेशिक सहयोग तथा सार्वजनिक ऋण सम्वन्धी क्षमता अभिवृद्धि कार्यक्रम

- वार्ता, सम्झौता गर्ने तथा लेख्ने क्षमता सम्वन्धी तालिम कार्यक्रम
- सार्वजनिक ऋण तथा वैदेशिक सहयोग परिचालन सम्वन्धी कानून, निर्देशिका, कार्यविधि निर्माण कार्यक्रम
- यूवा लक्षित रोजगार कार्यक्रम
- आन्तरिक तथा विदेश भ्रमण कार्यक्रम
- नगरपालिकालाई श्रोत जुटाउन सहयोग कार्यक्रम

**३.१.३.५ अपेक्षित उपलव्धी** : यस आवधिक योजनासम्ममा वैदेशिक सहयोगमा अति महत्वपूर्ण सडक उत्पादन र सडक तथा वृहत सिंचाइ तथा खानेपानी आयोजना संझौता गरी निर्माण सम्पन्न भएको हुनेछ । नगरपालिकाको व्यापारिक भवन सार्वजनिक ऋण प्राप्त गरी कार्यसम्पन्न भएको हुने छ । नगरपालिकाले वैदेशिक सहायता तथा सार्वजनिक ऋण परिचालन सम्वन्धी ऐन, नियम, निर्देशिका, कार्यविधि तयार गरी लागू भएको हुनेछ । नगरपालिकाका कार्यकारी पदमा रहेका पदाधिकारी तथा सो सम्वन्धी सरोकार राख्ने निर्वाचित पदाधिकारी र नगरपालिकाका जिम्मेवार अधिकृतहरुले वार्ता तथा संझौता गर्ने सिप सिकेका हुनेछन् ।

## ३.२ सार्वजनिक, निजी र सहकारी साझेदारी

## ३.२.१ पृष्ठभूमि :

स्थानीय आवश्यकता, विकास र समृद्धिको लक्ष्य हासिल गर्न आवश्यक लगानी जुटाउन सार्वजनिक निजी र सहकारीको साझेदारी अपरिहार्य छ । सार्वजनिक लगानीलाई मुख्यतया आर्थिक विकासको पूर्वशर्तको रुपमा रहेको आधारभुत सेवा प्रदान गर्न केन्द्रीत गरिने छ । निजी क्षेत्रले आफ्नो लगानी गर्न नसक्ने अवस्थामा सार्वजनिक क्षेत्रबाट जोखिम बहन गर्न निजी क्षेत्रसंग साझेदारी र सहभागिताको आधारमा लगानी जुटाई थप स्रोत व्यवस्थापन गरिने छ । कृषि र पशुपालनको क्षेत्रलाई प्रवर्द्धन गर्नको लागि निजी क्षेत्रको अलावा सार्वजनिक क्षेत्रले सहकारीसंगको साझेदारी गरिने छ ।

## ३.२.२. प्रमुख समस्या

विकासका लागि वित्तीय स्रोतको कमि हुनु, सार्वजनिक क्षेत्रबाट भएका खर्चबाट निजी क्षेत्र र सहाकारीको लगानी विकासमा लगानी आकर्षण गर्न नसक्नु खास समस्याको रुपमा रहेको छ ।

## ३.२.३ चुनौतीहरु र अवसर

**चुनौतीहरु** : नगरपालिकाले अवलम्बन गरेका विकासका लक्ष्य र उद्देश्य हासिल गर्न उल्लेख्य रुपमा सार्वजनिक खर्चलाई परिचालन गरी निजी क्षेत्रको लगानी आकर्षण गर्नु र सहकारीमा जम्मा भएको बचत उत्पादनमुखि क्षेत्रमा परिचालन गर्नु चुनौतीपुर्ण छ । नागरिकको विप्रेषणबाट प्राप्त स्रोतलाई उत्पादनमुलक क्षेत्रमा लगानी गर्न आकर्षण गर्नु पनि थप चुनौतीको रुपमा रहेको छ ।

**अवसरहरु** : विकासमा निजी क्षेत्र र सहकारीको अपरिहार्य भएको हुँदा यी क्षेत्रको भूमिका अभिबृद्धि गर्न सरकारले सहकार्यद्वारा समाजिक आर्थिक रुपान्तरणको अवसर प्राप्त छ । निजी क्षेत्रलाई आकर्षण गर्न लगानी मैत्री वातावरणको

सिर्जना गरी लगानी सुरक्षाको प्रत्याभुति गर्ने अवसर छ। विप्रेषणबाट प्राप्त स्रोतलाई उचीत र उत्पादनमुलक क्षेत्रमा परिचालन गरी ग्रामीण  अर्थतन्त्रलाई चलायमान र मजबुद थप अवसर छ।

## ३.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिहरुः दीर्घकालिन सोच :

नगरपालिकामा सार्वजनिक-निजी-सहकारी साझेदारीको माध्यमबाट उत्पादनशील र रोजागारमूलक आर्थिक बृद्धि गर्नु।

**लक्ष्य :** नगरपालिकाको विकास लक्ष्य हासिल गर्न सार्वजनिक-निजी-सहकारी साझेदारीमा लगानी अभिवृद्धि गरी थप स्रोत परिचालन गर्ने।

**उद्देश्य :** सार्वजनिक-निजी-सहकारीको साझेदारीलाई प्रोत्साहन गरी कृषि र सेवाको क्षेत्रलाई बढी उत्पानदशील बनाउनु।

**तालिका न. १९ : रणनीति तथा कार्यनीतिहरुः**

| रणनीति | कार्यनीतिहरुः |
|---|---|
| १.१ सार्वजनिक-निजी-सहकारीको साझेदारीका लागि नीति कानुन र संस्थागत संरचना तयार गर्ने | १.१.१.सार्वजनिक-निजी-सहकारीको साझेदारीमा सञ्चालन हुने आयोजनाकोलागि संघ र प्रदेशसंगको समन्वयमा एकल विन्दु सेवाको स्थापना गर्ने।<br>१.१.२.सार्वजनिक-निजी-सहकारीको साझेदारीका आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न संस्थागत र कर्मचारीको दक्षता अभिवृद्धि गरिने छ।१.१.१.विद्युत आयोजना तथा व्यावसायिक कृषि फार्म सञ्चालनका लागि आवश्यक पर्ने जग्गा प्राप्ति लगायत सम्बन्धी राष्ट्रिय कानुनको अधिनमा रही नगरपालिकाले आफ्नो क्षेत्रको लागि थप नीतिगत काम गर्ने।<br>१.१.३.सार्वजनिक-निजी-सहकारीको साझेदारीमा सञ्चालन हुने आयोजनाको वर्गिकरण र मापदण्ड-जोखिम बाँडफाँडको मापदण्ड सहित) र उपकरणहरु निर्धारण गरी कार्यान्वयन गरिने छ।<br>१.१.४.सार्वजनिक-निजी-सहकारीको साझेदारीमा सञ्चालन हुने आयोजनाकोलागि संघ र प्रदेशसंगको समन्वयमा एकल विन्दु सेवा (One Stop Service Center) को स्थापना गर्ने।<br>१.१.५.सार्वजनिक-निजी-सहकारीको साझेदारीका आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न संस्थागत र कर्मचारीको दक्षता अभिवृद्धि गरिने छ। |
| १.२.संघ र प्रदेशसंगको समन्वयमा सार्वजनिक-निजी-सहकारीको साझेदारीलाई प्रवर्द्धन गरी लगानी आकर्षण, बृद्धि र लगानी सुरक्षाको प्रत्याभुति गर्ने। | १.२.१.सार्वजनिक, निजी, सहकारी र नागरिक बीच साझेदारीलाई प्रोत्साहन गर्न नीतिगत, बजेटरी र समन्वयात्मक प्रावधानहरु प्रवर्द्धन गरिने छ।<br>१.२.२. सार्वजनिक-निजी-सहकारीको साझेदारीलाई प्रवर्द्धन गर्न र लगानीको प्रतिफल प्रत्याभुति गर्न कार्यविधि बनाई आर्थिक र गैर आर्थिक सुविधा उपलब्ध गराईने छ। |

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**मुख्य कार्यक्रमहरु**

- **नीतिगत तथा प्रकृयागत सुधार कार्यक्रम :** नगरपालिकाको लागि सहकारी सञ्चालन सम्वन्धी ऐन, नियम, कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

- **संस्थागत सुधार कार्यक्रम :** सहकारीहरुको एक आपसमा गाभेर सक्रिय, विश्वासनिय, भरपर्दो, क्षमतावान सहकारी गराउनको लागि संस्थागत सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

- **पूँजी वृद्धि कार्यक्रम :** नगरपालिकामा उद्यम सञ्चालन गर्न तथा भएका उद्योग तथा व्यवसायको पूँजी वृद्धि गर्न र क्षमता वढाउन आवश्यक पर्ने पूँजी सहकारीवाट उपलव्ध गराउन नगरपालिका, प्रदेश तथा संघ सरकारवाट सहकारीलाई अनुदान दिईनेछ । सो मार्फत उद्यमीलाई लगानी गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

## ३.२.५ अपेक्षित उपलब्धी :

सार्वजनिक, निजी, सहकारी लगायत नागरिकको साझेदारी सम्बन्धी नीतिगत तथा कानुनी सुधार भई साझदारीका आयोजनहरु कार्यान्वयन भएका हुने छन् । वित्तिय व्यवस्थापनको लागि नगरपालिकामा आबस्यकता अनुसार लगानी गरिने छ । सार्वजनिक वित्त अन्तरगत नगरपालिकाको आम्दानीका श्रोतहरु पहिचान गर्न, क्षमता अभिवृद्धि गर्न, वैदेशिक सहायता परिचालन गर्न र राजश्व वढाउन निम्न अनुसारका कार्यक्रम सञ्चालन र लगानी गरिने छ । अनुसूचि ४, ५, ६ मा उल्लेख गरिएको छ भने विस्तृतरुपमा कार्यक्रम र लगानी सम्वन्धी परिच्क्षेद ८ र ९ मा समावेश गरिएकोछ ।

**तालिका न. २० : वजेट तथा कार्यक्रम**

| कार्यक्रमहरु | बजेट(०००) |
|---|---|
| कृषि | २७७२०.० |
| पशुपक्षी | [illegible] |
| खाद्य सुरक्षा तथा पोषण | [illegible] |
| सिचाई | ५३३७७.५ |
| भूमीव्यबस्था | १४०००.०० |
| वन तथा वनस्पति | २५०५०.०० |
| खनिज सम्पदा | २२५०.०० |
| उद्योग बाणिज्य आपूर्ति तथा पर्यटन बजार | १६९००.०० |
| ब्यापार तथा आपूर्ति | २९५००.०० |
| स्वोरोजगारका लागि सिपविकास कार्यक्रम | २५०००.०० |
| पर्यटन | ५००००.०० |
| सहकारी वित्तिय तथा सेवा | ४७५००.०० |
| जम्मा बजेट | **३२१७४०.५** |

# परिच्छेद चार : आर्थिक विकास क्षेत्र

## ४.१ कृषि तथा प्राकृतिक स्रोत व्यवस्थापन

### ४.१.१ कृषि

**४.१.१.१ पृष्ठभूमि :** नारायण नगरपालीकाको मुख्य पेशाका रुपमा कृषी रहेता पनि घरधुरी सर्वेक्षण २०७४ अनुसार जम्मा ०.२१% परिवारले मात्र आफ्नो खेतबारीको उत्पादनबाट खान पुगेर बेचबिखन गर्ने गर्दछन् । आफ्नो बारीको उत्पादनबाट ३ महिनाभन्दा कम खान पुग्ने परिवार ३८.७८% रहेका छन् भने ४ देखि ६ महिना खान पुग्ने परिवार ३३.७४% रहेका छन् । त्यसैगरी ७ देखि ९ महिना खान पुग्ने परिवार १३.३३% छन् भने १० देखि १२ महिना खान पुग्ने परिवार १४.२% रहेका छन् । नारायण नगरपालिकाको आर्थिक विकास गर्ने तथा गरीवी निवारण गर्ने मुख्य आधार नै कृषि रहेको छ । यस नगरपालिकामा २६.५६ प्रतिशत कृषि क्षेत्रमा कृर्षकहरु संलग्न छन् भने कृषि फर्महरु व्यवसायिकरुपमा खेती गर्ने अवसर छ भने अरु परिवारले साना इकाईमा आफ्नो खेतवारीमा खेती गर्ने गरेको पाइन्छ । यस क्षेत्रमा धान,गहुँ, मकै, कोदो, जौं र फापर आदि खाद्यान्न बाली उत्पादन हुन्छ भने दलहन खेतीको रुपमा मास, सिमि, आदि उत्पादन हुने गर्छ । तेलहनको रुपमा तोरी, सर्सिऔं, सूर्यमुखी फूल आदि उत्पादन हुन्छ । नगदे वालीको रुपमा तरकारी, लसुन आदि उब्जनी हुन्छ । सिंचाईको लागि खोलानाला रहेकोले सिंचाई सुविधा पुऱ्याउन सकेमा कृषि क्षेत्रमा फड्को मार्न सकिने देखिन्छ । कुल ग्रर्हास्थ उत्पादनमा कृषिको क्षेत्रको अंश ज्यादै वढि रहेको छ । कृषि क्षेत्रमा परम्परागत खेती प्रणाली हुनु, कृषिमा प्रविधि तथा आधुनिक औजारको न्यून प्रयोग हुनु, प्रति इकाइको उत्पादकत्व न्यून हुनु, कृषिमा व्यावसायिकरण नहुनु, लगानी कृषिमा ज्यादै न्युन रहनु आदि समस्या देखिएकोछ ।

**४.१.१.२ प्रमुख समस्याहरु :** यो नगरपालिकाका अधिकांश जनताहरु कृषिमा आश्रित रहे पनि कृषि क्षेत्रमा केहि समस्याहरु देखिएका छन् । परम्परागत कृषि प्रणाली हुनु, रोजगार मुलक नहुनु, जमिन बाँझिदै जानु, श्रम अनुसारको उत्पादन नहुनु, मानिसहरुमा कृषि प्रति वितृष्णा, वजार व्यवस्थापन राम्रो नहुनु, रसायनिक मल र विषादिको प्रयोग वढि हुनु, शित भण्डार नहुनु, हावापानी र माटो सुहाउँदो विउ उपलव्ध नहुनु, सिंचाईको प्रयाप्त सुविधा नभएको, उत्पादकत्वमा कमि, कृषि श्रमिकको उपलव्धतामा कमि आदि कृषि क्षेत्रमा समस्या देखिएको छ ।

#### ४.१.१.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** यस नगरपालिकाको लागि व्यवसायिक खेती प्रणालीको विकास गर्नु, खेति योग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु, उत्पादकत्व वृद्धि गर्नु, वाँझो जग्गाको व्यवस्थापन गर्नु, उत्पादकत्व वढि हुने खेती लनगरनु, उचित वजार तथा मूल्य प्राप्त गर्नु आदि कृषि क्षेत्रमा चुनौति रहेका छन् । उत्पादकत्व अत्यन्तै न्यून रहने र कृषि व्यवसायबाट जीविका चलाउन गाह्रो पर्ने अवस्थाका कारण उल्लेख्य संख्यामा स्वस्थ र शिक्षित युवा जनशक्ति विदेश पलायन हुन पुग्नु, कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रुपमा स्थापित गर्नु, खाद्य असुरक्षित तथा कुपोषित समुदायको यथार्थ संख्या तथा स्थान पहिचान गर्ने र खाद्यान्नको सन्तुलित उपभोग प्रति जनचेतना बढाउने, एक वस्ती एक उत्पादन गर्न, कृषि ब्लक विकास गर्न आदि कृषि क्षेत्रमा चुनौती रहेको छ ।

**अवसरहरु :** नारायण नगरपालिकाको वडा न.२ तरकारी संकलन केन्द्र, वडा न.कागति पकेट क्षेत्र,१० र ११ मा आलु पकेट क्षेत्र संचालन, वडा न. ४ र ११ मा रैथाने वाली प्रवर्दन, ५ मा कागति, ७ मा आँप लिची पकेट संचालन, ९ मा मनकामना मकै विउउत्पादन पकेट, र माटो परिक्षण र वाली संरक्षण सेवा संचालनमा रहेनु नगरपालिकाको अवसर हो । नारायण नगरपालिकाका ११ वटै वडाहरुमा कृषि उपज ढुवानी गर्न, विउ विजन ल्याउनको लागि सडक सञ्जाल

जोडिएको छ । नगरपालिकाको शुरु देखि अन्त्यसम्म खोलानाला वग्नुले सिंचाइ सुविधामा सहयोग पुगेको छ । कृषकहरु आफ्नो पेशामा व्यवसायिकता गर्न उत्सुक हुनु, विभिन्न शहर र बजारको समिप्यमा रहनु, नगरपालिकाले कृषि क्षेत्रको विकास गर्नको लागि वढि प्राथमिकता दिनु आदि अवसर कृषि क्षेत्रमा रहेको छ । सहकारी र वैंकहरु कृषि क्षेत्रमा लगानी गर्न प्राथमिकता दिनु आदि कृषिको क्षेत्रमा अवसर रहेको छ । यस्तै गरी यहाँ सवै किसिमका खेती उत्पादन हुनु, नगदेवाली, फलफुल, तरकारी प्रशस्त उत्पादन हुने जमिन हुनु, विदेशवाट आएका यूवाहरु कृषि क्षेत्रमा आकर्षित रहनु आदि कृषि क्षेत्रका अवसरहरु हुन् ।

### ४.१.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** कृषिको विकासवाट नगरवासीको जीवनस्तरमा व्यापक सकरात्मक परिवर्तन भएको हुनेछ ।

**उद्धेश्य :** १. खाद्यान्न उत्पादनमा वृद्धि गर्ने ।

**लक्ष्य :** १.तरकारी, फलफुल तथा नगदेवाली क्षेत्रमा व्यवसायिक खेती गरी कृषक परिवारको आम्दानी वढाउने ।

२.कृषि क्षेत्रमा उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास भएको हुनेछ ।

३. कृषिमा प्रविधिको विस्तार गरी उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिने ।

**तालिका न. २१ : कृषि विकासका रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| १.खाद्यान्न उत्पादनमा वृद्धि गर्ने । | |
| १. कृषि क्षेत्रमा व्यवसायीकरण, आधुनिकीकरण तथा यान्त्रिकरणको माध्यमवाट उत्पादन र उत्पादकत्व वृद्धि गरिने । | १.. कृषि उपजको बजारीकरण र व्यवसायीकरणका लागि कृषि सडकको निर्माण गर्ने<br>२.युवाहरुलाई कृषि क्षेत्रमा आकर्षण गर्न बाली विमाको प्रवर्द्धन तथा आधुनिक कृषि प्रणालीमा जोड दिईने ।<br>३. जनताको समृद्धिको मुख्य आधार कृषि भएकोले आधुनिक व्यवसायिक कृषिलाई प्राथमिकता दिइने नीति लिइने छ ।<br>४.वस्तीहरुमाा कृषि प्राविधिकहरुको व्यवस्था गरी परिचालन गराउने । |
| २.कृषक समूहहरुको संस्थागत विकास गरी कृषि रोजगारी र आम्दानी बढाउन तर्फ जोड दिइने । | १. अध्ययन, अवलोकन, भ्रमणको माध्यमबाट कृषि अनुभव आदान प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिने ।<br>२. भण्डारणका लागि कृषकहरुको लागत सहभागितामा नमुनाको रुपमा समुदायस्तरमा कोल्ड स्टोर निर्माण गर्ने<br>३.. खाद्यान्न उत्पादन तथा खाद्यान्न बालीमा उन्नत जातको विउ विजन आपूर्तिका लागि नीजि क्षेत्र तथा सहकारी संस्थाहरुको सहभागितामा जोड दिने साथै गुणस्तरीय विउको प्रयोग गर्दै क्षेत्र विस्तार गरिने ।<br>४. कृषकहरुमा जनचेतना मूलक कार्यक्रहरु सञ्चालन गरिने ।<br>५. कृषि पेशालाई सम्मानित पेशाको रुपमा स्थापित गर्न आकर्षक प्याकेज कार्यक्रमहरु कार्यान्वयनमा ल्याईने ।<br>६. कृषि क्षेत्रमा बजेट विनियोजनकोका लागि सरकारी तथा गैरसरकारी निकायहरु बीच समन्वय कायम गरिने |

| रणनीति | कार्यनीति |
|---|---|
| २. तरकारी, फलफुल तथा नगदेवाली क्षेत्रमा व्यवसायिक खेती गरी कृषक परिवारको आम्दानी वढाउने | |
| १. व्यवसायिक कृषिका लागि पकेट क्षेत्र विस्तार गरी नगदेवाली उत्पादनमा जोड दिइने । | १. कृषि उपज सङ्कलन केन्द्रको स्थापना र विस्तार गरिने ।<br>२. खाद्यान्न र टिमुर खेतिलाई विशेष प्राथमिकता दिईने छ ।<br>३. आफ्नो व्यवसायवाट वढि भन्दा वढि मूल्य तथा आर्थिक प्राप्ति गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गर्ने नीति अवलम्वन गरिने ।<br>४. प्राङगारिक खेतीलाई जोड दिने ।<br>५. विदेशवाट फिर्ता भएका वा रोजगारको सिलसिलामा विदेश गएका परिवारलाई व्यवसायिक कृषि तथा पशुपालन गर्न विशेष सहुलियत दिने नीति लिईने । |
| २ जलवायु तथा वातावरण मैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने । | ६. जलवायु परिवर्तन अनुसारको उत्पादन हुने विउ विजन तथा प्रविधिको प्रयोग गर्ने प्रयास गरिने ।<br>७. परम्परागत कृषि व्यवसाय वाट व्यवसाहिक कृषि, उद्योग तथा सेवा व्यवसायमा परिणत गर्न आवश्यक आर्थिक सहयोग उपलव्ध गराउने नीति लिइने । |
| ३. कृषि योग्य भूमि संरक्षणका लागि भू- उपयोग नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिईने । | ८. जग्गा वैंकको मध्यमवाट वाँझो जमिनको समुचित व्यवस्थापन, कम्पनीमा आधारित कृषि व्यवसायिकरणमा जोड दिइने छ र सो अनुसार कार्य गर्ने वातावरण सृजना गरिने ।<br>९. सहकारी खेती प्रणालीको विकास गरिने । |
| ३. कृषिमा विधि, प्रविधिको विस्तार गरी उत्पादन, प्रशोधन तथा बजारीकरणमा जोड दिने । | |
| १.नीजिक्षेत्र, साझेदार संस्था र सरकारी क्षेत्र बीच सहभागितामुलक कार्यक्रममा जोड दिइने । | १.सेवा निवृत शिक्षक तथा कर्मचारीहरुको ज्ञानलाई नगरवासिन्दाको जीवनस्तर उच्च वनाउनका लागि प्रयोग गर्ने नीति अवलम्वन गरिने ।<br>२. अध्ययन तथा रोजगारीको सिलसिलामा नगरपालिका भन्दा अन्यत्र स्वदेश वा विदेश गई व्यक्तिगत तथा संस्थागत रुपमा नगरपालिका वा स्थानीय वासिन्दाको सामाजिक तथा आर्थिक विकासमा सहयोग गर्ने लाई विशेष सम्मान गर्ने नीति लिईने ।<br>३. विकासका गतिविधिहरुमा निजी क्षेत्रको लगानी आकृर्षित हुने वातावरण तयार गरिने<br>४. सवै वस्तिका राजनैतिक तथा सामाजिक कार्यकर्ताका परिवारमा आर्थिक उपार्जनको लागि व्यवसाहिक कृषि, उद्योग तथा सेवा व्यवसायको समेत नेतृत्व गरी आर्थिक समृद्धि गर्ने नीति अवलम्वन गरिने ।<br>५..कृषि सम्वन्धी अध्यापन गराउने संस्थाको स्थापना गर्न पहल गर्ने |
| २.उत्पादन भएका वस्तुको वजारीकरणको व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने । | ६.. कृषि उपजहरुको वजारीकरणको लागि सङ्कलन केन्द्र, कृषि वजार, हाट वजार विकासको लागि विशेष लगानी गर्ने नीति अवलम्वन गरिने ।<br>७.. एक वस्ती एक व्यवसायको पहिचान दिने नीति अवलम्वन गरिने |

**कृषि सम्वन्धी मुख्य कार्यकमहरु :**

**नारायण नगरपालिकाले आफै कार्यान्वयन गर्ने कार्यकमहरु**

१.नगरपालिकामा खाद्यान्नवाली विशेष कार्यक्रम,फलफूल पकेट क्षेत्र विस्तार,नर्सरी स्थापना,रैथाने वाली प्रवर्द्धन,मकैवाली विशेष कार्यक्रम,पुन्य नर्सरी स्थापना तथा खेती,तरकारी बजार व्यवस्थापन र रोग किरा नियन्त्रण जस्ता कार्यक्रमहरु ।

२. कृषि प्रसारको पहुँच वृद्धि गर्न ग्रामीण कृषि कार्यकर्ता, ग्रामीण पशु स्वास्थ कार्यकर्ता तथा स्थानीय रेडियो र पत्रपत्रिकाको उपयोग गरिनेछ ।

३. कृषि क्षेत्रलाई व्यवसायिकरण, विविधिकरण गरी रोजगारका अवसर बढाउन सरकारी, गैरसरकारी एवं निजी क्षेत्रमा दक्ष जनशक्ति विकास गरी लक्षित क्षेत्र एवं वर्गको आर्थिक उत्थान गरिनेछ ।

४. कृषिको व्यवसायीकरण, विविधिकरण तथा औद्योगिकरण तथा प्रविधिको उपयोग गर्न सक्ने कृषक, उद्यमी, यूवा तथा विज्ञहरुको क्षमता विकास गरिनेछ ।

५. खेतीयोग्य खाली जमिनलाई कृषि उत्पादन तथा पशुपालनमा उपयोग गर्न स्थानीय वासिन्दा खासगरी यूवा वर्गलाई प्रोत्साहन गरिनेछ ।

६ माटोको उर्वरा शक्ति दीर्घकालीन रुपमा कायम राख्न भकारो सुधार कार्यक्रमलाई नमूना कार्यक्रमको रुपमा सञ्चालन गरिने छ ।

७. आवश्यक ज्ञान, सीप र लगानीको माध्यमद्वारा ग्रामीण कृषि पर्यटन विकास र प्रवर्धनमा यूवा तथा कृषकहरुलाई आकर्षण गरिनेछ ।

८. व्यवसायिक कृषि तथा पशु फर्म संचालन, व्यवसाय विकास र विस्तारको लागि कृषि ऋणको व्यवस्थापन र विस्तार गर्न विकास तथा वित्तीय संस्थासंग समन्वय गरिनेछ ।

९. कृषि क्षेत्रको कार्यक्रम तर्जुमा, अनुगमन तथा प्रभावकारिताको लागि सहभागितामूलक अनुगमन र कृषक अनुगमनको अभ्यास गरिनेछ ।

१०. साना र सीमान्त कृषकलाई समूह/सहकारीमा आवद्ध गराई कम आयतन र उच्च मूल्यका बाली/वस्तु उत्पादन गर्न प्रोत्साहन गरिनेछ ।

११. पोल्ट्री, माछा, च्याउ, तथा उच्च मूल्यका मसला बालीहरूलाई विशेष प्राथमिकता दिई सेवा, प्रविधि र क्षमता र लगानी बढाइनेछ ।

१२. गरिब तथा साना कृषक/लक्षित वर्गको पारिवारिक पोषण तथा खाद्य सुरक्षामा टेवा पुऱ्याउन र जलवायु परिवर्तनसंग अनुकूलन हुने जैविक विविधतामा आधारित खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ ।

१३. ग्रामीण क्षेत्रमा कृषि तथा पशुजन्य उत्पादन अभिवृद्धि गर्न थोक बजार, कृषि सडक, विद्युत, संचार, संङ्कलन केन्द्र, शित भण्डार, हाट बजार जस्ता पूर्वाधारको विकास गरिनेछ ।

१४. नगरपालिका तथा वडा कार्यालय, गैसस, नीजि क्षेत्रसंग आवश्यक समन्वय एवं छलफल गरी कृषि क्षेत्रको एकीकृत तथ्याङ्कको आधार तयार गरी अद्यावधिक गरिनेछ र तथ्याङ्कमा आधारित योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन अभ्यास गरिनेछ ।

१५. यूवा शक्तिलाई उपयुक्त प्रविधि, सीप र पूँजि उपलब्ध गराई कषि क्षेत्रमा आकर्षित गर्दै कृषि पेशालाई व्यवशायिक र सम्मानित बनाइनेछ ।

१६. नगरपालिका मातहत रहने गरी कृषि तथा पशु प्राविधिक सहित प्रत्येक वडा र नगरमा कृषि तथा पशु प्रसार केन्द्र स्थापना र सेवा संचालन गरिनेछ ।

१७. दीर्घकालीन रुपमा कृषि जैविक विविधताको संरक्षण एवं सम्वर्द्धन गरी पर्यावरणीय सन्तुलन अभिवृद्धि गरिनेछ

१८. बीज वृद्धि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी कृषक समुह तथा कृषी सहकारीहरूलाई नै बीउ स्रोत केन्द्रको रुपमा विकास गरिनेछ ।

१९. कृषि व्यवसायीकरणका लागि अगुवा कृषक विकास, आधुनिकरण र यान्त्रिकीकरण गर्न जोड दिइनेछ ।

२०. नीजि उद्यमी र सहकारी क्षेत्रको संलग्नता अभिवृद्धि गरी सहकारी तथा करार खेतीको प्रवर्धन गरिनेछ ।

न२१.गरपालिकामा संचालित प्रमुख प्राथमिकता प्राप्त कृषि प्रमुख सडक आयोजना, उत्पादनशिल तथा सिंचाई सुविधा उपलब्ध क्षेत्रमा कृषि उत्पादन, व्यवसाय तथा उद्यम संचालन गरिनेछ ।

**२१.तरकारी विकास कार्यक्रम :** नगरपालिकाका ११ वटै वडामा तरकारी खेती व्यवसायिक रुपवाट सञ्चालन गर्न निजी क्षेत्रवाट लगानी गरिने छ । यसको लागि व्यवसायिकरुपवाट तरकारी खेती गर्न विउ विजन तथा वजार विकासको लागि सहयोग गरिनेछ ।

**२२.संस्थागत क्षमता तथा तालिम कार्यक्रम :** कृषि क्षेत्रसंग सम्वन्धित समुहहरु, सहकारी, कृषि प्राविधिक लगायतको क्षमता वढाउनको लागि तथा कृषकको लागि तालिम दिनको निम्ति सहयोग गरिनेछ ।

**४.१.१.५ अपेक्षित प्रतिफल :** यस अवधिमा कृषि क्षेत्रको ग्राहस्थ उत्पादन प्रतिवर्ष ५ प्रतिशतले वृद्धि गरिनेछ । खाद्यान्न उत्पादन प्रतिवर्ष ५ प्रतिशत र नगदेवाली १० प्रतिशतका दरले वृद्धि भएको हुनेछ । कृषि वस्तुहरुमा आत्मनिर्भर भई आयत प्रतिस्थापन गरेको हुनेछ । नगरपालिकामा कृषि क्षेत्र हेर्ने भरपर्दो संरचना र प्रयाप्त जनशक्तिको व्यवस्था भएको हुनेछ । नारायण नगरपालिकाको प्रथम आवधिक योजनाका अन्त्य सम्ममा व्यवसायिक खेती तथा तरकारी फर्म विकास कार्यक्रम सञ्चालन गरी प्रत्येक वडामा ५/५ का दरले व्यवसायिक फर्म स्थापना गरिने, फलफुल फर्म, नगरपालिकाको सार्बजनिक क्षेत्रमा रहेका काफल र टिमुरको बोटको संरक्षण र विकासको लागि काफल र टिमुर पकेट क्षेत्र तोक्ने , तरकारी पकेट क्षेत्र, लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । कृषिमा सहकारीको माध्यमवाट वढि प्रतिफल प्राप्त भएको हुनेछ । कृषि सम्वन्धी कार्यक्रमगत प्रतिफल वडा र कार्यान्वयन स्थिति अनुसूचिमा उल्लेख गरिएको छ ।

## ६. नतिजा खाका

**तालिका न. २२ : कृषि सम्वन्धी मुख्य कार्यक्रमहरुको नतिजा खाका**

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | प्रभाव | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५५ | केतवी | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३ | | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रति वर्ष | प्रतिशत | ५ | १० | | | कार्यकारिणी |

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| २. | कृषिक्षेत्रको गार्हस्थ्य उत्पादन वृद्धि दर | प्रतिशत | ४.४ | १० | | | कार्यकारिणी |
| ३ | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिशत | ४.४ | १० | ,, | | |
| ४ | उद्योग क्षेत्रको औषत बृद्धिदर ( प्रतिसत.) | प्रतिशत | ९.६ | ३७.५ | ,, | | |
| ५ | खाद्यान्नको वार्षिक उत्पादन वढाउने प्रतिशत | प्रतिशत | २.२२ | ३.१० | ,, | | |
| ६ | कुल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा खर्च गर्ने जनसङ्ख्याको (प्रतिशत) | प्रतिशत | ६३ | ४१ | ,, | | |
| ७ | दलहनवालीको बार्षिक उत्पादन वढाउने प्रतिशत | प्रतिशत | १३.३२ | १४.५ | | | |
| ८ | | | | | | | |
| | **प्रतिफल** | | | | | | |
| १. | प्रमुख खाद्यान्न वालीको उत्पादन परिणा | क्विन्टल | ५३९ | ६२० | | | सहयोग उपलव्ध भएमा |
| २. | प्रति व्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | के.जी. | १७४ | २०० | | | ,, |
| ३. | कुल खेतीयोग्य योग्य कृषि भूमि | हेक्टर | २९३३ | ३३६७ | | | ,, |
| ४. | वार्षिक धन उत्पादन मे.टन | क्विन्टल | १३१.७४ | २२० | | | ,, |
| ५. | मकै ,, वार्षिक | क्विन्टल | | ६०५०० | | | ,, |
| ६. | कोदो ,, | क्विन्टल | १९.४८ | २२ | | | ,, |
| ७ | गहुँ ,, | क्विन्टल | १६० | २५० | | | |
| **जम्मा उत्पादन** | | | | | | | |
| ८ | दलहन बाली ,, | क्विन्टल | १.२६ | २.८ | | | |
| ९ | अमिलो जातका फलफुल | क्वन्टल | ८.८ | ९.३ | | | |

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १० | तरकारी बाली ,, | क्विन्टल | ११ | १२ | | | |
| ११ | आरुओखर खेती सुन्तला | क्विन्टल | ५.९ | ७ | | | ,, |
| **जम्मा उत्पादन** | | | | | | | |
| **कार्यक्रम तथा आयोजना** | | | | | कृषि अभिलेख र बार्षिक प्रतिवेदन | कृषि शाखा प्रमुख नगरपालिका | सहयोग उपलब्ध भएमा |
| १. | व्यवसायिक खेती तथा तरकारी फर्म विकास कार्यक्रम( टमाटार,च्याउ,मुला,गाजर,करेला,सिमि,अलैची,टिमुर,कुरिलो,आलु आदि) फर्म वटा | | | ३५ | ,, | ,, | ,, |
| २. | फलफुलविरुवा वितरण अनुदान -कागति,किविफल,ड्रयागन फ्रुट,एभोगाडो,टिमुर,अलैची, काफल, जापानिज ओखर) | | | ५५००० | ,, | ,, | ,, |
| ३. | अलैची, केरा, जडीवुटी, पकेट क्षेत्र विस्तार कार्यक्रम वटा | | | १० | ,, | ,, | ,, |
| ४. | तरकारी पकेट क्षेत्र वटा | | | ५ | ,, | ,, | ,, |
| ५. | आलु खोती विस्तार कार्यक्रम पकेट क्षेत्र वटा | | | ५ | ,, | ,, | ,, |
| ६. | जैविक विषाधी निर्माण कार्यक्रम वटा उपभोक्ता | | | ५ | ,, | ,, | ,, |
| ७. | खाद्यान्न,तरकारी,गेडा गुडीको पुराना विउको संरक्षण कार्यक्रम वटा | | | १ | ,, | ,, | ,, |
| ८. | धान,मकै, कोदो, दलहन भटमास वृद्धि कार्यक्रम वटा | | | ११ | ,, | ,, | ,, |
| ९. | जडिवुटी उत्पादन कार्यक्रम फर्म वटा | | | १० | ,, | ,, | ,, |
| १०. | वगैचा व्यवस्थापन, कार्यक्रम वटा | | | ११ | ,, | ,, | ,, |
| ११. | एकिकृत वाली संघन तथा जल व्यवस्थापन खाद्यान्न उत्पादन सम्बन्धि कृयाकलापहरु | | | २ | ,, | ,, | ,, |
| १२. | मत्स्यपालन सम्बन्धि कृयाकलापहरु(असला माछा) | | | २ | | | |
| १३ | बजार विकास पुर्वाधार निर्माण सम्बन्धि कृयाकलापहरु | | | १ | | | |
| १४ | रैथाने वाली खेति सम्बन्धि कृयाकलापहरु | | | ५ | | | |
| १५ | कृषि जैविक विविधता संरक्षण सम्बन्धि कृयाकलापहरु | | | ५ | | | |
| १६ | मौरी तथा वन संरक्षण कार्यक्रम घार संख्या | | | ५० | | | |
| १७ | प्रविधि विस्तार तथा कृषि विकास समन्वय एवं सहयोग कार्यक्रम कृषि उपज उत्पादन सम्बन्धि कृयाकलापहरु | | | ७ | | | |
| १८ | साना सिंचाई कार्यक्रम सम्बन्धि कृयाकलापहरु | | | १२ | | | |
| १९ | समुह सहकारी गठनसम्बन्धि कृयाकलापहरु | | | ५ | | | |

### ४.१.२ पशुपन्छी

**४.१.२.१ पृष्ठभूमि :** नारायण नगरपालिकको पशुपन्छी स्थिति निर्वाहमुखि रहेको छ । पशुपालनको दृष्टिकोणले यो नगरपालिकामा चरण क्षेत्रका रुपमा घाँसे क्षेत्रहरु र डाले घाँसका रुखहरु प्रयाप्त रहेको छ । यहाँ गाई, भैंसी, वाखा, बङगुर, कुखुरापालन, मौरी पालनको दृष्टिकोणले ज्यादै उपयूक्त क्षेत्र रहेको छ । वस्तिहरु छरिएर रहेको र व्यवसायिक रुपमा पशुपन्छी पालन ज्यादै कम रहेको छ । हाल केहि ठाउँमा पशुपन्छी पालन गरिएको छ । स्थानीय र उन्नत गाई गोरु स्थानीय र उन्नत राँगा भैंसी। खसी वाखा तथा कुखुरा पालन भएको छ । दुधको उत्पादन गाईबाट २२१४लि.प्रतिमहिना र भैसीबाट ६७४५लि.प्रतिमहिना जम्मा ८९५९ लि.दुध उत्पादन हुन्छ । खसी र बाखा ११७६७ खसीको मासु उत्पादन ८४०५४ केजि. हुन्छ । गाई भैसी सामान्य संख्यामा पालन गरेर व्यवसाय राम्रो नहुने देखिन्छ । यी वाहेक घर घरमा थोरै मात्रमा पशु तथा पन्छीपालन गर्ने गरेको देखिन्छ । मानिसहरु विदेश र शहरमुखी बन्दै जाँदा ग्रामीण भेगहरुमा पशु पालन व्यवसाय संकटमा पर्दै गएको छ ।

**४.१.२.२ प्रमुख समस्याहरु :** नश्ल सुधारमा ज्ञानको कमि, संक्रमक रोगवाट ग्रसित हुनु, उन्नत प्रविधिवाट पशुपालन व्यवसाय सञ्चालन गर्न नसक्नु ,पशुपालन व्यवसायमा विषयगत ज्ञानको कमि, वजार व्यवस्थापन नहुनु, ढुवानी महङगो हुनु, पशु आहाराको समस्या, पशुपालन परम्परागत हुनु यस क्षेत्रमा लगानी गर्न स्रोत र व्यवसायिकताको कमि, कुखुरापालन व्यवसायमा विमा नहुनु आदि समस्याहरु पशुपालन क्षेत्रमा देखिएका छन् ।

#### ४.१.२.३ चुनौती तथा अवसरहरु

**चुनौती :** पशुपंक्षीजन्य वस्तुहरूको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरी पशुपंक्षी व्यवसायद्वारा नगरपालिकालाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाउन, कृषि तथा पशुपंक्षी पालनमा संलग्न कृषक तथा उद्यमीहरूलाई सीप, सामग्री, प्रविधि र पूँजीसहज उपलब्ध गराउन, वजार व्यवस्थापन गर्न, नश्ल सुधार गर्न, उन्नत जातका गाई, भैंसी, बाखा, बङगुर, कुखुरा उपलब्ध गराई पशुपंक्षी पालनलाई व्यवसायीकरण गर्न पशुपन्छी विमा गर्न,यूवा विदेशीनुवाट रोक्नु आदि यस क्षेत्रमा चुनौती रहेका छन् ।

**अवसरहरु :** पशुपालन व्यवसायमा नीजि क्षेत्रवाट लगानी गर्न वढ्दो क्रममा रहेको छ । विदेशवाट फर्केका यूवाहरु पशुपालन व्यवसायमा उत्सुकता देखाउनु, नगरपालिका सवै वडामा सामान्यतय जङ्गल तथा चरण क्षेत्र हुनु, विभिन्न क्षेत्र पशुपालनको लागि पहिला देखिने यो व्यवसाय फस्टाउनु, दुध र दुधजन्य उत्पादनहरुको उत्पादनको खपत बजार तथा शहरमा खपत गर्न सकिनु, नगरपालिकाले पनि पशुपन्छी विकासमा प्राथमिकता दिनु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

#### ४.१.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** पशुपन्छी पालनमा व्यवसायीकरण, किसानको सम्पन्नता ।

**लक्ष्य :** पशुजन्य पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास भएको हुनेछ

**उद्धेश्य :** पशुपन्छी तर्फ देहाय अनुसारका उद्धेश्य रहेका छन् :

१. पशुपन्छी व्यवसाय वृद्धि गरी दुध,मासु, अण्डाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने ।

२. नयाँ नौलो सम्भावना तथा बजार भएका पशुपन्छी व्यवसायलाई प्राथमिकता दिई रैथाने तथा परम्परागत वस्तु, विधि, प्रविधिलाई प्रवर्धन गर्ने ।

**तालिका न.२३ : पशुपन्छी पालनका रणनीति तथा कार्यनीतिहरु :**

| रणनीति | कार्यनीति |
|---|---|
| १. पशुपन्छी व्यवसाय वृद्धि गरी दुध,मासु, अण्डाको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्ने । | |
| १. पशुपन्छीजन्य व्यवसाय विस्तारका लागि विशेष पहल गर्ने । | १. बाखा, गाई, भैसी र बगुंरका सहकारी फर्मलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने ।<br>२. पशुपन्छी व्यवसाय विकासमा संघ र प्रदेशसंग समन्वय गरी अघि वढ्ने ।<br>३. दुध व्यवसायी तथा सहकारीको समन्वयमा पशुजन्य उत्पादनको वजार व्यवस्थापनमा गर्न प्राथमिकता दिने ।<br>४. दुग्ध पदार्थ, मासुजन्य पदार्थ ढुवानी तथा सङ्कलन, चिस्यान व्यवस्थपनका लागि विशेष सहयोग कार्यक्रम सञ्चालन गरिने ।<br>५. कुखुराको क्षति न्यूनीकरण गर्न विमा कार्यक्रम तथा किसानलाई विशेष सहयोग कार्यक्रम सञ्चालन गर्ने ।<br>६. उन्नत खालका पशु–पन्छीपालन, नयाँ प्रविधि हस्तानान्तरणमा जोड दिईने छ । |
| २. स्वास्थ्यकर पशुजन्य उत्पादनमा वृद्धि गर्ने । | ७. चरन क्षेत्र र बजारको उपलब्धतालाई ध्यानमा राखी मासु तथा दूध उत्पादनको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>८. पशुपालक व्यवसाय समूहहरु मार्फत छनौट भई आएका कार्यक्रमहरुलाई पहिलो प्राथमिकता दिइने ।<br>९. पशु सहकारीमा आवद्ध किसानहरुलाई पशुपालन सम्बन्धी थप तालिमको व्यवस्था गरिने ।<br>१०. पशु विकास समूहहरुलाई सहकारीमा परिणत गर्दै लगिने । |
| २. नयाँ नौलो सम्भावना तथा बजार भएका पशुपन्छी व्यवसायलाई प्राथमिकता दिई रैथाने तथा परम्परागत वस्तु, विधि, प्रविधिलाई प्रवर्धन गर्ने | |
| ३. पशु विकासका लागि उन्नत प्रविधि हस्तान्तरण गर्ने । | १२. पशु कार्यकर्ताहरु क्रमशः वृद्धि गरी आधारभूत सेवा पुर्‍याउने कुरा सुनिश्चित गर्ने ।<br>१३. पशु विकासका सम्बन्धित विषयमा कार्यरत निकायहरुको बीचमा प्रभावकारी समन्वय गर्ने ।<br>१४. रैथान तथा परम्परागत शैलीलाई प्राथमिकता दिई व्यवसाय अघि वढाउने |
| ४. नीजि क्षेत्रलाई पशुपन्छी व्यवसायमा आकृर्षण गरी रोजगार अभिवृद्धि गर्ने । | १५. आयमूलक कार्यक्रमहरुमा उत्पिडित, जनजाति र विपन्नवर्गका महिलाहरुको सहभागिता बढाउने ।<br>१६.पशु आहाराका लागि उन्नत जातको घाँस विकास कार्यक्रम र यसका लागि पकेट क्षेत्रको विकास गर्दै लगिने ।<br>१७. स्थानीय घाँस तथा खरवारीलाई व्यवस्थापन गरी घाँस तथा चरण विकास गर्ने । |

**प्रमुख कार्यक्रमहरू**

**नगरपालिकाले आफै सम्पादन गर्ने कार्यक्षेत्रका विषयहरु**

- **व्यवसायिक पशुपन्छी पालन कार्यक्रम :** यस नगरपालिकका विभिन्न वस्तीहरुमा व्यवसायिक पशुपन्छी पालन कार्यक्रम सञ्चालन गर्न आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ । दुध, मासु, अण्डा लगायतका पशुजन्य उत्पादन गर्न सहयोग उपलब्ध गराईने छ । यहा निम्न क्षेत्रमा व्यवसायिकरुपमा पशुपन्छी पालन गरी कृषकको जीवन स्तर उकास्ने प्रयास गरिनेछ ।

- व्यवसायिक गाई भैसी पालन कार्यक्रम :
- व्यवसायिक भेडाबाखा पालन कार्यक्रम
- व्यवसायिक वंगुरपालन कार्यक्रम
- व्यवसायिक कुखुरा पालन कार्यक्रम।
- व्यवसायिक मैारी पालन कार्यक्रम
- **पशुपंछी स्वास्थ्य कार्यक्रम :** व्यवसायिक रुपमा फर्महरु सञ्चालन गरेको लागि आवश्यक उपचार गराउनका लागि पशुपन्छी उपचार गराउने व्यवस्था मिलाईनेछ ।
- **चरन विकास कार्यक्रम :** नगरपालिकामा व्यवसायिकरुपमा पशुपन्छी पालन कार्यक्रम विकासको लागि चरन विकास कार्यक्रम सञ्चालन गरिनेछ। पौष्टिक जातका घास खेती गर्न कृषकलाई सहयोग गरिनेछ ।
- **अवलोकन तथा भ्रमण कार्यक्रम :** सफल किसानहरुको लागि तथा व्यवसायिक पशुपन्छी पालन गर्नको लागि विभिन्न स्थानमा भ्रमण तथा अवलोकन कार्यक्रम सञ्चालन गर्न सहयोग उपलब्ध गराईने छ ।
- **अनुगमन तथा मूल्याङ्कन कार्यक्रम :** पशुपन्छी सम्वन्धी कार्यक्रम समयमा सम्पन्न गर्न तथा तोकिएको प्रतिफल प्राप्त गर्नको लागि अनुगमन तथा मूल्यांङ्कन कार्यक्रम सञ्चालन गरिनेछ ।

**नगरपालिकाले प्रदेश सरकारसंग समन्वय गरी सम्पादन गर्ने कार्यक्षेत्रका विषयहरु**

- पशुपन्छी व्यवसाय कार्यक्रम
- दुग्ध ढुवानी तथा चिस्यान कार्यक्रम
- संस्थागत क्षमता तथा तालिम कार्यक्रम
- व्यवसायिक पशुपालकलाई वित्तीय सहयोग कार्यक्रम
- पशुपछी विमा कार्यक्रम
- युवा तथा सिमान्तकृत वर्ग उत्थान कार्यक्रम (महिला, दलित, आ/जनजाति, अपाङ्ग समेत)
- पशुजन्य उपज सङ्कलन केन्द्र निर्माण तथा व्यवस्थापन कार्यक्रम
- पशुपन्छी गर्भाधान कार्यक्रम

- प्रोत्साहन तथा अनुदान कार्यक्रम

**४.१.२.५ अपेक्षित उपलव्धी :** पशुपन्छी जन्यवस्तुको उत्पादन प्रत्येक वर्ष १० प्रतिशतले वृद्धि भएको हुनेछ । नगरपालिका दुध, मासु, आत्मनिर्भर भएको हुने छ । नगरपालिकाका ११ वटै वडामा ११ वटा दुध संकलन केन्द्र र प्रत्येक वस्तिमा दुध सङ्कलन केन्दको स्थापना भई कार्यन्वयन भएको हुनेछ । व्यवसायिकरुपले पशुपन्छी पालन गर्ने परिवार संख्या कम्तिमा ४०० वटा हुनेछन् ।

**तालिका न. २४ : नतिजा खाका**

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व.२०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | प्रभाव | | | | बस्तुगत विवरण | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ,, | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | ,, | | कार्यकारिणी |
| | **असर** | | | | ,, | | |
| १. | गाईगोरु | संख्या | ७१४२ | ८००० | ,, | | कार्यकारिणी |
| २. | पशुजन्य वस्तु उत्पादन मासुउत्पादन | के.जि. | ८४०५४ | ५० | ,, | | कार्यकारिणी |
| | **प्रतिफल** | | | | | | |
| १. | वार्षिक दुध उत्पादन | लिटर | ६७४५ | १०००० | | | सहयोग उपलव्ध भएमा |
| २. | वार्षिक मासु उत्पादन | के.जि. | ८४५४ | १०००० | | | ,, |
| ३. | वार्षिक अण्डा उत्पादन हजारमा | वटा ०००मा | ९२५८० | १००००० | | | ,, |
| ४. | चिस्यान केन्द्र संख्या | वटा | ० | १ | | | ,, |
| **पशुपालन व्यवसयिक कार्यकम फर्म वटा** | | | | | | | |
| १. | दुग्ध उत्पादन फर्म वटा | | | १० | | | ,, |
| २. | कुखुरा पालन फर्म सञ्चालन वटा | | | १० | | | ,, |
| ३. | वाखा पालन फर्म वटा | | | १० | | | ,, |
| ४. | वंगुर पालन फर्म वटा | | | १० | | | ,, |
| ५. | मैरी पालन वटा घार | | | १०० | | | ,, |

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व.२०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ६. | दुधको परिकार वनाउने तालिम वटा | | | ११ | | | |
| ७. | कृषि, पशु विमा कार्यक्रम | | | ५ | | | |
| ८. | पशुमा लाग्ने माहामारी रोकथाम उपचार कार्यक्रम | | | १० | | | |
| ९. | विभिन्न हिउँदे/वर्षे/वहुवर्षे/डालेघांस घांस वितरण तथा दानाको श्रोत विकास सेवा अनुदान | | | ५ | ,, | ,, | ,, |
| १० | कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा, भाले जातका पशु वितरण, चल्ला वितरण, ा गर्ने | | | ५ | ,, | ,, | ,, |
| ११ | उन्नत तथा स्थानिय जातका वढी उत्पादन दिने र राम्रो गुर्ण भएका पशूपंक्षीको छनौट, आपूर्ति | | | ५ | ,, | ,, | ,, |
| १२ | ३ देखि ५ वर्ष समय पूगेका समूह/समितिको सहकारीकरण गर्ने, सहकारी संस्था संचालन गर्न अनुदान व्यवस्था | | | ५ | ,, | ,, | ,, |
| १३ | पशूपंक्षिहरुको नयाँ पकेट छनौट अध्यायन तथा प्रजनन् योग्य भाले/पोथि वितरण, सुधार, पशु आहारा, पशु स्वास्थ्य सेवा, रोग नियन्त्रण, विभिन्न खाले प्रविधि हस्तान्तरण तालिम आदि | | | ५ | ,, | ,, | ,, |
| १४ | विभिन्न पशूस्वास्थ्य, बांझोपन शिवीर, प्रदर्शनी, प्रतियोगिता आदि कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| १५ | पशूजन्य पदार्थ तथा उत्पादन सामग्रीहरुको नमूना संकलन तथा संम्प्रेषण आदि | | | ५ | ,, | ,, | ,, |
| १६ | पशू विमा भैसी/राँगो पालन तथा ढूवानी कोष आदि | | | ५ | ,, | ,, | ,, |
| १७ | समूह/समितिको पशूपंक्षिहरुको तथ्यांक संकलन तथा प्रेषण गर्ने | | | ५ | ,, | ,, | ,, |
| १८ | मेडिकल उपचार, माइनर सर्जिकल, मेजरसर्जिकल उपचार सेवा आदि | | | ५ | ,, | ,, | ,, |
| १९ | गोवर, रगत, दूध, माईक्रोवाइलोजिकल परिक्षण, नमूना संकलन तथा संप्रेषण आदि | | | ५ | ,, | ,, | ,, |
| २० | पशूपंक्षिमा विभिन्न खोप, आन्तरिक/वाह्य परजिवी नियन्त्रण, नमूना संकलन तथा संप्रेषण, आकस्मिक सेवा आदि | | | ५ | ,, | ,, | ,, |
| २१ | स्कूल शिक्षा, जनस्वास्थ्य चेतना अभिवृद्धि, पशू स्वास्थ्य घूम्तीकोष व्यवस्थापन परिचालन आदि | | | ५ | ,, | ,, | ,, |
| २२ | ईपिडेमियोलोजिकल रिपोर्टिङ वर्डफ्लू रोग सर्भिलेन्स आदि | | | ५ | ,, | ,, | ,, |
| २३ | भेटनरी निरिक्षण, औषधि पसल निरिक्षण,फाम कार्य तथा गूणस्तर नियम र नियन्त्रण सम्बन्धि कार्यहरु | | | ५ | ,, | ,, | ,, |

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व.२०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **२४** | विभिन्न गोष्ठि, भ्रमण, मेला प्रदर्शनी, प्रतियोगिटा, अन्तरक्रिया, शिवीर, रेडियो आदि | | | ५ | ,, | ,, | ,, |
| **२५** | विभिन्न पशूपंक्षिपालन, पशू आहारा, कृत्रिम गर्भाधान, पशू स्वास्थ्य सम्बन्धि उद्यमशिल, जनचेतना आदि कृषक/कर्मचारी तालिम | | | ५ | ,, | ,, | ,, |

## ४.१.३ खाद्य सुरक्षा तथा पोषण

४.१.३.१ पृष्ठभूमि : नारायण नगरपालिका खाद्य सुरक्षाको दृष्टिकोणले सुरक्षित नगरपालिकाको रुपमा गणना गर्न सकिने आधार कमजोर रहेको छ । उत्पादन स्थिति राम्रो रहेता पनि जमिनको वितरण प्रणालीको कारणले गर्दा हुने र नहुनेको दूरी फरक रहेको कारणले समस्या देखिन्छ । खाना तथा पोषणको सुरक्षा भएको परिवार संख्या ३ महिना भन्दा कम खानपुग्ने परिवार २०१६ परिवार ३८.७८ प्रतिसत ४ देखि ६ महिना सम्म खान पुग्ने परिवार १७४० ३३.४७ प्रतिसत छ ७ देखि ९ महिना खान परिवार १३.३३ प्रतिसत र १० देखि १२ महिना खान पुग्ने परिवार १४.२० रहन गएकोछ । यहाँ १८ प्रतिशत जनसंख्या मौसमी खाद्य असुरक्षित अवस्थामा रहेका छन् । (श्रोत नगरपालिकाको पार्श्वचित्र २०७५) वच्चाहरुमा कुपोषण स्थिति वढि नै रहेको छ । ६ देखि ५९ महिनाका वालवालिकाहरु मध्ये केहीलाई कुपोषण देखिएको छ ।

**४.१.३.२ प्रमुख समस्या :** यस नगरपालिकामा पोषण सम्वन्धमा जनचेतनाको कमि, खाद्यान्न सुरक्षा व्यवस्था राम्रोसंग गर्ने भण्डारणको समस्या देखिएको छ । गरीव परिवारमा पोषिलो खाने कुराको पहुँचमा कमि हुनु, भएको खाद्यान्न पनि उपयोग राम्रोसंग नगर्नु, पकाउने तरिका तथा उपयोग गर्दा पोषण स्थिति हेरेर उपयोग नगरिनु, मौसम अनुसार मात्र हरियो तरकारी तथा फलफुल खाने प्रचलन हुनु आदि समस्याहरु देखिएको छ ।

### ४.१.३.३ चुनौती तथा अवसर

**चुनौतीहरु :** यस नगरपालिकाका वच्चाहरुको कुपोषण मुक्त गराउनु, पुड्को तथा ख्याउटे र कम तौल भएको वच्चालाई न्यून वनाउन, सवै वच्चा तथा आमाहरुलाई उचित पोषणको व्यवस्था गर्न, खानपान व्यवहारमा परिवर्तन गर्न, आफूले उव्जाएको खाद्यान्न ७–१२ महिना भन्दा कम खान पुग्ने स्थितिमा रहेका परिवारको आर्थिक स्थिति सुधार गर्न, खाद्यान्न सुरक्षणको लागि व्यवस्थित भण्डारणको व्यवस्था गर्न आदि चुनौतीहरु रहेका छन् ।

**अवसरहरु :** नगरपालिकाको खाद्यान्न उत्पादन हुने फाँट प्रशस्त रहनु, पोषण कार्यक्रम सञ्चालनमा रहनु, व्यवसायिकरुपमा तरकारी तथा फलफुल खेती सञ्चालन गर्नु, कुखुरापालन गर्ने कृषक समुहको संख्या वढ्दै जानु, अण्डा, दुधको उत्पादन वढ्दै जानु, जनताको आयस्तरमा वृद्धि हुदै जानु, भिटामिन 'ए' तथा खोप कार्यक्रम सञ्चालन हुनु, आयोडिनयूक्त नून सरल मुल्यमा प्राप्त गर्नु आदि अवसर रहेका छन् ।

### ४.१.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यक्रम

**दीर्घकालिन सोच** : 'सबैलाई पोषणयूक्त आहार, नगरपालिकावासीको प्रफुल्ल मुहार'

**लक्ष्य :** उचित खाद्य सुरक्षाको व्यवस्था गरि निरोगी नागरिक तयार गर्नु ।

**उद्धेश्य :** १. खाद्य सुरक्षा गरी जनताको शाररिक तथा मानसिक स्थितिमा स्वास्थ्य रहेको हुनेछ ।

२. पोषणयूक्त आहार वाट महिला तथा वालवालिकाको स्वास्थ्य स्थितिमा सकरात्मक परिर्वतन भएको हुनेछ ।

**तालिका न. २५.: रणनीति तथा कार्यनीतिहरु**

| रणनीति | कार्यनीति |
|---|---|
| १.खाद्य सुरक्षा गरी जनताको शारिरीक तथा मानसिक स्थितिमा स्वास्थ्य रहेको हुनेछ । | |
| १.१ पोषणयूक्त खाद्यान्न उत्पादनमा जोड दिने । | १.पोषणयूक्त खाद्यान्न उत्पादन गर्न नगरपालिकावाट सहयोग गर्ने व्यवस्था मिलाइने ।<br>२. पोषणयूक्त कार्यक्रमलाई निजी क्षेत्र तथा सहकारी क्षेत्रवाट कार्यान्वयन गर्ने वातावरण तयार गर्ने ।<br>३. पोषण कार्यक्रम, कृषि उत्पादन कार्यक्रम तथा पशुपन्छी जन्य वस्तु उत्पादन कार्यक्रम आपसमा समन्वय गरी सञ्चालन गर्न जोड दिइने । |
| २. पोषणयूक्त आहार वाट महिला तथा वालवालिकाको स्वास्थ्य स्थितिमा सकरात्मक परिर्वतन भएको हुनेछ । | |
| २. १ खाद्य सुरक्षाको व्यवस्था गरी वितरण प्रणालीमा सुधार ल्याउने । | १. आमा तथा वच्चाहरुको लागि भिटामिन, खोप समय तालिका अनुसार उपलव्ध अभियानको रुपमा सञ्चालन गर्ने ।<br>२. सुत्करी महिलालाई दुध, मासु तथा अण्डा दैनिक रुपमा उपलव्ध गराउने वातावरण मिलाईने छ ।<br>३. पाँच वर्ष मुनीका वालवालिकाहरुलाई निश्चित कोटा तोकि पोषणयूक्त खाद्यान्नमा पहुँच वढाउन व्यवस्था मिलाईने छ ।<br>४.स्थानीय स्तरमा तथा वस्तीहरुमाा खाद्यान्न सुरक्षा भण्डारणको व्यवस्था मिलाउने ।<br>५. खाद्य सुरक्षाको लागि सरल, सस्तो र थेग्न सक्ने प्रविधिको पहिचान गरी कार्यान्वयनमा ल्याईने । |
| २.२. पोषणयूक्त खाद्यान्नको पहिचान गरी उपयोग गर्न प्रचार प्रसार गर्ने । | १. सन्तुलित आहारको महत्व वारे व्यापक प्रचार प्रसार गरी जनतालाई आहार पद्धितिमा व्यापक सुधार गर्ने ।<br>२. विद्यालय पाठ्यक्रममा खाद्यान्न सुरक्षा र पोषण वारेमा समावेश गरी अध्ययन गराइने । |

- **प्रमुख कार्यक्रमहरु**

**नगरपालिकावाट आफै सञ्चालन हुने कार्यंकम**

- खाद्यान्न, फलफुल, तरकारी तथा मासु, दुध उत्पादन कार्यक्रम
- पोषण कार्यक्रम
- वालवालिका तथा महिला स्वास्थ्य कार्यक्रम
- पोषण प्रचार प्रसार कार्यक्रम
- विद्यालय पोषण कार्यक्रम
- जनचेतना अभिवृद्धि कार्यक्रम
- गाउँघर किल्निक कार्यक्रम

- वालवालिका तौल तथा पोषणयूक्त खाद्यान्न वितरण कार्यग्रम
- स्वास्थ्य वालवालिका प्रतियोगिता कार्यक्रम खाद्य भण्डारण कार्यक्रम

**नगरपालिकावाट संघ तथा प्रदेशको सहयोगमा सञ्चालन हुने कार्यंकमहरु**

- वालवालिका तौल तथा पोषणयूक्त खाद्यान्न उत्पादन तथा वितरण कार्यक्रम
- भिटामिन 'ए' वितरण तथा खोप कार्यक्रम
- खाद्यान्न, फलफुल, तरकारी तथा मासु, दुध उत्पादन कार्यक्रम
- पोषण कार्यक्रम

**४.१.३.५ अपेक्षित उपलव्धी :** योजनाको अन्त्य सम्ममा नगरपालिकाका सवै वालवालिका कुपोषणबाट मुक्त भएका हुनेछन् । पुड्केपन र कम तौल हुने स्थितिमा व्यापक सुधार भएको हुनेछ । भिटामिन 'ए' तथा खोप सेवा सतप्रतिशत वालवालिका तथा महिलाले प्राप्त गरेका हुनेछन् । पोषण तथा खाद्य सुरक्षा सम्वन्धी विषय विद्यालयको पाठ्यक्रममा समावेश भएको हुनेछ ।

### ४.१.४.६ खाद्यान्न नतिजा खाका

**तालिका न. २६ नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा.स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | बार्षिक प्रतिवेदन | | कार्यकारिणी |
| | **प्रतिफल** | | | | | | |
| १. | कुपोषण दर ५ वर्ष मुनिका बच्चामा | प्रतिसत | ३५.६ | २० | बार्षिक प्रतिवेदन | | सहयोग उपलब्ध भएमा |
| २. | ५वर्षमुनिका बालबालिकामा रहेको रक्त अल्पताको स्थिति | प्रतिसत | १७ | १५ | ,, | | ,, |
| ६. | कुल उपभोगको दुई-तिहाइभन्दा बढी खानामा | प्रतिसत | ६० | ५५ | ,, | | ,, |

| क्र.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | खर्च गर्ने जनसंख्या | | | | | | |
| ३. | आफ्नो उत्पादनकले ६ महिना भन्दा बढी खान नपुग्ने खाद्य सुरक्षा नभएका घरपरिवार | प्रतिसत | ३३.४७ | ५० | ,, | | |
| ४. | मौसमी खाद्य असुरक्षित घर परिवार | प्रतिसत | ३३.४७ | ३० | ,, | | |
| ५. | उच्च खाद्य असुरक्षा भएका घर परिवार | प्रतिसत | ३८.७८ | १५ | ,, | | |
| ६. | ५ वर्ष मुनिका कम तौल भएका बच्चामा | प्रतिसत | **३५.५** | **२०** | ,, | | |
| | **कार्यक्रम तथा आयोजना** | | | | वार्षिक प्रतिवेदन | कृषि प्रभाव | सहयोग निरन्तरता भएमा |
| | | | | | | | |
| १. | कार्यक्रम तथा आयोजना | | | ५ | ,, | ,, | ,, |
| २. | पोषण कार्यक्रम वटा | | | ५ | ,, | ,, | ,, |
| ३. | खाद्य उत्पादन कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ४. | तरकारी तथा फलफुल उत्पादन कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ५. | दुध, माछा, मासु, फुल उत्पादन कार्यक्रम | | | ५ | | | |
| ६ | संघ संस्थाको सहकार्यमा स्थानिय हाटवजार, पशुवधशाला, वधस्थल, मासु पसल, साना डेरि उद्योग प्रवर्द्धन तथा डेरि पसल निर्माण सुधार आदि | | | ५ | | | |
| ७ | वडा कार्यालय, नगरपालिका, कृषक सहकारी एवं व्यवसायिहरुको समेत सहमति र सहययोगमा सहकारी वजार विकास र विस्तार कार्यक्रम आदि | | | ५ | | | |
| ८ | सेवाकेन्द्र/उपकेन्द्र/ प्रोफाइल अध्यावधिक गर्ने, वार्षिक पुस्तिकामा समेत पुस्तिका प्रकाशन आदि | | | ५ | | | |
| ९ | कृषि डायरी क्यालेण्डर आदि खरिद | | | ५ | | | |

खाद्य सुरक्षा तथा पोषण कार्यक्रम कृषि, पशुपन्छी, स्वास्थ्य तथा शिक्षा क्षेत्रसंग प्रत्यक्ष सम्वन्ध रहेकोले यस सम्वन्धी नतिजा खाका उक्त क्षेत्रमा समेत विस्तृत रुपमा उल्लेख गरिएको छ ।

## ४.१.४ सिंचाई

**४.१.४.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको कृषिमा विविधिकरण, उत्पादकत्व तथा रोजगारी वृद्धि र किसानको आयस्तर बढाउन सिंचाईले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस नगरपालिकामा कुल ३६६७ हेक्टर खेतियोग्य जमिन मध्य २९३३.६ हेक्टर जमिनमा  खेति गरिएको छ । खेती योग्य जमिन मध्ये २१५.०३ हेक्टरमा वाह्रै महिना सिंचाई हुने सम्भावनाको जमिन सिंचित सुविधा प्राप्त रहेको छ भने बाँकी खेती योग्य जमिन मौसमी सिंचित रहेको छ । यहाँ सिचाइका लागि खोला तथा खोल्साहरुवाट सिंचाई गर्न सक्ने पानीको श्रोत रहेको छ । परम्परागत कुलाहरुवाट अधिकांश खेती योग्य जग्गामा सिंचाई गरिआएको पाईन्छ ।

**४.१.४.२ प्रमुख समस्याहरु :** नारायण नगरपालिकामा सिंचाई श्रोत प्रयाप्त भएपनि सवै खेती योग्य जमिनमा सिंचाई सुविधा पुँन्याउन सकिएको छैन । वाह्रै महिना सिंचाई सुविधा नहुनु, किसानको आर्थिक स्थिति राम्रो नहुनु, उत्पादकत्व न्यून रहुनु, सिंचाई योजनाका गुणस्तर राम्रो नहुनु, लगत ज्यादै महङगो हुनु, सिंचाई शुल्क लनगरँन नसक्नु, वर्षा याममा पानी पोखरीमा सङ्कलन गरी हिउँदमा सिंचाईमा प्रयोग गर्ने सुविधा नहुनु, कृषि उत्पादन प्याकेजसंगै सिंचाई योजना सञ्चालन नहुनु आदि समस्याहरु सिंचाई विकासमा देखिएको छन् । निमार्ण भएका सिंचाईहरु पनि जिर्ण अवस्थामा रहेका छन् । यस नगरपालिकामा सम्पन्न भएका सिंचाई योजना मध्ये केही राम्रो सञ्चालन योग्य अवस्थामा छन् भने अरु जिर्ण अवस्थामा रहेकाछन् । परम्परागत कुलोको मुहानको स्थायी संरचना नहुँदा खेती लगाउँने समयमा किसानहरुले ज्यादै समस्या व्यर्होनु परेको छ ।

**४.१.४.३ चुनौती तथा अवसर**

**चुनौतीहरु :** नारायण नगरपालिकामा सिंचाई विकासमा विभिन्न चुनौतीहरु रहेका छन् । सिंचाई श्रोत नपुगेका खेती योग्य जमिनमा थोपा सिंचाई प्रणाली विकास गर्न, विभिन्न निकायहरु बीच संमन्वय कायम गर्ने, सिंचाई योजनाहरु सञ्चालन गर्न आर्थिक तथा प्रविधिक, श्रोत व्यवस्थापन गर्न, जनशक्तिको व्यवस्थापन गर्न, जनसहभागिता वढाउन, कृषकहरुलाई तालिम तथा क्षमता अभिवृद्धि गर्न, कृषिमा उत्पादकत्व वढाउनु मुख्य चुनौतीहरु रहेको छ । भरपर्दो सिंचाई व्यवस्था गर्न, सिंचाई योजनाको दीगो र गुणस्तर कायम गर्न, सिंचाई योजनाको मर्मत सम्भार गर्न, परम्परागत सिंचाईको मुहानहरुमा पक्की मुहान गराउन, व्यवसायिक रुपमा खेती गरेको जमिनहरुमा नगरपालिकावाट सिंचाई व्यवस्थापनमा चुनौती रहेको छ ।

**अवसरहरु :** नगरपालिकाले उत्पादनमा वृद्धि गर्न प्राथमिकता दिनु, सिंचाईको लागि वित्तिय श्रोत वृद्धि गरिदै जानु आदि अवसरहरु समेत रहेका छन् । नारायण नगरपालिकामा हावापानी र मौसम अनुसार भुगोल छनोट गरेर खेति गर्ने हो भने खाद्यान्न उत्पादन हुने फाँट प्रशस्त रहनु, धेरै जलाधार क्षेत्र, सबै वडाका विभिन्न खोलानालाहरु प्रसस्त रहनु, थोपा सिंचाई प्रणालीको शुरुवात हुनु, खेती योग्य जमिनमा वाह्रै महिना सिंचाई सुविधा पुऱ्याउन नगरपालिकाले अठोट लिनु तथा प्राथमिकता तोक्नु, प्रदेश सरकार र संघीय सरकारवाट प्राथमिकता दिनु सिंचाई विकासका अवसरहरु हुनु, ।

**४.१.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति**

**दीर्घकालिन सोच :** नगरको समृद्धि सिँचाई कृषिमा बृद्धि

**लक्ष्य :** सम्पूण कृषि योग्य भूमिमा कृषि उत्पादकत्वमा योगदान पुग्ने गरी वर्षैभरी दिगो एवं भरपर्दो सिंचाई सुविधा पुगेको हुनेछ ।

**उद्धेश्य : १.**कृषि योग्य भूमीमा थप सिंचाई सुविधा पुगेको हुनेछ ।

**तालिका न. २७.: सिंचाई सम्वन्धी रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.१ वढि खेती हुने ठाउँको सिंचाई योजनालाई प्राथमिकता दिइने । | १. सिंचाई सुविधा निर्माण तथा व्यवस्थापनमा उपभोक्ताहरुको सहभागिता अभिवृद्धि गर्ने ।<br>२.सबै सिंचाईको सम्भावना भएका खोला लगायतका किनारका फाँटहरुमा वार्है महिना सिंचाई योजना सञ्चालन गर्ने ।<br>३. मकै, आलु, धान खेती हुने जमिनमा सिचाई गर्नको लागि लगानी वढाईने ।<br>४. कुनै व्याक्ति, फर्मले व्यवसायिक किसिमले कृषि तथा पशुपालन गर्न लगानी गर्ने स्थानमा नगरपालिकाले न्यूनतम पूर्वाधार सिंचाई, सडक, विद्युत जस्ता पूर्वाधार तयार गर्न सहयोग गर्ने । |
| १.२. उत्पादन वृद्धिका लागि वैकल्पिक सिंचाई थोपा सिंचाई, पोखरी निर्माण जस्ता वैकल्पिक उपयाहरु अपनाईने छ । | ५. सिंचाई श्रोत नपुगेका जग्गामा थोपा र साना सिंचाई योजनालाई प्राथमिकता दिईने ।<br>६. नयाँ पोखरी निर्माण गर्ने ६० प्रतिशत नगरपालिकाले लगानी गर्ने नीतिलिने ।<br>७. थोपा सिंचाईको विकासको लागि नयाँ प्रविधिको अवलम्वन गर्ने<br>८. जलाधार क्षेत्रको संरक्षण तथा संवर्द्धन गर्ने । |

- **प्रमुख कार्यकमहरु**

**नगरपालिकाले सञ्चालन गर्ने कार्यकमहरु**

**वृहत सिंचाई योजना सञ्चालन कार्यकम :**

- यस नगरपालिकाको पानीको स्रोत भएको ठाँउमा सिचाइ कुलो निर्माण गर्ने ।
- पानीको स्रोत नभएको ठाँउमा मोटरवाट पानी तानेर सिचाई गर्ने ।

**पाइपद्धारा सिंचाई कार्यकम :** सिंचाईको लागि पहरा तथा अन्य कारणवाट कुलो निर्माण गर्न नसकिएको स्थानमा ठूला पाईपहरुद्धारा सिंचाई सुविधा उपलव्ध गराइनेछ ।

**साना सिंचाई तथा कुलो निर्माण :** नगरपालिकाका सबै वस्तीका खेतहरुमा परम्परागत कुला तथा साना सिंचाई कार्यकमद्धारा निर्माण गरिएका योजना तथा कुलाहरुको मुहानमा पक्की बाँध वाँध्ने तथा खोल्सा खोल्सीहरुमा पक्की कुलो निर्माण गरिनेछ ।

**संघ तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिने सिंचाई कार्यकमहरु –** लिफ्ट सिंचाई कार्यकम (लिफ्टिङ र थोपा सिंचाई कार्यक्रम संचालन गर्ने ।

### ४.१.४.६ नतिजा खाका

**तालिका न. २८ : सिंचाईको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | इकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा.स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | बार्षिक प्रतिवेदन | | कार्यकारिणी |
| | **प्रतिफल** | | | | | | |
| १. | प्रतिव्यक्ति आयमा बृद्धि | प्रतिशत | ४ | १० | बार्षिक प्रतिवेदन | | सहयोग उपलब्ध भएमा |
| २. | कृषि क्षेत्र अभिवृद्धि प्रतिशत | प्रतिशत | ५ | १० | ” | | ” |
| ३. | प्रति व्यक्ति खाद्यान्न उत्पादन (के.जी.) | प्रतिशत | ५६४ | ७०० | ” | | ” |
| ४. | खाद्यान्नको वार्षिक उत्पादन वढाउने प्रतिशत | प्रतिशत | ५ | १० | ” | | ” |
| **कार्यक्रम तथा आयोजना** | | | | | | | ” |
| १. | साना सिंचाई तथा मर्मत योजना वटा | | | १० | ” | | |
| २. | लिफ्टिँङ्ग थोपा सिंचाई तथा खानेपानी मुहान | | | ५ | | ” | ” |
| ३. | स्प्रिगंकल तथा ठूलो पाइपद्धारा सिंचाई | | | ९ | ” | ” | ” |
| ४. | विभिन्न कुलो मुहान निर्माण तथा मर्मत कार्यक्रम | | | १० | ” | ” | ” |
| ५. | विभिन्न वृहत सिंचाई योजना | | | ९ | ” | ” | ” |

## ४.१.५ भूमि व्यवस्था

**४.१.५.१ पृष्ठभूमि :** नगरायण नगरपालिकाको सम्पतिको मुख्य श्रोत भूमि भएकोले यसको उपयोग तथा वितरण प्रणालीले नै नगरवासिको जीवनस्तर निर्धारण गरेको छ । यस नगरपालिकाको जम्मा ११०.६३ वर्गकि.मि. जमिन मध्ये कृषि क्षेत्र २६.५६ वर्ग कि.मि. अर्थात २६.५६ प्रतिशत कृषि योग्य भूमि रहेकोछ । बाँकी क्षेत्र वनजंगल ४२.२८ प्रतिसत,खोलानाला २.३६,  सडकले ओगटेको क्षेत्र १.०७ प्रतिसत रहेको छ । कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वढाउन भूमि व्यवस्था राम्रो हुन आवश्यक हुन्छ । यस नगरपालिकामा जमीनको स्थिति हेर्दा खेत र पाखोवारी रहेका छन् । भरीको किनारमा रहेको जमिन केहि समथर छ भने माथिल्लो भागमा गह्रा, पाखा, खरवारी रहेको छ । कृषक श्रमिकको अभाव तथा लगानीको दाजोमा प्रतिफल न्यून भएको कारणले गर्दा जग्गा बाँझो राख्ने चलन वढ्दो रहेको छ । भू-स्वामित्वको दृष्टिले हेर्दा आफ्नो भूस्वामित्व भएका २ रोपनि भन्दा कम जग्गा भएका २४२७ परिवार ४६.६९ प्रतिसत रहेका छन् २ देखि ५ रोपनी सम्म भएका २४२२ परिवार ४६.५९ प्रतिसत छन् भने ११ देखि २० रोपनी सम्म जमिनको स्वामित्व भएका परिवार संख्या ९ परिवार ०.१७ प्रतिसतको जग्गा छ । अरुको जग्गा कमाएर गुजरा चलाउने परिवार घटदो क्रममा रहेकोछ कारण विदेश जाने र बसाइ सर्ने काम भएको छ । परिवारमा छुट्टा भिन्न हुँदा जमिन विभाजन भएकोले गर्दा भू स्वामित्वको आकार घट्दै गएको छ ।

**४.१.५.२ प्रमुख समस्याहरु : नारायण** नगरपालिकामा भूमि वितरण व्यवस्था असमान र प्रभावकारी छैन, खेती योग्य जमिन टुक्राएर विभाजन गरिनु, जग्गा एकीकृत नभएर छरिनु, आर्थिक दृष्टिले पछि परेका परिवारको भूमिमा पहुँच कम हुनु, सुन्ताला खेति पनि कम भएर जानु,वसाई सराईको कारणले गर्दा जमिन बाँझो रहन जानु, जग्गाको मुल्य अवमूल्य हुदै जानु, खेती योग्य जमिनमा पनि अनावश्यक झाडी तथा रुखहरुले ढाकेर उत्पादन कम हुँदै जानु, खेतिपाति गर्न नसक्ने तथा नचाहने परिवारले जग्गा बाँझो राख्नु,वन्यजन्तुले दुःख दिनेक्रम दिन प्रति दिन वढ्नु, व्यवसायिक खेती गर्न लामो समयको लागि धेरै जग्गा करार तथा खरिद गर्न नपाउनु, किसानको आर्थिक स्थिति राम्रो नहुनु , उत्पादकत्व न्यून रहुनु, वैज्ञानिक भूमि तथ्याङक पद्धति नहुनु, भूमि प्रशासन प्रति जनताको वढि गुनासो रहनु आदि समस्याहरु भूमि व्यवस्थामा देखिएको छ ।

### ४.१.५.३ चुनौती तथा अवसरहरु

**चुनौतीहरु :** नारायण नगरपालिकामा भूमि व्यवस्थामा विभिन्न चुनौतीहरु रहेका छन् । खेती योग्य जमीन २ रोपनी भन्दा कम जग्गा हुने परिवार भन्दा र २ देखि ५ रोपनी हुने परिवारलाई आवश्यक अनुसारको जग्गा उपलब्ध गराउन, जग्गा नै कम भएको कारणले परिवारलाई उत्पादन समेत व्यवस्थापन गर्न कठिन, श्रमिकको अभाव समाधान गर्न, लगानीको दाँजोमा प्रतिफल वढाउन, जग्गा वाँझो राख्ने चलन वढ्दो रहेकोले त्यस किसिमका जग्गामा खेती गर्न, परिवारमा छुट्टा भिन्न हुँदा जमिन विभाजनका कारणले गर्दा घट्दै गएको भू स्वामित्वको आकारलाई रोक्न, विभिन्न निकायहरु बीच समन्वय गर्ने, भूमि व्यवस्थाको लागि आर्थिक श्रोत व्यवस्थापन गर्न, कृषिमा उत्पादकत्व वढाउन, मुख्य चुनौतीहरु रहेका छन् ।

**अवसरहरु :** नारायण नगरपालिकाले यस क्षेत्रभित्रको जग्गाको भू उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्न लागेको छ । वैज्ञानिक तवरवाट भूमि व्यवस्थाको तथ्याङक राख्ने प्रयास भएको छ । वाँझो जग्गाको व्यवस्थापनको लागि करार पद्धति तथा भूमि वैंकको सोचलाई कार्यान्वयनमा जान लागेको छ । कृषि योग्य भूमिमा सिंचाईमा लगानी थप हुदै जाने अबसर छ । यस नगरपालिकामा बजार क्षेत्र भन्दा निकै सस्तो दरमा जग्गा प्राप्त हुनाले सुन्ताला र टिमुरको व्यवसायिक खेतीको राम्रो अवसर श्रृजना हुदै छ । नगरपालिका, प्रदेश सरकार र संघीय सरकारवाट भूमि व्यवस्थाको लागि विशेष प्राथमिकता दिनु भूमि व्यवस्थाका अवसरहरु हुनु ।

### ४.१.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** नगरवासीको जीवनको मुख्य आधार उचित भूमि व्यवस्थापन र पूर्वाधार

**लक्ष्य :** भूमी व्यवस्थावाट नारायण नगरपालिकामा खाद्यान्न उत्पादन वढि जनताको जीवनस्तरमा वृद्धि भएको हुनेछ ।

**उद्धेश्य :** १. उपयूक्त भू-उपयोग प्रणालीको विकास भएको हुनेछ ।

२. बसाइसराइको नियन्त्रणबाट वाँझो रहेको जग्गाको उचित व्यवस्थापन भई उत्पादकत्व वृद्धि भएको हुनेछ ।

**तालिका न. २९ : भूमि व्यवस्था सम्वन्धी रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. उपयूक्त भूउपयोग प्रणालीको विकास भएको हुनेछ । | |
| १.१ वातावरण सन्तुलन कायम गर्ने गरी भू-उपयोग गर्न व्यवस्था मिलाइने । | १. नगरपालिका क्षेत्र भित्र रहेको जमिनलाई वर्गिकरण गरी तोकिएको स्थानमा निर्धारण गरिएको कार्यको लागि मात्र भू उपयोग गर्ने<br>२. छरिएर रहेको वस्तिलाई एकीकृत गर्नेमा जोड दिने ।<br>३. भू-उपयोग सूचना प्रणालीलाई व्यवस्थित वनाउने ।<br>४. जमिनको वढ्दो खण्डिकरणलाई नियन्त्रण गर्ने । |
| २. वाँझो रहेको जग्गाको उचित व्यवस्थापन भई उत्पादकत्व वृद्धि भएको हुनेछ । | |
| २.१ कृषि भूमिको उत्पादकत्व वढाउनको लागि जग्गो ओग्टने तथा वाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिने । | ५. भूमि वैंक सम्वन्धी कार्यविधि तयार गरी नगरपालिका वा वडावाट सो सुविधा उपलब्ध गराउन प्रयास गरिने छ ।<br>६. ठूलो आकारको जग्गा उपलब्ध गराई कृषिमा व्यवसायिकरणमा प्राथमिकता दिइने ।<br>७. कृषि योग्यजमिनमा गैह्र कृषि कार्य गर्न रोक लागाइने ।<br>८. खेती योग्य जमिनमा वढ्दै गएको अनावश्यक झाडी व्यवस्थापन गरी उत्पादन वढाईने ।<br>९. सवैको सहमतिमा सहकारी खेती प्रणाली कार्यान्वयन गर्न प्रयास गर्ने । |

- **प्रमुख कार्यक्रमहरु**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**भूमि वैंक कार्यविधि निर्माण तथा कार्यन्वयन कार्यक्रम** : भूमि वैंक विकासको लागि नगरपालिकाद्धारा कार्यविधि निर्माण तथा अन्य कानूनी व्यवस्था मिलाईने छ ।

**जग्गा मिलान तथा भूमि वैंक कार्यक्रम :** नगरपालिकामा वढ्दो जग्गा बाँझो राख्ने प्रवृतिलाई न्यूनीकरण गर्न तथा जग्गाको उचित व्यवस्थापन गर्न, कम्पनीको रुपमा कृषि व्यवसाय सञ्चालन गर्न, कृषकहरुलाई उचित क्षतिपूर्ति दिन सहकारी खेती, जग्गा वैंक जस्ता कार्यक्रम सञ्चालन गरिने छ । ससाना टुक्रामा रहेको जमिनलाई एकीकृत गर्न तथा जग्गा मिलान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**भूमिहिन तथा २ रोपनी भन्दा कम जग्गा हुने परिवारको लागि सहयोग कार्यक्रम :** भूमिहिन परिवारका लागि तथा २ रोपनी भन्दा कमी जग्गा हुने परिवारको लागि करारमा जग्गा उपलव्ध गराउने वा उद्यम सञ्चालनको लागि आवश्यक सहयोग गरिनेछ ।

**भू उपयोग योजना निर्माण कार्यक्रम** : नगरपालिकाको भूमि व्यवस्थापन गर्न भूउपयोग योजना लागु गरिनेछ । नगरपालिकाले तोकेको क्षेत्रमा सिफरिस गरे अनुसारको कार्यमा मात्र भूउपयोग गर्ने व्यवस्था मिलाईनेछ ।

**भू उपयोग सूचना प्रणाली कार्यक्रम :** आवधिक विकास योजनाको अवधिमा भूउपयोग सूचना प्रणाली विकासमा आवश्यक लगानी गरिनेछ ।

**प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. मालपोत तथा नापी कार्यालय सुदृढ तथा व्यवस्थापन कार्यक्रम

२. जग्गा लालपूर्जा तथा भू-उपयोग सम्वन्धी रेकर्ड व्यवस्थित कार्यक्रम

**४.१.५.५ अपेक्षित प्रतिफल : नारायण नगरपालिकाको** आवधिक योजना निर्माण पछि यस नगरपालिकाको भू-उपयोग नीति तर्जुमा भएको हुने छ । भूमि वैंक सम्वन्धी कायविधि तयार भई कार्यान्वयनमा आएको हुनेछ । वन्यजन्तु नियन्त्रण सम्वन्धी समस्यामा कमि आएको हुनेछ । नगरपालिकामा रहेको सम्पुर्ण वाँझो जमिनमा हराभरा खेतीपाती भएको हुनेछ । नगरपालिका भित्र व्यवसायिका खेती गर्न चाहनेहरुको लागि नगरपालिकाको समन्वयमा जमिन उपलव्ध भएको हुने छ । भूमिहिन तथा अति गरीव परिवारहरु ३ महिना मात्र खान पुग्ने परिवारको लागि विशेष सहयोग कार्यक्रम सञ्चालन भएको हुनेछ । भू उपयोग व्यवस्थापनका कारण उत्पादनमा दोव्वर वृद्धि भएको हुनेछ । यस अवधि भित्र जग्गा व्यवस्थापन सम्वन्धी कार्यक्रम, भूमि वैंक कार्यक्रम लागू गरी चाक्ला वन्दी तथा जग्गा करार कार्यक्रम ५ वटा र जग्गा विकास कार्यक्रम ५ वटा सम्पन्न भएका हुनेछन् ।

## ४.१.४.६ नतिजा खाका

**तालिका न. ३० : भूमि व्यवस्था सम्वन्धी नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवा र निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा. स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | पशु सेवा क्षेत्रको | | कार्यकारिणी |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवा र निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | अभिलेख र बार्षिक प्रतिवेदन | | |
| | **प्रतिफल** | | | | | | |
| **१.** | प्रतिव्यक्ति आयमा वृद्धि वास्तविक प्रतिशत | प्रतिशत | ६४०.७७ | १००० | बार्षिक प्रतिवेदन | | सहयोग उपलब्ध भएमा |
| **२.** | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५ | १० | ,, | | ,, |
| **३.** | प्रतिव्यक्ति खाद्यान्न उत्पादन ( के.जी.) | प्रतिशत | ५६४ | ७०० | ,, | | ,, |
| **४.** | खाद्यान्नको वार्षिक उत्पादन वढाउने प्रतिशत | प्रतिशत | ५ | १० | ,, | | ,, |
| | **कार्यक्रम तथा आयोजना** | | | | | | ,, |
| **१.** | जग्गा व्यवस्थापन कार्यक्रम प्रत्येक वडामा | | | ५ | ,, | | |
| **२.** | जग्गा विकास कार्यक्रम वटा | | | ५ | ,, | ,, | ,, |
| **३.** | खेती योग्य जमिनको वरिपरि रुख कटनी कार्यक्रम वटा | | | ५ | | ,, | ,, |
| **४.** | जग्गा व्यवस्थापन ११ वटै वडामा | | | ५ | ,, | ,, | ,, |
| **५.** | भूमिहिन परिवारलाई विशेष सहयोग कार्यक्रम (परिवार संख्या) | | | ५ | ,, | ,, | ,, |

## ४.१.६ वन तथा वनस्पति सम्पदा

**४.१.६.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको आर्थिक तथा सामाजिक विकासको लागि वन तथा वनस्पति सम्पदाको ठूलो महत्व रहेको छ । नगरपालिका क्षेत्राधिकारमा पाइने जडिबुटी र कृषि क्षेत्रको विकास तथा पशुपालन र उद्योगको लागि वनको योगदान उल्लेखनिय रहेको छ । वनमा जडिवुटी प्रचुर मात्रमा रहेकोले र जिविकोपार्जनको लागि तथा दाउरा इन्धनको मुख्य श्रोत पनि वन जङगल भएकोले मानव जीवनमा यसको ठूलो महत्व रहेको छ । नगरपालिकाको कुल क्षेत्रफल ११०.६३ बर्ग कि.मि. मध्ये ४२.२८ प्रतिशत भूमी वन जङगल र २.३६ प्रतिसत खोला वगर र १.०७ सडकले ओगटेको छ । यहाँ सरकारी संरक्षित वन, ४६ सामुदायिक वन र ३ कवलिएति वन रहेको छ । यहां. चितुवा, बाँदर, मृग आदि जङगली जनावर पाईन्छ । चिउरी, वास, कटुस, उत्तिस, सल्लो आदि प्रजातीका रुखहरु छन् । आज भोलि खेती गर्ने पाखो तथा खेतमा रुखहरुले ढाकेकोले कृषि उत्पादनमा समेत ह्रास आएको छ ।

**४.१.६.२ प्रमुख समस्या :** वन क्षेत्रलाई आर्थिक उपार्जनसंग समन्वय हुन नसक्नु , वन जङगलमा काम लाग्ने भन्दा कुकाठ वढि हुनु, आगलागी तथा डढेलो वढि लाग्नु , खेति योग्य जमिनमा अनावश्यक वोट विरुवाको व्यवस्थापन नहुनु, जडिवुटिको पहिचान र संरक्षण हुन नसक्नु, वन जङगलको फडानी, भू क्षय, रसायनिक पदार्थको प्रयोग,

प्लाष्टिकजन्य वस्तुको जथाभावी प्रयोग, पूर्वाधारवाट भू-क्षय, मृत जनावर व्यवस्थापन नगर्ने, प्रभावकारी समन्वयको अभाव, जनचेतनाको अभाव,नागरीक सुसुचित नहुनु, ऐन, निति नियम विनियमको पालन नहुनु, फोहर मैलाको व्यवस्थापनमा समस्या, जिम्मेवारी वहन नगर्नु, वातावरणमा असर, मानविय स्वास्थ्य रोगको प्रकोप,उर्वरा खेती योग्य जमिनको विनास र वाढी पहिरो, कार्यक्रम प्रभावकारी नहुनु, वन संरक्षण तथा वृक्षारोपण कार्यमा जनसहभागीतामा कमी, विकास निर्माणमा वन्यजन्तु समस्या आदि समस्याहरु देखिएका छन् ।

नारायण नगरपालिकाका जोखिमका वडा नं. १० (भवानी टोल), वडा नं.५ (तल्लो छाती कोट), वडा नं. ३ (कालामाटी टोल, भैसेखोर टोल), वडा नं. ११ (लोहेरे खोला, काँडा), वडा नं.४ (तल्लो सोतह), वडा नं.९ (साँडु), वडा नं.६ (भुर्ती गाँउ, बिजौरा), वडा नं. ७ (बिजौरा, लोहोरे डोप्का), वडा नं.८ (लोहोरे), वडा नं. १ (रातोमाटे, नमुना बस्ती), वडा नं. २ (माल्ले) जस्ता स्थान जोखिममा रहेका छन् ।

### ४.१.६.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** नारायण नगरपालिकामा सामुदयिक वनहरुलाई नगरवासीको आयआर्जनसँग जोडन नसक्नु सवै भन्दा ठूलो चुनौति हो । खेति योग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्न (उपभोक्ता र नगरपालिकाको सहकार्यमा), डाले घाँस तथा चिउरी टिमुर र ओखर जस्ता उपयोगी विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी गर्न, वातावरण अनुसार जडिवुटि तथा उत्पादनशिल वोट विरुवाको वृक्षारोपण गर्न, डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, आगो लगाउँने व्यक्तिको पहिचान गरी कानुनी कारवाही गर्न, विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विक्रि वितरणको प्रवन्ध मिलाउन (नगरपालिका र उपभोक्ता), जथाभावि रुख विरुवा कटान गर्न रोक्न, छाडा चौपाय नियन्त्रण, जनचेतना फैलाउन, वृक्षारोपण तथा तटवन्धनको व्यवस्था गर्न, प्राविधिक ज्ञान प्रविधि, विकास पहुँचमा वृद्धी गन, अभिमुखिकरण तालीम र वन्यजन्तु नियन्त्र गर्न नारायण नगरपालिकामा वन तथा वनस्पति सम्पदा सम्वन्धी चुनौती रहेका छन् ।

**अवसरहरु :** नारायण नगरपालिकामा जिल्लाको महत्वपूर्ण जङ्गल क्षेत्र पर्ने मध्येको नगरपालिकामा रहेको छ । सरकारी संरक्षित वन र ४६ सामुदायिक वन हुनु, कवुलियति संरक्षित वनको क्षेत्र पनि यसै नगरपालिकामा रहनु, सरकारी वनको रुपमा वन हुनु, नर्सरी सम्वन्धी व्यवस्था हुनु, धेरै किसिमका जडिवुटीहरु हुनु, विभिन्न किसिमका चराचुरुङगी जङ्गलमा पाइनु, आदि खोला खोल्सा तथा जलाधारको मुख्य श्रोत नै यहाँ को वन जङ्गल हुनु नगरवासीको अवसर रहेको छ । यसै अनुसार जैविक विविधता, जलवायु परिवर्तन अनुकुलन योजना, दिगो कृषि एवं चक्ला बन्दी कार्यकम यस नगरपालिकामा सञ्चालन सकरात्मक रहेकोछ ।

### ४.१.६.४ सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति, कार्यकम

**दीर्घकालिन सोच :** नगरवासीको समृद्धि वनपैदावारमा आधारित उद्योगको आर्थिक उन्नती र दिगो विकास हो ।

**लक्ष्य :** प्राकृतिक श्रोत साधनको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको आर्थिक विकास भएको हुनेछ ।

**उद्धेश्य :** १. वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरपालिकाको समृद्धिमा योगदान पुऱ्याएको हुनेछ ।

२. प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम भएको हुनेछ ।

**रणनीति, कार्यनीति**

**रणनीतिहरु :**

१.वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरवासीको समृद्धिमा योगदान पुऱ्याएकोहुनेछ ।

१.१ सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्द्धन गर्ने ।

१.२ वन पैदावारमा आधारित उद्योगहरुको स्थापना गर्ने ।

२. प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्नवर्गको जीविकोपर्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम भएको हुनेछ ।

२.२ अनावश्यक झाडी तथा अनुत्पादक वोट, रुख, हटाई वनमा उत्पादन मुलक जस्तै चिउरी,टिमुर,ओखर,अम्रीसो, अलैची खेती गर्नेमा जोड दिने ।.

**कार्यनीतिहरु :**

१. वनमा नर्सरी निर्माण गरि विरुवाहरु उत्पादन गर्ने र नगरपालिका वाहिर तथा अन्य पालिकाहरुमा समेत आपूर्ति गरी आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गर्ने

२. सार्वजनिक शौचालय निर्माण गरी वस्तिको वातावरण सुधार गर्ने ।

३. नगरपालिका सवै खोला नालाहरुमा सामुहिक माछापालनमा जोड दिइने । खोलानालामा विषादी, करेन्ट लगाई जलचरको विनास हुने हुँदा यस्ता कार्य पूर्णतय अपराधिक कार्यको रुपमा मानी कार्यवाहि गर्ने नीति लिइने ।

४.. डाले घाँस तथा उपयोगीमूलक विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी गर्ने ।

५. पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री गर्ने सडकमा सडक प्लस कार्यक्रम (बाँस वृक्षारोपण, निगालो अम्रिसो रोपण आदि) सञ्चालन गर्ने ।

६. वन तथा वनस्पति संरक्षण ,सम्वर्द्धनको लागि निजी क्षेत्रको सहभागितलाई जोड दिइने ।

७. वनमा रहेका पुराना तथा वुढा रुखहरुको छनोट गरी कटनी गरी उपयोग गर्ने, आय आयार्जन बढाउने र कटानीको दोव्वर संख्यामा विरुवाको वृक्षारोपण गर्ने ।

८. डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

९. विपन्न परिवारहरुको समुह वनाई वन पैदावार, जडिवुटी खेती गर्ने र उपयोग गर्ने व्यवस्था मिलाउने ।

१०. खेति योग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्ने (उपभोक्ता र नगरपालिकाको सहकार्यमा) ।

११. विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विकि वितरणको प्रवन्ध मिलाउने (नगरपालिका र उपभोक्ता) ।

- **प्रमुख कार्यकमहरु :**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**खेतियोग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्ने (उपभोक्ता र नगरपालिकाको सहकार्यमा) कार्यक्रम :** वस्तीमा रहेको जमिन मध्ये भूउपयोग योजना वनाई वन क्षेत्र, खेती योग्य क्षेत्र छुट्याइने छ, वन क्षेत्रमा उत्पादन दिने विरुवा वृक्षारोपण गर्ने, संरक्षण गर्ने कार्य गरिने छ ।

**डाले घाँस तथा उपयोगीमूलक विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी कार्यक्रम :** वन तथा पाखाहरुमा झाडी तथा अनावश्यक रहेका रुखहरु कटान गरी आय आर्जन हुने किसिमका वोट विरुवा वृक्षारोपण, संरक्षण गर्नको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

**डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम :** वन जङगल पाखा पखेराहरुमा जथाभावी डढेलो लनगरने कार्यलाई नियन्त्रण गरिनेछ । आवश्यक मात्रमा प्रचार प्रसार गर्ने तथा डढेलो लनगरनेमाथी कानूनी कारवाही गरिनेछ । ढडेलो नियन्त्रणको लागि जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**वन संरक्षण तथा सम्वर्द्धन कार्यक्रम :** यस नगरपालिकाका रहेका लेकहरुको उपयोग र संरक्षण गरिनेछ । सरकारी वन, सामुदायिक वनको संरक्षण तथा सम्वर्द्धन गरिनेछ । वनवाट जीविकोपार्जनमा सुधार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यस योजना अवधिमा दिगो वन व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।

**वन सिमाङ्कन कार्यक्रम :** यस नगरपालिकाको सामुदायिक वन तथा सरकारी वन तथा वस्तीहरुका वनको सिमाङकन गरिनेछ । सिमाङकन गरिएको वनमा वृक्षारोपण, छटनी तथा संरक्षण गरिनेछ ।

**विरुवा उत्पादन तथा वृक्षारोपण कार्यक्रम :** यस नगरपालिकाका निजी तथा सामुदायिक वनमा नर्सरीवाट विरुवा उत्पादन गरिनेछ । नगरपालिका भित्र वृक्षारोपण गरी बाँकी रहेका विरुवाहरु वाहय स्थानीय तह तथा अरु प्रदेशमा वेच्ने व्यवस्था मिलाईने छ ।

**भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम :** यस क्षेत्रको जलाधार संरक्षण गर्न तथा भू-संरक्षण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ । नदी तथा खोलाका तटहरुको संरक्षण गर्नको लागि कार्यक्रम सञ्चालन गरिने छ ।

**जडीवुटी विकास कार्यक्रम** : वन क्षेत्रमा तथा खरवारीहरुमा विभिन्न किसिमको जडिवुटी लनगरने तथा वन तथा जङगलमा रहेका जडिवुटीको उपयोग तथा प्रशोधन गरी सिमान्तकृतमा रहेका परिवारको जीवनस्तर उच्च वनाउन प्रयास गरिनेछ ।

**वातावरण तथा सरसफाई कार्यक्रम :** नगरपालिकाका वस्तीहरुमा तथा बजार क्षेत्रमा वातावरण तथा सरसफाई कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकामा सरसफाई सम्वन्धी जनचेतना कार्यक्रम समुदायको सहभागितामा सञ्चालन गरिनेछ ।

**जथाभावि रुपमा नदी जन्य पदार्थको उत्खनन् नियन्त्रण गर्ने :** वातावरण विगार्ने किसिमवाट जथाभावी नदीजन्य पदार्थ उत्खनन् कार्यलाई निरुत्साहित गरी वातावरणीय प्रभाव मुल्याङकनबाट भएको सिफारिस अनुसार मात्र गर्ने व्यवस्था मिलाइने छ ।

**पानीका मुहानहरु संरक्षण गर्ने कार्यक्रम :** यस नगरपालिकाका अधिकांश वस्तीमा पानीका मुहान रहेको र मुख्य खोलाहरुको मुहान पनि रहेकोले मुहान संरक्षण गर्नको लागि लगानी गरिनेछ ।

**प्रदेश तथा संघीय सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

- भूउपयोग योजना
- विकासका पूर्वाधार संरक्षण कार्यक्रम
- जलाधार क्षेत्र संरक्षण कार्यक्रम
- विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विकि वितरण (नगरँपालिका र उपभोक्ता मिलेर) कार्यक्रम ।
- जडिवुटी पहिचान,तथा उपयोग तथा प्रशोधन तालिम कार्यक्रम
- सामुदायिक वन नविकरण तथा हस्तानान्तरण कार्यक्रम
- प्रकृतिक प्रकोप रोकथाम कार्यक्रम

**४.१.६.५ अपेक्षित उपलव्धी :** आवधिक योजनाको अवधिमा कुल भूभागको वन क्षेत्र ४२.२८ प्रतिशत मध्ये ५० प्रतिसत वनलाइ नगरवासीको आयआर्जनमा जोडिन पुगेको हुनेछ । नगरपालिकामा रहेका वनमध्ये सामुदायिक वनहरु १०० प्रतिशत विकास गरेको हुनेछन् । वनमा आधारित उद्योगहरु प्रत्येक वडामा स्थापना भएका हुनेछन् । जडिवुटी सम्वन्धी पहिचान र संरक्षण कार्यक्रम २ वटा सञ्चालन भएको हुनेछ । नर्सरी व्यवस्थापन सम्वन्धी कार्यक्रम ११ वटा सञ्चालन भएको हुनेछ । आम्दानी हुने विरुवा वृक्षारोपण कार्यक्रम सवै वडामा सञ्चालन भएको हुनेछ । वन जलाधारको संरक्षण भएको हुनेछ ।

**४.१.४.६ नतिजा खाका**

**तालिका न. ३१ : वन तथा वनस्पति सम्पदाको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य२०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा. स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | पशु सेवा क्षेत्रको अभिलेख र | | कार्यकारिणी |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य२०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | बार्षिक प्रतिवेदन | | |
| | **प्रतिफल** | | | | | | |
| १. | प्रतिव्यक्ति आयमा वृद्धि वास्तविक प्रतिशत | प्रतिसत | ५ | १० | कृषि क्षेत्रको अभिलेख र बार्षिक प्रतिवेदन | | दातृसंस्था सहयोग उपलव्ध भएमा |
| २. | नगरपालिकाको कुल भूभागमा वनले ढाकेको क्षेत्र | प्रतिशत | ४२.२८ | ४५ | ,, | | ,, |
| ३. | नगरपालिकाको कुल भूभाग मध्ये बुट्टयान क्षेत्रले ढाकेको क्षेत्र | प्रतिशत | ४२.२८ | ५० | ,, | | ,, |
| ४. | कुल वन क्षेत्र मध्य सामुदायिक वनको अंश | प्रतिशत | ९९.८२ | १०० | ,, | | ,, |
| ५. | सामुदायिक वन उपभोक्ता समूह | समुह | ४६ | ४६ | | | |
| | | | | | | | |
| | **कार्यक्रम तथा आयोजना** | | | | | | ,, |
| १. | सामुदायिक वन बहुआयामिक विरुवा रोपण | | | ९ | वन क्षेत्रको अभिलेख र बार्षिक प्रतिवेदन | वन प्रमुख नगरपालिका | संघ तथा प्रदेशसहयोग उपलव्ध भएमा |
| २. | जडिवुटी पहिचान र संरक्षण | | | ३० | ,, | ,, | ,, |
| ३. | नर्सरी व्यवस्थापन | | | ४ | ,, | ,, | ,, |
| ४. | सामुदायिक वन घेरावार | | | ५ | ,, | ,, | ,, |
| ५. | अनावश्यक रुखझाडी हटाउने कार्यक्रम टोल | | | १० | ,, | ,, | ,, |
| ६. | आम्दानी हुने विरुवा वृक्षारोपण तथा वन संरक्षण कार्यक्रम | | | १० | | | |
| ७. | पिकनिक स्पर्ट वटा | | | ५ | | | |
| ८. | पानी व्यवस्थापन तथा खा.पा.संरक्षण | | | ५ | ,, | ,, | ,, |
| ९. | भू-क्षय संरक्षण कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| १०. | जलाधार संरक्षण कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ११. | विपत जलवायु तथा वातावरण परिवर्तन अनुकुलन योजना तथा गोष्ठी , तालिम कार्यक्रम | | | | ,, | ,, | ,, |

### ४.१.७ खनिज सम्पदा

**४.१.७.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको आर्थिक विकासको लागि खनिज सम्पदाको ज्यादै महत्व रहेको छ। यहाँ खानी तथा ढुङ्गा खानी लगायतका खानीहरु रहेका छन्। यस नगरपालिकाको खानी,नदी तथा खोलाहरुको वालुवा तथा ढुङ्गांहरु प्रख्यात रहेको छ। यी नदजिन्य पर्दाथहरु सञ्चालन गर्न सकेमा र ढुङ्गा उद्योग सञ्चालन गरी नगर तथा अन्य शहरी क्षेत्रमा वेच्ने व्यवस्था मिलाएमा गरिवी निवारण गर्न तथा आय आर्जनमा ज्यादै महत्वपूर्ण भूमिका निभाउन सकिन्छ। खानी सम्वन्धमा विज्ञहरुवाट विस्तृतरुपमा अध्ययन गर्न पर्ने देखिन्छ।

**४.१.७.२ चुनौती तथा अवसरहरु :**

**चुनौतीहरु :** नारायण नगरपालिकामा प्रयाप्त खानीहरु भएतापनि खानी उत्खनन् हुन नसक्नु, प्रयाप्त लगानी हुन नसक्नु, उपयूक्त प्रविधि ल्याउन नसक्नु, यातायातको समस्या, समन्वयको समस्या, प्रचार प्रसार नहुनु, कच्चा पदार्थको प्रोसेसिंग व्यवस्था नहुनु, निजी क्षेत्र लगानीको लागि आकर्षित गर्न नसक्नु खानी सम्वन्धी समस्या तथा चुनौती रहेको छ।

**अवसरहरु :** नारायण नगरपालिकाका विभिन्न स्थानहरुमा खानीहरु प्रसस्त रहनु, स्थानीय सरकारको खानी सम्वन्धमा सकरात्मक नीति लिनु अवसर रहेका छन्।

**४.१.७.३ लक्ष्य, उद्धेश्य, कार्यनीति, कार्यक्रम**

**लक्ष्य :** खानीहरुको उत्खन्न गरी समाजमा पछि परेका वर्गको आर्थिक विकास भएको हुनेछ।

**उद्धेश्य** १. नगरपालिकामा रहेका खानीहरुको पहिचान तथा उत्खन्न भएको हुनेछ।

२. ढुङ्गा, गिट्टी र बालुवा प्रशोधन उद्योगको स्थापना भई वजारको व्यवस्थापन भएको हुने छ।

**रणनीति तथा कार्यनीतिहरु :**

**रणनीति**

१. नगरपालिकामा रहेका खानीहरुको पहिचान तथा उत्खन्न भएको हुनेछ।

१.१ खानीहरुको उत्खनन् तथा उपयोगमा सरकारी तथा स्थानीय सामुदायको सहभागितामा गरिने छ।

२.क्रसर उद्योगको स्थापना भई वजारको व्यवस्थापन भएको हुने छ।

२.१ ढुङ्गा तथा चिप्स सम्वन्धी उद्योगको स्थापना गर्न सहयोग गर्ने

२.२ खानीको उत्पादनको लागि वजारको खोजि गरी स्थायित्व दिइने।

**कार्यनीति**

१. खानीको उत्खनन्को लागि आर्थिक तथा प्राविधिक सहयोग जुटाउन पहल गरिने।

२. खानीको लागि पूर्वाधार विकास गर्न लगानी वढाईने ।

३. खानी सम्वन्धमा प्रचार प्रसार गरिने ।

४. खानी उद्योगमा निजी क्षेत्रलाई प्रोत्साहन गरिने ।

५. खानी तथा खोलाको दोहन गर्दा वातावरणीय अध्ययन गरी सो को सिफारिशको आधारमा मात्र दोहन गर्ने ।

५. शहरी क्षेत्रमा खानीसम्वन्धी वजार विस्तार तथा समन्वय गर्न जोड दिने ।

६. ढुङ्गाको वजारको व्यवस्था गर्न विभिन्न निकाय बीच समन्वय गरिने ।

**खानी सम्बन्धी कार्यक्रमहरु :**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**खानी अनुसन्धान तथा सर्भेक्षण कार्यक्रम :** यस नगरपालिकाका सबै वडाका विभिन्न स्थानहरुमा परापुर्वकाल देखि विभिन्न खानी निकालि प्रयोग गरेको जानकारी हुन आएकोले खानी विभागसंग समन्वय गरी खानीको खोजी अनुसन्धान तथा सर्भेक्षण गर्ने प्रयास गरिनेछ ।

**नदीजन्य पर्दथ खानी उत्खनन् कार्यक्रम :** यस नगरपालिकाको वडा नं .... स्थित रहेको विभिन्न घाटमा रहेको नदीजन्य पर्दथ पुनः सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

**ढुगां कुद्ने उद्योग सञ्चालन कार्यक्रम :** नारायण नगरपालिकाको क्षेत्राधिकारमा रहेकाखोलाका तथा वरिपरीका ढुङ्गाहरु ज्यादै स्तिरिय र गुणस्तर रहेकोले ।

**खानी उत्खनन्को लागि पूर्वाधार विकास कार्यक्रम :** खानीहरु उत्खनन्को लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्नको लागि आवश्यक प्रवन्ध मिलाईने छ ।

**व्यवसायिक उद्यमी तालिम सञ्चालन कार्यक्रम :** यूवाहरुको लागि उद्यम व्यवसाय सञ्चालन गर्न आवश्यक तालिम तथा अन्य कार्यक्रम सञ्चालन गरिनेछ ।

**प्रदेश तथा संघीय सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. खानी अनुसन्धान तथा सर्वेक्षण कार्यक्रम ।

२. ढुङ्गा खानी उत्खनन् कार्यक्रम ।

**४.१.७.४ अपेक्षित उपलव्धी :** नारायण नगरपालिकाको आवधिक विकास योजनाको अन्त्य सम्ममा बालुवा तथा ढुङ्गा कुद्ने उद्योग स्थापना भई रोजगार प्राप्त तथा सिमान्तवर्गहरुको आयमा दोव्वर वृद्धि भएको हुनेछ । सबै किसिमका खानी उत्खनन्को लागि प्राविधिक अध्ययन सम्पन्न भई उत्खनन् भएको हुने छ । सबै नदी र खोलाको ढुङ्गा ´ वालुवा उत्खनन्को लागि वातावरणीय अध्ययन गरी सो को सिफारिश अनुसार मात्र खानी तथा खोलाहरुको दोहन भएको हुनेछ ।

### ४.१.४.६ नतिजा खाका

**तालिका न. ३२ : खानीजन्य सम्पदाको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८२/०८३ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा. स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | पशु सेवा क्षेत्रको अभिलेख | | कार्यकारिणी |
| | **प्रतिफल** | | | | | | |
| १. | प्रतिव्यक्ति आयमा वृद्धि वास्तविक | प्रतिशत | ६४० | १००० | रा.लेखा. स. | | |
| | **योजना तथा कार्यक्रम** | | | | | | |
| १. | ढुङ्गा काट्ने उद्योग स्थापना सर्भे वटा | १ | | | | | |
| २. | वालुवा उत्खन्न कार्यकम वटा | ५ | | | ,, | | ,, |
| ३. | खानी अनुसन्धान तथा सर्भेक्षण कार्यक्रम | ५ | | | ,, | | ,, |

## ४.२ उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

### ४.२.१ उद्योग

**४.२.१.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको विकासमा उद्योग क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । ग्रहास्थ उत्पादन, रोजगारी श्रृजना गरी गरीवी न्यूनिकरणमा उद्योग क्षेत्रको स्थान उच्च रहेको हुन्छ । हाम्रो जस्तो कृषिमा आधारित अर्थतन्त्र भएको मुलुकमा कृषिवाट सेवा क्षेत्र तथा उद्योग क्षेत्रमा रोजगारी वृद्धि, मुल्य अभिवृद्धि गर्न सकेमा देश, प्रदेश तथा स्थाानीय अर्थतन्त्रको विकास गर्न सकिन्छ । यो नगरपालिकामा औद्योगिक क्षेत्र, ठूला तथा मझौला उद्योगहरु स्थापना हुन सकेका छैनन् । यहाँ केवल कृषिमा आधारित साना कुटिर उद्योग तथा घरेलु उद्योग सञ्चालनमा रहेका छन् जुन ज्यादै न्यून मात्रमा रहेका छन् । यहाँ फर्निचर र कागज उद्योग मात्र सञ्चालनमा रहेका छन् । यस्तो स्थितिले गर्दा नगरपालिकामा उद्योगको विकास गर्न राम्रो वातावरण छैन भन्ने देखाउँछ ।

**४.२.१.२ समस्याहरु :** नारायण नगरपालिकामा उद्योगको विकासमा विभिन्न समस्याहरु रहेका छन् । उद्योगमा लगानी नहुनु, उद्योग क्षेत्रमा कच्चा पदार्थको अभाव, स्थानिय श्रोत साधनको प्रयोग नहुनु, अग्रिम र पृष्ठ सम्बन्ध कमजोर

रहनु, पूँजीको अभाव, दक्ष जनशक्तिको अभाव, उपयूक्त स्थानको अभाव, व्यावसायिकताको विकास नहुनु, उत्पादकत्व ज्यादै कम हुनु, उधमीको कमि, श्रोत तथा साधनको अपुग, ज्ञान र सिपको अभाव, सिपयूक्त श्रामिकको अभाव, ढुवानीको समस्या, लगानी महंगो पर्नु, उत्पादित वस्तुले वाहय वजारमा प्रतिस्पर्धा गर्न कठिन हुनु आदि समस्याहरु उद्योग क्षेत्रमा देखिएको छ ।

## ४.२.१.३ चुनौति र अवसरहरु

**चुनौतीहरु :** नारायण नगरपालिकामा उद्योग क्षेत्रको विकास गर्न विभिन्न चुनौतिहरुको सामना गर्नु परेको छ । उद्योगको लागि उद्यमशिलता विकास सम्बन्धी चेतानमुलक कियाकलाप सञ्चालन गर्न, पुँजी सङ्कलन गर्न, तालिमको व्यवस्था गर्न, उद्योग स्थापना गर्ने उपयूक्त स्थानको छनोट गर्न, स्थानीय स्तरमा कच्चा पदार्थ उत्पादन र संकलन गर्न, वन तथा कृषिमा आधारित उद्योगहरुलाई प्रोत्साहन गर्न, लगानीकर्तालाई आकर्षण गर्न, व्यावसायिक उत्पादन गर्न, सरोकारवालाको पहिचान गरी समन्वय र सहकार्य गर्ने जस्ता चुनैतिहरु रहेका छन् ।

**अवसरहरु :** नारायण नगरपालिकामा सडकहरुको विस्तार हुनु, विद्युतीकरण वस्ती वस्ती सम्म पुर्‍याउनु, कृषि र वनमा आधारित उद्योगको लागि कच्चा पदार्थ नगरपालिकामा नै उपलव्ध हुनु, वैंकहरुको स्थापनाले कर्जा सुविधा हुनु, पानीको व्यवस्था हुनु, स्थानीय तथा प्रदेश सरकारले कृषि उद्योग क्षेत्रलाई प्राथमिकता दिनु, विदेशवाट फर्केका यूवाहरुले सिप सहित आउनु, रोजगारदातालाई सरकारले सम्मान गर्नु, उत्पादित वस्तुको लागि वजार प्राप्त हुनु आदि उद्योगको लागि अवसरहरु हुन् ।

### ४.२.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** उद्योगको स्थापना उत्पादन र उत्पादकत्वमा वृद्धि

**लक्ष्य :** कृषि वनमा आधारित उद्योगको स्थापनावाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी नगरवासीको आर्थिक विकास भएको हुनेछ ।

**उद्धेश्य :** १. घरेलु तथा साना उद्योगवाट आय आर्जनमा वृद्धि भएको हुनेछ ।

२.कृषि तथा वन जन्य उद्योगवाट रोजगारीमा वृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

**रणनीति १** .घरेलु तथा साना उद्योगवाट आय आर्जनमा वृद्धि भएको हुनेछ ।

१.१ कृषिमा आधारित प्याकिङ्ग, प्रशोधन गर्ने उद्योगहरुलाई सहयोग गर्ने नीति लिने ।

१. उत्पादन भएका वस्तुको वजारीकरणको व्यवस्थापन नगरपालिकाले गर्ने नीति अवलम्वन गर्ने ।

२. नगरपालिकाको पहिचान, स्वरोजगार सहितको उद्यमशिल युवा अभियान कार्यक्रम लागु गर्ने ।

३. ग्रामीण  क्षेत्र र वजार क्षेत्रसंग अन्तर सम्वन्ध कायम गरी समृद्धि हासिल गर्ने ।

१.२ उत्पादन वृद्धि गरी गरिब जनताको आय स्तर बढाउने कार्यक्रमलाई प्राथमिकता दिने ।

१. शुद्ध पिउने पानी प्रशोधन, आलुको चिप्स, फलफुलको जाम जेली  जस्ता उत्पादनमुखी उद्योगहरु विकासमा सहयोग गर्ने नीति लिने ।

२. कृषि तथा वनमा आधारित उद्योग सञ्चालन गरी रोजगार अभिवृद्धि गर्ने उद्योगलाई कर छुट तथा अन्य सुविधा दिने ।

२. कृषि तथा वन जन्य उद्योगवाट रोजगारीमा वृद्धि भएको हुनेछ ।

२.१ उद्योग स्थापना गर्न नगरपालिकाले सडक, विद्युत, खानेपानी लगायतका पूर्वाधार निर्माण गरिनेछ ।

१. विकासका गतिविधिहरुमा निजी क्षेत्रको लगानी आकर्षित हुने वातावरण तयार हुनेछ ।

२. नगरपालिका क्षेत्रमा ४२.२८ प्रतिसत वनजंगल र रुखविरुवाहरु प्रयाप्त मात्रमा पाईने हुनाले फर्निचर उद्योग स्थापना गर्न तथा फर्निचर उद्योगलाई सहयोग गर्ने नीति लिईनेछ ।

**उद्योग सम्वन्धी कार्यक्रमहरु :** नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु

**अदुवा, बेसार प्रशोधन उद्योग स्थापना तथा सहयोग कार्यक्रम :** कृषिमा आधारित उद्योग स्थापना गर्न प्राथमिकता दिईने छ । अदुवा, वेसार जस्ता मसलाजन्य उद्योग स्थापनाको लागि निजी क्षेत्रको साझेदारमा सहयोग गरिनेछ ।

**डेरी उद्योग स्थापना तथा सहयोग कार्यक्रम :** यस नगरपालिकामा व्यवसायिक रुपमा पशुपालन सम्वन्धित डेरी उद्योग सञ्चालन गर्न सहायोग गरिनेछ । यसको लागि दुध चिस्याउने, सङ्कलन गर्ने र वजारमा वितरण गर्नको लागि निजी क्षेत्रलाई प्रत्साहन गरिनेछ ।

**फर्निचर उद्योग स्थापना तथा सहयोग कार्यक्रम :** वनमा आधारित उद्योग स्थापनाको लागि तीन लाईन (थ्रि फेज) को विद्युत व्यवस्था, सडकको पूर्वाधार निर्माण गरिने छ । वनमा उत्तिस लनगरत विभिन्न जातका रुखहरु रहेकोले निजी क्षेत्रवाट फर्निचर उद्योग स्थापना गर्नको लागि प्रोत्सहान गर्ने वातावरण सिर्जना गरिनेछ ।

**आलु चिप्स उद्योग स्थापना तथा सहयोग कार्यक्रम :** आलु प्रशस्त उत्पादन गरी आलु चिप्स र आलुका परिकार वनाउने उद्योगको स्थापना गर्नको लागि सहयोग गरिनेछ ।

**अचार उद्योग स्थापना तथा सहयोग कार्यक्रम :** नगरपालिकाका आधिकांश जमिनमा अमिलो र कागति राम्रोसंग उत्पादन हुने हुनाले खेती व्यवसायिकरुपमा सञ्चालन गरी अमिलोमा आधारित अचार लगायतका वस्तु वनाई वजारमा विक्रि गर्नको लागि उद्योग स्थापन गर्नको लागि आवश्यक सहयोग उपलव्ध गराईनेछ ।

**अदुवा लसुन र सिस्नु प्रशोधन उद्योग :** उत्पादन, प्रसोधन, प्याकेजिङ गर्नको लागि प्रशोधन उद्योग सञ्चालन गर्न सहयोग गरिनेछ

**बालुवा प्रशोधन उद्योग :** राम्रा चिप्स वनाई वजार तथा शहरमा विक्रि वितरण गर्नको लागि निजी क्षेत्रलाई ढुङगा तथा क्रसर उद्योग सञ्चालनन तथा विक्रिवितरण गर्न सहयोग गरिनेछ । गिटी, वालुवा प्रसोधन गरी उन्नत किसिमको वनाउनको लागि वातावरण अध्ययन गरेर सिफारिश अनुसार उद्योग निजी क्षेत्रवाट सञ्चालन गर्न आवश्यक सहयोग उपलव्ध गराईनेछ ।

**परम्परागत आरनहरुको स्तरोन्नति :** आधुनिक भाँडाकुडा, खुकुरी, आँसी, खुर्पा बनाउने व्यवसाय उद्योग भाडाकुडा तथा आरन सम्वन्धी उद्योग स्थापना गर्ने वातावरण निर्माण गरिनेछ ।

**दैलेखी छालाजुत्ता उद्योग** : अति गरीव परिवारहरुको आर्थिक स्थित सुधार गर्न यो उद्योग स्थापना गर्न तथा सञ्चालन गर्न सहयोग उपलव्ध गराईनेछ ।

**उद्यमी सृजना गर्ने तथा व्यवसायिक योजना पुनरावलोकन कार्यक्रम :** भईरहेका उद्यमको क्षमता वढाउन तथा नयाँ उद्यम स्थापना गर्नको लागि व्यवसायिक योजना तथा पुनरावलोकन गर्न सक्ने सिप भएको जनशक्ति तयार गर्नको लागि तालिम कार्यक्रम संचलना गरिनेछ ।

**उद्यमी र वित्तीय संस्थाहरु बिच अन्तरक्रिया कार्यक्रम :** उद्यमी विकासको लागि वित्तिय संस्थाको ज्यादै महत्व रहेको हुनाले उद्यमी र वैंक तथा सहकारीहरु बीचको संम्वन्ध समधुर वनाउन पहल गरिनेछ ।

**प्रदेश र संघ सरकारको सहयोगमा सञ्चालन गर्ने कार्यक्रम**

१.डेरी उद्योग स्थापना तथा सहयोग कार्यक्रम
२.फर्निचर उद्योग स्थापना तथा सहयोग कार्यक्रम
३.लसुन अदुवा र बदाम प्रशोधन उद्योग
४.उद्योग पूर्वाधार निर्माण कार्यक्रम
५.तालिम तथा अध्ययन भ्रमण कार्यक्रम
६. ११ वटा मझौला उद्योग स्थापना कार्यक्रम
७.सानो स्तरको औद्योगिक क्षेत्र विकास कार्यक्रम
८.सिप विकासको लागि तालिम सञ्चालन केन्द्र

**४.२.१.५ अपेक्षित उपलव्धीहरु :** नारायण नगरपालिकाको आवधिक योजनाको अन्त्यसम्म हाल ३० वटा घरेलु उद्योगबाट २०८५ सालसम्म ६० घरेलु तथा साना र मझौला उद्योगको स्थापना भएको हुनेछ । हाल उद्योग क्षेत्रमा ४०० जनाले रोजगार पाएकोमा २०८५ साल सम्म १००० जनाले रोजगारी पाएका हुनेछन् । उद्योगको विकासको लागि पूर्वाधार निर्माण भएको हुनेछ । अधिकांश उद्योगहरु कृषि र वनमा आधारित उद्योगहरुको स्थापना भएको हुनेछ । कुल ग्रार्हस्थ उत्पादनमा उद्योग क्षेत्रको योगदान हालको अवस्थावाट दोव्वर वृद्धि भएको हुनेछ । उद्योग क्षेत्रका वृद्धि प्रतिवर्ष १० प्रतिशतका दरले भएको हुनेछ । यस अवधिमा माथि उल्लेखित कार्यको लागि रु .. करोड .... लाख लगानी गरिएको हुनेछ ।

## ४.१.४.६ नतिजा खाका

**तालिका न. ३३ : उद्योग क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| **१.** | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा. स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | पशु सेवा क्षेत्रको अभिलेख र बार्षिक प्रतिवेदन | | कार्यकारिणी |
| | **प्रतिफल** | | | | | | |
| १. | प्रति व्यक्ति आयमा वृद्धि वास्तविक प्रतिशत प्रतिवर्ष | प्रतिशत | | | उद्योग बार्षिक प्रतिवेदन | उद्योग प्रमुख | संघ तथा प्रदेश वाट सहयोग उपलव्ध भएमा |
| १. | कुल रोजगारीमा उद्योग क्षेत्रको योगदान | संख्या | ४०० | १००० | | | |
| | | | | | | | |
| | **कार्यक्रम तथा आयोजना** | | | | | | ,, |
| १. | प्रशोधन,प्रवर्धनलघुउद्योगस्थापनासिस्नुपाउडरफलफुल, अलैची,जडिवुटी,अचार, मसला,) | | | ५ | वन क्षेत्रको अभिलेख र बार्षिक प्रतिवेदन | वन प्रमुख नगरपालिका | सहयोग उपलव्ध भएमा |
| २. | आधुनिक औजार मर्मत केन्द्र स्थापना | | | ५ | ,, | ,, | ,, |
| ३. | काठ जन्य, वांस जन्य उद्योग | | | ५ | ,, | ,, | ,, |
| ४. | फर्निचर कारखाना | | | ५ | ,, | ,, | ,, |
| ५. | फर्निचर स: मिल स्थापन सहयोग | | | २ | ,, | ,, | ,, |
| ६. | ढुङ्गा काट्ने उद्योग स्थापना कार्यक्रम | | | २ | | | |
| ७. | मह उत्पादन संकलन कार्यक्रम | | | ४५ | | | |
| ८. | उद्योग वाणिज्य संघ सहयोग कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ९. | स्थानीय कागज उद्योग | | | १ | ,, | ,, | ,, |
| १० | कृषिजन्य कच्चा पद्धार्थमा आधारित उद्योग | | | १ | | | |
| ११ | दूधमा आधारित उद्योग | | | १ | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| **१२** | पर्यटन उद्योग सहयोग | | | ५ | | | |
| **१३** | गिट्टी, रोडा, ढुङ्गा प्रशोधन केन्द्र | | | १ | | | |
| **१४** | सेवामूलक उद्योग | | | ५ | | | |
| **१५** | भुस्याह कुकुर नियन्त्रण कार्यक्रम | | | ५ | | | |
| **१६** | जडीवुटी प्रशोधन उद्योग | | | ५ | | | |

## ४.२.२ व्यापार, वाणिज्य तथा आपूर्ति

**४.२.२.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको आर्थिक विकासमा व्यापार, वाणिज्य तथा आपूर्तिको ठूलो भूमिका रहेको छ । खाद्यय एण्ड खुद्रा ३३६ भाडा व्यवसायी २१ होटल व्यवसायी १७६ तरकारी तथा फलफूल व्यवसायी २५ माछामासु पसल १० व्यवसायी हुनुले ग्रामीण  वस्तीहरुमा कृषि क्षेत्रको योगदान वढि भए पनि उत्पादकत्वको कमि भएकोले व्यापार तथा व्यवसायले आर्थिक उन्नतिको दर वढि हुन्छ । नगरपालिकामा आयात प्रत्येक वर्ष बढ्दै गईरहेको अवस्था छ । नगरपालिकामा आयत हुने वस्तुहरुमा खाद्यान्न, लत्ताकपडा, विजुलीका सामान, निर्माण सामाग्रीहरु आदी हुन् भने यहाँवाट वाहिर जाने वस्तुहरुमा दुध, घीउ, हरियो तरकारी, खसि–वोका, राँगा–भैसी आदि रहेका छन् । नगरपालिकाको व्यापार घाटा वढि रहेको छ । यहाँका मुख्य व्यापारिक केन्द्रहरुमा नयाँबजार नै प्रमुख रहेकोछ । यस नगरपालिकाको लागि उपभोग्य सामाग्रीहरुको आपूर्ति नेपालगंज प्रदेश सदरमुकाम वीरेन्द्रनगर लगायतका शहरहरुबाट भैरहेको छ ।

**४.२.२.२ प्रमुख समस्या :** नारायण नगरपालिकामा व्यापार, वाणिज्य तथा आपूर्ति क्षेत्रमा प्रमुख समस्याहरुमा वजारको पूर्वाधार निर्माण हुन नसक्नु, व्यापार घाटा ज्यादै वढि हुनु, नगरपालिकावाट निर्यात हुने वस्तुको उत्पादन न्यून रहनु, ढुवानी लागत महङगो पर्नु, व्यापारको संस्थागत विकास नहुनु, वाह्रै महिला सवै वस्ति तथा व्यापारिक केन्द्रमा यातायात सञ्चालन नहुनु, मुल्य फरक फरक हुनु, सामानमा परनिर्भरता वढि हुनु आदि समस्याहरु रहेका छन् ।

### ४.२.२.३ चुनौती तथा अवसरहरु

**चुनौतीहरु :** नारायण नगरपालिकामा शहरी पूर्वाधार निर्माण गर्नु, निर्यात योग्य वस्तुको उत्पादन गर्नु, सामान सरल रुपमा प्राप्त गर्न, गुणस्तरयुक्त सामानको व्यवस्थापन गर्न, व्यापारिक केन्द्रको क्षमता अभिवृद्धि गर्न, व्यापार सन्तुलन कायम गर्न, व्यापार व्यावसायको संस्थागत सुदृढीकरण गर्न, शहरी विकास गर्न आदि चुनौती रहेको छ ।

**अवसरहरु :** नारायण नगरपालिकामा जिल्ला सदरमुकाम रहनु ,यस नगरपालिकाका सवै वस्तीहरुमा  सडक मार्ग तथा सडक सन्जाल जोडिनु, वजार केन्द्रहरुको विकास हुदै जानु, नगरपालिकावाट प्रत्येक वडा कार्यालय सम्म पुग्ने मुख्य सडकहरुको स्तरउन्नतिको योजना हुनु, भवन र वजार सम्वन्धी मापदण्ड तयार गरिनु, नगरका मुख्य बजारहरुको सामिप्यता वढ्नु, वजारको लागि अवश्यक पिउने पानीको श्रोत, विद्युत प्रशस्त रहनु, ग्रामीण पर्यटक केन्द्र रहनु, शहरी क्षेत्र भन्दा नविन वजार क्षेत्रमा मानिसहरुको आर्कषण वढ्नु, जग्गा जमिन सस्तो हुनु, जनताको जीवनस्तर वढ्दै जानु आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

### ४.२.२.४ लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

**लक्ष्य :** नगरवासीको आर्थिक विकास व्यापार तथा वाणिज्य पूर्वाधार ।

**उद्धेश्य :** १. व्यापार, व्यवसायवाट आयआर्जन तथा रोजगारीमा वृद्धि भएको हुनेछ ।

२. व्यापारिक केन्द्र तथा वजार विस्तार भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

**रणनीति १.व्यापार, व्यवसायवाट आय आर्जन तथा रोजगारीमा वृद्धि भएको हुनेछ ।**

१.१ व्यापार तथा व्यवसायमा निजी क्षेत्रको लगानी वढाउने र संस्थागत विकास गर्ने ।
१. निजी क्षेत्रलाई लगानी गर्नको लागि अभिप्रेरित गर्ने ।
२. स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने ।
३. व्यापार घाटा कमी गराउने ।
४. व्यापार व्यावसायवाट वढि भन्दा वढि रोजगार सृजना गर्ने छ । नयाँ व्यवसाय सञ्चालन गर्नको लागि ऋण सुविधा उपलव्ध गराउने वातावरण सृजना गर्ने
५. व्यापारिक क्षेत्रमा सडक, खानेपानी, विद्युत, वित्तीय सेवा विस्तारमा नगरपालिका वाट लगानी गर्ने ।
६. क्षमता अभिवृद्धि गर्न लगानी वढाउने ।

**२. व्यापारिक केन्द्र तथा वजार विस्तार भएको हुनेछ ।**

१.२ वजारका पूर्वाधार निर्माण गर्नको लागि आन्तरिक तथा वाहय लगानी वढाउने ।
१.नयाँ वजार क्षेत्रको पहिचान गर्ने ।
२. व्यापारिक क्षेत्रमा भवन निर्माण संहिता तयार गरी तत्काल लागू गर्ने ।
३. ग्रामीण  क्षेत्र र वजार क्षेत्र तथा नजिक रहेका पालिकासँग अन्तर सम्वन्ध कायम गरी समृद्धि हासिल गरिने ।
४.सवै वडामा सन्तुलित रुपमा वजार विस्तार गर्ने नीति लिइने ।

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**वजार क्षेत्रमा पुर्वाधार (सडक, खानेपानी, विद्युत ढल, सरसफाई,वित्तीय सेवा) निर्माण कार्यक्रम :** नगरपालिाकाले वजार क्षेत्र विकास व्यापार, वाणिज्य सम्वन्धी कार्यक्रमहरु : गर्ने भनि तोकिएका क्षेत्रमा वजार विकासको पूर्वाधार सडक, ढल, खानेपानी , नियमित विद्युत,सरसफाई व्यवस्थापन, वित्तिय सेवा लगायत क्षेत्रको विकासको लागि सहयोग उपलव्ध गराईने छ ।

**निजी क्षेत्रलाई उद्यम सम्वन्धी तालिम कार्यक्रम :** निजी क्षेत्रले व्यापार व्यवसाय व्यवस्थित रुपमा सञ्चालन गर्न लेखा राख्ने, व्यवसायीक योजना वनाउने, वजार व्यवस्थापन गर्ने, ग्राहकसँग व्यवहार आदि विषयमा ज्ञान दिलाउन तालिम सञ्चालन गरिनेछ ।

**वजार विस्तार कार्यक्रम :** नगरपालिकाको वजारको लागि सम्भाव्यता भएका स्थानमा वजार विस्तार गर्ने, वजार भएका क्षेत्रमा शहरीकरण गर्नको लागि पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

**उद्योग वाणिज्य संघ सहयोग कार्यक्रम :** यस नगरपालिका क्षेत्रमा उद्योग वाणिज्यको स्थानीय निकाय स्थापना गर्न, व्यवसायिहरुलाई संगठित व्यवस्थित र क्षमतायूक्त तुल्याउन सहयोग गर्न उद्योग वाणिज्य संघको स्थापना गरी संस्थागत सुधार गरिनेछ ।

**होटल तथा रेष्टुरेन्ट सहयोग कार्यक्रम :** यहाँ व्यवस्थित रुपमा होटल रेष्टुरेन्ट सञ्चालन गर्न निजी क्षेत्रलाई आवश्यक सहयोग प्रदान गरिनेछ ।

**भवन निमार्ण आचार संहिता निमार्ण कार्यक्रम :** वजार तथा वस्तीहरु व्यवस्थित किसिमले निर्माण गर्न, भूकम्पीय जोखिम कम गराउन, भवनहरु सस्तो, वलियो, सुन्दर किसिमको निर्माण गर्नको लागि शहर, वजार, वस्ती तथा दुर्गममा रहेका वस्तीहरुका लागि वेग्ला वग्लै भवन निर्माण आचार संहिताका पुनरावलोकन तथा नयाँ निर्माणा गरी कार्यान्वयन गरिनेछ ।

**हाट वजार स्थापना कार्यक्रम :** विभिन्न वस्तीहरुको पाएक पर्ने गरी हाटवजारको विकास गरिनेछ ।

**संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. वजार क्षेत्रमा पुर्वाधार (सडक, खानेपानी, विद्युत ढल, सरसफाई,वित्तीय सेवा) निर्माण कार्यक्रम

२. सूचना तथा सञ्चार विस्तार कार्यक्रम

३. वजार विस्तार कार्यक्रम अपेक्षित उपलव्धीहरु यस नगरपालिका अन्तरगत हाल सञ्चालनमा रहेका १०३६ वटा व्यापार तथा व्यवसायीहरु योजना अवधिको अन्त्यमा १५०० वटा पुगेका हुनेछन् । यस नगरपालिकामा एक वडा एक उद्योग तथा वाणिज्य संघको स्थापना भएको हुनेछ । व्यापार व्यवसायमा निजी क्षेत्र लगानी रु ……. करोड भन्दा वढि लगानी भएको हुनेछ । नगरपालिकामा सुविधा सम्पन्न कम्तीमा ३ वटा होटल तथा रेष्टुरेण्ट स्थापना भएका हुनेछन् ।

## ४.२.४.५ नतिजा खाका

**तालिका न. ३४ : उद्योग क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| **१.** | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| **२.** | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा.स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| **१.** | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| **२.** | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | बार्षिक प्रतिवेदन | | कार्यकारिणी |

| क्र.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रतिफल** | | | | | | |
| १. | प्रतिव्यक्ति आयमा वृद्धि वास्तविक प्रतिवर्ष | प्रतिसत | ६४० | १००० | उद्योग बार्षिक प्रतिवेदन | उद्योग प्रमुख | सहयोग उपलव्ध भएमा |
| २. | सेवा क्षेत्रको ग्राईस्थ उत्पादन वार्षिक वृद्धि दर | प्रतिसत | **५.४** | **११.७** | ,, | | ,, |
| | **कार्यक्रम तथा आयोजना** | | | | | | ,, |
| १. | प्रशोधन,प्रवर्धन लघु उद्योग स्थापना(मसला फलफुल, अलैची,जडिवुटी,अचार) | | | १० | | | सहयोग उपलव्ध भएमा |
| २. | हाट वजार स्थापना कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ३. | वजार व्यवस्थापन कार्यक्रम | | | १० | ,, | ,, | ,, |
| ४. | दुग्ध संकलन र चिस्यान | | | १० | ,, | ,, | ,, |
| ५. | कृषि उपज संकलन तथा विकि केन्द्र | | | ९ | ,, | ,, | ,, |
| ६. | आधुनिक एग्रोभेट स्थापना | | | ९ | | | |
| ७. | औषधि (भेटनरी पसल स्थापना | | | ९ | | | |
| ८. | स्वस्थ्य मासुउत्पादन तथा बथशाला स्थल निर्माण | | | १ | ,, | ,, | ,, |
| ९. | व्यापार रेष्टुरेन्ट विस्तार कार्यक्रम | | | ५ | ,, | ,, | ,, |

## ४.२.३ पर्यटन

**४.२.३.१ पृष्ठभूमि :** कोटीला मन्दिर ,वेलाशपुर गडी, डी पार्क, राईली त्रिपानी मालिका मन्दिर, कृति देवल, कुईकाना पञ्च देवल, भगवती मन्दिर, भिमसेन मन्दिर, बटुक भैरव मन्दिर, बारुद थान मन्दिर, बज्रभैरव मन्दिर ,राम मन्दिर रगणेश मन्दिर नगरपालिकाको नारायण नगरपालिकाको आर्थिक विकासमा पर्यटनको महत्वपूर्ण भूमिका रहनेछ । ग्रामीण क्षेत्रको विकासवाट नै समग्र नगरपालिकाको विकास हुन्छ । यस नगरपालिका क्षेत्र भित्र रहेका प्राकृतिक दृश्य, चराचुरुङ्गी, जङ्गली जनावर, परम्परागत संस्कार, ऐतिहासिक महत्वका स्थल, खाना, रितिरिवाज, रहनसहन, चाडपर्व, धर्म संस्कृति, भाषा, भेषभुषा, लोक गीत, मन्दीर, गुम्वा आदि हाम्रा धरोहरा हुन् । यिनीहरुको संरक्षण सम्वर्द्धनवाट नै नगरवासीको अस्तित्व रहेको हुन्छ । यिनै कुराहरु हेर्न, वुझ्न, अनुभव गर्नको लागि पाहुनहरु आउनेजाने गर्नेछन् । यिनीहरुलाई सन्तुष्टि दिलाउन सकेमा पर्यटनवाट जनताले रोजगार प्राप्त गर्ने, आम्दानी गर्ने र आफ्नो जीवनस्तर उकास्न सहयोग पुग्दछ । नगरपालिकाको ग्रामीण पर्यटन तर्फ जाने सम्भावना भएकाले यस नगरपालिकाको विकासको सम्भावना रहेको छ । कोटीला मन्दिर वेलाशपुर गडी डी पार्क राईली त्रिपानी मालिका मन्दिर कृति देवल कुईकाना पञ्च देवल भगवती मन्दिर नगरपालिकाको विकास घरमा होमस्टे कार्यक्रम सञ्चालन गर्न आबस्यक छ। यस क्षेत्रमा विशेष सम्भावना रहेको देखिन्छ।

**४.२.३.२ प्रमुख समस्या :** नारायण नगरपालिका स्थानविशेष यस क्षेत्रमा उल्लेख्य विकास नहुनु । स्वदेशी तथा विदेशी पर्यटकहरु उल्लेख्य मात्रमा आगमन नहुनु, धार्मिक तथा साँस्कृतिक स्थानहरुको पहिचान नहुनु, पर्यटकका लागि आवश्यक पूर्वाधार नहुनु, प्रवर्द्धन संरक्षण र प्रचार प्रसारको कमि निजी क्षेत्रवाट प्रयाप्त लगानी नहुनु, जस्ता समस्याहरु ग्रामीण  पर्यटन क्षेत्रमा देखिएका छन् । यस्तै गरी पदमार्ग निर्माण गर्न नसक्नु, यूवाहरु ग्रामिण क्षेत्रमा नवस्नु, पर्यटकको लागि आवश्यक सामान वाहिरवाट ल्याउनु पर्ने वाध्यता हुनु, र सहज यातायातको व्यवस्था नहुनु आदि पर्यटनसंग सम्वन्धित समस्याहरु रहेका छन् ।

### ४.२.३.३ चुनौती र अवसरहरु

**चुनौतीरु :** पर्यटन विकासको लागि आवश्यक पर्ने घरवास व्यवस्था गर्न, पर्यटन मार्ग निर्माण गर्न, भाषा तथा भान्सा व्यवस्थापन सम्वन्धी तालिम दिन, प्रचार प्रसार गर्न, पर्यटकको वसाई दिन लम्वाउन, पर्यटकको खर्च दर वढाउन, अरु ग्रामिण क्षेत्रसंग प्रतिस्पर्धा गर्न, लगानी वढाउन, यूवाहरुलाई ग्रामीण  पर्यटनमा आर्कषण गर्न चुनौति रहेको छ ।

**अवसरहरु :** प्रसस्त जङ्गल, जनावर, पन्छी, विभिन्न किसिमको उपयुक्त हावापानी हुनु, ग्रामीण  पर्यटन सम्वन्धी अनुभव राम्रो हुनु, विभिन्न लेक तथा चरन क्षेत्र हुनु, प्रत्येक डाँडा काँडावाट हिमाल, मैदान सवै देख्न पाउनु विविध संस्कृति, रहन सहन हुनु, आफ्नै लोकभाका, मौलिक संस्कार हुनु, यस नगरपालिकाका सवै वस्तीहरुमा सडक सन्जाल जोडिनु, वजार केन्द्रहरुको विकास हुँदै जानु, नगरपालिकावाट प्रत्येक वडा कार्यालय सम्म पुग्ने मुख्य सडकहरुको स्तरउन्नति गर्ने योजना हुनु, भवन र वजार सम्वन्धी मापदण्ड तयार गरिनु, वस्ति विकासको लागि अवश्यक पिउने पानीका श्रोत, विद्युत रहनु, ग्रामीण  पर्यटक केन्द्र रहनु, शहरी क्षेत्र भन्दा ग्रामीण  क्षेत्रमा मानिसहरुको आर्कषण वढ्नु, , जनताको जीवनस्तर वढ्दै जानु आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

### ४.२.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यकमहरु

**दीर्घकालिन सोच :** नगरपालिकाको विकासको आधार, सकरात्मक सोच, पर्यटन, प्रविधियूक्त मेहनेती परिवार

**लक्ष्य :** पर्यटनको माध्यमवाट नगरवासीको आर्थिक विकास भएको हुनेछ ।

**उद्धेश्य :** १.पर्यटनवाट आर्थिक स्थितिमा वृद्धि भएको हुनेछ

२. पर्यटनको लागि नयाँ ठाँउको पहिचान भई पुर्वाधार निर्माण भएको हुनेछ ।

३. दैलेखको प्रथम ग्रामीण पर्यटक नगर र विधुतको सम्भाबना भएको विकास तथा प्रवर्द्धन भएको हुनेछ ।

- **रणनीति तथा कार्यनीति**

**तालिका न. ३५ : पर्यटन सम्वन्धी रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.पर्यटनवाट आर्थिक स्थितिमा वृद्धि भएको हुनेछ । | |
| १.१ पर्यटनलाई आर्थिक समृद्धिको प्रमुख सम्वाहकको रुपमा विकास गर्न पर्यटकिय स्थानको पहिचान तथा | १. सरसफाई तथा सुन्दर वातावरण र घरवासको व्यवस्था गर्ने ।<br>२. पर्यटकिय पदमार्ग निर्माण गर्ने ।<br>३. पर्यटनवाट रोजगार श्रृजनागर्ने कार्यक्रमलाई प्राथमिकता दिईने छ |

| | |
|---|---|
| पूर्वाधार निर्माण गरी ग्रामीण पर्यटनलाई जोड दिने नीति लिइने ।<br>२. सरसफाई तथा सुन्दर वातावरण र घरवासको व्यवस्था गर्ने । | |
| २.पर्यटनको लागि नयाँ ठाँउको पहिचान भई पुर्वाधार निर्माण भएको हुनेछ । | |
| १.२ नगरपालिकाका पर्यटकीय क्षेत्रका विकासका लागि क्षेत्रहरुको पहिचान गरी सडक, खानेपानी, विद्युत सुविधा पुऱ्याउन नीति लिईने ।<br>१.३.नगरपालिकामा रहेका सम्भाब्य स्थानहरुको बारेमा प्रचार प्रसार गरेर नगरका कम्तीमा २० हजारले अवलोकन गर्ने वातावरण मिलाउने । | ४. नगरपालिकाका ऐतिहासिक, प्राकृतिक, सास्कृतिक रुपमा महत्व स्थलहरुको पहिचान गर्ने व्यवस्था मिलाउने ।<br>५. पर्यटकीय पैदल मार्ग निर्माणमा लगानी वढाईने ।<br>६. घरवास होमस्टे कार्यक्रमलाई कार्यविधि तयार गरी अभियानको रुपमा सञ्चालन गर्ने ।<br>७ पर्यटनको गुणस्तर कायम गर्न न्यूनतम मापदण्ड तयार गरी लागू गर्ने ।<br>८. नगरपालिकाले तयार गर्ने पर्यटकीय आवधिक विकास योजना कार्यान्वयन गरिने । |
| ३.नेपालको ग्रामीण पर्यटक नगरको विकास तथा प्रवर्द्धन भएको हुनेछ । | |
| ३.१ प्रथम पर्यटकीय नगरको क्षमता अभिवृद्धि गरी ग्रामीण पर्यटनको नेतृत्व लिन सक्ने वनाईने । | ९.पदमार्गमा वसाई दिन लम्व्याउन आवश्यक पूर्वाधार तयार गरिने छ<br>१०. नगरपालिकाको क्षेत्रलाई पर्यटकिय क्षेत्र घोषण गर्न पर्यटन वोर्डमा समन्वय गर्ने ।<br>११. पर्यटकिय क्षेत्रमा आकर्षित प्राकृतिक तथा मानव निर्मित दृश्यहरु निर्माण गर्ने । |

- **प्रमुख कार्यक्रमहरु :**

**नगरपालिकाले आफै सम्पादन गर्ने कार्यक्षेत्रका प्रमुख कामहरु**

**पर्यटकीय स्थानको पहिचान तथा पूर्वाधार निर्माण कार्यक्रम :** पर्यटकीय दृष्टिकोणवाट उपयूक्त स्थानहरुमा पर्यटकलाई आकर्षक गराउने पूर्वाधार निर्माण गराईनेछ । होमस्टेको लागि प्रत्येक घरमा कोठा, शौचालय, विस्तरा, भान्साको सुधार, व्रोसर निर्माण, श्रव्य–दृश्य निर्माण लगायतका कार्य गर्न सहयोग गरिनेछ । होमेस्टे कार्यक्रमलाई वढावा दिनको लागि उज्यालो घरवास कार्यक्रम संचालन गरिने छ । पर्यटकीय क्षेत्रमा उज्यालो घरवार कार्यक्रम अन्तरगत विद्युत र सोलर जडान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । यहाँका होमस्टेको सुधार गर्न, पूर्वाधार निर्माण गर्नको लागि सहभागितामा आधारित भएर सहयोग गरिनेछ ।

**प्रचार प्रसार कार्यक्रम :** नगरपालिकामा रहेका महत्वपूर्ण क्षेत्र स्थानविशेष मन्दिर क्षेत्र लगायतका स्थानमा पर्यटकीय क्षेत्र विकास गर्नको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

**संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

– पर्यटकीय क्षेत्र विकास कार्यक्रम

– पर्यटकीय स्थानको पहिचान तथा पूर्वाधार निर्माण कार्यक्रम

– पर्यटक नगरको विकास तथा प्रवर्द्धन कार्यक्रम ।

– प्रचार प्रसार कार्यक्रम

**४.२.३.५ अपेक्षित उपलब्धी :** नारायण नगरपालिकाको आवधिक योजनाको अन्त्य सम्ममा पर्यटनको लागि न्यूनतम पूर्वाधार तयार भएको हुनेछ । पर्यटकको लागि ५ वटा वस्तिका २५ घरमा होमस्टेको व्यवस्था भएको हुनेछ । पर्यटनवाट २०० जनाले रोजगार प्राप्त भएको हुनेछन् । पर्यटन स्थानको पहिचान र पर्यटन पदमार्गको निर्माण भएको हुनेछ । वार्षिक रुपमा ५००० आन्तरिक तथा वाह्य पर्यटकहरुले यी पर्यटकीय स्थलमा भ्रमण गरेका हुनेछन् । भ्रमणमा आएका पर्यटक मध्ये औषत ३ दिन नगरपालिकामा वसाई हुनेछ र दैनिक कम्तिमा रु २००० । खर्च गरेका हुनेछन् ।

**तालिका न. ३६ : पर्यटन क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा. स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | पशु सेवा अभिलेख र बार्षिक प्रतिवेदन | | कार्यकारिणी |
| | **प्रतिफल** | | | | | | |
| १. | प्रतिव्यक्ति आयमा वृद्धि वास्तविक प्रतिशत प्रतिवर्ष | प्रतिसत | ६४० | १००० | पर्यटन क्षेत्रको अभिलेख र बार्षिक प्रतिवेदन | नगरपालिका | संघ तथा प्रदेश वाट सहयोग उपलव्ध भएमा |
| २. | सेवा क्षेत्रको ग्रार्हस्थ उत्पादन वार्षिक वृद्धि दर | प्रतिसत | **५.४** | **११.७** | ,, | | ,, |
| | **कार्यक्रम तथा आयोजना** | | | | | | |
| १. | दृश्य अवलोकन पूर्वाधार कार्यक्रम वटा | | | ३ | | | |
| २. | पर्यटन कार्यक्रम सर्भे तथा अनुगमन पटक | | | १० | ,, | ,, | ,, |
| ३. | जङ्गल पार्क रिसोर्ट वटा | | | ५ | ,, | ,, | ,, |
| ४. | ग्रामीण पर्यटक प्रबर्द्धन कार्यक्रम वटा | | | १० | ,, | ,, | ,, |
| ५. | होमस्टे विस्तार कार्यक्रम घर संख्या वटा | | | ५ | ,, | ,, | ,, |
| ६. | पर्यटकीय पदमार्ग कि.मि. | | | ५ | | | |

## ४.२.४ वित्तीय तथा सेवा

**४.२.४.१ पृष्ठभूमि :** नारायण नगरपालिका र नगरवासीको आर्थिक विकास गर्न सेवा तथा वित्तिय क्षेत्रको विकास हुन अनिवार्य हुन्छ । यस नगरपालिकाको दैलख बजार ,सिमाडा लोहोरे बजार भैसेखोर बजार ठालुडाडा बजारको विकासले वित्तीय क्षेत्रमा विकास हुनेछ । नगरपालिकामा ३४ सहकारीहरु विभिन्न वस्तिमाहरुमा रहेका छन् । सेवा क्षेत्र अन्तरगत शिक्षा सम्वन्धी व्यवसाय, परामर्श, निजी तथा निजामति कर्मचारी, शिक्षक, वकिल, वैदेशिक रोजगारी आदिवाट नगरवासीले रोजगार प्राप्त गरेका छन् । वित्तीय तथा सेवा क्षेत्रको विकासको लागि नगरपालिकावाट विशेष पहल गर्नु पर्ने हुन्छ ।

**४.२.४.२ मुख्य समस्या :** नगरपालिकाका सवै वस्तिमा सहज वैकिङ्ग सुविधा नहुनु, आम्दानीको अधिकांश रकम घरखर्चमा नै प्रयोग हुनु, वैदेशिक रोजगारमा गएका पनि अदक्ष कामदारको रुपमा मात्र न्यून तलव सुविधामा जानु, उच्च किसिमका सेवा क्षेत्रको विकास नहुनु, लगानी गर्नको लागि आवश्यक श्रोतको अभाव रहनु, समाजमा वैदेशिक रोजगारवाट नकारात्मक असर देखिन थाल्नु, नोकरी खाए पछि नगरँ छोडी जाने प्रवृति वढि हुनु आदि समस्याहरु यस क्षेत्रमा रहेका छन् ।

**४.२.४.३ अवसर र चुनौतिहरु :** उच्च स्तरको सेवा क्षेत्रको विकास गर्न, सवै क्षेत्रको समानुपातिक रुपमा विकास गर्न सम्भव भएसम्म २ वडामा १ वैकं कारोबारोको स्थापना गरी स्थायीत्व दिन, प्रत्येक परिवारको वैंक खाता खोल्न, वसाई सराईलाई न्यूनीकरण गर्न, वैदेशिक रोजगार सिपयूक्त वढि पारिश्रमिक प्राप्त गर्ने क्षमताको विकास गर्न चुनैाती रहेको छ । सेवा तथा वैकिङ्ग क्षेत्रमा चुनौती मात्र नभै अवसर पनि रहेको छ ।

**अवसर :** यस नगरपालिकाको आर्थिक क्रियाकलापहरु वढ्दै जाने सम्भावना हुनु , नागरिकहरुको आर्थिक स्थितिमा सुधार हुने संकेत देखिनु , नगरपालिकाले सेवा क्षेत्रको विकासको लागि विशेष प्रयासहरु अगाडि वढाउनु आदि अवसरहरु रहेका छन् ।

### ४.२.४.४ उद्धेश्य, लक्ष्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरु

**उद्धेश्य :** सेवा क्षेत्रको विकास वाट नगरवासीको आर्थिक समृद्धि

१. सेवा क्षेत्रको विकास भइ नगरवासीको आर्थिक स्थितिमा वृद्धि भएको हुनेछ ।

२. वैक तथा सहकारीता क्षेत्रमा सवैको पहुँच पुगी जनताको जीवनस्तरमा व्यापक सुधार भएको हुनेछ ।

**लक्ष्य :** नगरवासीको सेवा क्षेत्रमा वृद्धि भई तथा वित्तीय क्षेत्रमा सवैको पहुच पुगी आर्थिक विकास भएको हुनेछ ।

**तालिका ३७ : वित्तीय सम्वन्धी रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सेवा क्षेत्रको विकास भइ नगरवासीको आर्थिक स्थितिमा वृद्धि भएको हुनेछ । | |
| १.१ सेवा क्षेत्रको विकास गरी जनताको जीवन स्तर सुधार गर्ने । | १. सेवा क्षेत्रको विकासको लागि क्षमता अभिवृद्धि गर्ने ।<br>२.सेवा क्षेत्रको लागि आवश्यक तालिम लगायतका क्रियाकलाप सञ्चालन गर्ने नीजि क्षेत्रलाई प्रत्साहन गर्ने ।<br>३. विदेशमा गई विप्रेषणका रुपमा प्राप्त भएको रकम लगानी र सुरक्षित योग्य वनाउने प्रयास गर्ने |

| | |
|---|---|
| | ४. वित्तिय सेवा सुविधामा सहज पहुच तथा वृद्धि भएको हुने ।<br>५.सरकारी, निजी, सहकारी सहितको तीन खम्वे आर्थिक नीति अवलम्वन गर्ने ।<br>६. यूवाहरुको लागि लोकसेवा तथा शिक्षासेवा तयारी कक्षा सञ्चालन गरी प्रतिस्पर्धी वनाउने |
| २. वैंक तथा सहकारीता क्षेत्रमा सवैको पहुँच पुगी जनताको जीवनस्तरमा व्यापक सुधार भएको हुनेछ । | |
| २.१ सेवा क्षेत्रको विकासको लागि क्षमता अभिवृद्धि तथा सुदृढकरण नीति अवलम्वन गर्ने । | ७. सवैको पहुँचमा वित्तिय सेवा भन्ने नारालाई कार्यान्वयन गर्न नगरपालिकाका सवै परिवारको वैंक खाता खोलि आर्थिक कारोवार वैंकं मार्फत गर्ने नीति लिने ।<br>८. नगरपालिकाको सम्पूर्ण कारोवार वैंक मार्फत मात्र भुक्तानी गर्ने नीति लिने ।<br>९. प्रत्येक परिवार सहकारीको एक सदस्य नीतिमा जोड दिने र सहकारी नै आर्थिक लगानीको प्रमुख श्रोतको रुपमा विकास गरिने ।<br>१०. सहकारीहरुमा लक्षित वर्गको प्रतिनिधित्व र संलग्नता सुनिश्चित गरी संस्थागत क्षमता अभिबृद्धि गर्ने ।<br>११. सामाजिक सुरक्षा भत्ता वैकंसंग समन्वय गरी घरघरवाट वितरण गर्ने नीति लिने ।<br>१२. प्रत्येक वडामा वैंक स्थापना गरी सेवा विस्तार गर्ने । |

- **सेवा तथा वित्तीय सम्वन्धी कार्यक्रमहरु :**

**वैंक सेवा विस्तार कार्यक्रम :** यस नगरपालिकाको वडा न. १ मा भएका बैकको शाखा संचालनमा रहेको छ । आवधिक विकास योजना कार्यन्वयन अवधि सम्ममा सवै ११ वटै वडामा वैंकको थप शाखा स्थापना गर्न सरकारी तथा निजी वैंकसंग समन्वयको प्रयास गरिने छ । सवै नागरिकको वैंक खाता खोली कारेवार गरिनेछ ।

**ई –वैंकिङग तथा घरदैलो वैंक कार्यक्रम :** प्रत्येक वस्तीमा ई –वैंकिङ्ग सेवा विस्तार गर्नको लागि ई वैंकिङ्ग तथा घरदैलो वैंक कार्यक्रम सञ्चालन गर्न लनगरन सहयोग गरिनेछ । सामाजिक सुविधा उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

**विप्रेषण लगानी कार्यक्रम :** विदेशवाट पठाएको विप्रेषण रकम घरायसी खर्चमा कटौती गरी वैंक तथा सहकारी मार्फत सेयर लगानी गर्ने तथा आर्थिक विकासमा लगानी गर्न प्रोत्सहान गर्ने वातावरण सिर्जना गरिनेछ ।

**सहकारी विस्तार तथा सुदृढीकरण कार्यक्रम :** नगरपालिकाको आर्थिक विकास सहकारीको माध्यमवाट हुने हुनाले सहकारी क्षेत्रमा आमुल परिर्वतन गरिनेछ । हाल ३४ वटा सहकारी संस्थाहरु सञ्चालनमा रहेकोमा सवैलाई एकीकृत ( मर्ज) गरी १ वटा मुख्य र प्रत्येक वडामा एक एक वटा शाखा स्थापना गरिनेछ । सहकारीमा नगरपालिका तथा प्रत्येक परिवारवाट सेयर लगानी गरिनेछ । नगरपालिकावाट वाहिर रहेको व्यक्तिहरुवाट समेत नगरपालिकाले तोकेको न्यूनतम सेयर लगानी गर्नको लागि वातावरण मिलाईने छ । नगरपालिका भित्र उद्यम सञ्चालन गर्न चहाने तथा कारोवार वढाउन चाहनीहरुलाई सहज रुपमा कर्जा उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

**जनचेतना तथा क्षमता अभिवृद्धि कार्यक्रम :** वित्तिय तथा सहकारी सम्वन्धी र क्षमता अभिवृद्धि गर्न जनचेतना तथा विभिन्न तालिम सञ्चालन गरिनेछ ।

**लोकसेवा तयारी कक्षा सञ्चालन कार्यक्रम :** यस नगरपालिकामा सेवा क्षेत्रको विकासको लागि यस क्षेत्रका शिक्षित यूवाहरुको लागि निजामति सेवातर्फ तथा शिक्षक, वैंकं एवं संघ संस्थामा प्रतिस्पर्धावाट छनौट हुने क्षमता वृद्धिका लागि लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरी वढि भन्दा वढि यूवाहरु प्रतिस्पर्धावाट सफल हुने वातावरण सिर्जना गरिनेछ ।

**वैदेशिक रोजगार सहयोग तथा क्षमता अभिवृद्धि कार्यक्रम :** नगरपालिकावाट विभिन्न देशमा यूवाहरु जाने हुनाले वढि पारिश्रमिक पाउने तथा सुरक्षित क्षेत्रमा वैदेशिक रोजगार प्राप्त गर्ने क्षमताको विकास गर्न सहयोग गरिनेछ । श्रम मन्त्रालयसंग समन्वय गरी राम्रो काम वढि पारिश्रमिक पाउने देश तथा कम्पनी सम्वन्धी जानकारी उपलव्ध गराउने व्यवस्था मिलाईनेछ ।

**४.२.४.५ सेवा तथा वित्तीय सम्वन्धी सूचकहरु :** यस योजना अवधिमा सेवा क्षेत्र (निजी तथा निजामति कर्मचारी, शिक्षक, वकिल,परामर्शदाता, वैदेशिक रोजगारी आदि) वाट हालको लगभग .... जनावाट २०८५ मा .... जनाले रोजगारी प्राप्त गरेका हुनेछन् । नगरपालिकाका सवै परिवारको वैकं खाता खोलि आर्थिक कारोवार वैकं मार्फत भएको हुनेछ ।

### ४.२.४.६ नतिजा खाका

**तालिका न. ३८ : वित्तीय तथा सेवा क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | .५६ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक सूचांक | सुचांक | ०.९०४ | ०.९३० | रा.लेखा. स. | | कार्यकारिणी |
| | **असर** | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादन वृद्धि प्रतिशत प्रतिवर्ष | प्रतिसत | ५ | ८ | | | कार्यकारिणी |
| २. | कृषि मूल्य अभिवृद्धि प्रतिशत | प्रतिसत | ५.५ | ७ | बार्षिक प्रतिवेदन | पर्यटन प्रमुख | सहयोग उपलव्ध भएमा |
| | **कार्यक्रम तथा आयोजना** | | | | | | |
| १. | सहकारी व्यवस्थापन नियमन कार्यक्रम | | | ५ | | | |
| २. | व्यवसाहिक ऋण कार्यक्रम | | | ४५ | ,, | ,, | ,, |
| ३. | वैकिङ्ग सेवा विस्तार कार्यक्रम | | | ३ | ,, | ,, | ,, |
| ४. | ईवैकिङ्ग तथा घरदैलो वैंक कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ५. | जनचेतना तथा तालिम कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| ६. | क्षमता अभिवृद्धि कार्यक्रम | | | ५ | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ७. | लोकसेवा तयारी कार्यक्रम | | | ४५ | | | |
| ८ | वैदेशिक रोजगार सहयोग तथा क्षमता अभिवृद्धि कार्यक्रम | | | ४५ | | | |

**तालिका न ३९ : आर्थिक विकास क्षेत्र बजेट अनुमान**

| **विषयगत उपक्षेत्रहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु. (000)** |
|---|---|---|---|---|---|---|
| कृषि | ५२३०.० | ५७१० | ३४४० | ६१९० | ७१५० | २७७२०.० |
| पशुपक्षी | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| खाद्य सुरक्षा तथापोषण | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| सिचाई | १०६७५.५ | १०६७५.५ | १०६७५.५ | १०६७५.५ | १०६७५.५ | ५३३७७.५ |
| भूमीब्यबस्था | २५५०.० | २६०० | २६०० | ३१०० | ३१५० | १४०००.०० |
| वन तथा वनस्पति | ४९१०.०० | ५१६०.०० | ४९१०.०० | ५१६० | ४९१० | २५०५०.०० |
| खनिज सम्पदा | ४५०.०० | ४५०.०० | ४५०.०० | ४५० | ४५० | २२५०.०० |
| उद्योग बाणिज्य आपूर्ति तथा पर्यटन बजार | २३०० | २२०० | ३५०० | ४४०० | ४५०० | १६९००.०० |
| ब्यापार तथा आपूर्ति | ४९०० | ५१०० | ६१०० | ६१०० | ७३०० | २९५००.०० |
| स्वोरोजगारका लागि सिपविकास कार्यक्रम | २५०० | २५०० | ५००० | ५००० | १०००० | २५०००.०० |
| पर्यटन | ४५५० | ४६०० | ९६०० | १५१०० | १६१५० | ५००००.०० |
| सहकारी वित्तिय तथा सेवा | ९०५० | ९१०० | ९१०० | १०१०० | १०१५० | ४७५००.०० |
| जम्मा बजेट | **५२२४७.००** | **५३९१४.००** | **६१४३६.००** | **७१६०४.००** | **८२०८९.५** | **३२१७४०.५** |

# परिच्छेद पाँच : सामाजिक विकास क्षेत्र

## ५.१ जनसंख्या तथा वसाइसराई

**५.१.१ पृष्ठभूमि :** नेपालमा सामाजिक तथा आर्थिक अवस्थामा आएको सकरात्मक परिवर्तनले गर्दा जनसंख्या र वृद्धिदर कम हुदै गएको छ । नारायण नगरपालिकाको जनसंख्या नेपालको जनगणना २०७८ अनुसार २६१११ र घरधुरी ६५०४ पुगेको छ । नगरपालिकाभित्र अवस्थित घरधुरीहरुको जनसंख्या विवरणलाई हेर्दा लिङ्ग अनुसार घरमुली विवरणमा महिलाको भन्दा पुरुषको संख्या बढी रहेको देखिन्छ । सबैभन्दा कम घरधुरी भएको वडा नं. १० मा जम्मा घरधुरी ४ सय ११ रहेको छ भने सवै भन्दा बढी जनसंख्या भएको वडा १ जनसंख्या ३७२५ छ भने घरधुरी १०१५ रहेको छ । वडागत रुपमा लिङ्ग अनुसारको विवरण हेर्दा सबैभन्दा बढि जनसङ्ख्या वडा नं. १ मा ३ हजार ७ सय २५ रहेको छ जसमा पुरुषको सङ्ख्या १ हजार ८ सय ७२ र महिलाको सङ्ख्या १ हजार ८ सय ५२ तथा अन्य वर्गको संख्या ० रहेको छ । सबैभन्दा कम जनसङ्ख्या भएको वडा नं.१० मा जम्मा २ हजार ० सय १८ जनसङ्ख्या रहेको छ, जसमा पुरुषको सङ्ख्या ८ सय ८४ र महिलाको सङ्ख्या १ हजार ० सय ३४ रहेको छ । सरदरमा यस नगरपालिकाको लैङिगक अनुपात ८७.७७ प्रतिशत रहेको र औषत परिवारको आकार ४.१ देखिन्छ ।

### ५.१.२ समस्याहरु :

नारायण नगरपालिकावाट वसाई सराई दर तिव्र गतिमा वढ्नु, वाहिरवाट नगरपालकामा आउने प्रवृति ज्यादै न्यून रहनु, यूवाहरु विदेशिनु, पछाडिएको वर्ग र क्षेत्रका मानिसहरुको जनसंख्या वृद्धि दर ज्यादै वढि हुनु, परिवारका साधनहरुकको पहुँचमा कमि हुनु, माथिल्लो स्तरका परिवारमा वाल मृत्युदर, मातृ मृत्यु दरमा सुधार हुनु तर दलित, जनजाति तथा दुर्गम वस्तिमा रहेका परिवारमा सोचिए अनुसारको प्रगति हुन नसक्नु, दलित वर्ग र महिलामा औषत उमेर कमि रहनु, वालवालिका र जेष्ठ नागरिकहरुको संख्या वढ्दै जानु, परिवारमा जेष्ठ नागरिकहरु मात्र रहने प्रवृति वढि हुनु, कम उमेरमा विवाह हुनु, लैङ्गिक विभेद कायम रहनु, संयूक्त परिवारवाट एकल परिवार हुने प्रवृति वढि हुनु, वस्ति छरिएर रहनु आदि समस्याहरु रहेका छन् ।

### ५.१.३ चुनैाती र सम्भावनाहरु चुनौतीहरु

नारायण नगरपालिकामा वस्तीहरुमाा जनसंख्याको वितरण व्यवस्थापन गर्न, यूवाहरुको विदेश मोह तथा नगरपालिकावाट वाहिर जाने प्रवृति उच्च रहेकोले सोलाई रोक्न, घरमा वालवच्चा, महिला र बुढावुढीको संख्या वढि रहेकोले सामाजिक तथा आर्थिक व्यवस्थापन गर्न, वस्तीहरुमाा परम्परागत कृषि प्रणाली हुंदा गैह्रकृषि क्षेत्रमा रोजगारी श्रृजना गर्न, जनसंख्याको वृद्धि दर आवश्यकता अनुसारको दरमा कायम गर्न, परिवार नियोजनकोका साधनका समुचित व्यवस्थापन गर्न, किशोरीहरुको आवश्यकता परिपूर्ति गर्न, दलित तथा पिछडिएको क्षेत्रमा रहेका समुदायहरुको जनसंख्या व्यवस्थापन गर्न र औषत उमेर, औषत परिवारको साइजमा कायम गर्न चुनौती रहेको छ । एकातर्फ वेरोजगार संख्या वढ्ने क्रममा हुने अर्को तर्फ कृषक श्रमिकको अभावमा खेती योग्य जमिन वाँझो राख्नु पर्ने वाध्यता बीच सन्तुलन कायम गर्नु, आर्थिकरुपले सक्रिय जनसंख्या स्थिति दर वढि भएता पनि तिनिहरुवाट लाभ लिन नसक्नु यस्तै गरी जनसांखिक विषयहरुलाई नगरपालिकाको विकास कार्यक्रममा समन्वय गर्नु आदि चुनौतिपूर्ण रहेकोछ ।

**अवसरहरु :** नारायण नगरपालिकाको कुल क्षेत्रफल ११०.६३ बर्ग कि.मि. औषत खेतीपाती स्थिति, भूस्वरुप आदिलाई विश्लेषण गर्दा जनसंख्या आवश्यक संख्यामा रहेको छ । यस नगरपालिकाका विभिन्न वडाहरूमा रहेको जनसङ्यालाई उमेरगत समूहमा विभाजित गर्दा निम्नानुसारको तथ्याङ्क प्राप्त भएको छ । जस अनुसार ००–४ वर्षभन्दा मुनिका

बालबालिकाको संख्या २३३६ जना, ५ बर्ष देखि ९ वर्ष मुनि उमेर समूहमा २६१६ जना, १० देखि १४  वर्ष उमेर समूहमा २८४२ जना, १५ देखि १९ वर्ष उमेर समुहमा २८३३ जना, ६० देखि ६४ वर्ष उमेर समूहमा ८४० जना रहेको साथै ७० देखि माथिको जनसंख्या १००९ जना रहेको छ । जनसंख्याका सकरात्मक प्रवृति स्थिति रहनु (जस्तै वाल मृत्युदरमा कमि, मातृ मृत्युदरमा सुधार, औषत आयूमा वृद्धि), जनता केन्द्रित विकासतर्फ लगानी नगरपालिका, प्रदेश र संघीय सरकारवाट हुनु स्वास्थ्य स्थिति सुधार हुने किसिमवाट स्वास्थ्य संस्थाहरुको स्थापना तथा सञ्चालन हुनु, जन चेतनामा वृद्धि हुनु, परिवारको विकासको लागि खर्च वृद्धि गर्ने प्रवृति वढ्नु, नगरपालिकाका वडा वडामा स्वास्थ्य चौकि तथा स्वास्थ्य केन्द्र सञ्चालनमा रहनु, गाउँघर क्लिनीक सञ्चालन गरिनु, निशुल्क औषधि वितरण गरिनु, महिला स्वंय सेविका लगायत स्वास्थ्यकर्मीहरु वस्ती वस्ती सम्ममा गई उपचार गर्ने व्यवस्था रहनु, स्वास्थ्य विमा कार्यक्रम, पोषण कार्यक्रम लागु हुनु आदि अवसरहरु रहेका छन् ।

### ५.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** नगरपालिका र नगरवासीकृ सामुहिक अभियान, शान्ति र समृद्धि हाम्रो मुख्य पहिचान

**लक्ष्य :** नगरपालिकाको जनसाङिख्क उचित व्यवस्थापन गरी सम्पन्न र सुखी परिवारको निर्माण भएको हुनेछ ।

**उद्धेश्य** १ **:** सानो र सुखि परिवारको निर्माण गर्ने ।

२. नगरपालिकावाट वसाई सराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्ने ।

**तालिका न. ४० : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सानो र सुखि परिवारको निर्माण गर्ने । | |
| १.१.एक परिवारमा वढिमा २ सन्तानको नीति अवलम्वन गर्ने । | १. वाल विवाह, अनमेल विवाहको अन्त्य गरी ढिला विवाहलाई प्रोत्साहन गर्ने ।<br>२. परिवार नियोजनका साधनहरु सहज सुलभ उपलव्ध गराउने व्यवस्था मिलाउने<br>३. जनसंख्या व्यवस्थापन सम्वन्धी कार्यक्रम प्रत्येक वस्ति तथा समुदायसम्म पुर्‍याउने ।<br>४. वाल मृत्यु दर तथा मातृ मृत्यु दर घटाउन उपचारात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।<br>५. महिला शिक्षा तथा रोजगारीमा वृद्धि गर्ने ।<br>६. एकल महिला, जेष्ठ नागरिक, अपाङ्ग तथा दलित लक्षित कार्यक्रम सञ्चालन गरी क्षमता अभिवृद्धि गर्ने ।<br>७. अनिवार्य शिक्षा नीति अवलम्वन गर्ने<br>८. किशोर किशोरी कार्यक्रम सञ्चालनमा लगानी वढाउने ।<br>९.जनसंख्या लाभहरु लिनको लागि विकासका विशेष कार्यक्रम सञ्चालन गराउने ।<br>१०. व्यक्तिगत घटनाहरुको दर्ता तथा जनसाखिंक सूचनाहरुको व्यवस्थित तथा भरपर्दो गर्ने विधि अवलम्वन गर्ने ।<br>११. पछि परेका समुदायहरुको लागि प्राथमिकता दिई परिवार |

| रणनीति | कार्यनीति |
|---|---|
| | नियोजन तथा स्वास्थ्य सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने । |
| २. नगरपालिकावाट वसाई सराई गर्ने प्रवृतिलाई व्यवस्थापन गर्ने । | |
| २.१ नगरपालिकावाट वसाई सर्नको लागि उत्प्रेरित गर्ने तत्वको पहिचान गरी सो स्थितिमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने । | १२. स्थानीय स्तरमा गुणस्तरिय शिक्षा तथा स्वास्थ्यको व्यवस्था मिलाउन जोड दिइने ।<br>१३. नगरपालिका स्तरको अस्पताल निर्माण गरी सेवा उपलव्ध गराउने तथा वडामा रहेका स्वास्थ्य केन्द्रहरुलाई सुदृढ गरिने ।<br>१४. सिप विकास, स्थानीय स्तरमा रोजगारी एवं आर्थिक विकासका अवसरहरु सिर्जना गर्ने ।<br>१५. विदेशिएका यूवाहरु तथा घर छोडी गएका यूवाहरुलाई लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने ।<br>१६. नगरमा रोजगारी सृजना तथा व्यवसाय गर्न चाहनेलाई व्यवसायिक ऋण सुविधा उपलव्ध गराउने ।<br>१७. नगरपालिकामा विकासका क्रियाकलापहरुको व्यापक प्रचार प्रसार गरी नगरपालिका क्षेत्रवाट वसाई सराई गरेर नजाने वरु वसाई सरेर आउने वातावरण सृजना गरिने । |

- **कार्यक्रमहरु**

**नगरपालिकाले आफै सम्पादन गर्ने कार्यक्षेत्रका प्रमुख कामहरु**

(क) वस्तीहरुमा जनसंख्या व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने ।

(ख) किशोर किशोरी मैत्री तथा यूवामुखी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ग) आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिने ।

(घ) वस्तीहरुमा स्वास्थ्य सेवा पुर्‍याउने लागि गाउँघर किल्निक कार्यक्रम सञ्चालन गर्ने ।

(ङ) गुणस्तरिय स्वास्थ्य सेवा प्रदान गरी वसाईसराइलाई कमगर्ने कार्यक्रम सञ्चालन गरिने ।

(च) परिवार नियोजनको सम्वन्धी कार्यक्रम नियमित सञ्चालन गर्ने ।

(छ) महिला स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिने ।

(ज) विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने ।

(झ) नगरपालिका स्तरको अस्पताल निर्माण गर्ने तथा सञ्चालन गर्ने ।

(ञ) जनसंख्या शिक्षा कार्यक्रम सञ्चालन कार्यक्रम सञ्चालन गर्ने ।

(ट) जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।

(ठ) जनसंख्या सम्वन्धी प्रचार प्रसार कार्यक्रम सञ्चालन गरिने ।

(ड) जनसंख्या व्यवस्थापन सूचना प्रणाली स्थापन गर्ने ।

(ढ) व्यक्तिगत घटना दर्ता प्रणालीमा सुधार गर्ने कार्यक्रम सञ्चालन गर्ने ।

(ण) वसाई सराई न्यूनीकरण कार्यक्रम सञ्चालन गर्ने

**संघ तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

(क) नगरपालिकास्तरको अस्पताल निर्माण कार्यक्रम
(ख) गुणस्तरिय स्वास्थ्य कार्यक्रम
(ग) परिवार नियोजनको सम्वन्धी कार्यक्रम
(घ) महिला स्वास्थ्य सेवा कार्यक्रम
(ङ) जनसंख्या सम्वन्धी विशेष कार्यक्रम

## ५.१.५ अपेक्षित उपलव्धी :

नारायण नगरपालिकाको आवधिक योजनाको अन्त्य सम्ममा औषत परिवारको आकार ४.०१ जनसंख्या वृद्धिदर ०.३५ प्रतिशत,लैङ्गिक अनुपात दर ८७.७७ प्रतिशत, परिवार नियोजनको साधनको प्रयोग दर ८० प्रतिशत, मातृ मृत्युदर प्रति ९.२१ लाखमा, वाल मृत्युदर प्रति हजारमा ९.२१ जना भन्दा तल भएको हुनेछ । कार्यक्रमगत उपलव्धीमा परिवार नियोजनको सम्वन्धी कार्याक्रम सवै वस्तिामा सञ्चालन भएको हुनेछ । महिला स्वास्थ्य कार्यक्रम ५५ वटा सञ्चालन भएको हुनेछ । वसाइ सराई दर हालको भन्दा आधा घटेको हुनेछ । प्रत्येक जोडी परिवारमा २ वा १ जना सन्तान मात्र हुनेछ । सवैका वाल वच्चाहरुको राम्रो स्यहार, शिक्षा दिक्षा दिई असल र खुसी परिवार भएको हुनेछ ।

## ५.१.६ जनसांखिक लक्ष्यहरु :

नगरपालिका आवधिक विकास योजना तर्जुमा गर्दा जनतालाई केन्द्रित गरेर लक्ष्य उद्धेश्य तथा कार्यक्रमहरु निर्धारण तथा कार्यान्वयन गर्नु पर्छ । नगरपालिकाको आवधिक योजनाले मुख्यतय नगरपालिकाको जनसंख्यालाई सेवा दिने भएको हुनाले जनसंख्याका अनुमान गर्नु पर्ने हुन्छ । योजनाको आधार बर्ष आ.व. २०८०/०८१ लाई मानिएको छ । आवधिक योजनाका ५ बर्षहरुमा आ.व.२०८४/०८५ लाई लक्षित तोकिएको छ । योजनाका आधार वर्षमा नगरपालिककाको जनसंख्या २६१११ छ र योजनाका अन्तिम वर्षमा जनसंख्या .....पुग्ने प्रक्षेपण गरिएको छ ।

**नगरपालिकाको जनसंख्याको प्रक्षेपण**

नगरपालिकाको जनसंख्या प्रक्षेपण वडा अनुसार गरिएको छ । बि.सं २०७८ को राष्ट्रिय जनगणना अनुसार २६१११ जनसंख्या रहेको छ । नगरपालिकाको लैङिगक अनुपात ८७.७७ प्रतिशत रहेको देखिन्छ । यस अवधिमा औषत परिवारको आकार ४.०१ जना छन् । लिङ्गको आधारमा हेर्दा कुल जनसंख्या मध्ये पुरुष १२२०५ र महिला १३९०६ रहेका छन् । यस नगरपालिकामा कुल घरपरिवार संख्या ६५०४ घरपरिवार औसत घरधुरी संख्या ४.०१ जना रहेका छन् । यहाँ मानिसको औसत आयू ... वर्ष तथा सक्रिय उमेर समूहको जनसंख्या प्रति सयमा १८ देखि ५९ वर्ष भित्रको बेरोजगार दर ... जना (प्रति सय जनामा) जना रहेका छन् । यस नगरपालिकाको जनसंख्या वृद्धिदर –०.३५ प्रतिशत रहेको छ । योजना अवधिमा यस नगरपालिकाको जनसंख्या निम्नअनुसार हुने प्रक्षेपण गरिएको छ । जनसंख्याको प्रक्षेपण उमेर र लिङ्ग अनुसार विस्तृतरुपमा अनुसूचि ३ मा उल्लेख गरिएको छ ।

**तालिका न. ४१ : जनसंख्या बसाइसराइ क्षेत्रको नतिजा खाका**

| क्र.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | साक्षरता दर प्रतिशत | प्रतिशत | ८१.७३ | ९० | | ,, | सहयोग उपलब्ध भएमा |
| २. | औषत आयु वर्ष | प्रतिशत | ६७ | ९० | बार्षिक प्रतिवेदन | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| | | | | | | | |
| १. | जन्मदाको समयको आधारमा अपेक्षित आयु वर्ष | | | ६७ | ने.ज.स्वा.स. | | |
| २. | मातृ मृत्युदर प्रति १ लाख जीवित जन्ममा | | | २७० | ,, | ,, | ,, |
| ३. | पाँच वर्षमुनिका वाल मृत्युदर प्रति हजार जीवित जन्ममा | | | २६ | ,, | ,, | ,, |
| ४. | नवजात शिशु मृत्युदर प्रति हजार जीवित जन्ममा | | | १४ | ,, | ,, | ,, |
| ५. | कुल प्रजनन दर (१५ देखि ४९ वर्ष उमेरका प्रति महिलाले जन्म दिएका बच्चाको औसत सङ्ख्या) | | | २.५ | ,, | ,, | ,, |
| ६. | कुल जनसंख्या | | | २६१११ | | | |
| ७. | जनसख्या वृद्धि दर | | | –०.३५ | | | |
| ८. | वसाई सरी गएको जनसंख्या | | | ८०७ | ,, | ,, | ,, |
| ९. | विदेशिएको जनसंख्या | | | | ,, | ,, | ,, |
| १० | वसाई सरी आएको जनसंख्या ४४४ | | | | | | |

## ५.२ शिक्षा

**५.२.१ पृष्ठभूमि :** देश विकासमा फड्को मार्न, जनताको जीवनस्तर उच्च पार्न, देशले समृद्धि प्राप्त गर्नको लागि पनि शिक्षाको योगदान रहेको हुन्छ । शिक्षाले नै सामाजिक तथा आर्थिक गरीवीको कुचकवाट मुक्त पार्नको लागि पनि भूमिका उच्च रहेको हुन्छ । देशको विकासमा शिक्षाको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । उच्च स्तरको जनशक्ति तयार गर्नको लगि देशले लिएको शिक्षा नीतिले प्रभाव पारेको हुन्छ । नेपाल सरकारले सवैको लागि शिक्षा भन्ने नारा

कार्यान्वयन गरी आएको छ । शिक्षा सर्वसुलभ गराउन आधारभूत तह तथा माध्यामिक तहमा निःशुल्क नीति लागू गरेकोछ । शिक्षालाई रोजगारमुलक, सीपमुलक र उत्पादनमुलक वनाउन सकेमा यसको लगानीको सार्थक हुन आउछ । यसै अनुसार यस नगरपालिकाको शैक्षिक स्थिति सुधार गर्नको लागि विभिन्न प्रयास गरिएको छ । नारायण नगरपालिकाका सबै वडाहरुमा विद्यालयहरु स्थापना तथा सञ्चालन गरिएको छ । यहाँ सामुदायिक तर्फ आधारभूत ४१ वटा र निजी क्षेत्रवाट १४वटा गरी ५५ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । माध्यमिक सामुदायिक ९ र निजि २ जम्म ११ सञ्चालनमा रहेका विद्यालयहरुमध्ये आधारभूत तहका (१ देखि १२) ३ ,(६ देखि १२) १ वटा, र माध्यामिक तह १ देखि १० सम्मका ३७ वटामा कक्षा सञ्चालनमा रहेका छन् । विद्यालय उमेरका वालवालिका विद्यालय गएको संख्या ६५०३ जना विद्यालयहरुमा जम्मा  जना विद्यार्थीहरु अध्ययनरत छन् । उच्च शिक्षाको लागि १ क्याम्पस संचालनमा छ जो मध्यपश्चिम विश्वविद्यालयको आंगिक क्याम्पस हो ।

**५.२.२ समस्याहरु :** नारायण नगरपालिकामा सरकारी,निजि,सामुदायिक सिकाइ केन्द्र लगाएत जम्मा १३२ वटा विद्यालयहरु सञ्चालनमा रहेतापनि शिक्षा क्षेत्रमा विभिन्न समस्या रहेका छन् । संघीय संरचनाले शिक्षालाई साझा अधिकार क्षेत्रमा राख्नु ,आधारभुत तहमा जीवन उपयोगी शिक्षा नहुनु, माध्यमिक तहमा प्राविधिक र व्यावहारिक शिक्षा कमी, सामुदायिक र संस्थागत विद्यालय बीच गुणस्तरमा फरक रहनु, शिक्षाको गुणस्तर कायम नहुनु, भौगोलिक दूरी, अभिभावकमा चेतनाको कमि, विद्यार्थीको संख्या घट्दै जानु, शिक्षकहरु पेशा प्रति आकर्षित नहुनु, विद्यार्थी न्यून हुनु र संविधानले शिक्षा क्षेत्रलाई समस्यामुलक बनाउनु आदि समस्या देखिएका छ । यस्तै गरि साधन स्रोत र प्रभावकारी कार्यान्वयनमा कमि, समुदायका वाल वालिकाको भर्ना दर न्यून हुनु, बीच मा छोड्ने दर अधिक हुनु, विषयगत शिक्षकको समस्या, माग र विद्यालयहरुमा पूर्वाधार तथा प्रविधि विकास गर्नको लागि लगानीका श्रोतको कमि, छात्रावासको समस्या, वच्चाहरुलाई ल्याउन लैजानको लागि वस तथा अन्य सवारी साधनको कमि आदि समस्याहरु रहेका छन् ।

## ५.२.३ चुनैाती र अवसरहरु

**चुनौतीहरु :** मा.वि. तहसम्मको विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवार स्थानिय तहलाई दिनु तर जनशक्तिको लागि आर्थिक व्यबस्थापन तथा दरबन्दी सिर्जना गर्न नपाउनु शिक्षा क्षेत्रको सवै भन्दा ठूलो चुनौति हो । विद्यालय वाहिर रहेका वालवालिकाहरुलाई विद्यालयमा भर्ना गर्न, साक्षरता दरमा लिङ्ग, जातीगत, फरक हुंदा समानस्तरमा ल्याउन, शिक्षालाई समतामूलक, समावेसी वनाउन, विद्यालयको सवै तहमा गुणस्तरिय शिक्षाप्रदान गर्न, भौतिक पूर्वाधारको लागि लगानीका श्रोत प्राप्त गर्न, लगानीको अनुपातमा प्रतिफल प्राप्त गर्न, विद्यालयहरु आपसमा गाभ्न तथा मर्ज गर्न, आवशिय विद्यालय सञ्चालन गर्न, विद्यालयहरुमा जीवन उपयोगी र रोजगार प्राप्त गर्ने शिक्षा दिन, सिमान्तकृत समुदायका वालवालिकाको शैक्षिक स्तर उकास्न, प्राविधिक शिक्षा दिने व्यवस्था मिलाउन, शिक्षकलाई पढाउन उत्प्रेरणा जनगरन, विद्यालयमा छोड्ने दर शुन्यमा झार्न, समुदायलाई विद्यालय प्रति अपनत्व कायम गर्न आदि चुनैातीहरु रहेका छन् ।

**अवसरहरु :** नारायण नगरपालिकामा सामुदायिक र संस्थागत गरी १३२ वटा शैक्षिक सस्थाहरु सञ्चालनमा हुनु, नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले शिक्षा क्षेत्रको गुणस्तर कायम गर्न प्रतिवद्धता देखाउनु, शिक्षा क्षेत्रमा राष्ट्रिय जनशक्ति र लगानी वढाउनु, शिक्षाका सूचकहरु अन्य स्थानीय निकाय भन्दा उच्च रहनु, विद्यालयमा विद्यार्थी भर्ना अभियान, खाजा कार्यक्रम, विद्यालय पोषकको व्यवस्था, अभिभावकमा पढाउनु पर्छ भन्ने भावनाको विकास हुनु, नीजि क्षेत्र शिक्षा क्षेत्रमा आकर्षित हुनु राम्रा अवसरहरु हुन । यस्तै, नगरपालिकाले गुणस्तर उकास्नको लागि वढि चासो राख्नु, विद्यालयको आफ्नै भवन तथा जग्गा हुनु, प्रदेशको राजधानीमा विभिन्न विषयका महाविद्यालयहरु सञ्चालनमा रहनु, मा.वि. तहसम्मको विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवार स्थानिय निकायलाई दिनु, नगरपालिकवाट वडा कार्याललय तथा वस्तिसम्म सडक सञ्जाल जोडिनु, शिक्षा क्षेत्रको विकासका लागि अवसरहरु हुन् ।

## ५.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच** : शिक्षित नगरवासी समुन्नत नगरपालिका

**लक्ष्य :** नारायण नगरपालिका शिक्षण पद्धतिमा सुधार भई जनताको जीवनस्तरमा व्यापक परिवर्तन भएका हुनेछ ।

**उद्धेश्यहरु :** १. गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी आय आर्जन र विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने ।

२. उच्च सिकाई, वालमैत्री र जवाफदेही विद्यालय प्रशासन निर्माण गर्ने ।

३. सवै हिसावले सुविधा सम्पन्न, भौतिक सुविधायूक्त, दक्ष, योग्य र उत्प्रेरित जनशक्ति भएको विद्यालय व्यवस्था गर्ने ।

**तालिका न. ४२ : रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. गुणस्तरीय शिक्षाको अवसर प्रदान गरी आयआर्जन र विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्ने । | |
| १.१ गुणस्तरिय शिक्षा प्रदान गर्न आवश्यक पहल तथा कार्यान्वयन गर्ने ।<br>१.२ उच्च सिकाई, वालमैत्री र जवाफदेही विद्यालय प्रशासन निर्माण गर्ने । | १. विद्यालयको पढाई गुणस्तर, भरपर्दो, सुविधाजनक, प्रतिस्पर्धी वनाउने ।<br>२.शैक्षिक सामाग्री, स्तरीय भवन, फर्निचर, प्रयोगशाला तथा सवारी साधन सहित सुविधा सम्पन्न विद्यालय वनाउने ।<br>३. नगरपालिकामा १ सुविधा सम्पन्न प्राविधिक विद्यालय स्थापना गरी सञ्चालन गरिने र नगरपालिकामा क्याम्पस तहको गुणस्तरिय शिक्षा दिइने ।<br>४. विद्यालयहरु धान्न सक्ने स्थितिमा सञ्चालन गर्न, विद्यार्थिहरुलाई पायक पर्ने गरी विद्यालयहरुलाई एक आपसमा गाभ्ने (मर्ज) र गुणस्तरिय शिक्षा दिइने ।<br>५. सवै विद्यालयमा आधारभूत तह अन्तरगत नर्सरी, अपर केजी तह लागू गरि सुरु देखि नै अंग्रेजी, गणित, विज्ञान,कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइने ।<br>६. शिक्षा पद्धतिको अध्ययन गरी सुधारको लागि योजना तथा कार्यक्रम सिफारिश गर्न एक अधिकार प्राप्त समिति गठन गर्ने ।<br>७. सवै विद्यालयमा विषयगत शिक्षक, वस व्यवस्था, पुस्तकालय, प्रयोगशाला, विद्यालयको पूर्णरुपमा भौतिक सुविधाले सम्पन्न गर्ने व्यवस्था मिलाउने ।<br>८. विद्यालयस्तरको पढाई गुणस्तर, भरपर्दो, सुविधाजनक, प्रतिस्पर्धी वनाउने<br>९. विद्यार्थीको समस्या पहिचान गर्ने, समस्यालाई संवोधन गर्ने गरी शिक्षण गर्ने ।<br>१०. विद्यालयको अनुगमन र मूल्याङ्कन व्यवस्था प्रभावकारी रुपमा सञ्चालन गर्ने ।<br>११. छात्रछात्राको आवश्यकताको पहिचान गरी अभिभावक शिक्षा |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | कार्यक्रम लागू गर्ने । |
| २. सुविधा सम्पन्न, भौतिक सुविधायूक्त, दक्ष, योग्य र उत्प्रेरित जनशक्ति भएको शिक्षा व्यवस्था गर्ने । | |
| २.१ सञ्चालनमा रहेका विद्यालयहरुको पढाइको स्तर उच्च राख्नको लागि पाठ्यक्रम, अध्यापन विधि, विषय शिक्षकको छनोट प्रणालीको विकास गर्ने । | १२. विषयगत शिक्षकहरुलाई अनुशिक्षण गर्ने । शिक्षकको मनोवल उच्च राख्ने नीति अवलम्वन गरिने र विद्यार्थीको उपलव्धीलाई शिक्षकको मुल्याङ्कनको मुख्य आधार वनाइने ।<br>१३. एक वार्ड एक लाइव्रेरी, एक वार्ड एक योग केन्द्र स्थापना गर्न जोड दिइने ।<br>१४. वाल मैत्री विद्यालयलाई जोड दिइने र शैक्षिक ऋणको व्यवस्था गरिने नीति लिईने ।<br>१५. निरक्षरता रहेकाको पहिचान गर्ने र १२ वर्ष देखि ६० वर्षसम्मकालाई व्यवहारिक व्यवसाय सहितको अनौपचारिक शिक्षा अभियान चलाउने ।<br>१६. एसइइ तहका विद्यार्थिद्धारा निरक्षरलाई साक्षरता वनाउने जिम्मेवारी वनाउने ।<br>१७. प्रत्येक विद्यालयहरुमा अपाङ्ग तथा छात्रा मैत्री आधुनिक शौचालय निर्माणमा जोड दिइने । |
| २.२ विद्यालयको शिक्षण पद्धतिलाई व्यापक सुधार गरी समय सापेक्षित वनाउने । | १८. सरकारी स्तरका ५० वटा विद्यालयमध्ये आधारभूत तहका १ देखि ५ सम्म सञ्चालनमा रहेकालाई नर्सरी, के.जि. देखि ३ सम्म सञ्चालन गर्ने, आधारभूत तहका १ देखि ८ सम्म सन्चालनमा रहेकालाई नर्सरी देखि ५ सम्म, १ देखि १० सम्म सञ्चालनमा रहेकालाई नर्सरी देखि ८ कक्षासम्म सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>१९. मा.वि. स्तरका १ देखि १२ सम्म सञ्चालनमा रहेका विद्यालय नियमानुसार कक्षा सम्ममात्र कायम राख्ने ।<br>२०. ८ कक्षा देखि माथि गुणस्तरिय र तुरुन्त रोजगार दिने विषयमात्र अध्यापन गर्ने व्यवस्था मिलाउने ।<br>२१. आधारभूत तहमा (नर्सरी देखि ३ कक्षा सम्म) एउटा कक्षामा न्यूनतम १० जना विद्यार्थी र विद्यालयमा कम्तीमा ४० जना विद्यार्थी, आधारभूत तह (नर्सरी देखि ५ कक्षासम्म) न्यूनतम १० जना प्रति कक्षा ४० जना कुल विद्यार्थी, आधारभूत तह (नर्सरी देखि ८ कक्षासम्म) प्रतिकक्षा १० जना र कुल विद्यार्थी न्यूनतम १०० जना विद्यार्थी, मावि तहमा ८ कक्षा देखि माथि प्रति कक्षा २० जना र कुल विद्यार्थी १५० जना अनिवार्य हुने गरी व्यवस्था मिलाउने ।<br>२२. ११ र १२ कक्षामा विज्ञान, कम्प्यूटर, गणित, अंग्रेजी, व्यवस्थापन, अर्थशास्त्र, भूगोल जस्ता विषयमात्र पढाउने व्यवस्था मिलाईने ।<br>२३. नगरपालिकामा सवै वडामा विद्यालय पुग्ने गरी ५० वटा विद्यालयवाट वढिमा ४० वटा मात्र कायम गर्ने गरी विद्यालय |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | गाभ्ने (मर्ज गर्ने ।<br>२४. विद्यालय गाभ्ने विषयमा सम्वन्धित समुदायले छनौट गरे अनुसार हुने गरी व्यवस्था मिलाउने ।<br>२५. विद्यालय गाभ्ने र गुणस्तरीय शिक्षाको लागि कार्यदल गठन गरि प्राप्त सुझावको आधारमा कदम चाल्ने व्यवस्था मिलाउने ।<br>२६. विद्यालय मिलान गर्दा पहिला नेपाल सरकारवाट स्तर अनुसार स्विकृत शिक्षक दरवन्दीलाई मुख्य आधार वनाउने । |

**शिक्षा सम्वन्धी कार्यक्रमहरु**

**नगरपालिकाले आफै सम्पादन गर्ने कार्यक्षेत्रका प्रमुख कामहरु :**

**आधारभूत शिक्षा विकास कार्यक्रम :** विद्यालयको पाठयक्रममा सुधार गरी अंग्रेजी भाषाको माध्यमवाट आधारभूत शिक्षा प्रदान गरिनेछ । सानैवाट गणित, विज्ञान, कम्प्यूटरको ज्ञान दिलाउने आफ्नो धर्म,परम्परा, संस्कृतिको जानकारी गराउदै स्तरीय शिक्षा दिने व्यवस्था मिलाइने छ । नारायण नगरपालिकाका सवै वालवालिकाहरुले आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाईनेछ । आधारभूत शिक्षा अनिवार्य गराईनेछ । गुणस्तरिय शिक्षा दिनको लागि विभिन्न उपायहरु अवलम्वन गरिनेछ । विद्यालयहरुको क्षमता अभिवृद्धि गरिनेछ । विद्यालय व्यवस्थापन समितिलाई सक्रिय र क्षमता अभिवृद्धि गरिनेछ । पाठ्यपुस्तक निशुल्क समयमा उपलव्ध गराउने, विद्यार्थीको नियमित मूल्याङ्कन व्यवस्था मिलाईने छ । विद्यार्थीहरुको प्रगति स्थितिको आधारमा शिक्षकको मूल्याङ्कन गर्ने व्यवस्था मिलाईनेछ ।

**माध्यामिक शिक्षा विकास कार्यक्रम :** व्यवस्थापन समितिहरु सक्षम र दक्ष हुनेछन् । विद्यार्थिहरुको लागि छात्रवृतिको व्यवस्था, आधुनिक प्रविधि मार्फत सिक्न पाउने व्यवस्था मिलाईनेछ । विद्यार्थी बीचैमा विद्यालय छाड्ने प्रवृति शुन्यमा बनाउने प्रयास गरिनेछ । हाल रहेका विद्यालयहरु बीच समायोजन गरी धान्न र गुणस्तरिय शिक्षा दिने किसिमवाट ठूलो विद्यालय सञ्चालन गरिनेछ । सवै वालवालिकालाई मावि तहको शिक्षा प्राप्त गर्ने अवसर र पहुँच पुऱ्याइने छ । मा.वि तहमा रोजागार प्राप्त गर्न सक्ने विषय अंग्रेजी, विज्ञान, गणित, कम्प्यूटर, भूगोल, अर्थशास्त्र, नैतिक शिक्षा जस्ता विषयहरु अध्ययन गर्ने व्यवस्था मिलाईनेछ । मा.वि स्तरका विद्यालयहरुमा दक्ष विषय शिक्षक, प्रयोगशाला, स्रोत पुस्तिका तथा शैक्षिक सामाग्रीको व्यवस्था मिलाईने छ । विद्यालयमा पोषाक, दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, सवारी साधनको व्यवस्था, उचित कक्षा कोठा, छात्रामैत्री आधुनिक शौचालयको व्यवस्था लगायतको सुविधाको व्यवस्था गर्ने प्रयास गरिनेछ । विद्यालयमा सिकाई वातावरण निर्माण गरिनेछ ।

**छात्रवृति कार्यक्रम :** जेहेन्दार तथा गरिब परिवारका विद्यार्थीहरुको लागि विद्यालय तथा क्याम्पस तहका अध्ययन गर्न छात्रवृति कार्यक्रम सञ्चालन गरिनेछ ।

**शैक्षिक ऋण कार्यक्रम :** कक्षा ११ र १२ तथा स्नातकतहमा अध्ययन गर्ने विद्यार्थीहरुको लागि शैक्षिक ऋण सुविधा उपलव्ध गराउने कार्यक्रम सञ्चालन गरिनेछ ।

**विशेष शिक्षा कार्यक्रम :** नगरपालिकामा शारीरिक तथा मानसिक रुपमा अपाङ्ग भएका दृष्टि विहिन, अपाङ्ग, अशक्तहरुको लागि प्रतिरोधात्मक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**अभिभावक शिक्षा कार्यक्रम :** विद्यालयहरुको उचित व्यवस्थापन तथा गुणस्तरीय शिक्षाको लागि नियमित रुपमा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**विद्यालय भवन :** अपाङ्ग मैत्री विद्यालय भवन निर्माण गरिनेछ । सबै विद्यालयमा प्रयोगशाला, फर्निचर लगायत आवश्यक पूर्वाधार निर्माण गर्न व्यवस्थापन गरिनेछ ।

**अंग्रेजी माध्यमवाट अध्ययपन कार्यक्रम :** सवै विद्यालयहरुमा अंग्रेजी माध्यमवाट अध्यापन गर्न पाठ्यक्रममा सुधार, विषय शिक्षकको व्यवस्था, शिक्षकहरुलाई तालिम, कक्षा व्यवस्थापन, अंग्रेजी माध्यमवाट कक्षा सञ्चालन कार्यक्रम लागु गर्न सहयोग गरिनेछ ।

**आवाशिय विद्यालय स्थापना कार्यक्रम :** विद्यालयहरु एक अर्कामा गाभेपछि आवाशिय विद्यालय सञ्चालन गर्ने प्रयास गरिनेछ ।

**शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम :** सवै तहका विद्यालयहरुमा गुणस्तरिय शिक्षा प्रदान गर्न व्यवस्थापन मिलाईनेछ । शिक्षक तालिम कार्यक्रम, निरिक्षण कार्यक्रम, करार सम्झौता, शैक्षिक सामाग्रीको व्यवस्था गरेर सवै विद्यालयहरुमा शैक्षिक गुणस्तर कायम गरिनेछ । सवै विद्यालयहरुमा प्रभावकारी रुपमा अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

**पूर्व प्राथमिक विद्यालय विकास कार्यक्रम (इसिडि कक्षा सञ्चालन कार्यक्रम) :** सवै विद्यालयहरुमा पूर्व प्राथमिक विद्यालय सञ्चालन गरिनेछ । सवै विद्यालयमा नर्सरी, केजी तहको पढाई सञ्चालन गरिने छ । साना वालवालिकालाई अध्यापन गराउदा मन्टेश्वरी विधि अपनाई अध्ययापन गराईने छ । सवैलाई विद्यालय पोषाक तथा दिवा खाजाको व्यवस्था, शैक्षिक सामाग्री वाल मनोविज्ञानमा आधारित हुनेछ । पूर्व प्राथमिक विद्यालयमा अति गरीव परिवारका वालवाललिकाको समेत पहुँच पुग्ने व्यवस्था गरिनेछ । नगरपालिकामा सवै वालवालिका विद्यालय भर्ना हुने व्यवस्था मिलाईनेछ ।

**विद्यालयको भौतिक संरचना निमार्ण कार्यक्रम :** यस नगरपालिकाका मा.वि., आधारभूत विद्यालयहरुको कक्षा कोठाहरु निर्माण, विज्ञान प्रयोगशाला, छात्रा मैत्री शौचलाय, पुस्तकालय, पुस्तकहरुको व्यवस्था गरी विद्यालयहरुको भौतिक निर्माण कार्यक्रम सञ्चालन गरिनेछ ।

**छात्रा शौचालय (WASH) सुविधा निर्माण कार्यक्रम :** आधारभूत विद्यालय, मा.वि १–१० तथा मा.वि.१–१२ स्तरका विद्यालयमा आधुनिक सुविधा सम्पन्न शौचालयहरु निर्माण गरिनेछ ।

**विज्ञान प्रयोगशाला स्थापना :** कक्षा ८ भन्दा माथि कक्षा सञ्चालन हुने सवै विद्यालयहरुमा विज्ञान शिक्षाको लागि प्रयोगशाला स्थापना गरिनेछ ।

**आधुनिक प्रविधियूक्त शिक्षा शिक्षणको व्यवस्थापन :** सवै विद्यालयहरुमा कम्प्यूटर, वाईफाई, इन्टरनेट सेवा, आधुनिक प्रविधियूक्त शिक्षा दिईने व्यवस्था मिलाईनेछ ।

**विद्यालय समायोजन कार्यक्रम तथा सम्पूर्ण शैक्षिक संस्थाहरु अध्ययन गर्न विज्ञ समुह गठन कार्यक्रम :** नगरपालिकामा ५० वटा विभिन्न तहका विद्यालयहरु रहेकोमा विद्यालयमा आवश्यक विद्यार्थीहरुको संख्या नभई ज्यादै न्यून रहेको र गुणस्तरिय शिक्षा दिन कठिन भएको हुँदा विद्यालय संयोजन कार्यक्रम सञ्चालन गरिनेछ । यस नगरपालिकामा भएका ५० वटा सामुदायिक विद्यालयहरु मध्ये मा.वि. ९ वटा सञ्चालनमा भएकाले ९ वटा नै हुने वा नहुने गरी विद्यालय समायोजन गर्ने व्यवस्था मिलाईनेछ । यसको लागि नगरपालिकावाट विद्यालयहरुमा न्यूनतमा विद्यार्थी संख्या, विद्यालयको दुरी, विद्यालयको न्यूनतम सुविधा तोकि विद्यालयहरु बीच समायोजन गर्न ३–५ सदस्यीय विज्ञ समुह गठन गरिने छ । उक्त समितिले शैक्षिक सत्र सुरुहुन भन्दा अगाडि १ महिना भित्र सवै समुदायको सुझाव लिई प्रतिवेदन दिएको आधारमा विद्यालयहरु आपसमा गाभिनेछ ।

**विपन्न दलित समुदायको विद्यालय छाड्ने र दोहोऱ्याउने दर घटाउने कार्यक्रम :** दलित वस्ती रहेका वडाका दलित वस्तीका विद्यार्थीहरुको विद्यालय छोड्ने दर तथा कक्षा दोहोऱ्याउने दर उच्च रहेको स्थितिलाई सुधार गर्न विशेष सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । अभिभावकहरुका लागि आफ्ना बालबालिकाहरुलाई विद्यालय पठाउने तत्वको पहिचान गरी सो अनुसार कदम चालि हालको स्थितिमा आमुल परिवर्तन गरिनेछ ।

**वस व्यवस्थापन कार्यक्रम :** विद्यालयहरु आपसमा समायोजन तथा मर्ज गरेपछि विद्यार्थीहरु विद्यालयमा आउन जानको सुविधाको लागि मावि तहका विद्यालयको लागि वस तथा यातायात साधानको व्यवस्था गर्ने प्रयास गरिनेछ ।

**शैक्षिक स्तर वृद्धि कार्यक्रम (तालिम,अन्तरक्रिया,शैक्षिक सामाग्री) :** शैक्षिक स्थितिलाई व्यापक सुधार गर्न, गुणस्तरिय शिक्षा व्यवस्थापनको लागि शिक्षक तालिम, अन्तरक्रिया, आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था गरिनेछ । यसको लागि समय सापेक्ष शिक्षण विधि, नतिजामा आधारित प्र.अ., विद्यार्थी, शिक्षक, विद्यालयको मुल्याङ्कन व्यवस्था, नीतिगत तथा प्रक्रियागत ढाँचामा सुधार, जनशक्तिको क्षमता विकास, सेवा प्रवाहको लागि मापदण्ड तयारी र भौतिक साधनले सम्पन्न शैक्षिक स्तर वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**प्रविधिक विद्यालय सञ्चालन कार्यक्रम :** यस नगरपालिकाको नारायण माबिमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सञ्चालन गरिनेछ । यस प्राविधिक विद्यालयमा हेल्थ असिस्टेन्ट, फार्मेसी, स्टाफ नर्स, कृषि, पशुपन्छी पालन सम्वन्धी विषय, पलम्वर तथा एसइइ असफल भएकाहरुको लागि व्यवसायिक शिक्षा दिने व्यवस्था मिलाईनेछ । यस्तै गरी कक्षा ८ देखि १२ कक्षा सम्म अध्ययन गर्दै गरेका विद्यार्थीहरुलाई ३ महिनाको व्यवसायिक शिक्षा दिने कार्यक्रम सञ्चालन गरिनेछ,जसवाट रोजगार प्राप्त हुनेछ । यसको लागि आवश्यक पूर्वाधार निर्माण गर्ने व्यवस्था मिलाईनेछ ।

**उच्च शिक्षा सञ्चालन कार्यक्रम :** यहाँ.स्नातक र स्नातकोत्तर तहको कक्षा सञ्चालन गरिएको छ । विद्यार्थीहरुको लागि सहुलियत ऋणको व्यवस्था गरी सवै वर्गलाई उच्च शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था मिलाईने छ । यस नगरपालिकाको क्षेत्राधिकारमा क्याम्पस भएको अवस्थामा पनि वाहिर जिल्लामा अध्ययन गर्ने जानेको लागि सहुलियत ऋण उपलव्ध गराउन वैंकं तथा अन्य वित्तिय संस्थासंग समन्वय गरी व्यवस्था मिलाईने छ । अध्ययन समाप्त भएको निश्चित अवधिमा शैक्षिक कर्जा फिर्ता गर्ने व्यवस्था मिलाईनेछ ।

**पिछडिएका टोल र समुदायका लागि विशेष अनौपचारिक शिक्षा तथा प्रौढ शिक्षा कार्यक्रम :** नगरपालिकाका दलित तथा पिछडिएका ठाउँका समुदायको लागि विशेष व्यवसायिक अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

**वाल विकास केन्द्र स्थापना कार्यक्रम : प्र**त्येक वस्तीमा वाल विकास केन्द्रहरु सञ्चालन गरिनेछ । वाल विकास केन्द्रको संस्थागत विकासमा सहयोग गरिनेछ ।

**विद्यालय खेल मैदान निर्माण कार्यक्रम** : सबै विद्यालयहरुमा खेल मैदान निर्माण गर्न सहयोग गरिनेछ ।

**क्षमता अभिवृद्धि कार्यक्रम :** विद्यालयका प्र.अ., शिक्षक, व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ लगायतको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

**अतिरिक्त तथा सहप्रतिस्पर्धात्मक अन्तर विद्यालय कार्यक्रम** : नगरपालिका भित्र रहेका समानस्तरका विद्यालयहरु बीच शैक्षिक गुणस्तर, अनुशासन, अतिरिक्त क्रियाकलाप, सरसफाई, नियमितता, विद्यार्थी सफलता स्थिति, शिक्षकहरुको कार्यक्षमता लगायतका विषयहरुको आधारमा अतिरिक्त तथा सहप्रतिस्पर्धात्मक अन्तरविद्यालय कार्यक्रम सञ्चालन गरिने छ ।

**उत्कृष्ट शिक्षक प्रोत्सहान पुरस्कार कार्यक्रम :** विद्यालयहरुको शैक्षिक गुणस्तर कायम गर्न शिक्षकहरुको अहंम भूमिका रहने भएकोले विद्यार्थीहरुको उपलव्धीको आधार तथा तोकिएको अन्य आधारमा उत्कृष्ट शिक्षकहरुलाई वार्षिक रुपमा उत्कृष्ट शिक्षक प्रोत्सहान पुरस्कार प्रदान गरिनेछ ।

**तहगत पुस्तकालय स्थापना :** सवै तहका विद्यालयहरुमा तह अनुसार पुस्तकालयको व्यवस्थापन गरिनेछ ।

**संघ तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. विपन्न तथा दलित समुदायका विद्यार्थीहरुको विद्यालय छाड्ने र दोहोऱ्याउने प्रवृक्ति रोक्ने विशेष कार्यक्रम

२. विद्यालय बस व्यवस्थापन कार्यक्रम

३. सम्पूर्ण शैक्षिक संस्था सर्वेक्षण गर्ने र विज्ञ समुहवाट अध्ययन सुझाव

४. छात्रा शौचालय (WASH सुविधा)कार्यक्रम
५. तहगत पुस्तकालय स्थापना
६. स्नातक तहको कक्षा सञ्चालन -कृषि र व्यवस्थापन)
७. विद्यालयमा व्यवसायिक, प्राविधिक शिक्षा सञ्चालन कार्यक्रम
८. विज्ञान प्रयोगशाला स्थापना
९. विद्यालय समायोजन कार्यक्रम
१०. प्रविधिक विद्यालय सञ्चालन कार्यक्रम
११. उच्च शिक्षा सञ्चालन कार्यक्रम
१२. आवसिय विद्यालय स्थापना कार्यक्रम
१३. शैक्षिक गुणस्तर अभिवृद्धि र शिक्षक तालिम
१४. विद्यालयको भौतिक संरचना निमार्ण कार्यक्रम
१५. पुस्ताकालय कोठा व्यवस्थापन
१६. शैक्षिक ऋण कार्यक्रम
१७.विशेष शिक्षा कार्यक्रम (दृष्टि विहिन, अपाङ्ग,अशक्तहरुको लागि)

## ५.२.५ अपेक्षित उपलव्धी :

योजना अवधिमा साक्षरता प्रतिशत ८०.३१ बाट ९० प्रतिशत पुगेको हुनेछ । महिला, दलित, जनजातिको पनि साक्षरता प्रतिशत ७८.१७ बाट ८८ प्रतिशत भएको हुनेछ । प्राथमिक तहमा भर्ना सतप्रतिशत, माध्यामिक तहमा भर्ना दर ९० प्रतिशत भएको हुनेछ । पढाई छाड्ने दर कक्षामा २ प्रतिशत भन्दा कम भएको हुनेछ । यस्तै गरी विद्यालयहरु आपसमा गाभिएर वाँकि रहेका विद्यालयहरुले गुणस्तरीय शिक्षा दिएका हुनेछन् । नगरपालिकामा कम्तिमा १ आवसिय विद्यालय, कम्तीमा १ प्राविधिक उच्च शिक्षा र १ ओटामा पर्यटन तथा व्यवस्थपन विषयको स्नातक तहको पढाई गुणस्तरीय रुपवाट सञ्चालन भएको हुनेछ । १२ कक्षा पास गरेका र स्नातक गरेका अधिकांशले रोजगार प्राप्त गरेका हुनेछन् । सवै विद्यालयमा शिक्षकहरु तालिम प्राप्त क्षमतावान उत्प्रेरित भएका हुनेछन् । विद्यालयमा सवै वालवालिका भर्ना गर्ने अभियानमा वालवालिका तथा अविभावक सहभागी भएका हुनेछन् । विद्यालय गुणस्तर यूक्त वनाउनको लागि समाजका सवै क्षेत्रको सहयोग भएको हुनेछ ।

**तालिका न. ४३ : शिक्षा क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरँपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | साक्षरता दर प्रतिशत | प्रतिशत | ८०.३१ | ९० | | ,, | |
| २. | औषत आयु वर्ष | प्रतिशत | ६७ | ८० | बार्षिक प्रतिवेदन | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| | | | | | | | |
| १. | प्राथमिक तहमा (१–५ कक्षामा) खुद भर्नादर २०७९/०८० मां प्रतिशत | | | | शिक्षा सम्वन्धी प्रतिवेदन | शिक्षा प्रमुख पालिका | सहयोग उपलब्ध भएमा |
| २. | आधारभूत तहमा (१ देखि ८ कक्षमा) खुद भर्नादर २०७९/०८० मा | | | | ,, | ,, | ,, |
| ३. | माध्यमिक तहमा -९ देखि १२ कक्षमा) खुद भर्नादर २०७९/०८० मा | | | | ,, | ,, | ,, |
| ४. | बयस्क साक्षरता दर (१५ वर्ष माथिका | | | | ,, | ,, | ,, |
| ५. | कक्षा १ मा पढाई छाडने दर प्रतिशतमा | | | | ,, | ,, | ,, |
| ६. | कक्षा ५ मा पढाइ छाड्ने दर प्रतिशतमा | | | | | | |
| ७. | कक्षा ८ मा पढाइ छाड्ने दर प्रतिशतमा | | | | | | |
| | **कार्यक्रम तथा आयोजना** | | | | ,, | ,, | ,, |
| १. | नमुना विद्यालयव्य वस्थापन र संचालन | | | ५ | १ | | |
| २. | विद्यालयमा गुणस्तरीय शिक्षा सञ्चालन र छात्रबास कार्यक्रम | | | ९ | २ | ,, | ,, |
| ३. | आवशिय विद्यालय स्थापना वटा | | | १ | ०० | | |
| ४. | माविमा फिवाईफाई कार्यक्रम वटा | | | | १ | ,, | |
| ५. | शिक्षकको क्षमता विकास कार्यक्रम (तालिम,अन्तरकृया,शैक्षिक सामाग्री) वटा | | | ५ | १ | ,, | |
| ६. | अंग्रेजी माध्यमको पाठ्यपुस्तक व्यवस्थापन र छात्रवृतिको कोटा वृद्धि कार्यक्रम वटा | | | ५ | १ | ,, | ,, |

| क्र.सं. | प्रमुख नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ७. | खेलकुद तथा अतिरिक्त कृयाकलाप सञ्चालन | | | ५ | १ | ,, | ,, |
| ८. | स्थानीय पाठयपुस्तक लेखन,निर्माण र छपाई गर्ने । | | | ५ | १ | ,, | ,, |
| ९. | विद्यालय लेखासहाएकको क्षमता किकास | | | ५ | १ | ,, | ,, |
| १०. | खेलकुद सामाग्रीको व्यवस्था कार्यक्रम वटा | | | ५ | १ | ,, | ,, |
| ११. | कृषि क्याम्पस स्थापना गर्ने | | | १ | १ | ,, | ,, |
| १२. | नगरपालिकामा शिक्षक अभिभावक तालिम | | | ५ | १ | ,, | ,, |
| १३. | विद्यालय फर्निचर कार्यक्रम सवै विद्यालय | | | ५५ | ११ | ,, | ,, |
| १४. | विपन्न दलित समुदायको विद्यालय छाड्ने र दोह्राउने दर कम गराउने कार्यक्रम वटा | | | ५ | १ | ,, | ,, |
| १५. | विषयगत शिक्षक दरवन्दीको व्यवस्था | | | ५ | ,, | ,, | ,, |
| १६. | विद्यालय भवन निर्माण गर्ने | | | ५ | ,, | ,, | ,, |
| १७. | सामुदायिक सिकाई केन्द्रका परिचालिकालाई तालिम कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| १८. | विद्यालयको सुपरिवेक्षण कार्यक्रम | | | ५ | ,, | ,, | ,, |
| १९. | सम्पूर्ण शैक्षिक संस्था सर्वेक्षण गर्ने,विज्ञ समुहवाट अध्ययन सुझाव संख्या | | | ३ | ,, | ,, | ,, |
| २०. | वाल विकास केन्द्रको स्तर उन्नति मरमत | | | २२ | ,, | ,, | ,, |
| २१. | शैक्षिक योजना निर्माण र परिक्षा सैचालन | | | ५ | ,, | ,, | ,, |

## ५.३ स्वास्थ्य तथा पोषण

**५.३.१ पृष्ठभूमि :** नेपाल सरकारले तयार गरेको २० वर्षे स्वास्थ्य गुरु योजना कार्यान्वयनको अन्तिम चरणमा रहेकोछ । मानवको लागि स्वस्थ जीवन अपरिहार्य रहेको छ । स्वस्थ जीवन प्राप्त गर्नु मानव अधिकारको रुपमा पनि स्वीकार गरि सकिएको छ । नेपालमा स्वास्थ्य सम्वन्धी अधिकार नेपालको संविधानमा नीतिगत रुपवाट समेत उल्लेख गरेर नेपाल सरकारले स्वास्थ्यलाई महत्व दिएको छ । नेपालको स्वास्थ्य स्थिति सुधार गर्न विश्व स्वस्थ्य संगठन लगायत विभिन्न देश तथा अन्तराष्ट्रिय संघ संगठनवाट सहयोग प्राप्त भएको छ । यसले राखेका स्वास्थ्य सम्वन्धी लक्ष्य प्राप्त गर्न विभिन्न प्रयासवाट स्वास्थ्य स्थितिमा व्यापक सुधार हुन गएकोछ । नारायण नगरपालिकामा स्वास्थ्य स्थितिको विकास गर्न विभिन्न प्रयास गरिएको छ ।

दीगो विकासका लागि शिक्षा, स्वास्थ्य र यातायात सबैभन्दा महत्वपुर्ण पुर्वाधार हुन । शारिरीक तथा मानसिक स्वस्थ मानव जीवनको लागि अति नै आवश्यक मानिन्छ । नेपाल सरकारको नीतिगत व्यवस्था अनुसार एक पालिका एक अस्पतालको अवधारणा अनुसार सबैलाई पायक पर्ने गरी नगरपालिकाको केन्द्रमा १५ शैयााको पालिका स्तरीय

अस्पताल निर्माणको चरणमा रहेको छ । सरकारी तवरबाट सबै वडाहरुमा पुग्ने गरी स्वास्थ्य सेवा केन्द्र, ईकाइ र गाउँघर क्लिनिकहरु मात्र रहेका छन् । खोप सेवाले जनताको स्वास्थ्यमा प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्दछ । उचित समयमा खोप पाएका बालबालिकाहरूमा रोगसँग लड्ने क्षमतामा अभिबृद्धि हुने गर्दछ । तसर्थ खोपका कारण बाल स्वास्थ्यमा सुधार आउने गर्दछ । खोप नदिएका बालबालिका विभिन्न प्रकारका प्रकोपको शिकार हुने भएकाले नेपाल सरकारले खोप सेवालाई निकै ठूलो महत्त्व दिने गरेको छ ।

### ५.३.२ प्रमुख समस्याहरु :

स्वास्थ्य क्षेत्रमा विभिन्न समस्याहरु रहेका छन् । नगरपालिकामा सुविधासम्पन्न अस्पताल नहुनु , स्वस्थ्य संस्थामा आवश्यक वजेटको समस्याले सञ्चालन गर्न नसक्नु, सवै वडामा प्रसुति गृह नभएकोले उत्पन्न समस्या रहनु , वडाका स्वास्थ्य चौकि जिर्ण अवस्था समान रहनु , स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मीका दरवन्दी कमि रहनु तथा दक्ष विशेषज्ञको अभाव रहनु, अस्पतालमा नियमित स्वास्थ्य परिक्षण गर्ने नगर्नु, परिवार नियोजनका साधनको सहज उपलव्धता नहुनु, चेतनाको कमि, आधारभूत औषधिको उपलव्धतामा कमी, तल्लो निकाय सम्म पनि स्वास्थ्य सेवाको पहुच नहुनु, सन्तुलित भोजनको अभाव, पोषणको दृष्टिवाट खानपिन व्यवहारको कमि, नयाँनयाँ रोग निदानमा ज्ञान नहुनु, युग अनुसारको प्रविधि र जनशक्ति कमि, स्वास्थ्य उपचार वढि महङगो हुनु, रसायनिक विषादीको अनियन्त्रीत प्रयोग र विषदीयुक्त खाद्यान्न उपयोगमा वृद्धि, खोला किनारमा चर्पी निर्माण तथा प्रयोगले वातावरण प्रदुषण, दीर्घ रोगीहरुको संख्यामा वृद्धि, आदि समस्या रहेका छन् ।

### ५.३.३ चुनौती तथा अवसर

**चुनौतीहरु :** दीर्घ रोगीहरुको नियमित उपचार गराउन, नगर वस्तिमा रहेका जेष्ठ नागरिक, प्रसुती, महिला, वालवच्चाको नियमित स्वास्थ्य परिक्षण गराई निरोगी तुल्याउन, नसर्ने रोगमा कमि ल्याउन, पोषणयूक्त खाना र शुद्ध पिउने पानी सेवनमा जोड दिदै वैकल्पिका उपचार विधि अपनाउन,दीर्घकालिन दिगो विकासका स्वास्थ्य सम्वन्धी लक्ष्यहरु नगरपालिकास्तरमा प्राप्त गर्न, यस नगरपालिकामा सुविधायूक्त नगरपालिका स्तरको अस्पताल निर्माण गरी सञ्चालनमा ल्याउन र अस्पताल सञ्चालन गर्न, वडामा रहेका सवै स्वास्थ्य चौकिहरुमा भवन तथा प्रयोगशाला सहित जनशक्तिको व्यवस्थापन गर्न र स्तर उन्नति गर्न, आवश्यक वजेट तथा श्रोत साधनको व्यवस्था गर्न, सवै वडामा प्रसुति गृह र स्वास्थ्य चौकिको नयाँ निर्माण गरी सञ्चालनमा ल्याउन, स्वास्थ्य चौकीमा स्वास्थ्य कर्मीको दरवन्दी थप गरी पूर्ति गर्ने, आधारभूत औषधिको सहज उपलव्ध गराउन, स्वास्थ्य उपचार ज्यादै महङगो भएकोले सोको लागत कम गर्न सिमित श्रोत साधनको समुचित व्यवस्थापन गर्न, परिवारका अन्य सदस्य नभएका विरामीहरुको हेरचाह र उपचार गराउन, वस्तीस्तरमा उपचार गर्ने व्यवस्था गर्न, व्यायाम योगका कार्यक्रम वस्ती तथा घरसम्म पुऱ्याउने आदि स्वास्थ्य क्षेत्रको विकास गर्न चुनौतीहरु रहेका छन् ।

**अवसरहरु :** यस नगरपालिकामा माथि लेखिएका विभिन्न चुनौति भए तापनि यहाँ अवसरहरु पनि रहेका छन् । स्वास्थ्य क्षेत्र हेर्नको लागि नगरपालिकामा स्वास्थ्य इकाइ जनशक्ति सहित स्थापना हुनु, नेपाल सरकारले आधारभूत आवश्यक औषधिहरु निःशुल्क उपलव्ध गराउने व्यवस्था मिलाउनु, प्रत्येक स्थानीय स्तरमा सुविधा सम्पन्न अस्पताल वनाउने नीति लिईनु, नगरपालिकालाई अस्पतालसम्म सञ्चालन गर्ने जिम्मेवारी पाउनु, प्रदेश सदरमुकाममा निजी तथा सरकारी लगानीमा ठूला तथा सुविधा सम्पन्न अस्पताल सञ्चालनमा रहनु, नगरपालिकाले एम्वुलेन्स सुविधाको व्यवस्था मिलाउनु, स्वास्थ्य क्षेत्रमा वजेटको मात्रा प्रत्येक वर्ष वृद्धि हुदै जानु, वस्तीहरुसम्म यातायातको व्यवस्था गरिनु, जनताको आय स्तर वढ्दै जानु आदि अवसरहरु हुन ।

### ५.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति

**दीर्घकालिन सोच** : गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँचको सिर्जना

**लक्ष्य : १.** नगरवासीको स्वास्थ्य स्थितिमा गुणात्मक सुधार गर्दै समृद्ध जीवनस्तर प्रवर्द्धन गर्ने ।

**उद्धेश्यहरु : १.** स्वस्थकर जीवन शैलिको प्रवर्द्धन, गुणस्तरीय सेवा प्रवाह तथा वैकल्पिक स्वास्थ्य सेवा सुनिश्चित गर्ने ।

**२. स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण तथा विस्तार गर्ने ।**

**तालिका न. ४४ : रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.स्वास्थ्य सेवा प्रणालीलाई सुदृढीकरण तथा विस्तार गर्ने | |
| १.१ स्वास्थ्य सेवामा सवैको पहुँच सुनिश्चत गर्ने । | १. प्रत्येक वडामा २ जना नर्स तथा स्वास्थ्यकर्मीको व्यवस्था मिलाई घर दैलोवाट जेष्ट नागरिक, सुत्करी महिला , वालवालिका र दीर्घ रोगीहरुको उपचार गर्ने व्यवस्था मिलाउने ।<br>२. घुम्ती स्वास्थ्य सिविर सञ्चालन गर्ने व्यवस्था मिलाउने ।<br>३. जिल्लाको सरकारी अस्पतालहरुसंग समन्वय गरी नगर तथा वडा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन गर्ने ।<br>४. नसर्ने रोग क्यान्सर, मुटु, मृगौला, हृदय जस्ता रोगवाट वच्न प्रचार प्रसार तथा सूचनाद्धारा अग्रिम सजग रहने वारे जनचेतना कार्यक्रम सञ्चालन गरिने ।<br>५. नगरपालिकामा १ सुविधा सम्पन्न कम्तिमा १५ शैयाको अस्पताल र १ वटा आयूर्वेद औषाद्यालय स्थापना र सवै स्वास्थ्य केन्द्रहरुको सुदृढीकरण गरी सेवाको गुणस्तर तथा भौतिक अवस्थामा सुधार गर्ने ।<br>६. ६० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, ५ वर्ष भन्दा तलका वच्चा तथा गर्भवती महिलाहरुको लागि मासिक स्वास्थ्य परिक्षण गर्न सबै स्वास्थ्य सस्थाबाट सेवा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।<br>७. स्वास्थ्य क्षेत्रमा संस्थागत, नीजि तथा समुदायवाट लगानी गर्ने वातावरण सृजना गर्ने |
| २. स्वास्थ्यकर जीवन शैलिको प्रवर्दन, गुणस्तरीय सेवा प्रवाह तथा वैकल्पिक स्वास्थ्य सेवा सुनिस्चित गर्ने । | |
| २.१ स्वास्थ्य सेवा सुविधा भरपर्दो, स्तरीय, जनताले थोग्न सक्ने किसिमको वनाउन जोड दिइने । | ८. न्यूनतम आधारभूत औषधिहरु निःशुल्क उपलब्ध गराउने ।<br>९. निजी साझेदारी स्वस्थ्य कार्यक्रम सञ्चालन गराउने ।<br>१०. गुणस्तरिय स्वास्थ्य सेवा दिनको लागि लगानी, जनशक्ति, भौतिक व्यवस्थापन गर्ने ।<br>११. शतप्रतिशत स्वास्थ्य केन्द्रमा सुत्करी गराउने र सुत्केरी आमा पोषिलो खाना कार्यक्रम लागू गर्ने नीति लिइने । निःशुल्क स्वास्थ्य विमा गर्ने नीति लिइनेछ ।<br>१२. सवै स्वास्थ्य संस्थामा आधारभूत परिक्षण गर्ने प्रयोगशाला व्यवस्था र जनशक्ति दरवन्दी अनुसार पूर्ति गर्ने । |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | १३. २४ घण्टा स्वास्थ्य सुविधा दिनको लागि आवश्यक व्यवस्था मिलाउने ।<br>१४. प्रजनन् स्वास्थ्य सेवालाई सवैको पहुँच पुऱ्याउने र सो को लागि उपचारात्मक र प्रवर्द्धनात्मक कार्यकम सञ्चालन गरिने । |
| २.२ आयूर्वेद चिकित्सा पद्धतिको विकास गरी एक वडा एक योग केन्द्र स्थापना गर्न जोड दिने । | १५. आयूर्वेद औषद्यालय स्थापना गरी सञ्चालनमा ल्याउने ।<br>१६. योग केन्द्र, व्यायमशाला प्रत्येक वस्तिमा स्थापना गरी सञ्चालनमा ल्याउन जोड दिने । |

**मुख्य कार्यक्रमहरु :**

**नगरपालिकाले आफैले सम्पादन गर्ने कार्यक्रमहरु**

**१. शिक्षा सूचना तथा सञ्चार कार्यकम :** स्वास्थ्य सम्वन्धी सूचना तथा यससंग सम्बन्धीत कुराहरु प्रचार प्रसार कार्यकमलाई निरन्तरता दिईने छ ।

**२. वाल स्वास्थ्य, परिवार नियोजनको सम्वन्धी कार्यकम :** नियमित रुपमा सञ्चालन भएको वाल स्वास्थ्य तथा परिवार नियोजनको कार्यकम सञ्चालन गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**३. सर्ने नसर्ने रोगको व्यवस्थापन तथा जनचेतना अभिवृद्धि कार्यकम :** सरुवा रोग वारेमा जनचेतना तथा उपचार कार्यकम स्वास्थ्य केन्द्रहरु मार्फत सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ । आजकाल नसर्ने रोग मुटु रोग, क्यान्सर, दम, डायवेटिज, प्रेसर जस्ता रोगहरु वढ्दो कम रहेकोले यसको नियन्त्रण तथा न्यून गर्न खानपिन, व्यायम, रहनसहन सम्वन्धी प्रचार प्रसार कार्यकम सञ्चालन गरिनेछ ।

**४. दक्षता अभिवृद्धि तथा आधारभूत तालिम कार्यकम :** गुणस्तरीय सेवा प्रवाह गर्न स्वास्थ्यकर्मीहरुका लागि आवश्यक तालिम तथा दक्षता अभिवृद्धि कार्यकम सञ्चालन गरिनेछ ।

**५. नगरपालिकास्तरिय १५ शैया अस्पताल निमार्ण तथा सञ्चालन कार्यकम :** नगरपालिका स्तरीय सुविधा सम्पन्न १५ शैयाको नगरपालिकास्तरको अस्पताल संचालनको नीतिगत व्यवस्था रहेको, स्वास्थ्य केन्द्रको स्तर उन्नति गरी सञ्चालन गरिनेछ । यसको लागि अस्पताल भवन, प्रयोगशाला लगायत सम्पूर्ण पूर्वाधार निर्माण गरिनेछ । नगरपालिका स्तरको अस्पतालको लागि आवश्यक दरवन्दी अध्ययन गरिनेछ र सो अनुसार पदपूर्ति गरी सञ्चालनमा ल्याईने छ ।

**६. पोषण कार्यकम :** पोषण कार्यकमलाई निरन्तरता दिईनेछ । गर्भवती देखि वृद्धलाई पोषण व्यवस्था गर्न संघ तथा प्रदेशसंग समन्वय गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**७. स्वास्थ्य विमा कार्यकम :** नगरपालिकाका सवै वस्तीमा विमा कम्पनीहरुसंग समन्वय गरी स्वास्थ्य विमा कार्यकम सञ्चालन गरिनेछ ।

**८. स्वास्थ्य सेवाको गुणस्तरको लागि सार्वजनिक तथा निजी क्षेत्रसंग सहकार्य कार्यकम :** स्वास्थ्य सेवाको गुणस्तरको लागि सार्वजनिक तथा निजी क्षेत्रसंग सहकार्य गरी स्वास्थ्य सेवा कार्यकम सञ्चालन गरिनेछ ।

**९. गुणस्तरीय औषधि एवं स्वास्थ्य सामाग्रीहरुको सहज आपूर्ति व्यवस्थापन कार्यकम :** सरकारले तोकेको निशुल्क औषधिको उपलव्ध सवै स्वास्थ्य केन्द्रवाट हुने व्यवस्था मिलाईनेछ । स्वास्थ्य केन्द्रहरुमा उपचारको लागि आवश्यक पर्ने स्वास्थ्य सामाग्रीको व्यवस्था मिलाउनु पर्दछ ।

**१०. प्रसुति सेवा तथा परिवार नियोजन कार्यक्रम :** नगरपालिकाका सवै स्वास्थ्य निकायवाट प्रसुति सेवा उपलव्ध गराउनको लागि सवै स्वास्थ्य निकायमा प्रसुति सेवा दिनका लागि नयाँ प्रसुति गृह निर्माण गरिनेछ भने भवन पनि मर्मत गरेर औजारको व्यवस्था गरिनेछ । सवै वडामा दक्ष स्वास्थ्यकर्मीवाट सुत्केरी गराउने सुविधा उपलव्ध गराउन प्रयास गरिनेछ । परिवार नियोजनको कार्यक्रमलाई नियमित सर्वसुलभ उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

**११.सुरक्षित मातृत्व कार्यक्रम :** सवै वस्तीहरुमा सुरक्षित मातृत्व कार्यक्रमलाई निरन्तरता दिईने छ । गर्भवति देखि सुत्करीसम्म सेवा उपलव्ध गराईने, सवै गर्भवती महिलाले ४ पल्ट सम्म स्वस्थ्य केन्द्रमा गई आवश्यक सुइ, आईरन चक्की लगायतका सेवा प्राप्त गर्ने व्यवस्था मिलाईने छ । आवश्यक परेमा एम्वुलेन्स सेवा उपलव्ध गराईने छ ।

**१२. अनुगमन र मूल्याङकन कार्यक्रम :** स्वास्थ्य संस्थाहरुको गुणस्तरीय सेवा अभिवृद्धि गर्न अनुगमन, मूल्याङकन तथा सुपरभिजन कार्यक्रमलाई निरन्तरता दिईने छ ।

**१३.गाउँघर स्वास्थ्य क्लिनिक कार्यक्रम :** ग्रामीण  क्षेत्रको स्वास्थ्य स्थिति सुधार गर्नको नगरँघर क्लिनिक कार्यक्रम सञ्चालन गरिनेछ । यस अनुसार प्रत्येक हप्तामा एउटा वस्तीमा गई स्वास्थ्य जाँच गर्ने व्यवस्था मिलाईनेछ । स्वास्थ्य चौकी, नगरपालिका अस्पताल तथा प्रदेश अस्पताल बीच समन्वय गरी स्वास्थ्य सेवा उपलव्ध गराईनेछ ।

**१४.जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम :** प्रत्येक वडामा स्टाप नर्स तथा नर्सको व्यवस्था गरी प्रत्येक घरघरमा पुगेर ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, दीर्घरोगी, गर्भवति महिला, सुत्केरी महिला, शिशुहरुको नियमित जाँच तथा स्वास्थ्य सेवा दिने व्यवस्था मिलाईनेछ ।

**१५. आयूर्वेद चिकित्सा प्रणाली विकास तथा प्रवर्द्धन कार्यक्रम :** नगरपालिकामा आयूर्वेद औषधालयको स्थापना गरी सञ्चालन गर्न पहल गरिनेछ । साथै सवै वस्तीहरुमा योग केन्द्रहरु स्थापना गर्नको लागि आवश्यक पहल गरिनेछ । साथै वस्तीहरुमा जडिवुटी खेती गर्न, आयूर्वेद औषधि उत्पादन तथा प्रशोधन गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**१६. स्वास्थ्य केन्द्र सञ्चालन तथा सुदृढ कार्यक्रम :** सवै वडामा रहेका स्वास्थ्य चौकि तथा इलाका स्तरीय स्वास्थ्य केन्द्रलाई क्षमता अभिवृद्धि गरी यी वडामा रहेका वस्तीहरुमा स्वास्थ्य सेवा उपलव्ध गराईने छ । स्वास्थ्य चौकि तथा स्वास्थ्य केन्द्रमा दरवन्दी अनुसारको जनशक्तिको व्यवस्था गरी उपचारात्मक तथा चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । सवै स्वास्थ्य निकायमा सरकारले तोकेका निशुल्क औषधि सदैव उपलव्ध हुने व्यवस्था मिलाईनेछ ।

**संघ तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. स्वास्थ्य केन्द्र सञ्चालन तथा सुदृढ कार्यक्रम
२. गुणस्तरीय औषधि एवं स्वास्थ्य सामाग्रीहरुको सहज आपूर्ति व्यवस्थापन कार्यक्रम
३. आयूर्वेद औषधालय तथा योग केन्द्रहरु स्थापना कार्यक्रम
४.स्वास्थ्य संस्थामा प्रयोगशाला तथा वर्थिङ्ग सेन्टर विस्तारको लागि चाहिने औजार उपकरण तथा जनशक्ति व्यवस्थापन कार्यक्रम
५ सम्पूर्ण जनताको निशुल्क स्वास्थ्य सेवाको पहुंचमा विस्तार गर्ने र स्वास्थ्य कर्मी जनशक्तिको व्यवस्थापन कार्यक्रम ।
६. दक्षता अभिवृद्धि तथा आधारभूत तालिम कार्यक्रम गुणस्तरीय औषधि एवं स्वास्थ्य सामाग्रीहरुको सहज आपूर्ति व्यवस्थापन कार्यक्रम
७. नगरपालिकाद्धारा संचालित स्वास्थ्य सेवा सम्वन्धी कार्यक्रमहरुलाई निरन्तरता दिने कार्यक्रम

## ५.३.५ अपेक्षित उपलव्धी आवधिक :

योजनाको अन्त्य सम्ममा कुल प्रजनन् दर (जनसंख्या वृद्धि दर) ०.३५ प्रतिशत, सरदर आयु ८० वर्ष पुगेको हुनेछ । मातृ मृत्युदर वाल मृत्युदर हालको अवस्था भन्दा तल भएको हुनेछ । दक्ष प्रसुतिकर्मीद्धारा सुत्केरी गराउने ९० प्रतिशत हुनेछन । सवैले भिटामिन तथा सवै खोपहरु सवै वच्चाले लनगरका हुनेछन् । कार्यक्रमगत उपलब्धीमा परिवार नियोजनको सम्वन्धी कार्यकम सवै वस्तिमा सञ्चालन भएको हुनेछ । महिला स्वास्थ्य कार्यक्रम ११ वटा वडामा नै सञ्चालन भएको हुनेछ । प्रत्येक जोडी परिवारमा २ वा १ जना सन्तान मात्र जन्माउनेछन् । सवैका वालवच्चाहरुको राम्रो स्याहार, शिक्षा दिक्षा दिई असल र खुसी परिवार भएको हुनेछ । नगरपालिका स्तरको अस्पताल स्थापना तथा गुणस्तरिय सेवा प्राप्त भएको हुनेछ । वडा स्तरका स्वास्थ्य संस्थाहरुको भौतिक तथा सेवा स्तरामा वृद्धि भएको हुनेछ । सवै स्वास्थ्य चौकिहरुमा भवन निर्माण र प्रसुति गृह निर्माण सम्पन्न भएको हुनेछ । यस सम्वन्धी उपलब्धी सूचक अनुसूचि ४, ५, ६ मा दिएको छ ।

### ५.३.६ नतिजा खाका

**तालिका न. ४५ : स्वास्थ्य क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | साक्षरता दर प्रतिशत | प्रतिशत | ८२.२१ | ९० | | ,, | |
| २. | औषत आयु वर्ष | प्रतिशत | ६७ | ८० | बार्षिक प्रतिवेदन | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| १. | साक्षरता दर प्रतिशत प्रतिशत | | | ८०.३१ | घ.स. | नगरपालिका | कार्यकारिणी |
| २. | औषत आयु वर्ष | | | ६७ | ,, | ,, | ,, |
| ३. | प्रति व्यक्ति आय डलरमा | | | ६४०.७७ | ,, | ,, | ,, |
| ४. | जन्मदाको वेलाको आधारमा अपेक्षित आयु वर्ष | | | ६७ | ,, | ,, | ,, |
| ५. | मातृ मृत्युदर प्रति १ लाख जीवित जन्ममा संख्या | | | २७० | ,, | ,, | ,, |
| ६. | पाँच वर्षमुनिका वाल मृत्युदर प्रति हजार जीवित जन्ममा संख्या | | | १४ | | | |
| ७. | कुल प्रजनन दर | | | २.५ | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ८. | पाँच वर्षमुनिका वाल मृत्युदर प्रति हजार जीवित जन्ममा संख्या | | | ३३ | ” | ” | ” |
| ९. | १५ देखि ४९ वर्ष उमेरका प्रति महिलाले जन्म दिएका बच्चाको औसत सङ्ख्या | | | **२.५** | | | |
| १०. | वाल मृत्युदर प्रति १ लाख जीवित जन्ममा | | | ५८ | ” | ” | ” |
| ११. | स्वास्थ्य विमामा आवद्ध गराइएको प्रतिशत | | | ६.५ | | | |
| १२. | पाँच वर्षमुनिका वाल मृत्युदर प्रति हजार (जीवित जन्ममा) | | | ५८ | | ” | |
| १३. | ५ वर्षमुनी कमतौल भएका वालवालिका प्रतिसत | | | ३५ | | ” | |
| १४. | अपेक्षित आयु जन्म हुँदाको वर्ष | | | ६७ | ” | ” | ” |
| १५. | ३० मिनेटको दुरीमा स्वास्थ्य सस्थामा पुग्ने परिवार (प्रतिसत) | | | २३.६ | ” | ” | ” |
| १६. | जीवनकालमा शारिरिक मानसिक हिंसापिडित महिलाहरू प्रतिशत | | | १९.१ | ” | ” | ” |
| १७. | सुधारिएको सरसफाइ सुविधायुक्त पविार (प्रतिसत) | | | ७७.७ | ” | ” | ” |
| | **आयोजना तथा कार्यक्रम** | | | | | | |
| १. | परिवार नियोजनको कार्यक्रम सवै वडामा | | | **५** | | | सहयोग उपलब्ध भएमा |
| २. | सम्वन्धित विषयहरुको स्वास्थ्य कर्मीलाइ अध्ययन तथा तालिम | | | **१०** | | | |
| ३. | तह अनुसारका दक्ष स्वास्थ्य कर्मी (स्वास्थ्य चौकी तथा प्रत्येक टोलमा स्वास्थ्यकर्मी) व्यवस्थापन | | | **५** | | | |
| ४. | रोग नियन्त्रण कार्यक्रम,सर्ने रोग नियन्यण,नसर्ने रोग नियन्त्रण | | | **४५** | | | |
| ५. | स्वास्थ्य सिविर संचालन | | | **९** | | | |
| ६. | आयूर्वेदालय स्थापना क्रमागत | | | **२** | | | |
| ७. | योग केन्द्र स्थापना | | | **९** | | | |
| ८. | जनचेतनामुलक कार्यक्रम सवै टोल | | | **५** | | | |
| ९. | दिर्घरोगी तथा मृगौला प्रत्यरोपण गर्नु पर्ने विरामीका लागि प्रतिब्यक्ति रु.१ लाख सहयोग र निशुल्क स्वास्थ्य परिक्षण | | | **५** | | | |
| १०. | गुणस्तरीय स्वास्थ्य सेवा कार्यक्रमसवै टोल | | | **५** | | | |
| ११. | रेडियो,टेलिभिजन,म.स्वा.सेवा,आमा समुह,पत्रपत्रिका, सामाजिक संजाल मार्फत स्वास्थ्य सम्वन्धी जानकारी सवै टोल | | | **५** | | | |
| १२. | गाउँघर क्लिनिक कार्यक्रम सवै टोल | | | **५** | | | |
| १३. | आमा सुरक्षा कार्यक्रम सवै टोल | | | **५** | | | |
| १४. | कोष व्यवस्थापन कार्यक्रम | | | **५** | | | |
| १५. | स्वास्थ्य विमा कार्यक्रम | | | **५** | | | |
| १६. | महिला स्वास्थ्य सेवा कार्यकर्ता लाई प्रोत्साहन | | | **५** | | | |

| क्र.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १७. | महिला स्वास्थ्य सेवा कार्यक्रम | | | ५ | | | |
| १८. | नगरपालिका स्तरीय अस्पताल सञ्चालन र स्तर उन्नति कार्यक्रम | | | ५ | | | |
| १९. | स्वास्थ्य केन्द्र सुदृढिकरण कार्यक्रम | | | ५ | | | |
| २०. | सामाजिक संजाल मार्फत स्वास्थ्य सम्वन्धी जानकारी | | | ५ | | | |
| २१. | नगर र वडामा स्तनपान कक्षा निर्माण | | | १२ | | | |
| २२ | एम्बुलेन्स खरिद कार्यक्रम | | | २ | | | |

## ५.४ खानेपानी तथा सरसफाई

**५.४.१ पृष्ठभूमि :** नारायण नगरपालिकामा खानेपानी तथा सरसफाई मानव जीवनमा आधारभूत आवश्यकताहरु मध्ये एक हो । यसले मानिसको स्वास्थ्यमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । सुरक्षित खानेपानीको कारणवाट समय वचत, सर्ने रोगवाट टाढा रहने र स्वास्थ्य नागरिक तयार भई देश विकासमा सहयोग पुग्न जान्छ । नगरपालिकामा कायम रहेका ६५०४ घरधुरी मध्ये खाने पानी उपलब्ध घरधुरी संख्या जसको पाईपधारा २२९३ नढाकिएको पाएपधारा ढाकिएको ३१७६ कुवा ढाकिएको ३८ नढाकिएको कुवा  ६८ नढाकीएको कुवा ८५४ मुलकुवाको ७२ परिवारले आज पनि खोलाको पानी र वोतलको २ र १ अन्य छ । खाने पानीको सुविधा भएको परिवार ५४७२ प्रतिसत ८४.१३ देखिन्छ । खाने पानीको लागि ३० मिनेट भन्दा वढि समय लाग्ने परिवार १०३२ अर्थात १५.८६ प्रतिशत रहेकोछ । पिउने पानीका मुहानहरु सवै वडामा रहेका छन् । यस नगरपालिकामा हावापनी राम्रो छ । वस्तीहरुमा सरसफाई स्थिति सामान्य रहेको छ । नारायण नगरपालिकामा शौचालयको अवस्था हेर्दा २२२८ घरधुरीको शौचालय नभएको अवस्थामा छन् ।

### ५.४.२ प्रमुख समस्याहरु :

नारायण नगरपालिका विगतमा विभिन्न निकायहरुवाट निमार्ण भएका खानेपानीका योजनाहरु उचित मर्मत हुन नसकि जिर्ण अवस्थामा रहनु, पिउने पानीको लागि गुणस्तर नाप्ने व्यवस्था नहुनु, समयमा मर्मत गर्ने व्यवस्था नहुनु, नगरपालिकाका केहि वस्तीमा खानेपानीको ज्यादै समस्या देखिएकोछ । खानेपानी महशुल लिने चलन नहुदा मर्मत संभारमा समस्या आएको छ । योजनाहरु पनि ज्यादै साना रहनु जस्ता समस्या खानेपानी क्षेत्रमा देखिएको छ भने पक्की सौचालय सवैको घरमा नहुनु, सरसफाई सम्वन्धी वानी व्यवहारमा परिवर्तन नहुनु, वजार क्षेत्रमा फोहर व्यवस्थापन गर्ने पद्धतिको विकास गर्न नसकिनु आदि समस्या रहेको छ ।

### ५.४.३ चुनौती तथा अवसरहरु :

नारायण नगरपालिकाका वासिन्दालाई पिउने पानी गुणस्तरको खुवाउन, एकघर एक धारा निति कार्यान्वयनमा ल्याउन, सरसफाई सम्वन्धी जन चेतना कार्यक्रम राम्रोसंग संचालन गर्न, सवै खानेपानी आयोजनाहरुको मर्मत सम्भार व्यवस्था मिलाउन, खानेपानीको उचित रेखदेख गर्न, पानीको श्रोत नभएका वस्तीहरुमाा लिफ्टीङ खानेपानी ल्याउन चुनौती रहेकोछ । वजार क्षेत्रमा ढल व्यवस्था गर्न , फोहर सङ्कलन गरि व्यवस्थपन गर्न, जनसहभागिता जुटाउन र खानेपानीको लागि आवश्यक श्रोत जुटाउन आदि चुनौतीहरु रहेकाछन् ।

**अवसर :** खानेपानीका मुहान प्रत्येक टोल टोलमा हुनु, प्रयाजसो सबै वस्तिमा खानेपानीको व्यवस्था हुनु र नगरपालिकाले एक घर एक धाराको नीति अवलम्वन गर्नु अवसरको रुपमा लिन सकिन्छ।

## ५.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति , कार्यक्रम

**दीर्घकालिन सोच :** सरसफाई  स्वच्छ तथा सुविधायुक्त खानेपानी

**लक्ष्य :** १. सवैको निम्ति खानेपानी साथै सरसफाईको उपलब्धतावाट नगरपालिकका समुदायको स्वास्थ्य तथा जीवन स्तरमा व्यापक सुधार भएको हुनेछ।

**उद्धेश्यहरु :** १. नगरवासीलाई स्वच्छ र सहज खानेपानी सुविधा पुगेको हुनेछ।

२.नगरपालिकाका वजार क्षेत्रमा ढलको व्यवस्था तथा सवै वस्तिमा वातावरण स्वच्छ र स्वास्थ्य भएको हुनेछ।
**रणनीति तथा कार्यनीतिहरु :**

रणनीति कार्यनीति १. नगरवासीलाई स्वच्छ र सहज खानेपानी सुविधा पुगेको हुनेछ।

१.१ सवै वस्तीहरुमाा एक घर एक धारा नीति अवलम्वन गरिने।

१.२ सरसफाईयुक्त छुवाछुत मुक्त नगरपालिका वनाईने।

१. पानीको श्रोत नभएको तथा टाढा रहेका वस्तिमा वैकल्पिक खानेपानीको व्यवस्था गरिने।

२. कुवा, मुललाई संरक्षण गर्ने तथा ढाकेर स्वच्छता कायम गर्ने।

३. चालु अवस्थामा रहेका खानेपानी योजनाको मर्मत तथा संभार गर्ने।

२. नगरपालिका भित्रका वजार क्षेत्रमा ढलको व्यवस्था तथा सवै वस्तिमा वातावरण स्वच्छ र स्वास्थ्य भएको हुनेछ।

३. सरसफाईयुक्त छुवाछुत मुक्त नगरपालिका वनाईने।

४. सरसफाई र स्वस्थ्य अवस्था कायम गर्ने कुरामा सवैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने र खुला रुपमा दिशा पिसाव गर्ने चलन वा वानीको पूर्णरुपमा अन्त्य गर्ने।

५. सफा नदी नाला, स्वस्थ्य पर्यावरण, हरित उद्यान स्वास्थ्य वातावरण नीति अवलम्वन गरिने।

६. वजार क्षेत्रमा ढलको व्यवस्था गर्ने।

७. एक वस्ति एक पोखरी नीति अवलम्वन गर्ने

८. कुहिने र नकुहिने फोहर श्रोतमा नै छुट्याउने र फोहरलाई मोहर प्राप्त गर्ने नीति अवलम्वन गर्ने।

**खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रमहरु**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**१.खानेपानी योजना तथा मर्मत कार्यक्रम :** यस नगरपालिकामा सञ्चालनमा रहेका क्रमागत खानेपानी योजनाहरु सम्पन्न गरिनेछ । सबै वस्तीमा सञ्चालनमा रहेका तर मर्मत गर्नु पर्ने योजना तथा जिर्ण अवस्थामा रहेका खानेपानी योजनाको मर्मत सम्भार गरिनेछ । सडक निर्माण गर्दा विगारेका सम्पूर्ण खानेपानी पाइप, ट्याङकी पुनःनिमार्ण तथा ममर्त गर्ने, यस्तै गरी खानेपानीको श्रोत नभएको ठाउँमा लिफ्टीङ्ग खानेपानी योजना निर्माण गरिनेछ । खानेपानीको व्यवस्था गरिनेछ । नगरमा भएका सञ्चालनमा रहेका खानेपानी योजनाका मर्मत तथा नयाँ योजना सम्पन्न गरी एक घर एक धाराको व्यवस्था मिलाई खानेपानी सुविधा उपलव्ध गराईने छ ।

**२.घैटा पानी संङ्कलन तथा वैकल्पिक खानेपानी व्यवस्थापन कार्यक्रम :** खानेपानीको श्रोत नभएका स्थानमा आकाशको पानी सङ्कलन गरी घैटापानी सङ्कलन कार्यक्रम तथा अन्य वैकल्पिक उपाय अवलम्वन गरी खानेपानीको व्यवस्था मिलाईनेछ ।

**३. मुल तथा पँधेरा संरक्षण तथा व्यवस्थापन कार्यक्रम :** परम्परागत देखि खानेपानीको लागि प्रयोगमा ल्याएका मुल तथा पँधेराहरुको मर्मत तथा आवश्यक व्यवस्थापन गरिने छ ।

**४. एक घर एक धारा कार्यक्रम :** हाल भएका खानेपानीहरुको मर्मत तथा नयाँ निर्माण गरी एक घर एक धारा कार्यक्रम सञ्चालन गरिनेछ ।

**५. वजार क्षेत्रमा ढल तथा नाली कार्यक्रम :** यस नगरपालिकाका मुख्य वजार क्षेत्रमा ढल तथा नालीको व्यवस्था गरिनेछ ।

**६. वस्तीहरुमा फोहर व्यवस्थापन कार्यक्रम :** वजार क्षेत्रमा फोहर संङ्कलन गर्ने व्यवस्था मिलाईनेछ । सढेर जाने तथा नसढ्ने फोहर छुट्याई संङ्कलन तथा व्यवस्थापन गरिनेछ ।

**७. शौचालय व्यवस्थापन तथा सहयोग कार्यक्रम :** वजार क्षेत्रमा सार्वजनिक शैाचालयको व्यवस्था मिलाईने छ । अति गरीव परिवारको लागि पक्की शौचालय निर्माण गर्न आवश्यक सहयोग गरिने छ ।

**८. सार्वजनिक तथा व्यक्तिगत शौचालय निर्माण सरसफाई जनचेतना कार्यक्रम :** नगरपालिकामा सरसफाई जनचेतना कार्यक्रम अभियानकोरुपमा सञ्चालन गरिनेछ । नयाँ निर्माण शौचालय, मर्मत शौचालय सरसफाई सम्वन्धी जनचेतना कार्यक्रम,स्वास्थ्य चौकि,सवै विद्यालयमा, निजी घरमा ढल निर्माण तथा फोहर व्यवस्थापन, फोहर सङ्कलन र व्यवस्थापन, खाडल व्यवस्थापन वातावरण सरसफाई अभियान सवै वडामा तालिम सरसफाई सम्वन्धी जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

**संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गर्ने कार्यक्रमहरु**

१. खानेपानी योजना माग भएको वडामा

२. वजार क्षेत्रमा ढल निर्माण तथा सरसफाई कार्यक्रम ।

## ५.४.५ अपेक्षित उपलव्धीहरु :

आवधिक विकास योजनाको अन्त्यसम्ममा सवै घरघरमा खानेपानीको धारा पुगेको हुनेछ । खानेपानी योजनाहरुको मर्मत तथा निर्माण भएको हुनेछ । खानेपानीको श्रोत नपुगेको स्थानमा लिफ्टीङ्ग योजना तथा घैंटा कार्यक्रम सञ्चालन गरी खानेपानी व्यवस्था गरिएको हुनेछ । पाइपबाट वितरण गरिएको पानीमा पहुँच भएका परिवार १०० प्रतिशत

भएको हुनेछ । पक्की शौचालय पुगेको परिवार १०० प्रतिशत र सार्वजनिक स्थानमा सार्वजनिक शौंचालय मुख्य मुख्य वजारमा निर्माण गरिएको हुनेछ । सरसफाईसंग सम्वन्धित तालिम कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ५.४.६ नतिजा खाका

**तालिका न. ४६ : खानेपानी तथा सरसफाई क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | साक्षरता दर प्रतिशत | प्रतिशत | ८२.२१ | ९० | | ,, | |
| २. | औषत आयु वर्ष | प्रतिशत | ६७ | ८० | बार्षिक प्रतिवेदन | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| १. | आधारभूत खानेपानी सेवामा पहुँच पुगेको घरसंख्या | **५४७२** | **६५०४** | नगरपालिका सवै खानेपा नी योजना | घरधुरी सर्बेक्षण. | खानेपानी प्रमुख नगरपालिका | संप्रवाट आर्थिक तथा प्रविधिक सहयोग भएमा |
| २. | पाइपबाट वितरण गरिएको पानीमा पहुँच पुगेको घरसंख्या | ५४७२ | ६५०४ | | ,, | ,, | ,, |
| ३. | अरुसँग साझेदारी नगरी आफ्नो शौचालय प्रयोग गर्ने घरपरिवार | ४२७६ | ६५०४ | | ,, | ,, | ,, |
| **आयोजना तथा कार्यक्रमहरु** | | | | | ,, | ,, | ,, |
| १.. | खानेपानी निर्माण तथा मर्मत कार्यक्रम | | **५५** | | ,, | ,, | ,, |
| २. | लिफिटंग सिंचाई खानेपानी योजना | | **११** | | | | |
| ३. | सार्वजनिक तथा व्यक्तिगत शौचालय निर्माण कार्यक्रम | | **५** | | ,, | ,, | ,, |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | ढल निर्माण तथा फोहर व्यवस्थापन | | | | | |
| ५. | सरसफाई सम्वन्धीजनचेतनामुलक कार्यक्रम | **५** | | | ,, | |
| ६. | फोहोर ब्यबस्थापन गुरुयोजना निर्माण र पूर्ण सरसफाईयुक्त नगरपालिका कार्यक्रम | **१** | | | ,, | |
| ७. | छात्रा शौचालय (WASH सुविधा) | | | | | |

## ५.५ सामाजिक समावेसीकरण, सामाजिक सुरक्षा तथा संरक्षण (महिला, वालवाललिका तथा किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति)

**५.५.१ पृष्ठभूमि :** नारायण नगरपालिकाले पनि महिला, वालवालिका, किशोर किशोरी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुको लागि सहयोग, सहभागिता, पहुँच पुऱ्याउने नीति लिएको छ । समाजमा रहेका हरेक वर्ग, क्षेत्र, लिङ्ग, उमेर समुह, शारीरिक स्थितिका मानिसहरु पनि सुखि, खुसी भएर वाँच्न पाउनु पर्ने हुन्छ । यस्तै गरी वालवालिका भोलिका कर्णाधार भएकोले उनिहरु स्वच्छ वातावरणमा खुसी साथ हुर्कने वातावरण सिर्जना गर्नु पर्ने हुन्छ । विकास गर्दा सवै क्षेत्रलाई अनिवार्य रुपमा प्रत्येक चरणमा सहभागि गराउने र समेट्नु पर्दछ । समाजमा पुरुष भन्दा महिला कमजोर स्थितिमा रहेका छन् । उनीहरुको लागि पौष्टिक आहार, खोप लगायतका स्वास्थ्य सुविधा, स्वच्छ विद्यालय वातावरण, न्याँनो तथा मायालु घरको वातावरण हुनु आवश्यक रहेको छ । यसै अनुसार जेष्ठ नागरिकहरुको लागि माया सहितको स्वच्छ र शान्त परिवार, उचित खानपिन, मनोरञ्जन व्यवस्था, स्वास्थ्य सुविधा आदि व्यवस्था आवश्यक भएको हुन्छ । यसै अनुसार शारीरिक तथा मानसिकरुपले अपाङ्ग रहेका व्यक्तिहरुलाई सवैको माया, स्वास्थ्य तथा रोजगार लगायतका सुविधाको व्यवस्था निजको परिवार , समाज, स्थानीय निकाय, प्रदेश तथा संघले गर्नु पर्छ । माथिका सवै क्षेत्रमा भेदभाव नगरी समान आवसर दिलाउन तथा सहभागी गराउन नेपालले विभिन्न अन्तर्रष्ट्रिय सन्धी, अभिसन्धीहरुमा हस्ताक्षर गरी आफनो दायित्व पुरा गर्न कटिवद्धता व्यक्त गरेको छ ।

नारायण नगरपालिकामा हाल ४ वर्ष भन्दा तलका वालवालिकाहरु २३३६ जना, ५ देखि ९ वर्ष सम्मका २६१७ जना, १५ वर्ष देखि २४ वर्ष सम्मका ५४०० जना १५ देखि ४५ वर्षसम्मका महिला ६९६७ जना रहेकाछन् ।

यस नगरपालिकामा अपाङ्ग रहेका ... जना अर्थात .. प्रतिशत अपाङ्ग रहेको छन् जसमध्ये पुरुष ... जना र महिला ...जना रहेका छन् । यी समुहमा रहेका जनताको लागि उमेर अनुसार आवश्यक व्यवस्था नगरपालिकाले व्यवस्थापन गर्नु पर्ने हुन्छ ।

**५.५.२ प्रमुख समस्याहरु :** नारायण नगरपालिकामा किशोर किशोरीहरुको लागि मनोरञ्जनको समस्या, उचित वातावरण नपाउनु, विद्यालयहरुमा किशारीहरुको लागि सुविधा सम्पन्न शौचालयको अभाव रहनु, किशोर किशोरीको लागि आवश्यक जानकारी दिने व्यवस्थाको समस्या, व्यक्तिगत सुरक्षाको समस्या आदि रहेको छ । यस नगरपालिकामा रहेका माथि उल्लेखित वर्ग तथा समुहका व्यक्तिहरुको लागि आ–आफ्नै समस्याहरु रहेका छन् । अपाङ्गहरुको लागि समाजमा हेय भावनावाट हेर्ने दृष्टिकोण हुनु, रोजगारीको समस्या, गरीवी, स्वास्थ्य उपचारमा पहुँच पुग्न नसक्नु, विद्यालय जान समस्या, भौतिक पूर्वाधाहरु अपाङ्ग मैत्री नहनु आदि रहेका छन् । जेष्ठ नागरिकहरुमा हेरचाह गर्ने व्यक्तिको समस्या, खानपान, मनोरञ्जन स्थलको समस्या, विरामी हुदा उपचार गर्न लैजाने परिवारको हैसियत नहुनु, स्वास्थ्य उपचार गराउन लैजाने परिवारका सदस्य नहुनु तथा आर्थिक समस्या रहेको छ । वालवालिकाहरुको लागि उचित पोषणको समस्या, मनोरञ्जनको समस्या, विद्यालाय लैजान समस्या, उपचार गर्न समस्याआदि रहेको छ ।

### ५.५.३ चुनौती तथा अवसरहरु :

**चुनौतीहरु :** नगरपालिकामा रहेका वालवालिका, जेष्ठ नागरिक तथा गर्भवती महिला र सुत्केरी आमाको लागि स्वास्थ्य सेवा घरघरमा गएर सेवा दिन, मनोरञ्जनको लागि व्यवस्थापन गर्न, रोजगार दिन, गुणस्तरीय शिक्षा दिनको लागि चुनौती रहेको छ। किशोरीहरुको लागि प्रत्येक विद्यालयमा सेनीटरी सहितको आधुनिक शौचालयको निर्माण गरी किशोरीहरुलाई नियमित पढाई गराउने वातावरण श्रृजना गर्न चुनौती देखिन्छ। अपाङ्गहरुको लागि उचित वातावरण श्रृजना गर्न, रोजगारी प्राप्त गर्न, पढाई निरन्तरता कायम गर्ने वातावरण श्रृजना गर्न चुनौती देखिन्छ।

**अवसरहरु** : नेपाल सरकारले सामाजिक सुरक्षा भत्ता समयानुकुल वृद्धि गर्दै जानु र सामाजिक सुरक्षाको लागि सरकारले विशेष प्राथमिकता दिएको छ । नगरपालिकाले नगरघर किल्निक कार्यक्रम सञ्चालन गर्नु, किशोर किशोरीहरुको लागि विभिन्न प्रचार तथा प्रसार कार्यक्रम सञ्चालन गर्नु र विद्यालयमा वास सहितको शौचालय वनाउने नीति लिनु आदि अवसरहरु रहेकाछन्।

### ५.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** सवैको पहिचान सहितको सुखी र समुन्नत नगरपालिका

**रणनीति तथा कार्यनीति**

**लक्ष्य र उद्धेश्य :** १. समाजमा पछि परेका वर्गको सामाजिक तथा आर्थिक स्थितिमा व्यापक सुधार भई सकरात्मक परिर्वतन भएको हुनेछ।

**तालिका न. ४७ : समाजिक समावेशीकरण क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | साक्षरता दर प्रतिशत | प्रतिशत | ८०.३१ | ९० | | ,, | |
| २. | औषत आयु वर्ष | प्रतिशत | ६७ | ८० | | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| १. | लैङ्गिंक सशक्तिकरण मापक | सूचांक | | नपा सवै खाने पानी योजना | घरधुरी सर्वेक्षण. | सामाजिक शाखा प्रमुख नगरपालि | सहयोग उपलब्ध भएमा |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | का | |
| २. | लैङ्गिंक असमानता | सूचांक | | | ,, | ,, | ,, |
| | **आयोजना तथा कार्यक्रम** | | | | | | |
| १. | अपाङ्ग क्षमता वृद्धि कार्यक्रम तथा सहयोग कार्यकम वटा | संख्या | **५** | **घरधुरी सर्बेक्षण** | | | |
| २. | सामाजिक विभेद | संख्या | **५** | ,, | | ,, | ,, |
| ३. | वालवालिका सम्वन्धी कार्यक्रम | संख्या | **५** | ,, | | ,, | ,, |
| ४. | जनचेतना कार्यकम वटा | संख्या | **५** | ,, | | ,, | ,, |
| ५. | समुदायमा वालमनोविज्ञान र मनोविज्ञान परामर्श केन्द्र स्थापना र सेवा कार्यकम वटा | संख्या | **५** | ,, | | ,, | ,, |
| ६.. | दलित उत्थान कार्यकम वटा | संख्या | **५** | ,, | | ,, | ,, |
| ७.. | कानूनी परामर्श सेवा केन्द्र वटा | संख्या | **५** | ,, | | ,, | ,, |
| ८ | अपाङ्ग उत्थान कार्यकम वटा | संख्या | **५** | ,, | | ,, | ,, |
| ९. | नवाजा संरक्षण तथा विस्तार कार्यकम | संख्या | **५** | ,, | | ,, | ,, |
| १०. | टोली निर्माण,तालिम, वाजा खरिद, पोषक व्यवस्था | संख्या | **५** | ,, | | ,, | ,, |
| ११. | महिला तथा वाल, अपागं मैत्री शौचालय व्यवस्था वटा | संख्या | **५** | ,, | | ,, | ,, |
| १२. | मठमन्दीर तथा गुम्वा सतगुरु चर्च मर्मत वटा | संख्या | **५** | ,, | | | ,, |
| १३ | सचेतना तथा प्रचार प्रसार कार्यक्रम | संख्या | **५** | | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १४ | द्वन्द पिडित वालवालिकालाई सहयोग | संख्या | ५ | ,, | | ,, | ,, |
| १५ | आपतकालिन मानवीय सहयोग | संख्या | ५ | ,, | | ,, | ,, |
| १६ | जेष्ठ नागरिक, असहाय, एकल महिला संरक्षण ( सामाजिक सुरक्षा) | संख्या | ५ | ,, | | ,, | ,, |
| १७ | प्राकृतिक प्रकोप व्यवस्थापन | संख्या | ५ | ,, | | ,, | ,, |
| १८ | पिछडिएको वर्ग ( सिमान्तकृत, जनजाती, दलित, आदी) उत्थान कार्यक्रम | संख्या | ५ | ,, | | ,, | ,, |
| १९ | परम्परागत पेशा सुदृढिकरण (ग्रिल बनाउने मेसिन लुगा सिउने कलर इन्टरनेट कम्प्युटर मेसिन वितरण | संख्या | ५ | ,, | | ,, | ,, |
| २० | पिछडाबर्ग व्यवस्थापन कार्यक्रम (सीपमूलक तालीम मार्फत) | संख्या | ५ | ,, | | ,, | ,, |

## ५.६ युवा तथा खेलकुद

**५.६.१ पृष्ठभूमि :** साधारणतया युवा भन्नाले १६ वर्ष देखि ४० वर्ष उमेर समुहलाई जनाउँछ । नारायण नगरपालिकामा १५ वर्ष देखि २४ वर्ष समुहका युवाहरु ५४०० प्रतिशत २०.६८ रहेको छ । १५ वर्ष देखि ३९ वर्ष समुहका युवाहरु १०८५७ प्रतिशत ४१.५८ रहेको छ । देशको समृद्धि युवाहरुको जोस, जाँगर, क्षमता, प्रतिभाले सम्भव हुन्छ । युवा वर्ग राष्ट्र निर्माणका संवाहक हुन् । यिनीहरुले देश, प्रदेश, स्थानीय स्तरको विकासको लागि महत्वपूर्ण भूमिका निभाएका हुन्छन् । युवाहरुको लागि उचित शिक्षा, रोजगार, मनोरञ्जन, खेलकुद, व्यायाम, योग आदि सुविधाको आवश्यकता पर्दछ । यी तत्वहरुले कस्तो युवा निर्माण गर्ने भन्ने कुरा निर्धारण गरेको हुन्छ । खेलकुद र मनोरञ्जन मानिसको लागि नभइ नहुने कार्यहरु हुन् । सकरात्मक सोच, जोस, जाँगर, हौसला आदि निर्माण खेलकुद तथा मनोरञ्जनको माध्यमवाट विकास गर्न सकिन्छ । यसको साथै हुर्केको वातावरण, प्राप्त गरेको शिक्षा दिक्षा,

संस्कारले समेत व्यक्तिको सोचाइमा असर पारेको हुन्छ । नगरपालिकाको विकासको लागि यो उमेर समुह ज्यादै उर्वरा उमेर समुह हो । यो समुहका युवाहरु विद्यालय तथा कलेज स्तरामा अध्ययन गर्ने, स्वदेश तथा विदेशमा काम गर्ने , राजनीति तथा समाजसेवा गर्ने गरेका हुन्छन् । यो समुहका नागरिकहरु आफ्नै नगर तथा वस्तीमा रहने तथा देशमा रहेर सेवा गरे मात्र विकास हुन्छ । यस नगरपालिकामा खेलकुद विकासको लागि सामान्य रुपमा १३ वटा खेल मैदानहरु रहेका छन् । मनोरञ्जनका लागि स्थानीय चाडपर्वहरु नै मुख्य रहेकाछन् ।

**५.६.२ प्रमुख समस्या** : युवाहरुमा पूर्ण रोजगार नहुनु, विदेशिनु, उचित शिक्षा प्राप्त गर्ने अवसर प्राप्त नहुनु, बीचैमा पढ्न छोड्नु, सिपयूक्त तालिम प्राप्त युवाको कमि, युवाहरुमा अनुभव र आत्म विश्वासको कमि हुनु, कुलतमा फस्नु, अर्काको लहै लहैमा लाग्ने प्रवृतिको विकास हुनु, गरीवीको कुचक्रमा फस्नु, युवाहरुको क्षमता अभिवृद्धि कार्यक्रम आवश्यकता अनुसार दिन नसक्नु, युवा विकास सम्वन्धी स्पष्ट नीति नहुनु, उद्यमी विकासका लागि लगानी गर्ने पूजी नहुनु आदि समस्याहरु रहेका छन् । नगरपालिकामा खेलकुदको लागि कभर्ड हलको व्यवस्था नहुनु, जेष्ठ नागरिकको लागि र युवाहरुको लागि मनोरञ्जनका साधन तथा व्यवस्था नहुनु आदि रहेका छन् ।

## ५.६.३ चुनौती तथा अवसरहरु :

**चुनौतीहरु** : यस नगरपालिकाका कुल जनसंख्याको ४१.५८ प्रतिशत युवाहरुलाई उनिहरुको क्षमता अनुसारको रोजगारी दिन, युवाहरुलाई विदेशिनवाट रोक्न, उचित सिपयूक्त तालिम दिलाउन, उनिहरुको लगानी रकमको व्यवस्थापन गर्न, मनोरञ्जनका लागि व्यवस्था मिलाउन, कुलत तथा कुसंस्कारवाट वचाउन, संक्रामक रोगवाट जोननगरन, सामाजिक, आर्थिक, राजनैतिक क्षेत्रमा सहभागी गराउन, आर्थिक विकासको लागि आवश्यक अनुसारको कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, कानूनी तथा संकारवाट राम्रो नागरिकको रुपमा विकास गर्न आदि चुनौती रहेका छन् । खेलकुदको लागि रहेका खेल मैदानको पूर्वाधार निर्माण गर्नु, मनोरञ्जनका साधनहरु तथा अन्य व्यवस्था गर्नु चुनौतिको विषय रहेकोछ ।

**अवसरहरु** : यस नगरपालिकाको कुल जनसंख्याको १५८६४ प्रतिशत ६०.७५ भन्दा माथिको आसपासमा सक्रिय जनसंख्या हुनु, नेपाल सरकारले युवाहरुको लागि स्वरोजगार कार्यक्रम मार्फत लगानीका श्रोतहरुको व्यवस्था गर्नु, नगरपालिकाका अधिकांश कार्यक्रमहरु युवा लक्षित रहनु, विदेशवाट फर्केका युवाहरुले सवै वडाहरुमा कृषिमा आधारित उद्यम सञ्चालन गरी नमुन प्रदर्शन गर्नु, प्रत्येक वस्तीहरुमा विकासका पूर्वाधारहरु निर्माण गरिनु , समाजमा सामाजिक, राजनैतिक रुपले नेतृत्व युवाहरुले लिनु, नगरपालिकाका अधिकांश पदाधिकारीहरु युवा रहनु, प्रत्येक राजनैतिक दलहरुले युवा नेतृत्व विकासको लागि युवा शक्तिको तयार गरी परिचालन गर्नु आदि अवसरहरु हुन् । यस्तै गरी युवाहरुको लागि ०५ वटा खेल मैदानहरु पनि हुनु पनि अवसर हो ।

## ५.६.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच** : युवाहरुको पौरख लक्ष्य युवाहरुलाई विकासको मुलप्रवाहमा ल्याई नगरवासीको सामाजिक आर्थिक विकास भएको हुनेछ ।

**उद्धेश्य** : १.युवा जनशक्तिलाई उद्यमशिल, रोजगारीको माध्यमवाट आर्थिक समृद्धि प्राप्त गर्ने ।

२. खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था गरी शारीरिक, मानसिकरुपले सक्षम नागरिकको निर्माण गर्ने ।

**तालिका न. ४८ : रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.युवा जनशक्तिलाई उद्यमशिल, रोजगारीको माध्यमवाट आर्थिक समृद्धि प्राप्त गर्ने । | |
| १.१परिवर्तनका मुख्य वाहकको रुपमा युवाहरुलाई परिचालन गर्ने । | १.समाजमा हुने विकृति, विसंगति, अन्धविश्वास हटाउनको लागि प्रचार प्रसार गर्ने, जनचेतना जनगरँने कार्यमा युवालाई सहभागि गराउने ।<br>२.युवाहरुको क्षमताको विकास गर्नको लागि विभिन्न किसिमका उद्यम विकास सम्वन्धी तालिमको लागि निजी क्षेत्रसंग समन्वय गर्ने ।<br>३.नगरपालिकाको विकास कार्यहरुमा युवाहरुलाई सम्माहित गर्न आवश्यक व्यवस्था मिलाउने ।<br>४.युवाहरुको उद्यम विकासको लागि आवश्यक लगानीको रकमको व्यवस्था गर्न सहकारी तथा वैकं संग समन्वय गर्ने |
| १.२ युवाको विकासमा जोड दिने नीति अवलम्वन गर्ने | ५.सवै राजनैतिक तथा सामाजिक संस्थाको नेतृत्वमा रहेका युवाहरुलाई उद्यमशिलता अनिवार्य गर्ने नीति अवलम्वन गर्ने ।<br>६.युवाहरुलाई कृषि, पशुपालन, सरसफाई विपद् व्यवस्थापन गर्न, वातावरण संरक्षण गर्न, मानव अधिकारको संरक्षण गर्न, समाज सुधार गर्न, संस्कृति परम्परा जोनगरन नेतृत्वदायी भूमिका निभाउने वातावरण सृजना गर्ने ।<br>७. युवा स्वरोजगार कार्यक्रम सञ्चालन गरि आत्मनिर्भर गराउन जोड दिने ।<br>८.विकासका विभिन्न चरणमा युवाहरुको सक्रिय सहभागित वढाउने ।<br>९.युवाहरुको शारीरिक मानसिक विकासको लागि विभिन्न क्षेत्रमा लगानी गरिने । |
| २. खेलकुद तथा मनोरञ्जनका साधनको व्यवस्था गरी शारीरिक,मानसिकरुपले सक्षम नागरिकको निर्माण गर्ने । | |
| २.१ सवैको स्वास्थ्यको लागि खेलकुद र मनोरञ्जन भन्ने नीतिलाई कार्यान्वयन गर्ने | १०.प्रत्येक वडामा १/१ वटा सुविधा सम्पन्न खेल मैदान तथा मनोरञ्जन स्थल, पार्क निर्माण गर्न पहल गर्ने ।<br>११. युवाहरुलाई खेलकुद, मनोरञ्जनको विकासको लागि खेल मैदानको व्यवस्था , मनोरञ्जनका साधनको व्यवस्था गर्नको लागि लगानी गरिने ।,<br>१२. स्थानीय कल्वहरुको क्षमता अभिवृद्धि गर्नको लागि नगरपालिकाले लगानी गरिने र कल्वसंग समन्वय गरी प्रत्येक वडामा खेलको आयोजना गर्ने ।<br>१३. नगरपालिकामा १ सुविधा सम्पन्न खेलकुद मैदानको निर्माण गर्नै ।<br>१४. विद्यालयस्तर वाटै खेलकुदको विकास गर्नको लागि विद्यालय खेलकुदको लागि लगानी गर्ने ।<br>१५. प्रत्येक वर्ष नगरपालिका मेएर कप खेलकुद आयोजना गरी खेलकुदको विकास गर्ने । |

**प्रमुख कार्यकमहरु :**

**नगरपालिकाले आफै सञ्चालन गरिने कार्यकमहरु**

१.**मेएर कप सञ्चालन कार्यकम :** यूवाहरुको लागि प्रत्येक वर्ष नारायण नगरपालिका स्तरीय मेएर कप खेल सञ्चालन गरिनेछ । यसको लागि नगरपालिकामा रहेका क्लब तथा समुहहरु बीच प्रतिस्पर्धा गराईनेछ । विजेता अन्तिम प्रथम, द्धितिय तथा तृतीयलाई पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

२.**रङगशाला निर्माण कार्यक्रम :** योजना अवधिमा नगरपालिका स्थित मावि वा नारायण क्याम्पसको प्राङगणमा रङगशाला निर्माण गर्न लागि श्रोत व्यवस्थापन गरि रङगशाला निर्माण गरिनेछ ।

३. **खेलकुद मैदान निर्माण कार्यक्रम :** प्रत्येक वडामा कम्तीमा पनि बहुउद्देश्यीय १/१ वटा खेलकुद मैदान निर्माण गरिनेछ ।

४. विद्यालय खेलकुद विकास कार्यक्रम : प्रत्येक म.वि. तह र सो भन्दा माथिका विद्यालयहरुमा खेलकुद मैदान निर्माण गरिनेछ ।

५. **युवा स्वरोजगार कार्यक्रम :** यस नगरपालिकामा विगतदेखि संचालनमा रहेको युवा लक्षित उद्यमका लागि सहुलियतमा ऋण प्रदान गर्ने कार्यक्रमलाई अझै प्रभावकारी बनाउने नीति तय गरिनेछ । विदेशवाट फिर्ता भएका तथा वेरोजगार यूवाहरुको लागि सिप सिकाई सहकारी तथा बैंकबाट लगानी गर्ने पूँजीको ऋण सुविधा उपलव्ध गराई वन तथा कृषिमा आधारित उद्योग तथा उद्यम सञ्चालन गर्नको लागि सहयोग गरिनेछ ।

६.**युवा उद्यम विकास कार्यक्रम :** उद्यम विकास सम्वन्धी ५ वर्षे आवधिक योजना कार्यान्वयनको लागि श्रोत तथा साधनको व्यवस्था गरिनेछ ।

७ **विदेशवाट फर्केर आएका युवालाई उद्यम सहयोग कार्यक्रम :** विदेशवाट फिर्ता भएका यूवाहरुको लागि उद्यम सञ्चालन गरी रोजगार सिर्जना गर्न आवश्यक पर्ने पूजीको व्यवस्था तथा सिप सिकाई उद्यम सञ्चालन गरिनेछ ।

८. **कृषि तथा पशुपालन व्यवसाय कार्यक्रम :** निवार्हमूखी खेती प्रणालीवाट व्यवसायिक खेती तथा पशुपन्छी पालन व्यवासाय सञ्चालन गर्न आवश्यक पूर्वाधारहरु निर्माण तथा आवश्यक सहयोग उपलव्ध गराईनेछ ।

९.**प्रतिभा खेलाडी सम्मान कार्यक्रम :** नगरपालिकामा उत्कृष्ट खेलाडीहरुको लागि सम्मान गरिनेछ । यसको लागि नगरपालिाका स्तर, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पुगेका नगरपालिकाका खेलाडीहरुलाई सम्मान गरिनेछ ।

१०. **खेलाडी र प्रशिक्षकहरुको क्षमता विकास कार्यक्रम :** खेलाडी तथा प्रशिक्षकहरुको क्षमता विकास कार्यक्रम सम्वन्धीत निकायसंग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

११. **मेला तथा संस्कृति कार्यक्रम :** प्रत्येक वस्ती, वडा तथा नगरपालिका स्तरमा परम्परा देखि चल्दै आएको मेला तथा पर्व र अन्य सांस्कृतिक कार्यक्रम निरन्तर सञ्चालन गर्न सम्वधित समुदायको सहकार्यमा सञ्चालन गरिनेछ ।

**संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रम**

१. नगरपालिकामा रङगशाला निर्माण कार्यक्रम

२. विद्यालय स्तरमा खेलकुद विकास कार्यक्रम

३. जेष्ठ नागरिक तथा वालवालिकाको लागि प्रत्येक वडामा मनोरञ्जन पार्क स्थल निर्माण कार्यक्रम

४. युवा स्वोरोजगार कार्यक्रम

### ५.६.५ अपेक्षित उपलव्धी :

आवधिक योजनाको अन्त्यसम्ममा नगरपालिकामा नगरपालिकास्तरको १ वटा रङगशाला, खेलमैदान र ११ वडामा खेलमैदान निर्माण कार्य सम्पन्न हुनेछ। मावि तहका सवै विद्यालयमा खेलकुद मैदान तथा खेलकुद सामाग्रीको व्यवस्था भएको हुनेछ । नगरपालिकामा प्रत्येक वस्तिमा १/१ वटा योगा सेन्टर निर्माण कार्य सम्पन्न हुनेछ । प्रत्येक वडामा मनोरञ्जन स्थल तथा पार्क निर्माण भएर सञ्चालन भएको हुनेछन् । युवाहरुको लागि युवा स्वोरोजगार कार्यक्रम सञ्चालन गरिने छ। सवै युवाहरुले उद्यम सञ्चालन गरी आफ्नो आर्थिक स्थितिमा सुधार भएको हुनेछ।

## ५.६.६ नतिजा खाका

**तालिका न. ४९ : युवा तथा खेलकुद समावेशीकरण क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | साक्षरता दर प्रतिशत | प्रतिशत | ८०.३१ | ९० | | ,, | |
| २. | औषत आयु वर्ष | प्रतिशत | ६७ | ८० | | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| | **आयोजना तथा कार्यक्रम** | | | | | | |
| १. | खेलकुद ग्राउण्डको निमार्ण र सामाग्रीको व्यवस्था कार्यक्रम वटा | ५ | | घरधुरी सर्बेक्षण | | | |
| २. | आर्थिक विकास कार्यक्रम | ५ | | ,, | | ,, | ,, |
| ३. | पूर्वाधार विकास कार्यक्रम | ५ | | ,, | | ,, | ,, |
| ४. | सांस्कृति प्रतियोगिता | ५ | | | | | |
| ५. | वृद्धाश्रम निमार्ण (दिनमा बस्ने मात्र) | ५ | | | | | |

### २.सामाजिक विकास क्षेत्र आर्थिक

| विषयगत उपक्षेत्रहरु | आ.ब. २०८०/०८१ | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | जम्मा रु. ( ०००) |
|---|---|---|---|---|---|---|
| शिक्षा | १०४२४६.८ | १०३७४६.८ | १०३७४६.८ | १०३७४६.८ | १०४२४६.८ | ५१९७३४.० |
| स्वास्थ्य तथा पोषण | १२५५३६ | १२०५३६ | १२०५३६ | १२५५३६ | १२०५३६ | ६१२६८०.० |
| खाने पानी तथा सरसफाई | १७७९१.४ | १७७९१.४ | १७७९१.४ | १७७९१.४ | १७७९१.४ | ८८९५७.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सा.स.सा.सु.स.( म.वा.कि.कि.जेष्ठ | १५१६६३.१ | १५१६६३.१ | १५१६६३.१ | १५१६६३.१ | १५१६६३.१ | ७५८३१५.५ |
| युवा तथा खेलकुद | १९४३.१ | १९४३.१ | १९४३.१ | १९४३.१ | १९४३.१ | ९७१५.५ |
| सस्कृति | ६०४४.३ | ६०४४.३ | ६०४४.३ | ६०४४.३ | ६०४४.३ | ३०२२०.५ |
| जम्मा | ४०१२२४.७ | ४०१२२४.७ | ४०१२२४.७ | ४०१२२४.७ | ४०१२२४.७ | २००६१२३.५ |

# परिच्छेद छ : पूर्वाधार क्षेत्र

## ६.१.विद्युत तथा वैकल्पिक उर्जा

**६.१.१ पृष्ठभूमि :** नारायण नगरपालिकामा ६५०४ घरपरिवारमा ४८६५ विद्युत सुविधा १४७७ सोलर ५१ ले मट्टितेल र १११ ले अन्य  वैकल्पीक बाटो अबलम्बन गरेको देखिन्छ । मानव जीवन शैली आधुनिकरणसंग जोडिएको छ । विद्युतलाई उज्यालो दिन, खाना पकाउन, इन्धनका रुपमा प्रयोग गर्न तथा कोठा तताउने र विद्युतीय सामाग्रीको लागि उर्जाको रुपमा प्रयोग गरिएको छ । यस नगरपालिकामा धेरै खोलाहरु भएपनि लोहोरेले विद्युतको सम्भावना बोकेको छ । नगरपालिकाले आगामी दिनमा संघीय र प्रादेशिक कानुनका आधारमा स्थानीय कानुन निर्माण गरी सबै नगरबासिहरुको सेयर सुनिश्चित हुने गरी कानुन बनाएर लागु गर्न सके  विद्युतको सम्भावना फलदायी हुने देखिन्छ ।

**६.१.२ प्रमुख समस्याहरु :** यस नगरपालिकाका वस्तीहरुमा विद्युत विस्तार तथा प्रयोगमा नियमितता नहुनु, काठका विद्युत पोलहरु जिर्ण तथा कुहेका हुनु, तार, ट्रन्सफर्मर व्यवस्थित नहुनु, विद्युत महशुल तिर्न कठिनाई, नियमित मर्मत सम्भव नहुनु, वैकल्पिक उर्जाको प्रयोगमा कमि, अनुगमन नियमित नहुनु, दण्ड र पुरस्कारको व्यवस्था नहुनु यस क्षेत्रको समस्याहरु हुन । स्थानीय स्तरमा नै विद्युत उत्पादन गर्न पहल नगरिनु आदि समस्या विद्युत क्षेत्रमा देखिएको छ । यहाँ खोलानालाहरु भएपनि आफ्नै विद्युतगृह छैन । यसको लागि राम्रो उपकरणको व्यवस्था गर्ने, वैकल्पिक उर्जा गोवर ग्यास, सौर्य उर्जाको विस्तार गर्ने, स्टिलका पोलहरुको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

**६.१.३ चुनौती र अवसरहरु :** यस नगरपालिकामा नियमित विद्युत प्रशारण काठका पोलका जिर्ण पोलको सट्टा स्टिलका पोलहरु परिवर्तन गर्न, ट्रान्सफर्मर परिवर्तन गर्न, विद्युत उपयोग स्थितिमा वढाउन, विद्युतीकरणको क्षमता अभिवृद्धि गर्न, ग्रामीण  क्षेत्रमा उद्योग विस्तारका लागि थ्रिफेजको विद्युत लाईन पुऱ्याउन, स्थानीय विद्युत निकाल्नको लागि प्रयास गर्न, नदी दोवान सामुदायिक विद्युत आयोजना पुनः सञ्चालन गर्न, विद्युत महशुल उठाउन सहज वनाउन आदि चुनौती रहेको छ ।

**अवसरहरु :** लोहोरे लगायतका खोलाहरुमा विद्युत उत्पादनको लागि सम्भाव्य रहनु, सवै वस्तीहरुमा विद्युत तथा बैकल्पीक उर्जा पुग्नु, घरमा विद्युत पुग्नु, सामुदायिक विद्युतीकरणले गर्दा विद्युत सेवामा सहज हुनु आदि अवसरहरु रहेका छन् ।

### ६.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

**दीर्घकालिन सोच :** भरपर्दो, गुणस्तरीय, सवैको पहुँच भएको विद्युत सेवा ।

**लक्ष्य :** भरपर्दो र गुणस्तरीय जलविद्युत सेवाको विस्तार गरी जनता र क्षेत्रको सहज पहुँच सुनिश्चितवाट नगरपालिकावासीको जीवनस्तरमा सुधार भएको हुनेछ ।

**उद्धेश्यहरु :**

१ .विद्युत प्रणालीलाई प्रभावकारी वनाई सवै घर परिवारमा विद्युतको पहुच सर्वसुलभ बनाउने ।

२. जलविद्युतलाई आर्थिक क्रियाकलापसंग आवद्ध गरी विकास कार्यमा टेवा पुऱ्याउने

**रणनीति तथा कार्यनीति**

**रणनीति** १ .विद्युत प्रणालीलाई प्रभावकारी वनाई सवै घर परिवारमा विद्युतको पहुँच सर्वसुलभ बनाउने ।

१.१ विद्युत नियमित तथा भरपर्दो वनाउने ।

२. जलविद्युतलाई आर्थिक क्रियाकलापसंग आवद्ध गरी विकास कार्यमा टेवा पुऱ्याउने ।

२.१ विद्युतको उपयोग दरमा वृद्धि गर्ने

**कार्यनीति**

१. विद्युत क्षमता वृद्धि गर्ने ।
२. विद्युत भरपर्दो, विश्वासनिय गराउने ।
३. नगरपालिका भित्र रहेका जिर्ण काठका तथा सिमेन्टका पोल हटाई सुरक्षित र भरपर्दो स्टिलका पोल परिवर्तन । गरी विद्युत सेवा उपलव्ध गराउने नीति लिइने ।
४.वैकल्पिक उर्जाको विकासमा समेत जोड दिने ।
५. सामुदायिक विद्युतीकरण समितिको क्षमता र सेवा दिने स्तरमा वृद्धि गराउन पहल गर्ने ।
६. आर्थिक क्रियाकलाप वढाई विद्युत खपतमा वृद्धि गर्ने ।
७. आवश्यक स्थानमा ट्रान्सफर्मर राखि थ्रिफेज लाईन विस्तार गरि कृषि र वन्यजन्य उद्योगको विकासमा जोड दिइने छ ।
८. विद्युतीकरणवाट अन्य इन्धनहरुको प्रयोगमा कमि ल्याई प्रतिस्थापन गर्ने ।

**मुख्य कार्यक्रमहरु**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**१. विद्युत वितरण तथा विस्तार कार्यक्रम :** नगरपालिकाका सवै वस्तीमा भरपर्दो र नियमित विद्युत वितरण गर्न पहल गरिनेछ । सवै घरमा भरपर्दो विद्युत सेवा उपलव्ध गराईनेछ । विद्युत उपयोग दरमा वृद्धि गर्नको लागि आर्थिक क्रियाकलाप वढाईनेछ ।

**२. वैकल्पिक उर्जा विकास कार्यक्रम :** विद्युत सेवा पुऱ्याउन नसकिएका वस्ती तथा घरहरुमा सोलार प्रणाली मार्फत वा वैकल्पिक उर्जाको माध्यमवाट उज्यालो कार्यक्रम सञ्चालन गरिनेछ । पर्यटकीय क्षेत्रमा उज्यालो कार्यक्रम सञ्चालन गरिने छ ।

**३. स्टिलका विद्युत पोल खरिद तथा व्यवस्थापन कार्यक्रम** : जिर्ण अवस्थामा रहेका काठ तथा सिमेन्टका विद्युत पोलहरु हटाई स्टिलका विद्युत पोल राखी विद्युत सेवा भरपर्दो वनाईनेछ ।

**४. विद्युत क्षमता वृद्धि कार्यक्रम** : वन तथा कृषिमा आधारित उद्योगहरुको लागि आवश्यक पर्ने थ्रिफेज विद्युत लाईन नगरपालिकाका मुख्य मुख्य वस्तीमा वितरण गरिने छ । साथै वस्तीहरुमा आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमता वढाईने छ । विद्युत क्षमता वृद्धि गरी नियमित भरपर्दो वनाउनको लागि विद्युत प्राधिकरण तथा सामुदायिक विद्युतीकरण समिति संग समन्वय गरिनेछ ।

**संघं तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन गर्ने कार्यक्रमहरु**

**१.** विद्युत क्षमता वढाउने तथा भरपर्दो वनाउने कार्यक्रम

२.स्टिलका विद्युतपोल र ट्रान्सफरमर खरिद तथा व्यस्थापन कार्यक्रम

३.नयाँ विद्युत सर्भे तथा निमार्ण कार्यक्रम

**लक्षित उपलब्धी :** आवधिक विकास योजना अवधिसम्ममा नगरपालिकाका सतप्रतिशत घरहरुमा भरपर्दो विद्युत सेवा पुगेको हुनेछ । प्रत्येक वस्तीहरुमा थ्रिफेजको विद्युत लाईन पुगेको हुने र उद्योगहरु सञ्चालन भएका हुनेछन् । जिर्ण रहेका काठ र सिमेण्टका सवै पोलहरु स्टिलका पोलवाट विस्थापित भएका हुनेछन् । मुख्य मुख्य वजारमा सडक वत्तिको व्यवस्था भएको हुनेछ । सवैको घरघरमा विद्युतको प्रयोगवाट अन्य वैकल्पिक इन्धनको खपत आधा मात्रामा घटेको हुनेछ । विद्युत खपत दर हालको भन्दा दोव्वर वढेको हुनेछ ।

## ६.१.६ नतिजा खाका

**तालिका न. ५० : विद्युत तथा वैकल्पिक उर्जा**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| ३. | **असर** | | | | | | |
| | **असर** | | | | | ,, | |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | |
| २. | लैङ्गिक समानता सूचांक | | | | | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | ६४०.७७ | १००० | | | |
| | **प्रतिफल** | | | | | | |
| १. | जल विद्युत उर्जामा पहुँच भएको जनसंख्या प्रतिशत | सूचांक | | पालिका सवै खानेपानी योजना | घरधुरी सर्बेक्षण. | सामाजिक शाखा प्रमुख नगरपालिका | सहयोग उपलब्ध भएमा |
| २. | आधुनिक उर्जाको पँहुच पुगेको जनसंख्या प्रतिसत | सूचांक | **४८६५** | **५८६५** | ,, | ,, | ,, |
| ३. | खाना पकाउनका निम्ति ऊर्जाको प्राथमिक स्रोतको रूपमा कोइला, दाउरा, गुइठ्ठा लगायतका ठोस इन्धन प्रयोग गर्ने परिवार प्रतिशत | संख्या | **५०७१** | ४००० | धुरी सभेक्षण नगरपालिका | नगरपालिका | उपलब्ध भएमा |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ४. | खाना पकाउन र कोठा तातो राख्न एल.पी. ग्याँस प्रयोग गर्ने जनसंख्या | संख्या | **६५७** | **२०००** | | | |
| | **आयोजना तथा कार्यक्रम** | | | | | | |
| १. | | | | घरधुरी सर्बेक्षण | | नगरपालिका | उपलब्ध भएमा |
| २. | | | | ,, | | ,, | ,, |
| ३. | | | | ,, | | ,, | ,, |
| ४. | | | | ,, | | ,, | ,, |
| ५. | | | | ,, | | ,, | ,, |

## ६.२ यातायात पूर्वाधार

## ६.२ सडक तथा यातायात व्यवस्थापन

**६.२.१ पृष्ठभूमि ::** नारायण नगरपालिकका प्रत्येक वस्तीहरुलाई जोड्ने, स्वास्थ्य सेवा, खाद्यान्न ढुवानी गर्न तथा विकासका अन्य पूर्वाधार निर्माण गर्न तथा लागत घटाउनको लागि सडक तथा यातायातको ज्यादै महत्वपूर्ण भूमिका रहेको हुन्छ । मध्यपहाडी राजमाग २० कि.मि.सहायक राजमार्ग १० कि.मी. पक्की तथा कालोपत्रे १२ कि.मी. ग्राभेल सडक २७ कि.मी. पि.सी.सी. १.५ कि.मि. मुल वाटो (Trail) १५ कि.मि. नगरको क्षेत्राधिकारमा रहेको देखिन्छ । यसैले गर्दा नगरपालिकले आफ्नो समृद्धिको सम्वाहकको रुपमा यातायातलाई लिएको छ । भौगोलिक रुपमा ठुलो क्षेत्र ओगटेको नगरपालिका भएकोले नगरपालिकालाई आवश्यक प्रशासनीक कार्यालय भवन र सबै वडा कार्यालयहरुको भवन नहुँदा सेवाप्रवाहमा केही समस्या देखिन्छ ।

**६.२.२ प्रमुख समस्याहरु :** नारायण नगरपालिकामा सडकको मापदण्ड प्रयोग भएको छैन यो नै ठूलो समस्या हो । निर्माण भएका सडक ४ देखि ५ मिटर भन्ने तथा यातायात क्षेत्रमा विभिन्न समस्याहरु रहेका छन् । यहाँका सडकहरुमा वाह्रैमास सबै वस्तीहरुमा यातायात सञ्चालन सहज नहुनु, भएका सडकहरु सवै धुले स्तरमा रही सडक व्यवस्थित नहुनु, सडक संख्या धेरै हुनु, ग्रेड नमिलाई सडक खनिनु, सडक निर्माण गर्दा पहिला वनाएका संरचना विगार्ने तथा वातावरणमा प्रतिकुल असर पार्ने किसिमका हुनु, व्यवस्थित बस्ती नहुनु, सडकको स्तर उन्नति गर्नको लागि लगानी न्यून रहनु , सडक निर्माण लागत अत्याधिक महंगो हुनु, सडकमा गुणस्तर कायम गर्न प्रयोगशाला नहुनु, सडकहरुलाई प्राथमिकताको आधारमा लगानी नगरिनु, लागत र नाफा स्थितिको विश्लेषण गरि निर्माण नगरिनु, प्राविधिक जनशक्तिको कमी, गोरेटोबाटो अव्यवस्थित रहनु, डोजर वढि प्रयोग हुनु, पुराना गोरेटो बाटोको मर्मत तथा संरक्षण नहुनु, मापदण्ड अनुसार सडक निर्माण नगरिनु, उपभोक्ता समिति तथा ठेक्कदारले तोकिएको समयमा काम सम्पन्न नगरिनु, अति जरुरी स्थानमा पक्की पुल तथा कल्भर्टहरु निर्माण नहुनु, नियमित वस सञ्चालन नगर्नु, भाडा दर अत्याधिक महङगो हुनु, सवारी यातायातका साधन बसहरु ज्यादै पुराना सञ्चालनमा रहनु, सडक वाहेकका अन्य यातायातका माध्यम नहुनु आदि समस्याहरु देखिएको छन् ।

### ६.२.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** नारायण नगरपालिकका ११ वटै वडामा वाह्रैमास यातायात सञ्चालन गर्ने गरी नगरपालिकावाट वडा कार्यालय जोड्ने सडकहरु र. सडक कालो पत्रे गर्न आवश्यक पर्ने लगानी रकम जुटाउन, अति जरुरी स्थानहरुमा पक्की पुल तथा कज्वे, कल्वर्ट निर्माण गर्न वजेटको व्यवस्थापन गर्न, आवश्यक स्थानमा झोलुङ्गे पुल निर्माण गर्न, थोरै लगानीमा गुणस्तरीय सडक निर्माण गर्ने प्रविधिको पहिचान गर्न, नगरपालिकाले वजेट निश्चित क्षेत्रमा मात्र खर्च गर्न सक्ने वनाउन, निर्माण गरिएका संरचनाहरुको नियमित मर्मत गर्न, पर्यटकीय पदमार्गको पहिचान गरी निर्माणको लागि श्रोत जुटाउन, निर्माण गरिएका पूर्वाधारहरु र आर्थिक उपार्जन संग समन्वय गर्न, वाह्रैमास सवै वस्तीहरुमा सार्वजनिक वस सेवा सञ्चालन गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** नारायण नगरपालिकाकाको नगरसडक गुरुयोजना बनेको छ र सवै सडक आर्थिक सम्भाबनाको अवस्थामा रहनु, नगरपालिकाले सवै वडामा सडक सञ्जाल जोडिनु, संघ, प्रदेश तथा नगरपालिकाले पूर्वाधार निर्माण गर्नको लागि प्राथमिकता दिनु, नगरपालिकाले सडक गुरु योजना निर्माण गर्ने योजना बनाउनु, उपभोक्तहरु पूर्वाधार निर्माण गुणस्तर प्रति वढि सजग रहनु, नगरपालिकाको संगठनात्मक क्षमतामा वृद्धि हुदै जानु, संघ, प्रदेश तथा नगरपालिका बीच समन्वय हुनु, सवै राजनैतिक दलहरु विकास प्रति एकवद्धता जनाउनु, नगरपालिकामा निर्माणको लागि आवश्यक कच्चा पर्दाथ उपलव्ध हुनुलाई अवसरका रुपमा लिन सकिन्छ ।

### ६.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रमहरु

**दीर्घकालिन सोच :** आर्थिक, सामाजिक विकासवाट टाढा रहेका समुदायहरुलाई वजारसंग आवद्ध गर्ने, समृद्धका आधार सडक यातायात ।

**लक्ष्य** : सहज र सुविधायुक्त, भरपर्दो गुणस्तरीय यातायात सडकको विस्तार भई जनताको आर्थिक तथा सामाजिक विकास भएको हुनेछ ।

**उद्धेश्यहरु : १.** सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन भई जनताको आर्थिक स्थितिमा व्यापक सकरात्मक परिवर्तन भएको हुनेछ ।

२. नगरपालिकाका मुख्य सडकहरुमा आवश्यक पुल, कल्भर्ट र अन्य पूर्वाधार निर्माण भई सार्वजनीक यातायातमा सहज पहुच पुगेको हुनेछ ।

**तालिका न. ५१ : रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन भई जनताको आर्थिक स्थितिमा व्यापक सकरात्मक परिवर्तन भएको हुनेछ । | |
| १.१ वडाबाट नगर सदरमुकाम जोड्ने सडक र जिल्ला जोड्ने सडकलाई प्राथमिकता दिई स्तर उन्नति गर्ने । | १. सामरिक सडकहरु नगर सदरमुकाम जोड्ने र वडा कार्यालय जोड्ने सडकलाई पहिलो प्राथमिकता दिई कालो पत्रे सडक निर्माण कार्य गर्ने ।<br>२. अन्य सडक निर्माण गर्दा आर्थिक प्रतिफल वढि हुने सडकलाई निर्माण गर्ने । |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.२ सवै वडाहरुमा वाह्रैमास सार्वजनिक यातायात सञ्चालन गर्ने । | ३. नगरपालिका कार्यालयवाट सवै वडा कार्यालयसम्म कालोपत्रे सडक पुऱ्याउने ।<br>४. मुख्य वस्तीहरुमा सडक सुविधा पुऱ्याउने गरी सडक निर्माण कार्य गर्ने ।<br>५. सडक तथा पुलको नियमित मर्मत गर्ने व्यवस्था मिलाइने ।<br>६. सडक निर्माणमा निजीक्षेत्रलाई समेत सहभागिता गराउने नीति अवलम्वन गरिने । |
| २. नगरपालिकाका मुख्य सडकहरुमा आवश्यक पुल,कल्भर्ट र अन्य पूर्वाधार निर्माण भई सार्वजनीक यातायातमा सहज पहुच पुगेको हुनेछ । | |
| २.१ नगरपालिकाले तयार पार्ने सडक गुरुयोजना अनुसार सडक तथा पूल निर्माण कार्य गर्ने । | ७. प्रत्येक मुख्य वस्तिवाट ३० मिनेटको पैदल हिडाईमा मोटरेवल सडकमा पुग्ने व्यवस्था गर्ने ।<br>८. सडक निर्माण गर्दा कुल वजेटको १० प्रतिशत भन्दा बढी रकम सडक कार्यक्रमलाई वजेट छुट्याउने र सो रकम सडक निर्माण गर्दा भत्केका तथा पुरिएका संरचना निर्माण तथा पहिरो व्यवस्थापन र वृक्षारोपण, बाँस निगालो अम्रिसो रोपण कार्यमा खर्च गर्ने ।<br>९.सडक पुगेका वस्तीमा नियमित सार्वजनिक यातायात व्यवस्था मिलाइने । मोटरेवल पुलनिर्माण भएका स्थानका झोलङ्गे पुलहरु विस्तापित गरी अन्यत्र आवश्यक स्थानमा निर्माण तथा स्थानान्तरण गर्ने । |
| २.२ वस्तीहरुमा पर्यटक क्षेत्रको विकासको लागि यातायात सहजता लगायतका पूर्वाधार निर्माण गर्न जोड दिने । | १०. पर्यटकीय क्षेत्रहरु तथा वस्तीहरुमाा सहज पहुचको लागि पर्यटकीय पद मार्ग निर्माण भई आवत जावतमा सहज वनाउने ।<br>११. मुख्य–मुख्य पर्यटकीय स्थलमा पुग्ने पदमार्ग निर्माण गर्ने । |

**प्रमुख कार्यक्रमहरु :**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

नगरसडक गुरुयोजना अनुसार ए वर्गका सडक कालोपत्रे निर्माण गर्ने कार्यक्रम :

## ६.२.५ : आवधिक योजनाको अन्त्य सम्ममा :

यस नगरपालिकामा सडक घनत्व (कि.मी. प्रतिवर्ग कि.मी.) ..... कि.मि भएको हुनेछ । नगर सदरमुकाम जोड्ने सडक र नगरपालिकको कार्यालयवाट वडा कार्यालयसम्म जोड्ने सडकहरु र मुख्य महत्वपूर्ण सडकहरु गरी जम्मा ३० कि.मि. सडक कालोपत्रे २०८५ साल सम्ममा सम्पन्न भएको हुनेछ । यी सडकमा पर्ने मोटरेवल पुल समेत निर्माण सम्पन्न भएका हुनेछन् । नगरपालिकावाट सवै वडा भवनसम्म नियमित सार्वजनिक यातायात सञ्चालन गरिएको हुनेछ । यस सम्वन्धी उपलव्धी सूचक अनुसूचि ४, ५, ६ मा दिएको छ ।

## ६.२.६ नतिजा खाका

**तालिका न. ५२ : सडक सन्जाल क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| ३. | | | | | | | |
| | **असर** | | | | | ,, | |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | |
| २. | लैङ्गिंक असमानता सूचांक | | | | | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | **६४०** | **१०००** | | | |
| | **प्रतिफल** | | | | | | |
| १. | सडक घनत्व (कि.मी. प्रति वर्ग कि.मी.) | सूचांक | | पालिका सवै सडक | सडक सर्बेक्षण. | पूर्वाधार शाखा प्रमुख | सहयोग उपलब्ध भएमा |
| २. | धुले कच्ची सडक कि.मि. | **१४२** | **१५०** | | ,, | ,, | ,, |
| ३. | ग्राभेल सडक कि.मि. | २७ | **३०** | | | | |
| ४. | कालोपत्रे सडक कि.मि. | १२ | **२०** | | | | |
| ५ | पि.सि.सि. कि.मि. | १.५ | **५** | | | | |
| ६ | सहाएक राजमार्ग कि.मि. | १० | **२०** | | | | |
| **.आयोजना तथा कार्यकम** | | | | | **घरधुरी सर्बेक्षण** | पालिका | उपलब्ध भएमा |
| १. | सदरमुकाम छुने कालो पत्रे सडक कि.मि. | २० | | ,, | | ,, | ,, |
| २. | नगरपालिका स्तरको कालोपत्रे सडक कि.मि | **८** | | ,, | | ,, | ,, |
| ३. | सडक निर्माण | | | ,, | | ,, | ,, |
| ४. | वस्तिस्तरका सडक विस्तार स्तर उन्नति कि.मि | २० | | ,, | | ,, | ,, |
| ५. | नालिनिर्माण कि.मि | २० | | ,, | | ,, | ,, |
| ६. | पर्यटकीय पदमार्ग कि.मि स्तर | २५ | | ,, | | ,, | ,, |
| ७. | जङ्गंलपार्क वटा | २ | | ,, | | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ८. | वोटानिकल गार्डेन वटा | ५ | | ,, | | ,, | ,, |
| ९. | मोटरेवल पुल वटा | ५ | | ,, | | ,, | ,, |
| १०. | कल्वर्ड कजवे वटा | १० | | ,, | | ,, | ,, |
| ११ | झो.पुल वटा | ५ | | | | | |
| १२ | सिचाई कुलो निर्माण र मरमत | ५५ | | | | | |

## ६.३ आवास, वस्ती तथा वजार विकास

६.३.१ पृष्ठभूमि : नारायण नगरपालिकामा रहेका ६५०४ परिवार मध्ये निजि घरमा बस्ने ५६९६ प्रतिसत ८७.५७ र भाडाको घरमा बस्ने ७१४ प्रतिसत १०.९७ परिवार रहेका छन् । मानवको लागि सुरक्षित आवास अति जरुरी रहेको हुन्छ । मानव, आवास, वस्ति विकास, वजार र शहरीकरण बीच घनिष्ठ सम्वन्ध रहेको हुन्छ । मानिसले आफ्नो आम्दानीको ठूलो हिस्सा आफ्नो आवास निर्माण तथा व्यवस्थापन गर्नको लागि लगानी गरेको हुन्छ । वस्ती विकास गर्न, वस्तीका आवश्यक पूर्वाधार निर्माण गर्नको लागि सरकार तथा स्थानीय तहहरुवाट आवश्यक नीतिगत, कानूनी, प्रक्रियागत तथा लगानी व्यवस्था मिलाउनु पर्छ । यस नगरपालिकामा वस्तीहरु छरिएर रहेका छन् । यहाँ ११ वटा वडाका विभिन्न मुख्य वस्तीहरु छन् ।

यहाँ ग्रामीण वस्तीहरुमा रहेका पनि घरहरु ५०२९ माटो ढुङ्गा र इट्टाले बनेका छन् भने ६३१ घर ढुङ्गा र इट्टा र सिमेन्टले बनेका । निर्माण गरिएका घरहरु मध्ये ८३८ घर पिलरवाला र ५ काठको पिलर छन । घरका छाना ३५५८ मा जस्ताले छाएका १४१७ सिमेन्ट ढलान,खरको छाना ९९ तथा टायरल २२०, सिलेट ढुंङ्गा ११८३ काठको फल्याक ११ माटो २२ र अन्य ४ तथा र वजारका भवनहरु पक्कि ढलान तथा जस्ताद्धारा निर्माण गरिएका छन् । वि.स. २०७२ को भुकम्पपछिको पुर्ननिर्माणमा अधिकाँश घरधुरीले पक्की घर निर्माण गरेको देखिन्छ । यो तथ्याङकमा नगरपालिकाले खरको छानो उन्मुलन अभियान अर्न्तगत खरको छानोमुनि बसोबास रहेका सबै घर परिवारहरुलाई जस्ता पाता वितरण गरिसकेको हुँदा खरको छानोको विवरण ९९ लाई सहयोग पछि सुन्य खरको छाना देखिन्छ । यहाका स्थायी परिवार आफ्नै घरमा वस्छन् भने अस्थायी परिवारहरु भाडामा वस्ने गरेका छन् । नगरपालिकाले घर निर्माणको लागि तथा मुख्य सडक हरुको मापदण्ड तयार गर्ने योजना छ ।

यस नगरपालिकामा मुख्य वजार क्षेत्रको व्यवस्थित वजारीकरण गर्नका लागि नगरपालिकाले पूर्वाधार निर्माण गर्ने प्रयास गरेको छ । ग्रामीण क्षेत्रमा पनि वस्तिहरु एकीकृत गरी सेवा सुविधाहरु पुऱ्याउनु आजको आवश्यकता भएको छ । नगरपालिकाले विभिन्न स्थानहरुमा सामुदायिक भवनहरु निर्माण गरिरहेको छ । भवन मापदण्ड तथा सडक मापदण्ड तय गरी कार्यान्वयनमा ल्याएको छ । सार्वजनिक भवनको स्थिति हेर्दा यस नगरपालिकामा सेवा केन्द्र रहेका स्थानमा कृषि, पशु विकास, स्वास्थ्य लगायतका सेवा कार्यालयका भवनहरु निर्माण गरिएको छ । केही तत्कालिन गाविस भवनहरुमा अहिले वडा कार्यालयहरु सञ्चालनमा रहेका छन् ।

यहाँका वस्ती तथा वजारहरुमा विद्युत, खानेपानी, कच्ची सडक निर्माण गरिएको छ । सबै वस्तीहरुमा वाइफाइ, इन्टरनेट सेवा पुँऱ्याउन सकिएको छैन । यहाँका दलित वस्तीहरुको स्थिति सबैको नाजुक छैन । अति गरीव परिवार जो .भूमीहिन छन् जसलाई आफ्नो कमाईले ३ महिनामात्र खान पुग्छ ता पनि घर बनाएका छन तथा दलित वस्तीहरुका

घरहरुको सुरक्षित स्थानमा सुरक्षित घर निर्माण गर्न जरुरी रहेको छ । यहाँका वस्तीहरु पनि व्यवस्थित रुपमा वसाउनको लागि वस्ती विकास कार्यक्रम सञ्चालन गर्नु पर्ने जरुरी रहेको छ ।

**६.३.२ प्रमुख समस्याहरु :** यस नगरपालिकाका वस्तीहरु छरिएर रहनु, घरहरु अधिकांश ढुङ्गा माटाको गाह्रो वनाएर निर्माण गर्नु, कच्चि छाना हुनु, प्रयाप्त भवनहरु नहुनु, भुकम्प प्रतिरोधी नहुनु, अपाङ्ग र बालमैत्री नहुन, बालबालीकालाई सेवा लिन समस्या, परम्परागत घर र भवन हुनु, भवन मापदण्ड अनुसार भवन निर्माण नहुनु, वजार व्यवस्थित नहुनु, वजारको पूर्वाधार निर्माण नहुनु, जग्गाको वर्गिकरण नहुनु आदि समस्याहरु रहेका छन् ।

### ६.३.३ चुनौती र अवसर

**चुनौतीहरु :** यस नगरपालिकाका मुख्य मुख्य स्थानहरुमा व्यवस्थित वजारको विकास गर्न, छरिएर रहेको ग्रामीण वस्तीहरुलाई एकीकृत वस्तीमा परिणत गर्न, वस्तीहरुमा सेवा, सुविधा पुऱ्याउन, अति गरीवीको स्थितिमा रहेका परिवारको उत्थान गर्न, घरहरुको खरको छाना स्तरोन्नती गरी जस्ता वा पक्कि निर्माण गर्न, आफ्नो घर नभएका परिवारको लागि घरको व्यवस्था गर्ने कार्य चुनौतीपुर्ण देखिन्छ । यस्तै गरी हाल वजारको रुपमा विकास हुन थालेका वजार क्षेत्रमा पक्की सडक, ढल, खानेपानी, सरसफाई व्यवस्थापन, वस्ती तथा सडकको गुरुयोजना निर्माण गरी कार्यान्वयनमा ल्याउन, मापदण्ड अनुसार भवन निर्माण गर्ने वा गराउने, दक्ष जनशक्तिको प्रयोग, गुणस्तरीय सामाग्रीको प्रयोग, भवन तथा वस्ति सम्वन्धी आचार संहिताको निर्माण तथा पालन गराउने, छरिएर रहेको वस्ति एकीकृत गर्ने तथा नयाँ एकीकृत वस्तिको विकास गर्ने, वजारको योजनावद्ध विकास गर्न, वजारमा आर्थिक क्रियाकलापको विकास गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** यस नगरपालिकामा विभिन्न वजार क्षेत्रको रुपमा विकास भई रहेका छ । जनताको आर्थिक स्थितिमा सुधार हुनु, नगरका ग्रामिण वस्तीहरुमा सडक सन्जाल वढ्नु, वस्तीहरुमा सेवा सुविधाहरुमा वृद्धि गरिनु, नगरपालिका, प्रदेश तथा संघ सरकारले शहरी विकास तथा एकीकृत वस्ती विकासमा प्राथमिकता दिनु र भवन निर्माण सम्वन्धी मापदण्ड तयार गर्नु आदि अवसरहरु हुन् ।

## ६.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यकमहरु

**दीर्घकालिन सोच** : सक्षम पूर्वाधार, समुन्नत नगरको आधार

**लक्ष्य :** वजार एवं वजारोन्मुख क्षेत्रहरुको भौतिक योजना तयार गरी पूर्वाधार तथा सेवा सुविधायुक्त, व्यवस्थित, सफा र सुन्दर वजार तथा वस्तिहरु निर्माण भई जनताको जीवनस्तरमा सुधार भएको हुनेछ ।

**उद्धेश्यहरु १.** व्यवस्थित, सफा, पूर्वाधार तथा सुविधायुक्त ,सुन्दर वजार तथा वस्तिहरुको विकास भएको हुनेछ ।

२. सवैको लागि सुरक्षित, सुविधायुक्त, आकर्षक र किफायती आवास तथा घरहरु निर्माण भएका हुनेछन् ।

३. विपदवाट क्षति भएका घरहरुको पूननिर्माण भई सकेको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

रणनीति कार्यनीति

१. व्यवस्थित, सफा, पूर्वाधार तथा सुविधायुक्त, सुन्दर वजार तथा वस्तिहरुको विकास भएको हुनेछ ।

१.१ दिगो र पर्यावरण मैत्री विकास, हरियालीयूक्त वस्ती र सुरक्षित आवास नीति अवलम्वन गरिने ।

१. नगरपालिकाका मुख्य मुख्य स्थानहरुमा वजारको व्यवस्थापन गर्ने ।
२. नयाँ वजार क्षेत्र तथा पुराना वजारहरुमा पूर्वाधार निर्माण गर्ने ।
३. भूउपयोग नक्सा तयार गरी सो कार्यान्वयनमा ल्याउने ।
४. प्रविधियूक्त, अपाङ्ग मैत्री सार्वजनिक भवन निमार्णमा जोड दिने नीति लिइने ।
५. नगरपालिकाका ११ वटै वडाका मुख्य मुख्य ठाउहरुमा वजारीकरण गर्ने ।
२. सवैको लागि सुरक्षित,सुविधायुक्त, आकर्षक र किफायती आवास तथा घरहरु निर्माण भएका हुनेछन् ।
२.१ छरिएर रहेको वस्तिलाई एकीकृत गरी सेवा तथा सुविधा उपलव्ध गराउने नीति अवलम्वन गरिने ।
१. छरिएर रहेको वस्तिलाई एकीकृत गरी सेवा तथा सुविधा उपलव्ध गराउने नीति अवलम्वन गरिने छ । एकान्तमा रहेका २, ३ वटा भएका घरहरुलाई वस्तिभएको स्थानमा स्थानान्तरण गर्न सहयोग गर्ने ।
३. विपदवाट क्षतिभएका घरहरुको पूननिर्माण भई सकेको हुनेछ ।
३.१ विपदवाट क्षतिभएका घर तथा भवनहरुको पुननिर्माण १ वर्ष भित्र सक्ने र प्राकृतिक प्रकोपवाट कम क्षति गर्न प्रवर्द्धनात्मक र सुरक्षात्मक व्यवस्था गर्ने ।
८. भवनहरु निर्माण सहिंता लागू गरी सुरक्षित, सुविधा यूक्त, किफायती भवन निर्माण गर्ने ।

**प्रमुख कार्यकमहरु**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यकम**

१. **वजार पुर्वाधार निर्माण कार्यकम** : यस नगरपालिकाको मुख्य मुख्य वजार क्षेत्रको विकासको लागि आवश्यक पर्ने पूर्वाधार जस्तै सडक, ढल, खानेपानी, विद्युत जस्ता निर्माण गरिनेछ । कृषि क्षेत्रलाई शहरीकरण गर्न पूर्वाधार निर्माण गरिनेछ ।
२. **आवास सम्वन्धी जनचेतना कार्यकम :** सुरक्षित घर तथा शान्ति, अनुशासित, सुव्यवस्थित आवस सम्वन्धी जनचेतना कार्यकम सञ्चालन गरिनेछ ।
३. **वजारीकरण तथा वस्ति विकास कार्यकम :** यस नगरपालिकाको विभिन्न स्थानहरुमा व्यवस्थित वजार विस्तार तथा वस्ती विकास गरिनेछ ।
४. **भू उपयोग नक्सा निर्माण कार्यकम** : नगरपालिकाको लागि भूउपयोग नक्सा तयार गरी सो अनुसार कार्यन्वयन गरिनेछ ।
५. **शौचालय निर्माण तथा सहयोग कार्यकम** : वजार क्षेत्रको मुख्य स्थानहरुमा सार्वजनिक शौचालयको निर्माण गरी व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
६. **एकीकृत वस्ति विकास कार्यकम :** वस्तीहरुमा घरहरु छरिएर रहँदा सेवा तथा सुविधा पुऱ्याउन कठिन हुने हुनाले एकीकृत वस्ती निर्माण कार्यकम सञ्चालन गरिनेछ । आवश्यकता र सम्भाव्यताको आधारमा प्रत्येक वडामा कम्तिामा १/१ वटा एकीकृत वस्ती निर्माण गर्नको लागि निजी क्षेत्रको सहकार्यमा गरिनेछ ।
७. धार्मिक तथा पुरातात्विक स्थल तथा मन्दीर जिर्णोद्धार कार्यकम : यहाँ रहेका ऐतिहासिक पुरातात्विक तथा धार्मिक स्थल, मन्दिर, गुम्वाहरुको मर्मत तथा जिर्णोद्धार गरिनेछ ।
८.**वस विसौनी निर्माण कार्यकम :** सार्वजनिक सडक पुगेका मुख्य स्थानहरुमा वस विसौनी निर्माण तथा व्यवस्थापन गरिनेछ ।

**संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यकमहरु**

१. वजार पुर्वाधार निर्माण कार्यकम

२. भू उपयोग योजना निर्माण कार्यक्रम

३. वस्ति एकीकृत कार्यक्रम

### ६.३.५ अपेक्षित उपलव्धीहरु :

नारायण नगरपालिकाको योजना अवधिमा नगरपालिकाका ११ वटा स्थानमा वजार व्यवस्थित भई सञ्चालन भएको हुनेछ । वजार क्षेत्रमा कालोपत्रे सडक, खानेपानी, विद्युत, विद्यालय लगायत पूर्वाधार निर्माण भएको हुनेछ । विपदवाट क्षति भएका सबै घरहरु पुनर्निर्माण भइसकेका हुनेछ । नगरवासी सवैको आफ्नो घरवास भएको हुनेछ । नगरपालिकाले यसअघि नै खरका छाना भएका सवै घरहरुलाई जस्ताका छाना भएका सुरक्षित घरमा रुपान्तरण गरिसकेको छ बाँकीरहेका ९९ परिवारलाई सहयोग गरेर सुन्य खरको घर बनाउने छ । हाल शौचालय नभएका घर र साधारण शौचालय भएका घरहरुमा २०८५ साल सम्म सबैका शौचालयहरु निर्माण भइ प्रयोगमा आउने छन् । भू उपयोग नक्सा तयार भएको हुनेछ । घरबाट ३० मिनटको पैदल यात्रामा पक्की सडकको पहुँच भएका जनसंख्या ६० प्रतिशत भएको हुनेछन् । सुरक्षित घरहरूमा बसोबास गर्ने परिवार ६० प्रतिशत भन्दा वढि भएका हुनेछन् ।

### ६.३.६ नतिजा खाका

**तालिका न. ५३ : आबास तथा बस्तीविकास क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| ३. | | | | | | | |
| | **असर** | | | | | ,, | |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | |
| २. | लैङ्गिक विकास सूचांक | | | | | ,, | |
| ३. | प्रति व्यक्ति आय डलरमा | ६४०.७ | १००० | | | | |
| | **प्रतिफल** | सूचांक | | | | | |
| १. | कुल घरपरिवार मध्ये खर-पराल-पातले छाएको घरमा बस्ने घर परिवार | ९९ | ०० | नगरपालिका सवै सडक | सडक सर्बेक्षण. | पूर्वाधार शाखा प्रमुख | सहयोग उपलब्ध भएमा |
| २. | जस्ता पाता भएको घरको संख्या | ३५५८ | ३६५७ | | ,, | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३. | घरबाट ३० मिनटको पैदलयात्रामा पक्की सडकको पहुँच भएका जनसंख्या प्रतिसत | २५ | ५० | | ,, | ,, | |
| ४. | आर सि.सि.घर | १४१७ | २५०० | | ,, | ,, | |
| ५. | सुरक्षित घरमा बसोबास गर्ने घर परिवार प्रतिसत | २१.७८ | ३९ | | ,, | ,, | |
| ६. | जनता आवास कार्यक्रम अन्तर्गत नगरपालिकामा निर्माण हुने घरमध्ये निर्माण सम्पन्न भएका घरहरू | ०० | ०० | | | | |
| ७. | आफ्नै घर भएका घर परिवार | ५६९६ | ६५०४ | | ,, | ,, | |
| ८. | भाडाको घरमा बस्ने घर परिवार | ७१४ | ०० | | ,, | ,, | |
| | | | | | ,, | ,, | |
| **.आयोजना तथा कार्यकम** | | | | | ,, | ,, | उपलब्ध भएमा |
| १. | वडामा प्रहरी चौकी भवन निर्माण तथा सुदृढीकरण वटा | ५ | | ,, | ,, | ,, | ,, |
| २. | अति गरीव परिवारको लागि घर निर्माण वटा | ५ | | ,, | | ,, | ,, |
| ३. | सामुदायिक पुस्तकालय एवं सास्कृतिक संग्राहलय वटा | ५ | | ,, | | ,, | ,, |
| ४. | वडा कार्यालय भवन निर्माण र मर्मत | ५ | | ,, | | ,, | ,, |
| | मसान घाट निर्माण | ५ | | | | | |
| ५. | पिक्निक स्पर्ट | ५ | | ,, | | ,, | ,, |
| ६. | पर्यटन नमुना वस्ति | ५ | | ,, | | ,, | ,, |
| ७. | कल्चरल भवन | ५ | | ,, | | ,, | ,, |
| ८. | अति गरीवको लागि छाना सहयोग कार्यक्रम परिवार | १०० | | ,, | | ,, | ,, |
| ९. | सामुदायिक भवन वटा | | | ,, | | ,, | ,, |
| १०. | पिक्निक स्पर्ट वटा | ५ | | ,, | | ,, | ,, |
| ११. | धर्मशाला वटा | १ | | ,, | | ,, | ,, |
| १२. | नदी नियन्त्रण (जनताको तटवन्द समेत) कार्यक्रम | ५ | | ,, | | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १३. | सिंचाई | ५ | | ,, | | ,, | ,, |
| १४. | विद्युत लाईन विस्तार र जडान | ५ | | ,, | | ,, | ,, |

## ६.४ सञ्चार तथा सूचना प्रविधि पूर्वाधार

**६.४.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको विकासको लागि सञ्चार तथा सूचना पूर्वाधारको ज्यादै महत्व रहेको छ । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रतको ग्यारेण्टी गरिएको छ । संविधानको धारा १९ ले नागरिकको सञ्चारको हक र धारा २७ ले सुचनाको हकलाई स्पष्ट रुपले व्याख्या गरेको छ । संविधान र त्यसका आधारमा तर्जुमा गरिएका ऐन, नियम,निर्देशिका तथा कानुनहरुले स्थानीय सरकारले सूचना र सञ्चारका क्षेत्रहरुमा गर्ने कार्यहरु उल्लेख गरेको छ । पहिलो विश्वले हाँसिल गरेको विकासको उपलब्धी तथा अनुभव प्राप्त गर्दै सिक्ने माध्यम नै सूचना र प्रविधि हो । विकासका कार्यहरु जनतालाई जानकारी दिनु र पछाडिएका क्षेत्रका वासिन्दाको जीवनस्तर उकास्न पनि यसको आवश्यक पर्दछ । सञ्चार र सूचना प्रविधिको माध्यम हुलाक सेवा, दुरसञ्चार, मोवाइल, टेलिफोन, इन्टरनेट, रेडियो आदि हुन् । यस नगरपालिकाका जनताको जीवनस्तर उकास्न र पछाडि परेका वर्ग र समुदायको जीवनस्तरलाई माथि लैजाने माध्यम नै सूचना र प्रविधि हुने भएकोले यसको विकास गर्नु आजको आवश्यकता रहेको छ । यस नगरपालिकामा हुलाक सेवा सञ्चालनमा छ । तर यसको विस्तृत योजनाको अभावले उपदेयित समाप्त हुँदै गएको छ । हुलाक भवन पुराना र जिर्ण अवस्थामा रहेका छन् । नगरपालिकामा संचारको कुनै एक सुविधा भएको परिवार ६१८२ प्रतिसत ९५ भन्दा माथि छ । यहाँ २८२ टेलिफोन लाईन विस्तार भएको छ । सञ्चार सम्पर्कको लागि मोवाइल प्रयोग अत्यधिक रहेको छ । नेपाल टेलिकम तथा एनसेलवाट ५३६२ स्मार्टमोबाईल ४१८९ जना घरपरिवारले मोवाइल फोन प्रयोग गर्दछन् । यस नगरपालिकामा ५२७६ परिवारमा रेडियो, १९२० परिवारमा टि.भि., ४७५ पविारले फ्रिज प्रयोग गरिएको छ । वस्तीहरुमाा केवल लाईनवाट टेलिभिजन तथा कम्प्यूटर प्रयोग गरेका छन । यहाँ २१२५ परिवारमा इन्टरनेट सेवा छ भने सवै वस्तीहरुमा इन्टरनेट सेवा उपलव्ध गराउन सकिएको छैन ।

**६.४.२ प्रमुख समस्यहरु :** यस नगरपालिकामा वडा तथा नगरपालिकास्तरमा पनि हुलाक भवनको जिर्ण अवस्थामा रहनु, नेटवर्कीडको समस्या, सञ्चार र प्रविधिको गलत प्रयोगले विकृती, नगरपालिका क्षेत्र भित्र दुर्वल नेटवर्क, भरपर्दो इन्टरनेट सेवाको अभाव, टेलिफोन लाइन वितरण नहुनु, भएको मोवाइल सेवा तथा इन्टरनेट सेवा प्रभावकारी नहुनु, आधुनिक प्रविधि वस्तिस्तर सम्म लैजान कठिन पर्नु, टेलि सेन्टरहरुको व्यवस्था नहुनु आदि समस्याहरु सञ्चार क्षेत्रमा देखिएको छ । विद्यालय स्तरमा सूचना तथा प्रविधिको पढाई नहुनु, आधारभूत तह, मावि तथा उच्चस्तर तहमा पनि कम्प्यूटर नयाँ प्रविधिको अध्ययपन व्यवस्थित रुपवाट नहुनु, प्रशिक्षकको समेत समस्या रहेको छ । मोवाइल, फेसवुकवाट हुने अपराधलाई व्यवस्थापन गर्न समेत समस्या रहेको छ । यहाँवाट एक वटा पनि पत्रपत्रिका प्रकाशन नहुनु, चलचित्र घर पनि नहुनु, वजार तथा नगर वस्तीहरुमा कृषि तथा पशुपन्छीको उत्पादन तथा मूल्य स्थिति जानकारी गर्ने व्यवस्था नहुनु आदि समस्याहरु रहेका छन् ।

### ६.४.३ चुनौती तथा अवसरहरु :

**चुनैातीहरु :** हुलाक सेवालाई वस्तीहरुमा सूचना तथा अन्य सेवाहरुसंग जोडेर उपयोग गर्न, वस्तीहरुमा ई सेवा विस्तार गर्न, प्रत्येक वस्तीहरुमा सामुदायिक भवन निर्माण गरी सूचना तथा प्रविधिका सेवा उपलव्ध गराउन, टेलिफोन सेवा तथा इन्टरनेट सेवा सस्तो सर्वसुलव र सवैको पहुच पुर्‍याउन गरी विस्तार गर्न, नगरपालिका तथा वडाहरुमा

कागज रहित प्रशासन र विकास गराउन चुनौती रहेको छ । विद्यालय स्तरमा प्राविधिक विषय अध्यापन गराउन, सवै विद्यार्थीहरुको हात हातमा कम्प्यूटरको व्यवस्था गर्न, सूचना तथा प्रविधि सम्वन्धी नगरपालिकाले कानून तथा कार्यविधि निर्माण गरी लागू गर्नु चुनौती रहेको छ ।

**अवसरहरु :** सूचना र सञ्चार सम्वन्धी जानकारी नगरवस्तीसम्म फैलिनु, विद्यालयस्तर वाटै सूचना प्रविधिलाई विकासको आधारभूत विषयकोरुपमा लिईनु, प्रत्येक घरघरमा मोवाईल, नगरपालिकामा दीर्घकालिन रुपमा आईटि अफिसरको व्यवस्था गरी सवै नगरपालिकाका गतिविधिहरु Web Site मा राखी नगरवासिलाई जानकारी दिनु टेलिभिजन,वाईफाई, इन्टरनेटको प्रयोग दर वढ्नु, नगरपालिकाले वडामा सूचना तथा प्रविधिको प्रयोग वढाउनु, एफ.एम.नगरपालिकामा सवै ठाउँमा सुन्न सक्ने व्यवस्था हुनु आदि यस क्षेत्रका अवसरहरु हुन् ।

## ६.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति

**दीर्घकालिन सोच :** घरघरमा इन्टरनेट, प्रविधिमैत्री भेट

**लक्ष्य :** सूचना र प्रविधि साधनको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको जीवन स्थितिमा सूधार भएको हुनेछ ।

**उद्धेश्य : १.** नगरवासीलाई सहज, सर्वसुलभरुपमा सूचना प्राप्त भइ सूचना प्राप्त हुने अधिकार सुशिक्षत भएको हुनेछ ।

२. नगरवस्ती तथा वजारमा टेलिसेन्टरको माध्यमवाट इन्टरनेट सेवा, टेलिफोन सेवामा विस्तार गरी प्रविधियूक्त वस्तिको निर्माण गरी जीवनस्तरमा सुधार भएको हुनेछ ।

३. नगरपालिका सूचना र प्रविधि मैत्री भई सेवा प्रवाहमा सुधार भएको हुनेछ ।

**तालिका न. ५४ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| १.नगरवासीलाइ सहज, सर्वसुलभ रुपमा सूचना प्राप्त भइ सूचना प्राप्त हुने अधिकार सुरक्षित भएको हुनेछ । | |
| १.१ नगरपालिका सूचना र प्रविधि मैत्री भई सेवा प्रवाहमा सुधार भएको हुनेछ । | १. नगरपालिकाका सवै सूचनाहरु Website मा राखी सहज उपलव्ध हुने व्यवस्था मिलाउने ।<br>२. गोप्य राख्नुपर्ने वाहेकका सूचना तथा जानकारी नागरिकले मागेको वखत उपलव्ध गर्ने कार्यविधि तर्जुमा गर्ने<br>३. सूचना प्रवाहमा नीजिक्षेत्रको सहभागितालाई प्रोत्साहन दिन |
| १.२ नगरपालिका तथा वडामा आधुनिक प्रविधिको विकास गरी कागज रहित भएको वनाउने प्रयास । | ४. नगरपालिकावाट प्रदान गरिने सेवा प्रवाहको मापदण्ड तयार गरी लागू गरिने ।<br>५. नगरपालिकाको लागि संविधान र ऐन कानूनले तोके अनुसार र आवश्यकता अनुसारका सम्पूर्ण कानून, निर्देशिका तयार तथा स्वीकृत गरि लागू गरिने ।<br>६. विकासको आधार शुसासन भन्ने नीति अवलम्वन गरिने ।<br>७. नगरपालिका लगायत वडाहरुमा आधुनिक प्रविधियूक्त , निशुल्क वाईफाइ र नेटवर्कमा आधारित पेपरलेस पद्धति अपनाउने ।<br>८. प्रभावकारी अनुगमन र मुल्यांकनको व्यवस्था गरिने । |
| २. नगर वस्ती तथा वजारमा टेलिसेन्टरको माध्यमवाट इन्टरनेट सेवा, टेलिफोन सेवामा विस्तार गरी प्रविधियूक्त वस्तिको निर्माण गरी जीवनस्तरमा सुधार भएको हुनेछ । | |
| २.१ प्रत्येक वस्ती तथा टोल | ९. प्रत्यक वस्ती तथा टोलमा टेलिसेन्टरहरुको स्थापना र व्यवस्थापन गर्ने । |

| रणनीति | कार्यनीतिहरु |
|---|---|
| टोलमा इन्टरनेट सेवाको पहुँच पुगेको हुनेछ । | १०. प्रत्येक वस्तीहरुको सामुदायिक केन्द्रमा फ्री वाईफाई जोनको नीजि क्षेत्रको संलग्नतामा व्यवस्थापन गर्ने नगरपालिका तथा वडाहरुमा आधुनिक प्रविधियूक्त , निशुल्क वाईफाइ र नेटवर्कमा आधारित पेपरलेस पद्धति अपनाउने ।<br>११. सार्वजनिक सुनुवाइ, सुचना टाँस सञ्चार माध्यमबाट जानकारी गराउने नीति लिने ।<br>१२. सम्पूर्ण लेखा व्यवस्था कम्प्युटराइज गरिने । |
| २.२ हुलाक सेवालाई प्रभावकारी रुपामा सञ्चालन गरी भरपर्दो विश्वसनिय वनाउने । | १३. हुलाक सेवालाई भरपर्दो विश्वसनिय र सहज पहुँचको व्यवस्था मिलाउने ।<br>१४.सवै वडाहरुमा हुलाक भवनको व्यवस्था गर्ने र हुलाक सेवालाई जनताको अन्य सेवा उपलब्ध गराउनमा समेत प्रयोग गर्ने । |

**कार्यक्रमहरु :**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

१. **हुलाक सुदृढीकरण कार्यक्रम** : यहाँका हुलाकहरुको भवन निर्माण तथा अन्य व्यवस्था व्यवस्थित गरिनेछ ।

२. **टेलिफोन लाईन विस्तार कार्यक्रम** : नेपाल टेलिकम तथा निजी क्षेत्रका दुरसंचारहरुसंग समन्वय गरी सवै वस्तीमा टेलिफोन लाईन विस्तर गरिनेछ ।

३. **वस्तीहरुमा निशुल्क इन्टरनेट र वाईफाई जडान कार्यक्रम** : सवै वस्तीहरुमा निजी क्षेत्र तथा सेवा प्रदायक संस्थासंगको समन्वयमा निशुल्क इन्टरनेट र वाईफाई विकास कार्यक्रम सञ्चालन गरी नयाँ प्रविधि वस्तीहरुमा पुऱ्याईने छ ।

४. **टेलिसेन्टर स्थापना र सञ्चालन कार्यक्रम** : प्रत्येक वडाका मुख्य मुख्य स्थानमा टेलिसेन्टर स्थापना र सञ्चालन गरिनेछ ।

५. **नगरपालिका तथा वडामा कागजरहित प्रशासन कार्यक्रम :** सवै वस्तीहरुमा इन्टरनेट सेवा पुऱ्याई नगरपालिका तथा वडामा कागजरहित सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

५. **नगरपालिकाको Website व्यवस्थापन कार्यक्रम :** नगरपालिकाको आफ्नो Website अध्यावधिक गरिने छ ।

- **संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. सूचना सञ्चार रणनीति कार्यक्रम

२. टेलिसेन्टर स्थापना र सञ्चालन कार्यक्रम

३. डिजिटल लिट्रेसी सञ्चालन कार्यक्रम

४. विद्यालय तहमा आधुनिक सूचना प्रविधि अध्ययन कक्ष स्थापना कार्यक्रम

**६.४.५ अपेक्षित प्रतिफल :** यस योजना अवधिमा ११ वटा वडाका वस्तीहरुमा सामुदायिक भवन भएको हुने र सो भवनमा निशुल्क इन्टरनेट सेवा प्राप्त भएको हुनेछ । नगरपालिकाले प्रशासनिक सम्पूर्ण कार्यहरु सफट्वेयर र इन्टरनेट

वाट सञ्चालन गरी कागज रहित प्रशासन भएको हुनेछ । सबै वडाका बस्तीमा टेलिसेन्टरको स्थापना र सञ्चालन भएको हुनेछ । विद्यालयहरुमा कम्प्यूटर पढाई भएको हुनेछ । इलाका हुलाक कार्यालयहरु र अतिरिक्त हुलाक कार्यालयको भवन र अन्य सुविधाको विस्तार भएको हुनेछ ।

## ६.४.६ नतिजा खाका

**तालिका न. ५५ : सञ्चार तथा सूचना प्रविधि पूर्वाधारक्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | कार्यकारिणी |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | रा.लेखा.स. | ,, | कार्यकारिणी |
| | **असर** | | | | | ,, | |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | |
| २. | लैङ्गिंक विकास सूचांक | | | | | ,, | |
| ३. | प्रतिव्यक्ति आय डलरमा | | | | | | |
| | **प्रतिफल** | सूचांक | | | | | |
| १. | मोबाइल टेलिफोन | ५३६२ | ६५०० | नगरपालिका सबै सडक | सडक सर्वेक्षण. | पूर्वाधार शाखा प्रमुख | सहयोग उपलब्ध भएमा |
| २. | नगरपालिकामा प्रकाशित हुने पत्रिका | ०० | १ | | ,, | ,, | ,, |
| ३. | नगरपालिकामा प्रसारण हुने टि.भि स्टेसन संख्या | ०० | ०० | | | | |
| ४. | नगरपालिकामा प्रकाशित हुने दैनिक तथा साप्ताहिक पत्रिका | ०० | १ | | | | |
| ५. | नगरपालिकामा सञ्चालित रेडियो स्टेसन संख्या | ०० | ०० | | | | |
| ६. | इन्टरनेट प्रदायक संस्था | २ | २ | | | | |
| ७. | नगरपालिकामा सञ्चालित हुलाक संख्या | | | | | | |
| ८. | इन्टरनेट प्रयोग गर्ने महिला | ६००० | १०००० | | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ९. | इन्टरनेट प्रयोग गर्ने पुरुष | ७००० | ११००० | | | | |
| . | **आयोजना कार्यक्रम** | | | | **घरधुरी सर्बेक्षण** | नगरपालिका | उपलब्ध भएमा |
| १. | सञ्चार सुदृढीकरण कार्यक्रम | ५ | | ,, | | " | ,, |
| २. | टेलिफोन लाइन विस्तार कार्यक्रम वटा | ५ | | " | | " | " |
| ३. | इन्टरनेट र वाइफाइ जडान कार्यक्रम (वस्ती वटा) | ५ | | ,, | | " | ,, |
| ४ | बसपार्क सम्भाब्यता | ५ | **१** | | | | |
| **५** | महोत्सव, सभाहल निर्माण | ५ | **१** | | | | |

**कार्यक्रम तथा अनुमानित वजेट :** पूर्वाधार क्षेत्र विकासका लागि विस्तृत कार्यक्रम तथा प्रक्षेपित वजेट वजेट तथा कार्यक्रम सम्वन्धी अनुसूचिमा उल्लेख गरिएकोछ । सारंशमा आर्थिक विकास सम्वन्धी कार्यक्रम र वजेट निम्न अनुसार रहेको छ ।

### तालिका न. ५६ कार्यक्रम तथा अनुमानित वजेट

**३ भौतिक विकास क्षेत्र**

| **विषयगत उपक्षेत्रहरु** | **आ.ब. २०७९/०८०** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **जम्मा रु.(०००)** |
|---|---|---|---|---|---|---|
| सडक | ११८१२० | ११८१२० | ११८१२० | ११८१२० | ११८१२० | ५९०६००.०० |
| आबास बस्ती तथा बजार विकास | २६४१७८.८ | २६४१७८.८ | २६४१७८.८ | २६४१७८.८ | २६४१७८.८ | १३२०८९४.०० |
| सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | ८४०००.०० | ८४०००.०० | ८४०००.०० | ८४०००.०० | ८४०००.०० | ४२००००.०० |
| जम्मा | ४६६२९८.८ | ४६६२९८.८ | ४६६२९८.८ | ४६६२९८.८ | ४६६२९८.८ | २३३१४९४.०० |

# परिच्छेद ७ लोकतन्त्र र सुशासन

## ७.१ शान्ति, सुरक्षा र सुव्यवस्था

**७.१.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको आवधिक योजना निर्माण र नगरवासीको शान्ती सुरक्षा आपसमा सम्बन्धीत रहेको छ । मानिसको लागि शान्ति सुरक्षा तथा सुव्यवस्था कायम गर्नु राज्यको कर्तव्य र नागरिकको मौलिक अधिकारको हो । नगरपालिका र जिल्लाको सदरमुकाम एकै स्थान भएकाले सबै सुरक्षाको घेरामा नगरपालिका छ । नागरिकले स्वतन्त्र र सुरक्षापूर्वक बाँच्न पाउनु पर्दछ । यस नगरपालिकामा शान्ति सुरक्षा कायम गर्न नेपाली सेना,सशत्र प्रहरी,जनपथ प्रहरी र चौकी चौकिहरु पनि रहेका छन् । यहाँ जिल्ला प्रशासन कार्यालयले नै शान्ति सुरक्षा तथा प्रशासनिक सेवा दिएको छ । नगरपालिकामा जिल्ला प्रहरी कार्यालयको आफ्नै राम्रो सुविधा सम्पन्न भवन निर्माण गरिएको छ । नगरपालिकाका उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति रहेको छ । नगरपालिकाले स्थानीय प्रहरी चौकी तथा जिल्ला प्रहरी कार्यालय दैलेख र जिल्ला प्रशासन कार्यालयसंग समन्वय गरी शान्ति सुरक्षा तथा सुव्यवस्था मिलाउने गरिएको छ ।

**७.१.२ प्रमुख समस्या :** नारायण नगरपीलिकाका सवै वडामा प्रहरी चौकीको समस्या भैरहेको छ । प्रहरी चौकीमा प्रहरीको दरवन्दी पुरा नहुँदा र स्तर वृद्धि नहुँदा शान्ति सुरक्षामा समन्वय गर्न कठिन देखिएको छ । छरिएर रहेको वस्ति, जनसंख्याको अनुपातमा सुरक्षा निकायको कम संख्या, आवश्यक लगानीको लागि श्रोत अपुग, नगरपालिकामा समन्वय अभाव, सुरक्षा निकायमा नगरपालिकाका पदाधिकारीको सिधै नियन्त्रण र निर्देशन दिने अधिकार नहुनु, मानव अधिकारको विषयमा जनचेतनाको कमि, लैङ्गिक हिस्सा दिनानु दिन वढ्दै जानु आदि समस्या रहेका छन् ।

### ७.१.३ चुनौती र अवसर

**चुनौती :** नगरपालिकामा सुरक्षा निकाय र जनप्रतिनिधिहरु बीच समन्वय कायम गर्न, नगरपालिकाको न्यायिक समितिहरुलाई सशक्तिकरण तथा पूर्वाधार निर्माण गर्न, सुरक्षा निकायको क्षमता सुदृढीकरण गर्न, नगरमा लैङ्गिक हिंसा न्यूनीकरण गर्न, सूचनाहरु सहि रुपमा र समयमा प्राप्त गर्न, सूचना विश्लेषण गर्न, सार्वजनिक स्थानको संरक्षण गर्न तथा शान्ति, सुरक्षा अमन चयन कायम गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** सवै वडाहरुमा सञ्चार नेटवर्क पुग्नु, सुरक्षा निकाय बीच समन्वय कायम रहनु, नगरपालिका र सुरक्षा निकाय बीचको सम्वन्ध सुमधुर रहनु, प्रहरी चौकिको भवन संरचना निर्माण हुनु, सवै जनताहरु बीच आपसी सद्भाव हुनु आदि अवसरहरु रहेका छन् ।

### ७.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** सुरक्षित नगरपालिकावासी, शान्ती र सुरक्षा

**लक्ष्य :** समाजमा शान्ति, सुरक्षा कायम गरी सुरक्षित समाजको निर्माण भएको हुने ।

उद्धेश्य : १.सवै समुदायमा शान्ति सुरक्षा कायम गरी अमन चयनको व्यवस्था भएको हुनेछ ।

२.सवै प्रहरी निकायहरुको क्षमता अभिवृद्धि भई सुरक्षा दिन सक्षम भएको हुनेछ ।

**तालिका न ५७ : रणनीति तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. सवै समुदायमा शान्ति सुरक्षा कायम गरी अमन चयनको व्यवस्था भएको हुनेछ। | |
| १.१ शान्ति सुरक्षा कायम गरी कानूनी शासनको पालना भएको हुनेछ। | १. शाीन्त सुरक्षा व्यवस्था कायम गर्ने।<br>२. सवैलाई समान अवसर प्रदान गर्ने वातवरण निर्माण गर्ने।<br>३. नगरपालिकाको न्याय समितिलाई क्षमता अभिवृद्धि गर्ने।<br>४. लैङ्गिंक हिड्सा शुव्य कायम गर्ने।<br>५. समाजमा रहेका भेदभाव कुरितिको अन्त्य गर्ने। |
| २. सवै प्रहरी निकायहरुको क्षमता अभिवृद्धि भई सुरक्षा दिन सक्षम भएको हुनेछ। | |
| २.१ प्रत्येक वडामा प्रहरी चौकि स्थापना गरी सुरक्षा कायम गर्ने। | ६. प्रहरी हाम्रा साथि भन्ने मुल नारा कायम गर्न सामुदायिक प्रहरी कार्यक्रम सञ्चालन गर्ने।<br>७. प्रहरीको मनोवल उच्च राख्न पूर्वाधार निर्माण गर्ने।<br>८. सुरक्षाकर्मीसंग समन्वय गरी नगरपालिकाको शान्ति सुव्यवस्था कायम गर्ने। |

- **प्रमुख कार्यकमहरु**

१. .प्रहरी क्षमता विकास तथा पूर्वाधार निर्माणमा सहयोग गरिनेछ।

**२.समुदाय प्रहरी साझेदारी कार्यक्रम** : सवै वस्तीमा सामुदायिक प्रहरी कार्यक्रम सञ्चालन गरी जनतालाई शान्ति सुरक्षा दिईनेछ।

**३.लैङ्गिंक हिंसा न्युनीकरण कार्यक्रम :** नगरपालिकाले लैङ्गिंक हिंसा शून्य सहिष्णुता नीति अवलम्वन गरी लैङ्गिक सहिष्णुता कायम गर्न जनचेतना कार्यक्रम सञ्चालन गरिने र न्यायिक समितिलाई सक्रिय वनाईनेछ। यसको लागि नगरवासी तथा प्रहरीहरु बीच समन्वय कायम गर्ने प्रयास गरिनेछ।

**४.समाज सुधार कार्यक्रम :** समाजमा शान्ति सुव्यवस्था कायम गर्न समाज सुधार कार्यक्रम जस्तै मेलमिलाप कार्यक्रम, अन्तरक्रिया, सामाजिक छलफल, सामुदायिक केन्द्र निर्माण कार्यक्रम, साक्षरता कार्यक्रम, वाल विवाह विरुद्धका कार्यक्रम, वहुविवाह विरुद्ध तथा लैंगिक हिंसा विरुद्ध कार्यक्रम जस्ता क्रियाकलापहरु सञ्चालन गरी समाजलाई सुसंस्कृत, अनुशासित, शान्त समाज निर्माण कार्यक्रम समुदायको सहभागितामा सञ्चालन गरिनेछ।

**५.लागू औषध नियन्त्रण कार्यक्रम** : लागू औषध विरुद्ध विभिन्न कार्यक्रम गैसस, निजी क्षेत्र, समुदायका सहभागितामा सञ्चालन गरिने छ।

## ७.१.५ अपेक्षित उपलव्धी :

नारायण नगरपालिकाका तथा नगरवासीको शान्ति सुरक्षा कायम भइ जीवन रक्षा अमन चयन प्राप्त भएको हुनेछ। यस नगरपालिकाका वडाहरुमा सामुदायिक प्रहरी निर्माण भई राम्रोसंग कार्यान्वयन भएको हुनेछ। वस्तीहरुमा अपराध शून्य भएको हुनेछ। नगरपालिकाको न्यायिक समितिको क्षमता अभिवृद्धि भएको हुने छ।

### ७.१.६ नतिजा खाका

**तालिका न. ५८ : लोकतन्त्र र सुशासन क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०७७/०७८ | आ.ब.को लक्ष्य २०८२/०८३ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | सहयोग निरन्तरता भएमा |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| | **प्रतिफल** | | | | | | ,, |
| १. | नगरपालिकामा अपराधका घटना | सूचांक | | न्यून रहेको हुनु | घरधरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |
| २. | न्याँयिक समिति | सूचांक | | | ,, | ,, | ,, |
| ३. | प्रहरी चौकी व्यवस्थित | | | | | | |
| ४. | भौतिक वा यौन हिंसा भोगेका महिला | | | | | | |
| . | **आयोजना कार्यक्रम** | | | | घरधुरी सर्बेक्षण | नगरपालिका | उपलब्ध भएमा |
| १. | प्रहरी सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम | | | ,, | | ,, | ,, |
| २. | कानूनी परामर्श सेवा केन्द्र | | | ,, | | ,, | ,, |
| ३ | न्यायिक समिति सकिय गराउने कार्यकम | | | | | | |

## ७.२ संस्थागत व्यवस्था, शासकीय सुधार तथा सुशासन

**७.२.१ पृष्ठभूमि :** नेपालमा संघीय शासन व्यवस्थाको सुरुवात २०७२ को संविधानले भरखर मात्र सुरुगरेको हो । नेपालको संविधानले संघ, प्रदेश तथा स्थानीय सरकार गरी ३ तहको सरकारको व्यवस्था गरेको छ । जनतालाई सेवा तथा सुविधाहरु जनताको घरदैलोवाट उपलब्ध गराउने लक्ष्य अनुसार शासकीय स्वरुप परिवर्तन गरिएको छ । तिनै तहको निर्वाचन गरी आवश्यक कानूनको समेत तर्जुमा गरी अघि वढेको छ । तत्कालिन नारायण नगरपालिकाका सवै वडा ,खरीगैरा गाउँपालिकाका ८ र ९ वडा,भवानीगाउँपालिका १–९ र विन्ध्यवासीनी गाउँपालिका १–९ वडा गरेर ११ वडामा विभाजा गरेर नगरपालिकाको गठन भएको छ । नेपालको संविधान अनुसार स्थानीय सरकारको रुपमा यस नगरपालिकाको मिति २०५३ सालमा स्थापना भएको नगरपालिका २०७३ मा पुन संरचना स्थापना भएर दोस्रो निर्वाचनद्धारा जनप्रतिनिधिहरु निवाचित भई कार्य अघि वढिरहेको छ । संविधानले दिएको एकल अधिकार तथा संयूक्त

अधिकारहरुको प्रयोग भइरहेको छ । यस नगरपालिकामा शिक्षा, स्वास्थ्य, पशु विकास, महिला विकास, सहकारी, इन्जिनियरिङसंग सम्वन्धित प्राविधिक, कानून लगायत कानूनले तोके अनुसारका जनशक्ति, वजेट र कार्यक्रम हस्तानान्तरण भई आएको छ । कानूनले निर्धारण गरे अनुसार संस्थागत, कानूनीगत तथा प्रक्रियागत रुपमा कार्य अघी वढाइएको छ । स्थानीय सरकारको रुपमा नगरपालिका गठन भई दोस्रोनिर्वाचनवाट नेतृत्व आएपछि दोस्रो वर्षको संघारमा पुगेको छ । संविधानले प्रत्याभुत गरेका अधिकार सहजरुपमा उपयोग गर्ने वातावरण सिर्जना गर्नु आवश्यक रहेको छ । नगरपालिकाले छिटो छरितो, मितव्ययी, पारदर्शी, सेवामुखी, जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने, निष्पक्ष, भ्रष्टचारमुक्त, सहभागिता मुलक किसिमले सुशासन दिनु आजको आवश्यकता रहेको छ । नगरपालिकाले नगरपालिका सडक गुरुयोजना, उद्यम विकास योजना, पर्यटन विकास योजना, कृषि विकास योजना, प्रथम नगरपालिका पञ्चवर्षीय आवधिक विकास योजना २०८० स्वीकृत गरी कार्यान्वयनमा ल्याउने लक्ष्य छ । आर्थिक प्रशासन सम्वन्धी कार्य सफ्टवेयर प्रविधि लागू गरेको छ ।

**७.२.२ प्रमुख समस्याहरु :** नारायण नगरपालिकाले शासकीय सुधारको लागि विभिन्न प्रयास गरेको भएतापनि दरवन्दी अनुसार कर्मचारीहरुको व्यवस्थापन नहुनु, नगरपालिकाले निर्माण गर्नु पर्ने ऐन कानून निर्माण जनशक्तिको कारणले गर्दा समयमा निर्माण हुन नसक्नु, कार्यालयको सुविधा सम्पन्न भवन नहुनु, नगरपालिकाको आवश्यकता धेरै आन्तरिक श्रोत स्रोत न्यून रहनु, कार्यालयको सेवा पेपरलेस गराउन वडाहरुमा इन्टरनेट लगायतको सेवा प्रयाप्त नहुनु, प्रविधि सम्वन्धी ज्ञानको कमि हुनु, नयाँ व्यवस्था भएकोले द्रुत गतिमा अगाडि वढ्न नसक्ने आदि समस्या रहेका छन् ।

## ७.२.३ चुनौती र अवसरहरु

**चुनौती** : नारायण नगरपालिकाको संस्थागत सुदृढीकरण गर्न, नगरवासीको लागि सेवा सुविधा व्यवस्थित रुपले सञ्चालन गर्न, वडा कार्यालयहरुको भवन तथा अन्य व्यवस्था गर्न , आवश्यक अनुसारको दरवन्दी थप गरी कर्मचारी व्यवस्थापन गर्न, प्रविधि मैत्री नगरपालिका वनाउन, कर्मचारी तथा जनप्रतिनिधिहरुमा तालिमको व्यवस्था गर्न, जनप्रतिनिधिहरुलाई स्वदेश तथा विदेश भ्रमणको व्यवस्था गर्न, नगरपालिकाको प्रशासन तथा सेवा प्रवाह छिटो छरितो, मितव्ययी, पारदर्शी, सेवामुखी, जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने, निष्पक्ष , भ्रष्टचारमुक्त, सहभागितामुलक किसिमले सुशासन गराउन चुनौती रहेकोछ ।

**अवसरहरु** : संवैधानिक रुपवाट तीन किसिमका सरकारको काम, कतर्व्य ,जिम्मेवारी स्पष्ट तोकिनु , नगरपालिकामा निर्वाचित जनप्रतिनिधिहरु सशक्तरुपमा विकास निर्माणका काम तथा प्रशासनिक कार्य अगाडि वढाउनु, नगरपालिकाले माथि लेखिएका विभिन्न क्षेत्रका आवधिक विकास योजना स्वीकृत गर्नु, विभिन्न ऐन, कानून तथा कार्यविधि स्वीकृत गरी लागू गर्नु, प्रदेश तथा संघीय सरकारवाट विकास वजेट तथा विभिन्न श्रोत उपलव्ध गराउनु जिल्ला, प्रदेश तथा संघसंग राम्रो समन्वय हुनु आदि अवसरहरु हुन् ।

## ७.२.४ दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच** : 'हाम्रो नगरपालिकाको सान, सुशासन , समृद्धी र पहिचान'

**लक्ष्य :** नगरपालिकाको संगठनात्मक र संस्थागत क्षमता सुदृढीकरणवाट सुशासन, आर्थिक, सामाजिक विकास

भई नगरवासीको जीवन स्तरमा व्यापक सुधार भएको हुनेछ ।

**उद्धेश्य** : १. नगरपालिकाको भौतिक संरचनाको निर्माणवाट सेवा प्रवाहमा व्यापक सुधार भई जनतालाई सहज र सुविधा भएको हुनेछ ।

२. विकास तथा सार्वजनिक प्रशासनिक क्षमताको विकास तथा सुशासनको माध्यमवाट शासकीय व्यवस्थापन सुदृढ भएको हुनेछ ।

**तालिका न. ५९ : रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १.नगरपालिकाको भौतिक संरचनाको निर्माणवाट सेवा प्रवाहमा व्यापक सुधार भई जनतालाई सहज र सुविधा भएको हुनेछ । | |
| १.१ नगरपालिकावाट प्रदान गरिने सेवा तथा सुविधामा सवैको पहुच पुऱ्याउने नीति लिईनेछ । | १. यसअघि तयार भएको नगर सडक गुरुयोजना अनुसार नगरपालिका कार्यालय परिसरमा आधुनिक भवन निर्माण गर्ने र विशेषज्ञ सेवामा जोड दिने ।<br>२. नगरपालिका तथा सवै वडाहरुमा हाजिरि तथा विद्युतिय नागरिक वडापत्र राख्ने व्यवस्था मिलाइने ।<br>३.नगरपालिकावाट प्रदान गरिने सेवा प्रवाहको मापदण्ड तयार गरी लागू गरिने ।<br>४..नगरपालिका तथा अन्य कार्यालय तथा वडाका भवनहरु निर्माण गर्दा अपाङगमैत्री गराउने नीति लिइने ।<br>५..नगरपालिकामा सडक गुरुयोजना अनुसार मात्र सडक मापदण्ड कार्यान्वयन गर्ने ।<br>६.सामाजिक सुरक्षा र समृद्ध परिवार निर्माणमा जोड दिइने ।<br>७.प्रविधियूक्त, अपाङ्ग मैत्री सार्वजनिक भवन निमार्णमा जोड दिने नीति लिइने । |
| १.२ नगरपालिकाका जनप्रतिनिधि एवं कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्ने । | १. सवै कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई आवश्यक अनुसारको तालिम दिई सक्षम वनाईने<br>२. सबै सुचाङकहरुमा अब्बल स्थानीय तहहरुको अध्ययन भ्रमण गराई सिप तथा ज्ञानको आदान प्रदान गरिने ।<br>३. विकासका परिणाम विपन्न वर्गसम्म पुऱ्याउने ।<br>४. योजनाको छनोट देखि कार्यान्वयन सम्म स्थानीय जनताको सहभागितामा गर्ने ।<br>५. निजी क्षेत्रलाई नगरपालिकाको आर्थिक तथा सामाजिक क्षेत्रको विकासमा अग्रसर गराउने ।<br>६. सामाजिक विकासका कामहरुमा गैह्रसरकारी संस्थाहरुलाई प्रत्साहन गर्ने । |
| २. विकास तथा सार्वजनिक प्रशासनिक क्षमताको विकास तथा सुशासनको माध्यमवाट शासकीय व्यवस्थापन सुदृढ भएको हुनेछ । | |
| २.१ नगरपालिकाको प्रशासन तथा सेवा प्रवाह छिटो छरितो, मितव्ययी, पारदर्शी, सेवामुखी, जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने, निष्पक्ष , सहभागितामुलक किसिमले सुशासन गराउने । | १. नगरपालिकाको भूउपयोग नक्सा तयार गरी विविध कार्यको लागि उपयोग गर्ने ।<br>२. नगरपालिका लगायत वडाहरुमा आधुनिक प्रविधियूक्त, निशुल्क वाईफाइ र नेटवर्कमा आधारित प्रशासनिक पद्धति अपनाउने ।<br>३. नगरपालिकाको दरवन्दी पुनरावलोकन गरी सवै पदपूर्ति गर्ने व्यवस्था मिलाइने ।<br>४. योजना पद्धतिमा तथा अनुगमन तथा मुल्याङकन पद्धतिमा सुधार गर्ने ।<br>५. नगरपालिकाको लागि संविधान र ऐन कानूनले तोके अनुसार र आवश्यकता अनुसारका सम्पूर्ण कानून, निर्देशिका तयार तथा स्वीकृत गरि लागू गरिने ।<br>६.नगरपालिकावाट प्रदान गरिने सेवा सुविधामा सवैको पहुच पुयाउने नीति लिईने ।<br>७. सामाजिक सुरक्षा र समृद्ध परिवार निर्माणमा जोड दिइने ।<br>८. नगरवासीको लागि वा आफू कार्यरत संस्था प्रति अनुकरणीय कार्य गर्ने कर्मचारी, शिक्षक, जनप्रतिनिधि, सामाजिक कार्यकर्तालाई सम्मान गर्ने निति लिइने । |

**कार्यक्रमहरु**

**संस्थागत विकास तथा सेवा प्रवाह सम्वन्धी कार्यक्रमहरु**

**नगरपालिकाले आफै कार्यान्वयन गर्ने कार्यक्रमहरु** – नगर सडक गुरुयोजना अनुसार नगरपालिका परिसर निर्माण गरिनेछ ।

१. कर्मचार संगठन विकास अध्ययन र पदपूर्ति कार्यक्रम सञ्चालन गरिनेछ ।

२.जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

३.सहभागिता मुलक समावेशी समन्यायीक, उत्तरदायी शासन कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

**संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गर्ने कार्यक्रमहरु**

१. सवै कर्मचारीहरु तथा जनप्रतिनिधिहरुलाई तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम ।

२. स्वदेश तथा विदेश भ्रमण कार्यक्रम

३.राजनैतिक नेतृत्व विकास कार्यक्रम

## ७.२.५ अपेक्षित उपलव्धी :

यस योजनाको अन्त्य सम्ममा हाल कृषि सेवा केन्द्रको जग्गा नगरपालिका कार्यालयलाई हस्तान्तरण भई सञ्चालन भएको र नगरपालिकाले सबै जग्गा भएकोले २०८३ सालसम्ममा जग्गाको मास्टर प्लान निर्माण गरी नगरपालिकाको आफनो भवन, अन्तरगतका शाखाहरु र व्यापारिक भवन निर्माण भइ सवै प्रविधि र फर्निचर समेतका सुविधा यूक्त भवन निर्माण सम्पन्न भएको हुनेछ । वडा कार्यालायहरु मध्ये निर्माणाधिन र पुराना स्थितिमा रहेका सबैको निर्माण सम्पन्न भइ प्रविधि तथा फर्निचर समेत व्यवस्था गरी सुविधायूक्त भवनहरु तयार हुने छन् । नगरपालिकामा र सो अन्तरगत रहेका शाखाहरुको संगठन विकास सम्वन्धी अध्ययन भई सिफारिश अनुसार दरवन्दी स्वीकृत गरी पदपूर्ति समेत भैकेको हुनेछ । आन्तरिक श्रोतको क्षमतामा अभिवृद्धि गरी हालको ... लाख वाट वढेर २०८५ साल सम्ममा .. करोड वार्षिक आम्दानी भएको हुनेछ । सवै कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुनरताजगी तालिम प्राप्त गरी कार्य क्षमता उत्कृष्ट हुनेछ । नगरपालिकाको प्रशासन तथा सेवा प्रवाह छिटो छरितो, मितव्ययी, पारदर्शी, सेवामुखी, जिम्मेवार, उत्तरदायि, निष्पक्ष, भ्रष्टचारमुक्त र सहभागिता मुलक सुशासन भएको नगरपालिका हुनेछ ।

## ७.१.६ नतिजा खाका

**तालिका न. ६० : संस्थागत व्यवस्था, शासकीय सुधार तथा सुशासनक्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८/०८३ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिक | सहयोग |

| क.सं. | प्रभाव  नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८/०८३ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ा | निरन्तरता भएमा |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| २. | लैङ्गिंक विकास सूचांक | | | | | | |
| | **प्रतिफल** | | | | | | ,, |
| १. | लैङ्गिंक विकास सूचांक | सूचांक | | | घरधुरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |
| २. | सुशासन दर | सूचांक | | | ,, | ,, | ,, |
| ३. | विकास तथा प्रशासनिक कार्य क्षमता | | | | | | |
| ४. | घरबाट ३० मिनटको पैदल यात्रामा पक्की सडकको पहुँच | | | | | | |
| ५. | घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने परिवार | | | | | | |
| . | **आयोजना कार्यक्रम** | | | | घरधुरी सर्वेक्षण | नगरपालिका | उपलब्ध भएमा |
| १. | नगरपालिका परिसरको सबै मास्टर प्लान वनाउने कार्यकम | **१** | | | ,, | ,, | ,, |
| २. | नगरपालिका वडाको सुविधा सम्पन्न भवन निर्माण मरमत कार्यकम | **११** | | | ,, | ,, | ,, |
| ३ | वडा कार्यालयहरुको भवन स्तरउन्नति र मरमत कार्यकम | **५** | | | ,, | ,, | ,, |
| ४. | कर्मचारी संगठन विकास अध्ययन र पदपूर्ति | **५** | | | ,, | ,, | ,, |

| क.सं. | प्रभाव  नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८/०८३ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | |
| ५. | कानूनले तोके अनुसारका ऐन,नियम तथा कार्यविधि तर्जुमा कार्यक्रम आवश्यकता अनुसार | ५ | | | ,, | " | ,, |
| ६. | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ५ | | | ,, | " | " |
| ७. | वडा कार्यालय सुदृढिकरण कार्यक्रम | ५ | | | ,, | " | ,, |
| ८. | जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्वदेश तथा विदेश भ्रमण कार्यक्रम | ५ | | | ,, | " | " |
| ९. | स्वदेशी तथा विदेशी स्थानिय तहसंग भगेनी सम्वन्ध कार्यक्रम | ५ | | | ,, | " | ,, |
| १०. | स्वदेश तथा विदेशामा रहेका व्यक्ति तथा संस्थासंग अन्तरकृया तथा सहयोग प्राप्ति कार्यक्रम | ५ | | | ,, | " | " |
| ११ | कर्मचारीहरुलाई तालिम वटा | ५ | | | | | |
| १२ | सहभागितायोजना तर्जुमा/सार्वजनिक सुनुवाई जनलेखा परिक्षण, घुम्तीसेवा | ५ | | | | | |
| १३ | स्थानीय गैससहरूद्धारा वडा तथा नगरपालिकाको श्रोत परिचालन | ५ | | | | | |
| १४ | आधुनिक प्रविधी हस्तान्तरण तालिम कार्यक्रम | ५ | | | ,, | " | " |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८/०८३ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १५ | दक्ष जनशक्तिको व्यवस्थापन तालिम कार्यक्रम | **५** | | | | | |

## ७.३ वित्तिय व्यवस्थापन, सुशासन र भ्रष्ट्रचार निवारण

**७.३.१ पृष्ठभूमि :** नारयण नगरपालिकामा बसोबास गर्ने नागरिकलाई सेवा तथा सुविधाहरु जनताको घरदैलोवाट उपलव्ध गराउने, शिक्षा, स्वास्थ्य, पशु, महिला, सहकारी, इन्जिनियरिङ प्राविधिक, कानून लगायत कानूनले तोके अनुसारका जनशक्ति, वजेट र कार्यक्रम हस्तानान्तरण भई आएको र कानूनले निर्धारण गरे अनुसार संस्थागत, कानूनीगत तथा प्रक्रियागत रुपमा कार्य अगाडि वढाइएको छ । नगरपालिकाले छिटोछरितो, मितव्ययी, पारदर्शी, सेवामुखी, जिम्मेवारी र उत्तरदायित्व वहन गर्ने, निष्पक्ष, भ्रष्टचारमुक्त, सहभागिता मुलक किसिमले वित्तिय सुशासन दिनु आजको आवश्यकता रहेको छ । भ्रष्टचारमुक्त प्रशासन, वित्तिय अनुशासन कायम गर्नको लागि यस नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाएर र आर्थिक प्रणाली सफ्टवेयर मार्फत सञ्चालन गरिएको छ ।

**७.३.२ प्रमुख समस्याहरु :** नारायण नगरपालिकामा वित्तिय व्यवस्थापन, सुशासन र भ्रष्टाचार निवारण गर्नको लागि केहि समस्याहरु देखिएका छन् । नगरपालिकाको आन्तरिक श्रोत न्यून हुनु, वाहयवाट प्राप्त श्रोत पनि थौरै नै हुनु, आर्थिक प्रशासन शाखाका कर्मचारीहरुको पनि स्थायित्व नहुनु, वेरुजुको मात्रा पनि वढदै जानु, वेरुजुको लगत नराख्नु, जिम्मा लिएका संस्था तथा व्यक्तिले तोकिएको समयमा कार्य सम्पन्न नगर्नु, नगरमा आधारित अर्थ व्यवस्था हुनु, कार्यक्रम र श्रोत बीचको फरक ज्यादै वढि हुनु आदि समस्या रहेका छन् । आर्थिक कारणले नगरपालिकाका सबै ऐन, नियम, निर्देशिका र कार्यविधिहरु बनाउन सकिएको अवस्था छैन ।

**७.३.३ चुनौती र अवसरहरु :**

**चुनौतीहरु :** नगरपालिकाको कर राजश्व र शुल्क लगायतका आन्तरिक तथा वाह्य आम्दानीका श्रोतहरु वृद्धि गर्न, वित्तिय अनुशासन कायम गर्न, भ्रष्ट्रचार मुक्त नगरपालिका वनाउन, आर्थिक प्रशासन शाखाको क्षमता वृद्धि गर्न, आलेप शाखालाई प्रभावकारी वनाउने, जनशक्तिलाई स्थायित्व दिन चुनौती रहेको छ । समयमा प्रदेश र संघवाट अनुदान तथा श्रोत प्राप्त गर्न, वार्षिक खरिद योजना निर्माण गरी सो अनुसार कार्यान्यिन गर्न, समयमा ठेक्का पट्टा तथा उपभोक्तासंग सम्झौता गरी समयमा कार्य सम्पन्न गर्न, आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने प्रवृतिलाई राक्ने कार्य चुनौतीपूर्ण कार्य रहेको छ ।

**अवसरहरु :** नगरपालिकाका आर्थिक प्रशासन कार्य सफट्वेयर मार्फत सञ्चालन गरिनु, नगरपालिकालाई प्रयाप्त अधिकारहरु दिईनु, आर्थिक प्रशासन सम्वन्धी नियम कानून स्पष्टरुपमा उल्लेख गर्नु, निश्चित अवधिमा कार्यहरु सम्पन्न गर्नुपर्ने दायित्व सृजना हुनु, तिनवटा सरकारको कार्यक्षेत्र स्पष्ट व्यवस्था गरिनु, नगरपालिकाको लेखापक्षिण गर्न महालेखालाई नै तोकिनु, वहुवर्षीय ठेक्का प्रथा हुने व्यवस्था मिलाउनु आदि अवसरहरु हुन् ।

### ७.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति,कार्यक्रम

**दीर्घकालिन सोच :** आन्तरिक आम्दानी वृद्धि गरी आत्मनिर्भर वित्तिय व्यवस्था

**लक्ष्य :** नगरपालिकाको स्रोत पहिचान परिचालन गरी सुशासनको माध्यमवाट जनतामा समृद्धि प्राप्त भएको हुनेछ ।

**उद्धेश्य : १.** नगरपालिकाको वित्तिय व्यवस्थापनमा व्यापक सुधार गरी श्रोत साधनको समुचित प्रयोगवाट आर्थिक तथा सामाजिक विकास भएको हुनेछ ।

२. आर्थिक ऐन नियमको पालन र कार्यान्वयन गरी आर्थिक सुशासन तथा भ्रष्टाचार मुक्त भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

**रणनीति :** १.नगरपालिकाको वित्तिय व्यवस्थापनमा व्यापक सुधार गरी श्रोत साधनको समुचित प्रयोगवाट आर्थिक तथा सामाजिक विकास भएको हुनेछ ।

१.१ नगरपालिका तथा वडाहरुमा आधुनिक प्रविधियूक्त, निशुल्क इन्टरनेट र नेटवर्कमा आधारित आर्थिक पद्धति अपनाउने ।

२. आर्थिक ऐन, नियमको पालन र कार्यान्वयन गरी आर्थिक सुशासन तथा भ्रष्टाचारमुक्त भएको हुनेछ ।

२.१ नगरपालिकाको वित्तिय व्यवस्था सुदृढिकरण गरिने र करका दायराहरु फराकिलो पारी आन्तरिक आम्दानी वृद्धि गर्ने

३.१ वेरुजु न्यून गराउने, वेरुजु लगत राख्ने र समयमा नै नियमित गराउने ।

१. सार्वजनिक सुनाई, सामाजिक परिक्षण, सार्बजनिक परिक्षण, मोवाइल एप, सूचना तथा खर्च विवरण Website मा राख्ने व्यवस्था लगायत प्रविधि अपनाई वित्तीय कारोवार पारदर्शि रुपमा सञ्चालन गरिनेछ ।

२.नगरपालिकाको कारोवार पारदर्शी वनाउनको लागि सामाजिक परिक्षण,सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षणको सूचना टाँस व्यवस्था तथा सञ्चार माध्यमबाट जनतालाई जनकारी गराउने नीतिलिने ।

३. सम्पूर्ण लेखा व्यवस्था कम्प्यूटराइज गरिने ।

४. कार्य सम्पादनमा आधारित मूल्याङ्कन व्यवस्था मिलाईनेछ । कार्यसम्पादनमा दण्ड र पुरस्कार व्यवस्था कार्य सम्पादनमा आधारित गराउने नीति लिईनेछ ।

५. नगरपालिकावाट प्रदान गरिने सेवा प्रवाहको मापदण्ड तयार गरी लागू गरिनेछ ।

६. संविधान र ऐन कानून र आवश्यकता अनुसार सम्पूर्ण कानून, निर्देशिका तयार तथा स्वीकृत गरि लागू गरिनेछ

७. नगरपालिका तथा सवै वडाहरुमा हाजिरी तथा नागरिक विद्युतिय वडापत्र राख्ने व्यवस्था मिलाइनेछ ।

८. नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्नको लागि विशेष पहल गरिनेछ ।

१०. वित्तिय अनुशासन कायम गरिने र भ्रष्टाचार प्रति शुन्य सहिष्णु नीति अवलम्वन गरिने ।

११. खर्चका मापदण्ड तयार गरी लागू गरिने ।

१२. सवै शाखा स्थापना गरी कर्मचारी सहित प्रविधियूक्त वनाइने ।

१३. वेरुजुको लगत तयार गरी समयमा फछ्यौट गर्ने ।

१४. स्थानीय संघ संस्थाको क्षमता अभिवृद्धि गर्न लगानी वढाईनेछ ।

१५. विकासको आधार शुसासन भन्ने नीति अवलम्वन गरिनेछ ।

१६. नगरपालिका लगायत वडाहरुमा आधुनिक प्रविधियूक्त, निशुल्क वाईफाइ र नेटवर्कमा आधारित पेपरलेस पद्धति अपनाईनेछ ।

१७. प्रभावकारी अनुगमन र मुल्याङ्कनको व्यवस्था गरिनेछ ।

**प्रमुख कार्यक्रमहरु :**

**नगरपालिकावाट आफै सञ्चालन गरिने कार्यक्रमहरु**

१. सफ्टवेयर तथा नेटवर्क सम्वन्धी कार्यक्रम सञ्चालन गरिने छ ।

२.सार्वजनिक सुनाई, सामाजिक परिक्षण, सार्वजनिक परिक्षण,मोवाइलएप, सूचना तथा खर्च विवरण Web Side मा राख्ने व्यवस्था कार्यक्रम गरिनेछ ।

३. नगरपालिकाको वित्तिय व्यवस्था सुदृढिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

४. सवै शाखालाई व्यवस्थित बनाईनेछ ।

५. सेवा प्रवाहको मापदण्ड तयार गरी कार्यान्वयन गरिने छ ।

६. कार्य सम्पादनमा आधारित मूल्याङकन कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नगरपालिकाको लागि आवश्यक कानून, निर्देशिका तयार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८. अनुगमन तथा मूल्याङ्कन कार्यक्रम सञ्चालन गरिनेछ ।

**संघं तथा प्रदेश सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

१. कानून, निर्देशिका तयार गर्ने कार्यक्रम पुरा गरिनेछ ।

२. राजश्व परिचालन क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।

३. लेखा प्रणाली सुदृढीकरण कार्याक्रम संचालन गरिनेछ ।

४. विद्युतीय आर्थिक कारोवार प्रणालीको सुदृढीकरण कार्यक्रम संचालन गरिनेछ ।

## ७.३.५ अपेक्षित उपलव्धी :

नगरपालिकाको आन्तरिक तथा वाह्य्य श्रोतमा प्रति वर्ष दोव्वर वृद्धि भएको हुनेछ । नगरपालिकाको आर्थिक प्रशासन शाखाको पूर्ण रुपमा दरवन्दी पूर्ति भएको हुनेछ । लेखा प्रणाली कम्प्यूटराइज्ड भई पूर्णरुपमा सफ्टवेयर प्रणाली लागू भएको हुनेछ । खर्चका मापदण्ड तयार गरी लागू गरिएको हुनेछ । नगरपालिकामा तोकिएका ऐन, कानून, निर्देशिका लागू गरी सुशासन कायम भएको हुनेछ । नगरपालिकाको वेरुजु स्थिति प्रतिवर्ष खर्च गरेका रकमको २ प्रतिशत भन्दा तल भएको हुनेछ । नगरपालिकाका सम्पूर्ण श्रेस्ताहरु अध्यावधिक भएको हुनेछ । लेखापरिक्षण, सार्वजनिक सुनाई, सामाजिक परिक्षण लगायतका तोकिए अनुसारका परिक्षणहरु तोकिएको समयमा गरिने छन् । आन्तरिक श्रोतको क्षमतामा अभिवृद्धि गरी हालको .. करोड ... लाख वाट वढेर २०८५ साल सम्ममा ... करोड भन्दा माथि वार्षिक आम्दानी भएको हुनेछ । सवै कर्मचारी तथा जनप्रतिनिधिहरुलाई पुनरताजकि तालिम दिई सवै क्षमतावान भएका हुनेछन् ।

### ७.३.६ नतिजा खाका

**तालिका न. ६१ : वित्तिय व्यवस्था, सुशासन र भ्रष्टचार क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | सहयोग भएमा |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| २. | लैङ्गिंक विकास सूचांक | | | | | | |
| | **प्रतिफल** | | | | | | ,, |
| १. | सेवा प्रवाह अति उत्तम | सूचांक | | | घर धुरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |
| २. | सुशासन दर उच्च | सूचांक | | | ,, | ,, | ,, |
| ३. | विकास तथा प्रशासनिक कार्य क्षमता | | | | | | |
| ४. | घरबाट ३० मिनेटको पैदलयात्रामा पक्की सडकको पहुँच भएका | | | | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | | | | | | |
| ५. | घरबाट स्वास्थ्य संस्था (Health facility) मा पुग्न ३० मिनट वा सोभन्दा कम समय लाग्ने परिवार | | | | | | |
| . | **आयोजना कार्यक्रम** | | | | **घरधुरी सर्बेक्षण** | प्रशासन प्रमुख पालिका | सहयोग उपलब्ध भएमा |
| १. | आन्तरिक आय वृद्धि कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| २. | स्वदेश तथा विदेशवाट सहयोग तथा ऋण प्राप्त कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ३ | नगरपालिकाको वित्तिय व्यवस्था सुदृढिकरण कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ४. | शाखा ब्वस्थापन कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ५. | सेवा प्रवाहको मापदण्ड तयार कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ६. | कार्य सम्पादनमा आधारित मूल्यांङ्कन कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ७. | कानून, निर्देशिका तयार गर्ने कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ८. | अनुगमन तथा मूल्यांङ्कन कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| ९. | सार्वजनिक सुनाई कार्यक्रम | **१५** | | | ,, | ,, | ,, |
| १०. | सामाजिक परिक्षण कार्यृक्रम | **५** | | | ,, | ,, | ,, |
| ११. | सार्वजनिक परिक्षण कार्यक्रम | **१५** | | | ,, | ,, | ,, |
| १२. | मोवाइल एप कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| १३. | सूचना तथा खर्च विवरण Webside साइडमा राख्ने व्यवस्था कार्यक्रम | **५** | | | ,, | ,, | ,, |
| १४. | इलेक्ट्रोनिक हाजिरी व्यवस्था | **५** | | | ,, | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १५. | सहयोगी कार्यकक्ष, विषयगत सम्पर्क व्यक्तिको व्यवस्था | ५ | | | ” | ” | ” |
| १६. | नागरिक वडापत्रको व्यवस्था | ५ | | | ” | ” | ” |
| १७. | प्रत्येक टोलमा फ्रि वाइफाइ तथा इन्टरनेट सेवा सुविधा | ५ | | | ” | ” | ” |
| १८. | सामुदायिक प्रविधि मैत्री कार्यक्रम | ५ | | | ” | ” | ” |
| १९. | अपाङ्ग ,वालमैत्री, महिला मैत्री भवन तथा पूर्वाधार व्यवस्था | ५ | | | ” | ” | ” |
| २०. | सेवा करार प्रणाली कार्यक्रम | ५ | | | ” | ” | ” |

**कार्यक्रम तथा अनुमानित वजेट**

लोकतन्त्र र सुशासन क्षेत्र विकासका लागि विस्तृत कार्यक्रम तथा प्रक्षेपित वजेट तथा कार्यक्रम सम्वन्धी अनुसूचिमा उल्लेख गरिएकोछ ।

**तालिका न.६२ : कार्यक्रम तथा अनुमानित वजेट**

**५.लोकतन्त्र सुशासन तथा सस्थागत विकास समुह**

| **विषयगत उपक्षेत्रहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु.(000)** |
|---|---|---|---|---|---|---|
| सस्थागत व्यबस्था,शासकीय सुधार तथा सुशासन | २२१००.०० | २२६००.०० | २२१००.०० | २२१००.०० | २२१००.०० | १११०००.०० |
| वित्तिय ब्यबस्था र भ्रष्टचार निवारण | १३०६०.०० | १३०६०.०० | १३०६०.०० | १३०६०.०० | १३०६०.०० | ६५३००.०० |
| सुशासन | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | २३८५०.०० |
| जम्मा | **४००३०.००** | **४००३०.००** | **४००३०.००** | **४००३०.००** | **४००३०.००** | **२००१५०.००** |

# परिच्छेद आठ : अन्तर सम्वन्धित विषय

## ८.१ तथ्याङ्क प्रणाली

**८.१.१ पृष्ठभूमि :** विकासको लागि सत्य र तथ्यमा आधारित तथ्याङ्क व्यवस्था हुन आवश्यक छ । यस नगरपालिका नयाँ गठन भएको भएतापनि तत्कालिन नारायण नगरपालिका,खरीगैरा गाउँपालिका, भवानीगाउँपालिका, विन्धवासीनी गाउँपालिका १ नगरपालिका  २ वटा गाविस र खरीगैराको ८ र ९ वडा अनुसार भएका तथ्याङ्कलाई एकीकृत गरी नगरपालिकाको तथ्याङ्क कायम गरिएको छ । नगरपालिकाको पहलमा घरधुरी सर्वेक्षण गरी यथार्थ तथ्याङ्क सङ्कलन तथा प्रशोधन गरी प्रोफाईल अध्यावधिक गरिएको छ । यो आवधिक योजनामा सर्वेक्षणद्धारा प्राप्त तथ्याङ्कलाई उल्लेख गरिएको छ । प्रोफाइलमा आवश्यक अनुसारको तथ्याङ्क विश्लेषण गर्न नसकिएका कतिपय विषयहरु दैलेख जिल्ला, सो पनि अधुरो भएको खण्डमा कर्णाली प्रदेशको तथ्याङ्कलाई आधार मानिएको छ । प्रदेशमा पनि यथार्थता पत्ता लनगरन नसकेको विषय केन्द्रीय तथ्याङ्क विभागले तयार गरेको आधारमा उल्लेख गरिएको छ । जिल्लाका तथ्याङ्कको लागि आधिकारिक निकाय जिल्ला तथ्याङ्क कार्यालय, दैलेख रहेको छ । नगरपालिकामा तथ्याङ्क अध्यावधिक गर्न व्यवस्थित शाखा तथा निकाय हुनु पर्ने देखिन्छ । जन्म, मृत्यु, विवाह आदि घटनाहरु, व्यक्तिको स्थिति विवरण आदिको लागि घटना घट्ने वित्तिकै अध्यावधिक गर्ने सफटवयेर लागू गरि अध्यावधिक गर्ने पद्धतिको विकास गर्नु पर्दछ ।

**८.१.२ प्रमुख समस्या :** नगरपालिकमा तथ्याङ्क शाखा स्थापना नगरिनु, नगरपालिकास्तरका तथ्याङ्कहरु अध्यावधिक गर्ने व्यवस्था नहुनु, तथ्याङ्क सङ्कलन, विश्लेषण गर्ने क्षमताको जनशक्ति नहुनु, भएका तथ्याङ्कहरुको विश्वासनियतामा प्रश्न उठ्नु, तथ्याङ्कमा आधारित योजना तथा कार्यक्रम सञ्चालन नगरिनु जस्ता समस्याहरु देखाएका छन् ।

### ८.१.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** विकासको लागि सहि र यथार्थ सूचना तथा तथ्याङ्क सङ्कलन गर्न, भएका घटनाहरुलाई अध्यावधिक गर्न आवश्यक सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याउन, नगरपालिकामा तथ्याङ्क अध्यावधिक गर्न छुट्टै शाखा स्थापना गरी विश्लेषण गर्ने जनशक्ति विकास गर्न, जनप्रतिनिधिहरुलाई तथ्याङ्कको महत्व बुझाउन, नगरपालिका र प्रदेश तथा संघको तथ्याङ्क सम्वन्धी समन्वय गर्न, नगरपालिका स्तरको कुल ग्रर्हास्थ उत्पादन जस्ता समष्टिगत तथ्याङ्क निकाली विश्लेषण गर्नु चुनौती रहेको छ ।

**अवसर :** सबै शाखा तथा वडाले आ आफ्नो प्रोफाइल तयार गरी आवधिक विकास योजना तयार गर्नु पर्ने नीतिगत व्यवस्था हुनु, नगरपालिकाले आफ्नो वस्तुस्थिति तयार गरी अध्यवधिक गर्नको लागि घरधरी सर्वेक्षण गर्नु, दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्नुपर्ने व्यवस्था हुनु, विकासमा हालको स्थितिलाई मुख्य आधार वनाई योजना तर्जुमा गर्ने व्यवस्था हुनु, तथ्याङ्क विभाग र जिल्ला स्थित कार्यालयमा नयाँ प्रविधि अपनाउनु, विद्यालय र कलेज स्तरमा जनसंख्या तथा तथ्याङ्क विषयमा अध्यापन गराईनु आदि अवसरहरु रहेका छन् ।

**दीर्घकालिन सोच :** तथ्याङ्कमा आधारित योजना विकास पद्धति अघि बढाउने ।

**लक्ष्य :** योजना तथा कार्यक्रमहरुको तर्जुमा तथा छनौट गर्दा सत्य र तथ्यमा आधारित भएर गरिएको हुनेछ ।

**उद्धेश्य** : १. तथ्याङ्क पद्धतिमा भरपर्दो, व्यवस्थित र सुदृढीकरण गरिनेछ ।

२. तथ्याङक इलेक्ट्रोनिक्स सफटवेयर प्रयोग गरी अध्यावधिक गर्न व्यवस्था मिलाईनेछ ।

**तालिका न. ६३ : रणनीतिहरु तथा कार्यनीतिहरु**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. तथ्याङक पद्धतिमा भरपर्दो, व्यवस्थित र सुदृढीकरण गर्ने । | |
| १.१ नगरपालिकाको तथ्याङक व्यवस्था व्यवस्थित गर्ने । | १. तथ्याङकहरु प्रत्येक घरधुरी, वस्ती, वडागत र नगरपालिका स्तरको रुपमा तयार गर्ने<br>२. घटनाहरु संगसंगै अध्यावधिक गर्न संस्थागत, नीतिगत, प्रक्रियागत व्यवस्था मिलाउने,<br>३. नगरपालिकामा सूचना तथा तथ्याङक इकाई स्थापना गरी प्रविधि मैत्री वनाउने ।<br>४. सडक, घर, वस्ती नम्वरिंग गरि व्यवस्थित वनाउने<br>५. केन्द्र, प्रदेश र नगरपालिकाकासंग तथ्यांकहरुमा समन्वय कायम गर्ने |
| २. तथ्याङक इलेक्ट्रोनिक सफ्टवेयर प्रयोग गरी अध्यावधिक गर्न व्यवस्था मिलाउने । | |
| २.१ आधुनिक प्रविधिको प्रयोग गरी नगरपालिकाका सम्पूर्ण विवरणहरु कम्प्युटर र इन्टरनेटमा आधारित बनाईनेछ । | ६. प्रत्येक घर, समुदाय, वस्तीस्तर, वडागत तथा नगरपालिकास्तरका तथ्याङक इलेक्ट्रोनिक माध्यमवाट अध्यावधिक गर्ने प्रवन्ध मिलाउने<br>७. Data Base मा आधारित अन्तर्राष्ट्रिय योजना पद्धतिको विकास गर्ने ।<br>८. नगरपालिकालाई ग्रामीण पर्यटनको नेतृत्व लिन सक्ने गरि तथ्याङक व्यवस्थित गर्ने ।<br>९. नगरपालिकाको सबै विषयको अनुगमन, मुल्याङ्कन, प्रतिवेदन प्रणाली तथ्याङकमा आधारित वनाउन व्यवस्थापन गर्ने । |

- **प्रमुख कार्यकमहरु**

**नगरपालिकाले आफै सञ्चालन गरिने कार्यकमहरु**

**१. नगरपालिकामा तथ्याङक शाखा स्थापना कार्यक्रम** : नगरपालिकामा तथ्यमा आधारित योजना तर्जुमा गर्न तथ्याङकहरु अध्यावधिक, व्यवस्थित, तुलनात्मक, विश्लेषणात्मक गर्न सक्ने तथ्याङ्क तथा सूचना शाखाको स्थापना गरिनेछ । यो शाखामा प्रविधि, साधन तथा सुविधालेयूक्त, सिप र क्षमतावान जनशक्तिको व्यवस्था गरिनेछ २. २.**नगरपालिकास्तरको प्रोफाइल नियमित अध्यावधिक कार्यकम** : नगरपालिकाको प्रोफाईल तयार गरिने छ । प्रत्येक परिवारमा घटेका घटना, समाजमा भएको विवरण इलेक्ट्रोनिक सफ्टवेयरमा अध्यावधिक गर्ने कार्यकम सञ्चालन गरिनेछ । तथ्याङकहरु पूर्णरुपमा यथार्थपरक वनाईनेछ ।

**३.समाजका घटनाहरुको सफ्टवेयर मार्फत अध्यावधिक गर्ने कार्यकम** : समाजमा घट्ने जन्म, विवाह, मृत्यु जस्ता घटनाहरु अध्यावधिक राख्ने व्यवस्था मिलाईनेछ ।

**४. तथ्याङ्क सम्वन्धी नीतिगत निर्णय, कार्यविधि निर्माण कार्यकम** : सहि तथ्याङ्कको लागि नगरपालिकले आवश्यक नीतिगत निर्णय, कार्यविधि निर्माण आदि गरिनेछ ।

**५.सूचना विश्लेषण तथा टेवलिकरण, प्रोसेसिंग सम्वन्धी तालिम** : यस शाखा तथा योजना शाखामा कार्य गर्ने जनशक्तिलाई सूचना विश्लेषण तथा टेवलिकरण, प्रोसेसिंग सम्वन्धीत तालिम दिई क्षमतावान, सिपयूक्त वनाईने छ ।

**६. संघ तथा प्रदेशसंग समन्वय गरि तथ्याङकहरु अध्यावधिक गर्ने कार्यकम :** नगरपालिका स्तरको तथ्याङकहरु अध्यावधिक गर्न, सो सम्वन्धी सिप हासिल गर्न, तथ्याङक शाखालाई निपूर्ण गराउनको लागि संघ तथा कर्णाली प्रदेशसंग समन्वय गरिनेछ । संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिनेछ ।

**७.** जन्मदर्ता जस्ता घटनाहरुको सफटवेयर मार्फत अध्यावधिक गर्ने कार्यकमलाई निरन्तरता दिइनेछ ।

**८.१.५ अपेक्षित उपलव्धीहरु :**

यस योजना अवधिमा नगरपालिकाका सम्पूर्ण तथ्याङकहरु विद्युतीय माध्यमवाट सफट्वेयर प्रयोगवाट अध्यावधिक डाटावेसमा आधारित भई योजना तर्जुमा भएको हुनेछ । नगरपालिकाका जनशक्ति तथ्याङक संङ्कलन तथा विश्लेषण गर्न सक्षम भएका हुनेछन् ।

**८.१.६ नतिजा खाका**

**तालिका न. ६४ : अन्तर सम्बन्धीत विषय क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | पालिका | सहयोग भएमा |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| २. | लैङ्गिंक विकास सूचांक | | ०.९०४ | ०.५८ | | | |
| | **प्रतिफल** | सूचांक | | | | | ,, |
| १. | तथ्याङक शाखा स्थापना | | | वटा | घरधरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |
| २. | तथ्याङक व्यवस्थापन | | | व्यवस्थित भएको हुने छ । | ,, | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ३. | तथ्याङक व्यवस्थापन | | | तथ्यमा आधारित | | | |
| ४. | सबै तथ्याङक सफट्वेयरमा | | | अध्यावधिक | | | |
| . | **आयोजना कार्यक्रम** | | | | घरधुरी सर्बेक्षण | प्रशासन प्रमुख नगरपालिका | सहयोग उपलब्ध भएमा |
| १. | नगरपालिकामा तथ्याङक शाखा स्थापना कार्यक्रम | | **१** | | ,, | ,, | ,, |
| २. | नगरपालिकाको डिजिटल प्रोफाइल तयार गर्ने कार्यक्रम | | **१** | | ,, | ,, | ,, |
| ३ | इलेक्ट्रोनिकरुपमा तथ्याङक अध्यावधिक गर्ने कार्यक्रम | | **५** | | ,, | ,, | ,, |
| ४. | जन्मदर्ता जस्ता घटनाहरुको सफटवेयर मार्फत अध्यावधिक गर्ने कार्यक्रम नियमित | | **५** | | ,, | ,, | ,, |
| ५. | तथ्याङक सम्वन्धी नीतिगत निर्णय, कार्यविधि निर्माण कार्यकम | | **५** | | ,, | ,, | ,, |
| ६. | सूचना विश्लेषण तथा टेवलिकरण, प्रोसेसिंग सम्वन्धी तालिम कार्यकम नियमित | | **५** | | ,, | ,, | ,, |
| ७. | नगरपालिकाको web side अध्यावधिका गर्ने कार्यकम प्रत्येक वर्ष | | **५** | | ,, | ,, | ,, |

## ८.२ गरीवी निवारण

**८.२.१ पृष्ठभूमि :** गरीवी मानविय वहुयामिक विषय हो । मानिसको दैनिक आवश्यकता परिपूर्ति गर्न नसक्ने अवस्था नै गरीवी हो । गरीवी समाजिक तथा आर्थिक कारण वाट सृजना हुने अवस्था हो । दिगो विकासका लक्ष्य वमोजिम दैनिक १.२५ अमेरिकी डलर कमाउन नसक्ने परिवार चरम गरीवी र १.९ डलर दैनिक कमाउने परिवार गरीवको अवस्थामा रहेको वुझिन्छ । यस्तै गरी २०६८ को जीवनमापन सर्वेक्षणले वार्षिक रु १९,२६१ । आम्दानी नभएको व्यक्ति निरपेक्ष गरीवीको रेखामुनी रहको भनि परिभाषा गरेको छ । नारयण नगरपालिकामा अतिविपन्न १२९३ गरिव २४.८७ प्रतिसत विपन्न गरिव १५६३ प्रतिसत ३०.०६ र सम्पन्न १३२६ प्रतिसत २५.५० देखिन्छ भने । आफ्नो उत्पादनले ३ महिना भन्दा कम खान पुग्ने २१६ परिवार ३८.७८ प्रतिशत र ४ देखि ६ महिना समय खान पुग्ने १७४० परिवार ३३.४७ प्रतिशत ७ देखि ९ महिना खानपुग्ने ६९३ परिवार १३.३३.प्रतिसत र १० देखि १२ महिना खान पुग्ने ७३८ परिवार १४.२० र आफ्नो उत्पादनलाई बेच्ने ११ परिवार ०.२१ प्रतिसत रहेको छ । गरीवीको कारणमा शिक्षाको कमि, स्वास्थ्य स्थिति, रोजगार नपाउनु, कृषि क्षेत्रमा निर्वाहहमुखी खेती प्रणाली हुनु आदि कारणवाट भएको देखिन्छ । उद्यम खालको शिक्षा प्रणाली, स्वास्थ्य विमाको व्यवस्था, उद्यम विकास, सामाजिक सुरक्षा व्यवस्था,रोजगारी आदिवाट मात्र गरीवी निवारण गर्न सकिन्छ ।

**८.२.२ प्रमुख समस्याहरु :** यस नगरपालिकमा अधिकांश वस्ती छरिएर रहनु, निर्वाहामुखी खेती प्रणाली हुनु, वजारवाट टाढा वस्ती हुनु, वचत कम हुनु, युवाहरु विदेशीनु, वृद्ध तथा महिलाहरुको संख्या नगरमा वढि हुनु, जमिन वाँझो हुनु, वस्तिमा उत्पादन भएका वस्तुहरुको उचित मुल्य नपाउनु, उत्पादित वस्तुको मुल्य अभिवृद्धि कम हुनु, गरीवी निवारण कार्यकम सवै दलित तथा गरीव परिवारमा नपुराउनु, नगरपालिकाको वजेट खर्च श्रम मुलक नभै डोजर मुलक अर्थात मेसिनरीमुखी हुनु, वढि प्रयोग हुनु, विदेशवाट पठाएको रिमिटेन्स उत्पादन मुलक कार्यमा प्रयोग नगर्नु, ११ वटै वडाहरुका घरहरु रित्ता तथा खाली रहनु, वसाई सराई वढि हुनु, नगरपालिकाका विद्यालय तथा कलेजको पढाई रोजगारमुलक नहुनु, विदेशिने युवाहरु सिप सिकेर नभई कोरा काममा जानु, छोरा छोरीहरुको लागि राम्रो शिक्षा नदिनु, स्वास्थ्य क्षेत्रमा कम खर्च गरिनु र स्वास्थ्य उपचारको लागि वढि खर्च गर्नु आदि समस्याहरु रहेका छन् ।

**८.२.३ चुनौती तथा अवसरहरु**

**चुनौतीहरु :** नगरपालिकामा प्रतिपरिवार वार्षिक रुपमा रु.७४८०३.६१ आम्दानी र रु.१८०७६.६१ खर्च भएको र आबश्यक देखिन्छ । यो स्थिति सृजना गर्नु ज्यादै चुनौतीपूर्ण रहेको छ । दलित वस्तिमा रहेका गरीव परिवारको लागि नियमित आम्दानी हुने पेशा तथा व्यवसाय पहिचान गर्नु र तिनीहरुको लागि लगानी स्रोतको व्यवस्थापन गर्न, कृषि, ग्रामीण पर्यटन तथा कृषि वनमा आधारित उद्योग तथा व्यवसायिक खेती तथा पशुपन्छीपालन गर्न सिपयूक्त तथा लगानी मैत्री वनाउनु चुनौती रहेको छ । वास्तविक गरीवहरुको पहिचान, रोजगार मुलक कार्यक्रममा वास्तविक गरीवको पहुँच पुऱ्याउने, वानी व्यवहारमा परिवर्तन गर्न, वालवालिकालाई उच्च शिक्षा दिलाउन, स्वास्थ्य विमा गर्न तथा समयमा उपचार गरी निरोगी गराउन र विदेशवाट पठाएको विप्रेषण उत्पादन क्षेत्रमा लगानीवाट नगरपालिकाको उत्पादनमा वृद्धि गरी गरीवी निवारण गर्नु चुनौति रहेको छ ।

**अवसरहरु :** नारायण नगरपालिकाका अधिकांश यूवाहरु व्यवसायिक कृषि तथा पशुपन्छी पालन क्षेत्रमा आर्कषित हुनु, दलित तथा गरीव वस्तिका युवाहरु विदेश गई नयाँ प्रविधि, वचत गर्ने संस्कार, सिप सिकेर आउनु, वालवालिका लाई पढाउनु पर्छ भन्ने भावनाको विस्तारै परिवर्तन हुनु, रोजगारीको लागि नगर छोडेकाको जग्गा गरीव परिवारले सस्तोमा कमाउन पाउनु, खेती योग्य जमिन सस्तोमा किन्न तथा करारमा लिन पाउनु, प्रसस्त जङ्गल तथा चरण क्षेत्र हुनु, वजारको विकास हुदै जानु, नगरपालिकाले तथा प्रदेश, संघले सामाजिक तथा आर्थिक क्षेत्रमा लगानी वढाउनु, गरीवी निवारण कार्यक्रमलाई प्रथमिकता दिई कार्यान्वयनमा ल्याउनु आदि कार्य गरीवी निवारणको लागि अवसरहरु हुन् ।

**८.२.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यकम**

**दीर्घकालिन सोच :** गरीवी निवारण नगरवासीको जीवन समृद्धिको आधार

**लक्ष्य :** नगरपालिकाका क्षेत्रमा रहेका सवै किसिमका गरीवीको न्यूनीकरण गर्ने

**उद्धेश्य :** १. नगरपालिकामा रहेको चरम गरीवीको अन्त्य गर्ने ।

२. नगरपालिकाका स्रोत साधनहरु तथा उपलव्धीमा सवै वर्ग समुदायको पहुँच सुनिश्चित गर्ने

३. समाजमा संकट ग्रस्त अवस्थामा रहेका वर्ग तथा समुदायको लागि विशेष कार्यक्रम सञ्चालन गरी सङकटको सामना गर्न सक्ने क्षमताको अभिवृद्धि गर्ने ।

**तालिका न. ६५ : रणनीति तथा कार्यनीति**

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| १. नगरपालिकामा रहेको चरम गरीवीको अन्त्य गर्ने । | |
| १.१ नगरपालिकामा कुनै परिवार घरवास ँ अवस्थामा रहन पर्ने वाध्यता हटाउने नीति लिने । | १. वस्तीमा रहेका अति गरीव परिवारको पहिचान गरी तिनीहरुका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने<br>२. नगरपालिकाका सवै परिवार चरम गरीवीवाट मुक्त गराउने ।<br>३. नगरपालिकाका कुनै पनि परिवार घर विहिन अवस्थावाट मुक्त रहने व्यवस्था मिलाउने । |
| १.२ नगरपालिकामा आर्थिक तथा सामाजिक विकासका कार्यहरु विस्तार गरी गरीवी निवारण गर्ने । | ४.नगरपालिकाका विकास कार्यक्रमहरु गरीवी न्यूनीकरण केन्द्रित गराउने<br>५.स्थानीय पेशालाई सुदृढीकरण गरी आय वृद्धिसंग केन्द्रीत गर्ने ।<br>६. वचत गर्ने वानीको विकास तथा संस्थागत विकास गर्ने । |
| २. नगरपालिकाका स्रोत साधनहरु तथा उपलव्धीमा सवै वर्ग समुदायको पहुच सुनिश्चित गर्ने । | |
| २.१ समाजका जुनसुकै स्थितिमा रहेका वर्ग तथा समुदायको पहुच वढाउन श्रममा आधारित विकास कार्यक्रम सञ्चालन गरिने । | ७.नगरपालिकाको पहिचान, स्वरोजगार सहितको उद्यमशिल युवा अभियान नीति लागु गरिने ।<br>८.नगरपालिकाले तयार गरेर उद्यमशिल पञ्च वर्षे योजना कार्यान्वयन भएको हुने ।<br>९.नगरपालिकाको स्रोत, साधन र अवसरमा सवैको पहुच पुऱ्याउने ।<br>१०.नगरपालिकाले न्यूनतम सेवाहरु तोकि सवै वर्ग तथा समुदायमा सो सेवाउपयोग गर्ने वातावरण मिलाउने ।<br>११.भूउपयोग योजनालागू गरी उत्पादनमा वृद्धि गरिने ।<br>१४. वित्तिय ऋण सुविधामा गरीवहरुको सहज पहुँचको व्यवस्था मिलाई उद्यम तथा स्वोरोजगारको लागि संरचनागत, कानूनीगत तथा प्रक्रियगत व्यवस्था मिलाउने । |
| . समाजमा विपत तथा संकट ग्रस्त अवस्थामा रहेका वर्ग तथा समुदायको लागि विशेष कार्यक्रम सञ्चालन गरी संकटसंग जुझारुप गर्न सक्ने क्षमताको अभिवृद्धि गर्ने । | |
| ३.१.प्रकृतिक वा मानव निर्मित विपतवाट समाजमा संकटग्रस्त अवस्थामा रहेका वर्गको पहिचान गरीने । | १२. खोलानाला, पहिरो, आगोलागी, हुरी वतास, प्राकृतिक विपद् तथा दुर्घटनावाट घरवार विहिन तथा संकटग्रस्त आवस्थामा रहेका वर्गको तत्काल प्रत्यक्ष सहयोग गर्ने कार्यक्रम सञ्चालन गर्ने । ती वर्गको उत्थान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने ।<br>१३.नगरपालिका तथा ११ वटै वडाहरुमा विपद् उद्धार कोष तथा संरचना |

| रणनीतिहरु | कार्यनीतिहरु |
|---|---|
| | गठन गरी आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।<br>१४.संकटग्रस्त अवस्थावाट गुज्रिएका परिवारका वाल वच्चाको लागि आधारभुत शिक्षा तथा उच्च शिक्षा दिई रोजगार तथा उद्यम सहयोग कार्यक्रम सञ्चालन गर्ने ।<br>१८.प्रत्येक व्यवसाय तथा निर्माण भएका पूर्वाधारको अनिवार्य विमा गर्ने व्यवस्था मिलाउने ।<br>१५.संकटग्रस्त अवस्थामा रहेका समुदायको सुरक्षाको लागि नगरपालिकाले तत्काल राहत दिने व्यवस्था तथा समन्वय गर्ने ।<br>२०. मौसमको पूर्व जानकारी दिने व्यवस्था मिलाई विपद्वाट हुने क्षति कम गर्ने । |

- **कार्यक्रमहरु**

**नगरपालिकाले आफैले सञ्चालन गर्ने कार्यक्रमहरु :**

१. **उद्यमशील रोजगार सृजना सहयोग कार्यक्रम :** अति गरीव तथा गरीव परिवारको लागि नगरपालिकाले तयार पार्ने उद्यम योजना अनुसारका कार्यक्रम सञ्चालन गरी रोजगार सृजना गर्न निजी क्षेत्रको सहकार्यमा सहयोग गरिनेछ ।

२. **क्षमता अभिवृद्धि कार्यक्रम :** अति गरीव तथा गरीव परिवार र यूवाहरुको क्षमता तथा दक्षता अभिवृद्धि गर्न विभिन्न किसिमको प्राविधिक सिप सिकाई क्षमता अभिवृद्धि गरिनेछ ।

३. **तालिम तथा अवलोकन कार्यक्रम :** क्षमता अभिवृद्धि गर्नका लागि यूवाहरुलाई सफल व्यवसायी, उद्यमीहरुको उद्यम तथा उद्योगहरुको अवलोकन गर्न विभिन्न क्षेत्रमा लगिने छ । सो अनुसारको दक्षता अभिवृद्धि गर्न तालिम दिईनेछ ।

४. **चरम गरीवी निवारण कार्यक्रम :** चरम गरीवीमा रहेका परिवारको लागि वासस्थान, आयआर्जन कार्यक्रम, तालिम, वजार क्षेत्र संग समन्वय वढाउने र कृषिमा आधारित ससाना व्यवसाय सञ्चालन गर्न सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

५.**वित्तिय सहयोग तथा ऋण सुविधा कार्यक्रम :** वित्तिय संस्था तथा सहकारीहरुवाट व्यक्ति तथा संस्थाहरुलाई उद्यम सञ्चालन तथा कारोवार वढाउनको लागि कर्जा उपलब्ध गराईने छ र कर्जा लैजानेहरुले राम्रो व्यवसाय सञ्चालन गरी कर्जा समयमा फिर्ता गर्ने वातावरण सृजना गरिनेछ ।

६. **गरीव परिवारको लागि पूर्वाधार सिर्जना तथा सहयोग कार्यक्रम :** गरीव परिवारको लागि आवश्यक पर्ने पूर्वाधार निर्माण गर्न, उद्योग तथा होटल रेष्टुरेण्ट सञ्चालन गर्न, माछापालन, कुखुरापालन गर्न स्थापना तथा निर्माण गरिने स्थल सम्म पुग्न सडक, विद्युत, सञ्चार लगायतको पूर्वाधार नगरपालिले निर्माण गर्नेछ ।

७. **अपाङ्गको लागि क्षमता अभिवृद्धि कार्यक्रम :** अपाङ्गहरुको लागि विभिन्न किसिमका क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

८. **दलितको लागि विशेष क्षमता अभिवद्धि तथा आय आर्जन कार्यक्रम :** यस नगरपालिकामा अति गरीव र गरीव रहेको परिवारमा झन सानै उमेरमा वच्चा जन्माउने, वच्चा स्कुल नपठाउने तथा बीचैमा छाड्ने, पोषणको कमि हुने हुँदा गरीव परिवारको जीवन स्तर उच्च वनाउनको लागि विशेष किसिमको कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक

परिचालनको लागि प्रत्येक वस्तीमा सामाजिक परिचालकको व्यवस्था गरिनेछ । सामाजिक परिचालकले दलित परिवारमा शिक्षा, स्वास्थ्य, रोजगार क्षेत्रमा विशेष जोड दिई प्रत्यक्ष सहभागितामा ५ वर्षमा आमुल परिर्वतन गर्ने व्यवस्था मिलाईनेछ । दलित परिवारलाई सुविधा सहितको आवास व्यवस्था, निशुल्क शिक्षा व्यवस्था, प्रत्येक परिवारमा न्यूनतम एक जनालाई रोजगारी, आफ्नै उद्यम, निशुल्क स्वास्थ्यको लागि स्वास्थ्य विमा गरिने, किशोर किशोरीहरुलाई परिवार नियोजनकोको शिक्षा तथा सुविधा, यूवाहरुको लागि वैदेशिक रोजगार जानचाहानीलाई सिप सिकाई वढि पारिश्रामिक पाउने कम्पनि तथा देशका खोजी गरी सो अनुसार रोजगार पाउने व्यवस्था आदि मिलाउने कार्यक्रम सञ्चालन गरी दलितहरुको परिवारको जिवनस्थर उच्च वनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।

९. **विदेशवाट फर्केकाको लागि विशेष उद्यम सहयोग कार्यक्रम :** विदेशवाट फिर्ता भएका यूवाहरुको लागि स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । कृषिमा आधारित व्यवसायिक खेती, तरकारी, फलफुल, फूल व्यवसाय, दुग्घ उत्पादन पशुपालन, कुखुरा, माछापालन तथा होटल रेष्टुरेन्ट लगायतका व्यवसाय गर्न चाहेमा नगरपालिका वाट सहयोग उपलव्ध गराईनेछ ।

१०. **विपद् संकट मोचन कार्यक्रम :** मानवीय तथा प्राकृतिक प्रकोपवाट भएको धनजनको क्षति भई घरवार विहिन हुने परिवारको लागि तथा विपद्को कारणवाट टुहुरा तथा एकल महिला भई वस्नु परेका परिवारको लागि नगरपालिकाले तत्काल राहात उपलव्ध गराईनेछ । टुहुरा भएका वालवालिकाको हेरचाह तथा शिक्षा दिक्षाको लागि विशेष सहयोग गर्नेछ । विपद्को कारणवाट आर्थिक तथा पारिवारिक क्षति भई अति गरीव हुनुपर्ने स्थितिवाट जोनगरनको लागि सहुलियत दरमा ऋण दिने तथा सहयोग गर्ने व्यवस्था मिलाईनेछ ।

११. **विपद् उद्धार कोष स्थापना र सहयोग कार्यक्रम :** विपद्वाट उद्धारको लागि नगरपालिका स्तर तथा वडास्तरमा विपद् उद्धार कोष स्थापना गरिने छ । सो कोषवाट विपद्वाट पिडित परिवारलाई तत्काल रहात दिने व्यवस्था मिलाईनेछ ।

१२.**उद्यमशिल पाँच वर्षे योजना कार्यान्वयन कार्यक्रम :** गरीवी निवारणका लागि उद्यमशिल पाँच वर्षे योजना कार्यान्वयनको लागि निजी क्षेत्र, प्रदेश तथा संघ संग समन्वय गरि कार्यान्वयन गरिनेछ ।

१३. **कृषि वन तथा पशुपन्छी उद्यम विकास कार्यक्रम :** गरीवी निवारणका लागि कृषि तथा पशुपन्छीमा आधारित उद्यम सञ्चालनको लागि निजी क्षेत्रलाई आवश्यक सहयोग गरिनेछ ।

**संघ, प्रदेशको सहयोगवाट सञ्चालन गरिने कार्यक्रम**

१.उद्यमशील रोजगार सिर्जना सहयोग कार्यक्रम

२. क्षमता अभिवृद्धि कार्यक्रम

३. तालिम तथा अवलोकन कार्यक्रम

४. चरम गरीवी निवारण कार्यक्रम

५ वित्तिय सहयोग तथा ऋण सुविधा कार्यक्रम

६ गरीव परिवारको लागि पूर्वाधार सृजना तथा सहयोग कार्यक्रम

## ८.२.५ अपेक्षित उपलव्धी :

आवधिक योजनाको अन्त्य सम्ममा नारायण नगरपालिकाका सबै परिवार चरम गरीवीवाट मुक्त भएका हुनेछन् । सबै परिवारको आय वार्षिक रु.१८०७६.६१ । भन्दा वढि भएको हुनेछ । सवैको आफ्नो सुरक्षित घर भएको हुनेछ । दलित वस्तिमा रहेका गरीव परिवारको लागि नियमित आम्दानी हुने पेशा तथा व्यवसायको पहिचान भई कार्य गरेका हुने छन् । सबै परिवारका वालवालिका विद्यालय गएका हुनेछन् । वालवालिका तथा आमाहरुले सवैले लिनु पर्ने खोप, भिटामिन प्राप्त गरेका हुनेछन् । विरामी हुँदा उपचार गर्न सक्ने क्षमता भएका हुनेछन् । कोहि पनि खान नपाएर भोको रहनु पर्ने स्थिति हुने छैन । यस सम्वन्धी उपलव्धी सूचक अनुसूचि १ मा दिएको छ ।

**तालिका न. ६६ : गरीवी निवारण क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | संघ,प्रदेश वाट सहयोग निरन्तरता भएमा |
| २. | लैङ्गिक विकास सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| २. | लैङ्गिंक विकास सूचांक | | ०.९०४ | ०.५८ | | | |
| | **प्रतिफल** | | | | | | ,, |
| १. | राष्ट्रिय गरिवीको रेखामुनि (आर्थिक अतिविपन्न गरिवी) रहेको नगरपालिकाको जनसंख्या | प्रतिसत | २४.८७ | २० | घरधरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |
| २. | राष्ट्रिय गरिवीको रेखामुनि (आर्थिक अतिविपन्न गरिवी) रहेको नगरपालिकाको महिलाहरू | प्रतिसत | २४.८७ | २० | ,, | ,, | ,, |
| ३. | काम गरिरहेका तर प्रतिदिन १.९अमेरिकी डलर नकमाउने को जनसख्या नगरपालिका को संख्या | प्रतिसत | **२४.८७** | २० | | | |
| ४. | काम गरिरहेका तर | प्रतिसत | **२४.८७** | २० | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | प्रतिदिन १.९अमेरिकी डलर नकमाउने को जनसख्या नगरपालिका को संख्या | | | | | | |
| . | **आयोजना कार्यक्रम** | | | | घरधुरी सर्बेक्षण | प्रशासन प्र. पालिका | सहयोग भएमा |
| १. | नगरपालिका परिसरको सबै मास्टर प्लान वनाउने कार्यक्रम १२ कित्ताको सबै | १ | | | ,, | ,, | ,, |
| २. | नगरपालिकाको सबै शाखा अटने गरी वातावरणमैत्री भवन निर्माण कार्यक्रम | १ | | | ,, | ,, | ,, |
| ३ | वडा कार्यालयहरुको भवन स्तरउन्नति र मरमत कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ४. | कर्मचारी संगठन विकास अध्ययन र पदपूर्ति कार्यक्रम | १ | | | ,, | ,, | ,, |
| ५. | कानूनले तोके अनुसारका ऐन,नियम तथा कार्यविधि तर्जुमा कार्यक्रम आवश्यकता अनुसार | ५ | | | ,, | ,, | ,, |
| ६. | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ७. | वडा कार्यालय सुदृढिकरण कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ८. | जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्वदेश तथा विदेश भ्रमण कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ९. | स्वदेशी तथा विदेशी स्थानिय तहसंग भगेनी सम्वन्ध कार्यक्रम | २ | | | | | |
| १०. | स्वदेश तथा विदेशामा रहेका व्यक्ति तथा संस्थासंग अन्तरकृया तथा सहयोग प्राप्ति कार्यक्रम | ५ | | | | | |
| ११. | कर्मचारीहरुलाई तालिम वटा | ५ | | | | | |
| १२. | सहभागिता योजना तर्जुमा/सार्वजनिक सुनुवाई जनलेखा परिक्षण, घुम्तीसेवा | ५ | | | | | |
| १३. | स्थानीय गैससहरूद्धारा वडा तथा नगरपालिकाको श्रोत | ५ | | | | | |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | परिचालन | | | | | | |
| १४. | आधुनिक प्रविधी हस्तान्तरण तालिम कार्यक्रम | ५ | | | | | |
| १५. | दक्ष जनशक्तिको व्यवस्थापन तालिम कार्यक्रम | ५ | | | | | |

## ८.३ श्रम तथा रोजगार

**८.३.१ पृष्ठभूमि :** नारायण नगरपालिकामा २६१११ जनसंख्यामा आर्थिक रुपले सामान्तया सक्रिय ९०९८ रोजगार जनसंख्या ३४.८४ प्रतिसत माथिछ तर ११२७ बेरोजगार र ३९८२ ले कहिले काही मात्र रोजगारी पाउने सक्रियमा पनि काम पाउने को जनसंख्या ३४.८४ प्रतिसत मात्र भएको देखिन्छ । नगरपालिकामा आर्थिक रुपले निस्कृय ६८८१ जनसंख्या  २६.३५ प्रतिसत छ । जनसंख्याको आधा भाग भन्दा वढि सक्रिय जनसंख्या छ तर पनि नगरपालिकामा रोजगारीको समस्या रहन गएको देखिनछ । श्रम र रोजगार विच गहनतम सम्वन्ध रहेको छ । रोजगार लगानी र विकासको प्रतिफल हो । मानिसको श्रमका कारण वस्तु तथा सेवा उत्पादन हुन्छ । मानिसले मानसिक तथा शारीरिक रुपवाट श्रम गरेको हुन्छ । उत्पादानका ३ वटा साधन मध्ये श्रमिकले श्रम प्रयोग गरे वापत ज्याला वा रोजगारी पाउँछ । देशको विकासको लागि श्रम तथा रोजगार अति महत्वपूर्ण साधन हो । देशका युवाहरुलाई रोजगारी दिन सकेमा द्रुत गतिमा विकास हुन्छ । यसैले गर्दा नेपालको संविधान २०७२ को धारा ३३ मा रोजगारीको हक र धारा ३४ मा श्रमको हकको व्यवस्था गरेको छ, त्यस्तैगरी धारा ५१ (झ) मा श्रम र रोजगार सम्वन्धी नीति उल्लेख गरेको छ ।

नारायण नगरपालिकाको विकासको लागि नागरिकहरुलाई रोजगार दिने वातावरण सिर्जना गर्नु पर्छ । श्रमको प्रयोग कृषि तथा गैरकृषि सवै क्षत्रवाट रोजगारी प्राप्त गर्न सकिन्छ । रोजगारीको लागि आर्थिक रुपले सक्रिय जनशक्ति १५ वर्ष देखि ६४ वर्ष सम्मको उमेरका मानिसहरुको लागि आवश्यक पर्छ । यस उमेरका सक्रिय जनशक्ति १४२७७ रहेका छन् । रोजगारी स्थिति हेर्दा आन्तरिक रोजगार र बाँकी कृषिमा र गैरकृषि क्षेत्रवाट रोजगारी प्राप्त गरेका छन् । सरकारी तथा निजी क्षेत्रमा जागिर प्राप्त गर्ने प्रतिशत न्यून रहेको छ । उद्योग र व्यापार क्षेत्रमा ज्यादै न्यून रहेकोछ । केही वैदेशिक रोजगारमा गएका छन् । कुनै पनि रोजगारी नभएका वेरोजगारी धेरै रहेको छ । विदेशमा गएका पनि सिपमा आधारित भन्दा साधारण श्रमिकको रुपमा गएका छन् । श्रमीकहरुको उत्पादकत्व ज्यादै न्यून रहेको छ । गुणस्तरीय, उत्पादकत्व वढाउने रोजगार श्रृजना गर्नु आजको आवश्यकता रहेको छ ।

### ८.३.२ प्रमुख समस्या :

नारायण नगरपालिकमा अधिकांश परिवार कृषिमा आश्रित हुनु, आर्थिकरुपले सक्रिय जनशक्ति धेरैजसो सिप विहिन रहनु, उत्पादकत्व न्यून रहनु, श्रमप्रति सम्मान गर्ने प्रवृति नहुनु, कार्यप्रति जिम्मेवार नहुनु, विकासका क्रियाकलापमा श्रममा आधारित नभई मेसिनमा आधारित हुनु, कृषिमा खटेर काम गर्ने श्रमिकको अभाव रहनु, ज्याला कमी हुनु, विदेशमा पनि सिप यूक्त रोजगार नहुनु, उद्योग क्षेत्रको विकास नहुनु, श्रमिकको भविश्यको सुरक्षाको लागि व्यवस्था नसोचिनु, रोजगार मौसमी हुनु, लगानीकर्ता कमि हुनु व्यवसायिक भवनाको कमि रहनु आदि समस्याहरु रहेका छन् ।

नगरपालिकाको वजेट खर्च श्रममुलक नभै डोजरमुलक अर्थात मेसिन वढि प्रयोग हुनु, विदेशवाट पठाएको रेमिटेन्स उत्पादन मुलक कार्यमा प्रयोग नगर्नु, विद्यालय तथा कलेजको पढाई रोजगारमुलक नहुनु आदि समस्याहरु रहेका छन् ।

## ८.३.३ चुनौती तथा अवसरहरु

**चुनौतीहरु :** यस नगरपालिकाका आर्थिक रुपले सक्रिय जनशक्ति सवैलाई मर्यादित रोजगार दिन, कृषिमा आधारित रोजगार गैर कृषिमा दिन सक्ने स्थितिको सिर्जना गर्न, सिप र ज्ञानयूक्त रोजगार दिन, व्यवसायिक कृषिमा लगानी वढाई रोजगार दिलाउन, चुनौति रहेको छ । कामदारहरुको प्रति व्यक्ति उत्पादन र उत्पादकत्व वढाउन, विदेश गएका युवालाई फिर्ता ल्याई सम्मानित रोजगार दिलाउन चुनौती रहेको छ ।

**अवसरहरु :** रोजगारीमा दलित तथा पछाडिएका क्षेत्रमा रहने वर्गको लागि पहुँच वढाउन पहिचान दिन सक्नु अवसर रहेको छ ।

## ८.३.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** घरघरमा रोजगार नगर समृद्धिको आधार

**लक्ष्य :** नगरपालिकाका सक्रिय जनशक्तिले रोजगार प्राप्त गरी जीवन स्तरमा व्यापक सुधार भएको हुनेछ ।

**उद्धेश्य :** १. नगरपालिकाका सवै सक्रिय जनशक्तिले रोजगार प्राप्त गरेका हुनेछन् ।

२. वैदेशिक रोजगारमा सिपयूक्त जनशक्ति मात्र पठाई आय आर्जन अभिवृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति :** १. नगरपालिकाका सवै सक्रिय जनशक्तिले रोजगार प्राप्त गरेका हुने छन् ।

१.१ नगरपालिकाको पहिचान तथा स्वरोजगार सहितको उद्यमशिल युवा अभियान नीति लागु गरिनेछ ।

१.२. सिप तथा ज्ञान नभएकालाई छोटो समयको लागि तालिम दिई रोजगार प्राप्त गर्न अवस्था सिर्जना गरिनेछ ।

१.३. नगरपालिकाका अधिकांश कार्यक्रम श्रममा आधारित हुने व्यवस्था मिलाईनेछ ।

१.४. अर्ध रोजगार प्राप्त व्यक्तिलाई पूर्ण रोजगार दिने वातावरण सिर्जना गरिनेछ ।

१.५. वैदेशिक रोजगार सम्वन्धी सूचना नगरपालिकामा सहज उपलव्ध हुने व्यवस्था श्रम मन्त्रालयसंग समन्वय गरी मिलाईने छ ।

१.६. वैदेशिक रोजगारवाट पठाएको रिमिटेन्सको सहि सदुपयोग गर्ने तथा वढि प्रतिफल प्राप्त हुने क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गरिनेछ ।

१.७. भू उपयोग योजना लागू गरी उत्पादनमा वृद्धि गरिनेछ ।

१.८. उत्पादकत्व तथा उत्पादन वढि हुने क्षेत्रमा रोजगारीको प्राथमिकता दिईनेछ ।

१.९. कृषिमा व्यवसायिकरण गरी रोजगार सिर्जना गरिनेछ ।

१.१०. पर्यटनका पूर्वाधार निर्माण गरी पर्यटन क्षेत्रमा रोजगार सिर्जना गरिनेछ ।

१.११. कृषि, वन तथा पशुपन्छी क्षेत्रमा आधारित उद्योग तथा उद्यम गर्न लगानी वृद्धि गरी रोजगार वढाईने छ ।

१.१२. नगरपालिकाले तयार गरेको उद्यमशिल पाँच वर्षे योजना कार्यान्वयन भएको हुने छ ।

१.१३.उद्यम सम्वन्धी कार्ययोजना वनाई श्रोत व्यवस्थापन गर्न र उत्पादित वस्तुको वजार पहिचान गर्न नगरपालिकाले सहयोग गर्नेछ ।

१.१४.माग अनुसारका जनशक्ति तयारगर्नको लागि तालिम दिने संस्थासंग समन्वय गरिनेछ ।

१.१५. वढि आम्दानी हुने किसिमका रोजगारको जानकारी दिन सूचना प्रणालीमा सुधार गरिनेछ ।

१.१६. सवै वस्तिका राजनैतिक तथा सामाजिक कार्यकर्ताका परिवारमा आर्थिक उपार्जनको लागि व्यवसायिक कृषि, उद्योग तथा सेवा व्यवसाय सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

१.१७. वैदेशिक रोजगारमा सिपयूक्त जनशक्ति मात्र पठाई आय आर्जन अभिवृद्धि गरिनेछ ।

**श्रम तथा रोजगार सम्वन्धी कार्यक्रमहरु**

**नगरपालिकाले आफै सञ्चालन गरिने कार्यक्रमहरु**

**१. वित्तिय सहयोग तथा ऋण सुविधा कार्यक्रम** : वित्तिय संस्था तथा सहकारीहरुवाट व्यक्ति तथा संस्थाहरुलाई उद्यम सञ्चालन तथा कारोवार वढाउनको लागि कर्जा उपलव्ध गराईने छ र कर्जा लैजानेहरुले राम्रो व्यवसाय सञ्चालन गरी कर्जा समयमा फिर्ता गर्ने वातावरण सृजना गरिनेछ ।

**२. क्षमता अभिवृद्धि कार्यक्रम :** अति गरीव तथा गरीव परिवार र यूवाहरुको क्षमता तथा दक्षता अभिवृद्धि गर्न विभिन्न किसिमको प्राविधिक सिप सिकाई क्षमता अभिवृद्धि गरिनेछ ।

**३. तालिम तथा अवलोकन कार्यक्रम :** क्षमता अभिवृद्धि गर्नका लागि यूवाहरुलाई सफल व्यवसायी, उद्यमीहरुको उद्यम तथा उद्योगहरुको अवलोकन गर्न विभिन्न क्षेत्रमा लगिने छ । सो अनुसारको दक्षता अभिवृद्धि गर्न तालिम दिईनेछ ।

**४. चरम गरीवी निवारण कार्यक्रम :** चरम गरीवीमा रहेका परिवारको लागि वासस्थान, आयआर्जन कार्यक्रम, तालिम, वजार क्षेत्र संग समन्वय वढाउने र कृषिमा आधारित ससाना व्यवसाय सञ्चालन गर्न सहयोग कार्यक्रम सञ्चालन गरिने छ ।

**५. कृषि वन तथा पशुपन्छी उद्यम विकास कार्यक्रम :** गरीवी निवारणका लागि कृषि तथा पशुपन्छीमा आधारित उद्यम सञ्चालनको लागि निजी क्षेत्रलाई आवश्यक सहयोग गरिनेछ ।

**६.उद्यमशील रोजगार सृजना सहयोग कार्यक्रम** : अति गरीव तथा गरीव परिवारको लागि यस नगरपालिकाले तयार पारेको उद्यम योजना अनुसारका कार्यक्रम सञ्चालन गरी रोजगार सिर्जना गर्न निजी क्षेत्रको सहकार्यमा सहयोग गरिनेछ ।

**७. उद्यमशिल पाँच वर्षे योजना कार्यान्वयन कार्यक्रम :** गरीवी निवारणका लागि उद्यमशिल पाँच वर्षे योजना कार्यान्वयनको लागि निजी क्षेत्र, प्रदेश तथा संघ संग समन्वय गरि कार्यान्वयन गरिनेछ ।

**८. विदेशवाट फर्केका युवा लक्षित उद्यम सहयोग कार्यक्रम :** विदेशवाट फिर्ता भएका यूवाहरुको लागि स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ । कृषिमा आधारित व्यवसायिक खेती, तरकारी, फलफुल, फूल व्यवसाय, दुग्ध उत्पादन, पशुपालन, कुखुरा, माछापालन तथा होटल रेष्टुरेन्ट लगायतका व्यवसाय गर्न चाहेमा नगरपालिकावाट सहयोग उपलव्ध गराईनेछ ।

**संघ तथा प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रम**

१. श्रम तथा रोजगार सम्वन्धी ऐन, कानून, सम्झौता आदि गर्ने कार्यक्रम ।

२. वैदेशिक रोजगारमा गएकाहरुको लागि सहयोग, सूचना दिने कार्यक्रम ।

३. उद्यम सञ्चालनको लागि आवश्यक सहयोग तथा ऋण उपलव्ध गराउने कार्यक्रम ।

४. प्राविधिक उच्च शिक्षा सञ्चालन कार्यक्रम

**८.३.५ अपेक्षित उपलव्धी :** आवधिक विकास योजनाको २०८५ को अन्त्य सम्ममा नगरपालिकामा आर्थिक रुपले सक्रिय जनशक्ति (विद्यार्थीवाहेक) मध्ये १०००० जनाले रोजगारी प्राप्त गरेका हुनेछन् । जसमध्ये कृषि क्षेत्रवाट ७००० जना, पशुपालन व्यवसाय, उद्योग तथा व्यापार, ग्रामीण  पर्यटनवाट, सेवा क्षेत्र र गुणस्तरीय वैदेशिक क्षेत्रवाट १००० रोजगार प्राप्त गरेका हुनेछन् । कृषि क्षेत्रमा निर्भर रहेका परिवारवाट २०८५ सम्ममा ५० प्रतिशत मात्र कृषिमा रहि बाँकि ५० प्रतिशत उद्योग, व्यापार र सेवा क्षेत्रमा निर्भर रहेका हुनेछन् । सवैको घरघुरी जस्ता तथा पक्की र सवैको घरमा न्यूनतम पुर्वाधार खानेपानी, विजुली, रेडियो, टेलिभिजन पक्की शौचालय भएको हुनेछ ।  विदेशमा रोजगारको लागि जाने यूवाहरुको संख्या घटेको हुनेछ ।

## ८.२.६ नतिजा खाका

**तालिका न. ६७ : श्रामरोजगार क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव  नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | सहयोग भएमा |
| २. | मानब सम्पत्ति सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| २. | लैङ्गिंक विकास सूचांक | | | | | | |
| | **प्रतिफल** | | | | | | ,, |
| १. | राष्ट्रिय गरिबीको रेखामुनि (आर्थिक गरिबी) रहेको जनसंख्या | प्रतिसत | | वटा | घरधरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| २. | राष्ट्रिय गरिबीको रेखामुनि रहेका सबै उमेरको महिलाहरू | प्रतिसत | | व्यवस्थित भएको हुने छ। | ,, | ,, | ,, |
| ३. | राष्ट्रिय गरिबीरेखा मुनि रहेका बालबालिका (५ वर्षमुनिका) | प्रतिसत | | तथ्यमा आधारित | | | |
| ४. | काम गरिरहेका तर प्रतिदिन १.९ अमेरिकी डलर नकमाउने जनसख्या | प्रतिसत | | अध्यावधिक | | | |
| ५. | उपभोग -खपतमा असमानता (गिनी कोफिसियन्टद्वारा मापन गरिएको) | प्रतिसत | | | | | |
| ६. | कुल उपभोगमा तल्लो २० प्रतिशत जनसङ्ख्याको अंश | प्रतिसत | | | | | |
| ७. | कुल आयमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा (प्रतिशत) | प्रतिसत | | | | | |
| . | **आयोजना कार्यक्रम** | | | | घरधुरी सर्वेक्षण | प्रशासनप्रमुख नगरपालिका | सहयोग उपलब्ध भएमा |
| १. | नगरपालिका परिसरको सबै मास्टर प्लान वनाउने कार्यक्रम १२ कित्ताको सवै | १ | | | | | |
| २. | नगरपालिकाको सबै शाखा अटने गरी वातावरणमैत्री भवन निर्माण कार्यकम | १ | | | ,, | ,, | ,, |
| ३ | वडा कार्यालयहरुको भवन स्तरउन्नति र मरमत कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ४. | कर्मचारी संगठन विकास अध्ययन र पदपूर्ति कार्यकम | १ | | | ,, | ,, | ,, |
| ५. | कानूनले तोके अनुसारका ऐन,नियम तथा कार्यविधि तर्जुमा कार्यक्रम आवश्यकता अनुसार | ५ | | | ,, | ,, | ,, |
| ६. | जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यकम | ५ | | | ,, | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| ७. | वडा कार्यालय सुदृढिकरण कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ८. | जनप्रतिनिधि तथा कर्मचारीहरुलाई स्वदेश तथा विदेश भ्रमण कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ९. | स्वदेशी तथा विदेशी स्थानिय तहसंग भगेनी सम्वन्ध कार्यकम | २ | | | ,, | ,, | ,, |
| १०. | स्वदेश तथा विदेशामा रहेका व्यक्ति तथा संस्थासंग अन्तरकृया तथा सहयोग प्राप्ति कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ११. | कर्मचारीहरुलाई तालिम वटा | ५ | | | ,, | ,, | ,, |
| १२. | सहभागिता योजना तर्जुमा/सार्वजनिक सुनुवाई जनलेखा परिक्षण, घुम्तीसेवा | ५ | | | ,, | ,, | ,, |
| १३. | स्थानीय गैससहरूद्धारा वडा तथा नगरपालिकाको श्रोत परिचालन | ५ | | | | | |
| १४. | आधुनिक प्रविधी हस्तान्तरण तालिम कार्यक्रम | ५ | | | | | |
| १५ | दक्ष जनशक्तिको व्यवस्थापन तालिम कार्यक्रम | ५ | | | | | |

## ८.४ मानव संशाधन विकास

**८.४.१ पृष्ठभूमि :** नारायण नगरपालिकाको सामाजिक तथा आर्थिक विकासको लागि मानव संशाधन विकास अति आवश्यक देखिन्छ । वजारमा आएका नयाँ प्रविधि, सिप र साधनको प्रयोग गर्न सक्ने क्षमतावान जनशक्तिको आवश्यक पर्दछ । यस नगरपालिकामा एकातर्फ विद्युत, खानेपानी, कम्प्युटर, इन्जिनियरिङ्ग जस्ता क्षेत्रको लागि प्राविधिक जनशक्तिको अभाव रहेको छ भने अर्को तर्फ क्याम्पस पढाइ सकेर वसेका युवाहरु पढाई अनुसारको रोजगार प्राप्त गर्न नसकि वेरोजगार भइ वस्नु पर्ने स्थिति रहेको छ ।

**८.४.२ प्रमुख समस्या :** जनशक्तिको माग र आपूर्ति बीच समन्वय नगरी जनशक्ति उत्पादन गरिनु, कोरा शिक्षा सङकाय मात्र पढाई हुनु, दलित, गरीव परिवार तथा टाढा रहेका वस्तीहरुमाा शिक्षा स्वास्थ्य क्षेत्रको पहुँच पुऱ्याउन नसक्नु, वजार, जनशक्ति, रोजगारी, सुविधा, उत्पादकत्व बीच समानजस्यता नहुनु, जनशक्ति विकासको लागि प्रयाप्त लगानी नहुनु, निजी क्षेत्रको प्रयाप्त लगानी नहुनु, जनशक्तिको प्रक्षेपण नगरीनु, नगरपालिकाको शिक्षा प्रणाली प्रविधि

तथा प्रयोगात्मक नहुनु, विदेश जाने जनशक्ति पनि अदक्ष मात्र हुँदा राम्रो रोजगार प्राप्त गर्न नसक्नु आदि समस्याहरु रहेका छन् ।

## ८.४.३ चुनौती र अवसरहरु :

**चुनौतिहरु :** नारायण नगरपालिकाको लागि दक्ष जनशक्ति उत्पादन गर्नु सबैभन्दा ठुलो चुनौति रहेको छ । यसका अलावा वैदेशिक रोजगारमा जाने जनशक्तिको क्षमता अभिवृद्धि गर्न, विदेशवाट फिर्ता भएका जनशक्तिको समुचित उपयोग गर्न, स्वदेश तथा विदेशवाट शिक्षा लिएर फर्केका यूवाहरुको ज्ञान, सीप र क्षमता सदुपयोग गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** नगरपालिकामा शिक्षित युवाहरु दिन प्रतिदिन वृद्धि हुँदै जानु, विद्यालयहरुको शिक्षाको गुणस्तर वढाउनु पर्ने धारणामा सवै सहमत हुनु, नारायण नगरपालिका जिल्लाको सदरमुकाममा रहनु , उच्च शिक्षाको स्तर तथा अवसर वृद्धि हुदै जानु, विदेशवाट फर्किएको जनशक्ति न्युनतम सिपयूक्त हुनु र नगरपालिकाबाट मानव संशाधनको लगत राख्ने प्रयास हुनु आदिलाई अवसरको रुपमा लिन सकिन्छ ।

## ८.४.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच** : गुणात्मक मानव संशाधन नगर समृद्धिको आधार

**लक्ष्य** : मानवीय संसाधनको विकासवाट नागरिकहरुको जीवनस्तरमा व्यापक परिवर्तन भएको हुनेछ ।

**उद्धेश्य** १. नगरपालिकाको मानव संशाधन स्वदेश तथा विदेशमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता भएका हुनेछन् ।

२.आधुनिक प्रविधि तथा ज्ञानमा आधारित सक्षम र गुणस्तरीय मानवीय संशाधनको विकास हुने ।

- **रणनीति तथा कार्यनीति**

**१.**नगरपालिकाको मानव संशाधन स्वदेश तथा विदेशमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता भएका हुनेछन् ।

**१.१** नगरपालिकाको लागि आवश्यकता र रोजगार स्थितिलाई मध्यनजर गरी माग र आपूर्ति बीच समन्वय हुने किसिमवाट मानव संशाधनको विकास गर्ने ।

- मानवीय संशाधनको विकासको लागि लगानी वढाउने ।
- प्रत्येक क्षेत्रका मानव संशाधनको प्रक्षेपण गरि सो अनुसार आपूर्ति गर्ने व्यवस्था मिलाउने ।
- दक्ष मानव संशाधन विकासका लागि नजिकको शहर तथा परराष्ट्र मन्त्रालय मार्फत वाह्य देशमा छात्रवृतिको माध्यमवाट गुणस्तरीय मानव संशाधन विकास गर्ने वातावरण सृजना गर्ने ।

**१.२** मानव संशाधन विकासको लागि नीजि क्षेत्र तथा सामाजिक क्षेत्रको लगानी वढाउन समन्वय गर्ने ।

- मानव संसाधन विकासका लागि नीजि क्षेत्र तथा संस्थागतरुपमा लगानी गर्ने वातावरण सृजना गर्ने ।
- मानव संसाधन विकासको लागि विभिन्न निकाय वा संस्थाहरु बीच समन्वय गर्ने ।

- नगरपालिकामा रहेका प्राविधिक तथा अन्य जनशक्तिलाई सेवा प्रवेश तथा सेवा कालिन तालिम दिने व्यवस्था गरि आफ्नो जिम्मेवारी समयमा गुणस्तरीय गराउने व्यवस्था मिलाईने ।

- समुदायमा पछि परेका वर्ग, लिंग, अवस्थाका व्यक्तिहरुको क्षमता अभिवृद्धि गर्नको लागि तालिम दिई रोजगारी प्राप्त गर्न व्यवस्था मिलाईने ।

२. आधुनिक प्रविधि तथा ज्ञानमा आधारित सक्षम र गुणस्तरीय मानवीय संशाधनको विकास गर्ने ।

२.१ नगरपालिकामा रहेका शैक्षिक संस्थाहरुको क्षमतामा अभिवृद्धि गर्ने ।

- विद्यालयहरुमा प्राविधिक शिक्षा अध्यापनको लागि पूर्वाधार निर्माण गरिने ।

- कक्षा ५ भन्दा माथिका सवै विद्यालयहरुमा इन्टरनेटको माध्यमवाट विश्वका प्रविधि तथा पद्धति सिक्ने वातावरण निर्माण गरिने ।

- विद्यालय तहसम्मको शिक्षा अनिवार्य गराउने र बीच मा छाड्ने तथा विद्यालय भन्दा वाहिरका वालवालिकाहरुलाई अनिवार्य विद्यालयमा पठाउन पर्ने वध्यताकारी नीति अवलम्वन गरिने ।

- आवश्यकता र क्षमतालाई हेरेर विद्यालयहरु आपसमा गाव्ने तथा मर्जगर्ने ।

- विद्यालयहरुको क्षमता वढाउन वाहय सहयोगको लागि पहल गर्ने ।

- सवै विद्यालयमा गुणस्तरीय शिक्षा दिन सक्ने विषयगत शिक्षकको व्यवस्था गरी कार्य संभ्फौता विधि अवलम्वन गरिने ।

- विद्यालयहरुको विषयहरु समावेश गर्दा तुरुन्त रोजगार प्राप्त हुने विषय जस्तै विज्ञान, गणित, कम्प्यूटर, अंग्रजी,भूगोल, अर्थशास्त्र, व्यवस्थापन जस्ता विषय मात्र पढ्न पाउने गरी पाठ्यक्रममा परिमार्जन गर्ने व्यवस्था गर्ने ।

- मावि र उच्चमावि तथा स्नातक तह अध्ययनरत तथा सम्पन्न गरेका विद्यार्थी तथा विदेश वाट फिर्ता भएका युवाहरुलाई ३ महिनाको प्राविधिक तालिम दिई रोजगार पाउन सक्ने जनशक्तिको विकास गर्ने व्यवस्थापन गरिने ।

## कार्यक्रमहरु

**– उद्यमशील रोजगार तालिम कार्यक्रम :** विद्यालयमा अध्ययन गर्ने ८ देखि १२ कक्षा सम्म पढ्ने तथा स्नातक तह पढ्ने सवै विद्यार्थीहरुको लागि र वेरोजगार यूवाहरुको लागि ३ महिनाको सिप विकास तालिम सञ्चालन गरिनेछ । यसै गरी एस.ई.इं पास भए पछि ३ वर्षे प्राविधिक शिक्षा पढाउन विद्यालय सञ्चालन गरिनेछ । यूवाहरुको लागि उद्यम सञ्चालन गर्ने, व्यवसाय सम्वन्धी तालिमा दिने व्यवस्था गरिनेछ ।

**– क्षमता अभिवृद्धि कार्यकम** : यूवा जनशक्तिको विकासको लागि विभिन्न किसिमका क्षमता अभिवृद्धि कार्यकम सञ्चालन गरिने छ ।

– **तालिम तथा अवलोकन कार्यक्रम** : जनशक्ति विकासको लागि विभिन्न किसिमको तालिम तथा अवलोकन कार्यक्रम सञ्चालन गरिनेछ ।

– **चरम गरीवी निवारण तथा क्षमता अभिवृद्धि कार्यक्रम** : चरम गरीवी निवारणको लागि क्षमता विकासमा जोड्दिईनेछ । शिक्षा, स्वास्थ्य तथा रोजगारको माध्यमवाट जनशक्ति विकास गरिनेछ ।

– उद्यमशिल पाचवर्षे योजना कार्यान्वयन कार्यक्रम सञ्चालन गरिनेछ ।

– **विद्यालय तथा उच्च शिक्षामा गुणस्तर कायम गर्ने कार्यक्रम** : जनशक्ति विकासको लागि गुणस्तरीय शिक्षा विकासको लागि लगानी वढाईनेछ ।

– **वालवालिका भर्ना कार्यक्**म : सवै वालवालिकाहरुलाई विद्यालय भर्ना कार्यक्रम अभियान सञ्चालन गरिनेछ । विद्यालय बीच मा छाड्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

– **जनशक्ति परिचालन कार्यक्रम** : जनशक्तिको विकास कार्यक्रमको साथै यिनीहरुको परिचालन सहिरुपमा सञ्चालन गरिनेछ ।

**संघ,प्रदेशको सहयोगवाट सञ्चालन गरिने कार्यक्रम**

– उच्चशिक्षा छात्रवृति सहयोग कार्यक्रम

– विज्ञान तथा प्रयोगशाला विकास कार्यक्रम

– उद्यमशील रोजगार सृजना सहयोग कार्यक्रम

– क्षमता अभिवृद्धि कार्यक्रम

– तालिम तथा अवलोकन कार्यक्रम

– चरम गरीवी निवारण कार्यक्रम

– वित्तिय सहयोग तथा ऋण सुविधा कार्यक्रम

– गरीव परिवारको लागि पूर्वाधार सृजना तथा सहयोग कार्यक्रम

**८.४.५ अपेक्षित उपलव्धी :** नारायण नगरपालिकामा रहेका जनशक्ति सवैलाई दक्ष, सिपयूक्त, वजारको माग अनुसारको दक्ष जनशक्ति तयार गर्न, मावि र उच्च मा. विहरु तथा उच्चतहमा रोजगारमुलक, प्राविधिक जनशक्ति उत्पादन भएको हुनेछ । वैदेशिक रोजगारमा जाने जनशक्तिको क्षमता अभिवृद्धि गर्न, विदेशवाट फिर्ता भएका जनशक्तिको समुचित उपयोग गर्न, स्वदेश तथा विदेशवाट शिक्षा लिएर फर्केका यूवाहरु उद्यमी भएको हुनेछन् । सिपयूक्त जनशक्तिको विकास हुनेछ , सवैले रोजगार प्राप्त गरेका हुनेछन् । नगरपालिकामा तालिम दिने सक्षम विद्यालय तथा शैक्षिक केन्द्रको स्थापना भएको हुनेछ । प्रविधिक विषयको स्नातक तहको कम्तीमा एक वटा कलेज यस नगरपालिकामा संचालन भएको हुनेछ ।

## ८.२.६ नतिजा खाका

**तालिका न. ६८ : मानवसंसाधन विकास क्षेत्रको नतिजा खाका**

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनूमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| | **प्रभाव** | | | | | | |
| १. | मानव विकास सूचांक | सुचांक | ०.४२७ | ०.५८ | ने.जी.स. | नगरपालिका | संघ,प्रदेश वाट सहयोग निरन्तरता भएमा |
| २. | मानब सम्पत्ति सूचांक | सुचांक | ०.९०४ | ०.५८ | ने.ज.स्वा.स. | ,, | ,, |
| ३. | लैङ्गिंक समता सूचांक | | ०.५५ | ०.६० | | | ,, |
| | **असर** | | | | | ,, | ,, |
| १. | सशक्तिकरण सूचांक | | | | | ,, | ,, |
| २. | लैङ्गिंक विकास सूचांक | | | | | | |
| | **प्रतिफल** | | | | | | ,, |
| १. | मानवीय गरिबीमा रहेका नगरपालिकाको जनसंख्या | प्रतिसत | | वटा | घरधरी सर्वेक्षण | प्रशासन प्रमुख | ,, |
| . | **आयोजना कार्यक्रम** | | | | घरधुरी सर्बेक्षण | प्रशासनप्रमुख नगरपालिका | सहयोग उपलब्ध भएमा |
| १. | आन्तरिक आय वृद्धि अध्ययन कार्यक्रम | १ | | | ,, | ,, | ,, |
| २. | स्वदेश तथा विदेशवाट सहयोग तथा ऋण प्राप्त कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ३ | नगरपालिकाको वित्तिय व्यवस्था सुदृढिकरण कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ४. | सेवा प्रवाहको मापदण्ड तयार कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ५. | कर्मचारी क्षमताविकास तालिम कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ६. | कानून, निर्देशिका तयार गर्ने कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ७. | अनुगमन तथा मूल्यांङ्कन कार्यकम | ५ | | | ,, | ,, | ,, |
| ८. | सार्वजनिक सुनाई कार्यक्रम | १० | | | ,, | ,, | ,, |
| ९. | सामाजिक परिक्षण कार्यृकम | ५ | | | ,, | ,, | ,, |

| क.सं. | प्रभाव नतिजा खाका | एकाई | आधार वर्ष आ.व. २०८०/०८१ | आ.ब.को लक्ष्य २०८४/०८५ | सुचनाको श्रोत | जिम्मेवार निकाय | अनुमान तथा जोखिम |
|---|---|---|---|---|---|---|---|
| १०. | सार्वजनिक परिक्षण कार्यक्रम | ५ | | | ,, | ,, | ,, |
| ११. | सूचना तथा खर्च विवरण Webside राख्ने E Governance कार्यक्रम संचालन | ५ | | | ,, | ,, | ,, |
| १२. | इलेक्ट्रोनिक हाजिरी व्यवस्था | ५ | | | ,, | ,, | ,, |
| १३. | सहयोगी कार्यकक्ष, विषयगत सम्पर्क व्यक्तिको व्यवस्था | ५ | | | ,, | ,, | ,, |
| १४. | सवै वडामा E नागरिक वडापत्रको व्यवस्था | ५ | | | ,, | ,, | ,, |
| १५. | प्रत्येक टोलमा फ्रि वाइफाइ तथा इन्टरनेट सेवा सुविधा | ५ | | | ,, | ,, | ,, |
| १६ | सामुदायिक प्रविधि मैत्री कार्यक्रम | ५ | | | | | |
| १७ | अपाङ्ग ,वालमैत्री, महिला मैत्री भवन तथा पूर्वाधार व्यवस्था | ५ | | | | | |
| १८ | सेवा करार प्रणाली कार्यक्रम | ५ | | | | | |

## ८.५ विपद् व्यवस्थापन

**८.५.१ पृष्ठभूमि :** नारायण नगरपालिकाले नसोचेको अवस्थामा आउने समस्या नै विपद् हो जो मानिसको जीवनमा आईपर्ने कष्ठकर अवस्था हो । विपद्मा नव निर्मित वा प्रकृतिकका कारणवाट विपद् सृजना हुन्छ । वाढी, पहिरो, चट्याङ्ग, असिना, अनावृष्टि, अतिवृष्टि, भूकम्प प्रकृतिक कारणवाट सृजना भएका विपद् हुन भने आगलागी, सडक निर्माणवाट हुने पहिरो, तल्लो तहमा पर्ने असर, कच्चि घरवाट हुने समस्या, गाडी दुर्घटना भएर हुने विपद्, रोग तथा महामारी आदि मानव निर्मित विपद्हरु हुन् ।

नारायण नगरपालिकामा भौगोलिक स्वरुप र पूर्वाधार निर्माण,अस्त व्यस्त वसोवास, अज्ञानता तथा अशिक्षाको कारणवाट विपद्हरु आइरहेका छन् । नगरंपालिकाको भौगोलिक स्वरुप पहाड र फेदसम्म पैलिएको छ । यहाँ कुनै वस्तिहरु डाँडामा पनि रहेका छन् । खोलाका किनार छेउछाउमा रहेका वस्तिहरु हुन । वाँकी वस्तिहरु सवै पहाडको बीच भागमा फैलिएर रहेका छन् । माथि उल्लेखित खोला तथा अन्य खोल्सा खोल्सीमा वर्षामा वाढी आएर नगरपालिकाका किनारका फाँटहरु धेरै उव्जनी जमिन नष्ट भएको छ । जङ्गल तथा घरहरुमा समेत आगलागी भै धेरै सम्पतिको समय समयमा नष्ट भएको छ । नगरपालिकामा डोजर प्रयोग गरी मोटर वाटो खन्दा समेत सडक भन्दा तल्लो तटका उव्जनी हुने खेतहरु सवै पुरिएर नष्ट पारेको छ । वि.स.२०७२ सालमा गएको भूकम्पले घर नोक्सान पारेको थियो । यहाँ समय समयमा चट्याङ्ग परेर मानिस तथा पशुपन्छी नष्ट पारेको छ । यस्ता विपद्हरुलाई सकभर आउन नै नदिन, आएमा कम क्षति हुने गरी पूर्व तयारी गर्नुपर्छ । प्रकृतिक तथा मानवीय विपद्वाट जनधन, वाली नाली, पशुपन्छीको क्षेती भएको तितो अनुभव सवैलाई छ । विपद्वाट न्यून क्षतिहुनका लागि पूर्व तयारी व्यापक रुपमा गर्नु पर्ने देखिन्छ ।

**८.५.२ प्रमुख समस्याहरु :** नारायण नगरपालिकामा चट्याङ्ग पर्नु, वाढी आउनु, पहिरो तथा जमिन दलदल भइ वग्नु, डोजरले सडक खन्दा तल्लो तटका खेतीयोग्य जमिन तथा खानेपानीका मूलाधारा पाईप संरचना पुरिनु तथा भत्काउनु,

पूर्व तयारीको लागि व्यवस्थापन नहुनु, भएका कार्यहरु रोकथाममुलक नभई उपचारात्मक हुनु प्रमुख समस्याहरु हुन । प्राकृतिक प्रकोपका संभावित क्षेत्रको नंक्सांकन नहुनु, विकास निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यान नदिनु, विपद् सम्वन्धी चेतनाको समस्या, समन्वय नहुनु, विपद्पछि समयमा उद्धार गर्न समस्या, क्षतिको क्षतिपूर्ति समयमा दिनको लागि क्षतिपूर्ति दिन वजेटको समस्या, समयमा नै पुनर्निमाणको समस्या, नगरपालिकामा विपद् पछि उद्धारको लागि आवश्यक औजार तथा सामान र जनशक्तिको समस्या र आगो निभाउन तथा नियन्त्रणको लागि वारुण यन्त्रको अभाव आदि समस्या रहेका छन् ।

### ८.५.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** विपद् व्यवस्थापनको लागि पूर्व तयारी गर्न, आवश्यक विपद्को समयमा उद्धार गर्ने, सामान तथा तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्न, नदी तथा खोलाले वगरका तथा भत्काएका संरचना निर्माण गर्न र आवश्यक स्थानमा निर्माण गर्न श्रोत जुटाउन, विपद्को पूर्व सूचना दिने व्यवस्थापन मिलाउन, प्रभावकारी संयन्त्र तयार गर्न, जथाभावि डोजर प्रयोगलाई नियन्त्रण गर्न र वर्षाको समयमा माटो काट्ने चलनलाई हटाउने कार्य चुनौतिपुर्ण छ । डढेलो नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्न, आगो लनगरने व्यक्तिको पहिचान गरी कानुनी कारवाही गर्न, जथाभावि रुख विरुवा कटान गर्न रोक्न, छाडा चौपाय नियन्त्रण गर्न, जनचेतना फैलाउन, वृक्षारोपण तथा तटवन्धनको व्यवस्था गर्न, प्राविधिक ज्ञान प्रविधि, विकास पहुँचमा वृद्धी गर्न,अभिमुखिकरण तालीम दिई जनचेतना फैलाउन, विपद् क्षेत्रको पहिचान गरी नकंसाङकन गर्न, नगरपालिकामा भवनहरु निर्माण गर्दा भवन मापदण्ड लागु गराउन, वारुण यन्त्रको व्यवस्था तथा व्यवस्थापन गर्न चुनौती रहेका छ ।

**अवसरहरु :** नारायण नगरपालिकामा जिल्लाकै महत्वपूर्ण सम्पदाहरु र जिल्ला सदरमुकाम यसै नगरपालिकामा रहेको छ । खोला खोल्सा तथा जलाधार संरक्षणको लागि नेपाल सरकार तथा सामुदायिक संस्थाहरुले कार्यक्रम सञ्चालन गर्नु, नगरपालिकाले नगरपालिका तह तथा वडा र वस्तिस्तरमा विपद् उद्धार सम्वन्धी संस्थागत तथा नीतिगत व्यवस्था हुनु अवसहरु हुन । नगरपालिकाले विपद् व्यवस्थापन ऐन पारित गरी लागू गर्नु, घर निर्माण सम्वन्धी मापदण्ड तयार गर्नु, सवै वस्तिमा सडक, खानेपानी जस्ता पुर्वाधार निर्माण हुनु, सवै वडामा स्वास्थ्य संस्था हुनु, रेडकस जस्ता संस्थाहरु वस्तीस्तरसम्म गठन हुनु, जलवायु परिवर्तन अनुकुलन योजना, दिगो कृषि कार्यक्रम, तटवन्धन कार्यक्रम आदि यस नगरपालिकामा सञ्चालन हुनु पनि यस क्षेत्रका अवसरहरु हुन् ।

### ८.५.४ सोच, लक्ष्य, उद्धेश्य, रणनीति , कार्यनीति र कार्यक्रमहरु

**दीर्घकालिन सोच :**सामुहिक दायित्व र सुरक्षित नगरपालिका

**लक्ष्य :** समयमा विपद् व्यवस्थापनवाट कम क्षति पुऱ्याउने र विपद्मा परेकाहरुको उद्धार भएको हुनेछ ।

**उद्धेश्य : १.** पूर्व विपद् व्यवस्थापन योजना निर्माण गरी सोको कार्यान्वयनद्धारा जोखिममा न्यूनीकारण भएको हुनेछ ।

२. विपद् पश्चात समयमा उद्धार गरी विपद्वाट थप धनजनको क्षति हुनवाट जोनगरन र समयमा क्षतिपूर्ति दिएको हुनेछ ।

### रणनीति तथा कार्यनीति

१.पूर्व विपद् व्यवस्थापन योजना निर्माण गरी सो को कार्यान्वयन द्धारा जोखिममा न्यूनीकारण भएको हुनेछ ।

१.१ विपद् जोखिमको पूर्वयोजना तयार गरी सो अनुसार कार्यन्वयन गर्ने ।

१. विपद् सम्वन्धमा समय समयमा पूर्वअभ्यास गरि समयमा उद्धार गर्ने ।

२. विकास निर्माणमा विपद् व्यवस्थापनलाई समेत समावेस गरी गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

३. पहिरो तथा वढिवाट सकटासन्न अवस्थामा रहेका परिवारलाई समय मै सुरक्षित स्थानमा स्तानान्तरण गर्ने ।

४. विद्यालयस्तरमा विपद् व्यवस्थापन सम्वन्धी विषय पाठ्यक्रममा समावेश गरी तल्लो तहवाटै विपद् सम्वन्धी चेतना जनगरने ।

५. विपद् सम्वन्धी पूर्व जानकारी तथा चेतावनी दिई विपद् क्षति न्यूनीकारण गरिने ।

६. वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा पहिरो तथा भूक्षयमा कमि ल्याउने ।

७. डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने ।

१.२ विपद्को लागि आवश्यक पर्ने सामान, साधन तथा जनशक्तिको व्यवस्थापन गर्ने र विपद् उद्धार संस्था तथा संरचना तयार गर्ने ।

१. विपद्को लागि सवै वस्तिमा आवश्यक योजना, सामान तथा जनशक्तिको पूर्व व्यवस्था मिलाउने ।

२. नगरपालिका, वडा तथा वस्तीस्तरमा उद्धार समिति गठन गरी विपद् आएमा तत्काल उद्धार गर्ने ।

३. तत्काल उद्धारको लागि तालिम प्राप्त जनशक्ति, औषधि, औजार, डोरी, वाल्टी लगायतका सरसामानको व्यवस्था प्रत्येक वस्तीस्तरमा गरिनेछ ।

४. राहत र उद्धारका लागि प्राप्त सामान व्यवस्थितरुपमा वितरण गर्ने प्रवन्ध मिलाईने छ ।

५. भूकम्प, वाढि, पहिरो जाने क्षेत्रको नक्सांकन गरि यसको सजग अपनाईने छ ।

६.पूर्वाधार आयोजना निर्माण कार्य सुरु गर्नु भन्दा अघि वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रकोप मूल्याङ्कन अनिवार्य गरि सोको असर न्यूनीकरण गर्ने गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ ।

२. विपद् पश्चात समयमा उद्धार गरी विपद्वाट थप धनजनको क्षति हुनवाट जोनगरन र समयमा क्षतिपूर्ति दिएको हुनेछ ।

२.१ विपद् पश्चात समयमा उद्धार गर्ने र समयमा वचाउने , राहत तथा क्षतिपूर्ति दिने व्यवस्था मिलाईने छ ।

१. जिल्ला विपद् प्रकोप समितिर नगरपीलका विपद् प्रकोप समिति बीच समन्वय गरी कार्यान्वयन गरिनेछ ।

२. विपद्को कारणवाट आर्थिकरुपले छिन्न भिन्न रहेको परिवारलाई विशेष आर्थिक सहयोग गरी परिवारलाई पहिलाको स्थितिमा लैजाने व्यवस्था गरिनेछ ।

३. पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री गर्ने सडकमा सडक प्लस कार्यक्रम ( वृक्षारोपण, अम्रिसो रोपण आदि) सञ्चालन गरिनेछ ।

४. प्रकोप व्यवस्थापन, पूर्व तयारी, प्रचार प्रसार कार्यक्रम , क्षमता अभिवृद्धि कार्यक्रममा प्रदेश तथा संघको समन्वय तथा सहयोगमा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।

**कार्यक्रमहरु :**

**नगरपालिकाले आफै सञ्चालन गर्ने कार्यक्रमहरु**

**जोखिमयुक्त स्थानमा रहेका वस्तीहरुको स्थानान्तरण कार्यक्रम** : नगरपालिकामा रहेका पहिरो, बाढी, खोलानालाबाट जोखिम स्थानको पहिचान गरी त्यहाँ बाट वस्ती सुरक्षित स्थानमा हस्तानान्तरण गरिने छ ।

**नगरपालिका तथा वडा र वस्तीस्तरको विपद् व्यवस्थापन समिति गठन कार्यक्रम** : विपद् जोखिम न्यूनीकरणको लागि नगरपालिका, वडा तथा वस्तीस्तरमा विपद् व्यवस्थापन समिति गठन गरिनेछ । यी समितहरुले विपद् पछि समयमै उद्धार गर्नेछन् । यी समितिहरु साधन श्रोतले पूर्ण भएका हुनेछन् । प्रत्येक वस्तिस्तरमा विपद् पूर्वतयारीको लागि सामान, खाद्यान्न, औषधि तथा जनशक्ति व्यवस्थापन भएका हुनेछन् ।

**भूउपयोग योजना निर्माण कार्यक्रम तथा जोखिम क्षेत्र लेखाङकन कार्यक्रम :** नगरपालिकामा जोखिम क्षेत्रको पहिचान गरी लेखाङ्कन गरिनेछ ।

**विकासका पूर्वाधार संरक्षण कार्यक्रम** : विकासका पूर्वाधार निर्माण गर्दा भईरहेका पूर्वाधारको संरक्षण गर्ने र विग्रेका संरचना मर्मत संभार गरिनेछ ।

**जलाधार क्षेत्र संरक्षण कार्यक्रम :** नगरपालिकाको जलाधार क्षेत्र संरक्षण गर्न पानीका मुहान संरक्षण कार्यक्रम, तटवन्धन, पहिरो नियन्त्रण कार्यक्रम जस्ता जलाधार क्षेत्र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

**सामुदायिक वन नविकरण तथा हस्तान्तरण कार्यक्रम** : सामुदायिक वनको नविकरण तथा हस्तान्तरण गरी वनको उपयोग तथा संरक्षण गरिनेछ । वनमा ढडेलो नियन्त्रण गरिने, वनका अनावश्यक रुख कटनी गरी सिमान्तकृत परिवारको जीवनस्तर उकास्ने, वृक्षारोपण गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**प्राकृतिक प्रकोप रोकथाम कार्यक्रम :**.यसै अनुसार आगलागी, बाढी पहिरो लगायतका प्राकृतिक प्रकोप रोकथामका लागि अवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**प्रकोप व्यवस्थापन तालिम कार्यक्रम** : प्रकोप व्यवस्थापन समितिहरुलाई, समाजका यूवाहरुको लागि प्रकोप व्यवस्थापन तालिम दिई आवश्यक परेमा कम क्षतिमा समयमै उद्धार गर्न सक्ने सिपयूक्त जनशक्ति तयार गर्न प्रकोप व्यवस्थापन तालिमा सञ्चालन गरिनेछ ।

**विपद् पछिको खोज तथा उद्धार कार्यक्रम** : कुनै पनि विपद् आएमा समयमा खोज तथा उद्धार गर्न आवश्यक तयारी गरिएको हुनेछ । यसको लागि प्रहरी तथा सेनाको सहयोगको लागि प्रमुख जिल्ला अधिकारी मार्फत समन्वय गरी उद्धार हुने व्यवस्था मिलाईने छ । विपद्मा रहेकाहरुको तत्काल उद्धार, वस्नको लागि वासस्थानको व्यवस्था, औषधि उपचारको व्यवस्था, भोजनको प्रवन्ध आदि पूर्व तयारी गरी समयमा खोज तथा उद्धार गर्न सक्ने स्थितिमा रहेने व्यवस्था मिलाईनेछ ।

**भूकम्प सुरक्षा जनचेतना कार्यक्रम** : नेपाल भूकम्पीय क्षेत्रमा रहेको हुनाले यसवाट कम क्षति हुने व्यवस्था, सुरक्षित घर निर्माण, विद्यालयको संरचना, विद्यार्थीहरुको लागि भूकम्प तथा प्राकृतिक प्रकोप सम्वन्धी जानकारी , वच्ने उपया, क्षति कम गर्ने उपया आदि वारेमा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**जथाभावि रुपमा नदी जन्य पदार्थको उत्खन्न नियन्त्रण गर्ने कार्यक्रम :** वातावरणीय प्रभाव मुल्याङ्कन तथा अध्ययन विना जथाभावि रुपमा नदीजन्य पदार्थको उत्खनन् कार्यमा नियन्त्रण गरिनेछ । वातावरण अध्ययन गरी कम क्षेति हुने व्यवस्था मिलाई नदीजन्य वस्तुको उपयोग गर्ने व्यवस्था मिलाईनेछ ।

**पानीका मुहानहरु संरक्षण गर्ने कार्यक्रम** : पानीका मुलका श्रोत संरक्षण गर्ने र सो सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

**खेति योग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्ने (उपभोक्ता र वडाको सहकार्यमा ) कार्यक्रम :** नगरपालिकामा रहेका सम्पूर्ण जग्गा जमिनको अध्ययन गरी भूउपयोग योजना तयार गरी सो अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।

**डढेलो नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम :** वन तथा जङ्गलमा डढेलो नलनगरने चेतना फैलाउने कार्यक्रम सञ्चालन गरिनेछ । अग्नि रेखा निर्माण, डढेलो नियन्त्रणको पूर्व तयारी कार्यक्रम सञ्चालन गरिनेछ ।

- **आपतकालिन आश्रय स्थल निर्माण कार्यक्रम :** मानवीय तथा प्राकृतिक विपद्वाट धनजनको क्षेति भएमा आपतकालिन आश्रय स्थलहरुको निर्माण गरी आश्रय दिने व्यवस्था मिलाईनेछ ।

**प्रदेश तथा संघीय सरकारको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

- जोखिमस्थानमा रहेका वस्तीहरुको स्थानान्तरण कार्यक्रम
- प्रत्येक वस्तिस्तरमा विपद्पूर्व तयारीको लागि सामान, खाद्यान्न, औषधि तथा जनशक्ति व्यवस्थापन कार्यक्रम
- भू उपयोग योजना निर्माण कार्यक्रम तथा जोखिम क्षेत्र लेखांकन कार्यक्रम
- जलाधार क्षेत्र संरक्षण कार्यक्रम
- प्राकृतिक प्रकोप रोकथाम कार्यक्रम
- प्रकोप व्यवस्थापन तालिम कार्यक्रम
- विपद् पछिको खोज तथा उद्धार सामाग्री वितरण कार्यक्रम
- पीडित तथा घाइतेको उपचार तथा तत्काल राहत कार्यक्रम
- पूर्णखोप कार्यक्रम सञ्चालन कार्यक्रम

## ८.५.५ अपेक्षित उपलव्धी :

आवधिक योजनाको अवधि २०८५ सम्ममा विपद् पूर्वयोजना तयार भएको हुनेछ । भू उपयोग योजना स्वीकृत भएको हुनेछ । विपद् योजना सम्वन्धी ऐन, नियम, कार्यविधि, कार्यक्रम तयार भएको हुनेछ । वडाहरुका टोलको पहिरो नियन्त्रण गर्न विशेष कार्यक्रम सञ्चालन भएको हुनेछ । विपद् सम्वन्धी पूर्व सूचना दिने व्यवस्था मिलाइएको हुनुका साथै विपद् सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।

## ८.६ सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरु

**८.६.१ पृष्ठभूमि :** नगरपालिकाको विकासको लागि सरकारी, निजी क्षेत्र, गैरसरकारी संस्थाहरुको समन्वयवाट मात्र सम्भव रहेको हुन्छ । गैरसरकारी भन्नाले नाफा विना सामाजिक सहयोग गर्न स्थापना भएका संस्थाहरुलाई जनाउँछ । नगरपालिकाको सामाजिक तथा आर्थिक विकास गर्न केहि गैरसरकारी संस्था तथा सामुदायिक साझेदारी संस्थाहरु कार्यरत रहेका छन् । हिमाली तथा तराईका पछाडि परेका स्थानीय निकायमा भन्दा यस नगरपालिकामा सामुदायिक संस्थाहरु कमै रहेका छन् । यस नगरपालिकामा एभेष्ट क्लव, दैलख ,सुन्दर नेपाल संस्था ,सोसेक नेपाल, दैलेख ,सेवक दैलेख, सि.डि.पि. नेपाल ,सेतो गुँरास बाल विकास सेवा ,महिला सशक्तिकरण मञ्च १०९८ बाल हेल्प लाईन, महिला तथा बालबालिका केन्द्र (सोसेक) ,स्याक नेपाल र सुहारा जस्ता सस्थाहरु सहकार्यमा कार्यरत छन् । यी सामुदायिक संस्थाहरु शुरु देखि कार्यरत रहेका संस्थाहरु हुन भने यस नगरपालिकामा भएका टोल विकास संस्था र स्वास्थ्य आमा समुह लगायतका संस्थाहरु रहेका छन् । यी सामाजिक संस्थाहरुले तरकारी खेती, माटो परिक्षण, झोलुङ्गे पुल निर्माण गर्न, खानेपानी निर्माण तथा मर्मत, सरसफाई कार्यक्रम, स्वास्थ्य कार्यक्रम, पोषण कार्यक्रम आदि सञ्चालन गरी सहयोग पुऱ्याईरहेका छन् ।

**८.६.२ प्रमुख समस्याहरु :** यस नगरपालिकामा दलित वस्तीहरु, अति पछाडिएका क्षेत्र, अति गरीव परिवारहरु रहेको भए तापनि यहाँ सामाजिक सस्थाहरु संख्या र उनीहरुको लगानी पनि कम रहेको छ । यी संस्थाहरुको पारदर्शितामा समेत समस्या देखिएको छ । नगरपालिकाका जनताको सामाजिक तथा आर्थिक विकासको लाीग आर्थिक स्रोत लगानी गर्ने सस्था वा निकायको कमि रहेको छ । पोषण कार्यक्रम लागु भएपनि वजेट ज्यादै न्यून रहेको । अन्तराष्ट्रिय संघ संस्थाको लगानी नहुँदा श्रोत जुटाउन समस्या परेको छ ।

### ८.६.३ चुनौती र अवसरहरु

**चुनौतीरु :** सामाजिक तथा आर्थिक विकासमा गैरसरकारी संस्था सामुदायिक साझेदारहरुको महत्वपूर्ण भूमिका रहेतापनि प्रयाप्त स्रोत तथा लगानीको व्यवस्था गर्न, अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग समन्वय गरी आर्कषण गर्न, दलित तथा अति गरीव परिवारका वालवच्चाको शिक्षा तथा स्वास्थ्य स्थिति सुधार गर्न, गरीव परिवारको क्षमता अभिवृद्धि गर्न चुनौति देखिन्छ । आर्थिक श्रोतको पहिचान गरी उद्यमी वनाउन, नगरपालिका तथा प्रदेशसंग समन्वय गर्न, पारदर्शिता कायम गर्न, सवै विकासका निकाय बीच समन्वय गर्न, अनुगमन र मुल्याङ्कनमा सुधार गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** नगरपालिका प्रदेश र संघमा निर्वाचित सरकारले शासन सञ्चालन गर्नु, देशमा स्थायीत्व आउनु, सवै सरकारहरुले सामाजिक परिचालन गरी अति गरीव तथा विपन्न परिवारको क्षमता वढाउन लगानी गर्न तत्पर हुनु जस्ता अवसरहरु देखिन्छन् । यस्तै, अन्तर्राष्ट्रिय संघ संस्थाहरु पनि ग्रामीण क्षेत्रको विकास गर्न तत्पर रहनु, श्रोत तथा साधनहरु पनि क्रमशःवढ्दै जानु, नगरपालिकाले समन्वयकारी भूमिका निभाउनु, गैससहरुलाई सामाजिक विकासका सम्वाहकका रुपमा स्थानीय सरकारले मान्यता दिनु आदि पनि अवसरहरु हुन् ।

## ८.६.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यनीति र कार्यक्रमहरु

**दीर्घकालिन सोच :** विकास र जागरण सामुदायिक संस्थाहरुको साझा दायित्व

**लक्ष्य :** दिगो, पारदर्शी , सक्षम सामुदायिक संस्थाको परिचालनवाट नगरपालिकामा पछाडि परेका वर्गको जीवनस्तर उच्च भएको हुनेछ ।

**उद्धेश्य :** १. सामुदायिक संस्था तथा गैरसरकारी संस्थाहरुलाई नगरपालिकाको विकासका साझेदारीको रुपमा विकास गर्ने

२. साझेदार संस्थाहरुको परदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको विकास गरी नगरपालिकाको सामाजिक तथा आर्थिक विकास गर्ने ।

**तालिका न. ६९ रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. सामुदायिक संस्था तथा गैरसरकारी संस्थाहरुलाई नगरपालिकाको विकासका साझेदारीको रुपमा विकास गर्ने | |
| १.१.सामुदायिक संस्था तथा गैरसरकारी संस्थालाई सुदृढीकरण गरी विकासका सम्भाहकका रुपमा विकास गर्ने । | १. सवै संचालित सामुदायिक संस्थाहरु नगरपालिकामा दर्ता गराउने व्यवस्था मिलाउने<br>२. प्रत्येक आर्थिक वर्षमा सञ्चालन गरिने कार्यक्रम नगरपालिकावाट स्वीकृत गराएर मात्र कार्यान्वयनमा लैजाने ।<br>३. नगरपालिकाले तोकेको क्षेत्रमा मात्र सामुदायिक संस्था परिचालन गरिने ।<br>४. गैसस सम्वन्धी कार्यविधि तयार गरी सो अनुसार सञ्चालन गर्ने ।<br>५. वाहयश्रोत तथा साधन प्राप्तको लागि विशेष पहल गरिने ।<br>६. गैससहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने । |
| २.साझेदार संस्थाहरुको परदर्शिता, जवाफदेहिता र उत्तरदायित्वको विकास गरी नगरपालिकाको सामाजिक तथा आर्थिक विकास गर्ने । | |
| २.१ सामुदायिक संस्थाहरुलाई कानुनी रुपमा व्यवस्थित रुपमा सञ्चालन गराउने । | ७.. सामुदायिक संस्था संग नगरपालिकाले साझेदारीमा तोकिएका क्षेत्रमा कार्यक्रम कार्यान्वयन गर्न प्राथमिकता दिने ।<br>८.. सामुदायिक संस्थाका कार्यक्रमहरुको अनुगमन तथा मूल्यांङ्कन गर्ने प्रकृया र विधि निर्धारण गरे अनुसार काम गर्ने ।७. सामुदायिक साझेदार तथा गैससहरुको आर्थिक कारोवार पारदर्शिता कायम गर्नको लागि लेखापरिक्षण तथा सामाजिक परिक्षण गर्ने ।<br>९. आफूले सञ्चालन गरेका कार्यको गुणस्तर तथा टिकाउको लागि जवाफदेहि वनाउने ।<br>१०. नियम कानून विपरित गैससहरुले कार्यगर्न नपाउने व्यवस्था मिलाउने । |
| २.२ नगरपालिकाले तोकेका क्षेत्रमा सामुदायिक संस्थाहरुको परिचालन गर्ने । | |

**कार्यक्रमहरु**

**नगरपालिकाले आफै सञ्चालन गरिने कार्यक्रम**

- सामुदायिक संस्थाहरु दर्ता, नविकरण कार्यक्रम
- साझेदारमा सञ्चालन गरिने कार्यक्रमको पहिचान तथा सञ्चालन
- गैसस र सामुदायिक संस्था सम्वन्धी कार्यविधि निर्माण कार्यक्रम

- क्षमता अभिवृद्धि कार्यक्रम
- अनुगमन तथा मूल्याङ्कन कार्यक्रम
- सार्वजनिक सुनुवाई कार्यक्रम
- गैसस नियमन कार्यक्रम प्रदेश तथा संघको सहयोगमा सञ्चालन गरिने कार्यक्रम
- सामाजिक संघ संस्थाहरुको क्षमता अभिवृद्धि कार्यक्रम
- अन्तराष्ट्रिय संघसंस्थावाट सहयोग जुटाउने कार्यक्रम
- सामजिक परिचालन कार्यक्रम
- सामाजिक संघसंस्थाको खर्चको मापदण्ड तथा निर्देशिका वनाउने कार्यक्रम

### ८.६.५ अपेक्षित उपलब्धी :

नारायण नगरपालिकामा सामुदायिक संस्थाहरुले वाहय सहयोगवाट कार्यक्रम सञ्चालन गर्नको लागि श्रोत प्राप्त भएको हुनेछ । सवै सामुदायिक तथा गैससहरु नगरपालिकामा दर्ता भई कार्यक्रम नगरपालिकावाट स्वीकृत गरे पछि मात्र कार्यान्वयन भएको हुनेछ । सामुदायिक संस्थाहरु नगरपालिका प्रतिउत्तरदायी भएको हुनेछ । सामुदायिक संस्थाहरुको क्षमता अभिवृद्धि भएको हुनेछ । नगरपालिकामा दलितवर्ग तथा अति गरीववर्गहरुको क्षमता अभिवृद्धि भई जनताको जीवनस्तरमा व्यापक सुधार भएको हुनेछ ।

## ८.७ वातावरण

**८.७.१ पृष्ठभूमि** : आर्थिक तथा सामाजिक विकासमा वातावरणको ठूलो महत्व रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल ११०.६३ वर्गकि.मि.मध्ये २६.५६ प्रतिशत कृषिजन्य भूमि, ४२.२८ प्रतिशत भन्दा माथि वन जङ्गल र वाँकि क्षेत्र खोला तथा वगरले ढाकेको छ । यहाँ सामुदायिक वन उपभोक्ता समिति ४६ वटा र ३ कबुलियति वन छन् । आबस क्षेत्र २.७८ प्रतिसत,नदीनालाले ओगटेको क्षेत्र २.३६ , सडकले १.०७ र अन्य २५ प्रतिसत छ । यहा उत्तिस, धुपि सल्ला,बाज, रहिच,साल,सल्लो,साज जस्ता रुखविरुवा र मृग घोरल कालिज,भालु, बाघ, मृग वन र वन्यजन्तुहरु रहेकाछन् । वन जङ्गंल, खोलानाला, स्वच्छ हरियाली भएकोले यहाँको वातावरण ज्यादै रमणीय रहेको छ ।

**८.७.२ प्रमुख समस्याहरु** : नारायण नगरपालिकाको क्षेत्रधिकारमा रहेको वनलाई नगरवासीहरुको आर्थिक उपार्जनसंग समन्वय हुन नसक्नु, वन जङ्गलमा कुकाठ वढि हुनु, डढेलो वढि लाग्नु, खेति योग्य जमिनमा अनावश्यक वोट विरुवाको व्यवस्थापन नहुनु, जडिवुटिको पहिचान र संरक्षण हुन नसक्नु, वन जङ्गलको फडानी र भूक्ष्य यहाँको वातावरण क्षेत्रका मुख्उ समस्याहरु हुन । यसका अलावा बढ्दो रसायनिक पदार्थको प्रयोग, प्लाष्टिक जन्य वस्तुको व्यवस्थापनको अभाव, मृत जनावरको उचित व्यवस्थापनमा कमी, प्रभावकारी समन्वयको अभाव, वातावरणसंग सम्बन्धीत सुचना संङ्कलनमा कमी, जनचेतनाको अभाव, नागरीक सुसुचित नहुनु, ऐन, निति नियम विनियमको पूर्ण पालन नहुनु, फोहरमैलाको व्यवस्थापनमा समस्या, वातावरणमा असर, मानविय स्वास्थ्य रोगको प्रकोप, उर्वरा खेती योग्य जमिनको विनास र वाढी पहिरो नियन्त्रण कार्यक्रम प्रभावकारी नहुनु जस्ता समस्याहरु रहेका छन् । वन संरक्षण तथा वृक्षारोपण कार्यमा जनसहभागीतामा कमी, खोलानालामा जथाभावि करेन्ट लनगरर माछा मार्ने प्रवृक्ति, ग्रामीण वजारमा फोहर व्यवस्थापन नहुनु र जथाभावि डोजर प्रयोग गर्नु आदि वातावरण सम्वन्धी समस्या रहेका छन् ।

### ८.७.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** खेति योग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्न (उपभोक्ता र स्थानीय तहको सहकार्यमा), डाले घाँस तथा उपयोगीमूलक विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी गर्न, वातावरण अनुसार जडिवुटि तथा उत्पादनशिल वोट विरुवाको वृक्षारोपण गर्ने, डढेलो नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने, आगो लनगरनेको व्यक्तिमाथी सख्त कानुनी कारवाही गर्ने जस्ता चुनौतिहरु रहेका छन् । विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतना मुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विकि वितरणको प्रवन्ध मिलाउन, जथाभावि रुख विरुवा कटान गर्न रोक्न, छाडा चौपाय नियन्त्रण, जनचेतना फैलाउन, वृक्षारोपण तथा तटवन्धनको व्यवस्था गर्न, वातावरण संरक्षण गर्न चुनौती रहेका छन् ।

**अवसरहरु :** यस नगरपालिकामा जिल्लाकै महत्वपूर्ण जङ्गल क्षेत्र रहेको छ जसलाई नगरवासीको आयआर्जनसँग जोडन सक्ने अवसर छ । वन संरक्षण क्षेत्रले यस नगरपालिकाको वडा नम्बर १ देखि ११ सम्म को सम्पुर्ण वन क्षेत्र ओगटेको छ । वन नेपालको सम्बृद्धिको प्रमुख आधार मध्येको एक हो । सरकारी आँकडा अनुसार नगरपालिकाको कुल क्षेत्रफलको ४२.२८ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ । वन आधारभूत वर्गका मानिसहरुको जीविकोपार्जनको मुख्य स्रोत पनि हो नेपालले सामुदायिक वन संरक्षणमा गरेको प्रगति अन्तर्राष्ट्रिय जगतमै प्रशंसायोग्य छ । वन जंगल संरक्षणले हाल विश्वमा बढ्दै गईरहेको तापक्रमलाई सन्तुलनमा राख्न मात्र नभएर जलवायु परिवर्तनको मारबाट जोनगरन सघाउ पुऱ्याउँछ । नगरपालिकाभित्रका कतिपय खुल्ला क्षेत्रमा वृक्षारोपण गरी हरियाली बढाउन सकिन्छ । नारायण नगरपालिकाको  सदरमुकाम भन्दा दक्षिण तर्फको सबै क्षेत्र हरियाली बनाउन सकिने सम्भाबना छ । यसै अनुसार जैविक विविधता, जलवायु परिवर्तन अनुकुलन योजना, दिगो कृषि एवं चक्ला बन्दी कार्यक्रम यस नगरपालिकामा सञ्चालन सकरात्मक रहेकोछ । नगरपालिकाका ११ वडामा सामुदायिक वनभएकाले वनलाई नगरवासीको आयआर्जनसँग जोडने अवसर छ ।

### ८.७.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दिर्घकालिन शोच :** 'समृद्ध नारायण नगर एउटै निकास सबैको आर्थिक उन्नती र दिगो विकास'

**लक्ष्य :** प्राकृतिक श्रोत साधनको व्यवस्थापन तथा उपयोगवाट नगरवासीको आर्थिक सुधार भएको हुनेछ ।

**उद्धेश्य :** १. वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरपालिकाको समृद्धिमा योगदान पुऱ्याएको हुनेछ ।

२. वन, वनस्पती, जडिवुटी, वन्यजन्तु, जैविक विविधता तथा जलाधारको समुचित संरक्षण संम्वर्द्धन गरी प्रकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार र वातावरण प्रणाली वीच सन्तुलन कायम भएको हुनेछ ।

३. वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन गरी स्थानीय आवश्यकता परिपूर्ति गर्दै नगरवासीको आयमा वनको योगदान अभिवृद्धि भएको हुनेछ ।

**रणनीति तथा कार्यनीति**

**तालिका न. ७० : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| १. वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्धारा नगरपालिकाको समृद्धिमा योगदान पुऱ्याएको हुनेछ । | |
| १.१ सामुदायिक वन लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको विकास र प्रवर्द्धन गर्ने । | १.खेति योग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्ने (उपभक्ता र स्थानीय तहको सहकार्यमा<br>२.डाले घांस तथा उपयोगीमूलक विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी गर्ने । |
| २. वन, वनस्पती, जडिवुटी, वन्यजन्तु, जैविक विविधता तथा जलाधारको समुचित संरक्षण संम्वर्द्धन गरी.प्राकृतिक श्रोतहरुको सदुपयोग गर्दै रोजगार सृजना गर्ने र आय वृद्धि गरी विपन्न वर्गको जीविकोपार्जनमा सुधार गरी वातावरण प्रणाली वीच सन्तुलन कायम भएको हुनेछ । | |
| २.१ पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री गर्ने सडकमा सडक प्लस कार्यक्रम (वृक्षारोपण, निगालो र अम्रिसो रोपण आदि) सञ्चालन गर्ने । | ३.वातावरण अनुसार जडिवुटि तथा उत्पाशिल वोटविरुवाको वृक्षारोपण गर्ने ।<br>४.नगरपालिकाका नदी तथा सवै खोला नालाहरुमा सामुहिक माछापालनमा जोड दिइने ।<br>५.खोलानालामा विषाधि, करेन्ट लगाई जलचरको विनास हुने हुँदा यस्ता कार्य पूर्णतय अपराधिक कार्यको रुपमा मानी कार्यवाही गर्ने नीति लिइने छ । |
| ३.वन क्षेत्रको उत्पादकत्व र वन पैदवारको उत्पादन गरी स्थानीय आवश्यकता परिपूर्ति गर्दै नागरिकको आयमा वनको योगदान अभिवृद्धि भएको हुनेछ । | |
| ३.१ विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विकि वितरणको प्रवन्ध मिलाउने (स्थानीय तह र उपभोक्ता) ।<br>३.२.वनमा अनावश्यक झाडी तथा अनुत्पादक रुख हटाई उत्पादनमुलक जस्तै अम्रिसो, निगालो, चिउरी,ओखर, जापानी ओखर खेतीमा जोड दिने । | ६.डढेलो नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने<br>७.सार्वजनिक शौचालय निर्माण गरी वस्तिको वातावरण सुधार गर्ने ।<br>८.कुवा पानीका मुल संरक्षण तथा एक वस्ति एक पोखरीको नीति अवलम्वन गरिने छ ।<br>९. वनमा अनावश्यक झाडी तथा अनुत्पादक रुख हटाई उत्पादनमुलक जस्तै टिमुर,अम्रिसो, निगालो, चिउरी,ओखर, जापानी ओखर खेतीमा जोड दिने ।<br>१०.सवैको घरमा वाथरुम सहितेको आधुनिक शौचालयमा जोड दिने ।<br>११. विकासको आधार सुशासन भन्ने नीति अवलम्वन गरिने ।<br>१२. फोहर मैला व्यवस्थापन गर्ने नीति अवलम्वन गरिने<br>१२. प्लाष्टिक फोहर मुक्त नगरपालिका वनाउने नीति लिईने । |

**वातावरण तथा जलाधार सम्बन्धी कार्यक्रमहरु :**

**वातावरण तथा जलाधार सम्वन्धी निम्न अनुसारका कार्यक्रम सञ्चालन गरिनेछ ।**

- वन संरक्षण तथा सम्वर्द्धन कार्यक्रम
- जडिवुटी पहिचान,तथा उपयोग तथा प्रशोधन तालिम कार्यक्रम
- भू उपयोग योजना
- सामुदायिक वन नविकरण तथा हस्तान्तरण कार्यक्रम
- प्राकृतिक प्रकोप रोकथाम कार्यक्रम
- विकासका पूर्वाधार संरक्षण कार्यक्रम

- जलाधार क्षेत्र संरक्षण कार्यक्रम
- वातावरण तथा सरसफाई कार्यक्रम
- जथाभावि नदीजन्य पदार्थको उत्खनन्मा नियन्त्रण गर्ने
- पानीका मुहानहरु संरक्षण गर्ने कार्यक्रम
- वन सिमाङ्कन कार्यक्रम
- विरुवा उत्पादन तथा वृक्षारोपण कार्यक्रम
- खेति योग्य जमिन र वन क्षेत्र किटान गरी व्यवस्थापन गर्ने (उपभोक्ता र स्थानीय तहको सहकार्यमा) कार्यक्रम ।
- डढेलो नियन्त्रणका लागि जनचेतनामुलक कार्यक्रम ।
- विभिन्न प्रकारका जडिवुटीको पहिचानका लागि विज्ञहरुद्धारा चेतनामुलक कार्यक्रम सञ्चालन गरी उत्पादन र विकि वितरण (स्थानीय तह र उपभोक्ता मिलेर) कार्यक्रम ।
- वनमा रहेका पुराना तथा वुढा रुखहरुको छनोट गरी कटनी गर्ने र उपयोग, आय यार्जन गर्ने र कटानीको दोव्वर संख्यामा विरुवाको वृक्षारोपण गर्ने ।
- विपन्न परिवारहरुको समुह वनाई वन पैदावार, जडिवुटी खेती गर्ने र उपयोग गर्ने व्यवस्था मिलाउने ।
- वनमा नर्सरी निर्माण गरि विरुवाहरु उत्पादन गर्ने र नगरपालिका वाहिर तथा अन्य जिल्लाहरुमा समेत आपूर्ति गरी आय आर्जन गर्ने कार्यक्रम सञ्चालन गर्ने ।
- नगरपालिकाका सवै खोला नालाहरुमा सामुहिक माछापालनमा जोड दिइने ।
- खोला नालामा विषाधि, करेन्ट लगाई जलचरको विनास हुने हुँदा यस्ता कार्य पूर्णतय अपराधिक कार्यको रुपमामानी कार्यवाहि गर्ने नीति लिइने छ ।
- डाले घाँस तथा उपयोगीमूलक विरुवाहरुको संरक्षण तथा अनुत्पादक विरुवाहरुको कटानी कार्यक्रम

# परिच्छेद नौं :
# योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्याङ्कन

## ९.१ योजना तर्जुमा

**९.१.१ पृष्ठभूमि :** योजना तर्जुमा निरन्तर चलिरहने प्रक्रिया हो । योजना तर्जुमा गर्दा आधुनिक प्रविधि, विश्लेषणको नयाँ तरिका, यथार्थपरक, कार्यान्वयन योग्य र विकासको फड्को मार्ने सक्ने हुनु पर्दछ । योजना तर्जुमा गर्दा प्रमाण र यथार्थ तथ्याङ्कको आधारमा गर्नुपर्ने हुन्छ । देशले लिएको लक्ष्य तथा उद्धेश्य अनुसार प्रदेशहरुले योजना तर्जुमा गर्ने र संघ र प्रदेशको आधारमा नगरपालिकाले वार्षिक तथा आवधिक विकास योजना तर्जुमा गर्न आवश्यक छ । यसरी तयार गरिएका योजनाहरु सरोकारवालाहरुबाट स्वीकृत अघि बढ्न सकेको खण्डमा गर्न सकेमा देश, प्रदेश तथा स्थानिय तहहरुले विकासमा फड्को मार्न सक्छन् । नारायण नगरपालिका साविकका १ नगरपालिका २ गाविसहरु र १ गाविसका ८ र ९ वडालाई मिलाएर गठन भएको भएता पनि यहाँ नगरपालिकास्तरका विशिष्ट किसिमका तथ्याङकको अझै अभाव छ । नारायण नगरपालिकाले घरधुरी सर्वेक्षणका आधारमा २०७५ प्रोफाईल तयार गरेको छ । त्यसैका आधारमा यो आवधिक विकास योजना तर्जुमा गरिएको छ । योजना तर्जुमा गर्दा आ.ब.२०८०/०८१ लाई आधार वर्षमानी सो को आधारमा संघ तथा प्रदेशले तय गरेको लक्ष्यलाई समेत मध्य नजर गरी योजनाको लक्ष्य तय गरिनु पर्ने हुन्छ । यस नगरपालिकामा आधार वर्ष आ.ब.२०८०/०८१ को यथार्थ स्थितिका तथ्याङकहरु आवश्यकता अनुसार प्राप्त गर्न कठिन छ । यसको लागि नगरपालिकाका प्राथकिताका तथ्याङकको अतिरिक्त दैलेख जिल्ला र कर्णाली प्रदेश तथा राष्ट्रियस्तरका तथ्यांकलाई समेत आधार वनाउनु पर्ने स्थिति आएको छ । आगामी दिनमा नगरपालिकामा तथ्याङक तथा सूचना शाखाको स्थापना गरी परिवार अनुसारका विवरण तयार गर्ने, तालिका प्रशोधन गर्ने, विश्लेषण गर्न तथा प्रस्तुतीकरण गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । यसैको आधारमा यर्थाथपरक तथ्याङक राख्ने व्यवस्था मिलाउने र सहि तथ्याङकको आधारमा योजना तर्जुमा गर्ने व्यवस्था मिलाउनु पर्छ ।

**९.१.२ प्रमुख समस्याहरु :** नगरपालिकमा तथ्याङक शाखाको स्थापना नगर्दा नगरपालिकास्तरका तथ्याङकहरु नियमित अध्यावधिक गर्ने व्यवस्था नहुनु, तथ्याङक सङ्कलन, विश्लेषण गर्ने क्षमताको जनशक्तिको कमि हुनु, भएका तथ्याङकहरुको विश्वासनियतामा प्रश्न उठ्नु, तथ्याङकमा आधारित योजना तथा कार्यक्रम सञ्चालन नगरिनु, गणना बर्षको प्रारम्भका कारणले शाखा कार्यालयहरुमा पनि आफ्नो क्षेत्रको तथ्याङक अध्यावधिक नहुनु समस्याका रुपमा रहेका छन् ।  प्राथकिता नतोकिदिनु हालको स्थतिको तथ्य र आवश्यकताको आधारमा तर्जुमा नगरी हचुवा तथा पटके निर्णय गर्ने प्रवृति हावी हुनु, नेपालको संविघान २०७२ को अनुसूचि ८ मा एकल अधिकार तथा अन्य अनुसूचिमा उल्लेख भएका अधिकार पनि दोहोरो तथा अस्पष्ट हुनु, वहुवर्षीय योजना तर्जुमा गर्ने प्रवृति कम हुनु, योजना तर्जुमा गर्दा विश्लेषण गर्ने प्रवृति नहुन र श्रोत भन्दा योजना अत्यधिक हुनु आदि समस्याहरु पनि रहेका छन् ।

### ९.१.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** नगरपालिकाका योजना सहि र यथार्थ सूचना तथा तथ्याङकको आधारमा योजना तर्जुमा गर्न, ति तथ्याङकहरु नियमित रुपमा अध्यावधिक गर्न, आवश्यक सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याउन, नगरपालिकामा तथ्याङकको अध्यावधिक गर्नको लागि छुट्टै शाखा स्थापना गरी विश्लेषण गर्ने जनशक्तिको विकास गर्न, जनप्रतिनिधिहरुलाई तथ्याङकको महत्व वुझाउन, नगरपालिका र प्रदेश तथा संघको तथ्याङक सम्वन्धी समन्वय गर्ने कार्य चुनौतिपुर्ण रहेको छ । नगरपालिका स्तरको कुल ग्रार्हास्थ उत्पादन जस्ता समष्टिगत तथ्याङक निकाली विश्लेषण गर्नु, श्रोतको आधारमा यथार्थ योजना तर्जमा गर्न, अनुगमन र मूल्याङ्कन गर्न सक्ने गरी तथ्याङक तयार गर्न आदि चुनौती रहेको छ ।

**अवसर :** संविधानमा तीनवटै सरकारको काम तथा कर्तव्य स्पष्ट तोकिनु, सवै स्तरका सरकारले आ–आफ्नो प्रोफाइल तयार गरी आवधिक विकास योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था हुनु, नगरपालिकाले आफ्नो वस्तुस्थिति तयार गरी अध्यावधिक गर्न घरधरी सर्भेक्षण गर्ने कार्य गर्नु, दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्नुपर्ने व्यवस्था हुनु र विकासमा हालको स्थितिलाई मुख्य आधार वनाई योजना तर्जुमा गर्ने व्यवस्था हुनु पनि अवसरहरु हुन । तथ्याङक विभागमा र जिल्ला स्थित कार्यालयमा नयाँ प्रविधि अपनाउनु , विद्यालय स्तरमा जनसंख्या तथा तथ्याङक विषयमा अध्यापन गराउनु , योजना तर्जमा सम्वन्धमा प्रदेश तथा संघले तालिम तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनु, योजनाहरुमा लाभ लागत तथा सभाव्यता अध्ययन गरी तर्जुमा प्रकृयाको थालनी गरिनु, योजनामा वढि भन्दा वढि जनसहभागितालाई जोड दिने नीति अवलम्वन गर्नु आदि अवसरहरु पनि रहेका छन् ।

### ९.१.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच** : तथ्यमा आधारित योजना तर्जुमा पद्धति

**लक्ष्य :** योजना तथा कार्यक्रमहरुको तर्जुमा तथा छनौट गर्दा सत्य र तथ्यमा आधारित भई राम्रो उपलव्धी प्राप्त गर्न सक्ने गरी गरिएको हुनेछ ।

**उद्धेश्य :१.** सफटवेयर प्रयोग गरी तथ्याङक पद्धतिमा व्यवस्थित तथा अध्यावधिक गर्न व्यवस्था मिलाउने ।

२. योजना तर्जुमा गर्दा तथ्यमा आधारित रहि समयमा समुदायले रोजेको र खोजेको, कार्यान्वयन गर्न सकिने किसिमले तर्जुमा भएको हुने छ ।

**रणनीति कार्यनीति**

१. आधुनिक प्रविधि सफ्टवेयर प्रयोग गरी तथ्याङक पद्धतिमा व्यवस्थित तथा अध्यावधिक गर्न व्यवस्था मिलाउने ।

१.१ तथ्याङककहरु अध्यावधिक गर्न संस्थागत, नीतिगत, प्रकृयागत व्यवस्था मिलाउने ।

१. प्रत्येक घरधुरी, वस्ती, वडागत र नगरपालिकास्तरको रुपमा तयार गर्ने ।

२. नगरपालिकाले योजना तर्जुमा गर्दा केन्द्र, प्रदेशसंग समन्वय कायम गर्ने ।

३. वढि भन्दा वढि जनसहभागिता जुटाएर योजना तर्जुमा गर्ने पद्धतिको विकास गर्ने ।

४. Data Base मा आधारित अन्तराष्ट्रिय योजना पद्धतिको विकास गर्ने ।

५. नगरपालिकामा योजनामा सलंग्न कर्मचारी तथा पदाधिकारीलाई क्षमता अभिवृद्धि गर्न लगानी गर्ने ।

**२. योजना तर्जुमा गर्दा तथ्यमा आधारित रहि समयमा समुदायले रोजेको र खोजेको, कार्यान्वयन गर्न सकिने किसिमले तर्जुमा भएको हुने छ ।**

१ सम्भाव्यता अध्ययनवाट आयोजना, प्राविधिक रुपले व्यवहारिक तथा आर्थिक रुपले धान्न सकिने, वजार, वित्तीय पक्ष, आर्थिक पक्ष, दिगो विकास लक्ष्य, वातावरणीय तथा जलवायु परिवर्तन अनुकूलन पक्ष, लैंङ्गिक पक्ष र संगठन व्यवस्थापन ।

२. योजनाको सम्भाव्यता अध्ययन गरेर मात्र योजना तर्जुमा गर्ने ।

३. योजना छनौट गर्दा पारदर्शिता, सहभागितामुलक, विश्लेषण, क्षमतामा आधारित भएर गरिने ।

४. योजना तर्जुमाका लागि आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गर्दा स्थानीय सरकार सञ्चालन ऐनले निर्धारण गरेका बजेट तथा कार्यक्रमको प्राथिमकीकरणका आधार, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था जस्ता आधार लिने ।

५.अति गरीव तथा पिछडिएका वर्गको जीवनस्तर उच्चपार्ने योजनाहरुलाई प्राथमिकता दिने पक्षको आधारमा छनोट गरिने ।

६. योजना तर्जुमा गर्दा कार्यान्वयन गर्न कार्ययोजना वनाउने किसिमका योजना छनौट गर्ने ।

७. ठूला योजनाहरु संघ, मझौलास्तरका प्रदेश तथा नगरपालिका स्तरका नगरपालिकावाट कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

८. नगरपालिकाको योजना तर्जुमा, अनुगमन, मुल्यांकन, प्रतिवेदन प्रणाली तथ्यांकमा आधारित वनाउने किसिमवाट योजनाको प्राथमिकता निर्धारण गर्दा प्रतक्ष्य योगदान पुयाउनेलाई अतिउत्तम (तीन अङ्क), अप्रत्क्षय योगदान पुयाउनेलाइ उत्तम (दुई अङ्क), र तटस्थलाई सामान्य (एक अङ्क) गरी वर्गिकरणको आधारमा प्राथमिकरण गरिने ।

व्यवस्थापन गर्ने ।

९. नगरपालिकाका समृद्धि प्राप्त गर्ने खालका योजनाहरुलाई वढि लगानी गर्न केन्दीत रहने ।

१०. नगरपालिकालाई ग्रामीण  पर्यटनको नेतृत्व लिन सक्ने गरि तथ्याङक व्यवस्थित गर्ने ।

११. आयोजनाका छनोटगर्दा वजार, प्राविधि, वित्तिय तथा आर्थिक दृष्टिकोणले सञ्चालन योग्य लाई मात्र छनोट गर्ने ।

१२. कार्यक्रम तर्जुमा गर्दा सम्भाव्यता अध्ययनले उच्च प्रतिफल दिने, स्थानीय सिप र साधानले कार्यान्वयन गर्न सकिने, कम समयमा सम्पन्न हुने, कम लागत लाग्ने आयोजनाहरु छनौट गर्ने व्यवस्था मिलाउने ।

**कार्यकम :**

**नगरपालिकाद्धारा सञ्चालन गरिने कार्यकमहरु**

- नगरपालिकामा तथ्याङक इकाइ वा शाखा स्थापना कार्यकम
- नगरपालिकास्तरको प्रोफाइल तयार गरि इलेक्ट्रोनिकरुपमा अध्यावधिक गर्ने कार्यकम
- नगरपालिकास्तरका जन्मदर्ता जस्ता घटनाहरुको सफटवेयर मार्फत अध्यावधिक गर्ने कार्यकम
- तथ्याङक सम्वन्धी नगरपालिका स्तरको नीतिगत निर्णय, कार्यविधि निर्माण कार्यकम
- तथ्याङक सम्वन्धीत सूचना विश्लेषण तथा टेवलिकरण र प्रोसेसिंग सम्वन्धी तालिम कार्यकम
- नगरपालिकाको Web Site अध्यावधिका गर्ने कार्यकम
- संघ तथा प्रदेश संग समन्वय गरि डाटाहरु अध्यावधिक कार्यकम
- योजना तर्जुमा गोष्ठी सञ्चालन कार्यकम
- योजना तर्जुमा क्षमता अभिवृद्धि कार्यकम ।
- अति गरीव तथा गरीव परिवार छनौट गर्ने सिप विकास कार्यकम

**संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यकमहरु**

- नगरपालिका स्तरका जन्म दर्ता जस्ता घटनाहरुको सफटवेयर मार्फत अध्यावधिक गर्ने कार्यक्रम
- तथ्याङक सम्वन्धी तथा सूचना विश्लेषण तथा टेवलिकरण, प्रोसेसिंग सम्वन्धीतालिम कार्यक्रम
- योजना तर्जुमा क्षमता अभिवृद्धि कार्यक्रम
- क्षमता अभिवृद्धिको लागि विदेश भ्रमण कार्यक्रम
- योजना सफट्वेयर निर्माण कार्यक्रम

### ९.१.५ अपेक्षित उपलव्धीहरु :

नारायण नगरपालिकाको अवधिमा योजना सम्पूर्ण तथ्याङकहरु अध्यावधिक डाटावेसमा आधारित भइ योजनाको तर्जुमा भएको हुनेछ । नगरपालिकाको जनशक्ति तथ्याङक संङ्कलन तथा विश्लेषण गर्न सक्षम भएका हुनेछन् । नगरपालिकाका योजना तर्जुमा गर्दा संघ, प्रदेशसंग समन्वयमा रहेर कार्य भएको हुनेछ । योजना तर्जुमा, विश्लेषण गर्न तथा प्राथमिकता गर्ने क्षमता योजना शाखामा रहेका कर्मचारीहरुको भएको हुनेछ । योजना तथा कार्यक्रम तर्जुमा तथा छनौट गर्दा निर्धारण गरेको प्रक्रियाको आधारमा मात्र भएको हुने छ ।

## ९.२ आयोजना वैकं

**९.२.१ पृष्ठभूमि** : माग भई आएका आयोजना मध्ये नगरपालिकाको आवश्यकता , समस्या, र सम्भाव्यता अनुसार कार्यान्वयन योग्य, वढि प्रतिफल प्राप्त हुने आयोजनालाई छनोट गर्नसक्ने विधि अवलम्वन गर्नु पर्छ । आयोजनाको पहिचान, पूर्व सम्भाव्यता को आधारमा छनौट गरिन्छ । विशेष गरी आयोजनाको पहिचान, पूर्व सम्भाव्यता अध्ययन, विश्लेषण र विस्तृत आयोजना प्रतिवेदनको आधारमा मात्र आयोजनाको सहि पहिचान र त्यसको प्राथमिकता निर्धारण गर्न सकिन्छ । आयोजना वैकंको अवधारणा खासै नौलो होईन तर नगरपालिकामा प्रयोगमा नआएको जस्तो मानिन्छ । आयोजना वैकं नौलो कार्यक्रम रहेको र संघ तथा प्रदेशले यसलाई अवलम्वन गर्ने भएकोले यस नगरपालिकाले पनि आयोजना वैकंको अवधारणा अघि वढाएको छ । यस नगरपालिकाको साधन तथा स्रोत सिमित रहेको तर वस्ति तथा वडातह र नगरपालिकास्तरका योजना तथा कार्यक्रमहरु अत्याधिक रहेकाछन । असिमित आवश्यकता र सिमित श्रोतका बीच तारतम्व मिलाउन आजको आवश्यकता भएको छ । श्रोत थोरै कार्यक्रम अत्यधिक हुँदां जरुरी योजना कार्यान्वयन नहुने र साधारण अनावश्य कार्यक्रममा दवावको आधारमा लगानी गरी विना उपलव्धी श्रोत खर्च गर्नु पर्ने वाध्यता आउछ । यो परिस्थितिलाई मध्यनजर गरी नगरपालिकामा आयोजना वैंकको व्यवस्था गर्नु पर्ने स्थिति आएको छ । संविधानको कार्यान्वयन गर्न, दिगो विकासका लक्ष्यलाई कार्यान्वयनमा लैजान, गरीवी न्यूनीकरण गर्न, विनियोजनको कुशलता हासिल गर्न, महत्वपूर्ण तथा नगरपालिका स्तरका गौरवका आयोजनाको लागि श्रोतको सुनिश्चिता गर्नको लागि तथा आयोजना कार्यान्वयनमा प्रभावकारिता ल्याउनको लागि आयोजना वैकंको आवश्यकता परेको हो ।

आवधिक विकास योजना तर्जुमा गर्दा वस्ती,वडा र नगरपालिकावाट उल्लेख भएका समस्याहरु समाधान हुने किसिमका, वढी भन्दा वढि प्रतिफल दिन सक्ने, वित्तिय तथा आर्थिक रुपले सम्भाव्य भएका आयोजनाहरु पहिचान गरि आयोजना वैंकमा राख्ने र नगरपालिकामा प्राप्त श्रोत तथा प्रदेश र संघले सञ्चालन गर्ने अथवा श्रोत व्यवस्थापन गर्ने गरी आयोजना वैंकको व्यवस्था गरिएको छ (स्रोतः स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८) । आयोजना वैकंको अवधारणा विकाससँग सम्वन्धीत र अन्य सामाजिक परियोजनालाई सुदृढ गर्न आयेजना छनौट पारदर्शि वनाउन र कार्यान्वयन प्रक्रियालाई सरलीकरण गर्नको लागि अगाडि ल्याईएको हो ।

**९.२.२ प्रमुख समस्या :** नगरपालिकमा आयोजना वैंक नौलो हुनु, सवै योजना तथा आयोजनाको विस्तृत सर्वेक्षण नगरिनु, प्राथमिकता निर्धारण गर्न जनशक्तिको अभाव रहनु, हालको स्थतिको तथ्य र आवश्यकताको आधारमा आयोजना तर्जुमा नगरी हचुवा तथा पटके निर्णय गर्ने प्रवृति हावी हुनु तथा वहुवर्षीय योजना तर्जुमा गर्ने प्रवृति कम हुनु प्रमुख समस्याहरु हुन । यस्तै, आर्थिक तथा सामाजिक पक्षको आधारमा योग्य भनि छुट्याउन कठिन रहनु, श्रोत अत्यधिक न्यून रहनु, योजना तर्जुमा गर्दा विश्लेषण गर्ने प्रवृति नहुनु, लगानी गर्दा प्रतिफलसंग आवद्ध नगरिनु आदि समस्याहरु पनि रहेका छन् ।

## ९.२.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** नगरपालिकाका योजना सहि र यथार्थ सूचना तथा तथ्याङ्कको आधारमा योजना तर्जुमा गर्न, अध्यावधिक गर्न, आवश्यक सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याउन, नगरपालिकामा तथ्याङ्कको अध्यावधिक गर्न छुट्टै शाखा स्थापना गरी विश्लेषण गर्ने जनशक्तिको विकास गर्न, जनप्रतिनिधिहरुलाई तथ्याङ्क र प्रतिफल दिने आयोजनाको महत्व वुझाउने कार्य चुनौतिपुर्ण छ । यस्तै, नगरपालिका र प्रदेश तथा संघसंग आयोजना सम्वन्धी समन्वय गर्न, श्रोतको आधारमा यथार्थ योजना तर्जुमा गर्न, आयोजनाको प्राथमिकता तोक्न, अनुगमन र मुल्याङ्कन गर्न सक्ने गरी तथ्याङ्क तयार गर्न, भनसुनको आधारमा प्राथमिकता तोक्ने परम्परा तोड्न, आयोजना वैकंका सवै प्रक्रिया पुरागरी समावेश गर्न चुनौती रहेको छ ।

**अवसर :** संविधानमा तीनवटै सरकारको काम तथा कर्तव्य स्पष्ट तोकिनु, सवै स्तरका सरकारले आ आफ्नो प्रोफाइल तयार गरी आवधिक विकास योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था रहेको छ । नगरपालिकाले आफ्नो वस्तुस्थिति तयार गरी अध्यावधिक गर्न घरधुरी सर्वेक्षण गर्ने कार्य गर्नु, दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्नुपर्ने व्यवस्था हुनु, विकासमा हालको स्थितिलाई मुख्य आधार वनाई योजना तर्जुमा गर्ने व्यवस्था हुनु, योजना तर्जमा सम्वन्धमा प्रदेश तथा संघ सरकारद्धारा तालिम तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनु, योजनाहरुमा लाभ लागत तथा सभाव्यता अध्ययन गरी तर्जुमा प्रकृयाको थालनी गरिनु पनि अवसरहरु हुन ।

यसका साथै योजनामा वढि भन्दा वढि जनसहभागितालाई जोड दिने नीति, आयोजना वैंकलाई कार्यान्वयनमा ल्याउन राष्ट्रिय योजना आयोग तथा गण्डकी प्रदेशको आर्थिक तथा नीति आयोगले यस अवधारणालाई प्राथमिकतामा राखी कार्यान्वयनमा लैजान विशेष पहल गर्नु आदि अवसरहरु रहेका छन् ।

## ९.२.४ दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** प्राथमिकता र तथ्यमा आधारित आयोजना वैंक पद्धतिको आवश्यकता ,

**लक्ष्य :** योजना तथा कार्यक्रमहरुको छनौट गर्दा सत्य, तथ्य, तथा सम्भाव्यतामा आधारित भई श्रोतको परिचालन गरि राम्रो उपलव्धी प्राप्त गर्न सक्ने गरी गरिएको हुनेछ ।

**उद्धेश्यहरु :** १. वित्तियरुपमा प्रतिफलमुखी र आर्थिक रुपमा सम्भाव्य आयोजना छनौट गर्ने प्रविधिको विकास भएको हुनेछ ।

२. आयोजना वैंकलाई नगरपालिका, संघ तथा प्रदेश र अन्य निकायले समेत योजना छनौटको आधार मानी कार्यान्वयनमा आएको हुनेछ ।

**रणनीति, कार्यनीति**

**रणनीति :**

१. वित्तिय रुपले प्रतिफलमुखी र आर्थिक रुपमा सम्भाव्य आयोजना छनौट गर्ने प्रविधिको विकास भएको हुनेछ ।

१.१ आयोजना छनौट गर्दा विस्तृत सम्भाव्यता अध्ययन गरेर मात्र सवै पक्षले उपयूक्त भएकालाई मात्र छनौट गरिने ।

१. प्रत्येक घरधुरी, वस्ती, वडागत र नगरपालिका स्तरको रुपमा तथ्याङक तयार गर्ने ।

२. तथ्याङकहरु अध्यावधिक गर्न संस्थागत, नीतिगत र प्रक्रियागत व्यवस्था मिलाउने ।

३. केन्द्र र प्रदेशसंग आयोजना वैंकं अध्यावधिक गर्दा समन्वय कायम गर्ने ।

४. वढि भन्दा वढि जनसहभागिता जुटाएर योजना तर्जुमा गर्ने पद्धतिको विकास गर्ने ।

५. योजना छनौट गर्दा पारदर्शिता, सहभागितामुलक, विश्लेषण र क्षमतामा आधारित भएर गरिने ।

६. नगरपालिकामा योजनामा संलग्न कर्मचारी तथा पदाधिकारीलाई क्षमता अभिवृद्धि गर्न लगानी गर्ने ।

७. आयोजना वैंकसंग सम्वन्धित नीति, नियम र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

२. आयोजना वैंकलाई नगरपालिका, प्रदेश, संघ र अन्य निकायले समेत योजना छनौटको आधार मानी कार्यान्वयनमा ल्याईने ।

२.१ आयोजना वैकंको स्वामित्व वस्ती, वडा, नगरपालिका, प्रदेश, संघ तथा सम्वन्धित निकायले समेत लिने व्यवस्था मिलाउने ।

८. आयोजना वैंकलाई प्रतिफल र लक्ष्यसंग आवद्ध हुने गरी गर्ने ।

९. आयोजना वैंकलाई व्यवस्थित गर्नको लागि सफ्टवेयर विकास गरी विद्युतीय प्रविधि अवलम्वन गर्ने ।

१०. अति गरीव तथा पिछडिएका वर्गको जीवनस्तर उच्च पार्ने आयोजनाहरुलाई प्राथमिकता दिने ।

११. सम्भाब्यता अध्ययनवाट आयोजना, प्राबिधिक रुपले व्यवहारिक तथा आर्थिक रुपले धान्न सकिने, वजार, प्राविधिक पक्ष, वित्तीय पक्ष, आर्थिक पक्ष, दिगो विकास  लक्ष्य, वातावरणीय तथा जलवायु परिवर्तन अनुकूलनपक्ष, लैंगिकपक्ष र संगठन व्यवस्थापन पक्षको आधारमा छनोट गरिने ।

१२. कार्यक्रम तर्जुमा गर्दा संम्भाब्यता अध्ययनले उच्च प्रतिफल दिने, स्थानीय सिप र साधानले कार्यान्वयन गर्न सकिने, कम समयमा सम्पन्न हुने, कम लागत लाग्ने आयोजनाहरु छनौट गर्ने व्यवस्था मिलाउने ।

१३. योजना तर्जुमाका लागि आयोजना तथा कार्यक्रमको प्राथिमिकीकरण गर्दा स्थानीय सरकार सञ्चालन ऐनले निर्धारण गरेका बजेट तथा कार्यक्रमको प्राथिमकीकरणका आधार, संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था, आन्तरिक आयको अवस्था जस्ता आधार लिने ।

१४. योजनाको प्राथमिकता निर्धारण गर्दा प्रतक्ष्य योगदान पुयाउनेलाई अतिउत्तम ( तीनअंङ्क), अप्रतक्ष्य योगदान पुयाउनेलाइ उत्तम (दुई अंङ्क), र तटस्थलाई सामान्य ( एक अंङ्क) गरी बर्गिकरणको आधारमा प्राथमिकरण गरिने ।

१५. योजना तर्जुमा गर्दा कार्यान्वयन गर्न कार्यायोजना वनाउने किसिमका योजना छनौट गर्ने ।

१६. ठूला योजनाहरु संघ, मझौलास्तरका प्रदेश तथा नगरँपालिका स्तरका नगरपालिकावाट स्वीकृति तथा कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

२.२ आयोजना वैंकहरुको कार्यान्वयनका लागि वित्तिय श्रोतका निमित्त पहल गरिने ।

१७. नगरपालिकाका समृद्धि प्राप्त गर्ने खालका योजनाहरुलाई वढि लगानी गर्न केन्दीत रहने ।

१८. आयोजनाका छनोट गर्दा वजार, प्राविधि, वित्तिय तथा आर्थिक दृष्टिकोणले सञ्चालन योग्यलाई मात्र छनोट गर्ने ।

**कार्यक्रमहरु**

**नगरपालिकाले आफै सञ्चालन गरिने कार्यक्रमहरु**

- नगरपालिकामा योजना शाखालाई आयोजना वैंक लगायत योजना सम्वन्धी कार्य गर्न सक्ने गरी क्षमता अभिवृद्धि गर्ने कार्यक्रम ।
- नगरपालिका स्तरको योजना, आयोजना तथा कार्यक्रमहरुको सफ्टवेयर विकास गरी इलेक्ट्रोनिकरुपमा अध्यावधिक गर्ने कार्यक्रम ।
- आयोजना वैंकं सम्वन्धी नगरपालिकास्तरको नीतिगत निर्णय र कार्यविधि निर्माण कार्यक्रम ।
- आयोजना सम्वन्धी तथा सूचना विश्लेषण तथा टेवलिकरण, प्रोसेसिंग, प्राथमिकीकरण सम्वन्धी तालिम कार्यक्रम
- संघ तथा प्रदेश संग समन्वय गरि योजनाहरु अध्यावधिक गर्ने कार्यक्रम ।
- योजना तर्जुमा गोष्ठी सञ्चालन कार्यक्रम ।
- योजना तर्जुमा क्षमता अभिवृद्धि कार्यक्रम ।
- अति गरीव तथा गरीव परिवार छनौट गर्ने सिप विकास कार्यक्रम ।

**संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

- नगरपालिकास्तरको आयोजना वैकं प्रोफाइल तयार गरि इलेक्ट्रोनिक रुपमा अध्यावधिक गर्ने कार्यक्रम ।
- तथ्याङक सम्वन्धी तथा सूचना विश्लेषण तथा टेवलिकरण र प्रोसेसिंग सम्वन्धी तालिम कार्यक्रम ।
- योजना तर्जुमा क्षमता अभिवृद्धि कार्यक्रम ।
- क्षमता अभिवृद्धिको लागि विदेश भ्रमण कार्यक्रम ।
- योजना सफट्वेयर निर्माण कार्यक्रम ।

**९.२.५ अपेक्षित उपलव्धीहरु :** यस नगरपालिकाले आवधिक विकास योजना तर्जुमाको सिलसिलामा नगरपालिका तथा ११ वटै वडामा आयोजना गरिएको गोष्ठी तथा छलफल कार्यक्रमवाट निचोड निकाली प्राथमिकता दिएका आयोजना तथा कार्यक्रमहरुको विवरणहरु अनुसूचि ४, ५, ६ तथा वडा र स्थान तोकिएका योजना, कार्यक्रम तथा आयोजनाहरुको विवरण आयोजना वैकंको रुपमा अनुसूचि ७ मा उल्लेख गरिएको छ । यस योजना अवधिमा नगरपालिकाका सम्पूर्ण आयोजनाहरु सम्भाव्यता अध्ययन गरी प्राथमिकीकरण समेत गरेर आयोजना वैंकमा संलग्न गरी कार्यान्वयनमा आउनेछन । विद्युतीय माध्यमवाट सफट्वेयर प्रयोग गरी आयोजनाहरु अध्यावधिक गरिने छन् । नगरपालिकाका योजना शाखा लगायत सम्वन्धित पदाधिकारीहरुले तथ्याङक सङ्कलन तथा विश्लेषण गर्न र आयोजनाको प्राथमिकीकरण गर्न सक्षम भएका हुनेछन् । नगरपालिकाका योजना तर्जुमा तथा आयोजना वैंकका आयोजना कार्यान्वयन गर्दा संघ, प्रदेश र नीजि क्षेत्रसंग समन्व गरेर कार्य भएको हुनेछ । योजना तर्जुमा, विश्लेषण गर्न तथा प्राथमिकता गर्ने क्षमता योजना शाखामा रहेका पदाधिकारीको भएको हुनेछ । नगरपालिकाले यी आयोजना तथा कार्यक्रम मध्येवाट आफ्नो उपलव्ध श्रोत तथा साधनको आधारमा विस्तृत अध्ययन गरी लागत प्रतिफलको विश्लेषण गरी उपयूक्त देखिएका आयोजना तथा कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिनेछ ।

## ९.३ संस्थागत तथा कार्यान्वयन व्यवस्था र अन्तर सरकार समन्वय

**९.३.१ पृष्ठभूमि :** नेपालको संविधान २०७२ अनुसार संघीय , प्रदेश र स्थानीय सरकारले गर्ने छुट्टा छुट्टै कामहरु तोकिएको छ । संघ र प्रदेशले संयूक्त कार्य गर्ने अधिकार, तीनवटै सरकारका संयूक्त रुपमा सञ्चालन गर्ने कार्य गर्ने व्यवस्था उल्लेख गरेको छ राम्रो योजना तर्जुमा भएर कार्यान्वयन हुन सकेन भने त्यो केवल कोरा कल्पना मात्र हुन्छ, यसको लागि संस्थागत व्यवस्था गरी कार्यान्वयन पक्ष सवल व्यवहारिक, तोकिएको समय तथा लागतमा तोके अनुसारको लक्ष्य तथा प्रतिफल प्राप्त भएमा मात्र त्यो योजना, आयोजना तथा कार्यक्रमको औचित्य रहन्छ । आवधिक योजनाको उद्देश्य प्राप्त गर्नका लागि आवश्यक कार्यान्वयन विधि, कार्यान्वयन कार्यतालिका र जिम्मेवारी तालिका योजना कार्यान्वयन योजना वनाई कार्यान्वयन गर्नु पर्दछ । आवधिक विकास योजना कार्यान्वयन गर्न कार्यतालिका, जिम्मेवार तालिका वनाएर कार्यन्वयन गर्ने व्यवस्था मिलाउन आवश्यक छ । संघीय , प्रदेश र स्थानीय सरकार बीच समन्वय गरी कार्यान्वयन गर्नु पर्ने आजको खाँचो रहेको छ ।

**९.३.२ प्रमुख समस्या :** नारायण नगरपालिकको संघीय संरचना निर्माण गर्दा समावेश भएको भएता पनि नयाँ जिम्मेवारी वहन गर्न सक्ने किसिमवाट दरवन्दी नहुनु, सवै दरवन्दी पूर्ति नहुनु, भएका कर्मचारीहरु पनि योजना तर्जुमा तथा कार्यान्वयन सम्वन्धी सिप तथा क्षमतामा विकास गर्नु पर्ने स्थिति ठुलो समस्याको रुपमा रहेको छ । आवश्यक उपकरण तथा सवारी साधनको कमि,योजना कार्यान्वयन गर्दा कार्य तालिका वनाई समयमा सम्पन्न नहुनु, कार्यान्वयन गर्दा प्रतिफललाई मध्यनजर नगर्नु, सामाजिक क्षेत्र भन्दा पूर्वाधार निर्माणमा वढि जोड दिनु, संविधानले साझा अधिकार भनि तोकेकोमा विस्तृतरुपमा कार्यविभाजन स्पष्ट नहुनु, नगरस्तरका तथ्याङककहरु अध्यावधिक गर्ने व्यवस्था नहुनु, तथ्याङक संङ्कलन र विश्लेषण गर्ने क्षमताका जनशक्तिको कमि हुनु पनि समस्या नै हुन । यसका अलावा आवश्यकताको आधारमा योजना तर्जुमा नगरी हचुवा तथा पटके निर्णय गर्ने प्रवृति हावी हुनु, नेपालको संविघान २०७२ को अनुसूचि ८ मा एकल अधिकार तथा अन्य अनुसूचिमा उल्लेख भएका अधिकार पनि दोहोरो तथा अस्पष्ट हुनु,आपसमा समन्वयको कमि, वहुवर्षीय योजना तर्जुमा गर्ने प्रवृति कम हुनु, कार्यान्वयन गर्दा जिम्मेवारनतोकिनु, कार्यान्वयनमा गणुस्तरको जिम्मेवारी कसैले नलिनु आदि समस्याहरु रहेका छन् ।

### ९.३.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** नगरपालिकाका योजना सहि र यथार्थ सूचना तथा तथ्याङकको आधारमा योजना तर्जुमा गर्न, अध्यावधिक गर्न, आवश्यक सफ्टवेयर विकास गरी कार्यान्वयनमा ल्याउन, संविधानले तोकेका नगरपालिका क्षेत्र भित्रका कार्यहरु समयमा कार्यान्वयन गर्ने कार्य चुनौतिपुर्ण छ । साझा अधिकारको बाँडफाँड गरी कार्यान्वयन गर्न, नगरपालिकाले प्राथमिकता तोकेका आयोजनाको लागि श्रोत व्यवस्थापन गर्न, आयोजना कार्यान्वयन गर्न संस्थागत क्षमता अभिवृद्धि गर्न, तोकिएको समय र लागतमा आयाोजनाको कार्य सम्पन्न गर्न, नगरपालिका र प्रदेश तथा संघ बीच कार्यान्वयनको लागि समन्वय गर्न, श्रोतको आधारमा यथार्थ योजना छनौट गरी कार्यान्वयन गर्न चुनौती रहेको छ ।

**अवसर :** संविधानमा तीनवटै सरकारको काम तथा कर्तव्य स्पष्ट तोकिनु, सवै स्तरका सरकारले आ–आफ्नो प्रोफाइल तयार गरी आवधिक योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था हुनु, दिगो विकासका लक्ष्यहरु स्थानीयकरण गर्नुपर्ने व्यवस्था हुनु, योजना तर्जुमा सम्वन्धमा प्रदेश तथा संघले तालिम तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गरिनु निकै राम्रो अवसर हो । यस्तै, योजनाहरुमा लाभ लागत तथा सभाव्यता अध्ययन गरी तर्जुमा तथा कार्यान्वयन गर्ने प्रकृयाको थालनी गरिनु, आयोजना वैकंवाट मात्र प्राथमिकताका योजना कार्यान्वयन गर्ने व्यवस्था हुनु र योजना कार्यान्वयनमा भन्दा वढि जनसहभागितालाई जोड दिने नीति अवलम्वन गर्नु आदि अवसरहरु रहेका छन् ।

## ९.३.४ दीर्घकालिन सोच, लक्ष्य,उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** योजना कार्यान्वयनमा र उत्कृष्ट विकास

**लक्ष्य :** योजना समयमा, गुणस्तरीय रुपमा कार्यान्वयन भई नगरपालिकाको विकास भएको हुनेछ ।

**उद्धेश्य :** १. संघ, प्रदेश तथा नगरपालिका बीच समन्वयको विकास भई योजनाको कार्यान्वयन स्थितिमा व्यापक सकरात्मका परिवर्तन भएको हुनेछ ।

२. नगरपालिकाको संस्थागत विकासवाट समयमा र तोकिएको लागतमा योजना सम्पन्न गरी प्रतिफल प्राप्त भएको हुनेछ ।

**रणनीति** :

- नगरपालिकाको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- आयोजना वैकंका योजना कार्यान्वयन गर्न श्रोत तथा साधन प्राप्तिका लागि आपसी समन्वय कायम गर्ने वातावरण सृजना गर्ने
- समयमा कार्य सम्पन्न गर्नेलाई पुरस्कार र ढिला सुस्ती गर्नेलाई दण्डीत पार्ने व्यवस्था गर्ने ।

**कार्यनीति १.** संघ, प्रदेश तथा नगरपालिका बीच समन्वयको विकास भई योजनाको कार्यान्वयन स्थितिमा व्यापक सकरात्मका परिवर्तन भएको हुनेछ ।

- लागतको आधारमा नगरपालिकाका ठूला तथा आर्थिक स्थितिमा व्यापक सकरात्मक परिर्वतन गर्ने खालका आयोजना संघ सरकारको प्राविधिक तथा वित्तिय सहयोगमा कार्यान्वयन गर्न समन्वय कायम गर्ने ।
- दुई वा सो भन्दा वढि स्थानीय तह जोड्ने र आर्थिक गतिविधी चलायमान बनाउने किसिमका आयोजनाहरु र गरीवी न्यूनीकरण सम्वन्धी आयोजनाको कार्यान्वयन कर्णाली प्रदेशको सहयोगमा सञ्चालन गर्न आवश्यक पहल गर्ने ।
- सेवा प्रवाह गर्ने, वस्ती र वडा तथा नगरपालिका स्तरका आयोजनाहरु साथै अति गरीव तथा गरीव जनताको जीवनस्तर उकास्ने किसिमका आयोजनाहरु नगरपालिकाले कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।
- आयोजना कार्यान्वयन गर्दा उपभोक्ताको सक्रिय सहभागितावाट कार्यान्वयन गर्ने व्यवस्था मिलाईने ।
- जटिल प्रक्रियाका आयोजनाहरुको कार्यान्वयन ठेक्का पट्टावाट गरिने ।
- उपभोक्तको सहभागितालाई अनिवार्य गरिने ।
- आयोजनाको कार्यान्वयन कार्य तालिका तथा जिम्मेवारी बाँडफाँट तालिका अनुसार गर्ने व्यवस्था मिलाईने ।
- आयोजनाको कार्यान्वयन चरणमा अनुगमन पद्धतिको व्यापका सुधार गरी कार्यान्वयनमा ल्याईने ।

२. नगरपालिकाको संस्थागत विकासवाट समयमा र तोकिएको लागतमा योजना सम्पन्न गरी प्रतिफल प्राप्त भएको हुनेछ ।

**योजना कार्यान्वयको लागि संस्थागत व्यवस्था :** नारायण नगरपालिकाको आवधिक योजना कार्यान्वयन गर्न चुस्त दुरुस्त तथा क्षमता सहितको संस्थागत व्यवस्था हुनु पर्दछ । नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहको व्यवस्था गरिएको छ । यस नगरपालिकाको लागि निर्वाचित जनप्रतिनिधिहरुको सक्रिय नेतृत्वमा नगरपालिकाको कार्यालय स्थापना भई विभिन्न शाखा उपशाखा स्थापना गरी दरवन्दी समेत श्रृजना गरिएको छ । दरवन्दी अनुसारका कर्मचारीहरु पदपूर्ति केहि भएको र बाँकि पदपूर्ति गर्न पहल गरिने छ । हाल स्वीकृत दरवन्दीमा आवधिक विकास योजनाले तोकेका क्रियाकलाप तथा आयोजनाहरु कार्यान्वयन गर्न कमि देखिएकोले दरन्दीमा थपघट गरी कार्यालयलाई व्यवस्थित र तदुरुस्त पार्ने प्रयास गरिने छ । नगरपालिकाका कर्मचारीहरुको वर्तमान तोकिएको जिम्मेवारी, दक्षता, कार्यवोभ्कको अध्ययन तथा संगठन व्यवस्थापन अध्ययन गराई सोको आधारमा कार्यविवरण सहित अभ्क व्यवस्थित र सुधार गरिने छ । नगरपालिकाका सवै समितिहरुलाई सक्रिय पारिने छ ।

**आर्थिक स्थिति सुधार :** व्यवसायिक खेती तथा पशुपन्छी पालन नगरपालिकाका नगरवासीको आर्थिक स्थिति सुधार गर्न तथा आवधिक विकास योजनाले उल्लेख गरेका लक्ष्य हासिल गर्नको लागि नगरपालिकामा सम्वन्धित क्षेत्र हेर्ने अधिकृत तथा विज्ञको व्यवस्था गरि सेवा दिई व्यवसायिक हुने वातावरण श्रृजना गरिने छ । कृषि तथा पशुपालनमा व्यवसायिक गराई नगरपालिकाले पूर्वाधार निर्माण गराउने र आवश्यक पूँजीको लागि सहकारी तथा वैंक मार्फत ऋण प्राप्त गर्ने वातावरण सृजना गरिने छ ।

**सहकारी व्यवस्थापन :** यस नगरपालिकाका जनताको आर्थिक स्थिति सुदृढ गर्न सहकारीतालाई अपनाईनेछ । नगरपालिकामा हाल रहेका सहकारी संस्थाहरु सवैलाई एकीकृत गरी १ वटा मात्र कायम गरिने व्यवस्था मिलाईने छ । उक्त सहकारीको शाखा प्रत्येक वडामा १/१ वटा रहने छन् । सहकारीको सेयर सवै नगरवासीले अनिवार्य लिने व्यवस्था मिलाईने छ । सहकारीमा नियमित वचत गर्ने व्यवस्था मिलाइने छ । नगरपालिकावाट स्वदेश तथा विदेशमा रहेका नगरवासीहरुलाई कम्तिमा रु ५००० हजार सेयर लिनको लागि विशेष अनुरोध गरिने छ । सहकारीको संगठन र दरवन्दी विज्ञवाट अध्ययन गराई सिफारिश गरे अनुसार कार्यान्यिन गरिनेछ । स्वीकृत भएको दरवन्दी खुला प्रतिस्पर्धाद्धारा संक्षम कर्मचारी नियूक्ति गरी सहकारी सञ्चालन गरिनेछ । सहकारीवाट व्यवसाय गर्न ऋण उपलव्ध गराउने व्यवस्था मिलाईने छ । सहकारी नै नगरपालिकाको संवृद्धिको माध्यम गराईने छ । यस सम्वन्धमा कार्यविधि सवैले स्वीकार्य हुने गरी तयार गरी लागू गरिने छ ।

**जग्गा जमिन व्यवस्थापन :** नगरपालिकाको खेति योग्य जमिन वाँभ्को रहने, गरेको खेति पनि उत्पादकत्व न्यून भएको, लामो समयको लागि व्यवसायिक रुपमा धेरै खेतियोग्य जमिन प्राप्त हुन नसक्दा लगानी भित्राउन कठिनाइ रहेको छ । यो समस्यालाई मध्यनजर गरी जग्गाको व्यवस्थापन विधि तय गरि कार्यान्वयन गर्न व्यवस्था मिलाइने छ । नगरपालिका वा वडाले सो जग्गा व्यवसयिक रुपमा सञ्चालन गर्न चाहनेलाई वार्षिक रुपमा भाडामा वा करारमा जग्गा उपलव्ध गराउने व्यवस्था मिलाईने छ । यस सम्वन्धमा सवैले स्वीकार्य हुने गरी कार्यविधि तयार गरी लागू गरिने छ ।

**पर्यटन व्यवस्थापन :** ग्रामीण क्षेत्रको आर्थिक विकास गर्ने अर्को माध्यम पर्यटन हो । यसको लागि सम्भाव्यता भएका स्थानहरुमा नगरपालिकाले पूर्वाधार निर्माण गरी निजी क्षेत्रलाई नमुना र न्यूनतम मापदण्ड निर्धारण गरि पालना गर्ने व्यवस्था मिलाईने छ । निजी क्षेत्रको लागि लगानी गर्ने वातावरण सृजना गरिनेछ ।

**गरीवी न्यूनीकरण :** नगरपालिकामा अति गरीव तथा गरीवको स्थितिमा रहेका परिवारको जीवनस्तर उकास्नको लागि घर, शौचालय, विद्युत, खानेपानी, वालवालिकाको लागि शिक्षा,रोजगार प्राप्त गर्न नगरपालिकावाट विशेष लगानी गर्ने व्यवस्था मिलाईने छ । समाजवाट पछाडि परेका दलित, जनजाति तथा दुर दराजमा रहेका परिवारको स्थिति सुधार गर्न विशेष प्राथमिकता दिईने छ ।

**कृषि तथा वनजन्य उद्योग :** नगरपालिकामा साना तथा घरेलु उद्योगको स्थापना तथा व्यवस्थापन गर्न पहल गरिनेछ। यसको लागि उद्योग स्थापना गर्ने क्षेत्रमा सडक, विद्युत, खानेपानी, सुरक्षा लगायतका पूर्वाधार निर्माण गरिनेछ। लगानीको लागि आवश्यक रकम सहकारी मार्फत उपलव्ध गराउने व्यवस्था मिलाईने छ।

**सामाजिक विकास**

**स्वास्थ्य :** नागरिकको स्वास्थ्य स्थिति सुधार गर्न संस्थागत तथा नीतिगत व्यवस्था मार्फत् सुधार गरिने छ। नगरपालिकाको स्वास्थ्य केन्द्रलाई नगरपालिका स्तरको १५ शैयाको अस्पतालमा रुपान्तरण गर्ने कार्य अघि बढिसकेको छ। संघीय सरकारको नीति अनुसार सो नगरपालिका स्तरीय अस्पताल निर्माण सुरु गरिएको २ वर्ष भित्र सम्पन्न हुनेछ। उक्त अस्पतालमा प्रयोगशाला, न्यूनतम पूर्वाधार तथा विशेषज्ञ सहितको स्वास्थ्य सेवा प्राप्त हुने व्यवस्था मिलाईने छ। प्रत्येक वडामा कम्तीमा १/१ वटा स्वास्थ्य सस्थाहरु हुनेछन्। उक्त स्वास्थ्य सस्थामा सम्भव भएसम्म १ जना मेडिकल अधिकृत सहितको आवश्यक दक्ष कर्मचारीको व्यवस्था सहित स्वास्थ्य सेवा दिने व्यवस्था मिलाईने छ। प्रत्येक वडाहरुमा २ जना नर्सको व्यवस्था गरिनेछ। निज नर्सहरुले ६८ वर्ष भन्दा माथिका जेष्ठ नागरिक, दीर्घ रोगीहरुको लागि नियमित परिक्षण गर्ने, औषधि खुवाउने, आवश्यक स्वास्थ्य सम्वन्धी सर सल्लाह दिने, स्वास्थ्य केन्द्र र अस्पताल लैजाने व्यवस्था गर्ने, स्वास्थ्य विमा गर्न प्रेरित गर्ने, स्वास्थ्य सम्वन्धी जनचेतना फैलाउने र स्वास्थ्य सेवा दिने व्यवस्था मिलाउन प्रयास गरिनेछ। प्रत्येक वर्ष स्वास्थ्य सिविर सञ्चालन गर्ने व्यवस्था मिलाइने छ।

**शिक्षा :** वालवालिकाहरुको सुन्दर भविष्य निर्माण गर्न सर्वसुलभ तथा गुणस्तरीय शिक्षा दिने व्यवस्था मिलाइने छ। यसको लागि सवै वालवलिकाहरु विद्यालय भर्ना हुने, छोड्ने र दोहोर्‍याउने दर न्यून वनाउने व्यवस्था मिलाईने छ। शिशु कक्षासहित अंग्रेजी माध्यमवाट सवै विद्यालयमा पढाइने र सवै वालवालिकाहरुको सामाजीक हैसियत समान बनाउन विद्यालय पोषाकको व्यवस्था गरिने छ। सवै विद्यालयमा अंग्रेजी, विज्ञान, गणित, कम्प्यूटर, नैतिक शिक्षा विषय पढाईने छ।

विद्यालयहरुमा अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद, सङगीत, शारिरीक व्यायमलाई अनिवार्य बनाईनेछ। जसका लागि सम्बन्धीत विषयका प्रशिक्षकहरुको व्यवस्था मिलाईने छ। प्रत्येक विद्यालयमा खुल्ला प्रतिश्पर्धाको माध्यामबाट सक्षम प्रधानाध्यापक र व्यवस्थपन समिति चयन गरिनेछ। प्र.अ. तथा शिक्षक लाई कार्य संम्झौतागर्ने व्यवस्था मिलाइनेछ। शिक्षकहरुको उत्प्रेरणा जनगाउँनको लागि ध्यान दिईने छ। हाल भएका विद्यालयहरुको स्थिति पत्ता लगाई विद्यालयहरु एक अर्कामा गाभ्ने, पढाउने विषय, दरवन्दी, पूर्वाधार सुधार स्थिति अध्ययन गर्नको लागि विज्ञ समुह गठन गरी सिफारिस भए अनुसारका सुधार गरिने छ। नगरपालिकमा विज्ञान, अंग्रेजी, कम्प्यूटर, गणित, नैतिकशिक्षा, व्यवस्थापन, अर्थशास्त्र, भूगोल विषयमात्र कोटा तोकेर स्नातकतहको अध्ययपन एउटा क्याम्पसमा मात्र स्थापना गर्न गराउन व्यवस्था मिलाइने छ।

यस्तै, मध्यम स्तरका प्राविधिक विषयहरु हेल्थ असिस्टेण्ट, स्टाफ नर्स, ओभरसियर, रेन्जर, जेटि, विद्युत, पल्म्वर, मेकानिक, मेसिनरी वर्क जस्ता विषय अध्ययपन गराउनको लागि एउटा विद्यालय छनोट गरी गुणस्तरीय शिक्षा प्रदान गरिनेछ। प्रत्येक वडाहरुमा १/१ वटा माध्यामिक विद्यालय (१ देखि १२ कक्षासम्म) हुनेछन्। यी विद्यालयहरुमा माथि उल्लेख गरिएका विषयहरुमात्र अंग्रेजी माध्यमवाट पढाउने व्यवस्था मिलाइनेछ। विद्यालयहरुका तहअनुसार न्यूनतम विद्यार्थी संख्या कायम गरी सो भन्दा कम, हुन गएमा नजिकको विद्यालयमा गाभिदै लगिनेछ। विद्यालयका भौतिक पूर्वाधार सहित प्रत्येक माध्यामिक विद्यालयमा विद्यार्थीहरुलाई ल्याउन लैजानको लागि वस तथा यातायातका साधनको व्यवस्था मिलाईने छ। शिक्षकहरुको मूल्याङ्कन विद्यार्थीहरुको उपलव्धीलाई आधार मानेर गरीने छ। विद्यालयहरुको भौतिक सुविधा तथा अन्य व्यवस्था पुरा गरेपछि आवशिय विद्यालय सञ्चालन गर्ने प्रयास गरिनेछ। कक्षा १० सम्पन्न गरेका सवै विद्यार्थीहरुले अनिवार्य रुपमा ३ महिने प्रविधिक तालिमा प्राप्त गर्नेछन्। जसवाट तुरुन्त रोजगार प्राप्त गर्न सहयोग हुनेछ।

**खानेपानी** : यस नगरपालिकामा सम्पुर्ण घर धुरीलाई पुग्ने गरी '**एक घर एक धारा**'को अवधारणालाई अभियानकै रुपमा अघि बढाईने छ । खानेपानी योजनाको मर्मत सम्भार गर्ने, नयाँ योजना सञ्चालन गर्ने र श्रोत नभएका वस्तिमा लिफ्टिङ प्रणालीको व्यवस्था गरी खानेपानीको माग पुरा गरिनेछ ।

**पूर्वाधार विकास :** नगरपालिकाको पूर्वाधार निर्माण गर्न प्राथमिकता दिईने छ । वडाबाट सदरमुकाम सम्म पुग्ने १ वटा जोड्ने सडक कालो पत्रे गरिने छ । नगरपालिका भवनवाट प्रत्येक वडा भवन सम्म पुग्नको लागि सडक कालोपत्रे गरी वाह्रै मास यातायात सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । मुख्य वस्तिवाट ३० मिनेटमा मोटरवाटो पुग्ने व्यवस्था मिलाईने छ । खेतीयोग्य जमिनमा सिंचाई सुविधा पूराउने प्रयास गरिनेछ । सिंचाई कुलोका मुहानहरु स्थायी रुपमा निर्माण गरिनेछ । छरिएर रहेका वस्तिहरुलाई एकीकृत गर्ने व्यवस्था मिलाइने छ । नगरपालिकाका सवै वासिन्दाको आफ्नै घर हनेछ ।

**कार्यान्वयन विधि निर्धारण** : यस नगरपालिकाको आवधिक योजना कार्यान्वयनका लागि आवश्यक कार्यान्वयन पूर्वाधार सृजना गरिने छ । यस नगरपालिकाले कार्यान्वयन एक्लै गर्न सम्भव नहुने हुदा संघ, प्रदेश, नगरपालिका, गैसस, अन्तराष्ट्रिय संघ, संस्था, स्थानीय निजी क्षेत्र लगायतका सवै सरोकारवला बीच समन्वय र साझेदारीमा सञ्चालन गर्न व्यवस्था मिलाईने छ । यो आवधिक योजनाले तय गरेका योजना तथा कार्यक्रम कार्यन्वयन गर्दा ठेक्कापट्टा, उपभोक्ता समिति, करारमा, संयुक्त व्यवस्थापन वा साझेदारी, गैरसरकारी संस्था तथा अमानत आदि प्रकृया अवलम्वन गरिने छ, कार्यक्रम तथा आयोजनाको स्थिति, वजेट, गुणस्तर आदि विचार गरी माथि लेखिएका विधि मध्ये एक कार्यान्वयन माध्यम वा विधि औचित्यको आधारमा निर्धारण गरिने छ । योजना तथा कार्यक्रमहरु मध्ये सडक तथा भवनको स्टक्चर निर्माण गर्दा तथा कालेपत्रे कार्य गर्दा ठेक्कापट्टा मार्फत मात्र कार्यान्वयन गरिने छ । सिचाइ र खानेपानीको काम तथा सरल र सहज कामको लागि उपभोक्ताद्धारा कार्यान्वयनमा जोड दिईन छ । सामाजिक परिचालन, आयआर्जन, क्षमता अभिवृद्धि जस्ता कार्य गैसस र आर्थिक उपार्जनसँगं सम्वधित कार्य निजी क्षेत्र मार्फत कार्यान्वयन गरिने छ ।

वस्तु वा सेवा प्रभावकारीरुपमा लक्षित वर्गसम्म पुऱ्याउन करार र सम्झौता विधि समेत अपनाईनेछ । स्थानीयस्तरका अन्य संघ संगठन मार्फत साझेदारको आधारमा समेत कार्यक्रम सञ्चालन गरिने छ । क्षमता अभिवृद्धि तथा संगठन सुदृढीकरण तथा सुशासन सम्वन्धित कार्य करार तथा कार्य संझौता विधि र प्रकृया अवलम्वन गरिनेछ । विकासका कार्यमा नागरिक समाजलाई समेत अधिकतम परिचालन गरिनेछ । अन्य कार्यको हकमा आवश्यकता अनुसारको विधि अवलम्वन गरिने छ । योजना कार्यान्वयन गर्दा सम्बद्ध निकाय र व्यक्तिलाई तोकिएका कार्य जिम्मेवारी र कृयाकलाप प्रति जिम्मेवार बनाउन उपलब्धी परिणाम सूचक सहित कार्य सम्पादन करार गर्ने प्रणाली अपनाइनेछ । कार्यक्रम तथा आयोजना कार्यन्वयन विधि अनूसुचि ४,५,६ मा दिएको छ । साथै वडा तहका कार्यक्रमहरुको कार्यान्वयन तालिका र विधि समेत अनूसुचि ३, ४ मा दिइएको छ ।

**योजना कार्यान्वयन तालिका** : आवधिक विकास योजना समयमा कार्यान्वयन गर्न तथा सम्पन्न गर्नको लागि समय तालिका वनाई कार्यान्वयन गरिनेछ । योजना कार्यान्वयन शुरु गर्ने, सम्पन्न गर्ने समय किटान गरिएको र जिम्मेवार व्यक्ति समेत तोकिएको विवरण अनूसुचि ६ मा योजना कार्यान्वयन कार्य योजनामा उल्लेख गरिएको छ कार्यक्रम

**नगरपालिकाले आफै सञ्चालन गरिने कार्यक्रमहरु**

- आयोजनाको पहिचान, विकास र कार्यान्वयन कार्यक्रम
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम
- नगरपालिकाको सुविधा सम्पन्न भवन निर्माण कार्यक्रम
- भाडामा सञ्चालित वडा कार्यालयहरुको भवन निमार्ण कार्यक्रम

- वडा कार्यालय सुदृढिकरण कार्यक्रम (कम्प्यूटर, इन्टरनेट, वाइफाई, भवन, फर्निचर, जनशक्ति ) ,
- कर्मचारी संगठन विकास अध्ययन र पदपूर्ति कार्यक्रम
- अपाङग वालमैत्री, महिला मैत्री भवन, पूर्वाधार नागरिक वडापत्र, योजना वोर्डको व्यवस्था, प्रभावकारी अनुगमन प्रणाली, सहयोगी कार्यकक्ष, विषयगत सम्पर्क व्यक्तिको व्यवस्था,इलेक्ट्रोनिक हाजिरी व्यवस्था, कागजरहित प्रशासनिक व्यवस्था प्रत्येक टोलमा निशुल्क इन्टरनेट सेवा सुविधा सामुदायिक प्रविधि मैत्री कार्यक्रम
- सफटवेयर तथा नेटवर्क सम्वन्धी कार्यक्रम
- सार्वजनिक सुनाई, सामाजिक परिक्षण, मोवाइल एप, सूचना तथा खर्च विवरण ओएव साइडमा राख्ने व्यवस्था कार्यक्रम
- नगरपालिकाको वित्तिय व्यवस्था सुदृढिकरण कार्यक्रम
- तथ्याङ्क शाखा स्थापना कार्यक्रम
- सेवा प्रवाहको मापदण्ड तयार कार्यक्रम
- कार्य सम्पादनमा आधारित मूल्याङ्कन कार्यक्रम
- कानून, निर्देशिका तयार गर्ने कार्यक्रम
- अनुगमन तथा मूल्याङ्कन कार्यक्रम
- नगरपालिकामा तथ्याङक इकाइ वा शाखा स्थापना कार्यक्रम
- योजना तर्जुमा गोष्ठी सञ्चालन कार्यक्रम
- योजना तर्जुमा क्षमता अभिवृद्धि कार्यक्रम ।
- अति गरीव तथा गरीव परिवार छनौट गर्ने सिप विकास कार्यक्रम

**संघ र प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

- समयमा वजेट सिलिङ्ग पठाउने कार्यक्रम
- राजश्व बाँडफाँड, समपूरक, सशर्त र विशेष अनुदान कार्यक्रम
- ठूला आयोजना तथा कार्यक्रमको लागि वजेट तथा श्रोत केन्द्र तथा वैदेशिक सहयोग प्राप्त गर्ने कार्यक्रम
- योजना तर्जुमा तथा कार्यान्ववयन गर्न प्राविधिक सहयोग कार्यक्रम
- कानून निर्माण तथा कार्यविधि र निर्देशिका निर्माण गर्न प्राविधिक सहयोग कार्यक्रम
- आयोजनाको पहिचान,विकास र कार्यान्वयन कार्यक्रम
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि कार्यक्रम
- नगरपालिकाको सुविधा सम्पन्न भवन निर्माण कार्यक्रम ।

### ९.३.५ अपेक्षित उपलव्धी :

आवधिक योजनाको अवधि भित्र संस्थागत सुधार भई आयोजना कार्यान्वयन गर्ने क्षमतामा वृद्धि भएको हुनेछ । नगरपालिकाको आफ्नै सुविधा सम्पन्न भवन र ११ वटै वडा कार्यालय भवनको मरमत भएको हुनेछ । योजना कार्यान्वयन गर्दा आयोजना वैकंमा रहेका मध्येवाट प्राथमिकिकरणको आधारमा कार्यान्वयन भएको हुनेछ । सवै योजना कार्यान्वयन गर्दा अनुसूचि ५,६,७ मा उल्लेख गरिएको कार्यतालिका, जिम्मेवारी तालिका अनुसार कार्यान्वयन भएको हुनेछ । योजना तथा आयोजना कार्यान्वयन गर्दा संघ, प्रदेश तथा नगरपालिका बीच समन्वय भई कार्यान्वयन भएको हुनेछ ।

### ९.४ जोखिम व्यवस्थापन

**९.४.१ पृष्ठभूमि :** नारायण नगरपालिकाले आवधिक योजना २०८०/०८१ देखि २०८४/०८५ कार्यन्वयन गर्दा जोखिम पक्षलाई विश्लेषण गरी आउन सक्ने अवरोधहरुलाई कम गराउन व्यवस्थापन गर्नु पर्ने हुन्छ । राखिएका लक्ष्य समयमा प्राप्त गर्न तथा कम लागतमा वढि भन्दा वढि प्रतिफल प्राप्त गर्न आन्तरिक तथा वाह्य वातावरणको स्थिति हेरेर रणनीतिहरु तय गर्नु पर्ने हुन्छ । समाजमा घट्ने घटना, सरकारले लिने रणनीति, सरकारका प्राथमिकताहरु, नीजि क्षेत्रको प्रवृति, विश्व वजारमा भएको प्रविधिको स्थिति, आय व्यय स्थिति, योजना तथा आयोजनासँग सरोकार राख्ने व्यक्ति तथा संस्थाको स्थायित्व, नेतृत्व वर्गको क्षमता तथा सोचाई आदि वातावरणले योजना कार्यान्वयनमा असर पारेको हुन्छ । यस्ता कुराहरुवाट योजनामा जोखिम रहने हुनाले सजगता अपनाई आवश्यक व्यवस्थापन गर्नुपर्छ ।

**९.४.२ प्रमुख समस्या :** नारायण नगरपालिका स्थापना हुँदा नगरमा तत्कालिन गाविसहरु समाबेश गरिएका थिए । यी गाविसहरुले आवधिक विकास योजना वनाई कार्यान्वयन गरेको भए तापनि यस नगरपालिकाको यो पहिलो आवधिक विकास योजना भएकोले आवधिक योजनाको लागि जोखिम अनुमान गर्न, विश्लेषण गर्न तथा समाधानका उपाय सहिरुपमा पहिचान गर्न अनुभवको कारणले गर्दा कठिन पर्न सक्छ । यस आवधिक विकास योजना अन्तरगत सञ्चालन हुने आयोजना तथा कार्यक्रमहरुको लागि प्रयाप्त श्रोत तथा साधनको अभाव रहनु , संघ, प्रदेश तथा नगरपालिका बीच उचित समन्वय हुन कठिन हुनु तथा जोखिम पक्षहरुवारेमा सरोकारहरुलाई पुरा थाहा नहुनु समस्याका रुपमा रहेका छन् । यसका अलावा, योजना तर्जुमा गर्दा नै आर्थिक, समाजिक, राजनैतिक, प्राविधिक लगायत सवै पक्षको सुक्ष्म अध्ययन गरि विश्लेषण गर्ने पद्धतिको कमि रहनु, जोखिम अनुमान तथा विश्लेषण गर्ने जनशक्तिको कमि रहनु आदि समस्याहरु पनि रहेका छन् ।

## ९.४.३ चुनौति तथा अवसरहरु :

**चुनौतीहरु :** योजना तथा आयोजनाका समस्या तथा वाधा अवरोध पार्ने विषय तथा तत्वको पहिचान गर्न, विश्लेषण गर्न, अनुमान यथार्थमा परिणत गर्ने किसिमले गर्न, राजनैतिक तथा आर्थिक सामाजिक पक्षहरुको अध्यावधिक रहि सो अनुसार रणनीति तथा कार्यनीति परिवर्तन गर्ने कार्य चुनौती रहेको छ । श्रोत साधन संघ तथा प्रदेशवाट कमी हुदा, आन्तरिक श्रोत न्यून रहँदा, प्राकृतिक प्रकोपका कारणले उथलपुथल पार्दा व्यवस्थापन गर्न सक्ने क्षमताको विकास गर्ने कार्य गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** नेपालको संविधान २०७२ मा संघ, प्रदेश तथा स्थानीय तहको कार्यक्षेत्र स्पष्ट पारेको छ । सो अनुसार कार्य गर्नको लागि सवै सरकारहरुले योजनावद्ध रुपमा कार्य गर्न थालनी गरेका छन् । यस नगरपालिकाले पनि आफ्ना सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीहरुको पहिचान गरी योजना तथा कार्यक्रमको तर्जुमा , कार्यन्वयन तथा अनुगमन मुल्याङकन गर्ने परिपाटीको विकास गरेको छ । प्रत्येक वस्ती तथा वडाहरुका सवल र कमजोर पक्षको जनप्रतिनिधिहरु मार्फत पत्ता लनगरनु, आधुनिक सञ्चार तथा अन्य प्रविधिहरुको विकास हुनु, मौसमी अनुमान

यर्थाथमा हुदै जानु, वित्तिय विश्लेषण गर्ने क्षमतामा सुधार हुनु, नगरपालिकाको विकासमा सरोकार राख्ने व्यक्ति वा संस्थाहरु सकरात्मक सोचाई राख्नु आदि अवसरहरु रहेका छन् ।

## ९.४.४ दीर्घकालिन सोच, उद्धेश्य, लक्ष्य,रणनीति र कार्यक्रम

दीर्घकालिन सोच : 'निर्दिष्ट लक्ष्यमा आधारित विकास, पारदर्शितामा र उत्तरदायि शासनमा जनताको विश्वास'

**लक्ष्य :** जोखिम व्यवस्थापनवाट योजनाहरुको कार्यान्वयनमा सफलता प्राप्त गरी जनताको जीवनस्तरमा सुधार भएको हुनेछ ।

**उद्धेश्य :** जोखिम पक्षहरुको व्यवस्थापनवाट योजना कार्यान्वयनमा वाधा अवरोधमा न्यूनीकरण गर्ने ।

**रणनीति तथा कार्यनीति :** आवधिक योजनाको सफलताको लागि विभिन्न पक्षवाट जोखिम रहने हुनाले देहायका उपाय अवलम्वन गरी जोखिम व्यवस्थापन गरिने छ ।

**रणनीति कार्यनीति**

**१.१ नगरपालिकाका ऐन ,नियम कानून तथा नीतिगत निर्णयहरुमा दीगोपन ल्याई कार्यान्वयनमा सहजता ल्याउने ।**

- नगरपालिकाका क्षेत्रगत नीतिहरु प्रदेश, संघ अनुकुल हुने गरी तय गर्ने ।
- आर्थिक रुपले तथा प्रविधिकरुपले सम्भाव्य नभएका योजना तथा कार्यक्रमलाई निरुत्साहित गर्ने ।
- राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा विकास भएका प्रविधि आवश्यकता र क्षमता अनुसार नगरपालिकाका योजना व्यवस्थापनमा प्रयोग गर्न प्रयास गर्ने ।

**१.२ शान्ति सुरक्षा कायम गरी योजना कार्यन्वयन वातावरणमा जोड दिने ।**

- प्राकृतिक प्रकोप तथा अतिक्रमणवाट जोगिने रणनीति तय गर्ने ।
- गैसस,तथा दातृ निकायको सहयोग वढाउन पहल गर्ने ।
- जनचेतनाको स्थिति वढाउन प्रयास गरिने ।

**१.३ वृहत्तर आर्थिक सामाजिक स्थिति, राजनैनिक स्थिरता कायम गर्न पहल गर्ने**

- अनापेक्षित महामारी तथा विपत आइपरेमा सो संग समाधान गर्न सक्ने क्षमता तथा स्थितिको विकास गर्ने ।
- लक्षित वर्गको स्वामित्व प्राप्त हुने किसिमवाट व्यवस्थापन गरिने ।
- आर्थिक मन्दीको कारण योजनामा प्रतिकुलता हुन नदिने व्यवस्था मिलाउने ।
- कृषि विकास, प्रविधि, सिंचाई, कृषकको क्षमता आदिमा सामञ्जस्यता कायम रहने ।

**प्रमुख कार्यक्रमहरु :**

**नगरपालिकाले आफै कार्यान्वयन गर्ने कार्यक्रमहरु**

- जोखिम व्यवस्थापना विश्लेषण गर्न सक्ने क्षमता विकास कार्यक्रम
- संघ तथा प्रदेशवाट श्रोत उपलव्ध गराउन समन्वय गर्ने कार्यक्रम
- वार्ता र सम्झौता सिप विकास कार्यक्रम
- विपद् पुर्वानुमान गर्न सक्ने प्रविधि तथा क्षमता अभिवृद्धि कार्यक्रम
- जोखिम व्यवस्थापन कोषको स्थापना कार्यक्रम
- विद्यालय,समुदायमा जोखिम सम्वन्धी गोष्ठी सञ्चालन कार्यक्रम
- समाजमा सवै पक्ष बीच छलफल, अन्तरक्रिया, राय सुझाव सङ्कलन कार्यक्रम
- नगरपालिकाको श्रोत अभिवृद्धि कार्यक्रम संघ तथा प्रदेशको सहयोगमा सञ्चालन हुने कार्यक्रम
- नगरपालिकाको वित्तिय तथा आर्थिक सहयोग वृद्धि कार्यक्रम
- विपद् तथा महामारी व्यवस्थापन कार्यक्रम
- जोखिम व्यवस्थापन कोषको श्रोत व्यवस्थापन गर्ने
- वार्ता तथा सम्झौता गर्न सिप अभिवृद्धि कार्यक्रम

## ९.४.५ अपेक्षित उपलव्धी :

यस नगरपालिकाको आवधिक योजनाको अन्त्यमा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुले योजना कार्यान्वयन गर्दा आइपरेका जोखिमहरुको समयमा सहिरुपले व्यवस्थापन गरेर तोकिएको लागत र समयमा कार्य सम्पन्न गरी तोकिएको लक्ष्य र उद्धेश्य प्राप्त गरेका हुनेछन् । जोखिम सहन तथा न्यूनीकरण गर्ने क्षमताको विकास भएको हुनेछ ।

## ९.५ अनुगमन तथा मूल्याङ्कन

**९.५.१ पृष्ठभूमि :** अनुगमन र मूल्याङ्कन योजना तथा कार्यान्वयनको अभिन्न अङ्ग हो । नगरपालिकाको सार्वजानिक नीति, कार्यक्रम र आयोजनाको प्रभावकारी र नतिजामुखि कार्यान्वयन र यिनीहरुको उचित सञ्चालन तथा व्यवस्थापन गर्न र सम्पादन भएका वा हुँदै गरेका कार्यहरुमा जवाफदेहिता एकिन गर्नका लागि अनुगमन र मूल्याङ्कन जस्ता कार्यहरु आबश्यक पर्दछन् ।

**योजनाको अनूगमन योजना :** योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ वा छैन भन्ने पत्ता लगाउन योजनाको अनुगमन आवश्यक छ । कार्य तालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ वा छैन भनि विभिन्न तहमा व्यवस्थापन वा तोकेको व्यक्ति वा निकायवाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्य अनुगमन हो । (श्रोतः स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन २०७८) अनुगमन आयोजना स्थलमै गएर र आयोजनाको क्रियाकलापको प्रगति प्रतिवेदन मार्फत अनुगमन गरिन्छ ।

**योजना मूल्याङ्कन योजना :** योजनाको कार्यान्वयनवाट लक्षित उद्धेश्य प्राप्त भयो भएन र योजनाको तथा कार्यान्वयनवाट योजनावाट फाइदा पाउने अपेक्षित जनताले उपयूक्त रुपमा फाइदा पाए पाएन्न भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । आवधिक योजनाको मूल्याङ्कन २ वटा तहमा गरिन्छ । मध्यमकालिन योजनाको मध्यावधि र तोकिए अनुसार निर्देशित रहे वा नरहेको, लक्ष्य लगायत कार्यक्रमको परिमार्जन गर्नु पर्ने आवश्यकता रहे नरहेको आदिवारे आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

त्यस्तै योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुणात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिम रुपमा तेश्रो पक्षवाट गर्ने व्यवस्था मिलाउनु पर्छ । नारायण नगरपालिकावाट आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन गर्न योजना शाखा मातहत राखी अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाईने छ ।

## ९.५.२ प्रमुख समस्या :

यो नगरपालिकाको संगठनात्मक संरचना व्यवस्थित रुपमा निर्माण भईसकेको छैन । अनुगमन तथा मूल्याङ्कन गर्न नगरपालिकाले फारम तथा कार्यविधि तय नहुनु, यसको लागि छुट्टै शाखा स्थापना नहुनु, योजनाहरु तथ्याङ्कमा आधारित नहुनु, सुचकहरु स्पष्ट नतोकिनु, उपलव्धीहरु सूचकसंग दाज्ने व्यवस्था नहुनु लगायतका समस्याहरु रहेका छन् । वर्तमान स्थितिका तथ्याङकहरु पनि स्पष्ट नहुनु, अपुरा हुनु, अनुगमन तथा मूल्याङ्कन नियमित रुपमा नगरिनु, सिपयूक्त जनशक्ति नहुनु, भौतिक संरचना नहुनु र तथ्याङकको विश्वसनियतामा प्रश्न उठाउनु आदि समस्याहरु रहेका छन् ।

## ९.५.३ चुनौती र अवसरहरु

**चुनौतीहरु :** यस नगरपालिकामा व्यवस्थित तथा नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था मिलाउन, आवश्यक फारम तथा कार्यविधि अपनाउन, प्रत्येक योजना तथा कार्यक्रम तथ्यमा आधारित गराउन, नतिजामुखी गराउन, कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न चुनौती रहेको छ ।

**अवसरहरु :** अनुगमन तथा मूल्याङ्कन सम्वन्धमा राष्ट्रिय योजना आयोग तथा कर्णाली प्रदेशले विशेष महत्व दिई नीति, कार्यविधि, निर्देशिका , फारम तयार गर्नु, नगरपालिकाले पनि नतिजामुखी योजना पद्धति अपनाउन जोड दिनु, दातृनिकाय तथा दिगो विकासका लक्ष्यहरुमा पनि अनुगमन तथा मूल्याङ्कनलाई लागू गर्न प्राथमिकता दिनु आदि अवसरको रुपमा लिन सकिन्छ ।

## ९.५.४ दीर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, रणनीति, कार्यनीति, कार्यक्रम

**दीर्घकालिन सोच :** लगानीवाट उचित प्रतिफल प्राप्त गरी नगरवासीको जीवनमा व्यापक सुधार

**लक्ष्य :** योजना, आयोजना तथा कार्यक्रमहरु तोकिएको लागत र समयमा सम्पन्न गरी लक्षित प्रतिफल प्राप्त भएको हुनेछ ।

**उद्धेश्य** १.अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरी प्रतिफल र नतिजामा आधारित लगानीको सुनिश्चितता गर्ने ।

**रणनीति :**

- योजना, आयोजना तथा कार्यक्रमहरुको नियमित अनुगमन गर्ने ।
- योजना तथा आयोजनाको मध्य तथा अन्तिममा प्रभावकारी मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने ।

○ नगरपालिकाले अनुगमन तथा मूल्याङ्कन व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यविधि, निर्देशिका र फारम तयार गरी सो को आधारमा गर्न प्रवन्ध मिलाउने ।

**योजनाको अनूगमन सम्वन्धमा लिइने कार्यनीति** :

१. आवधिक योजना तथा कार्यक्रमहरु व्यवस्थितरुपमा सञ्चालन गर्दा आएका समस्या तत्काल समाधान गर्न र तोकिएको लागत र समयमा कार्य सम्पन्न गरी लक्षित प्रतिफल प्राप्त गर्नको लागि देहाय अनुसारको कार्यनीति अवलम्वन गरिने छ ।

२. योजना, नीति, कार्यक्रम तथा आयोजनाहरुमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले छ वा छैन ? कार्यतालिका अनुसार क्रियाकलापहरुको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त हुने स्थिति छ वा छैन भनि विभिन्न तहमा व्यवस्थापन वा तोकेको व्यक्ति वा निकायवाट निरन्तर र आवधिक रुपमा निगरानी राख्ने कार्य अनुगमन हो ।

३.अनुगमन आयोजना स्थलमै गएर र आयोजनाको क्रियाकलापको प्रगति प्रतिवेदन मार्फत अनुगमन गरिन्छ ।

४. अनुगमनको क्रममा योजना, नीति, कार्यक्रमको निम्न पक्षको विश्लेषण गर्ने व्यवस्था मिलाइने छ ।

- श्रोत साधनको प्राप्ति र उपयोग स्वीकृत वजेट र समय तालिका अनुसार भए नभएको,
- अपेक्षित प्रतिफल समयमै र लागत प्रभावकारी रुपमा हासिल भए नभएको,
- कार्यान्वयन क्षमताको स्थिति, कार्यान्वयनमा देखिएका समस्या र वाधा व्यवधान र सोको समाधानको लागि अवलम्वन गर्नुपर्ने उपाय,
- अन्य थप

**योजना अनुगमन प्रणालीको छनौट :** अनुगमन प्रणाली नतिजा खाकाको आधारमा स्थापित गरिएको छ । नगरपालिकाले आफ्नो अनुगमन तथा मूल्याङ्कन विधि अपनाउदा प्रदेश नीति तथा योजना आयोगबाट तय भएका तथा दिगो विकास  लक्ष्यका विस्तृत सूचकहरुलाइ परिपुरक तथा समपुरक गर्ने गरी आफ्ना कार्यक्रमका सुचकहरु निर्धारण गरिएका छन् .। यस नगरपालिकाले तथ्याङक व्यवस्थापन र प्रयोगका लागि प्रदेश तथा राष्ट्रिय प्रणालीसँग आबद्ध हुने खालका अनुगमन सूचना प्रणाली विकास  गरिनेछ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गैरसरकारी संघसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक संघ संस्थाले नगरपालिकाको समन्वयमा रही कार्य गर्नुपर्ने र नगरपालिकाले पनि संयुक्त अनुगमन तथा प्रगति प्रणाली अपनाईने पर्ने भएकोले सो सम्बन्धी तथ्याङक सङ्कलन र विश्लेषण गर्ने व्यवस्था मिलाईनेछ ।

**योजना मूल्याङ्कन योजना सम्वन्धमा लिएका कार्यनीतिहरु :** योजनाको कार्यान्वयनवाट लक्षित उद्धेश्य प्राप्त भयो भएन र योजनाको तथा कार्यान्वयनवाट योजनावाट फाइदा पाउने अपेक्षित जनताले उपयूक्त रुपमा फाइदा पाए पाएन्न भनेर गरिने अध्ययन विश्लेषणलाई योजनाको मूल्याङ्कन भनिन्छ । आवधिक योजनाको मूल्याङ्कन २ वटा तहमा गरिन्छ । आवधिक योजनाको मध्यावधि र पूर्व निर्णयहरु निर्देशित रहे नरहेको, लक्ष्य लगायत कार्यक्रमको परिमार्जन गर्नु पर्ने आवश्यकता रहे नरहेको आदिवारे आवधिक योजनाको मध्यावधि मूल्याङ्कन गर्ने व्यवस्था मिलाईने छ । त्यस्तै योजना अवधिको अन्त्यमा निर्धारित परिमाणात्मक तथा गुर्णात्मक लक्ष्य प्राप्तिको मूल्याङ्कन अन्तिमरुपमा तेश्रो पक्षवाट गर्ने व्यवस्था मिलाईने छ ।

**अनुगमन तथा मूल्याङ्कनका लागि लिइने आधारहरु :** आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कनका लागि लिइने आधारहरु निम्नअनुसार हुनेछन् ।

- यो रणनीति र कार्ययोजना नै अनुगमन र मूल्याङ्कनका लागि प्रमुख दस्तावेज वा आधार हुनेछ ।
- राष्ट्रिय योजना आयोग र कर्णाली प्रदेश नीति तथा योजना आयोगले तोकिएको आधार र मापदण्डलाई अवलम्वन गरिनेछ । कार्य योजनामा उल्लेख भए अनुसारका नतिजा अनुगमन गर्नका लागि रिजल्ट फ्रेमवर्क विधि प्रयोग गरिनेछ ।
- कार्य योजनाको समग्र अनुगमनका लागि नगरपालिकाले वनाएको फ्रेमवर्कमा समावेश गरिएका मुख्य सूचकहरु प्रयोग गर्नेछ ।
- नगरपालिकाले आयोजना गर्ने चौमासिक तथा बार्षिक कार्यक्रमको प्रगति समीक्षा कार्यक्रम सञ्चालनस्तरका अनुगमनको आधारभूत चरण हुनेछ ।
- अनुगमन र मूल्याङ्कन गर्दा रा.यो.आयोग र कर्णाली प्रदेश नीति तथा योजना आयोगले प्रकाशन गरेको राद्दिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनमा उल्लेख गरे अनुसार नगरपालिकामा अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन तय गरी सो आधारमा गरिने छ ।

**योजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था र प्रक्रिया :**

**१**.आवधिक योजनाको लक्ष्य तहको अनुगमन तथा मूल्याङ्कन गर्दा नगर कार्यपालिकाद्वारा नियुक्त स्वतन्त्र संस्था वा विज्ञद्धारा गरिने छ ।

**२**.उद्देश्य तहको प्रभाव र असर तह सम्वन्धी मूल्याङ्कन कार्यपालिकाद्वारा आवधिक योजनाको मध्यमकालमा मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।

**३**. मानिसको सोचमा आएको परीवर्तन कस्तो रहयो भन्ने विषयमा मूल्याङ्कन गरिने व्यवस्था मिलाईनेछ ।

**४**.कार्यक्रम, परियोजना वा आयोजनाको लगानी प्रक्रिया र प्रतिफलको अनुगमन नारायण नगरपालिका उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन तथा मूल्याङ्कन कार्यमा नेतृत्वदायी र समन्वयकारी भूमिका निर्वाह गर्ने ।

**५**.वडा स्तरमा संचालित योजनाको अनुगमन र सुपरिवेक्षण सम्वन्धित वडा अध्यक्षको संयोजकत्वमा गठित वडास्तरीय अनुगमन समितिले अनुगमन गर्ने व्यवस्था मिलाईने ।

**यस समितिबाट अनुगमन गर्दा कार्य योजनामा उल्लेख भएका मुख्य कार्यक्रम**

- कार्यकलाप र स्रोत साधन के के छन् ?
- बार्षिक बजेट वा खर्च कति छ ?
- लागत प्रभावकारिताको अवस्था के कस्तो छ ?

- कार्यक्रम कार्यान्वयन प्रक्रिया के कस्तो छ भनेर विज्ञबाट वा दोस्रो पक्षवाट प्रभाव मुल्याङ्कन गर्ने व्यवस्था मिलाईने ।

- पृष्ठपोषण प्याकेज तयार गरी सम्वन्धित निकायमा समेत संप्रेषण गरिने ।

- अनुगमन र मूल्याङ्कन गर्दा प्रयोग गरिने फारम राष्ट्रिय योजना आयोग तथा कर्णाली प्रदेश नीति तथा योजना आयोगले तय गरेको अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको आधारमा कार्यपालिकाले स्विकृत गरेको फारम प्रयोग गरिने ।

- अनुगमन र मूल्याङ्कन प्रत्येक चरण तथा कार्यक्रम अनुसार गर्नको लागि योजनावद्ध रुपमा अनुगमन कार्य योजना तर्जुमा गरिने छ ।

- अनुगमन तथा मूल्याङ्कनको विवरण,
- अपेक्षित नतिजाहरु,
- सूचक,
- जिम्मेवारी निकाय,
- तथ्याङक श्रोत,
- तथ्याङक सङ्कलन गर्ने विधि,
- समय अवधि
- जिम्मेवारी गर्ने प्रतिवेदन आदि विस्तृत रुपमा तालिका मा उल्लेख गरिएको छ ।

**अनुगमन एवं प्रगती प्रतिवेदन प्रणाली :** नारायण नगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा भए पछि कार्यान्वयन गरिनेछ । यस योजनाले तोके अनुसारको तोकिएका सूचकहरु प्राप्त गर्न अनुगमन गर्ने, सच्याउन लागि निर्देशन दिने र प्रतिवेदनहरु सम्वन्धित पदाधिकारी वा संस्थामा पठाइने छ । अनुगमन प्रतिवेदन र प्रगति प्रतिवेदनहरु तलदिएको तालिका अनुसार गर्ने व्यवस्था मिलाईने छ । प्रतिवेदन तालिका अनुगमन प्रतिवेदन प्रतिवेदन गर्ने समय समय अनुगमन तथा मूल्याङ्कन योजना अनुसार उपप्रमुखले बैठकमा पेश गर्ने मासिक, चौमासिक,वार्षिक जिससको समन्वय र अनुगमन गर्ने भुमिका कार्यपालिका वार्षिक गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाका संयुक्त अनुगमन तथा प्रतिवेदन । अनुगमन तथा सुपरिबेक्षण समिति र शाखा कार्यलयहरु मासिक, चौमासिक, वार्षिक संघीय सरकारलाई गर्नुपर्ने प्रतिवेदन (जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध बीच छेद र धर्मपुत्र र धर्मपुत्री घटना र सामाजिक सुरक्षाआदि ।

**तालिका न.. ७१ : योजनाको अनुगमन एवं प्रगती प्रतिवेदन**

| क.स. | विवरण | निकाय | समय |
|---|---|---|---|
| १. | प्रतिवेदन तालिका अनुगमन प्रतिवेदन | प्रतिबेदन गर्ने | समय |
| २. | अनुगमन तथा मूल्याङ्कन योजना अनुसार | उपप्रमुखले बैठकमा पेश गर्ने | मासिक, चौमासिक,वार्षिक |
| ३. | जिससको समन्वय र अनुगमन गर्ने | कार्यपालिका | वार्षिक |

| क्र.स. | विवरण | निकाय | समय |
|---|---|---|---|
| | भुमिका | | |
| ४. | गैरसरकारी सङ्घसंस्था, उपभोक्ता समिति, सहकारी संस्था लगायतका सामाजिक तथा सामुदायिक सङ्घ संस्थाका संयुक्त | अनुगमन तथा सुपरिबेक्षण समिति र शाखा कार्यलयहरु | मासिक, चौमासिक, वार्षिक |
| ५. | अनुगमन तथा प्रतिवेदन । | | |
| ६. | संघीय सरकारलाई गर्नुपर्ने प्रतिवेदन ( जन्म, मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध बीच छेद र धर्मपुत्र र धर्मपुत्री घटना र सामाजिक सुरक्षाआदि । | शाखा कार्यलयहरु र प्रमुख कार्यकारी, प्रशासकीय अधिकृत वार्षिक | मासिक, चौमासिक, वार्षिक |

स्रोत : स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८

**आवधिक योजनाको नतिजा खाका :** (Logical Framework) नारायण नगरपालिकाको प्रथम आवधिक योजनाको कार्यान्वयन पछि विभिन्न क्षेत्रमा कार्यक्रम सञ्चालन गर्नको लागि तोकिए अनुसारको उपलब्धी प्राप्त भएको हुनेछ । उक्त उपलब्धीहरु नतिजा खाका अनसूचि ८ मा प्रस्तुत गरिएको छ । यस आधारमा आवधिक योजनाको उपलब्धीको मूल्यांकन गर्ने व्यवस्था मिलाइने छ ।

**कार्यक्रम**

**नगरपालिकाले आफै कार्यान्वयन गर्ने कार्यक्रमहरु**

- अनुगमन तथा मूल्याङ्कन फारम, निर्देशिका र कार्यविधि तयार गर्ने कार्यक्रम
- योजना तथा आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन कार्यक्रम
- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखि कार्यक्रम
- अनुगमन तथा मूल्याङ्कनका लागि सफ्टवेयर निर्माण कार्यक्रम
- सार्वजनिक सुनाइ कार्यक्रम
- सार्वजनिक परीक्षण कार्यक्रम
- सामाजिक परिक्षण कार्यक्रम
- योजनाको असर तथा प्रभाव मूल्याङ्कन कार्यक्रम

**संघ, प्रदेशको सहयोगमा सञ्चालन गरिने कार्यक्रमहरु**

- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखि कार्यक्रम
- अनुगमन तथा मूल्याङ्कनका लागि सफ्टवेयर निर्माण कार्यक्रम
- अनुगमन तथा मूल्याङ्कन फारम, निर्देशिका, कार्यविधि तयार गर्ने कार्यक्रम

**९.५.५ अपेक्षित उपलब्धी :** नारायण नगरपालिकाको आवधिक योजना अवधिमा अनुगमन तथा मूल्याङ्कन गर्न नगरपालिकामा एउटा छुट्टै शाखाको स्थापना भएको हुनेछ । आयोजनाका उपलब्धीका सूचकहरु र फारम तय भएको हुनेछ । उपप्रमुखको संयोजकत्वमा रहेको अनुगमन तथा मूल्याङ्कन समितिको क्षमताको विकास भई नियमित अनुगमन भएको हुने र प्राप्त समस्या समयमा समाधान तत्काल समाधान गर्ने परिपाटीको विकास भएको हुनेछ । उक्त समितिले उठाएका कुराहरु नगर कार्यपालिकाको वैठकमा पेश गरी छलफल गर्ने र दिएको सुझाव कार्यान्वयन गर्ने व्यवस्था भएको हुनेछ । अनुगमन तथा मूल्याङ्कनवाट प्राप्त पृष्ठपोषक आगमी योजना तर्जुमा गर्दा शिक्षाको रुपमा लिएको हुनेछ । प्रत्येक योजना, आयोजना तथा कार्यकमहरु लागत व्यवस्था गर्दा त्यसको ....... प्रतिशत वजेट अनुगमन तथा मूल्याङ्कन कार्यकमको लागि छुट्याउने व्यवस्था गरिएको हुनेछ ।

## ९.६ आवधिक योजनाको प्रारभिक लगानी अनुमान, क्षेत्रगत बाँडफाँड तथा वित्तिय श्रोत

नारायण नगरपालिकाले आवधिक विकास योजना अवधि अनुसार तोकिएको लक्ष्य,उद्धेश्य तथा सूचक प्राप्तिका लागि योजना तथा कार्यक्रममा वजेटको व्यवस्था गरी कार्यान्वयन गनुपर्ने हुन्छ । यस अवधिमा विभिन्न क्षेत्रको निम्ति वजेट अनुमान गरिएको छ । वजेट अनुमान गर्दा आ.व. २०७९/०८० को कुल आय तथा व्यय भएको आधारमा तथा हालको स्थिति र योजनाका अन्तिम अवधिमा प्राप्त गर्ने लक्ष्य बीच को फरकलाई पूर्ति गर्ने आधारमा निरुपण गरिएको छ । यो वजेट संघ, प्रदेश, नगरपालिका, गैसस, निजी क्षेत्र लगायतवाट प्राप्त गर्ने आधारमा प्रक्षेपण गरिएको छ । यस आवधिक विकास योजना मा कुल रु ४ अरव .२८ करोड ४९ लाख ८९ हजार ५०० सय लगानी गरिने छ । सारांशमा यस नगरपालिकाको क्षेत्रगत तथा विषयगत रुपमा बजेटको आवश्यकता तल प्रस्तुत गरिएको छ ।

**तालिका न. ७२ : नारायण नगरपालिका आ.ब.२०८०/०८१ देखि ५ वर्षको योजना आवधिको लागि आवश्यक वजेट**

**आवधिक योजनाको विषय तथा क्षेत्रगत बजेट (२०८०/०८१ देखि २०८४/०८५) को लागि**

**१.आर्थिक विकास क्षेत्र**

| विषयगत उपक्षेत्रहरु | आ.ब. २०८०/०८१ | आ.ब. २०८१/०८२ | आ.ब. २०८२/०८३ | आ.ब. २०८३/०८४ | आ.ब. २०८४/०८५ | जम्मा रु.(000) |
|---|---|---|---|---|---|---|
| कृषि | ४४३०.०० | ४८१०.०० | २४३०.०० | ५१९०.०० | ६०५०.०० | २२८७०.०० |
| पशुपक्षी | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| खाद्य सुरक्षा तथा पोषण | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| सिचाई | १०६७५.५० | १०६७५.५० | १०६७५.५० | १०६७५.५० | १०६७५.५० | ५३३७७.५० |
| भूमीब्यबस्था | २०५०.०० | २१००.०० | २१००.०० | २६००.०० | २६५०.०० | ११५००.०० |
| वन तथा वनस्पति | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| खनिज सम्पदा | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
| उद्योग बाणिज्य आपूर्ति तथा पर्यटन बजार | [illegible] | [illegible] | [illegible] | [illegible] | ४१५०.०० | १५२५०.०० |
| ब्यापार तथा आपूर्ति | ४९००.०० | ५१००.०० | ३१००.०० | ६१००.०० | ७३००.०० | २६५००.०० |
| स्वोरोजगारका लागि सिपविकास कार्यक्रम | २५००.०० | २५००.०० | ५०००.०० | ५०००.०० | १००००.०० | २५०००.०० |
| पर्यटन | ३५००.०० | ३५००.०० | ८५००.०० | ९५००.०० | १४५००.०० | ३९०००.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सहकारी वित्तिय तथा सेवा | ८३००.०० | ८३५०.०० | ८३५०.०० | ८८५०.०० | ८९००.०० | ४२७५०.०० |
| जम्मा बजेट | **४८६४७.००** | **४९६१४.००** | **५४०२६.००** | **६२२०४.००** | **७६५३९.५०** | **२९१०३०.५०** |
| | | | | | | |

**२.सामाजिक विकास क्षेत्र**

| **विषयगत उपक्षेत्रहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु.(०००)** |
|---|---|---|---|---|---|---|
| शिक्षा | ६०५९५.३० | ६००९५.३० | ६००९५.३० | ६००९५.३० | ६००९५.३० | ३००९७६.५० |
| स्वास्थ्य तथा पोषण | १२५५३६.०० | १२०५३६.०० | १२०५३६.०० | १२५५३६.०० | १२०५३६.०० | ६१२६८०.०० |
| खाने पानी तथा सरसफाई | १७३९१.४० | १७३९१.४० | १८९९१.४० | १७३९१.४० | १७३९१.४० | ८८९५७.०० |
| सा.स.सा.सु.स.( म.वा.कि.कि.जेष्ठ तथा अ.ब्य) | १५१६६३.१० | १५१६६३.१० | १५१६६३.१० | १५१६६३.१० | १५१६६३.१० | ७५८३१५.५० |
| युवा तथा खेलकुद | १९४३.१० | १९४३.१० | १९४३.१० | १९४३.१० | १९४३.१० | ९७१५.५० |
| सस्कृति | ६०४४.३० | ६०४४.३० | ६०४४.३० | ६०४४.३० | ६०४४.३० | ३०२२०.५० |
| जम्मा | **३६३१७३.३०** | **३५७६७३.२०** | **३५९२७३.२०** | **३६२६७३.२०** | **३५७६७३.२०** | **१८००८६५.००** |

**३ भौतिक विकास क्षेत्र**

| **उपक्षेत्रहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु.(०००)** |
|---|---|---|---|---|---|---|
| सडक | १६७३०.०० | १५४८००.०० | १५४८००.०० | १६७३००.०० | १५४८००.०० | ७९९०००.०० |
| आबास बस्ती तथा बजार विकास | **१६९६७८.८** | **१६९६७८.८** | **१६९६७८.८** | **१६९६७८.८** | **१६९६७८.८** | **८४८३९४.००** |
| सञ्चार तथा सूचना प्रविधि पूर्वाधार | ४४०००.०० | ४४०००.०० | ४४०००.०० | ४४०००.०० | ४४०००.०० | २२००००.०० |
| जम्मा | **३८०९७८.८** | **३६८४७७.८** | **३६८४७७.८** | **३८०९७८.८** | **३६८४७७.८** | **१८६७३९४.००** |

**४ वातावरण तथा विपद ब्यबस्थापन**

| **विषयगत उपक्षेत्रहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु.(०००)** |
|---|---|---|---|---|---|---|
| वन तथा भू संरक्षण | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | ८२१०.०० | ४१०५०.०० |
| फोहरमैलाब्यबस्थापन | ७५००.०० | ७५००.०० | ७५००.०० | ७५००.०० | ७५००.०० | ३७५००.०० |
| विपद ब्यबस्थापन | १०४००.२० | १०४००.२० | १०४००.२० | १०४००.२० | १०४००.२० | ५२००१.०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | २६११०.२० | २६११०.२० | २६११०.२० | २६११०.२० | २६११०.२० | १३०५५०.०० |

**५.लोकतन्त्र सुशासन तथा सस्थागत विकास समुह**

| **विषयगत उपक्षेत्रहरु** | **आ.ब. २०७९/०८०** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **जम्मा रु.(०००)** |
|---|---|---|---|---|---|---|
| सस्थागत व्यबस्था,शासकीय सुधार तथा सुशासन | २२१००.०० | २२६००.०० | २२१००.०० | २२१००.०० | २२१००.०० | १११०००.०० |
| वित्तिय व्यबस्था र भ्रष्टचार निवारण | १२०६०.०० | १२०६०.०० | १२०६०.०० | १२०६०.०० | १२०६०.०० | ६०३००.०० |
| सुशासन | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | ४७७०.०० | २३८५०.०० |
| जम्मा | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | १९५१५०.०० |
| **आ.ब.२०८०/०८१ देखि २०८४/०८५ को जम्मा** | **८५७९३९.३०** | **८४०९०५.२०** | **८४६९१७.२०** | **८७०९९६.२०** | **८६७८३०.७०** | **४२८४९८९.५०** |

**पाँच विषयगत विकास समुहको जम्मा**

| **विषयगत विकास समुहहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब. २०८१/०८२** | **आ.ब. २०८२/०८३** | **आ.ब. २०८३/०८४** | **आ.ब. २०८४/०८५** | **जम्मा रु.(०००)** |
|---|---|---|---|---|---|---|
| **१.आर्थिक विकास क्षेत्र** | ४८६४७.०० | ४९६१४.०० | ५४०२६.०० | ६२२०४.०० | ७६५३९.५० | २९१०३०.५० |
| **२.सामाजिक विकास क्षेत्र** | **३६३१७३.३०** | **३५७६७३.२०** | **३५९२७३.२०** | **३६२६७३.२०** | **३५७६७३.२०** | **१८००८६५.००** |
| **३ भौतिक विकास क्षेत्र** | ३८०९७८.८० | ३६८४७७.८० | ३६८४७७.८० | ३८०९७८.८० | ३६८४७७.८० | १८६७३९४.०० |
| **४ वातावरण तथा विपद** | २६११०.२० | २६११०.२० | २६११०.२० | २६११०.२० | २६११०.२० | १३०५५०.०० |
| **५.लो. सु. तथा सस्थागत विकास समुह** | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | ३९०३०.०० | १९५१५०.०० |
| **जम्मा** | **८५७९३९.३०** | **८४०९०५.२०** | **८४६९१७.२०** | **८७०९९६.२०** | **८६७८३०.७०** | **४२८४९८९.५०** |

| क्र.स. | आ.व. | केन्दीय अनुदान | प्रदेश अनुदान | आन्तरिक श्रोत | कोष तर्फको | विषयगत निकायको निकासा |
|---|---|---|---|---|---|---|
| १ | २०७४/०७५ | ३४४१६१४०८.४६ | ० | २२६१९०९४.०९ | १०१५९९९२.५० | ३९८७४६४६.७४ |
| २ | २०७५/०७६ | ३७८९६०७११.५० | ७००००० | ७२६०६२६६.७४ | १७७१९६२१.५८ | ७५५९९०७१.४ |
| ३ | २०७६/०७७ | ३८७४५७७७८.७७ | २५१७८००० | ५६०४०६७७.५१ | ४४८६२४२५.६९ | १०८१७०५०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | २०७७/०७८ | ५२७७०११११.५४ | ४०६१७३३०.०० | ६१८०७५५८.०१ | ३९५३८४१९.१९ | १००६०७५४२ |
| ५ | २०७८/०७९ | ५५५०९६६७५.१७ | ४२९४५१९० | ४९८०१५७९.८९ | ३७७००६२५.९५ | १२३७१४६१४ |
| | | २१९३३७७६९३.४४ | १०९४४०५२०. | २६२८७५१७६.२४ | १४९९८१०८४.९१ | ४४७९६६३७६.१४ |

| कुल जम्मा | चालु खर्च | पुजीगत खर्च | जम्मा खर्च | मौज्दात | संघ र प्रदेशमा फिर्ता |
|---|---|---|---|---|---|
| ४१६८१५१४१.७९ | २४२१६३७५३.१८ | ९४२०६३६४ | ३३६३७०११७.१८ | ८०४४५०२४.६१ | |
| ५४५५८५६७१.२२ | ३२५१५७५७३.३ | १३८९४४१७५.५ | ४६४१०१७४८.७६ | ६०७२२०२०.२३ | २०७६१९०२.२३ |
| ६२१७०९३८३.९७ | २७४८६५१०३.७२ | २६७७७८२८६.१२ | ५४२६४३३८९.८४ | ६४६५०४०५.८० | १४४१५३८८.३३ |
| ७७०२७१९६८.७४ | ४२१७७९५०४.४४ | २६९४७१०८८.१२ | ६९१२५०५९२.५६ | ५१६४१४२०.०८ | २७४०१०४२.१ |
| ८०९२५८६८५.०१ | ५०१०६६०५५.९४ | २१२१७६९५५.२५ | ७१३२४३०११.१९ | ५८०१६७८६.९२ | ३७९९८८८६.९ |
| ३१६३६४०८५०.७३ | १७६५०३१९९०.५५ | ९८२५७६८६८.९८ | २७४७६०८८५९.५३ | ३१५४७५६५७.६ | १००५७७२१९.६ |

नारायण नगरपालिका दैलेखको आ.ब. २०७४/०७५ देखि आ.ब. २०७९/०८० को आय अनुमानलाई आधार मानेर सो अवधिमा भएको बृद्धि अनुपात अनुसार प्रत्येक वर्ष २० प्रतिसत बृद्धि भएको खण्डमा जम्मा रु ५ अरब ५१ करोड १५ लाख ८८ हजार १ सय ४० रुपैयाँ आम्दानी हुने प्रक्षेपण गरिएको छ। चालुखर्च रु.२३३६२५०१३० र विकास खर्च रु.४२८४९८९५०० गरेर जम्मा रु. ७८४७८३८२७० र अपुग रकम रु. २३३६२५०१३०.देखिन आउँछ।

**तालिका न. ७३ : नारायण नगरपालिकाको आवधिक योजना अवधिमा आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ सम्म परिचालन हुने संभाब्य स्रोतको विश्लेषण र प्रक्षेपण।**

| **आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ संभाब्य आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण (रु.000)** | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.स.** | **शिर्षकहरु** | **आ.ब. २०८०/०८१** | **आ.ब २०८१/०८२** | **आ.ब २०८२/०८३** | **आ.ब २०८३/०८४** | **आ. २०८४/०८५** | **जम्मा** |
| **१.** | **जम्मा आय अनुमान** | ७७९०३०.४ | ९३४८३६.४८ | ११२१८०३.७७६ | १३४६१६४.५३ | १६१५३९७.४३ | ५५११५८८.१४ |
| | चालु खर्च अनुमान | ३८२६७१.८८ | **४२०९३९.०६** | **४६३०३२.९९६** | **५०९३३६.२९** | **५६०२६९.९१** | **२३३६२५०.१३** |
| | | | | | | | |
| | आन्तरिक राजश्व | | | | | | |
| **२.** | राजस्व बाँडफाँडबाट प्राप्त रकम (केन्द | | | | | | |

| आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ संभाब्य आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण (रु.000) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | शिर्षकहरु | आ.ब. २०८०/०८१ | आ.ब २०८१/०८२ | आ.ब २०८२/०८३ | आ.ब २०८३/०८४ | आ. २०८४/०८५ | जम्मा |
| | सरकारबाट प्राप्त ) | | | | | | |
| ३. | राजश्व बाँडफाँडबाट प्राप्त रकम -प्रदेश सरकारबाट प्राप्त, सवारी साधन कर ) | | | | | | |
| ४. | अघिल्लो आ.व.को नगद मौज्दात | | | | | | |
| ५. | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | | | | |
| ६. | नेपाल सरकारबाट प्राप्त समानीकरण अनुदान | | | | | | |
| ७. | प्रदेश सरकारबाट प्राप्त समानीकरण अनुदान | | | | | | |
| ८. | वन रोयल्टी | | | | | | |
| ९. | संघ विशेष अनुदान | | | | | | |
| १०. | प्रदेश विशेष अनुदान | | | | | | |
| ११. | संघ समपुरक अनुदान | | | | | | |
| १२. | प्रदेश समपुरक अनुदान | | | | | | |
| **जम्मा** | | ६४९११९२.०० | | | | | |
| १३. | सशर्त अनुदान | | | | | | |
| १४. | गरिव सँग विशेश्वर कार्यक्रम | | | | | | |
| १५. | सामाजिक सुरक्षा | | | | | | |
| १६ | प्रदेश र स्थानिय तह क्षमता विकास कार्यक्रम | | | | | | |
| **जम्मा** | | ७७९०३०.४ | ९३४८३६.४८ | ११२१८०३.७७६ | १३४६१६४.५३ | १६१५३९७.४३ | ५५११५८८.१४ |

| आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ संभाब्य आन्तरिक स्रोतको विश्लेषण र प्रक्षेपण (रु.०००) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.स. | शिर्षकहरु | आ.ब. २०८०/०८१ | आ.ब २०८१/०८२ | आ.ब २०८२/०८३ | आ.ब २०८३/०८४ | आ. २०८४/०८५ | जम्मा |
| | | | | | | | |

**आवधिक योजना अवधिमा आ.ब.२०८०/०८१ देखि आ.ब.२०८४/०८५ सम्म परिचालन हुने सम्भाव्य स्रोतको** जम्मा रु ५ अरब ५१ करोड १५ लाख ८८ हजार १ सय ४० रुपैयाँ आम्दानी हुने प्रक्षेपण गरिएको छ। यस अवधिमा लगानी गर्ने रकम र आय रकम बीच को फरक अर्थात नपुग लगानी रकम देहायका कार्यनीति अवलम्वन गरी रकम जुटाईनेछ।

१. नगरपालिका सदरमुकाम र वडा न. ११ जोड्ने सडकको स्तरोन्निति गर्न र मोटरेवल पुलको लागि आवश्यक लगानी रकम संघ तथा कर्णाली प्रदेशसँग समन्वय गरी वजेटको व्यवस्था गर्न पहल गरिनेछ।

२. नगरपालिकाको पूर्वाधार, सामाजिक र आर्थिक विकास गर्न अनुदान वृद्धि गर्न आवश्यक पहल गरिनेछ।

३. नगरपालिकाको आन्तरिक श्रोत वढाउन नीतिगत तथा संगठानिक व्यवस्था मिलाईनेछ।

४.माथि उल्लेखित क्षेत्र मध्ये व्यापार, पर्यटन, कृषि, पशुपन्छीपालन, उद्योग तथा शिक्षा क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्ने वातावरण तयार गरिनेछ।

५. सामाजिक तथा वातावरण क्षेत्रको विकासमा लगानीको लागि गैसस तथा अन्तर्राष्ट्रिय संस्थासंग समन्वय गरी लगानी प्राप्त गर्ने प्रयास गरिनेछ।

६. गौरवका तथा ठूला योजनाको लागि आवश्यक पर्ने लगानी रकम संघको समन्वयमा वैदेशिक सहयोग जुटाउन पहल गरिने।

७. यस नगरपालिकावाट विदेशमा तथा स्वदेशका विभिन्न स्थानमा रहि सेवा गरेका व्यक्ति तथा संस्थाको पहलमा सहयोग जुटाउने प्रयास गरिने।

८. योजना तथा कार्यक्रम कार्यन्वयन गर्दा जनसहभागिता जुटाईने।

९. नगरपालिकाको क्षमता अभिवृद्धि गरिने।

९.७ आवश्यक जनशक्तिको आंकलन

आवधिक योजनाको कार्यन्वयन पक्ष ज्यादै महत्वपूर्ण हुन्छ। आर्थिक स्रोतको अतिरिक्त योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको व्यवस्थापन पनि महत्वपूर्ण पक्ष हो। नारायण नगरपालिकाको आवधिक विकास योजना कार्यान्वयनको लागि हाल रहेको जनशक्तिले लक्षित गरे अनुसारका योजना तथा आयोजनाहरु सञ्चालन गर्न अपुग हुन जान्छ। योजना अवधिको लागि आवश्यक जनशक्तिको प्रक्षेपण गर्न तथा नगरपालिकाले संगठनको अध्ययन गर्न प्रशासनिक विज्ञ रहेको एउटा कार्यदल गठन गर्नुपर्ने देखिन्छ। सो कार्यदलले संविधान तथा अन्य कानूनले तोकेका कार्य गर्नको लागि कार्य विवरण सहित कर्मचारीको दरवन्दी सिफारिश गर्ने गरी कार्यदेश दिएर अध्ययन गराउन पर्ने देखिन्छ। नारायण नगरपालिकाको लागि हाल भएको दरवन्दी र आवश्यक पर्ने दरवन्दी अनुसूचि ९ मा उल्लेख गरिएको छ।